# नेपाली भाषाशिक्षण

## सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम (एकमहिने - तेस्रो मोड्युल)

## प्रशिक्षार्थी स्रोतसामग्री

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०६३

परीक्षणका लागि

# नेपाली भाषाशिक्षण

सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम

(एकमहिने - तेस्रो मोडुल)

## प्रशिक्षार्थी स्रोतसामग्री

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०६३

६१ देर्वी

**प्रकाशक**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर

G1583

© प्रकाशकमा

**प्रथम संस्करण - २०६३**

**टेलिफोन** : ६-६३१२७६, ६-६३१३७२, ६-६३०७६६
**फ्याक्स** : ६-६३०१९३, ६-६३१४८६
**पो.ब.नं.** : २१४५, ३६५२
**E-mail** : nced@ntc.net.np

**सल्लाहकार एवम् सुझाव**
वुनु श्रेष्ठ
इन्द्रबहादुर श्रेष्ठ

**लेखक समूह**

| | |
|---|---|
| रमेशप्रसाद भट्टराई | गणेशप्रसाद भट्टराई |
| शुकदेव सापकोटा | ध्रुवप्रसाद ढुङ्गाना |
| विष्णुप्रसाद अधिकारी | माधवप्रसाद ढुङ्गेल |
| यादवचन्द्र निरौला | सुविराम अधिकारी |

**विषयवस्तु सम्पादन समूह**

| | |
|---|---|
| इन्द्रबहादुर श्रेष्ठ | शुकदेव सापकोटा |
| गणेशप्रसाद भट्टराई | माधवप्रसाद ढुङ्गेल |

विष्णुप्रसाद अधिकारी

**भाषा सम्पादन समूह**

| | |
|---|---|
| गणेशप्रसाद भट्टराई | शुकदेव सापकोटा |
| गीरमान थापा | विष्णुप्रसाद अधिकारी |

माधवप्रसाद ढुङ्गेल

**आवरण डिजाइन**
सुमन बज्राचार्य

**कम्प्युटर सेटिङ**
संगीता पाठक

# भूमिका

विद्यालय शिक्षाको गुणस्तर बढाउन शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि हुनु आवश्यक हुन्छ । शिक्षकको पेसागत विकासका लागि शिक्षक तालिमलाई उपयुक्त उपायका रूपका लिन सकिन्छ । शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षाकोठामा प्रयोगबाट शिक्षणसिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षणसिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिने हुन्छ । निम्नमाध्यमिक तथा माध्यमिक शिक्षाको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले **माध्यमिक शिक्षा सहयोग कार्यक्रम** कार्यान्वयन हुँदै आएको छ । यस कार्यक्रमको एउटा प्रमुख पक्ष शिक्षक शिक्षा र विकास हो । यस कार्यक्रमअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रले निम्नमाध्यमिकतहका पाँचओटा र माध्यमिकतहका छओटा मुख्य विषयहरूलाई समेटेर सक्षमतामा आधारित दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम तयार गरेको छ । उक्त तालिम पाठ्यक्रमअनुसार निम्नमाध्यमिक तथा माध्यमिकतहको शिक्षक तालिमलाई तीन मोडुलमा विभाजित गरिएको छ । प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री तेस्रो मोडुलको एकमहिने तालिम केन्द्रमा आधारित **नेपाली भाषाशिक्षण** विषयको शिक्षक तालिमका प्रशिक्षार्थीहरूका लागि तयार पारिएको हो ।

प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री निम्नमाध्यमिक तथा माध्यमिकतहको दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रमलाई आधार मानी तयार पारिएको हो । यस स्रोतसामग्रीमा समावेश गरिएका विषयवस्तुको अध्ययनबाट तालिमका सहभागी शिक्षकहरूले आफूले तालिमबाट सिकेका ज्ञान र सीपलाई अझ मजबुद बनाउन सहयोग प्राप्त गर्नेछन् भन्ने अपेक्षा लिइएको छ ।

अन्त्यमा प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यसमा देखिएका त्रुटि तथा कमीकमजोरी औँल्याई सहयोग पुऱ्याउनु हुनसमेत सम्बद्ध सबैसँग अनुरोध छ ।

२०६३, आषाढ

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| एकाइ | शीर्षक | पेज |
|---|---|---|
| १. | कक्षाकोठामा समाहित हुने विभिन्न प्रकारका सामाजिक विविधताहरू | १ |
| २. | सहयोगी सिकाइ | २४ |
| ३. | पेसागत क्षमताको विस्तार | ३७ |
| ४. | कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग | ७३ |
| ५. | शैक्षणिक क्रियाकलापहरूको योजना र रूपरेखा | ९२ |
| ६. | सञ्चार र सङ्गठन | १२६ |
| ७. | सिकाइ सहजीकरणका सीप | १६० |
| ८. | अन्तरव्यक्तिगत र व्यक्तिगत व्यवहार | १८७ |
| ९. | मानवअधिकारको रक्षाका लागि शैक्षिक प्रक्रिया | २१६ |
| १०. | आत्मक्षमताको प्रभाव | २४५ |
| ११. | विद्यार्थीको क्षमता मूल्याङ्कन | २६६ |
| १२. | शिक्षामा जीवनोपयोगी सीपहरूको समाहित | ३१७ |

एकाइ - एक

# कक्षाकोठामा समाहित हुने विभिन्न प्रकारका सामाजिक विविधताहरू

१. **शीर्षक** : सामाजिक र कक्षाकोठागत विविधता र तिनको बोध

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सामाजिक विविधताको पहिचान गर्न

(ख) कक्षाकोठामा हुने विविधतापूर्ण परिवेश ठम्याउन

(ग) भाषा शिक्षणको क्रममा कक्षाकोठाभित्रको विविधता पत्ता लगाउन

(घ) कक्षाकोठाका विविधतासम्बन्धी गलत धारणाहरूको पहिचान गर्न

(ङ) कक्षाकोठाका सम्पूर्ण विविधालाई समाहित गरी प्रस्तुत गर्ने तरिकाहरू उपयोग गर्न

(च) विविधता विशेषका चुनौतीहरू पहिचान गर्न

(छ) बहुसांस्कृतिक कक्षामा प्रयोग गर्ने भाषाका बारेमा सचेत भई सामाजिक विविधताको आधारमा शिक्षण गर्न

३. **विषयवस्तु** :

(क) सामाजिक विविधताको पहिचान

(ख) कक्षाकोठामा हुने विविधतापूर्ण अवस्था

(ग) भाषाशिक्षणको क्रममा कक्षाकोठाभित्रको विविधता पत्ता लगााउने तरिका

(घ) कक्षाकोठाका विविधतासम्बन्धी गलत धारणा

(ङ) भाषाशिक्षणका सन्दर्भमा कक्षाकोठागत विविधतालाई समाहित गरी प्रस्तुत गर्ने तरिका

(च) सामाजिक विविधताको बोध र शिक्षण प्रक्रिया

(छ) विविधता विशेषका चुनौती

(ज) बहुसांस्कृतिक कक्षामा प्रयोग गरिने भाषा

४. **पूर्वसिकाइ धारणा** :

यस पाठमा अध्ययन गरिने विषयवस्तुका सवालमा तपाईंले धेरै अनुभवहरू सँगालेको हुनुहुन्छ तसर्थ यहाँ विविधताका पक्षहरूको सङ्क्षिप्त जानकारी मात्र भएकाले उद्देश्यसँग सम्बन्धित विषयवस्तुमा आआफ्नो धारणा टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) भाषिक र सांस्कृतिक विविधता**

भाषा विकास नियमित र क्रमबद्ध किसिमबाट हुने गर्छ । बालबालिकाहरूमा भाषा विकास जुनसुकै भाषिक पृष्ठभूमिमा भए पनि एकैखाले चरण र प्रक्रिया बमोजिम हुन्छ तर सबै बालबालिकामा हुने विकास भने एकै गतिमा हुँदैन । खासगरी भाषा सिकाइमा बालबालिकाहरूको आफ्नै व्यक्तिगत कारण, लक्षित भाषा प्रयोगको वातावरण, लक्षित भाषाको आवश्यकता आदि जस्ता आन्तरिक र वाह्य कारणहरू प्रबल रहन्छन्,

जसका कारण बालबालिकामा भाषिक उपलब्धि निर्धारण हुने गर्दछ र तदनुसार विकासको मात्रा पनि निर्धारण हुन्छ ।

खासगरी परिवार, समाज र सांस्कृतिक भूमिकाले बालबालिकामा सिक्ने जाँगर र उत्प्रेरणालाई गहिरो प्रभाव पारेको हुन्छ । आफ्नो विद्यालयमा विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेपछि पनि यी तत्वहरूले असर पार्छन् । विशेष शिक्षाको आवश्यकताका बारेमा जनजागरण र स्वीकार्य कार्यक्रम सञ्चालन गर्दा बालबालिकाप्रतिको पारिवारिक मूल्य, सांस्कृतिक विश्वास र सामाजिक दृष्टिकोणलाई बुझ्नुपर्छ ।

सांस्कृतिक शब्दले मानिसको समूहले विश्वलाई कसरी हेरेको छ, कसरी विश्वासको सिर्जना गरेको छ, वस्तुको मूल्याङ्कन, विचार तथा अनुभव गरेको छ र तिनको व्यवहार कस्तो छ भन्ने कुराको वर्णन गर्छ । समुदायभित्र मानिसले अन्य व्यक्तिसँग गर्ने सञ्चार, समयको उपयोग, भावना व्यक्त गर्ने तरिका, काम र खेलमा गरिने सम्पर्क जस्ता मुख्य कार्यहरूको एउटा बनावट नै संस्कृति हो भनी अर्थ्याउन सकिन्छ । यस किसिमको परिवेशका बालबालिकाहरूले अन्तर्क्रिया गर्ने अवसर पाउँछन् । जति अन्तर्क्रिया र भाषाको प्रयोग हुने अवसर बालबालिकाले पाउँछन् त्यति नै भाषा विकासको क्रम तीव्र हुन्छ भन्ने अनुसन्धानले पुष्टि गरेको छ । त्यसैले कक्षाकोठाभित्र पनि भाषिक प्रयोगको वातावरण निर्माण हुनुपर्छ ।

मानिसको विभिन्न समूहको विकास, व्यवहार, मूल्य र मान्यता, आचरण आदि कुराहरूमा विभिन्न सांस्कृतिक मापदण्डका कारण भिन्न हुन्छन् । मापदण्ड भन्नाले मानिसहरूको सामूहिक दृष्टिकोण, सदस्यहरूको समझदारी, विश्वास र आचरण भन्ने बुझिन्छ ।

विभिन्न सांस्कृतिक पृष्ठभूमिबाट आएका बालबालिकाहरूलाई सामूहिक पाठ्यक्रमबमोजिम सिक्नका लागि तपाईंले आफ्ना बालबालिका आएको समाजको पृष्ठभूमि बुझ्नुपर्छ र सोहीअनुरूपको कक्षाकोठा तथा विद्यालयको वातावरण तयार गरी सिक्ने कार्यमा सहयोग प्रदान गर्नुपर्छ ।

उदाहरणका लागि सांस्कृतिक अनुभवको भिन्नताको कारणबाट कुनै बालबालिका कक्षामा बोल्न गाह्रो मान्ने हुन्छन् । यस किसिमको कठिनाइको स्रोत थाहा पाएपछि कक्षामा उसले बोल्नुपर्ने अवस्थामा तपाईंले उपयुक्त प्रकारको सहयोग उपलब्ध गराई बालबालिकालाई निर्धक्कसँग बोल्नमा सहयोग गर्न सक्नुहुन्छ ।

सांस्कृतिक भिन्नतासम्बन्धी ज्ञानलाई राम्ररी प्रयोग गर्न सकेमा बालबालिकाको भाषिक विकासमा फाइदा पुग्नसक्छ । भिन्नता कमी होइन भन्ने कुरा राम्ररी बुझ्नुपर्छ । बालबालिकामा भएका विभिन्न मूल्य र मान्यता, विभिन्न प्रकारबाट गरिने सञ्चार र शैली, सिक्ने तरिकाहरू, उद्देश्य र इच्छाहरूलाई विचार गरी बालबालिकालाई अयोग्य ठान्नु हुन्न । कोहीकोही अरूको संस्कृतिभन्दा आफ्नो संस्कृति उच्च कोटीको छ भन्ने विचार गर्छन् । संस्कृतिप्रतिको आफ्नो धारणाबारे सजग भई आफूमा कुनै किसिमको पक्षपातको भावना छ भने त्यसलाई समीकरण गर्ने कार्यमा सतर्कता अपनाउनु जरुरी छ ।

शिक्षकले अब आफ्नो कक्षाकोठाका विद्यर्थीहरूको सांस्कृतिक बनोट कस्तो छ भनेर विचार गर्नुपर्दछ । कक्षाकोठामा कति प्रकारका सांस्कृतिक समूहले प्रतिनिधित्व गरेका छन् ? उनीहरूको संस्कृतिप्रति कत्तिको सम्मान छ ? उनीहरूको सांस्कृतिक पृष्ठभूमिले उनीहरूको सिकाइ कार्यमा कसरी असर पार्छ ? बालबालिकाले राम्ररी सिक्नु सकून भन्नका लागि कस्तो किसिमको सांस्कृतिक पक्षलाई सबलीकरण गर्न सक्नुहुन्छ ? शिक्षकले यी प्रश्नहरूको जवाफ खोज्नका लागि सक्रियता देखाउनु पर्दछ ।

जातीय समूह भन्नाले मानिसहरूको त्यो एकीकृत समूह हो, जसले एक वा एकभन्दा बढी विशेषताहरूको आधारमा परिचय गराउँछ । कुन मुलुकबाट उसका पूर्वजहरू आएका हुन् । जाति, धर्म, भाषा, विश्वास, राजनैतिक इच्छा, आर्थिक चाहना र व्यवहारका शैलीहरू कस्ता छन् आदि । नेपालमा धेरै जातीय समूह छन्, तपाईंको कक्षाकोठामा विभिन्न जातीय पृष्ठभूमिबाट आएका बालबालिकाको मिश्रण हुन सक्छ । त्यस्ता जतीय समूहको पहिचान गरी उनीहरूले प्रयोग गर्ने भाषा शैली र लवजको पहिचान गर्न सकिन्छ ।

प्रायजसो विभिन्न जातीय समूहमा बालबालिकाहरू आफ्नो घरमा आफ्नै जातीय भाषामा बोलिचाली गर्छन् । यसै कारणले गर्दा विद्यालयमा बोलाइसम्बन्धी सञ्चार समस्या उत्पन्न हुनसक्छ । मातृभाषा नेपाली नभएका (घरमा नेपाली भाषा नबोल्ने/नेपाली भाषा दोस्रो भाषा भएका) बालबालिकाहरूले नेपाली भाषा नबुझ्ने वा राम्ररी बोल्न नसक्ने हुन्छन् । अथवा तिनले नसुन्न सक्छन् वा कुनैकुनै बोलीका आवाजहरू स्पष्ट छुट्याउन नसक्ने हुन सक्छन् । विभिन्न सामाजिक जातिबाट आउने बालबालिकाहरूले उनीहरूको मूल्य, मान्यता र आचरण निर्धारण गर्ने कार्यमा प्रभावकारी भूमिका खेल्न सक्छन् । सामाजिक जाति, व्यक्ति वा परिवार कुन सामाजिक अवस्थामा छन् भनी देखाउने सूचाङ्क हो । यसलाई जात, वार्षिक आय, व्यवसाय, शिक्षाको मात्रा र बस्ने ठाउँ जस्ता कारणहरूले निर्धारण गरेको हुन्छ ।

आफ्नो सामाजिक जातीयताका कारणबाट केही बालबालिकाहरू कक्षाकोठाको क्रियाकलापमा राम्रो सहभागिता देखाउन नसक्ने हुन्छन् । यस्ता बालबालिकाहरूलाई निम्नलिखित कारणले गर्दा शैक्षिक उपलब्धि हासिल गर्न कठिनाइ पर्नसक्ने कुरातर्फ विचार गरिनुपर्छ :

१. धेरै परिवारले कुनै किसिमको स्वास्थ्य सेवा प्राप्त गरेका हुँदैनन् । हुनसक्छ, उनीहरू औषधीका लागि खर्च गर्न र डाक्टरलाई देखाउने खर्च बेहोर्न सक्दैनन् । यस अवस्थामा परेका बालबालिकामा रोग पत्ता नलागेका कारणबाट सताइएका हुनसक्छन् । बाल्यावस्थामा पोषणयुक्त खानाको अभावका कारणबाट बालकको विकास र विद्यालयमा गर्नुपर्ने प्रगतिमा असर पार्न सक्छ ।
२. कुनैकुनै अभिभावकलाई आफ्ना बालबालिकासँग कुराकानी गर्ने/प्रतिक्रिया जनाउने समय मिल्दैन । बालबालिकाले विद्यालयमा देखाउने जाँगर र उत्प्रेरणा उसले घरमा कति ध्यान र कस्तो व्यवहार पाएको छ, त्यसमा निर्भर गर्छ ।
३. भाषाको प्रयोग गरी दैनिक वार्तालाप गर्ने कार्यमा धेरैजसो बालबालिका धेरै सिपालु हुन्छन् । तर गरिब परिवारबाट आएका बालबालिका नेपाली भाषाका पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दहरू आफूले घरमा प्रयोग गर्ने गरेका बोलिचालीका भाषाभन्दा भिन्न भएको कारणबाट त्यस्ता बालबालिकालाई पाठ्यपुस्तक पढ्न र शिक्षकले बोलेका भाषा बुझ्न कठिनाइ पर्न सक्छ ।

सुविधाविहीन बालबालिकाले धेरै अनुभव गर्ने अवसर प्राप्त गरेका हुँदैनन् । ती अभिभावक, जसले आफ्ना बालबालिकासँग कामको अनुभव वा दैनिक घटनाबारे कुराकानी गर्छन्, उनीहरूले आफ्ना बालिकालाई सिकाइतिर डोऱ्याइरहेका हुन्छन् । यस किसिमबाट सिक्ने अवसर जुन बालकले घरमा पाउँदैन ऊ सिकाइको अवसरबाट वञ्चित हुन्छ ।

अवसरबाट वञ्चित बालबालिका विद्यालयमा राम्रो गर्न उत्प्रेरित नहुन सक्छन् किनभने तिनका आमाबाबुले शिक्षाको महत्व बुझेका हुँदैनन् । जुन आमाबाबु आफैं शिक्षित छैनन् तिनले आफ्ना बालबालिकालाई कसरी राम्रो अध्ययन गर्ने भन्ने कुरा बताउन पनि सक्दैनन् ।

### (ख) सुस्तश्रवण एमव् बहिरा

वातावरणको वरपर जति पनि विविध ध्वनि छन्, हामी कानकै माध्यमबाट थाहा पाउँछौं । यहाँ कान भन्नाले बाहिर देखिने भागमात्र होइन, यो सम्पूर्ण सुन्ने क्षमता (श्रवण क्षमता) को परिचायक हो । ध्वनि कानको बाटो गरी विभिन्न क्षमतामा रूपान्तरित भई मानव मस्तिष्कमा पुगेर त्यसको अर्थ ठम्याउने क्रिया सबै श्रवण क्रियाका शृङ्खलाहरू हुन् । समष्टिरूपमा सुरुमा कानदेखि अन्तमा मस्तिष्कसम्म परिचालित यस क्रियालाई नै श्रवण क्रिया भन्दछन् । यस शृङ्खलामा कतै केही बाधा अवरोध हुन गएमा श्रवण क्रियामा त्यसको प्रत्यक्ष प्रभाव पर्दछ, फलस्वरूप श्रवण क्षमतामा ह्रास हुन जान्छ । यसरी सामान्य श्रवण हुन नसक्नु वा त्यसको असमर्थता हुनु नै सुस्त श्रवण हो ।

सुस्त श्रवण भन्नाले सुन्ने क्रियामा असमर्थता भन्ने बुझिन्छ । तर यस्तो असर्थमताको मात्रा धेरै थोरै जति पनि हुन सक्छ । सुन्ने क्षमता मापनको एकाइ डेसिबलमा निर्धारण गरिएको छ र त्यसैको आधारमा श्रवण क्षमताको ह्रास यति मात्रामा भएको छ भनी निर्धारण गरिन्छ ।

२०५६ पौष ५ गते प्रकाशित नेपाल राजपत्रमा उल्लेख भए अनुसार "सुन्ने क्षमता ६५ डेसिबल देखि ८० डेसिबल भन्दा कम भई कान कम सुन्ने, स्पष्टसँग बोल्न नसक्ने, सुन्नलाई कानमा श्रवण यन्त्र राख्नु पर्ने अवस्थालाई सुस्तश्रवण भएको मानिने छ ।

यसैगरी सोही राजपत्रमा उल्लेख भएअनुसार "सुन्ने क्षमता ८० डेसिबलसम्मको आवाज नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने वा सञ्चारको लागि साङ्केतिक भाषा प्रयोग गर्ने अवस्थालाई बहिरा मानिने छ ।" उक्त कानुनी परिभाषाअनुसार सुन्ने क्षमताको मात्रा ६५ डेसिबलदेखि माथिका कान कमसुन्नेलाई मात्र सुस्तश्रवणअन्तर्गत समेटिएको देखिन्छ तर चलनचल्ती र अन्तर्राष्ट्रिय चलनअनुसार सुन्ने क्षमता ३५ डेसिबलसम्मलाई सामान्य र त्यसभन्दा बढी सुन्ने क्षमताको मात्रा चाहिने सबैलाई सुस्तश्रवण अन्तर्गत राख्ने गरेको पाइन्छ ।

सुस्तश्रवण भएका बालबालिकाको पहिचान बच्चाको जन्मको लगत्तै पछि उसले देखाउने लक्षणको आधारमा गर्न सकिन्छ । बच्चामा देखिएका त्यस्ता लक्षणहरू एकपटक मात्र होइन दुईतीन पटक अवलोकन गरेर मात्र निश्चित गर्नुपर्दछ । उनीहरूमा सुस्तश्रवण कहिले देखापऱ्यो भनेर बुझ्न सजिलो पार्नका निमित्त उनीहरूले देखाउने लक्षणका आधारमा बच्चा जन्मेदेखि विद्यालय गएको समयावधिसम्मलाई विचारगरी छुट्याउन सकिन्छ ।

**(ग) मेधावी**

देश, काल तथा समाजको संस्कृति आदिले मेधावी कसलाई भन्ने प्रश्नको उत्तरमा भिन्नता ल्याएको देखिन्छ । उदाहरणका लागि प्राचीन ग्रीसले राम्रो वक्तालाई र रोमले इन्जिनियर र सिपाहीलाई एकैसाथ इज्जत गरेबाट यस कुराको पुष्टि हुन्छ । त्यस्तै, प्राचीन सामाजिक परिवेशमा तेज, मेधावी ठहरिएको बालबालिका उच्च प्राविधिक विकास भएको अहिलेको समाजको आँखामा मेधावी नठहरिन पनि सक्दछ । मेधावी बालबालिकाका बारेमा स्पष्ट हुन दिएको परिभाषालाई अध्ययन गरौं :

- मेधावी बालबालिका ती हुन् जो बौद्धिकता, सिर्जनशीलता र शैक्षिक प्रतिभाका हिसाबले आफ्ना साथी, समूह वा आफूभन्दा माथिल्लो कक्षाका साथीहरू भन्दा पनि उच्च क्षमता प्रदर्शन गर्दछन्,
- मेधावी भन्नाले त्यस्ता व्यक्ति पर्दछन् जसले बुद्धि, शिक्षा, नेतृत्वको क्षमता, साहित्य, कला, खेलकुद र सिर्जनात्मकतामध्ये कुनै एकमा उल्लेखनीय प्रतिभा प्रदर्शन गरेका हुन्छन्,
- मानसिक र शारीरिक उमेरको हिसाबले पत्याउनै नमिल्ने बौद्धिक क्षमता भएको,
- पत्याउनै नसकिने प्रकृतिको शब्द छान्ने र तिनलाई राम्रोसँग प्रयोग गर्ने क्षमता भएका,
- कुनै सत्यतथ्य घटनाको अपत्यारिलो संस्मरण गर्नसक्ने क्षमता भएको,
- कुनै विषयवस्तुका सम्बन्धमा आश्चर्य लाग्दो ज्ञान प्रस्तुत गर्ने,
- कुनै खास समस्याको समाधान निकाल्दा पत्याउनै गाह्रो पर्ने प्रकृतिको जटिल विचारधाराको सुन्दर संयोजन, तार्किक विचार र भावानात्मक सङ्केत प्रस्तुत गर्ने क्षमता भएका,
- एउटै कुरामा लामो समयसम्म ध्यान केन्द्रित गर्नसक्ने क्षमता भएका,
- गाह्रा विषयवस्तु पढ्न रुचि राख्ने,
- संवेगात्मक परिपक्वता प्रदर्शन गर्ने,

- कुन कुरा ठीक/असल हो र कुन कुरा खराब/ बेठीक हो भन्ने कुरामा बढी चासो राख्ने,
- हरेक कुराका बारेमा प्रश्नहरू सोधेको सोध्यै गर्ने र त्यसका कारणहरू/तर्कहरू खोज्ने आदि ।

**(घ) शारीरिक अपाङ्ग**

शारीरिक अपाङ्ग भन्नाले कुनै व्यक्तिमा जन्मजात रोग वा दुर्घटनाबाट चोटपटक लागि शरीरका कुनै भागमा देखा पर्ने असमर्थता भन्ने बुझिन्छ ।

केही बालबालिका जन्मदा खेरि नै विभिन्न कारणवश शरीरका सबै वा कुनै भाग सामान्य रूपमा विकसित हुन नसकी शारीरिकरूपमा अपाङ्ग भई जन्मन्छन् । त्यस्तै जन्मँदा सामान्य अवस्थाका बालबालिका पनि विभिन्न कारणवश शरीरका कुनै अङ्गप्रत्यङ्गमा दुर्घटना भई, चोटपटक लागी अथवा कुनै रोगको विकृतिका कारण शारीरिक अपाङ्ग हुन पुग्छन् । यस्ता शारीरिक अपाङ्गपन प्रत्यक्ष देख्न सकिने हुनाले शारीरिक अपाङ्ग बालबालिकालाई सजिलै छुट्याउन सकिन्छ । अधिकांश शारीरिक अपाङ्ग बालबालिका यस्तै भए तापनि केही बालबालिकामा भने यसरी भ्वाट्ट हेर्दा प्रत्यक्ष देख्न नसकिने शारीरिक अवरोध भएका पनि हुन्छन् ।

सरकारले शारीरिक अपाङ्गतालाई देहायबमोजिम परिभाषित गरेको छ :

"जन्मजात वा जन्मपचात् दुर्घटना वा रोगले गर्दा भएको शारीरिक कमजोरी वा विकृतिको कारण दैनिक जीवनयापनका कार्यहरू गर्न असक्षम व्यक्तिलाई शारीरिक अपाङ्ग मानिने छ ।"

**(ङ) सिकाइक्षमता कमजोर**

सिकाइ असक्षमता भएका बालबालिका बहिरा, दृष्टिविहीन, सुस्तमनस्थिति जस्ता प्रस्टसँग देखिने अपाङ्गपन भएका बालबालिका होइनन् । सिकाइ असक्षमता भएका बालबालिकाको जानकारीका आधारमा प्रशिक्षकले सिकाइ असक्षमताको अर्थ र परिभाषा बुझ्नुपर्ने हुन्छ । शिक्षकले सिकाइ असक्षमताको परिभाषालाई मूलधारणा जस्तै- कुनै पनि बालबालिकामा सिकाइ असक्षमता भएको मान्न प्रस्टरूपमा उनीहरूको क्षमता र सिकाइको प्राप्तिमा भिन्नता देखिनुपर्छ । यस्तो क्षमता र प्राप्तिबीचको भिन्नतालाई छोटो अवधिसम्म मात्र देखिएमा त्यसलाई सिकाइ असक्षमता भएको मानिँदैन भन्ने कुरामा स्पष्ट हुनु पर्दछ ।

सिकाइ असमर्थता/असक्षमता शब्दको प्रयोग डा. सायुयल कर्कले सन् १९६३ बाट गरेका हुन् । उनको भनाइअनुसार "सिकाइ असमर्थता भन्नाले भाषा, बोली, पढाइ र सञ्चारसँग सम्बन्धित सीपहरूको विकासमा गडबडी/अवरोध भएका बालबालिकाको समूह हो ।" यस अघि यस्ता बालबालिकालाई विभिन्न विज्ञद्वारा आ-आफ्नो दृष्टिकोणले कसैले मस्तिष्कमा खराबी, कसैले मस्तिष्कले न्यूनतम मात्राले काम नगरेको, त कसैले स्नायुमा खराबीपना भएकाले पढ्नमा असमर्थता, बोल्ने प्रक्रियामा असमर्थता आदि भनेर परिभाषित गरिएको थियो ।

सिकाइ असक्षमता यसैले गर्दा हो र यही नै कारणले भएको हो भन्न खास किटानी भई नसकेको परिप्रेक्ष्यमा यसको सर्वमान्य परिभाषा बनिसकेको नभए तापनि अमेरिकाको सिकाइ असक्षमता भएकाहरूका लागि काम गर्ने संस्थाहरूको राष्ट्रिय सहपरिषद्ले १९८१ मा दिएको परिभाषालाई नै धेरैले आधिकारिक मान्दै आएको कुरा स्पष्ट छ । सन् १९८१ मा उपयुक्त संस्थाले गरेको परिभाषाअनुसार "सुनाइ, बोलाइ, पढाइ, लेखाइ, तार्किक अथावा गणितीय योग्यता प्राप्त गर्नमा सामूहिक विषमताको व्यहार प्रदर्शनले गर्दा उपलब्धिको प्राप्तिमा पर्ने कठिनाइहरू नै सिकाइ असक्षमता हो, जसको सम्बन्ध व्यक्तिको आन्तरिक गडबडीसँग रहन्छ । व्यक्तिमा हुने यस्ता व्यवहारहरू केन्द्रीय स्नायुप्रणालीकै अवरोध वा गडबडीका कारणले हो भन्ने पूर्वानुमान गरिएको छ ।"

सिकाइ असक्षमता हुनुमा मस्तिष्क पक्षघात हुनु पनि हो । मस्तिष्क पक्षाघातलाई अङ्ग्रेजीमा Cerebral र Palsy गरी दुईओटा शब्द मिलाएर बनाइएको छ । Cerebral को अर्थ हुन्छ - मस्तिष्कसंग सम्बन्धित र Palsy को अर्थ हुन्छ मस्तिष्मा परेको चोटको कारण मांशपेशीमा आएको अपाङ्गपना (Motor Disability) । यो चोट बालक गर्भमै छँदा वा जन्मँदा लागेको हुनसक्छ वा जन्मेको केही वर्षभित्रमा लागेको हुनसक्छ, जसका कारण बालकमा शारीरिक अक्षमताको स्थिति सिर्जना हुन्छ । यो रोग होइन, बरु यो चोटले सिर्जना गरेको स्थिति हो । यसको अवस्था घटबढ हुँदैन, सुरुमा बालबालिकामा जुन स्थिति बन्यो, पछिसम्म त्यही स्थिति रहिरहन्छ ।

### (च) आत्मकेन्द्रित

आत्मकेन्द्रितपना पूर्वबाल्यावस्थामा देखापर्ने प्रवृत्ति हो । यो प्रवृत्तिमा पछि आफैं क्रमश: सुधार देखापर्दछ । स्वाभाविक अटेरी बालकले आदेश वा अनुरोधलाई अवज्ञा अवहेलना गर्दछ भने आत्मकेन्द्रित बालकमा यी कुरा स्वत:स्फूर्त रूपमा आउँदछन् । यति मात्र होइन यस्ता बालबालिका आफ्नै संसारमा रमाउँछन् आफ्नै हिसाबले काम गर्छन्, चाहे त्यो काम बाह्य संसारका लागि अस्वाभाविक किन नलागोस् । कसैको उपेक्षाभाव, वंशाणुगत विकृति र सङ्क्रमण एवम् चोटपटकमध्ये कुनै एक वा सबै कार्य कारकतत्व बन्न सक्दछन् । उपेक्षा होइन, स्नेह भावको माध्यमबाट बालकको स्थितिमा सुधार ल्याउन सकिन्छ । न्यून सामाजिक सम्बन्धका कारण यिनमा भाषाको विकास रोकिने हुँदा शिक्षकले आधारभूत कुरामा पनि यिनीहरूलाई अभ्यास गराउँदै अगाडि बढ्नुपर्ने देखिन्छ ।

### (छ) बहुअपाङ्ग

कुनै बालकालिका वा व्यक्तिमा दुई वा दुई भन्दा बढी अपाङ्गपना रहेको हुन्छ भने त्यस्ता बालबालिका वा व्यक्तिलाई बहुअपाङ्ग भनिन्छ । जस्तै: कुनै बालबालिका वा व्यक्तिमा संयुक्तरूपमा देख्न र सुन्न सक्ने क्षमताको कमी छ वा पटक्कै छैन भने बहिरअन्धा (Deaf blind) भनिन्छ । यो जन्मजात हुन सक्छ वा पछि पनि हुन सक्छ । त्यस्तै कसैमा देख्न नसक्ने तथा शारीरिक अपाङ्गता मिसिएको, कसैमा सुन्न, देख्न एवम् सुस्तमनस्थिति मिश्रित वा मस्तिष्क पक्षघातसमेत भएको हुनसक्छ ।

सरकारले नेपालराजपत्रमा मिति २०५६ ९ ५ मा प्रकाशित गरेको अपाङ्गता निर्धारण गर्न तोकेको मापदण्डमा बहुअपाङ्गताको उल्लेख गरिएको छैन । त्यसैले अन्य अपाङ्गतालाई परिभाषित गरे झैं सरकारले बहुअपाङ्गताको उल्लेख गरिएको छैन । त्यसैले अन्य अपाङ्गतालाई परिभाषित गरे झैं सरकारले बहुअपाङ्गताको पनि परिभाषा गर्नुपर्ने हुन्छ ।

जिन जी. कोन (Kohn) का अनुसार "आधारभूत विकासका कार्यहरू : बस्न, उठ्न, हिड्न, दिशापिशाब गर्न, खान र सञ्चार गर्नमा कठिनाइ पर्ने बालबालिकालाई बहुअपाङ्ग भनिन्छ ।"

मांशपेशीको कमजोरी तथा कडापन अथवा ज्ञानेन्द्रियहरू जस्तै : दृष्टि, श्रवण, स्पर्श, ज्ञान र व्यवहारमा अवरोध आउनाले बहुअपाङ्ग बालबालिकालाई आधारभूत विकासका लागि दैनिक जीवनमा आइपर्ने क्रियाकलापहरू गर्न अति कठिनाइ पर्दछ ।

### (ज) संवेगात्मक असन्तुलन

विद्यालयमा अध्ययनरत बालबालिका सबैले एउटै किसिमको व्यवहार तथा संवेग देखाउँदैनन् । कोही उदण्ड स्वभावका हुन्छन् भने कोही लाज मान्ने, समूहमा बस्न नरुचाउने र नैराश्यता देखाउने पनि हुन्छन् । कोही ज्यादै झोंकी तथा अटेरी पनि हुन्छन् । कहिलेकाहीं बालबालिकाको त्यस्तो असामान्य व्यवहार शिक्षकका लागि ठूलो समस्या बनेर देखा पर्दछ । समयमै विशेष ध्यान नपुऱ्याएमा उदण्ड झन् उदण्ड भएर जाने र

सङ्कोची झन् बढी सङ्कोची भएर जान्छन् । यस्तो प्रवृति संवेगात्मक र व्यवहारिक आवरोध भएका बालबालिकामा देखा पर्दछ ।

बालविकास अनुरूप बालबालिकामा देखिनुपर्ने स्वभाविक व्यवहारको सट्टा प्रतिकूल व्यवहारको विकास हुँदै गएमा त्यसलाई संवेग एवम् व्यवहारमा देखिने असन्तुलन भनिन्छ । अमेरिकन विज्ञ कफम्यानको भनाइअनुसार "संवेगात्मक एवम् व्यवहारगत अवरोध भएका बालबालिका त्यस्ता हुन् जो आफ्नो वातावरणसित प्रतिक्रिया जनाउँदा समाजले स्वीकार नगरेका र अथवा आफैँलाई असन्तोषजनक लाग्ने काय गर्छ, तर जसलाई समाजले स्वीकारेका र आँफैलाई सन्तुष्टि हुने व्यवहार सिकाउन सकिन्छ ।"

विभिन्न विज्ञहरूले यसलई विभिन्न ढङ्गबाट परिभाषित गरे तापनि यस्ता बालबालिकाले समाजले नस्वीकारेका व्यवहार देखाउँछन् भन्ने कुरामा सबै नै सहमत देखिन्छन् । यस्ता बालबालिकाले देखाउने अस्वाभाविक व्यवहारलाई चार आयामबाट हेर्न सकिन्छ - गति (Rate), अवधि, स्थान निरूपण र परिमाण। गति भन्नाले यस्तो व्यवहार कहिलेकहिले हुन्छ, अवधि, भन्नाले यस्तो व्यवहार कति समयसम्म कामय रहन्छ, स्थान निरूपण भन्नाले यस्तो व्यवहार गर्दा देखाउने शारीरिक अवस्था वा चाल र परिमाण भन्नाले यस्तो व्यवहार गर्दा प्रयोग भएको बल भनेर बुझनुपर्दछ ।

### (झ) दलित

नेपाली परिवेशमा संवैधानिक परिवर्तन २०२२ आउनु अघिसम्म चारवर्ण- ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रमध्ये शूद्र वर्ण अन्तर्गत राखिएका व्यक्तिहरू दलित मानिन्थे । शूद्र वर्णलाई अछुत कोटीमा राखिने परम्परा थियो र वर्तमान संविधानले कानुनले दलित समुदायलाई अरूसरह अधिकार दिए तापनि व्यवहारमा यो अझै पूरै कार्यान्वयन भइसकेको छैन । नेपालको सन्दर्भमा दलित भनी छुट्याइएकाहरू यसप्रकार छन् -

| | | | | | |
|---|---|---|---|---|---|
| १. लोहार | २. सुनार | ३. कामी | ४. दमाईं | ५. सार्की | ६. बादी |
| ७. गाइने | ८. कसाई | ९. कुसुले | १०. कुचे | ११. च्यामे | १२. पोडे |
| १३. चमार | १४. धोवी | १५. दुसाध | १६. तत्मा | १७. डुम | १८. बातर |
| १९. खत्वे | २०. मुसहर | २१. सन्याल | २२. सतार | २३. हलखोर (मेस्तर) | |

दलित भनेका धापमा परेका वा निर्दयतापूर्वक दबाइएका जनता(Dalit means sunk in swamp or the oppressed people) हुन् । दलित भनेका-

१. दलितहरू शिक्षाको महत्वलाई बुझिनसकेका त्यसबाट पन्छाइएका जनसमुदाय हुन्,
२. जातीय भेदभावबाट सिर्जिएको गरिबीका मारमा परेका जनसमुदाय दलितहरू हुन,
३. वि.सं २०२२ अघिको कानुनअनुसार दलितहरू छोइछिटो हाल्नुपर्ने वर्गहरू हुन,
४. दलितहरू सामाजिक विभेदको कारणबाट राज्यसत्ताबाट ठगिएका व्यक्तिहरू हुन्,
५. अरू उच्चवर्गका आशमा जीवन निर्वाह गर्नु विवश समुदाय दलितहरू हुन्,
६. शिक्षाको क्षेत्रबाट हेर्दा दलितहरू शिक्षाको पहुँचबाट टाढा रहेका व्यक्तिहरू हुन ।

### (ञ) आदिवासी, जनजाति र भाषिक अल्पसङ्ख्यक

नेपाल बहुभाषिक मानिसहरूको बसोबास भएको देश हो । यहाँ नब्बेभन्दा बढी भाषाका वक्ताहरू रहेका छन् । नेपाली भाषा दोस्रो भाषाका रूपमा बोल्ने आदिवासी जनजातिका विद्यालय जाने उमेरका बालबालिका यस कोटि वा वर्गीकरणभित्र पर्दछन् । यसअनुसार सरकारले आदिवासी जनजातिको सूचीभित्र सूचीकृत गरेका जनजातिहरू यो कोटिभित्र पर्दछन् । जस्मा-

| | | | | |
|---|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुसुन्डा | ५. गनगाई |
| ६. गुरूङ | ७. चेपाङ | ८. छन्त्याल | ९. छैरोतन | १०. जिरेल |

| | | | | |
|---|---|---|---|---|
| ११. झाँगड | १२. डोल्पो | १३. ताङवे | १४. ताजपुरिया | १५.तीनगाउँले थकाली |
| १६. तामाङ | १७. थारू | १८. तोप्केगोला | १९. थकाली | २०. थामी |
| २१. थुदाम | २२. दनुवार | २३. दराई | २४. दुरा | २५.धानुक(राजवंशी) |
| २६. धिमाल | २७. नेवार | २८. पाहारी | २९. फी | ३०. वनकरिया |
| ३१. बाह्र गाउँले | ३२. बरामो | ३३. बोटे | ३४. भुजेल | ३५. भोटे |
| ३६ मगर | ३७. मेचे (बोडे) | ३८. मुगाली | ३९. याक्खा | ४०.मार्फालीथकाली |
| ४१. राउटे | ४२. राई | ४३. राझी | ४४. लार्के | ४५.राजवंशी(कोच) |
| ४६. लिम्बु | ४७. लेप्चा | ४८. माझी | ४९. ल्होपा | ५०.ल्होमी(शिङसावा) |
| ५१. वालुङ | ५२. व्यासी | ५३. शेर्पा | ५४. सियार | ५५.सतार (सन्याल) |
| ५६. सुनवार | ५७. सुरेल | ५८. हायु | ५९. ह्योल्मो | |

"भाषिक अल्पसमूहका बालबालिका ती हुन् जसको मातृभाषा नेपाली नभएर अन्य कुनै छ र नेपाली उनीहरूले दोस्रो भाषाका रूपमा सिक्नुपर्दछ ।" बालकले पहिलो भाषा घरपरिवारको वातावरणमा आफ्नो उमेरको वृद्धिसँगसँगै परिवारका सदस्यहरूको बोलिचालीबाटै सिक्दैजान्छ भने दोस्रो भाषा उसले छिमेक, वातावरण र विद्यालयबाट सिक्न सुरु गर्दछ । भाषिक अल्पसङ्ख्यक बालकको पहिलो भाषाको क्षेत्र र कार्यक्षेत्र सीमित हुन्छ, यसो हुँदा बालकले आफ्नो उन्नति र प्रगतिको निमित्त राष्ट्रभाषा सिक्नैपर्ने हुन्छ, जुन वास्तवमा उसको दोस्रो भाषा हो । यसरी राष्ट्रभाषा दोस्रो भाषा हुने जेजति जाति छन् ती सबै अल्पभाषी हुन् ।

यी सबै अल्पभाषी बालबालिकाका निमित्त राष्ट्रमा छुट्टै विद्यालयको व्यवस्था छैन, अतः यिनीहरूले मूलप्रवाहमै समाहित भएर मूलप्रवाहको निमित्त तयार गरेकै विद्यालय, पाठ्यपुस्तक, शिक्षक, शिक्षण विधि र मूल्याङ्कनको परिपाटी भएर अघि बढ्नुपर्छ ।

### (ट) बाटो बिराएका र सडक बालबालिका

बढ्दो सहरीकरण, गरिबी, राम्रो लाउने, मीठो खाने लोभ वा अल्पबुद्धिका कारण र सडकबालकले बाँडेका मीठो सपनामा बहकिएर वा अन्य कारणले घर छाडेर खाते उपनाम पाएका बालकबालिकाको सङ्ख्या विकासोन्मुख मुलुकमा धेरै र विकसित मुलुकमा थोरै सङ्ख्यामा भेटिने गरेको छ । यही समुदायलाई हामीले सडक बालबालिका वा खाते भन्ने गरेका छौं । सडक बालक कुनै पनि समाजको सामाजिक र आर्थिक दबाबको पराकाष्ठाको परिणति हो । छोटो वाक्यमा भन्नुपर्दा सडकबालक समाजका अति गरिब वर्गका उपज हुन् । परिवारको सदस्यहरूले जनजीवन निर्वाहको लागि कठिन परिस्थितिको अनुभव गर्दछन् त्यो अवस्थामा परिवारकै मूलीले पनि पाँचवर्ष माथिका आफ्ना बालबालिकालाई परिवारको आवश्यकताको पूर्तिका निमित्त सक्दो काम गर्न प्रोत्साहित गर्दछन् । यो प्रोत्साहनले नै बालकलाई सजिलोसँग पैसा आर्जन गर्न सडकबालक बन्न प्रेरित गर्दछ ।"सडक बालबालिका ती बालबालिका हुन् जसले आफ्नो अधिकांश समय आफ्नो परिवारबाट टाढा सडकमा बिताउँछन् वा जसको आफ्नो परिवारमा कोही छँदैछैन" । बाटो बिराएका र सडक बालबालिका भनेका-

१. सडकबालबालिका जातीय वा सांस्कृतिक भेदभावका कारण सुविधाबाट वञ्चित बालबालिका हुन् ।
२. खान वा अरू आवश्यक वस्तु खरिद गर्न सडकमा पाउने काम जस्तै प्लास्टिक, टिन आदि सङ्कलन, जुत्ता पालिस वा सानोतिनो भारी बोकेर पैसा आर्जन गरी सडकमै जीवन निर्वाह गर्ने बालबालिका सडक बालबालिका हुन्,
३. एकपल्ट घरबाट सडक ओर्लेपछि घर फर्कन नमान्ने बालबालिका सडक बालबालिका हुन्,
४. सौतेनी आमाबाबुबाट अपहेतिल भएर सडकमा ओर्लेका बालबालिका सडक बालबालिका हुन,

५. सडकमै बस्ने, सडकमै कमाउने, सडकमै खाने, सुत्ने, जीवन निर्वाह गर्ने र सडकमै आफ्नो समूहका बीचमा समाजीकरण हुने बालबालिका सडक बालबालिका हुन् ,
६. धेरै जसो सडक बालबालिका ६-७ वर्ष देखि १२-१५ वर्षको उमेरभित्रका हुन्छन् ,।
७. यिनीहरू कुनै पनि समाजिक मूल्यमान्यताभित्र बस्न रुचाउँदैनन् । आफ्नो समूहसँग मात्र मतलव राख्छन् ,
८. अधिकतम् यस्ता बालबालिका माग्ने काम गर्छन् । केहीले सानातिना काम छर्नन् भने केहीले चोर्ने तथा ठग्ने कामसमेत गर्छन्
९. प्रायः यस्ता बालबालिका आक्रामक स्वभावका हुन्छन् र हरेकप्रति तुरुन्तै नकारात्मक धारणा राख्छन्,
१०. पढ्ने, लेख्ने तथा केही कुरा सिक्नेप्रति पनि यिनीहरूको रुचि ज्यादै कम हुन्छ,
११. सडक स्वतन्त्रता नै यिनीहरूलाई प्यारो हुन्छ । त्यसैले आश्रयस्थलमा पुऱ्याई पढाइलेखाइ गराउन राखिएका धेरै सडक बालबालिका त्यहाँबाट भागेर पुनः सडकमा नै आइपुग्छन् ,
१२. यिनीहरूलाई सामाजिक प्रक्रियाभित्र ल्याउनु नै एक कठिन कार्य हो । यिनीहरूमा एकाग्रता एवम् स्थिरता हुँदैन, तर यी बढी महत्वकाङ्क्षी पनि हुन्छन् ।

**(ठ) शरणार्थी / विस्थापित**

विभिन्न भाषा, धर्म, संस्कृति, रीतिरिवाज, परम्पराको अनुशरण गर्ने जनसमुदायको जमघट समाज हो । जहाँ समाज हुन्छ, त्यहाँ सामाजिक उतारचढाप, आँशुहासो, दुःखसुख, आदिका घटना घट्दै रहेका हुन्छन् । सानै छँदा आमाबाबुको मृत्यु हुनु, बाढी, पहिरो, भूकम्प जस्ता दैवीप्रकोपको कारण परिवारका सबै सदस्यको मृत्यु हुने एवम् विशेष कारणवश आमा बाबु दुवैको पहिचान हुन नसक्नु आदि कारणबाट पनि बालबालिका अनाथ बन्न पुग्छन् । अनाथ बालबालिका पालनपोषण तथा शिक्षाको लागि सरकारी तथा केही गैरसरकारी संस्थाहरूले अनाथालयको व्यवस्था गरेको पाइएको छ ।

समाजमा घटेका विभिन्न दुर्घटना, दैवी प्रकोप, राज्यद्वारा सञ्चालित षडयन्त्रका कारण एउटा ठूलो समुदाय, ठूलो जनसङ्ख्या आफूले वर्षौंदेखि बस्दै आएको, आफूले भोगचलन गर्दै आएको राज्यद्वारा प्रायोजित सञ्चालित षडयन्त्र सुरु हुनु अघि त्यहीँ राज्यले उसको नाममा प्रमाणित गरेको जग्गा जमिन छोडी अर्को राष्ट्रमा शारणार्थी बन्न पुग्दछ वा जीउज्यान माथिको खतरालाई दृष्टिगत गर्दै सुरक्षित स्थानमा बसाइँ सर्न पुग्दछन् ।

राज्यद्वारा सञ्चालित प्रायोजित षडयन्त्रका कारण देशै छोडेर अर्को देशमा शरण लिन पुग्नु शरणार्थी बन्नु हो भने समाजमा घटेका दुर्घटना वा दैवी प्रकोपका कारण आफ्नो जायजेथा छोडी त्यही राष्ट्रको सुरक्षित स्थानमा सर्न बाध्य हुनु विस्थापित हुनु हो ।

**(ड) द्वन्द्वप्रभावित**

द्वन्द्वप्रभावित बालक कसलाई भन्ने भन्ने सन्दर्भमा राष्ट्रपिच्छेका आआफ्ना परिभाषा छन् । नेपालका प्रसङ्गमा द्वन्द्वप्रभावित बालकको परिभाषा निम्नअनुसार गर्न सकिन्छ -

द्वन्द्वप्रभावित बालक ती हुन् जो राज्यसंयन्त्र वा राज्य विरूद्धको विद्रोहमा, विद्रोहद्वारा आमावावु वा हेरचाह गर्ने व्यक्तिको हत्या गरेका कारण टुहुरा वा विस्थापित हुन पुगेका हुन्छन् । राज्यले यस किसिमका अनाथ बालबालिकाका निमित्त आवासीय विद्यालयको व्यवस्था गरेको देखिँदैन । सरकारको दृष्टिमा परेका अनाथ बालबालिका बालमन्दिरमा राखिएको देखिन्छ, जहाँ उनीहरूले आवासको साथै शिक्षा पनि प्राप्त गर्दछन् । त्यस्तै, सिविनले पनि खतरायुक्त स्थितिका बालबालिकाको निमित्त Transit home को व्यवस्था गरेको देखिन्छ । यहाँ बालबालिहरूलाई छोटो अवधिको निमित्त मात्र राखिन्छ र उनीहरूको सम्भाव्य खतरा टर्नासाथ शिक्षाको व्यवस्था सुरु गराइन्छ ।

यस्तै, माइती नेपाल र सिभिक्ट (Civict) नामको संस्थाले पनि यस्ता आतङ्क प्रभावित बालबालिकालाई आवास तथा शिक्षाको व्यवस्था सुरु गरेका छन् । यिनले पनि विद्यमान पठनपाठन व्यवस्थामा नै यी बालबालिकालाई लगाएका छन् ।

सरकारले आतङ्कद्वारा आतङ्कित टुहुरा बालबालिकाका निमित्त आवश्यक पर्ने परामर्श केन्द्र स्थापना गर्नुपर्दछ । यसो हुँदा शिक्षाको सुविधा नपाएका बालबालिकाले नियमित विद्यालय जाने अवसर पाउँछन् र अरूसरह नै यिनको पठनपाठन एवम् मूल्याङ्कन हुन्छ ।

*(पाठ्यक्रमअनुसार यस सामग्रीमा उल्लेख नभएका विषयवस्तुहरू विद्यालयमा आधारित पहिलो मोडल र दूरशिक्षामा आधारित दोस्रो मोडलका क्रमशः विविधता व्यवस्थापन र पेसागत विकाससँग सम्बन्धित विषयवस्तु अध्ययन गर्नुहुनेछ ।)*

## ६. आत्ममूल्याङ्कन :

प्रस्तुत सामग्रीको अध्ययनपश्चात् तपाईंमा पहिला बनाएको पूर्वधारणा र अहिलेको वास्तविकतामा केकति अन्तर पाउनुभयो समीक्षा गर्नुहोस् ।

# एकाइ – एक

१. **शीर्षक** : दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापन

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) दुर्व्यवहारका रूपहरू पहिचान गर्न

(ख) निषिद्ध अवस्थाहरू पहिचान गर्न

(ग) दुर्व्यवहार र निषिद्ध अवस्थाबाट मुक्त शिक्षण पद्धतिलाई सुनिश्चित गर्ने पद्धतिहरू पहिचान गर्न

(घ) दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापनलाई नेपाली भाषाशिक्षण सिकाइमा प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) दुर्व्यवहारका रूपहरू

(ख) निषिद्ध अवस्थाहरू

(ग) दुर्व्यवहार र निषिद्ध अवस्थाबाट मुक्त शिक्षण पद्धतिलाई सुनिश्चित गर्ने पद्धतिहरू

(घ) दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापनलाई नेपाली भाषाशिक्षण सिकाइमा प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व माथिका उद्देश्यहरूबारेमा सोच्नुहोस् र तलका प्रश्नका बारेमा टिपोट गर्नुहोस् :

(क) समाजमा दुर्व्यवहारका केकस्ता रूपहरू हुन्छन् ?

(ख) समाजमा केकस्ता निषिद्ध व्यवहारहरू हुन्छन् ?

(ग) भाषाशिक्षणका क्रममा दुर्व्यवहार र निषिद्ध अवस्थालाई कसरी हटाउन सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क). दुर्व्यवहारका रूपहरू**

कक्षाकोठामा समाजका विभिन्न विविधताको प्रतिनिधित्व गर्ने बालबालिकाहरू भेट भएका हुन्छन् । उनीहरूमा समाजको छाप र घरायसी व्यवहारअनुसारका कक्षा व्यवहार देखिन्छन् । यसलाई नियन्त्रण गर्ने नाउँमा शिक्षकले विद्यार्थीमाथि विभिन्न दुर्व्यवहार गर्ने गर्दछन् । बालबालिकामाथि गरिने भौतिक, यौनिक, संवेगात्मक, भाषिक, जातीय, जनजातिगत, धार्मिक, दण्डात्मक आदि दमन, यातना वा सजायलाई दुर्व्यवहार मानिन्छ ।

(१) **भौतिक (शारीरिक) दुर्व्यवहार** : घर वा विद्यालयका बालबालिकालाई शरीरमा घाउचोट लाग्ने गरी वा असर पर्नेगरी दिइने यातना वा शारीरिकि शक्तिको प्रयोग गरी दिइने यातना भौतिक दुर्व्यवहारका रूप हुन् । यसबाट कतिपय विद्यार्थीमा गहिरो चोट परेको समेत पाइन्छ । घर/विद्यालयमा देखिने भौतिक दुर्व्यवहारमा बालबालिकालाई धकेल्नु, झापड हान्नु, लात्तले हान्नु, जगल्ट्याउनु, टोक्नु, कपाल उखेल्नु, लट्ठीले पिट्नु, बाँध्नु, सिस्नोपानी लाउनु, चुरोटले पोल्नु, दुई औंलाबीचमा पेन्सिल राखेर थिच्नु, झुन्ड्याउनु जस्स्ता दुर्व्यवहार पर्छन् ।

(२) **यौनिक दुर्व्यवहार** : अभिभावक, बन्धुबान्धव, बालकको हेरचाह गर्ने मानिस, धार्मिक गुरुहरू, शिक्षक, खेल प्रशिक्षक, छिमेकी, पाहुना आदि प्रौढहरूले बालबालिकालाई घरभित्र र बाहिर गर्ने यौनजन्य दुर्व्यवहारलाई यौनिक दुर्व्यवहार भनिन्छ । परिपक्व प्रौढले अपरिपक्व बालबालिकालाई झुक्याएर वा फकाएर यस्तो दुर्व्यवहार गरेका हुन्छन् । बालबालिकालाई यौनिक आशयले छुनु, माया

गर्नु, म्वाइँ खानु, बालकको यौनाङ्ग चलाउनु, प्रौढको यौनाङ चलाउन लगाउनु, यौन कार्य गर्नु, मुखमा योनी/लिङ्ग राख्नु, प्रौढले बालकलाई यौनअङ्ग देखाउँनु, यौनसम्बन्धी कथा कविता सुनाउनु, यौनाङ्ग देखाइएका पत्रपत्रिका देखाउनु/पढ्न लगाउनु, नाङ्गा चित्र देखाउनु, लुगा खोलेर नाङ्गो शरीर हेर्नु/देखाउनु, अश्लील चलचित्र देखाउनु, नुहाउँदा लुगा लगाउँदा बालकको यौनाङ्ग खेलाउनु, बालबालिकाको नाङ्गो तस्बिर खिच्नु, पैसाको लोभमा फसाएर यौन कार्य गराउनु, खेल खेलाउँदा, कक्षाकार्य/अभ्यास गराउँदा संवेदशील अङ्ग छुनु, चिमोट्नु आदि यौनिक दुर्व्यवहारका रूप हुन् ।

(३) **संवेगात्मक दुर्व्यवहार** : बालबालिकामाथि गरिने मौखिक र मनोवैज्ञानिक दुर्व्यवहारबाट बालकको संवेगात्मक अवस्थामा परिवर्तन देखा पर्छ । बालबालिकाले गरेका कामबाट देखिने असफलताबाट व्यावहारिक धारणामा परिवर्तन आउने भएकाले यसबाट संवेगात्मक असामान्यता पनि देखापर्छ । घरपरिवार र विद्यालयमा बालबालिका माथि संवेगात्मक दुर्व्यवहार हुने गरेका छन् । अपाङ्ग, अन्धा र मायाको अभावमा हुर्किएका बालबालिकालाई गालीगलौज गर्नु, खराब आचरणको बालकसँग तुलना गर्नु, गधा गोरु, बाँदर आदि भनी गाली गर्नु, तँलाई यसो गर्छु र उसो गर्छु भनी धावा बोल्नु, अपशब्द प्रयोग गर्नु, विद्यार्थीको बानीमा दोष लगाउनु, रिसाएर दण्ड दिनु, अँध्यारो कोठामा थुन्नु, ऊसँग नबोल्नु, क्रियाकलापमा संलग्न नगराउनु, धेरै समय उभिन लगाउनु, कान समाएर उभ्याउन, साथीहरूमाझ उभ्याएर बेइज्जत गर्नु आदि संवेगात्मक दुर्व्यवहारका रूप हुन् । अभिभावक, शिक्षक, दाजुदिदी, साथीहरू आदिबाट बालबालिकामा संवेगात्मक दुर्व्यवहार हुने गर्छन् ।

(४) **भाषिक दुर्व्यवहार** : कक्षामा एकभन्दा बढी मातृभाषा भएका बालबालिकाहरूले सँगै पढिरहेका हुन्छन् । शिक्षणका क्रममा विद्यार्थीले आफ्नै मातृभाषाका शब्द, वाक्य आदि समेत प्रयोग गर्छन् । यस्तै एक भाषाका शब्द अर्को भाषाका विद्यार्थीका लागि अश्लील लाग्न सक्छन् । यस अवस्थामा त्यस्ता शब्द/वाक्यलाई लिएर विद्यार्थीलाई अपहेलना गरिएमा विद्यार्थीले दुर्व्यवहार भएको महसुस गर्छन् । कुनै भाषा बोल्ने विद्यार्थीलाई होच्याउनु, त्यस भाषाका शब्द वाक्यलाई लिएर विद्यार्थीको नाम राख्नु, यस्तो भाषा बोल्छ भनी होच्याउनु, आफ्नो भाषा राम्रो भनी अरूको भाषालाई नस्वीकार्नु, शिक्षकले आफूले जानेको बाहेक अरू भाषालाई वेवास्ता गर्नु आदि भाषिक दुर्व्यवहारका रूप हुन् ।

(५) **जातीय दुर्व्यवहार** : कानुनी रूपमा जातजातिबीचमा भेदभाव गर्न नपाइने भए पनि सामाजिक संस्कार र व्यवहारमा जातिविभेद कायमै रहेको छ । आआफ्नो धार्मिक विश्वास, रीति र परम्पराका आधारमा सामाजमा जातिविभेद पाइन्छ । ठूलो, सानो वा यस्तो उस्तो जात भन्ने आधारमा दुर्व्यवहार भइरहेको हुन्छ । कक्षामा विभिन्न जातका विद्यार्थी हुन्छन् र तिनका छुट्टै जातिगत पहिचान हुन्छन् । पठनपाठनका क्रममा म ठूलो र तँ सानो जात भनी विभेद गर्नु, अर्को जातिका संस्कार, व्यवहार र पहिचानलाई स्वीकार नगर्नु, जातिगत आधारमा छुवाछूत गर्नु, होच्याउनु, पूजा, चाड आदिमा जातिगत दृष्टिले सहभागी नगराउनु आदि जातिगत दुर्व्यवहारका रूप हुन् ।

(६) **जनजातिगत दुर्व्यवहार** : २०५८/१०/१५ को नेपाल राजपत्र, खण्ड ५१ अतिरिक्ताङ्क ६७ अनुसार नेपालमा किसान, कुमाल, कुसवाडिया, कुसुन्डा, गनगाई, गुरुङ, चेपाङ, चन्त्याल, छैरोतेल, जिरेल, झाँगड, डोल्पो, ताङ्वे, ताजपुरिया, तीनगाउँले, थकाली, तामाङ, थारू, तोकेगोला, थकाली, थामी, थुदाम, दनुवार, दराई, दुम, धानुक (राजवंशी), धिमाल, नेवार, पहारी, फी, वनकरिया, बाह्रगाउँले, बरायो, बोटे, भुजेल, भोटे, मगर, माझी, मार्फाली, थकाली, मेचे (बोडो), मुगाली, याक्खा, राजवंशी (कोच), राउटे, राई, राभी, लार्के, लिम्बू, लेप्चा, ल्होपा, ल्होमी (शिङ्सावा), वालुङ, व्यासी, शेर्पा, सतार (सन्याल), सुनुवार, सुरेल, हायु र ह्योल्मोलाई जनजाति मानिएको छ । भाषागत भिन्नता, जीवन प्रणाली, सांस्कृतिक पहिचान र रोजगारी सीमितताका कारण जनजाति विभाजन

गरिएको हो । कक्षामा एउटा भाषा हुनेले अर्को भाषा हुनेलाई होच्याउने, खिसी गर्ने, जनजातिका संस्कृतिलाई होच्याउने, उनीहरूका बसोबास, खुवाइ, बोलाइ, पहिरन आदिको नकरात्मक चर्चा गर्ने, आर्थिक प्रणालीको नचिाहिँदो चर्चा गर्ने जस्ता कार्य जनजातिगत दुर्व्यवहारका रूप हुन् ।

(७) **धार्मिक दुर्व्यवहार** : एउटै कक्षामा हिन्दू, बौद्ध, क्रिस्चियन, सिख, जैन, मुस्लिम आदि धर्म मान्ने विद्यार्थीहरू रहन सक्छन् । यस्तो अवस्थामा एउटा धर्म मान्नेले अर्को धर्म मान्नेलाई धार्मिक परम्पराका आधारमा टिकाटिप्पणी गर्नुलाई धार्मिक दुर्व्यवहार मानिन्छ । कुनै धर्ममा मानिने चाडबाड, खानपान, जन्ममृत्यु संस्कार, पाहुना, सत्कार आदिका आधारमा विद्यार्थीबीच भेदभावपूर्ण व्यवहार गरिनु धार्मिक दुर्व्यवहार हो ।

(८) **दण्डात्मक दुर्व्यवहार** : विद्यार्थीले स्वीकार्य व्यवहार नदेखाएमा, खराब बानी नत्यागेमा, अभ्यास क्रियाकलाप नगरेमा दण्ड दिने गरेको पाइन्छ । विद्यार्थीलाई दिइने शारीरिक, मानसिक र कार्यात्मक दण्ड दण्डात्मक दुर्व्यवहार हुन् । गृहकार्य नगर्दा कक्षामा बस्न नदिनु, पिट्नु, पैसा तिराउनु, थप कार्य गराउनु आदि दण्डात्मक दुर्व्यवहारका रूप हुन् ।

### (ख) निषिद्ध अवस्थाहरू

समाजले धान्न नसकेको वा नस्वीकारेको व्यवहारलाई निषिद्ध व्यवहार भनिन्छ । यस्तो व्यवहार परम्परादेखि चलनचल्तीमा रहेको हुन्छ । रूढि वा परम्पराका रूपमा समाजमा चलेका विभिन्न प्रलचनहरू समाजमा चलेका हुन्छन्, तिनलाई परिवर्तन गर्न समाजले चाहँदैन तर ती प्रचलन मान्ने कुनै सत्य कारण पनि हुँदैनन् । समाजले यस्ता प्रथाको विरूद्धमा कार्य गर्न रोक लगाएको हुन्छ त्यसैले मानिसहरू विना प्रतिवाद, त्यस्ता प्रथा स्वीकार गर्छन् । निषिद्ध व्यवहार सकारात्मक र नकारात्मक दुवै हुन्छन् । सकारात्मक निषिद्ध व्यवहारले समाजलाई व्यवस्थित गर्न सहयोग गरेको हुन्छ भने नकारात्मक निषिद्ध व्यवहार कुनै न कुनै दृष्टिले दुर्व्यवहारका रूपमा प्रस्तुत हुन्छन् ।

निषिद्ध व्यवहार भनेको एकप्रकारका कुसंस्कार पनि हो । त्यस्ता व्यवहारबाट समाजमा प्रत्यक्ष फाइदा पुग्दैन तापनि सामाजिक संस्कारका रूपमा व्याप्त रहेका हुन्छन् ।

हाम्रो समाजमा छुवाछूत व्याप्त छ । समाजमा ठूला मानिने जातिले साना मानिने जातिले छोएको खाँदैनन् । उनीहरूको घरमा पस्दैनन् । उनीहरूसँग सँगै बसेर सामाजिक संस्कार गर्दैनन् । मेलापात जाँदैनन् र मठमन्दिरमा पस्दैनन् । यस्तै सानाजात मानिनेले ठूला जातका मानिसका घरमा पस्न नहुने, खाना, पानी, घरबाहिरै खानुपर्ने, भाँडाकुँडा पखालेर दिनुपर्ने, व्यवहार समाजमा देखिन्छन् । साना जातलाई छोएमा छोइछिटो गर्ने, गौदान गर्ने चलन समेत छ ।

यस्तै महिलाहरू रजस्वला हुँदा घरमा बस्न नहुने, घरका पुरुषलाई छुन नहुने, विभिन्न खानेकुरा खान नहुने, खाट र सफा लुगा ओछ्यानमा सुत्न नहुने जस्ता व्यवहार गरेको देखिन्छ । अझ पहिलो चोटि रजस्वला हुँदा आफ्नो घरमा बस्न नहुने, माइतीको मुख हेर्नु नहुने, धारामा जान नहुने, आगो छुन नहुने, माइतीको घरको धुरी हेर्न नहुने, सूर्यको दर्शन गर्नु नहुने, गुफा बस्ने (नेवारी परम्परामा), गोठमा सुत्नु पर्ने आदि परम्परा छन् । पश्चिम नेपालमा छाउपडी जस्तो परम्परा छ । यस परम्परामा महिला महिनावारी हुँदा घरभन्दा छुट्टै बनाइएको गोठमा कष्टकर ढङ्गले बस्ने गर्छन् ।

यस्तै बौद्ध संस्कृतिमा आनी बस्ने, मुस्लिम संस्कृतिमा बुर्का लाउने जस्ता परम्परा छन् । जन्म र मृत्युको पनि विभिन्न संस्कार छन् । कतिपय जातिगत परम्परामा सुत्केरीलाई गोठमा सुताउने, पोसिलो खाना (मासु, घिउ आदिं) खान नहुने भन्ने विश्वास छ । कतिपय जातिमा मृत्युपछि सबैले शव छुन नहुने, कतिपयमा तल्ला जातिसँग बोल्न नहुने, नुन र अन्य खानेकुरा बार्नुपर्ने, आशौच बार्नुपर्ने आदि व्यवहार गरिन्छन् ।

विद्यार्थीहरू आफ्नो जातिगत संस्कारअनुसार यस्ता निषिद्ध व्यवहारमा बाँधिएका हुन्छन् र तिनको बेवास्ता गर्न पनि सक्दैनन् । यसैगरी एउटा जातिका विद्यार्थी अर्को जातिका विद्यार्थीका व्यवहारसँग परिचित हुँदैनन् । कक्षाशिक्षणमा यस्ता निषिद्ध अवस्थाहरूले विद्यार्थीलाई वैयक्तिक रूपमा असर पार्ने, अर्को संस्कार बुझ्न सघाउने तथा अर्को संस्कारप्रति अपमान गर्ने स्थिति समेत सिर्जना भएका हुन्छन् । यिनको व्यवस्थापनमा शिक्षक सचेत हुनुपर्छ ।

**(ग) दुर्व्यवहार र निषिद्ध अवस्थाबाट मुक्त शिक्षण पद्धतिलाई सुनिश्चित गर्ने पद्धतिहरू**

समाज, परिवार र कक्षा शिक्षणमा हुने दुर्व्यवहार र समाजका निषिद्ध अवस्थाले गर्दा बालबालिकाको शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव परेको हुन्छ । विभिन्न प्रकारका दुर्व्यवहारले गर्दा बालबालिकाले आफ्नो प्रतिभाको स्वतन्त्र विकास गर्न सक्दैनन् । यस्तै निषिद्ध अवस्थाका कारण पठनपाठनको निरन्तरता भङ्ग हुन सक्छ । उदाहरणार्थ पहिलोपल्टको रजस्वलामा लगभग एक महिनासम्म अरूको घरमा बसी संस्कार पूरा गर्नुपर्ने भएकाले बालिकाहरू विद्यालय जान पाउँदैनन् । छुवाछुतका कारण अछुत मानिने विद्यार्थीले विद्यार्थीसँग बस्न र छलफल गर्न सक्दैनन् । कतिपय ठाउँमा शिक्षकले अछुत विद्यार्थीप्रति समदृष्टि राख्दैनन् । कुलपरम्परा, जात्रा आदि मनाउने बेलामा विद्यार्थी उपस्थिति कम भई पठनपाठनमा असर पर्छ । यी विविध अवस्थाबाट मुक्त नभई शिक्षणसिकाइ पूर्णरूपमा सफल हुन सक्दैन । कक्षाभित्र र बाहिर दुर्व्यवहारमुक्त शिक्षण पद्धतिलाई सुनिश्चित गर्न निम्नानुसारका कार्य गरिनु आवश्यक छ :

- विद्यार्थीलाई भौतिकदण्ड दिने प्रवृत्ति त्यागी पुरस्कारमुखी दण्ड मात्र अपनाउनुपर्छ ।
- बालबालिकामाथि यौनिक दुर्व्यवहार गर्नु हुँदैन र यस्तो दुर्व्यबहार गरेको पाइएमा जोसुकैलाई कडा कानुनी कारवाही गर्नुपर्छ । (जस्तो : शिक्षकलाई बर्खास्त गर्ने)
- विद्यार्थीको संवेगात्मक अवस्थाको वैयक्तिक अभिलेख खडा गरी संवेगात्मक असर पुग्ने व्यवहार गर्नु हुँदैन ।
- कक्षामा सबै मातृभाषा बोल्ने विद्यार्थीको उचित कदर गर्नुपर्छ । सम्भव भएसम्म मातृभाषामा अनुवाद गरी शिक्षण गर्ने र अप्ठ्यारो पर्दा मातृभाषामै अभिव्यक्ति गर्ने स्वतन्त्रता दिनुपर्छ । द्विभाषी र बहुभाषी शिक्षणमा जोड दिनुपर्छ ।
- जातीय र जनजातिगतरूपमा भेदभाव नगरी सबैका व्यवहार, संस्कृति र परम्परालाई स्विकार्नुपर्छ । कक्षासञ्चालनमा समन्यायिक साझा नियम बनाई सबैले पालन गर्नुपर्छ ।
- सबैका धार्मिक विशेषताको कदर गर्दै धार्मिक सहिष्णुताको भाव विकास गराउनुपर्छ ।
- शिक्षण प्रक्रियामा अभिभावक, बालविशेषज्ञ, शिक्षक र व्यवस्थापन संलग्न दुर्व्यवहार अनुगमन संयन्त्र तयार गर्नुपर्छ र बालबालिकालाई आफूमाथिको दुर्व्यवहारको खुला विरोध गर्न सचेतीकृत गर्नुपर्छ ।

कक्षाशिक्षणमा हुने दुर्व्यवहारले विद्यार्थीमा शारीरिक, मनोवैज्ञानिक र संवेगात्मक असर पार्ने भएकाले शिक्षण सिकाइमा यस्तै मुक्तताको सुनिश्चितता हुनुपर्छ र त्यसको मुख्य जिम्मेवारी शिक्षकले लिनुपर्छ । निषिद्ध अवस्था पनि शिक्षण प्रक्रियामा प्रभाव पार्ने पक्ष हो । निषिद्ध अवस्थाको असरमुक्त शिक्षणको सुनिश्चितताका लागि निम्नानुसारका कदम चालिनु पर्छ :

- समाजमा कुप्रभाव पारिरहेको र सत्यता र पुष्टिविहीन कारण रहेका निषिद्ध व्यवहार त्यागी सामाजिक सुधार गर्नुपर्छ ।
- निषिद्ध व्यवहारको शुद्धीकरणका लागि सचेतीकरण अभियानको क्रियाशीलामा जोड दिनुपर्छ ।
- कक्षा शिक्षणमा पटकपटक देखापर्ने निषिद्ध वैयक्तिक अभिलेख राख्नुपर्छ र निषिद्ध व्यवहारमा पीडित विद्यार्थीका लागि उचित सल्लाह र परामर्श प्रदान गर्नुपर्छ ।
- निषिद्ध अवस्थाका कारण कुनै विद्यार्थीलाई दुर्व्यवहार वा अपहेलना गरिनु हुन्न ।
- निषिद्धअवस्थाको स्वीकार प्रक्रिया, हानिनोक्सानी आदि बारेमा वेलावेलामा जानकारी गराइरहनुपर्छ ।
- कक्षाशिक्षणमा निषिद्ध अवस्था मुक्त शैक्षिक वातावरण सिर्जना गर्नुपर्छ ।

### (घ) दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापनलाई नेपाली भाषाशिक्षण सिकाइमा प्रयोग गर्ने तरिकाहरू

नेपाली भाषाशिक्षणका क्रममा नेपाली विषयशिक्षकले विभिन्न प्रकारका दुर्व्यवहारको अवस्था सामना गर्नुपर्ने हुन्छ । शिक्षक आफैँले जानी नजानी दुर्व्यवहार गरेको हुन सक्छ र अभिभावक, समाजका सदस्य र माथिल्लो कक्षाका विद्यार्थीबाटसमेत दुर्व्यवहार हुनेगर्छ । शिक्षकले दण्डसजाय दिँदा, आचरण नियन्त्रण नगर्दा, विद्यार्थीको भाषिक सामाजिक र संवेगात्मक अवस्थाको ज्ञान नहुँदा यस्ता दुर्व्यवहार हुन सक्छन् । यस्तै शिक्षक र विद्यार्थीको शिक्षणसिकाइ वातावरण भिन्नभिन्न भएमा पनि दुर्व्यवहार हुने गर्छन् । नेपाली भाषाशिक्षणमा दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरूमा भाषिक दुर्व्यवहार हुन सक्छ भने शिक्षकले नमानेको धर्म मान्नेहरू धार्मिक दुर्व्यवहारका सिकार हुन सक्छन् । टुहुरा, अन्धा, अपाङ्गहरू संवेगात्मक दुर्व्यवहारका सिकार हुन सक्छन् ।
यस्तै निषिद्ध अवस्थाका कारण पनि शब्द प्रयोग, भाषा प्रयोग र भाषिक उत्पादनका अभ्यासमा नेपाली भाषाका सिकारुहरू पीडित बन्न सक्छन् । दुर्व्यवहार मुक्तता र निषिद्ध अवस्थाको व्यवस्थापन गर्दै नेपाली भाषाशिक्षण गर्दा शिक्षकले निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

- भाषा सिकाइका क्रममा विद्यार्थीमा देखापरेका त्रुटि निराकरणका क्रममा भौतिक, यौनिक, संवेगात्मक, जाति/जनजातिगत, धार्मिक र दण्डात्मक दुर्व्यवहार नगरी सहजीकरणयुक्त सुधारात्मक परामर्शको प्रयोग गर्नुपर्छ ।
- उदाहरण, वाक्यनिर्माण, अभ्यास आदिका क्रममा दुर्व्यवहार हुने भाषिक संरचनाको प्रयोग गर्नुहुँदैन ।
- विद्यार्थीलाई दिइने कार्य (कक्षाकार्य, गृहकार्य, परियोजना कार्य) उनीहरूलाई आक्षेप लाग्ने र दुर्व्यवहार हुने खालका हुनहुन्न । उनीहरूका रुचि र सापेक्ष अभ्यासबाट भाषिक अभ्यास गराउनुपर्छ ।
- आफ्नो स्थानीय क्षेत्रका निषिद्ध अवस्थाको अध्ययन गरी त्यसबाट विद्यार्थीमा परेका पर्ने असरबारे जानकारी राख्ने र नेपाली भाषा सिकाइका क्रममा त्यस्ता निषिद्ध अवस्थालाई

प्रयोग नगर्ने । यो राम्रो र त्यो नराम्रो भन्ने उदाहरण प्रस्तुत नगरी साधारण औसत उदाहरण प्रयोग गरी शिक्षण गर्नुपर्छ ।

६. **आत्ममूल्याङ्कन :**

मैले यो सामग्री पढिसकें ।

| **म स्पष्ट भएँ :** | **मैले अझै छलफल गर्नुपर्छ :** |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

## एकाइ - एक

१. **शीर्षक** : पहिचान व्यवस्थापनका विभिन्न पद्धतिहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सामाजिक सम्मिलन र निषेधको अवधारणा बताउन

(ख) नेपाली भाषाशिक्षणमा पुन: सिकाइ र विसिकाइ (Learning & Delearing) का पद्धतिको प्रयोग गर्न

(ग) नेपाली भाषाशिक्षणमा विशिष्ट पहिचानगत विविधता पत्ता लगाई व्यवस्थापन गर्न

(घ) बहुसांस्कृतिक/सांस्कृतिक कक्षामा नेपाली भाषाशिक्षण गर्न

(ङ) भाषाशिक्षणमा द्वन्द्वव्यवस्थापन गर्न

३. **विषयवस्तु** :

(क) सामाजिक सम्मिलन र निषेधको अवधारणा

(ख) पुन: सिकाइ र विसिकाइ

(ग) नेपाली भाषाशिक्षण सिकाइमा विशिष्ट पहिचानगत विविधताको व्यवस्थापन

(घ) सांस्कृतिक/बहुसांस्कृतिक कक्षामा नेपाली भाषाशिक्षण

(ङ) नेपाली भाषाशिक्षणमा द्वन्द्वव्यवस्थापन

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व माथिका उद्देश्यहरूबारेमा सोच्नुहोस् र तलका प्रश्नका बारेमा टिपोट गर्नुहोस् :

(क) सामाजिक सम्मिलन र निषेध भनेको के हो ?

(ख) पुन: सिकाइ र विसिकाइ भन्नाले के बुझिन्छ ?

(ग) सांस्कृतिक र बहुसांस्कृतिक कक्षामा नेपाली भाषाशिक्षण कसरी गर्न सकिन्छ ?

(घ) नेपाली भाषाशिक्षण सिकाइमा द्वन्द्वव्यवस्थापन कसरी गर्न सकिन्छ ?

(ङ) तपाइँ नेपाली भाषाशिक्षण सिकाइमा पहिचान व्यवस्था कसरी गर्नुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

### (क) सामाजिक सम्मिलन

शिक्षा पद्धतिभित्र वा बाहिर जुनसुकै कारणले वहिष्कृत हुने प्रक्रियालाई घटाउन विद्यालय र कक्षामा रहेका विविध आवश्यकता भएका सिकारु लक्षित जवाफदेही शिक्षाको समुचित प्रबन्ध सामाजिक सम्मिलन हो । यस धारणामा शिक्षालाई अधिकारमुखी, बालबालिकामुखी र आवश्यकतामुखी ठानिन्छ भने सिकाइमा आइपर्ने सम्पूर्ण बाधा हटाउनुलाई शिक्षण मानिन्छ । मानव जीवन शैलीसँग सम्बद्ध सबै पक्ष समेटी शिक्षाको पहुँच पुऱ्याउनु र सबै प्रकारका बालबालिकालाई सक्रिय रूपमा संलग्न गराउन सामाजिक सम्मिलनको लक्ष्य हो । कक्षाकोठामा रहेका विद्यार्थीको आवश्यकता, आचरण र चरित्र भिन्नभिन्न हुन्छ र तिनलाई स्वाभाविक रूपमा लिइनुपर्छ । शिक्षण प्रक्रियामा विशेष आवश्यकता भएका र अन्य सबै प्रकारका बालबालिका समेटी समुदाय र विद्यालयलाई समावेशीकरण गर्नुपर्छ । शिक्षा बालकेन्द्री हुनुपर्छ र पाठ्यक्रम लचिलो हुनुपर्छ । शिक्षामा स्रोतसाधन

स्वपहिचान, प्रतिष्ठा र मानव अधिकारको पूर्ण समाहितीकरण हुनुपर्छ भने शिक्षा प्रणालीको कार्यकुशलता र लागत प्रभावकारिताको निरन्तर सुधार हुनुपर्छ । समाहित शिक्षाका माध्यमले सामाजिक सम्मिलनको अवधारणालाई दीगो पार्न सकिने भएकाले बालबालिकाले अधिकारका रूपमा गुणात्मक शिक्षा लिन पाउनुपर्छ । सामाजिक सम्मिलनका लागि निम्नलिखित पक्ष महत्वपूर्ण मानिन्छन् :

- सबै बालबालिकाले घरपायक सामान्य विद्यालयमा पढ्न पाउनुपर्छ ।
- विविध कारणले विद्यालयको पहुँच बाहिर रहेका विशेष आवश्यकता भएका विद्यार्थी र अन्य सम्पूर्ण विद्यार्थीलाई समेट्न शिक्षा प्रणाली परिवर्तनशील हुनुपर्छ ।
- विद्यालयको भौतिक र शैक्षिक वातावरण विद्यार्थीको व्यक्तिगत रुचि र आवश्यकता अनुकूल हुनुपर्छ ।
- अपाङ्ग विद्यार्थीले विद्यार्थीकै नाताले अरू दौंतरीसँगै व्यक्तिगत भिन्नता र क्षमताका आधारमा सिक्ने अवसर पाउनुपर्छ ।
- अपाङ्ग र साङ्गले पूर्ण सहभागितासाथ पढ्ने तथा सामान्यीकरण र सामाजिकीकरण गर्ने अवसर पाउनुपर्छ ।
- शिक्षणमा एक शिक्षकले मात्र नभई सम्पूर्ण शिक्षकले सामूहिक जिम्मेवारी लिनुपर्छ ।
- विद्यालयको वातावरण सम्पूर्ण विद्यार्थी (साङ्ग अपाङ्ग) अनुकूल बनाउन अभिभावक, शिक्षक, व्यवस्थापन समिति, सरकारी गैरसरकारी सामाजिक सङ्घसंस्था र स्थानीय निकायले स्वागतयोग्य भूमिका निर्वाह गर्नुपर्छ ।
- शैक्षिक र सहयोगी सामग्रीको पर्याप्त व्यवस्थापन गर्नुपर्छ ।
- शैक्षिक क्रियाकलाप लचिलो हुनुका साथै विविधताको उचित कदर र प्रयोग गरिनुपर्छ ।
- अभिभावक तथा सरोकारवालाका लागि विद्यालयीय क्रियाकलाप पारदर्शी हुनुपर्छ ।

**(ख) सामाजिक निषेध/बहिष्कार**

समाजमा शिक्षा प्राप्त गर्न निषेध गरिएका वा शिक्षाको पहुँचबाट बहिष्कृत भएका बालबालिकाको अवस्थालाई बहिस्कारजन्य व्यवहारका रूपमा लिइन्छ । विभिन्न कारणले गर्दा विद्यालयभित्र बालबालिकाले बहिष्कार/निषेधजन्य व्यवहार भोगेको हुन्छन् । विशेषगरी बालिकाहरू, अपाङ्ग बालबालिकाहरू, दलित र जनजातिका बालबालिकाहरू, सडक बालबालिकाहरू, द्वन्द्वपीडित बालबालिकाहरू, यौनशोषण र अन्य तरिकाबाट शोषित बालबालिकाहरू, असहायक विरामी बालबालिकाहरू, रोगी (कुष्ठरोगी आदि) र गरिब बालबालिकाहरू सामाजिक बहिष्कारमा परेका हुन्छन् । सामान्यतया समुदाय परिवार विद्यालय र कक्षाकोठामा निम्नानुसारका व्यवहार देखिएमा तिनलाई सामाजिक बहिस्कारका रूपमा लिइन्छ :

- गरिब तथा पिछडिएका परिवारका केटाकेटी विद्यालय नगएमा,
- अपाङ्ग, असहाय र अनाथ बालबालिकालाई जिस्क्याउने, होच्याउने र सामाजिक कार्यमा सहभागी नगराएको पाइएमा,

- छोराछोरीमा समान व्यवहार नगरिएमा,
- छोरालाई पौष्टिक र छोरीलाई सामान्य खाना दिएमा,
- छोरालाई राम्रो र छोरीलाई सामान्य खाना दिएमा,
- अपाङ्ग हुनुलाई पूर्वजन्मको पाप सम्झिएमा,
- विशेष आवश्यकता भएका बालबालिकालाई सिक्न निरूत्साहन गरिएमा,
- कडा दण्ड सजायको व्यवस्था गरिएमा,
- जातीय, भाषिक, धार्मिक, लैङ्गिक दृष्टिले होच्याएमा/अनादर गरेमा,
- बालमनोभावनालाई नबुझिएमा,
- साङ्ग र चलाख विद्यार्थीलाई मात्र ध्यान दिएमा,
- कमजोर, अपाङ्ग र सिकाइ समस्या भएका बालबालिकालाई बेवास्ता गरिएमा,
- वैयक्तिक भिन्नतालाई ख्याल नगरिएमा ।

**(ग) विसिकाइका पद्धतिहरू**

नेपाली भाषाशिक्षणमा कक्षाका सबै विद्यार्थीबीच अन्तर्क्रियाको आवश्यकता पर्छ । यसका लागि सबै विद्यार्थीको समान र सक्रिय सहभागिताको अपेक्षा गरिन्छ । विद्यालय/कक्षाकोठाको वातावरण वैयक्तिक रूपमा भाषाशिक्षणका लागि उपयुक्त नभएमा भाषाशिक्षण सिकाइ व्यवस्थित/सिर्जनात्मक हुन सक्दैन । यसका लागि पुनः सिकाइको वातावरण सिर्जना गर्नुपर्छ ।

विद्यार्थीहरू सामान्य भाषिक क्षमता (बोलाइ/अभिव्यक्ति) विकास भएपछि विद्यालय आउँछन् र उनीहरूको भाषिक क्षमताको उपयोगबाट पुनः भाषिक सिकाइ (लेखाइ-पढाइ/अनुभूति) तर्फ अग्रसर हुन्छन् । पुनः सिकाइका लागि उपयुक्त भाषिक वातावरणको सिर्जना गरी अभ्यास र पुनरावृत्ति गर्ने क्रियाकलापहरू गराइनु आवश्यक छ । भाषा सिक्ने क्षमता, वैयक्तिक रूपमा भिन्नभिन्न हुने भएकाले पुनः सिकाइको भाषिक वातावरण सिर्जना गर्न निम्नलिखित पक्षमा ध्यान दिइनुपर्छ :

- विकास भइसकेको भाषिक क्षमताको उपयोग,
- भाषासिकाइका लागि वैयक्तिक भाषिक वातावरण,
- विशेष आवश्यकता र सिकाइ समस्याप्रति सहजीकरण,
- क्षमतानुकूल भाषिक क्रियाकलाप, अभ्यास र तिनको पुनरावृत्ति,
- सुधारात्मक पृष्ठपोषण र थप सहयोगी सामग्री/सहयोग प्रदान ।

सामाजिक सम्मिलन तथा बहिष्कार दुवै अवस्थामा भाषिक पुनः सिकाइ सम्भव हुन सक्छ । यसमा भाषिक क्षमताको थप विकासमा जोड दिई भाषिक सीप वृद्धिमा शिक्षण सिकाइलाई केन्द्रीकरण गरिन्छ ।

विसिकाइ भनेको विश्लेषणात्मक र गुणात्मक ढङ्गले भाषा सिक्ने पद्धति हो । नेपाली भाषा शिक्षणका सन्दर्भमा पहिलो भाषा नेपाली हुने र नहुने विद्यार्थीको पुनः सिकाइ क्षमता फरकफरक हुन्छ । दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरूले भाषाको बाह्यपक्ष (व्याकरणको ख्याल विहीन) सिकेका हुन्छन् भने आन्तरिक पक्षमा कमजोरी हुन सक्छ । पहिलो भाषाका रूपमा सिक्नेहरूको

आन्तरिक पक्ष पनि सबल हुन सक्छ । विसिकाइले सबै प्रकारका भाषिक क्षमता भएका विद्यार्थीका लागि व्यवस्थित भाषा सिकाइमा जोड दिइन्छ । यसका लागि निम्नलिखित पक्ष मुख्य मानिन्छन् :

- भाषाशिक्षण सिकाइको योजना निर्माण,
- वैयक्तिक रूपमा विद्यार्थीलाई सिकाइ सहजीकरणको वातावरण निर्माण,
- सिक्ने तयारी, उत्प्रेरणा, सिकाइको विश्लेषणात्मक/तार्किक योजना र प्रतिक्रिया चरणको औपचारिक वातावरण,
- भाषाको बाह्य तथा आन्तरिक (अभिव्यक्ति/भाषिक सीप तथा अनुभूति भाषिक संरचना) संरचना बोध,
- मातृभाषा र नेपाली भाषाको तुलना तथा भिन्नता विश्लेषण,
- त्रुटिक्षेत्र पहिचान, निराकरण र व्यवस्थितीकरण,
- भाषिक सक्षमताको अभिलेखीकरण र पुनर्मूल्याङ्कन ।

विसिकाइ तार्किक र विश्लेषणात्मक सिकाइ हो । यसमा सिकारुले नेपाली भाषाको लेख्य तथा कथ्य, औपचारिक तथा अनौपचारिक रूप अर्थात् क्षेत्रीय र सामाजिक भेदको पहिचान गर्दै व्याकरणगत शुद्धीकरण र विशिष्ट संरचनाबोध सहितको सिकाइमा आफूलाई अभ्यस्त गराउँछन् ।

**(घ) पहिचानगत विविधता र व्यवस्थापन**

हाम्रा कक्षाकोठामा पढ्ने विद्यार्थीहरू विभिन्न जातजाति, जनजाति, धर्मसंस्कृति, रीतिरिवाज, भाषा र मूल्यमान्यताको छुट्टै पहिचान लिएर प्रवेश गरेका हुन्छन् । कक्षाकोठामा उनीहरूले स्वपहिचान देखाउँछन् भने भाषाशिक्षणमा तिनको सामान्यीकरण गर्दै नेपाली भाषिक पहिचान दिनु आवश्यक हुन्छ । विद्यार्थीका पहिचानगत विविधताको ज्ञान नभएमा पठनपाठनमा विभिन्न समस्याहरू सिर्जना हुन्छन् । यस्ता कक्षामा पठनपाठन गराउने शिक्षकमा विभिन्न पहिचानका विद्यार्थीको भाषा, धर्म, संस्कृतिको ज्ञान भई नेपाली भाषा शिक्षणमा तिनका पहिचानको उदाहरणलाई उपयोग गर्दै शिक्षण गरेमा प्रत्येक पहिचानगत विविधता भएका विद्यार्थीले आफूले सम्मान पाएको महसुस गर्छन् र सिकाइमा अभिप्रेरणा प्राप्त हुन्छ । अभिप्रेरणासहितको शिक्षण सिकाइबाट विद्यार्थीले सिकाइको स्तरवृद्धि गर्ने भएकाले शिक्षकले विशिष्ट पहिचानगत विविधताको जानकारी राख्नुपर्छ । पहिचानगत विविधता पत्ता लगाउन शिक्षकले निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

- कक्षाका विद्यार्थीलाई जाति, जनजाति, मातृभाषा, धर्म आदिका आधारमा समूहीकृत गर्ने (तर विद्यार्थीलाई नकारात्मक असर पर्ने गरी जानकारी नगराउने),
- प्रत्येक विद्यार्थीका रुचि, क्षेत्र र सक्षमता (भाषा प्रयोग क्षमता) पहिचान गर्ने,
- प्रत्येक विद्यार्थीको कमजोरी पक्ष ख्याल गर्ने,
- विशेष आवश्यकता चाहिने र सिकाइ समस्या पर्ने विद्यार्थीलाई समूहीकृत गर्ने,
- विद्यार्थीको घरायसी/सामाजिक भाषिक वातावरण ख्याल गर्ने,
- विद्यार्थीका संवेदनशील पक्ष (टुहुरो अवस्था, रोग, भोक आदि) को ख्याल गर्ने ।

यी विविध पक्षको जानकारीले शिक्षकलाई विशिष्ट पहिचानगत विविधता छुट्याउन सजिलो हुन्छ र कुन विद्यार्थी कुन पक्षमा सक्षम छ, कसलाई कहाँ सहयोग चाहिन्छ भन्ने खुट्याउन सजिलो हुन्छ ।

यसले सामाजिक सम्मिलन र बहिष्कार व्यवस्थापनमा सहयोग पुऱ्याई समावेशी शिक्षणलाई सहजीकरण गर्छ । पहिचानगत विविधताको व्यवस्थापन गर्न शिक्षक निम्नलिखित पक्षमा सचेत हुनु आवश्यक छ :

- पहिचानगत विविधताका आधारमा समूहीकृत गरिएका विद्यार्थीले स्वपहिचान अनुकूल क्रियाकलापमा संलग्न गराउने र बेलाबेलामा अन्तरसमूह अन्तर्क्रिया गराउने,
- प्रत्यके विद्यार्थीका समक्षता/सबलताको प्रशंसा गर्ने र कमजोरीलाई सुधारात्मक सहजीकरण गर्ने,
- सक्षम विद्यार्थीलाई कम सक्षमलाई सहयोग गर्न उत्प्रेरित गर्ने,
- प्रत्यके विविधतालाई प्रशंसा गर्ने संस्कृति विकास गर्ने र कक्षा सञ्चालनका लागि साझा नियम बनाउने ।

### (ङ) सांस्कृतिक/बहुसांस्कृतिक कक्षामा भाषाशिक्षण

नेपाली बहुसांस्कृतिक मुलुक भएकाले यहाँका प्रत्येक कक्षामा एकै संस्कृतिका मात्र विद्यार्थी पाउने अवस्था ज्यादै कम छ । एउटै संस्कृति भएको समाजबाट आएका विद्यार्थीमा एउटै भाषा, धर्म र संस्कार रहने भएकाले यस संस्कृतिको पहिचान पछि शिक्षण प्रक्रिया निर्धारण गर्न सजिलो हुन्छ । एउटा संस्कृतिका विद्यार्थीले एकात्मक परिचय विकास गर्छन् भने उनीहरूले अरू संस्कृतिका बारेमा त्यति थाहा पाउँदैनन् । यस अवस्थामा नेपाली भाषा शिक्षण गर्दा अन्य संस्कृतिका प्रसङ्गलाई बढी व्याख्या गर्नुपर्छ भने पाठ्यक्रम र पाठ्यपुस्तकका प्रसङ्गलाई पनि स्वसंस्कृतिसँग तुलना गर्दै उपयोग गर्नुपर्छ । कक्षामा एकै संस्कृतिका विद्यार्थी भएमा सांस्कृति अन्तर्क्रिया र अन्तरविरोध नहुने भएकाले उनीहरू अन्य संस्कृतिप्रति सहिष्णु नहुन सक्छन् ।

कक्षाकोठा विशेषत: बहुसांस्कृतिक हुन्छ । यस अवस्थामा विद्यार्थी आफैँले अन्तर्क्रिया गरी अन्य संस्कृतिका बारेमा बुझ्न चाहन्छन् । हिन्दू संस्कृतिको विद्यार्थी मुस्लिम वा बौद्ध संस्कृति बुझ्न चाहन्छ भने अन्य संस्कृतिका विद्यार्थी हिन्दू संस्कृति बुझ्न चाहन्छन् । यसबाट विद्यार्थीमा बहुसांस्कृतिक पहिचान विकास हुन्छ । नेपाली भाषाशिक्षणमा पनि बहुसांस्कृतिकतालाई समेट्न शिक्षकले निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

- अभ्यास/क्रियाकलाप गराउँदा सांस्कृतिक आक्षेप लाग्न सक्ने पक्षमा सचेत हुने,
- सबै संस्कृतिका पहिचान हुने उदाहरण प्रस्तुत गर्ने,
- भिन्न संस्कृति भएका विद्यार्थी माझ सांस्कृतिक अन्तर्क्रिया गराउने,
- सांस्कृतिक पहिचानको सम्मान गर्ने बानी विकास गराउने,
- विशेष चाडपर्व र संस्कृतिबारेमा विचार लेखी प्रस्तुत गर्न लगाउने ।

### (च) नेपाली भाषाशिक्षणमा द्वन्द्वव्यवस्थापन

द्वन्द्व भन्नाले झगडा, वैमनस्य, मनमुटाव आदि बुझिन्छ । भाषाशिक्षणमा चाहिँ द्वन्द्व शब्दले विचार ग्रहण वा सिकाइमा असहमति वा द्विविधा भन्ने बुझिन्छ । व्यक्तिको पारिवारिक पृष्ठभूमि र सिकाइको पृष्ठभूमि भिन्न भएमा सामाजिक व्यवहारले सिकाइ व्यवस्थालाई नस्वीकार्ने भएकाले यस्ता अवस्थामा द्वन्द्व सिर्जना हुन्छ । यो दृष्टिकोण वा बुझाइको भिन्नताबाट सिर्जना हुने अवस्था

हो । व्यक्तिका विश्वास, मूल्यमान्यता, सोचाइ र अवधारणाको कारणले कुनै विचार अस्वीकृत हुँदा प्रतिक्रिया, असहमति, इर्ष्या, कुटपिट, हिंसा, रिस आदि रूपमा द्वन्द्व देखा पर्छ ।

भाषाशिक्षण सिकाइका क्रममा शिक्षकले विद्यार्थीमाथि दुर्व्यवहार गरेमा निषिद्ध अवस्था नबुझेमा, पुन सिकाइको अवसर नदिएमा, सांस्कृतिक र विशिष्ट विविधताको पहिचान नगरेमा विद्यार्थीमा द्वन्द्व सिर्जना हुन्छ भने शिक्षकमा विशेषतः आफूले दिएका निर्देशन विद्यार्थीले नमानेमा द्वन्द्व सिर्जना हुन्छ । सिकाइको सन्दर्भमा भने द्वन्द्वले तार्किकतालाई जन्म दिने भएकाले विसिकाइलाई सहयोग पुग्छ तापनि कक्षाशिक्षणमा सबै प्रकारका द्वन्द्व व्यवस्थापन हुनु आवश्यक छ ।

भाषाशिक्षणमा द्वन्द्वव्यवस्थापनका मानवतावादी र सामाजिक न्यायको सिद्धान्तको प्रयोग गरिन्छ । कक्षामा विभिन्न पहिचान र क्षमताका विद्यार्थीमा भिन्नभिन्नै प्रकारका द्वन्द्व सिर्जना हुन्छन् । दुर्व्यवहार, सामाजिक संरचना, भाषिक अवस्था, धर्मसंस्कृति आदिका कारणले वैयक्तिक रूपमा भिन्नभिन्न द्वन्द्व देखिन्छन् । भाषा शिक्षणका क्रममा आक्षेप, अपहेलना, दण्डसजाय नगरी वैयक्तिक रूपमै द्वन्द्व समाधान गर्नु मानवतावादी सिद्धान्त हो । यस सिद्धान्तले द्वन्द्वव्यवस्थापनमा निम्नलिखित पक्षलाई समेट्छ :

- भाषा सिकाइका क्रममा विद्यार्थीलाई स्वीकार्य/अस्वीकार्य मत राख्ने स्वतन्त्रता दिनुपर्छ,
- जाति, धर्म, अपाङ्गता, सिकाइ कठिनाइ, विशेष आवश्यकता आदिका दृष्टिले विद्यार्थीमा विविध द्वन्द्व सिर्जना हुन्छन् । तिनलाई विकसित हुन दिई कारण पत्ता लगाएर समाधान गर्नुपर्छ,
- द्वन्द्वका कारण र सोचेको प्राप्तिमा समीक्षा गर्न विद्यार्थीलाई छुट दिइनुपर्छ,
- विद्यार्थीको असल भावनालाई कदर गरी खराब भावनालाई सुधार्नुपर्छ । जितजित रणनीतिमा द्वन्द्व समाधान गर्नुपर्छ,
- सबै द्वन्द्व समाधान हुन सक्दैनन् भन्ने वास्तविकता विद्यार्थीलाई बोध गराउनुपर्छ,
- द्वन्द्वको नकारात्मक प्रभावलाई न्यूनीकरण गरी सकारात्मक प्रभावलाई सिकाइमा रूपान्तरण गर्नुपर्छ,
- संवाद, सञ्चार, सम्प्रेषण र वातावरणीय अनुकूलताका आधारमा वस्तुस्थितिको सही विश्लेषण गरी द्वन्द्व समाधान गर्नुपर्छ ।

सामाजिक न्यायको सिद्धान्तअनुसार द्वन्द्व समाधानमा वैयक्तिक रूपमा भिन्नभिन्न उपाय नअपनाई द्वन्द्वलाई सामूहिक समस्याका रूपमा लिई समाधान गर्नुपर्छ । यसले द्वन्द्वका कारणको खोजी गरी साझा समाधान निकाली सकारात्मक अवधारणा विकास गर्ने पक्षमा जोड दिन्छ । यसमा द्वन्द्वको उपस्थापन, द्वन्द्वका विभिन्न दृष्टिकोण, समस्यामा सहमति, समाधानका लागि छलफल, समाधानका सम्भावित उपायप्रति सहमति र सकारात्मक प्रभावको अनुगमनको प्रक्रियागत चरणमा द्वन्द्वव्यवस्थापन गरिन्छ ।

### (छ) नेपाली भाषाशिक्षण सिकाइमा पहिचान व्यवस्थापनको प्रयोग

नेपाली भाषाशिक्षणको उद्देश्य भाषिक सीप विकासका माध्यमले भाषागत विशिष्ट पहिचान कायम गराउनु हो । यसका लागि पहिचान व्यवस्थापनका विभिन्न तौरतरिकाबाट कक्षाशिक्षणमा उपयोग गर्नुपर्छ । नेपाली भाषाशिक्षणमा पहिचान व्यवस्थापनको प्रयोग गर्न शिक्षकले निम्नानुसारका उपागमको उपयोग गर्नुपर्छ :

- सामाजिक सम्मिलनका पद्धतिहरूको उपयोग,
- सामाजिक बहिष्कारको व्यवस्थापन,
- पुनः सिकाइ र विसिकाइको अवसर प्रदान,
- विशिष्ट पहिचानगत विविधताको जानकारी र व्यवस्थापन,
- सांस्कृतिक/बहुसांस्कृतिक कक्षाको व्यवस्थापन,
- भाषिक द्वन्द्वको व्यवस्थापन ।

यी उपागमको प्रयोगका साथसाथै सबै क्षमताका विद्यार्थीलाई भाषा सिक्ने उचित अवसर प्रदान गरिएमा पहिचान व्यवस्थापन गर्न सकिन्छ तर यसका लागि शिक्षकले यी पक्ष स्मरणमा राख्नुपर्छ :

- आफूले शिक्षण गरेका विद्यार्थीले राम्रोसँग सिक्न सक्नुपर्छ,
- आफ्नो चाहनाअनुसार नसिकेमा उसलाई समस्याको रूपमा लिनुहुँदैन,
- शैक्षिक प्रणालीलाई समस्याका रूपमा र विद्यार्थीलाई समाधानका रूपमा लिनुपर्छ ।

विद्यार्थी नै समस्या समाधानको आधार भएकाले विद्यार्थीको रुचि र आवश्यकताअनुसार सिकाइ वातावरण सिर्जना गरेर विशिष्ट सिकाइको समाहित र समावेशी अवसर प्रदान गरिएमा भाषाशिक्षणमा पहिचान व्यवस्थापनको सही उपयोग गर्न सकिन्छ ।

(ख) तपाईंले यो सामग्री अध्ययन गर्नुपूर्व तय गर्नुभएको धारणा र अध्ययन पछिको बुझाइमा केके समानता र भिन्नता पाउनुभयो ?

६. **आत्ममूल्याङ्कन :**

यो सामग्री पढेपछि ममा निम्नलिखित सक्षमता विकास भए :

१.

२.

३.

४.

५.

## एकाइ - दुई
# सहयोगी सिकाइ

१. **शीर्षक** : शिक्षक/समुदायको सामाजिक - मनोवैज्ञानिक बनावट

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षक/समुदायको ज्ञानको निर्माण, पुनःनिर्माण र वितरण प्रणालीका तरिकाहरू पत्ता लगाउन

(ख) शिक्षक/समुदायका वैचारिक र मनोवैज्ञानिक द्वन्द्वका आधारहरू पहिचान गर्न

(ग) नेपाली भाषाशिक्षण र सिकाइमा शिक्षक/समुदायको सामाजिक मनोवैज्ञानिक बनोटको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) शिक्षक/समुदायको ज्ञानको निर्माण, पुनःनिर्माण र वितरण प्रणालीका तरिकाहरू

(ख) शिक्षक/समुदायका वैचारिक र मनोवैज्ञानिक द्वन्द्वका आधारहरू

(ग) नेपाली भाषाशिक्षण र सिकाइमा शिक्षक/समुदायको सामाजिक मनोवैज्ञानिक बनोटको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

सामग्रीको अध्ययनपूर्व निम्नलिखित प्रश्नहरूका बारेमा आफ्नो अवधारणा स्पष्ट पार्नुहोस् :

(क) शिक्षक/समुदायको ज्ञानको संरचना, पुनः संरचना र वितरण प्रणालीका बारेमा विचार गर्नुभएको छ ?

(ख) शिक्षक समुदायको वैचारिक/मनोवैज्ञानिक द्वन्द्व भनेको के हो ?

(ग) शिक्षक/समुदायका वैचारिक/मनोवैज्ञानिक द्वन्द्वहरू कसरी प्रकट हुन्छन् ?

(घ) नेपाली भाषाशिक्षण र सिकाइमा शिक्षक/समुदायको मनोवैज्ञानिक बनोटको उपयोग/प्रयोग कसरी गर्नुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) परिचय**

शिक्षक मित्र ! तपाईंले आफ्नो मनोवैज्ञानिक र सामाजिक बनावटका बारेमा कहिल्यै सोच्नु भएको छ ? वास्तवमा सामाजिक र मनोवैज्ञानिक रचनामा समाज, संस्कृति, अर्थव्यवस्था आदिले प्रभाव पारेका हुन्छन् । हाम्रो सामाजिक रचना जस्तो छ हाम्रो मनोविज्ञान पनि त्यसरी नै निर्माण हुन्छ । हिन्दूहरूका दृष्टिमा 'गाई' लक्ष्मीको प्रतीक हो, त्यसैले पूज्य हुन्छ तर मुस्लिम क्रिस्चियनहरूको गाईसम्बन्धी दृष्टिकोण फरक हुन्छ । यसले गर्दा हिन्दू र मुस्लिम वा क्रिस्चियनमा गाईका बारेको मनोविज्ञान पनि फरकफरक हुन्छ । त्यसैगरी पश्चिमा औद्योगिक समाजमा श्रमिक वर्गलाई जस्तो सामाजिक मूल्य वा मान्यता प्राप्त छ हामीकहाँ त्यो मूल्य, मान्यता वा सम्मान पाइन्न । जापानमा फोहोरमा काम गर्ने श्रमिकको ज्याला डाक्टर वा इन्जिनियरको भन्दा बढी हुन्छ । त्यहाँ श्रमिक पनि

सम्मानित हुन्छ तर हामीकहाँ डाक्टर वा इन्जिनियरलाई जति सम्मान प्राप्त छ त्यति सम्मान श्रमिकले पाउँदैनन् । यसरी समाजको विशेषताका कारण उसका सामाजिक र मनोवैज्ञानिक सोचाइ विकसित हुन्छन् र बनोट पनि त्यही प्रकृतिको हुन जान्छ । उदार समाजमा सोचाइ पनि उदार हुन्छ, सङ्कुचित समाजमा विचारमा पङ्ख फुकाएर दौडन सकिन्न । दलितहरूप्रति भेदभाव, महिला पुरुष विभेद, जातीय कट्टरता, हिन्दूअतिवाद, एकभाषिक र एकसांस्कृतिक नीतिको लामो परम्पराका कारण नेपाली समाजको ज्ञान निर्माणका सीमाहरू छन् र ती सीमालाई भत्काउने पाश्चात्य र आधुनिक ज्ञान पनि प्रबल रूपमा देखा पर्दै छ । नेपाली समाजमा संस्कृति, आचार, व्यवहार, सोचाइ र दृष्टिकोणमा दुई भिन्न प्रवृत्ति विकसित भएका छन् । अर्कोतिर नेपालको मौलिक परम्परामा पनि अन्धता र रूढिवादिताको विरोध गर्ने प्रवृत्ति छँदै छ । यसको प्रभाव समुदाय र समुदायका उपज शिक्षकहरूमा पनि छ ।

शिक्षक/समुदाय सामाजिक प्राणी हो । शिक्षक/समुदायको सामाजिक, मनौवज्ञौनिक बनावटमा आफू वरिपरि, पुर्खा र अध्ययनअनुभवको ज्ञान महत्वपूर्ण हुन्छ । प्राचीन युगमा पुर्खाहरूको ज्ञान निर्माणको पद्धति अवलोकन, छलफल र तर्कमा आधारित थियो । समयको विकाससँगै मानिसमा ज्ञाननिर्माणको प्रक्रियामा परिवर्तन आयो । शिक्षकको ज्ञान निर्माण, संरचना र वितरणमा पनि समयअनुसारको भिन्नता पाइन्छ । शिक्षकको शिक्षणसम्बन्धी ज्ञान पनि सुरुमा अनुभवमा आधारित थियो । त्यसैले अनुभवमा आधारित ज्ञान नै शिक्षकको ज्ञानको महत्वपूर्ण पक्ष थियो । आफ्ना गुरुका अनुभव, सहपाठीसँगको अनुभव र यस्तै सामाजिक, सांस्कृतिक अनुभवबाट शिक्षकले ज्ञान निर्माण गरेको हुन्छ । समाज, संस्कृतिका आधारमा नै शिक्षक/व्यक्तिले ज्ञानको संरचना तयार पार्दछ । अध्ययनबाट त्यसलाई तिखार्दै र नयाँनयाँ अनुभवबाट सिक्दै शिक्षकले ज्ञानको पुनःसंरचना गर्दछ । यस समयमा उसलाई पुस्तक, तालिम आदिका माध्यमबाट नयाँ ज्ञान प्राप्त हुँदै जान्छ र यसरी आफूले प्राप्त गरेको ज्ञानलाई उसले वितरण गर्दै जान्छ । यही वितरणका क्रममा उसले ज्ञानको संरचना (निर्माण) र पुनःनिर्माण गर्दै जान्छ र आफ्नो ज्ञानलाई परिपक्व पार्दै लान्छ ।

**(ख) ज्ञानको संरचना, पुनःसंरचना र वितरण प्रणाली**

ज्ञानको संरचनाको तात्पर्य निर्माण र पुनः संरचनाको तात्पर्य पुनःनिर्माण नै हो । चार्ल्स भान डोरेनले आफ्नो पुस्तक 'ए हिस्ट्री अफ नलेज' मा ज्ञाननिर्माणलाई मानवीय प्रगतिको विचारका रूपमा स्विकारेका छन् । ज्ञानको संरचनामा आर्थिक, राजनीतिक, सामाजिक, नैतिक र कलात्मक पक्षको छाप पर्ने कुरा उनले बताएका छन् । व्यक्ति विशेषले पनि दैनन्दिन र वर्षौंका अनुभवपछि मैले के सिकें र नयाँ ज्ञान के थपें भन्ने चिन्तन गर्दछ । त्यसैले ज्ञान स्मृतिहरूको सकारात्मक प्रस्तुति हो र उमेर बढ्दै जाँदा मानिसले क्रमशः आफ्नो ज्ञानको भण्डारमा केही न केही थपिरहेको हुन्छ । ज्ञाननिर्माणमा पराइ र पढाइको भूमिका हुन्छ । पर्नु भनेको व्यवहार हो भने पढ्नु भनेको सिद्धान्त हो । सिद्धान्त र व्यवहार अनि व्यवहार र सिद्धान्तको दोहोरो चक्रबाट नै मानिसले ज्ञानको संरचना तयार पार्दछ । हाम्रा पुर्खाको ज्ञान सीमित थियो । प्रकृतिले कसरी कार्य गर्छ भन्ने कुरामा उनीहरूले ज्ञान प्राप्त गर्ने तरिका मिथक मात्र थियो । त्यसैले नै प्राचीन ग्रिसेली, रोमेली, भारतेली र

इरानेलीले प्रकृतिका बारेमा विचार गर्दा ग्रिसेली, हिन्दू र इरानेली पुराणबाट ज्ञानको निर्माण गरेका थिए । पछिल्लो युगमा ज्ञाननिर्माणमा तार्किक पक्ष प्रबल भयो । सुकरात, प्लेटो, अरिस्टोटल, याज्ञवल्क्य, गार्गी, मैत्रेयी, बुद्ध आदिले मानिसलाई ज्ञानको नयाँ युगमा प्रवेश गराए । मध्यकाल ज्ञाननिर्माणको दृष्टिले अन्धकार युग थियो । पुनर्जागरणपछि ज्ञान निर्माणका वैज्ञानिक पद्धति उपयोगी रहे । आज हामी ज्ञाननिर्माणमा यही वैज्ञानिक पद्धतिको उपयोग गर्छौं तापनि हामी ज्ञाननिर्माणको पौराणिक पद्धतिबाट पनि मुक्त भएका छैनौं ।

शिक्षणसिकाइमा ज्ञाननिर्माणका दुई तरिका प्रचलित छन् : पहिलो अनुभव र दोस्रो अध्ययन, छलफल, अन्तर्वार्ता आदि । शिक्षकको प्रारम्भको ज्ञाननिर्माण मूलतः आफूले सिकेको, देखेको कुरामा नै आधारित हुन्छ । त्यसपछि आफूभन्दा अनुभवी शिक्षक, अन्य पुस्तक, तालिम आदिबाट ज्ञानको पुनःनिर्माण हुँदै जान्छ र उसको ज्ञान समृद्ध बन्दै जान्छ । ज्ञाननिर्माणमा सम्मिलन जस्ता कुराबाट पनि शिक्षकको ज्ञाननिर्माणको ढोका खुल्दछ । नयाँ ज्ञानमा पनि अन्तर्वैयक्तिक प्रतिक्रियाको भूमिका महत्वपूर्ण हुन्छ र त्यसकै आधारमा ज्ञानको पुनःसंरचना तयार हुन्छ । ज्ञानको पुनःसंरचनामा भाषाको भूमिका महत्वपूर्ण हुने धारणा भिगोत्स्कीको छ । यसरी शिक्षकको अनुभवको सञ्चिति ज्ञानको निर्माण हो भने नयाँ ज्ञान र अनुभवले पुरानो ज्ञानको विस्थापन वा समुन्नतिको प्रक्रिया ज्ञानको पुनःनिर्माण हो । पुरानो ज्ञानको स्थानापन्न ज्ञानका रूपमा नयाँ ज्ञान जन्मने वा पुरानो ज्ञानलाई समृद्ध पार्न आउने ज्ञानको प्रक्रिया नै ज्ञानको पुनःनिर्माण हो ।

आफूले प्राप्त गरेको ज्ञानको हस्तान्तरणका प्रक्रियालाई ज्ञानको वितरण भनिन्छ । ज्ञान वितरणको प्राचीन प्रक्रिया मौखिक थियो र प्राचीन पुर्खाहरू मौखिक रूपमा आफ्नो ज्ञान हस्तान्तरण गर्दथे । लोककथा, उखान, लोकसामग्री आदि प्राचीन ज्ञानको वितरणका माध्यम हुन् । वर्तमानको ज्ञान वितरण प्रणाली एकै प्रकृतिको छैन । मौखिक, लिखित, संवाद, अन्तर्क्रिया, दृश्य, श्रव्यसामग्री, गोष्ठी, छलफल आदिका माध्यमबाट वर्तमान ज्ञानको वितरण हुने गर्दछ ।

## ६. आत्ममूल्याङ्कन

तपाईंले पूर्वानुमान गरेको र विषयवस्तुको अध्ययनपश्चात् प्राप्त अनुभवको फरक केकस्तो रह्यो टिपोट गर्नुहोस् ।

# एकाइ – दुई

१. **शीर्षक** : समाजका विभिन्न समूहको ज्ञानलाई प्रस्तुत गर्ने तरिकाहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समाजका विभिन्न समूहको ज्ञानलाई प्रस्तुत गर्ने तरिकाहरू पहिचान गरी लागू गर्ने ।

३. **विषयवस्तु** :

(क) सम्बन्ध निर्माणका सीपहरू
(ख) पुस्तागत छलफल र व्यवस्थापनका सीपहरू
(ग) अहम्केन्द्री गुणहरूको व्यवस्थापनका सीपहरू
(घ) आत्मकेन्द्री प्रवृत्तिको व्यवस्थापनका सीपहरू
(ङ) परामर्श सीपहरू
(च) बाह्य साधनको उपयोगका सीपहरू
(छ) नेपाली भाषाशिक्षणमा ज्ञान प्रस्तुतिका विभिन्न पद्धतिहरूको प्रयोग

४. **पूर्वसिकाइ धारणा :**

विषयवस्तुको अध्ययन गर्नुपूर्व तलका प्रश्नका बारेमा आफ्नो धारणा स्पष्ट पार्नुहोस् ।

(क) समाजका विभिन्न समूहको सम्बन्ध निर्माण कसरी हुन्छ ?
(ख) विभिन्न किसिमका पुस्ता र तिनका बीचको छलफल र व्यवस्थापन कसरी गर्नुहुन्छ ?
(ग) अहम्केन्द्री र आत्मकेन्द्री प्रवृत्तिको व्यवस्थापन कसरी गर्नुहुन्छ ?
(घ) विभिन्न किसिमका परामर्शका सीपहरू केके हुन् ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

समाजमा विविध समूह हुन्छन् र समूहका ज्ञान प्रस्तुतिका तरिका पनि फरकफरक हुन्छन् । भाँडा बनाउने समूह वा गायक समूहका ज्ञानका प्रस्तुति फरकफरक हुन्छन् । भाँडा बनाउने समूहले आफ्नो ज्ञान आफ्नै पुस्ताभित्र मात्र हस्तान्तरण गर्ने सम्भावना बढी हुन्छ भने गायन समूहको ज्ञान आफ्नो पुस्ताभन्दा बाहिर पनि हस्तान्तरित हुन सक्छ । डोको बनाउने ज्ञान होस् वा झ्यालढोकामा बुट्टा कुँद्ने ज्ञान, प्रायः पुस्तापुस्ता मात्र हुने गरेको छ ।

एकजना शिक्षकले आफ्नो सहपाठी शिक्षक मित्रलाई सहज रूपमा ज्ञान हस्तान्तरण नगरे पनि संवाद, छलफल, अन्तर्क्रिया, प्रत्यक्ष र अप्रत्यक्ष कक्षाअवलोकनजस्ता माध्यमबाट ज्ञान हस्तान्तरण गरिरहेका हुन्छन् । ज्ञान प्रस्तुतिको यो तरिका पनि महत्वपूर्ण रहेको छ । समूहका ज्ञान प्रस्तुतिका औपचारिक पद्धतिको प्रयोग नेपाली समाजमा कम प्रचलित छ । बन्द समाजमा यसो हुनु स्वाभाविक पनि हो । केक बनाउने कलामा नेपाली निपुण छन् वा स्वस्थ रहन आवश्यक पर्ने ज्ञान हामीले कति प्रस्तुत गरेका छौँ ? शिक्षकले आफ्नो सिकाइलाई प्रभावकारी विभिन्न समूहका मानिसहरूको ज्ञान प्रस्तुतिका तरिकाका बारेमा जान्नै पर्ने हुन्छ ।

### (क) सम्बन्ध निर्माणका सीपहरू

सम्बन्ध निर्माण भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बीचको सम्बन्ध भन्ने हुन्छ । एकअर्का व्यक्तिलाई अर्को व्यक्तिले राम्ररी बुझी मित्रतापूर्ण सम्बन्ध स्थापना गर्ने कुरा नै सम्बन्ध निर्माण हो भने यस्तो सम्बन्ध निर्माण गर्ने कौशल सम्बन्ध निर्माणको सीप हो । सम्बन्ध निर्माण समुदायका सदस्य, शिक्षकशिक्षक, शिक्षकविद्यार्थी आदिमा हुनु आवश्यक छ ।

सम्बन्ध निर्माण एउटा सामाजिक मनोवैज्ञानिक प्रक्रिया हो । अरूको कुरा सुन्ने र आफ्ना कुरा पनि भन्ने, अरूको विश्वास जित्ने खालको व्यवहार निर्माण गर्ने कुराबाट नै समूहमा सम्बन्ध निर्माण गर्न सकिन्छ । सम्बन्ध निर्माण गर्दा निम्नलिखित सीप आवश्यक पर्छ :

१. अरूप्रति आदर राख्ने,
२. इमान्दार भएर प्रस्तुत हुने,
३. अनुभूतिमा समानता प्रदर्शन गर्ने,
४. अरूका कुरालाई खोल्न नमिल्ने भए गोपनीयता प्रदर्शन गर्ने,
५. अरूप्रति स्नेहभाव प्रदर्शन गर्ने,
६. पूर्वाग्रह नराख्ने,
७. संवेदनशीलता प्रदर्शन गर्ने,
८. विश्वसनीय व्यवहार देखाउने,
९. सदैव सुमधुर सम्बन्ध निर्माण गर्ने,
१०. दुई पक्षका बीच मध्यस्थता गर्नुपर्ने भएमा समान भाव प्रदर्शन गर्ने ।

### (ख) पुस्तागत छलफल र व्यवस्थापन सीप

पुस्ता भन्नाले एउटै उमेर समूहका व्यक्ति भन्ने बोध हुन्छ । यसको निर्धारण उमेरका आधारमा हुन्छ । उमेरकै आधारमा युवा पुस्ता, वृद्ध पुस्ता, प्रौढ पुस्ता जस्ता समूहको निर्माण गरिएको हुन्छ । समाजमा पुस्तागत भिन्नताका कारण द्वन्द्व उत्पन्न हुन्छ भने उही पुस्ताका बीच पनि द्वन्द्व उत्पन्न हुन सक्छ । यसबाहेक पुराना पुस्ताका अनुभवबाट नयाँ पुस्ताले ज्ञान प्राप्त गर्दछ भने नयाँ पुस्ताले पनि पुरानो पुस्तालाई केही न केही कुरा सिकाइरहेको हुन्छ । विद्यालय जाने छोरीले बाबुआमालाई स्वास्थ्यका बारेमा बताउन सक्छिन् भने आमाबाबुले पनि उनका कुरा सुन्ने वातावरण तयार हुन्छ । पुस्तागत छलफल दुई पुस्ताका बीचको अनुभव आदानप्रदानको प्रक्रिया हो । यस्तो छलफल सौहार्द मात्र नभई द्वन्द्वात्मक सोचाइ, धारणा र विचारमा पनि सुरु हुन्छ । नयाँ पुस्ताका सोचाइ, इच्छा र आकाङ्क्षामा तुसारापात भएमा पुरानो पुस्तामाथि दोष थोपर्न थाल्छन् । यसले बालबालिकामा मनोवैज्ञानिक समस्या समेत उत्पन्न हुन सक्छ । त्यस्तै उमेरका कारणले शिक्षक र विद्यार्थी पुस्ताका बीच पनि द्वन्द्व उत्पन्न हुन सक्छ । पुरानो पुस्ताबाट सिक्दै नसिक्ने प्रवृत्ति बालबालिकामा उत्पन्न हुन्छ । यस्तो प्रक्रिया स्वाभाविक भए पनि बढ्दै गएमा यसले द्वन्द्वको रूप लिन्छ । यसलाई पुस्तागत द्वन्द्व भनिन्छ ।

पुस्तागत छलफलमा दुई पुस्ताका विचारको सम्मान गर्ने वातावरण बन्नुपर्दछ । "मेरो गोरुकै बाह्रै टक्का" हुने प्रवृत्तिको अन्त्य गर्न दुवैका विचारहरू समयका प्रवाह हुन् भन्ने कुरामा सचेत बनाइनुपर्दछ । पुरानो समयका कतिपय मान्यता भत्कने र नयाँ मान्यता निर्माण हुने कुरालाई समयको परिवर्तनसँगै स्वीकार गर्नुपर्छ र अरूका सोचाइमा ठेस नपुऱ्याई आफ्ना कुराहरू लागू गराइनुपर्दछ भन्ने बारेमा सचेत बनाइनुपर्छ । यस्तो छलफलको व्यवस्थापन गर्दा शिक्षकले पूर्वाग्रही नभई सबै मतलाई स्वीकार गर्नुपर्दछ । कतिपय अवस्थामा दुवैका मतको सम्मान र दुवैका मतको आलोचना गरी सही मतको स्थापना गर्ने कौशल पनि प्राप्त गर्नुपर्छ । उदाहरणका लागि पुरानो पुस्ता केही विश्वासप्रति बढी नतमस्तक हुन्छ । ईश्वरप्रति अति निष्ठा, भाग्यमा भरोसा, जातीय विभेदलगायतका कुराहरूमा पुरानो पुस्ता ज्यादा कट्टर हुन्छ । सांस्कृतिक सामाजिक यस्ता सन्दर्भमा नयाँ पुस्ता ज्यादा प्रगतिशील हुन्छ । नयाँ पुस्ताका मूल्यमान्यता सही हुन् तापनि पुराना पुस्ताका मनमा ठेस नपुऱ्याईकनै यस्ता द्वन्द्व र छलफलको व्यवस्थापन गर्नुपर्दछ । यस्ता पुराना मत पुरानो अवस्थामा ठीकै हुन् । परिवेश, सांस्कृतिक पृष्ठभूमि आदिका कारणले प्राचीन मतको निर्माण भएको र यस्ता मतहरूको वास्तविक धरातल नभएको कुरामा स्पष्ट पारेर मात्र यस्तो पुस्तागत छलफलको ठीक र उपयुक्त व्यवस्थापन सम्भव हुन्छ । ज्ञाननिर्माणका दृष्टिले पुरानो पुस्ता ज्ञानको भण्डार नै हो । तिनका ज्ञानको भण्डारणलाई सङ्कलन र प्रयोग गर्ने कुरामा पनि शिक्षक सचेत हुनुपर्दछ । मौखिक घटना, अनुभव वर्णन, भाषिक हस्तान्तरण, सामाजिक परिवर्तन, पुराना पद्धति र प्रचलन आदिका बारेको अनुभवलाई सङ्कलन गर्ने, त्यस्ता अनुभव नयाँ पुस्तामा साटासाट गर्ने, नयाँ पुस्तालाई पुरानो पुस्ताप्रति आदर र सद्भाव विकसित गर्ने जस्ता कुरामा सचेत भएर नै पुस्तागत छलफल र व्यवस्थापन उपयुत्त किसिमले गर्न सकिन्छ ।

समाजमा उमेरगत भिन्नतालाई पुस्तागत भिन्नता भनिन्छ । सामान्यतः पुरानो पुस्ता र नयाँ पुस्ताबीच हुने छलफललाई पुस्तागत छलफल भनिन्छ । पुस्तापुस्तामा आउने गरेको भिन्नता र चिन्तनगत फरक विचारलाई पुस्तागत फरक (Generaton gap) भनिन्छ । पुरानो पुस्ताका विचारहरूलाई समूहको ज्ञान प्रसारको महत्वपूर्ण कडीका रूपमा लिनुपर्ने हुन्छ । पुरानो पुस्ताले सिकेका ज्ञान, सीप र अनुभवलाई हस्तान्तरण गर्ने क्रममा नयाँ पुस्ताले त्यस्ता ज्ञान, सीप र अनुभवलाई ग्रहण गर्ने क्षमता निर्माण गर्नुपर्दछ । यसका लागि निम्नलिखित कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ :

१. पुस्तागत छलफल संवादका माध्यमबाट सम्पन्न हुन्छ ।
२. पुस्तागत छलफलमा लोककथा, लोकगीतलगायतका पक्षहरू पनि पर्दछन् ।
३. पुस्तागत छलफलअन्तर्गत हजुरबुबा, बुबा हुँदै हस्तान्तरित ज्ञानलाई छलफलमा ल्याइन्छ । यस्तो ज्ञान, डोको बन्ने कला, झ्याल निर्माण, छानो निर्माण, भाषागत हस्तान्तरण आदि सीपको सिकाइ र प्रस्तुतीकरणका माध्यम विविध हुन सक्छन् । यस्ता सीपहरू खेर नजाऊन् र कक्षाकोठामा समेत प्रयोग गर्न सकियोस् भन्ने कुरामा सचेत हुनुपर्छ ।

### (ग) अहम्केन्द्री प्रवृत्ति र यसको व्यवस्थापन

अहम् (ego) मानवीय प्रवृत्ति हो । परिवेश वा वातावरणका कारण मानिसमा अहम्को विकास हुन्छ । अहम् खास सीमासम्म रहनु ठीकै हुन्छ । तर अहम्को चरमले मानिसलाई अप्ठ्यारोमा पार्छ । 'म केही गर्छु' भन्नु अहम् हो र यसले व्यक्तिको विकास गर्न प्रेरकको भूमिका निर्वाह गर्दछ । 'म त्यसलाई देखाएरै छाड्छु, म हरेक कुरामा अगाडि छु, ठीक छु' भन्ने प्रवृत्तिले मान्छेमा द्वन्द्व जन्माउँछ । त्यसैले अहम्को व्यवस्थापन महत्वपूर्ण हुन्छ । अहम्को व्यवस्थापन दुई तहमा गर्न सकिन्छ : व्यक्तिगत र सामूहिक । अहम्को व्यक्तिगत व्यवस्थापनमा आत्मबोध महत्वपूर्ण हुन्छ भने सामूहिक व्यवस्थापनमा समूह छलफल, आलोचना, आत्मालोचना, गोष्ठी, प्रवृत्तिगत पक्षका विषयमा सामूहिक छलफल र आत्मसमीक्षा जस्ता पक्षहरू महत्वपूर्ण हुन्छन् । शिक्षक, विद्यार्थी र समूहमा पाइने अहम्को व्यवस्थापन गर्ने सीप विकास गर्न व्यक्तिको क्लिनिकल अध्ययन पनि प्रभावकारी हुन्छ । कुन व्यक्ति/विद्यार्थीमा कस्तो प्रकतिको अहम् विद्यमान छ भन्ने कुराको अध्ययन गरी उसलाई परामर्श (counseling) का माध्यमबाट ठीक अवस्थामा पुऱ्याउने पद्धतिलाई पनि अहम् व्यवस्थापनमा उपयोग गर्न सकिन्छ ।

अहम् (ego) केन्द्री प्रवृत्ति मूलत: मनोवैज्ञानिक प्रवृत्ति हुन् । सामाजिक, पारिवारिक लगायतका कारणहरूले गर्दा मानिसमा अहम् र आत्मकेन्द्री ग्रन्थिको विकास हुन्छ । दुवै प्रवृत्ति व्यक्ति तथा समाजका लागि हानिकारक हुन्छन् । अहम्केन्द्री प्रवृत्तिको मानिस अरूलाई नगन्ने, आफूलाई अरूभन्दा माथि ठान्ने, सानो द्वन्द्वमा पनि अरूप्रति आलोचक बन्ने विशेषताबाट गुज्रिएको हुन्छ । आत्मकेन्द्री अवस्था अहम्को ठीक उल्टो अवस्था हो । यसले अरूलाई नभएर आफैँलाई हीन ठान्छ । कक्षामा बोल्न डराउने, लजाउने, आफू कमजोर भएको महसुस गर्ने विशेषता यस्तो प्रवृत्ति भएको विद्यार्थीमा पाइन्छ ।

अहम्केन्द्री र आत्मकेन्द्री दुवै प्रवृत्ति सामाजिक, सांस्कृतिक, आर्थिक कारणबाट सिर्जना हुन्छ । दलित परिवार, बालिका आदिमा हीनभावना बढी हुन्छ । गरिब बालबालिकामा पनि यस्तो अवस्था आउँछ । माथिल्लो जात भनिने धनी तथा मनोवैज्ञानिक समस्या भएका बालबालिकामा अहम् प्रवृत्ति पाइन्छ । यस्ता बालबालिकाको व्यवहारमा सुधार गर्न परामर्श सीपको आवश्यकता पर्दछ । असल परामर्शदाताको भूमिका शिक्षककै हुन्छ । शिक्षकले यस्ता बालबालिकाको अवस्था अध्ययन (case study) गरी त्यस्तो अवस्था उत्पन्न हुने कारणको पहिचान गर्नुपर्दछ र उसको मनोवैज्ञानिक उपचार गर्नुपर्दछ । मनोवैज्ञानिक उपचारका लागि उसका मनका सहज भावलाई बाहिर प्रकटीकरण गर्न लगाई उन्मुक्त पार्नुपर्छ र त्यसपछि उससँग आत्मीयता, सामीप्यता तथा सद्भाव प्रस्तुत गरी समस्याको निराकरण गर्नुपर्दछ । ठीक समयमा ठीक किसिमले उपचार नभए अहम्केन्द्री र आत्मकेन्द्री दुवै मनोरोगी हुन सक्छन् । उनीहरूलाई युगलकार्य, समूहकार्य गर्न लगाएर पनि स्वाभाविक दिशामा ल्याउन सकिन्छ ।

### (घ) आत्मकेन्द्री/हीन प्रवृत्तिको व्यवस्थापन

अहम् प्रवृत्तिको ठीक उल्टो प्रवृत्ति हीनत्व प्रवृत्ति हो । यस्तो प्रवृत्तिमा व्यक्तिमा निराशा व्याप्त हुन्छ । उसले आफूलाई केही गर्न नसक्ने, लाछी र काँतर ठान्दछ । यस्तो प्रवृत्तिको व्यवस्थापनमा पनि परामर्श महत्वपूर्ण हुन्छ । व्यक्तिमा रहेको हीनभावना उच्छेद गर्नका लागि परामर्श, छलफल, संवाद तथा आत्मबल प्रदान गरी यस्तो प्रवृत्तिको व्यवस्थापन गर्नुपर्दछ ।

### (ङ) परामर्श सीपहरू

परामर्शको तात्पर्य सल्लाह हो । सल्लाह तीन किसिमले प्रदान गर्न सकिन्छ :

कुनै पनि व्यक्ति वा विषयका बारेमा ज्ञान हुने व्यक्तिले विशेषज्ञ वा त्यस विषयको ज्ञाताले दिने सल्लाहलाई परामर्श भनिन्छ । शिक्षक पनि परामर्शदाता हो । समाजमा उसले समुदाय, विद्यार्थी, अभिभावक, आदिलाई परामर्श प्रदान गर्दछ । परामर्शदाताले परामर्श दिँदा परामर्शीका समस्या, तिनका जटिलता आदिमा विचार पुऱ्याएर परामर्श प्रदान गर्नुपर्दछ । परामर्श सल्लाह मात्र हो त्यसैले परामर्श दिँदा कुनै पनि दबाब दिनु हुँदैन । परामर्श छलफल, अन्तर्क्रिया, अभिमुखीकरण आदिका माध्यमबाट प्रदान गर्नुपर्दछ ।

कुनै पनि विषय वा व्यक्तिका बारेमा निर्णय गर्न परामर्शको आवश्यकता पर्दछ । परामर्शमा सर्वप्रथम सम्बन्धित व्यक्ति वा विषयका समस्याका बारेमा छलफल गर्नुपर्छ । समस्याको वर्णन गर्ने वा गर्न लगाउने, समस्याको कारण खोज्ने, परामर्शको लक्ष्य निर्धाण गर्ने, समस्याको वैकल्पिक समाधान खोज्ने जस्ता कार्य गरी परामर्श कार्य सम्पन्न गर्न सकिन्छ ।

(क) प्रत्यक्ष सुझाव दिएर : तिमीले वर्णविन्यासमा प्रशस्त गल्ती गर्ने गरेका छौ, त्यसलाई हटाउने प्रयास गर्नै पर्छ ।

(ख) अप्रत्यक्षरूपमा सुझाव प्रस्तुत गरेर: तिम्रो लेखन त निकै राम्रो छ तर तिमीले गरेका केही गल्ती मैले पत्ता लगाएको छु । त्यसमध्ये वर्णविन्यास गल्ती पनि एक हो ।

(ग) परामर्श र कार्यगत अनुसन्धान गर्न लगाएर : तिमीले पहिले आफूले गर्ने वर्णविन्याससम्बन्धी गल्ती पत्ता लगाऊ । त्यसपछि कहाँकहाँ गल्ती हुँदो रहेछ त्यसमा सुधार गर । तिमीलाई यस्तो प्रक्रिया कस्तो लाग्छ ?

### (च) बाह्य साधनहरूको उपयोग गर्ने सीपहरू

बाह्य साधन भन्नाले विद्यालयबाहिरबाट विद्यालयका लागि उपयोग गरिने साधन भन्ने बुझिन्छ । विद्यालयबाहिरका साधन भन्नाले विद्यालयबाहिरका व्यक्ति, समुदाय जो शिक्षा र समाजसेवासँग सम्बद्ध छन् तिनलाई बुझ्नुपर्दछ । शिक्षकले विद्यालयको हितका लागि विद्यालयबाहिर साधनहरूको उपयोग गर्नुपर्दछ । यसका लागि समुदायको परिचालन गर्ने सीप आवश्यक पर्दछ ।

व्यक्तिको ज्ञान प्रवाह गर्ने पद्धति व्यक्तिगत प्रकृतिको हुन्छ । प्रवचन, व्याख्यान, अवलोकन आदिबाट व्यक्तिले आफ्नो ज्ञानको प्रवाह गर्दछ ।

शिक्षासँग सम्बद्ध व्यक्ति वा संस्था भन्नाले शिक्षाशास्त्री, जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, समुदाय आदि पर्दछन् । यस्ता व्यक्ति वा संस्थाले ज्ञान प्रवाह गर्दा पाठ्यक्रमभन्दा भिन्न ज्ञानलाई पनि प्रवाहित गरेका हुन्छन् । यसलाई शिक्षाशास्त्रमा अप्रत्यक्ष पाठ्यक्रम भनिन्छ । भिगोत्स्कीका अनुसार व्यक्तिगत रूपमा ज्ञान प्रवाहीकरणका तीन पद्धति छन् :

१. **अन्तर्वैयक्तिक** : यसमा सीपगत सिकाइ, वादविवाद, छलफल, अन्तर्क्रिया आदि पर्दछन् ।

२. **व्यक्तिविशेष** : यो अरूको अवलोकन र आफ्नो अनुभवका आधारमा ज्ञान प्रवाह गर्ने पद्धति हो ।

३. **सामाजिक, सांस्कृतिक** : यो सामाजिक-सांस्कृतिक सन्दर्भमा संस्कृतिले स्विकारेका तथ्यका आधारमा परामर्शमूलक, अन्तर्क्रियात्मक रूपमा ज्ञान प्रवाह गर्ने पद्धति हो ।

त्यसैगरी सामूहिक रूपमा ज्ञान प्रवाह गर्दा सामुदायिक पद्धति बढी प्रभावकारी हुन्छ । यस पद्धतिमा पनि अन्तर्क्रिया, छलफल, संवाद आदि विधिको प्रयोग गरिन्छ ।

**(छ) नेपाली भाषाशिक्षणमा समाजका विभिन्न समूहका ज्ञानको उपयोग**

नेपाली भाषाशिक्षण सिकाइमा समाजका विभिन्न समूहको ज्ञानलाई उपयोग गर्ने कुरा महत्वपूर्ण रहेको छ ।

कक्षामा विभिन्न समुदायका विद्यार्थी आएका हुन्छन् । यिनले आर्जनगर्ने पुस्तैनी ज्ञानको प्रक्रिया भिन्नभिन्न रहेको हुन्छ । विद्यार्थीबाट प्राप्त हुने यस्ता ज्ञानको उपयोग भाषाशिक्षणका लागि उपयोगी हुन्छ । भाषाका संरचना खुट्याउन उदाहरण प्रस्तुत गर्न र समाज भाषाको अध्ययन गर्न विभिन्न समूहका ज्ञानलाई उपयोग गर्न सकिन्छ । यसले शब्दभण्डार वृद्धि र त्रुटि निराकरणमा पनि त्यत्तिकै सहयोग पुऱ्याउँछ ।

६. **आत्ममूल्याङ्कन**

समाजका विभिन्न समूहको ज्ञानको प्रस्तुत गर्ने विषयमा तपाईंलाई अनुभूत भएका कुराहरू केके हुन् ? टिपोट गर्नुहोस् ।

# एकाइ – दुई

१. **शीर्षक** : (क) कक्षाकोठामा सहयोगी सिकाइको प्रयोगका तरिका र विद्यालयीय सिकाइ सिद्धान्तहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षाकोठामा सहयोगी सिकाइको प्रयोगका तरिकाहरूको उपयोग गर्न

(ख) शिक्षासँग सम्बद्ध विभिन्न संस्था र व्यक्तिबाट व्यक्तिगत र सामूहिक रूपमा ज्ञान प्रवाहीकरण गर्ने पद्धति पहिचान गर्न

(ग) शिक्षण र सिकाइ आदानप्रदानका विभिन्न पद्धतिहरूको उपयोग गर्न

(घ) नेपाली भाषाशिक्षणका कक्षामा सहयोगी सिकाइको उपयोग गर्न

(ङ) विद्यालयीय सिकाइ सिद्धान्तहरूको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) सहयोगी सिकाइको प्रयोगका तरिका

(ख) विद्यालयीय सिकाइका सिद्धान्तहरू

४. **पूर्वसिकाइ धारणा** :

शिक्षक मित्र ! यस सत्रको विषयवस्तुमा प्रवेश गर्नुअघि निम्नलिखित प्रश्नहरूमा आफ्नो पूर्वधारणा निर्माण गर्नुहोस् त !

(क) तपाईंको विद्यालय/समुदायमा शिक्षासँग सम्बद्ध व्यक्ति र संस्थाबाट ज्ञानको प्रवाहीकरण कसरी गर्नुहुन्छ ?

(ख) शिक्षण र सिकाइ आदानप्रदानका विभिन्न पद्धतिहरू केके हुन् ?

(ग) नेपाली भाषाशिक्षणका कक्षामा सहयोगी सिकाइको उपयोग कसरी गर्नुहुन्छ ?

(घ) विद्यालयीय सिकाइ सिद्धान्तहरू केके हुन् र तिनलाई नेपाली भाषाशिक्षणमा कसरी उपयोग गर्नुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

सहपाठी सिकाइ भन्नाले एक व्यक्तिले अर्को व्यक्तिबाट सिक्ने पद्धति भन्ने बुझिन्छ । शिक्षामा समाजिकीकरणको महत्वपूर्ण भूमिका हुन्छ । सहपाठी सिकाइ पनि एक किसिमको सामाजिकीकरणकै प्रक्रिया हो । समुदायमा रहने शिक्षासँग सम्बद्ध व्यक्ति वा संस्थाका ज्ञानको प्रवाहीकरणका दुई पद्धति पाइन्छन्- सामूहिक र व्यक्तिगत । शिक्षकले आफ्नो ज्ञान विद्यार्थीलाई दिए जस्तै समूहले पनि व्यक्ति वा समूहलाई ज्ञानको प्रवाहीकरण गर्दछ । समूहको ज्ञान प्रवाहीकरण, छलफल, अन्तर्क्रिया, गोष्ठी, संवाद आदिका माध्यमबाट हुन्छ ।

**(क) शिक्षण र सिकाइ आदान-प्रदानका विभिन्न पद्धतिहरूको उपयोग**

शिक्षणसिकाइ व्यक्तिगत प्रक्रिया नभई सामूहिक प्रक्रिया हो । यसमा विभिन्न पद्धतिद्वारा एक अर्काबीच आदानप्रदानको प्रक्रिया सम्पन्न हुन्छ । ती पद्धतिहरू यसप्रकार छन् : (१) छलफल, (२) अन्तर्क्रिया (३) अवलोकन (४) प्रश्नोत्तर ।

### (ख) नेपाली भाषाशिक्षणका कक्षामा सहपाठी सिकाइको उपयोग

बहुसांस्कृतिक र बहुभाषिक विशेषता भएका नेपाली भाषाशिक्षणका कक्षामा सहपाठी सिकाइको उपयोगले शिक्षण र सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । बहुभाषिक कक्षामा शब्दभण्डार, वाक्यगठन, विधा शिक्षण, व्याकरण शिक्षण आदिमा सहपाठी सिकाइका माध्यमबाट शिक्षणलाई उपयोगी र उपलब्धिमूलक बनाउन सकिन्छ । उदाहरणका लागि गुम्बाका बारेमा बौद्ध धर्मालम्बीले जति राम्ररी बताउन सक्छ त्यति हिन्दूले सक्तैन । त्यस्तै छठका विषयमा तराईवासी बालबालिककाले राम्ररी भन्न सक्छन् । त्यस्तै नेपाली मातृभाषाी बालबालिकाले नेपालीको उच्चारण र प्रयोग ठीक किसिमले सिकाउन सक्छन् । यसबाहेक आपसी छलफल, अन्तर्क्रिया, संवाद, वक्तृता, वादविवाद जस्ता क्रियाकलापबाट भाषिक अन्तर्मिश्रण हुन गई सहपाठी सिकाइ प्रभावकारी बन्न जान्छ । यसका लागि शिक्षकमा समूह निर्माण र शिक्षण, युगल शिक्षणलगायतका सहपाठी शिक्षणपद्धतिको ज्ञान हुनु आवश्यक हुन्छ ।

### (ग) विद्यालयीय सिकाइ सिद्धान्तहरू

यस शीर्षकका लागि सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक तह दोस्रो मोडुल दूरशिक्षामा आधारित पेसागत विकासको सम्बन्धित पाठ अध्ययन गर्नुहोस् ।

## ६. आत्ममूल्याङ्कन

शिक्षक मित्र ! ज्ञान प्रवाहका पद्धतिका विषयमा थाहा पाउनुभयो ? त्यसैगरी सिकाइ सिद्धान्त र तिनको प्रयोग पनि अध्ययन गर्नुभयो । के तपाईंलाई अझै कुनै समस्या छ ? छ भने त्यस विषयमा छलफल गरी अरू स्पष्ट हुनुहोस् र अधिल्लो सत्रमा प्रवेश गर्नुहोस् ।

# एकाइ – दुई

१. **शीर्षक** : बहुविध बौद्धिकताको धारणा

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. बहुविध बौद्धिकताका निम्नलिखित धारणाहरूको बोध गरी भाषाशिक्षणमा तिनको प्रयोग गर्न

(क) तार्किक/गणितीय बौद्धिकता

(ख) शाब्दिक/भाषिक बौद्धिकता

(ग) अन्तर्वैयक्तिक बौद्धिकता

(घ) वैयक्तिक/व्यक्तिविशेषको बौद्धिकता

(ङ) दृश्यात्मक/विशिष्ट बौद्धिकता

(च) शारीरिक/गतिबोधक बौद्धिकता

(छ) साङ्गीतिक/लयात्मक बौद्धिकता

३. **विषयवस्तु** :

बहुविध बौद्धिकताको धारणा

४. **पूर्वसिकाइ धारणा** :

बहुविध बौद्धिकताका बारेमा तपाईंले कस्तो सोचाइ राख्नुभएको छ ? टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

बहुविध बौद्धिकता (Multiple Intelligences) को अवधारणा सिकाइ शैलीसँग सम्बन्धित छ । शिक्षार्थीका निजी विशेषताका आधारमा शिक्षक आफ्नो सिकाइ शैलीमा सचेत हुनुपर्दछ । विद्यार्थीको सिकाइ विशेषताको भिन्नतालाई नै बहुविध बौद्धिकता भनिन्छ ।

शिक्षार्थीका सिकाइमा समानता र भिन्नता हुन्छन् । रूचिपूर्ण सिकाइ र कार्यले विद्यार्थीमा मनोवैज्ञानिक रुचि पैदा गर्छ जसलाई 'न्युरो लिङ्विस्टिक कार्यक्रम' भनिन्छ । १९७० पछि प्रचलित यस पद्धतिले मस्तिष्क र भाषाको सम्बन्ध तथा यसको सम्बन्ध व्यवहारसँग कसरी छ भन्ने कुरालाई देखाएको छ । अर्थात् मस्तिष्क र भाषाको निकट सम्बन्ध भए पनि उपयुक्त व्यवहारको अभावमा मान्छेको ज्ञान (भाषा) विकसित हुन सक्दैन । त्यसैले शिक्षणमा दृश्यात्मक, श्रवणात्मक, गतिमयता, साङ्गीतिकता, तार्किकता जस्ता बहुविध पक्षको उपयोग हुन आवश्यक हुन्छ । यी कुराहरूको प्रयोगले नै शिक्षार्थीको सिकाइमा विकास र प्रगति गर्न सकिन्छ । यसले विद्यार्थीमा असाधारण क्षमताको विकास गराउँछ र उनीहरू हरेक धारणालाई नयाँ ढङ्गले ग्रहण गर्न सक्ने हुन्छन् । यसबाट उनीहरू 'रङलाई सुन्ने, ध्वनिलाई देख्ने, समयको स्वाद लिने र गन्धलाई स्पर्श गर्न सक्ने हुन्छन्' भन्ने धारणा बर्मनको छ । बर्मनले आठ किसिमका बौद्धिकताको वर्णन गरेका छन् ।

१. **भाषिक/शाब्दिक बौद्धिकता** : शब्दभण्डार राम्रो हुने, पढ्न मन पराउने, कथाबाट छिटो सिक्न सक्ने र शब्दजालमा रमाउने शिक्षार्थी यस क्षमताको हुन्छ । यस्ता विद्यार्थीलाई शब्द खेल, पढाइ खेल, लेखाइ प्रतिस्पर्धा, कथाकथन, हेर र भन, भूमिका निर्वाह गर, शब्दार्थको जोडा मिलाऊ जस्ता क्रियाकलाप दिनु उपयुक्त हुन्छ ।

२. **तार्किक/गणितीय बौद्धिकता** : कम्प्युटर सजिलै सिक्न र चलाउन सक्ने, समस्या समाधान गर्न सक्ने, वर्गीकरण गर्न, क्रम मिलाउन र श्रेणी मिलाउन रुचि लिने विद्यार्थीहरू यस वर्गमा पर्दछन् । यस्ता विद्यार्थीलाई शब्दजाल (word puzzle), पढाइ जाल (reading puzzle) तार्किक समस्या समाधान, कम्प्युटर खेल, अङ्क खेल, वर्गीकरण, श्रेणीकृत क्रम मिलाउने जस्ता क्रियाकलापबाट शिक्षण गर्नुपर्ने हुन्छ ।

३. **अन्तर्वैयक्तिक बौद्धिकता** : समूहकार्य, युगलकार्य जस्ता क्रियाकलापहरू र अन्तर्वार्ता, सर्वेक्षण तथा खेलहरूबाट राम्ररी सिक्ने शिक्षार्थी अन्तर्वैयक्तिक बौद्धिता भएको शिक्षार्थी हो । यस्ता शिक्षार्थीका लागि युगलकार्य, समूहकार्य, मस्तिष्कमन्थन, संवाद, अन्तर्वार्ता, सर्वेक्षण जस्ता क्रियाकलापहरूको प्रयोग गरी शिक्षण सिकाइ गरेमा राम्ररी सिक्न सक्ने हुन्छ ।

४. **वैयक्तिक/व्यक्तिविशेषको बौद्धिकता** : जो विद्यार्थी आत्मसमीक्षा गर्न र आत्मप्रतिबिम्वनमा रूचि राख्छ, आफ्ना गल्तीबाट सिक्दा रमाउँछ, आत्ममूल्याङ्कन, अभ्यास, डायरी पढ्न र व्यक्तिगत सिकाइ, परियोजना कार्य र प्रस्तुतीकरण तथा सिर्जनात्मक लेखनमा रुचि राख्छ त्यस्तो विद्यार्थी वैयक्तिक बौद्धिकता भएको विद्यार्थी हो । यस विद्यार्थीलाई डायरी पढ्न दिने, प्रतिबिम्वन, सिर्जनात्मक लेखन, परियोजना कार्य, वैयक्तिक लक्ष्य निर्धारण जस्ता क्रियाकलापबाट राम्रो सिकाइ गर्न सकिन्छ ।

५. **दृश्यात्मक/विशिष्ट बौद्धिककता** : जुन शिक्षार्थी चित्र बनाएर, तिनको प्रयोग गरेर, चार्ट, म्याप, डायग्रामको प्रयोग गरेर र शब्द चित्र वा मनोपूर्णता (Completing mind) का माध्यमबाट राम्ररी सिक्दछ त्यस्तो शिक्षार्थी दृश्यात्मक बौद्धिकता भएको शिक्षार्थी हो । यस्तो शिक्षार्थीले आकार जाल (shape puzzle), मनोचित्र (mind maps), चित्र निर्माण, दृश्यात्मक, डायग्राम, नक्सा निर्माण, भिडियो आदिबाट राम्ररी सिक्न सक्दछन् ।

६. **शारीरिक/गतिबोधक बौद्धिकता** : जुन शिक्षार्थीले गतिशील विषय, आकर्षक र रुचिपूर्ण तरिका (जस्तै: अभिनयात्मक गायन, खेल आदि) बाट सिक्दछ त्यस्तो शिक्षार्थी शारीरिक/गतिबोधक बौद्धिकता भएको शिक्षार्थी हो । यस्ता शिक्षार्थीलाई पूर्ण भौतिक प्रतिक्रिया (Totoal physical Response), नृत्य, भौतिक क्रियाकलाप, कार्यमूलक गीत, सङ्गीत र खेलहरूको प्रयोग गरी शिक्षण गर्नुपर्दछ ।

७. **साङ्गीतिक/लयात्मक बौद्धिकता** : जुन विद्यार्थीले गीत र सङ्गीतबाट राम्ररी सिक्दछ त्यस्तो विद्यार्थी लयात्मक बौद्धिकता भएको विद्यार्थी हो । यस्ता विद्यार्थीलाई सङ्गीत, गीत र chat को प्रयोग गरी शिक्षण गर्नु उपयुक्त हुन्छ ।

यी विभिन्न बौद्धिकाको प्रयोगका लागि शिक्षकले कक्षामा विविध र पर्याप्त क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यसो गर्नाले विद्यार्थीको सिकाइ क्षमतामा क्रमशः सुधार आउँछ । भौतिक क्रियाकलाप साना विद्यार्थीका लागि मात्र उपयोगी हुने होइन माथिल्ला कक्षाहरूमा पनि स्तरअनुसार यिनको प्रयोग गर्नु राम्रो हुन्छ । विद्यार्थीलाई तपाईंले जति धेरै र विविध क्रियाकलाप गराउनुहुन्छ, त्यति नै सबै विद्यार्थीले सहजरूपमा सिक्ने वातावरण तयार हुन्छ ।

६. **आत्ममूल्याङ्कन**

शिक्षक मित्र ! तपाईंले केके कुरा सिक्नुभयो, आफ्नो कापीमा नोट गर्नुहोस् र स्पष्ट नभएको विषयमा छलफल गरी स्पष्ट हुने प्रयास गर्नुहोस् ।

एकाइ - तीन

# पेसागत क्षमताको विस्तार

१. **शीर्षक** : अभिलेखीकरणको परिचय, महत्व र अभिलेखीकरण प्रक्रिया

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अभिलेखीकरणको परिचय दिन

(ख) अभिलेखीकरणको महत्व ग्रहण गर्न

(ग) व्यक्तिगतरूपमा अन्तर्निहित/अरूबाट प्राप्त भएका र आर्जित सिकाइको अभिलेखीकरण गर्ने तरिकाहरूको जानकारी प्राप्त गर्न

३. **विषयवस्तु** :

(क) अभिलेखीकरणको परिचय र महत्व

(ख) व्यक्तिगतरूपमा अन्तर्निहित/अरूबाट प्राप्त भएका र आर्जित सिकाइको अभिलेखीकरण

४. **पूर्वसिकाइ धारणा** :

सहभागी मित्र ! तपाईंको सिकाइ अनुभवका आधारमा सर्वप्रथम निम्नलिखित प्रश्नको जवाफका लागि बुँदा टिपोट गर्नुहोस् :

(क) अभिलेखीकरण (Documentation) भनेको के हो ?

(ख) अभिलेखीकरण के कसरी गर्न सकिएला ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) अभिलेखीकरणको परिचय**

शिक्षक मित्रहरू ! म काम विशेषले पूर्ण प्रकाश नेपाल यात्री गुरुकहाँ पुगेको थिएँ । उहाँ त पूरा नेपाल यात्रा गरेर नेपाली भाषा साहित्यको सेवा गर्ने मानिस । अनि नेपाली भाषाको आजसम्म प्राप्तमध्ये वि.सं. १०३८ को भूपाल दामुपालको समयको दुल्लु शिलालेख उहाँले नै प्रकाशमा ल्याउनुभएको प्रसङ्ग आयो । अनि उहाँले उक्त दुल्लुको शिलालेखको नमुना देखाउनुभयो । त्यसको व्यहोरा यस्तो थियो :

ॐ ....... मणि पद्मे हुँ । ............. दामुपाल भूषाल रेख भई । किष्णु अडैको भाइ सउपाल अडै सा (के ?) संवत् ९०३ ।

अर्को दिन एकजना साथी भेट्न पुरातत्व विभागअन्तर्गतको राष्ट्रिय अभिलेखालय, सिंहदरबार, रामशाह पथमा पुगेको थिएँ । त्यहाँ त हाम्रा पुराना सबै खाले अभिलेखहरूलाई अभिलेखीकरण गर्दै सुरक्षित र व्यवस्थित रूपमा राख्ने गरेको देखें । त्यहाँ पुरानापुराना शिलालेख, ताम्रपत्र, ताडपत्र, कनकपत्र, भोजपत्र, ऐतिहासिक दस्तावेज, ग्रन्थ, ऐतिहासिक पुरातात्विक महत्वका थुप्रै वस्तुहरू, पुस्तकहरू, कलाकौशल, मूर्ति, विभिन्न प्रकारका प्राचीनतम नमुनाहरू अभिलेखका साथ व्यवस्थित गरेको पाएँ ।

अर्को कुनै दिन पाठ्यक्रम विकास केन्द्रबाट नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको ऐतिहासिक अध्ययन गर्ने कार्यको सिलसिलामा मदन पुरस्कार गुठीअन्तर्गतको मदन पुस्तकालय पुगेँ । मैले सुनेको थिएँ - त्यहाँ पुरानापुराना अभिलेख, कृति, पुस्तक, पत्रपत्रिका र प्राचीन पुरातात्विक महत्वका ग्रन्थ आदि अभिलेखीकरण राखिएको छ भनेर । त्यसैले नेपाली भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको इतिहास खोतल्न मैले क्याटलग एवम् त्यहाँको अभिलेखका आधारमा थुप्रै नयाँ कुरा टिप्न पाएँ । यसले पनि मलाई अभिलेखको महत्वका बारेमा थप जानकारी प्राप्त हुनुका साथै मेरो सिकाइकार्यमा समेत सहयोग पुऱ्यायो । त्यसै सिलसिलामा मैले बालकृष्ण पोखरेलले सम्पादन गर्नुभएको पाँचसय वर्ष र मोहन खनालको मध्यकालीन अभिलेख पुस्तकको अध्ययनबाट पनि प्राचीन अभिलेख, ग्रन्थ, आदिबाट पछिल्लो पुस्तालाई प्राप्त हुने सूचना, जानकारी महत्वपूर्ण भएको पाएँ ।

मेरो आफ्नो बाल्यकालका भोगाइ सम्झँदा, मेरा हजुरबा हजुरआमा र बुबाआमाबाट सुन्ने पौराणिक कथा, दन्त्य कथा, प्राचीन कर्खा, गाथा, लोकगीत, लोकगाथा, लोककथा एवम् मैले प्रत्यक्ष देख्ने गरेका लोकनाट्य परम्परा (रामायण बालुन, कृष्णलीला, सोरठी बालुन, चुड्का भजन, जात्रा, आदि) का माध्यमबाट पनि विभिन्न अनुभव र भावनाहरू मभित्र सङ्गृहीत भएका रहेछन् ।

इतिहासका पुराना अभिलेख, शिलालेख, ताम्रपत्र, कनकपत्र, ताडपत्र, भोजपत्र, विविध महत्वपूर्ण ग्रन्थ, ऐतिहासिक दस्तावेज आदिलाई व्यवस्थित रूपमा अभिलेख गर्न आवश्यक हुने रहेछ । यसका अतिरिक्त दैनिक जीवनमा घटेका घटना, अनुभव, गरिएका अनुभूतिहरू, व्यक्तिगत र समूहगत घननाहरूको अभिलेखीकरण गर्न सकिएमा आवश्यकताअनुसार तिनको उपयोग गर्न सकिने हुँदो रहेछ । अभिलेखीकरण गर्न नसकिएमा ऐतिहासिक, पौराणिक पक्षहरू कालान्तरमा लोप हुन जाने, पुर्ख्यौली अनुभवहरू भावी पुस्ताले प्राप्त गर्न नसक्ने र आफ्ना मूल्य, मान्यता, विश्वास र आस्थाहरू सेलाउँदै लोपोन्मुख हुने सम्भावना हुन्छ । तसर्थ यस्तो खतराबाट बच्न र पुस्तौनी सम्पत्तिबाट भावी पिढीँलाई लाभान्वित तुल्याउन हरेक प्रकारका अनुभव र पुराना अभिलेख, गाथा आदिको अभिलेखीकरण आवश्यक हुन्छ ।

**अलिखीकरण के हो ?**

- सामान्य अर्थमा कुनै महत्वका विषयमा लेखिएको, खोपिएको वा कुँदिएको, लेख वा सामग्री वा प्राचीन लेख अथवा कुनै प्रामाणिक लेख वा रेकर्ड वा लेखोटलाई अभिलेख भनिन्छ भने त्यसलाई व्यवस्थित ढङ्गले पछिसम्म पाउन सकिने गरी कुनै कागज, धातु वा कम्प्युटर वा कुनै प्रविधिको उपयोग गरी स्थायीरूपमा टङ्कण, लेखन गरी लिपिबद्ध वा भण्डारण गर्ने कार्य अभिलेखीकरण हो ।
- अभिलेखीकरण कार्यमा पुराना वा ऐतिहासिक महत्वका ग्रन्थ, दस्तावेज, लेख आदि सुरक्षित गर्ने प्रक्रियामात्र नपरी उपलब्ध भएका विविध तथ्याङ्क, सूचना, लिखत, पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, चित्र, तालिका, ग्राफ आदिलाई व्यवस्थित गरी राख्ने प्रक्रिया पनि पर्दछ ।

- आजको ज्ञान र प्रविधिको विस्फोटन भएको वैज्ञानिक समयमा हरेक पाइला पाइलामा प्राप्त हुने हरेक क्षेत्रका सर्वव्यापी तथ्य, तथ्याङ्क, सूचना, ज्ञान, सीप, अनुभवहरूलाई कम्प्युटरको माध्यमबाट व्यवस्थापन गर्ने प्रक्रियालाई पनि अभिलेखीकरण भनिन्छ ।
- महत्वपूर्ण दृश्य, चित्र आदि डिजिटल माध्यमबाट सुरक्षित गर्ने प्रक्रिया पनि अभिलेखीकरण हो ।
- स्तरीय र आवश्यकीय तथ्य, तथ्याङ्क, सूचना आवश्यक पर्नासाथ तत्काल उपलब्ध गर्न सकिने गरी वैज्ञानिक आधुनिक एवम् व्यवस्थित रूपमा सूचनाहरूको टङ्कण, भण्डारण र व्यवस्थितीकरणलाई अभिलेखीकरण भनिन्छ ।
- उपलब्ध पत्रपत्रिका, पुस्तक, दस्तावेज, ग्रन्थ, कागजात आदि जस्ता सामग्रीलाई आधुनिक प्रविधिको उपयोग गरी खोजेको समयमै सहजै उपलब्ध हुन सक्ने गरी दीर्घकालसम्म चिरस्थायी हुने ढङ्गले व्यवस्थितिकीकरण गर्ने प्रक्रियालाई पनि अभिलेखीकरण भनिन्छ ।
- कुनै अध्ययन अनुसन्धानका प्रतिवेदन, अनुसन्धानबाट प्राप्त नतिजा, निष्कर्ष, वैयक्तिक अनुभव, आर्जित अनुभवलाई मूर्तरूप दिई व्यवस्थितरूपले ब्यवस्थापन गर्ने कार्यलाई पनि अभिलेखीकरण भन्न सकिन्छ ।

भाषाशिक्षणका क्रममा पनि व्यक्तिगतरूपमा अन्तर्निहित, अरूबाट प्राप्त र आर्जित सिकाइको अभिलेखीकरण गरी व्यवस्थितीकरण गर्न सकिएमा व्यक्तिको क्षमता विकासमा महत्वपूर्ण सहयोग पुग्न जान्छ ।

**(ख) व्यक्तिगतरूपमा अन्तर्निहित/अरूबाट प्राप्त र आर्जित सिकाइको अभिलेखीकरण प्रक्रिया**

हामीले परम्परागत चिन्तनलाई त्यागी सिकाइ प्रक्रियामा विविधता ल्याउन आवश्यक हुन्छ । हाम्राअगाडि हामीले पुस्तैनी रूपबाट हस्तान्तरित, व्यक्तिगत रूपमा अन्तर्निहित तथा हामी स्वयमले आर्जित सिकाइलाई व्यवस्थित गर्दै अभिलेखीकरण गर्नेतर्फ पनि लाग्नुपर्ने र विद्यार्थीहरूलाई पनि त्यसतर्फ अभ्यस्त बनाउनुपर्ने हुन्छ ।

यस दृष्टिले हामीले भाषाशिक्षणका सन्दर्भमा केकस्ता अभिलेखीकरण प्रक्रिया अवलम्बन गरी सिकाइको अभिलेखीकरण गर्न सकिन्छ त्यसलाई दिगो पार्न सकिन्छ भन्ने सम्बन्धमा सोच्न आवश्यक हुन्छ ।

हामी पूर्वकार्यको समीक्षा, कक्षागत अनुभव, अन्तर्क्रिया, विभिन्न घटना, परिवेश आदिबाट पनि सिकाइको अभिलेखीकरण गर्न सक्छौं । यस्तो अभिलेखीकरणमा मौखिक घटना, इतिहासको अभिलेख, व्यक्तिगत र समूहगत घटनाहरूको अध्ययन, पारस्परिक सूचनाको आदानप्रदान आदिलाई पनि अभिलेखीकरण गर्न सकेमा हाम्रो पेसागत दक्षता विकास गर्दै पेसागत क्षमता विस्तारमा सघाउँछ । मौखिक इतिहास, पौराणिक विषयवस्तु, दन्त्यकथा, पुर्खाका अनुभवहरू, प्राचीन मूल्यमान्यता, संस्कृति, सामाजिक, सांस्कृतिक निधिहरू र आफूभित्र लुकेर मानसपटलमा रहेका अनुभव, ज्ञान, सीप आदिलाई अभिलेखीकरण गरी कक्षाकोठामा तिनको उपयोग गर्न सकेमा शिक्षण सिकाइ प्रक्रिया व्यावहारिक र देशकाल परिवेश सुहाउँदो हुनुका साथै चिरस्थायी हुन सक्दछ । पुर्ख्यौली विधिमा

परामनोवैज्ञानिक अनुसन्धान विधिलगायत चलिआएका र आर्जित सिकाइको अभिलेखीकरणका विविध पक्षका बारेमा हामीले यसै तालिमको दोस्रो मोडुल (पेसागत सीप) को एकाइ तीनमा विस्तृत जानकारी प्राप्त गरिसकेका छौँ । तसर्थ यहाँ अभिलेखीकरणका लागि उपयोग गर्न सकिने अभिलेखीकरण प्रक्रियाका बारेमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**१. मौखिक घटना ⁄ इतिहासको अभिलेखीकरण**

सिकाइको अभिलेखीकरणमा मौखिक घटना वा इतिहास सबैभन्दा महत्वपूर्ण पक्ष हो । हाम्रा बाबुआमा, बाजेबज्यैलगायत पुर्खाहरूका अनुभवका साथै त्यतिखेरका घटना, परिवेश आदिको उपयोग वर्तमान समयमा गर्न सकिने हुन्छ । तर अभिलेखीकरण गर्न नसक्दा त्यस्ता अमूल्य अनुभव तथा घटनाहरू उनीहरूसँगै हराउँदै लोपोन्मुख हुँदै गएका छन् । मौखिक र श्रुति परम्परामा हस्तान्तरित हुँदै आएका घटना ⁄ परिवेश तथा अनुभवहरूलाई अझै पनि अभिलेखीकरण गर्दै राख्न सकेमा तिनलाई सिकाइका महत्वपूर्ण माध्यम बनाउन सकिन्छ । अतीतका महत्वपूर्ण अनुभव, घटनाहरूले हाम्रो आफ्नो चिनारी दिने, आफ्नोपन झल्काउने, आफ्नो अस्तित्व प्रदर्शन गर्दै सिकाइमा मौलिकता प्राप्त हुने हुँदा पराइका अनुभवसँग साक्षात्कार हुन नसक्ने समस्या दूर हुन जान्छ । पूर्वजहरूका अनुभवले हाम्रो सोचाइ, गराइ, भनाइ र सिकाइमा ठूलो परिवर्तन ल्याउन सघाउँछन् । तसर्थ हाम्रा पुर्ख्यौली सम्पत्तिका रूपमा रहेका वा रहने घटना ⁄ इतिहासको अभिलेखीकरण गर्न सकेमा तिनले सिकाइलाई मौलिकता प्रदान गर्नुका साथै सिकाइ प्रक्रियामा सहजता, प्राकृतिकता प्रदान गर्दछन् । त्यस्ता कुरा हाम्रो रगतमा पुस्तैनी रूपमा सञ्चार हुँदै आउने भएकाले तिनका माध्यमबाट हुने सिकाइ प्रक्रिया स्वाभाविक र ज्यादै सहज बन्न जान्छ । यसले हाम्रो आफ्नो स्वत्व कायमै राख्दछ । तसर्थ हामीले हाम्रा पूर्वजहरूबाट हस्तान्तरण हुँदै आएका मौखिक घटना, परिवेश वा इतिहासका पक्षहरूलाई अभिलेखीकरण गरी तिनलाई सिकाइ प्रक्रियामा आवद्ध गर्न आवश्यक हुन्छ । मौखिक घटना ⁄ इतिहासको अभिलेखीकरण गर्ने केही उपाय यसप्रकार हुन सक्दछन् :

- बूढा पुराना, अनुभवी, जेष्ठ नागरिक, पितापुर्खाबाट मौखिक रूपमा हस्तान्तरित घटना वा इतिहासलाई लिपिबद्ध गर्ने, रेकर्डिङ गर्ने ।
- बूढा पुरानाहरूलाई सोधपुछ गर्ने, अन्तर्वार्ता लिने, समूहकार्य गराउने र प्राप्त राम्रा अनुभव अभिलेखीकरण गर्ने ।
- विद्यार्थीहरूलाई आफ्ना बुबाआमा, हजुरबा हजुरआमा वा आफ्नो समुदायका वृद्ध र अनुभवीहरूका अनुभव मौखिक घटना सङ्कलन गर्न लगाई छलफल गराउने ।
- विद्यार्थीहरूलाई व्यक्तिगत तथा समूहगत रूपमा परियोजना कार्य, अध्ययनभ्रमण, प्रयोगात्मक कार्य आदि दिई मौखिक इतिहाससम्बन्धी अभिलेखन गर्न लगाउने ।
- प्राप्त अभिलेखनलाई छलफल, परिमार्जन गरी लिपिबद्ध गर्ने वा माइक्रोफिल्म तयार गरी सुरक्षित राख्ने ।

**२. पूर्वकार्यको अभिलेखीकरण**

विद्यार्थीहरूको सिकाइलाई वास्तविक रूपमा जीवन्तता प्रदान गर्न, व्यावहारिकता प्रदान गर्नका लागि खालि पाठ्यपुस्तकमात्र अध्ययन गर्ने परिपाटीबाट मुक्त पार्न सम्बन्धित विषयवस्तुसँग मेल खाने वा सिकाइ प्रक्रियाका लागि उपयोगी सिद्ध हुने पूर्वकार्यहरूको समीक्षा गर्दै त्यसबाट प्राप्त उपयोगी कुराहरूको अभिलेखीकरण गर्न आवश्यक हुन्छ । पूर्वकार्यका रूपमा छरिएर रहेका अनुभव, निष्कर्ष र उपयोगी सामग्रीलाई आफ्नो आवश्यकता अनुकूल छानबिन गरी समीक्षा गरेर एकीकृत गरी अभिलेखन गर्न सकेमा सिकाइ प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्दछ । विभिन्न अध्ययन अनुसन्धानका क्रममा निकालिएका निष्कर्ष, सुझावहरूलाई आफ्नो विषयवस्तु वा सिकाइक्षेत्रअनुकूल अभिलेखन गर्न सकेमा तिनले सिकाइलाई सहजता, आधिकारिकता र पूर्णता प्रदान गर्न सघाउँछन् । पूर्वकार्यको अभिलेखीकरण निम्नानुसार गर्न सकिन्छ :

- आफ्नो विषय क्षेत्र/सिकाइ क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धानका निष्कर्षहरूलाई स्वीकृत गर्ने,
- सङ्कलन, पूर्वअनुभव/पूर्वकार्यहरूको पुनरावलोकन गर्ने,
- सम्बन्धित साहित्यहरूको/पूर्वकार्यहरूको पुनरावलोकन गरी तिनीहरूलाई आफ्नो अनुकूल अभिलेखन गर्न निश्चित ढाँचाको उपयोग गर्ने,
- प्राप्त उपयोगी अनुभव वा निष्कर्षहरूलाई सिलसिलाबद्ध ढङ्गले आफ्नो विषयवस्तु सिकाउन उपयोगी ढाँचामा ढाल्ने,
- विद्यार्थीहरूलाई पूर्वकार्य वा पूर्वसाहित्यको अध्ययन, तुलना, वर्गीकरण, विश्लेषण र निष्कर्ष निकालेर आवश्यकताअनुसार अभिलेखन गर्न लगाउने,
- अभिलेखीकरणलाई आवश्यकताअनुसार उपयोग गर्ने ।

**३. अनुभवहरूको अभिलेखीकरण**

शिक्षण सिकाइ प्रक्रियामा खाली कोरा ज्ञान वा अरूद्वारा थोपरिएका ज्ञानमात्र उपयोगी हुँदैनन् । गतिशील र जीवन्त सिकाइका लागि सिकाइ अनुभवहरूको उपयोग आवश्यक हुन्छ । यस्ता अनुभवहरू विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै :

- आफूभन्दा जेष्ठ अनुभवी नागरिकहरूबाट,
- नागरिक समाजबाट,
- समुदाय/समाजबाट,
- परिवार वा पारिवारिक वातावरणबाट,
- विद्यालयीय वातावरणबाट,
- सरकारी/गैरसरकारी सङ्घसंस्थाबाट,
- स्वअनुभव वा आफ्ना निजी अनुभवबाट,
- आफ्ना पूर्वजहरू : बुबा, बाजे, बज्यै र आमाहरूबाट,
- विभिन्न गोष्ठी, सेमिनार, छलफल अन्तर्क्रिया कार्यक्रमबाट,
- आफूभन्दा अघिल्लो पिँढीबाट,
- विभिन्न पूर्वप्रयोगात्मक कार्यहरूबाट,

- पुस्तकालयीय अध्ययनबाट,
- इमेल, इन्टरनेट, वेभसाइट आदिको उपयोगबाट,
- विभिन्न सञ्चार माध्यममा व्यक्त विचारहरूबाट,
- पौराणिक ऐतिहासिक ग्रन्थ, गाथा आदिबाट ।

यसरी विविध स्रोतबाट प्राप्त हुने पूर्वअनुभवहरूलाई अभिलेखीकरण गरी सुरक्षित गर्न सकेमा आफूलाई चाहिएको विषय वा सिकाइ क्षेत्रअनुसार तिनको उपयोग गरी सिकाइ प्रक्रियालाई व्यावहारिक र उपयोगी बनाउन सकिन्छ । यसरी अभिलेखीकरण गर्ने कार्य शिक्षक, विद्यार्थी दुवैबाट आआफ्नो तहमा हुनुपर्दछ ।

**४. व्यक्तिगत र समूहगत घटनाहरूको अध्ययनको अभिलेखीकरण**

घटना अध्ययन (Case Study) का माध्यमबाट बालबालिकको सर्वाङ्गीण पक्षहरूको आँकलन गर्न सकिन्छ । घटना अध्ययनलाई दुईरूपमा लिन सकिन्छ । मूल्याङ्कन साधनका रूपमा र घटना विशेष दिई विद्यार्थीलाई त्यसको अध्ययन गर्न लगाउने शिक्षण विधिका रूपमा ।

विद्यार्थीहरूका वैयक्तिक अध्ययनका आधारमा गरिने घटना अध्ययनले विद्यार्थीको आन्तरिक जीवन, उसका इच्छा र अभिलाषा, उसका भावना, चाहना, कुण्ठा, नैराश्यता, द्वन्द्व संवेग जस्ता मानसिक, सामाजिक, बौद्धिक पक्षहरूका बारेमा अध्ययन गरी त्यसका आधारमा उसलाई पथप्रदर्शन गर्न सहयोग पुग्दछ । व्यक्तिगत वा समूहगतरूपमा विद्यार्थीलाई दिइने घटना अध्ययनसम्बन्धी कार्यले उनीहरूको वैयक्तिक विकासमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याउँछ । यसरी दुवै खालका घटना अध्ययनका निष्कर्ष वा अभिलेखलाई अभिलेखीकरण गर्न सकेमा र बालबालिकाको सिकाइ प्रक्रियामा तिनको उपयोग गर्न सकिएमा त्यसले सिकाइ प्रक्रियालाई व्यावहारिक र वास्तविक बनाउन सघाउँछ ।

घटना अध्ययनले सिकाइ प्रक्रियालाई वास्तविकतासँग आबद्ध गराउँछ । यसमा सिकारु स्वयम्लाई प्रत्यक्षरूपमा सहभागी गराउने भएकाले यस प्रक्रियाबाट सिकिने ज्ञान, सीप, जीवन्त हुनुका साथै यस प्रकारको सिकाइले आत्मानुभूति र व्यक्तिगत अनुभव बढाउने, वास्तविक ज्ञान र अनुभव बढाउने कार्य गर्दछ । तसर्थ घटना अध्ययनको अभिलेखीकरण गर्न निम्नलिखित प्रक्रिया अपनाउन सकिन्छ :

- पूर्व घटना अध्ययनहरूका अभिलेखलाई अध्ययन गरी तिनबाट आफ्नो धारणा विकास गर्ने अवसर प्रदान गर्ने ।
- व्यक्तिगत रूपमा वा सामूहिक रूपमा सम्बन्धित विषय वा सिकाइ अनुभवसँग मेल खाने घटना दिई त्यसको अध्ययन गर्न लगाउने ।
- घटना अध्ययनका क्रममा शिक्षकले सहजकर्ताको मात्र भूमिका निर्वाह गर्ने ।
- घटना अध्ययनका क्रममा सही मार्ग निर्देशन गरी सही रूपमा अध्ययन गर्ने वातावरण शिक्षकबाट सिर्जना गरिदिने ।
- घटना अध्ययनबाट प्राप्त सिकाइ अनुभवलाई निश्चित ढाँचामा अभिलेखन गर्न लगाउने ।

- घटना अध्ययनबाट प्राप्त अनुभव र अभिलेखलाई एकआपसमा आदानप्रदान गर्न लगाउने ।
- घटना अध्ययनबाट प्राप्त निष्कर्षलाई व्यावहारिक प्रयोगमा ल्याउन अभिलेखीकरणलाई व्यवस्थित गर्ने गराउने ।
- अरूले गरेका घटना अध्ययनको पुनरावलोकन गरी अभिलेखीकरण गर्ने ।

**५. अन्तर्क्रियात्मक सूचनाको अभिलेखीकरण**

सिकाइलाई विविधता प्रदान गर्न विद्यार्थीविद्यार्थीबीच, विद्यार्थीशिक्षकबीच, अभिभावकविद्यार्थीबीच, समुदायविद्यार्थीबीच तथा शिक्षकअभिभावकबीच अन्तर्क्रियाहरू आवश्यक हुन्छन् । त्यसरी अन्तर्क्रिया गर्दा सिकारुको वास्तविक अवस्था पहिचान हुन गई सोअनुसार शिक्षण सिकाइ प्रक्रियाको अवलम्बन गर्न तथा विद्यार्थीहरूलाई अन्तर्क्रियात्मक विधिका माध्यमबाट सिक्न उत्प्रेरित गर्न सकिन्छ । विद्यार्थी, शिक्षक तथा अन्य वर्गका मानिससँग भएको अन्तर्क्रियाबाट प्राप्त सूचनाहरू एकआपसमा आदानप्रदान गरेर अभिलेखीकरण गर्न सकेमा तिनले आवश्यकताअनुसार सिकाइ अवसर प्रदान गर्दछन् ।

कक्षाकोठामा भए पनि, कक्षाकोठा बाहिर भए पनि अन्तर्क्रियात्मक क्रियाकलापबाट प्राप्त सिकाइ अनुभवहरू वा सूचनाहरूलाई अभिलेखन गर्दै एकापसमा आदानप्रदान गरी अभिलेखीकरण गर्न निम्नलिखित प्रक्रिया अपनाउन सकिन्छ :

- कक्षाकोठामा उपयुक्त विषय क्षेत्रमा अन्तर्क्रिया गर्न लगाई सूचना सङ्कनल गर्न लगाउने,
- अन्य सञ्चार माध्यममा प्रस्तुत अन्तर्क्रियाका आधारमा सूचना सङ्कलन गरी अभिलेखन गर्ने,
- वैयक्तिक तथा सामूहिकरूपमा अन्तर्क्रिया गर्न लगाई प्राप्त सूचनाका सम्बन्धमा छलफल गरी अन्तिम निष्कर्ष अभिलेखीकरण गर्ने,
- आफूभन्दा अग्रज, जान्ने तथा सम्बन्धित विषय क्षेत्रका मानिसहरूसँग अन्तर्क्रिया गरी वास्तविक सूचना निकाल्न लगाई अभिलेखीकरण गर्ने गराउने,
- पूर्वअभिलेखन भएका अभिलेखहरूका बारेमा छलफल गर्ने वा आवश्यकताअनुसार प्रयोगमा ल्याउन व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने ।

**६. आत्ममूल्याङ्कन :**

(क) प्रस्तुत सामग्रीको अध्ययनपछि अभिलेखीकरणको आवश्यकता र महत्व के रहेको छ ? टिप्नुहोस् र सहभागी तथा सहजकर्तासँग छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

(ख) व्यक्तिगतरूपमा अन्तर्निहित अरूबाट प्राप्त भएका र आर्जित सिकाइको अभिलेखीकरणका सम्बन्धमा गर्न सकिने क्रियाकलापका बारेमा बुँदा टिपोट गर्नुहोस् ।

## एकाइ - तीन

१. **शीर्षक** : शिक्षाका सरोकारवाला पक्षहरूको ज्ञान र सीपको प्रसार

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :
सरोकारवालाहरूको ज्ञान, सीपको प्रसारका पद्धति/तरिकाबारे जानकारी प्राप्त गर्न

३. **विषयवस्तु** :
सरोकारवालाहरूको ज्ञान, सीको प्रसारका पद्धति/तरिकाहरू

४. **पूर्वसिकाइ धारणा** :
शिक्षक मित्र ! तपाईंले सरोकारवालाहरूको ज्ञान, सीप प्रसारका लागि कस्ता पद्धति वा तरिकाहरू प्रयोगमा ल्याउनुभएको छ ? तिनका बारेमा आफ्नो प्रयोग अनुभवका आधारमा बुँदागत टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :
बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देशका बालबालिकालाई भाषाशिक्षण गर्दा एउटा शिक्षकका व्यक्तिगत ज्ञान र अनुभवको प्रयोगले मात्र पूर्णता प्राप्त नगर्न सक्दछ । शिक्षणमा पूर्णता एवम् विविधता ल्याउन र भाषाशिक्षणमा आउने समस्याहरूको समाधान गर्न पनि सरोकारवालाहरूका ज्ञान र सीपको प्रसार गरी तिनको प्रयोग गर्नु आवश्यक हुन्छ । यसबाट भाषाशिक्षणका सैद्धान्तिक र व्यावहारिक ज्ञान सीप प्राप्त हुन्छन् र बहुभाषिक कक्षाको भाषिक व्यवस्थापन गर्न सजिलो हुन्छ ।
एउटै कक्षामा विभिन्न उमेर, क्षमता र स्तर भएका बालबालिकाका अतिरिक्त नेपाली भाषालाई प्रथम र दोस्रो भाषाका रूपमा प्रयोग गर्ने बालबालिका हुन्छन् । दोस्रो भाषाका रूपमा नेपाली बोल्नेहरू पनि नेपाली भाषाका मिल्दाजुल्दा भाषिक परिवार र ठ्याम्मै नमिल्ने भाषिक परिवारका मातृभाषीहरू पनि हुने गर्दछन् । यस्तो परिवेशका कक्षामा उपयुक्त ढङ्गले भाषिक व्यवस्थापन गरी भाषाशिक्षण गर्न आफ्नो ज्ञान र सीपले नपुग्ने भएकाले तथा शिक्षणमा थप विविधताका लागि पनि सरोकारवालाहरूको ज्ञान र सीपको प्रसार अत्यावश्यक हुन्छ । सरोकारवालाहरूको ज्ञान र सीपको प्रसारका केही पद्धतिहरूका बारेमा तल चर्चा गरिएको छ :

**(क) समूह वा समिति छलफल पद्धति** (Approaches to Pannel discussion)
कुनै पनि विषय, समस्या वा प्रश्नमा सामूहिक रूपमा विचारको आदानप्रदान गर्नु छलफल पद्धति हो । एउटै ठूलो समूहका सहभागीहरूलाई विभाजन गरी वा एउटै समूहमा कुनै जटिल समस्या दिएर छलफलका माध्यमबाट त्यसको समाधान वा निष्कर्ष निकाल्न यसको उपयोग गरिन्छ । यस पद्धतिमा आआफ्ना अनुभवहरूलाई आदानप्रदान गर्दै सम्बन्धित समस्या वा मुद्दाका बारेमा निचोडमा पुग्ने प्रयास गरिन्छ ।

सबै सहभागीहरूले सामूहिक रूपमा छलफल गर्ने कार्यलाई छलफल पद्धति मात्र भनिन्छ भने सहभागीहरूलाई विभिन्न समूह, उपसमूहमा विभाजन गरी छलफल गर्नुलाई समूह छलफल (Pannel discussion) भनिन्छ । ठूलो समूहको छलफल गर्ने कार्य प्रायः अनौपचारिक ढङ्गले गरिन्छ तर समूहमा विभाजन गरी गरिने छलफल बढी व्यवस्थित र योजनाबद्ध हुने गर्दछ । यस्तो व्यवस्थित छलफलमा तयारी, सञ्चालन र छलफलको निष्कर्षको मूल्याङ्कन जस्ता चरणहरू प्रयोगमा ल्याउन सकिन्छ ।

समूह छलफलमा ४-६ जनासम्म सदस्य रहन्छन् । यसमा भाग लिने सदस्यहरू आमनेसामने हुने गरी दिइएको विषय वा समस्याका बारेमा छलफल गर्दछन् । छलफललाई व्यवस्थित बनाउन समूहको टोली नेता बनाउने, छलफलको टिपोट गर्ने, निष्कर्षलाई टिपोट गर्ने, प्रदर्शन गर्ने वा समूहको निष्कर्ष प्रस्तुतीकरण गर्ने जस्ता कार्य गरिन्छ । छलफलबाट निस्केका निष्कर्षको प्रस्तुतीकरण गरेपछि दर्शक वा अन्य समूहबाट प्रश्नोत्तर गरी अझ त्यसलाई थप स्पष्ट पार्न सकिन्छ । यसरी समूह छलफलबाट धेरै अनुभवहरूबीच मन्थन भई व्यावहारिक सार निकाल्न सकिने हुँदा कुनै पनि समस्या वा मुद्दाका साथै सम्बन्धित विषयवस्तुका बारेमा अनुभवहरूको अदानप्रदान कार्यमा यो पद्धति निकै महत्वपूर्ण मानिन्छ ।

भाषाशिक्षणका सम्बन्धमा आइपर्ने समस्याका साथै भाषिक व्यवस्थापनलाई प्रभावकारी र व्यावहारिक बनाउन शिक्षाका सरोकारवालाहरूसँग यसप्रकारका छलफलहरू आयोजना गरी उनीहरूका अनुभवहरू शिक्षकले लिन सक्ने हुँदा छलफल आयोजनाले शिक्षकको भाषिक सक्षमता वृद्धि भई पेसागत क्षमताको विस्तारमा सहयोग पुग्न जान्छ ।

**(ख) बाह्य स्रोतसाधनको उपयोग** (Outsourcing resources)

शिक्षासँग सरोकारवालाहरूको ज्ञान, सीपको प्रसारका लागि आफ्नो विद्यालयबाहिरको स्रोत र साधनहरूको उपयोग गर्ने कार्यलाई बाह्य स्रोतसाधन (out sourcing resources) भनिन्छ । हाम्रा सबै विद्यालयहरू आफैँमा पूर्ण र सक्षम छैनन् । आफ्ना स्रोतसाधनबाहेक अन्य बाहिरी स्रोत र साधनहरूको समुचित उपयोग गर्न सकिएमा विभिन्न समस्या समाधान गर्न र विद्यालयका कार्यलाई आवश्यकताअनुसारका कार्य गर्न सहयोग पुग्दछ । आफ्नो विद्यालयमा नभएको वा सहजरूपमा उपलब्ध नहुने तर विद्यालयलाई नियमितरूपमा आवश्यक नपरी कहिलेकाहीँ आवश्यक पर्ने समयमा सेवा लिन त्यस्ता बाह्य स्रोतसाधनको उपयोग गरिन्छ । अर्थात् स्थायीरूपमा नराखी वा व्यवस्थापन नगरी विशेषज्ञताका रूपमा कुनै निश्चित समयमा आवश्यक सेवा लिनु वा चाहिएको बेलामा सेवाका लागि बोलाउनु नै बाह्य स्रोतसाधनको उपयोग हो ।

भाषाशिक्षणका सन्दर्भमा सरोकारवालाहरूको ज्ञान र सीपको प्रसार गर्ने कार्यमा निम्नानुसारका तरिकाहरू अपनाएर बाह्य स्रोतसाधनहरूको उपयोग गर्न सकिन्छ :

- भाषिक व्यवस्थापनसम्न्धी ज्ञान, सीप प्राप्त गर्नका लागि कुनै भाषाविशेषज्ञ, प्राध्यापक वा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रशिक्षक वा अन्य विशेषज्ञ सेवा प्राप्त गर्न सकिने ।

- स्थानीय बुद्धिजीवी, मातृभाषी वक्ता, मातृभाषाको विकाससँग सम्बद्ध सङ्घसंस्था वा तिनका पदाधिकारीहरूको सेवा लिन सकिने ।
- पुस्तकालय, वेभसाइट, इमेल, इन्टरनेट सेवाबाट आवश्यक सहयोग लिन सकिने ।
- सञ्चारजगत्सँग सम्बन्धित जनशक्ति, सञ्चारका माध्यम (जस्तै: रेडियो, टिभी, एफएम, पत्रपत्रिका आदि) को सहयोग लिनु ।
- भाषासम्बन्धी विभिन्न गोष्ठी, कार्यशाला, अन्तर्क्रिया आदि आयोजना गरी अनुभवहरूको आदानप्रदान गर्नु ।

एकभाषिक कक्षा भएमा सम्बन्धित भाषाको संरक्षण विकास र आधुनिकीकरण, मानकीकरणका लागि सहयोग पुऱ्याउन सकिन्छ भने द्विभाषिक कक्षा भएमा त्यस्तो कक्षामा समूहविभाजन आदि प्रक्रियाद्वारा द्विभाषिक शिक्षण पद्धति अपनाउन उल्लिखित ज्ञान सीपको उपयोग गर्न सकिन्छ ।
उमेर, लिङ्ग, सामाजिकस्तरको भिन्नता भएका द्विभाषिकहरू एकभाषिक भन्दा बढी क्षमतावान् बन्न सक्छन् । सोचाइमा व्यापकता एवम् बौद्धिक विकासका दृष्टिले पनि यस्ता शिक्षार्थी प्रबल देखिने गरेको पाइएको छ । तसर्थ भाषा शिक्षण गर्दा वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय समझदारी बढाउन, एकअर्कामा निकटता, आत्मीयता वृद्धि गर्न र सामाजिक सांस्कृतिक आदानप्रदान गर्नका लागि सहयोग पुग्ने गरी भाषाशिक्षणका पद्धतिको प्रयोग गर्न बाह्य स्रोतसाधनको उपयोग महत्वपूर्ण हुन जान्छ । द्विभाषिक कक्षामा सबै भाषाभाषी उत्तिकै महत्वका भाषा हुन् भन्ने धारणा दिन पनि बाह्य स्रोतसाधनको उपयोग अत्यावश्यक हुन्छ ।
बहुभाषिककक्षाको व्यवस्थापन सबैभन्दा जटिल हुन्छ । एउटै कक्षामा दुईभन्दा बढी भाषाहरू बोल्ने बक्ता वा बालबालिका हुनु बहुभाषिक अवस्था हो यस्तो कक्षाशिक्षणका लागि त बाह्य स्रोतसाधनको उपयोग झन् अत्यावश्यक हुन जान्छ । यस्ता कक्षामा सबै भाषाको समान अस्तित्व र महत्व हुन्छ भन्ने कुरा विद्यार्थीहरूमा पार्दै नेपाली भाषाशिक्षण गर्न पनि आवश्यक हुन्छ । यस्तो परिवेशमा विद्यार्थीविद्यार्थीबीच अरूको भाषा सिक्न र बहुभाषिक बन्न उत्प्रेरित गर्नुपर्दछ । यसले विद्यार्थीहरूमा त्यस भाषाप्रतिको सद्भाव मात्र नबढी भाषाको निरन्तर व्यवहारले अन्य भाषाको संरक्षण र विकास हुन्छ । यस कार्यले नेपाली भाषा शिक्षणमा बाधा नपुऱ्याई बरु सहज बनाउन सहयोग पुऱ्याउन सक्दछ । तसर्थ बहुभाषिक कक्षाको व्यवस्थापनमा सामाजिक विविधताभित्रका बाह्य स्रोतसाधनको उपयोग अनिवार्य नै हुने गर्दछ । यस क्रममा आवश्यकताअनुसार अनुवाद गरेर मातृभाषामा पढाउन, लेखाउन, समूहकार्य गर्न तथा बहुभाषिक व्यवस्थापन गर्न बाह्य स्रोतसाधनको प्रयोग गर्न सकिन्छ । यसरी भाषासम्बन्धी समावेशी धारणालाई मूर्तरूप दिन बाह्य स्रोतसाधनको उपयोग नेपाली भाषा शिक्षकलाई पनि आवश्यक हुने देखिन्छ । यसका लागि निम्नानुसारका तरिका अपनाउन सकिन्छ :


- भाषासम्बन्धी समावेशी धारणाको उपयोग गर्ने,
- सम्बन्धित दोस्रो भाषाका वक्ता, शिक्षक, विद्वान्‌को सहयोग लिने,
- भाषिक व्यवस्थापनको क्षेत्रीय पद्धति अपनाउने,

- स्थानीय भाषिक समुदायको सहयोग जुटाउने,
- भाषासँग सम्बन्धित सङ्घसंस्थाका व्यक्तिहरूको सहयोग लिने ।


**(ग) अन्तर्क्रियात्मक सत्रहरूको सञ्चालन**

**(१) परिचय**

सामान्यतया दुई वा दुईभन्दा बढी व्यक्तिबीच कुनै खास निश्चित विषयवस्तुमा आधारित भई गरिने छलफल, तर्कहरूको प्रस्तुति र खण्डनमण्डन एवम् विभिन्न विचारहरूको प्रस्तुतिलाई अन्तर्क्रिया भन्न सकिन्छ । अन्तर्क्रियात्मक कार्यले सम्बन्धित विषयवस्तुमा थप स्पष्टता दिने, विभिन्न नयाँनयाँ विचारहरू प्रस्तुत हुने र अनुभवहरूको आदानप्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । शिक्षणका सन्दर्भमा अन्तर्क्रिया एउटा महत्वपूर्ण औजार र प्रभावकारी शिक्षण प्रक्रियाको एउटा पद्धति हो ।
शिक्षणका सन्दर्भमा शिक्षक, विद्यार्थी एवम् विषयवस्तु, शिक्षण रणनीति र वातावरणबीच हुने त्रिकोणात्मक सम्मिलनलाई अन्तर्क्रिया भनिन्छ । प्रभावकारी शिक्षणसिकाइ प्रक्रियाका लागि शिक्षक, विद्यार्थी, पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षणसामग्री, शिक्षण विधि र वातावरणबीच अन्तर्क्रिया हुन्छ । शिक्षणकार्य मानवीय व्यवहारलाई परिवर्तन गर्ने साधन भएकाले मानवीय व्यवहार परिवर्तनका लागि अन्तर्क्रिया महत्वपूर्ण हुने गर्दछ । शिक्षणकार्यलाई एक मनोवैज्ञानिक गतिविधि मानिन्छ । तसर्थ शिक्षणमा तार्किक, रणनीतिक र शैक्षणिक क्रियाकलापहरूलाई कक्षाकोठामा उपयोग गर्न अन्तर्क्रिया आवश्यक हुन्छ । शिक्षणका विविध क्रियाकलाप, व्यावहारिक कौशलहरू सबैलाई प्रभावकारी बनाउन शिक्षणमा अन्तर्क्रियात्मक तरिकाहरू अपनाउनुपर्दछ । अन्तर्क्रियात्मक शिक्षण प्रक्रियामा निम्न चरणहरू (Variabler) हुन्छन् :




यसप्रकार कार्यान्वयनमा आउने शिक्षणको संरचनालाई त्रिआयामिक प्रक्रिया (Three dimentional process) पनि भनिन्छ । यसप्रकारको संरचनात्मक ढाँचा भएको शिक्षण कार्यलाई कक्षाकोठामा सञ्चालन गर्दा कक्षाकोठामा शिक्षण अन्तर्क्रिया निम्नानुसारको हुने गर्दछ ।




यसरी मानवीय अन्तर्क्रिया शाब्दिक र अशाब्दिक कुनै पनि हुन सक्छ । मनोवैज्ञानिक दृष्टिले भन्नुपर्दा चेतन र अचेतन रूपमा एकअर्काको सन्देशमा प्रतिक्रिया देखाउनु मानवीय अन्तर्क्रिया हो जुन एकअर्काको उपस्थितिमा हुने गर्दछ । शाब्दिक अन्तर्क्रियामा बोलचाल सधैं प्रबल रहन्छ, जसमा सञ्चारका सन्देशहरू सधैं बौद्धिक तथा ज्ञानात्मक हुन्छन् । अमौखिक वा अशाब्दिक अन्तर्क्रियामा हाउभाउ (Physical gestures), शारीरिक बसाइ (postures), शारीरिक सम्पर्क (body contact, eye contct), मुखाकृति प्रदर्शन (facial expression), अभाषिक सङ्केतहरू (non-lingustic utterance) आदि पर्दछन् । यस्ता सन्देशहरू भावनात्मक र संवेगात्मक हुन्छन् ।

### (२) अन्तर्क्रिया सञ्चालन प्रक्रिया

अन्तर्क्रिया सञ्चालनका लागि विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ । यसका लागि मूलत: समूह छलफल, वार्ता, सेमिनार, परियोजना टोली, प्रदर्शन, टेलिफोन, कुराकानी आदि विधि प्रयोग गर्न सकिन्छ । प्रस्तुतिको माध्यमअनुसार अन्तर्क्रिया गर्ने प्रक्रिया विभिन्न हुन सक्दछन् । व्याख्यान विधिबाट थोरै मात्र अन्तर्क्रिया सम्भव हुन्छ । यस्तो अन्तर्क्रियामा सहभागीहरू धेरै भएमा प्रयोग गर्न सकिने भए पनि सहभागीलाई सन्तुष्ट पार्न सकिँदैन । उच्च तहको अन्तर्क्रियाका लागि tutorial माध्यम अपनाउन सकिन्छ । प्रत्यक्ष आमनेसामने बसेर सानो समूहमा गरिने अन्तर्क्रिया बढी प्रभावकारी हुन सक्छ । अन्तर्क्रियाका माध्यमका रूपमा रेडियो, टिभी, फिल्महरू प्रदर्शन गर्न सकिने भए पनि यसमा एकोहोरो सञ्चारमात्र हुने हुँदा यसले श्रोता वा दर्शकको उत्तेजना समन गर्न सहयोग पुऱ्याउँदैन ।

शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने सिलसिलामा शिक्षासँग सरोकारवालाहरूको ज्ञान सीपको प्रसार गरी त्यसको उपयोग गर्नका लागि शिक्षकले दुई खालका अन्तर्क्रियाहरूको उपयोग गर्न सक्दछ । ती यसप्रकार छन् :

**(क) कक्षाकोठाभित्रको अन्तर्क्रिया ⁄ शिक्षण सिकाइसँग सम्बन्धित अन्तर्क्रिया** : यस्तो अन्तर्क्रिया मूलत: शिक्षक विद्यार्थी, विषयवस्तु र वातावरणबीच हुने अन्तर्क्रिया हो । यसमा शिक्षणसिकाइ प्रक्रियालाई

व्यावहारिक, सजीव र उद्देश्यपूर्ण बनाउन अन्तर्क्रिया विधि अपनाउनुपर्ने हुन्छ । यस्तो अन्तर्क्रिया निम्नलिखित समूहहरूमा सञ्चालन गर्न सकिन्छ :

- शिक्षक र विद्यार्थी
- विद्यार्थी र शिक्षक
- शिक्षक र शिक्षक
- शिक्षक र प्रधानाध्यापक
- शिक्षक र अभिभावक
- शिक्षक र वि.नि स्रोतव्यक्ति
- शिक्षक र सुपरिवेक्षक
- शिक्षक र प्रशिक्षक

**(ख) कक्षाकोठाबाहिरको अन्तर्क्रिया/विद्यालयसँग सम्बन्धित अन्तर्क्रिया** : हुन त विद्यालयको मुख्य काम भनेकै प्रभावकारी शिक्षणसिकाइ प्रक्रिया सञ्चालन गरी विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनु नै हो । तर त्यसमा पनि शिक्षकविद्यार्थीबीचको अन्तर्क्रिया कक्षाकोठाभित्रका क्रियाकलापसँग बढी सम्बन्धित हुन्छन् भने कक्षाकोठाभित्रको क्रियाकलापलाई सहयोग पुऱ्याउन विद्यालयका अन्य क्रियाकलाप सञ्चालित हुन्छन् । शिक्षण सिकाइ प्रक्रियालाई अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउन कक्षाकोठाबाहिरका वा विद्यालयहरूसँग सम्बन्धित अन्तर्क्रिया आवश्यक हुन्छन् । विद्यालयसँग समग्ररूपमा सम्बन्धित अन्तर्क्रिया यसप्रकार हुन सक्छन् :

- विद्यालय र अभिभावक,
- प्रधानाध्यापक र अभिभावक,
- विद्यालय र समुदाय,
- व्यवस्थापन र शिक्षक,
- व्यवस्थापन र समुदाय,
- विद्यालय र स्थानीय निकाय,
- विद्यालय र शिक्षक अभिभावकसङ्घ,
- विद्यालय र गाउँ शिक्षा समिति,
- विद्यालय र नागरिक समाज,
- विद्यालय र गैरसरकारी संस्था (NGO/INGO),
- विद्यालय र समुदायमा आधारित संस्था (CBOs),
- विद्यालय र सुपरिवेक्षक/प्रशिक्षक/विशेषज्ञ/अधिकारीहरू/बुद्धिजीवी,
- विद्यालय र संस्थापक/चन्दादाता ।

विभिन्न समूहबीच अन्तर्क्रिया सञ्चालन गरी सरोकारवालाहरूका ज्ञान र सीपको प्रसार गरी त्यस्ता अनुभवहरूलाई कक्षाकोठाभित्र र बाहिरका क्रियाकलापहरूमा उपयोग गर्न निम्नानुसार योजना बनाउन सकिन्छ :

१. अन्तर्क्रिया कार्यक्रमको तयारी/योजना निर्माण,
२. अन्तर्क्रिया कार्यक्रम सञ्चालन,

३. अन्तर्क्रिया विश्लेषण र प्रयोग ।

अन्तर्क्रियाको सन्दर्भ, सम्बन्धित विषय वा मुद्धाको प्रकृति र स्वरूप एवम् अनतर्क्रियाको समूहको प्रकृति र स्वरूपका आधारमा अन्तर्क्रियालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न आवश्यक हुन्छ । अन्तर्क्रियालाई व्यवस्थित, उद्देश्यपूर्ण र फलदायी बनाउन निम्नानुसार गर्न सकिन्छ :

(१) **अन्तर्क्रिया कार्यक्रमको तयारी** : अन्तर्क्रियाको तयारी गर्दा निम्नअनुसार गर्न सकिन्छ :

- अन्तर्क्रियाको विषय वा सन्दर्भ वा मुद्धा यकिन गर्ने,
- सम्बन्धित विषय वा मुद्धासँग सरोकारवाला पक्षहरू किटान गर्ने,
- अन्तर्क्रियाका माध्यम, विधि र प्रक्रियाको टुङ्गो लगाउने,
- अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न कार्यविभाजन गर्ने,
- अन्तर्क्रियाको सहभागी सङ्ख्या, अन्तर्क्रियास्थल र समयको जानकारी राख्ने आदि,
- अन्तर्क्रियाका लागि सहजकर्ताको व्यवस्था गर्ने,
- अन्तर्क्रियाका नियम र प्रक्रिया तय गर्ने,
- अन्तर्क्रियाका लागि आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्ने,
- अन्तर्क्रिया सञ्चालनको अभिलेखीकरण प्रक्रिया तय गर्ने,
- अन्तर्क्रियापछि अन्तर्क्रिया विश्लेषणको तयारी गर्ने ।

(२) **अन्तर्क्रिया कार्यक्रम सञ्चालन** : अन्तर्क्रिया कार्यक्रमको तयारीअनुसार निर्दिष्ट स्थान, समय र कार्यपद्धतिअनुसार अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुपर्दछ । अन्तर्क्रिया कार्यक्रमको विषय क्षेत्र र सहभागीको प्रकृति र स्वरूपअनुसार अन्तर्क्रिया कार्यक्रम सञ्चालन प्रक्रिया फरकफरक हुन सक्ने भए तापनि अन्तर्क्रिया कार्यक्रम सञ्चालनका लागि निम्नानुसारका कुरामा ध्यान दिनुपर्दछ :

- अन्तर्क्रिया कार्यक्रम तोकिएको समय र स्थानमा सञ्चालन गर्ने,
- अन्तर्क्रियाको विधिअनुसार आवश्यक स्रोत र साधन उपलब्ध गराउने,
- अन्तर्क्रिया कार्यक्रमका लागि गरिएको कार्यविभाजनअनुसार हरेकले जिम्मेवारी पूरा गर्ने,
- सहजकर्ता, सहभागी र सहयोगीबीच समन्वय व्यवस्था गर्ने,
- आवश्यक फाराम, कागज, मार्कर, बोर्डको व्यवस्था र उपयोग गर्ने,
- अन्तर्क्रियाबाट प्राप्त विचार निष्कर्ष आदिको अभिलेखीकरण गर्ने,
- अन्तर्क्रिया गर्दा विषय क्षेत्रभित्र रहने र नियम तथा कार्यविधिको पालना गर्ने ।

(३) **अन्तर्क्रिया विश्लेषण र प्रयोग** : माथि उल्लेख भएअनुसार कक्षाकोठाको अन्तर्क्रिया र कक्षाकोठाबाहिरको अन्तर्क्रियाको विश्लेषण फरकफरक ढङ्गले गर्न सकिन्छ । तसर्थ यहाँ अन्तर्क्रियाको विश्लेषण गर्दा निम्नानुसार प्रस्तुत गरिएको छ :

**(क) कक्षाकोठाभित्रको अन्तर्क्रियाको विश्लेषण र प्रयोग** : कक्षाकोठाभित्र हुने शिक्षक विद्यार्थी, विषयवस्तु एवम् शिक्षण विधिबीच हुने सम्पूर्ण क्रियाकलापलाई कक्षाकोठाभित्रको अन्तर्क्रिया भनिन्छ

भने कक्षाकोठाभित्रको क्रियाकलापको अवलोकन गरी केलाउने प्रक्रियालाई कक्षाकोठा अन्तर्क्रियाको विश्लेषण भनिन्छ । कक्षाकोठाको अन्तर्क्रियाको विश्लेषण गर्दा निम्नलिखित बुँदामा ध्यान दिनुपर्दछ :

१. शिक्षणका आधारभूत सीपहरूको उपयोगको अवस्था,
२. शिक्षण विधिको प्रयोग,
३. शिक्षण सामग्रीको प्रयोग ।

**शिक्षकले कक्षाकोठामा गरेको अन्तर्क्रियाको विश्लेषण**

- शिक्षकले देखाउने विभिन्न व्यवहारहरू (कुन व्यवहारमा कति समय खर्च भयो ?)
- त्यस किसिमका अन्तर्क्रियात्मक व्यवहारहरूको विश्लेषण

**शिक्षक व्यवहार विश्लेषण तालिका**

| को बोल्दै छ ? | कस्तो प्रभाव पर्दै छ ? | शिक्षकद्वारा कस्ता किसिमका अन्तरक्रिया हुँदै छन् ? | |
|---|---|---|---|
| शिक्षक | अप्रत्यक्ष प्रभाव | प्रतिक्रिया जनाइएको | १. विद्यार्थीका धारणा, अनुभूतिहरू स्वीकार गरिएको छ ? विद्यार्थीका सकारात्मक नकारात्मक जेजस्ता कुरा पनि डरधम्की नदेखाइकन सुनिएको छ ? |
| | | | २. विद्यार्थीलाई उत्साहित गरिएको छ ? |
| | | | ३. विद्यार्थीका विचारहरूको कदर गरिएको छ ? विद्यार्थीलाई प्रोत्साहित गर्ने शब्दहरू प्रयोग भएका छन्, "स्याबास ..., राम्रो ....." |
| | | | ४. बीचबीचमा प्रश्न सोधिएको छ ? |
| | प्रत्यक्ष प्रभाव | चासो लिनका लागि सुनाइएको | ५. भाषणको माध्यमबाट पढाइएको छ ? निरन्तर भाषण गरिएको छ ? परम्परागत ढङ्गबाट प्रश्न सोधिन्छ, उत्तर कुरिँदैन ? |
| | | | ६. काम गर्ने निर्देशन वा आदेश दिइएको छ ? |
| | | | ७. आलोचना गरिएको छ वा गरेको काम कारवाहीलाई पुस्ट्याइँ गर्ने काम भएको छ ? |
| | | | ८. विद्यार्थीलाई कुरा गर्न प्रोत्साहित गरिएको छ ? |
| | | प्रतिक्रिया | ९. विद्यार्थीलाई क्रमिक रूपले बोल्ने मौका दिइएको छ ? |
| | | | १०. विद्यार्थीहरू नबुझेर चुपचाप बसिरहेका छन् ? |

**(ख) अन्तर्क्रिया विश्लेषणका पद्धतिहरू**

कक्षाकोठाको अन्तर्क्रियाका लागि प्रयोगमा आउने पद्धतिहरू यसप्रकार छन् :

(१) **अवलोकन तरिका र अभिलेख तालिका** - OSCAR (observation Schedule and Record)

- सन् १९६३ मा डोनाल्ड एम्. मेड्ली, रसेल ए. हिल र मिल्जेलले विकास गरेका ।
- यसमा Sign र category दुवै प्रयोग गरिने । Sign भन्नाले Coding Symbol र Cotagory भन्नाले शिक्षक र विद्यार्थीबीचको व्यवहारसम्बन्धी कक्षाकोठाभित्र प्रदर्शन हुने तथ्यहरूलाई बुझाउने ।
- यसमा शिक्षकको भूमिका, विद्यार्थीको भूमिका र अमौखिक प्रश्न (Nonverbal) को भूमिका गरी १५ ओटा व्यवहारलाई अवलोकन गरी अन्तर्क्रिया विश्लेषण गरिन्छ ।

(२) **बेलको अन्तर्क्रियात्मक वर्ग प्रणाली** - IPS (Bale's Interacton process Cataories)

- सन् १९५० मा शिक्षाविद् बेलले विकास गरेका ।
- व्यक्तिगत व्यवहार र अध्ययन पद्धति केकस्तो सामाजिक तथा मनोवैज्ञानिक पद्धतिद्वारा प्रभावित हुन्छ भन्ने कुरालाई जोड दिने ।
- रेकर्ड गरी राखिने तथा समयको आधारमा अवलोकन गरिने । विभिन्न समूह र उपसमूहको क्रियाकलापलाई समेत दृष्टिगत गरी अवलोकन गर्ने ।
- बढी व्यक्तिगत व्यवहारसँग सम्वन्धित विश्लेषण भएको ।
- १२ ओटा Category का आधारमा विश्लेषण गरिने ।

३. **फ्लान्डरको अन्तर्क्रिया विश्लेषण प्रणाली** (Flander's System of Interaction analysis)

- सन् १९६३ नेड. ए. फ्लान्डरले विकास गरी प्रयोगमा ल्याएका ।
- यो प्रणाली विरुद्ध र विद्यार्थीको कक्षाको मौखिक व्यवहारको अवलोकन गर्न निकै उपयोगी सावित ।
- अवलोकन केकसरी गर्ने अवलोकन योजना केकसरी गर्ने, मूल्याङ्कन वा विश्लेषण कसरी गर्ने, सही र वास्तविक अवलोकन कसरी गर्ने जस्ता पक्षमा यसले जोड दिने ।
- कक्षामा अन्तर्क्रियाका माध्यमबाट शिक्षकको व्यवहार पहिचान गर्ने, शिक्षण विधिको प्रयोग गर्ने सन्दर्भमा अपनाएको उपचारात्मक रणनीतिको उपयोग गर्ने र बढी मात्रामा मौखिक व्यवहारलाई जोड दिने ।

४. **पारस्परिक वर्गप्रणालीका पूरक सङ्केत श्रेणीपद्धति** (Reciprocal Category System)

- सन् १९६५ मा एमिडेन र सिमोनले विभिन्न सर्वेक्षण गरी २० ओटाभन्दा बढी कक्षाकोठा अन्तर्क्रिया पद्धति भेट्टाएकोमा रिचार्ड ओबेरले सन् १९६७ मा यो धारणा विकास गरेका ।
- यो प्रणालीलाई FIAC को सुधारात्मक वा परिवर्तित पद्धति मानिने ।
- यसमा शिक्षक विद्यार्थीका अन्तर्क्रियासँग सम्बन्धित नौओटा Category का आधारमा विश्लेषण गरिने ।

यसरी शिक्षकविद्यार्थी व्यवहार र कक्षाकोठाबाहिरको अन्तर्क्रियाको विश्लेषण पनि विभिन्न तरिकाले गर्न सकिन्छ । त्यस्तो तरिका अन्तर्क्रियामा संलग्न हुने सहभागीको स्तर र क्षमताअनुसार फरकफरक हुन सक्छ । त्यसका लागि पूर्वतयारी गरी आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।
*(थप जानकारीका लागि शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा - प्रा. डा. वासुदेव काफ्ले र रामस्वरप सिन्हा हेर्नुहोस् ।)*

**६. आत्ममूल्याङ्कन**

पूर्वसिकाइका सन्दर्भमा तपाईंले अनुमान गरेको र विषयवस्तुको अध्ययनपश्चात् अभिलेखीकरणसम्बन्धी केकति फरक पाउनुभयो ? टिपोट गर्नुहोस् । यदि कुनै द्विविधा भएमा सहभागी साथी र सहजकर्तासँग छलफल गर्न टिपोट गर्नुहोस् ।

## एकाइ – तीन

१. **शीर्षक** : ज्ञान र सीपको प्रसारका लागि योजना एवम् नेपाली भाषाशिक्षण र सिकाइमा त्यसको उपयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षासँग सरोकारवाला पक्षहरूको ज्ञान र सीपको प्रसारका लागि व्यक्तिगत तथा सामूहिक योजना निर्माण गर्न

(ख) नेपाली भाषाशिक्षण र सिकाइमा सरोकारवालाहरूको ज्ञान र सीपको प्रसारको उपयोग गर्न

३. **विषयवस्तु** :

(क) सरोकारवाला पक्षहरूको ज्ञान र सीपको प्रसारका लागि योजना

(ख) सरोकारबालाहरूको ज्ञान र सीपको प्रसारको उपयोग

४. **पूर्वसिकाइ धारणा** :

सहभागी मित्र ! यस अघिका सिकाइ अनुभवका आधारमा निम्नलिखित विषयवस्तुका बारेमा बुँदागत टिपोट गर्नुहोस् :

(क) शिक्षासँग सरोकारवाला पक्षहरूको ज्ञान र सीपको प्रसारका लागि व्यक्तिगत र सामूहिक योजना कसरी निर्माण गर्न सकिएला ?

(ख) सरोकारवालाहरूको ज्ञान र सीपको प्रसारको उपयोग कसरी गर्न सकिएला ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) सरोकारवाला पक्षहरूको ज्ञान र सीपको प्रसारका लागि योजना**

एउटा शिक्षकले आफूलाई पेसागत दृष्टिले सक्षम बनाउन आफ्नो ज्ञान र सीपको उपयोग मात्र पर्याप्त हुँदैन । पेसागत दृष्टिले आफूलाई सक्षम बनाउन शिक्षासँग सरोकार राख्ने सबै पक्षहरूको ज्ञान र सीपको प्रसार गरी त्यसको उपयोग गर्न आवश्यक हुन्छ । यसका लागि सर्वप्रथम शिक्षकले सरोकारवाला पक्षहरू किटान गरी तिनको ज्ञान र सीपको प्रसारका लागि व्यक्तिगत तथा सामूहिक योजना बनाउन आवश्यक हुन्छ । योजना बनाउँदा निम्नलिखित चरणहरूलाई ध्यान दिनुपर्दछ :

१. योजना निर्माण पूर्वको चरण,
२. योजना निर्माणको चरण,
३. योजना कार्यान्वयन चरण,
४. योजना कार्यान्वयन पश्चात्को चरण ।

**१. योजना निर्माणपूर्वको चरण** :

- सरोकारवालाहरूको किटानी गर्ने,
- सरोकारावाला पक्षहरूसँग हुने ज्ञान र सीपको पूर्वानुमान गर्ने,

- व्यक्तिगत वा सामूहिक योजना निर्माणका पूर्वाधार तयार गर्ने,
- योजना निर्माण र कार्यान्वयनका लागि साधनस्रोतको उपलब्धता र समय व्यवस्थापनलाई ध्यान दिने ।

२. **योजना निर्माणको चरण**

- समस्या पहिचान गर्ने,
- समस्याको समाधानका सम्भावित विकल्पहरूको छनोट गर्ने,
- उत्तम विकल्प छनोट गर्ने,
- योजनाका लक्ष्य र उद्देश्य तय गर्ने,
- नीति, रणनीति र कार्यक्रम निर्क्योल गर्ने,
- आवश्यक साधनस्रोतको प्रक्षेपण र बाँडफाँड गर्ने,
- योजनालाई अन्तिम रूप दिने र स्वीकृति लिने ।

३. **योजना कार्यान्वयनको चरण**

- स्वीकृत योजना कार्यान्वयनका लागि तयारी गर्ने,
- योजनाको व्याख्या र सरोकारवालाहरूसँग प्रबोधीकरण गर्ने,
- योजना कार्यान्वयनका लागि साधनस्रोत र समय व्यवस्थापन गर्ने,
- कार्यक्रम कार्यान्वयन गर्ने,
- अनुगमन र सुपरिवेक्षण गर्ने ।

४. **कार्यान्वयनपश्चात्को चरण**

- योजनाको अनुगमनका निष्कर्षका रूपमा लैजाने,
- कार्यान्वयनको मूल्याङ्कन गर्ने,
- पृष्ठपोषण प्राप्त गर्ने,
- प्राप्ति र निष्कर्षलाई अभिलेखीकरण गर्ने,
- प्राप्ति र निष्कर्षलाई उपयोग गर्ने,
- पुनर्योजना गर्ने ।

यसरी योजना निर्माण एवम् कार्यान्वयन गर्दा योजना कार्यान्वयनमा संलग्न हुने जनशक्ति र समयलाई विशेष ध्यान दिन जरुरी हुन्छ । नेपाली भाषाशिक्षणका सन्दर्भमा सरोकारवाला पक्षहरूको ज्ञान, सीपको प्रसारका लागि योजना बनाउँदा व्यक्तिगत र सामूहिक गरी दुई ढङ्गबाट योजना निर्माण गर्न सकिन्छ ।

(१) **व्यक्तिगत योजना** : भाषाशिक्षणमा योजना बनाउँदा कक्षाकोठाभित्रका समस्याहरू समाधान गर्न सरोकारवालाहरूको ज्ञान र सीपको प्रसारको उपयोग गर्न व्यक्तिगत योजना आवश्यक हुन्छ । नेपाली भाषाशिक्षकले सरोकारवालाहरूको ज्ञान, सीपको प्रसारका लागि व्यक्तिगत योजना बनाउँदा

विद्यार्थीसँग सम्बन्धित भाषिक समस्या, शैक्षिक सामग्री र तिनको प्रयोग शिक्षणविधिमा विविधता, निरन्तर विद्यार्थी मूल्याङ्कन, समावेशी शिक्षण प्रक्रिया र प्रभावकारी कक्षाकोठा व्यवस्थापन गर्दा आइपर्ने विभिन्न भाषिक मुद्दा वा सवाललाई ध्यान दिनुपर्ने हुन्छ । जस्तै :

- मातृभाषामा शिक्षण,
- विद्यार्थी भाषिक, पारिवारिक पृष्ठभूमि,
- भाषिक सम्पर्क र वातावरणको अवस्था,
- भाषिक क्षमता र भाषिकेतर अभिव्यक्ति,
- भाषिक अभिव्यक्तिको गति,
- शब्दभण्डारगत सीमा,
- उच्चारणगत सीमा,
- वर्णविन्यासगत समस्या,
- भाषिक प्रयोगको स्थिति- द्विभाषिकता, बहुभाषिकता,
- मातृभाषाको प्रयोग र प्रभाव
- कक्षा सहभागितामा सक्रियता
- भषिक समझको उपयोग,
- भाषिक सहअस्तित्व ।

शिक्षण योजना, शैक्षिक सामग्रीको निर्माण, छनोट र प्रयोग, विद्यार्थीकेन्द्रित शिक्षण विधि, निरन्तर विद्यार्थी मूल्याङ्कन जस्ता पक्षहरूमा शिक्षकले पेसागत दक्षता अभिवृद्धि गर्न भाषिक सवाल वा समस्यामा केन्द्रित रहेर वैयक्तिक योजना बनाएर कार्यान्वयन गर्न सकिन्छ ।

(२) **सामूहिक योजना** : भाषाशिक्षण प्रक्रियालाई उद्देश्यपूर्ण, प्रभावकारी र समावेशी बनाउन शिक्षकको एकल प्रयास मात्र पर्याप्त हुँदैन । शिक्षकले आफ्नो पेसागत दक्षता अभिवृद्धि गर्न एकल प्रयासका अतिरिक्त सामूहिक योजना निर्माण र कार्यान्वयन आवश्यक हुन्छ । भाषाशिक्षणका सन्दर्भमा सामूहिक योजना निर्माण र प्रयोग गर्दा माथिका वैयक्तिक योजनाका मुद्दा वा सवालका साथै निम्नलिखित भाषिक मुद्दा वा सवाललाई दृष्टिगत गर्नुपर्ने हुन्छ :

- एक भाषिक पद्धति एवम् सामाजिक र क्षेत्रीय विचलन,
- द्विभाषिकता (प्रारम्भिक, निरपेक्ष, अन्तरजातीय र बहुजातीय),
- द्विभाषिकता र भाषिक व्यवस्थापन,
- बहुभाषिकता,
- भाषिक पद्धति र भाषिक व्यवस्थापन,
- बहुभाषिक पद्धति र भाषिक व्यवस्थापन
- भाषिक मृत्यु र भाषिक योजना
- भाषा नीति र त्यसको उपयोग,
- मातृभाषा शिक्षण,
- भाषिक सहअस्तित्व,
- भाषिक स्थानान्तरण,
- भाषिक तल्लिनता,
- भाषिक अधीनता,
- भाषिक सहअस्तित्व र भाषिक न्यायसहितको शिक्षण सिद्धान्त,
- भाषिक संरक्षण र उत्थान,
- वर्णगत, शब्दगत, वर्णविन्यासगत र उच्चारणगत समस्या,
- स्तरीय भाषिक प्रयोग,

- सहयोगात्मक सिकाइ,
- भाषिक समुदायको सहयोग र परिचालन ।

(३) **योजनाको नमुना** : भाषाशिक्षकले बनाउने व्यक्तिगत योजना र भाषाशिक्षण एवम् अन्य सरोकारावाला समेतको सामूहिक योजना निर्माण र कार्यान्वयन गर्दा भाषिक समस्या वा मुद्दाको स्वरूप र प्रकृतिअनुसार योजनाको ढाँचा वा नमुना फरकफरक हुन सक्दछ । तैपनि त्यस्ता योजनामा निम्नलिखित पक्षहरूको संमाविष्टता आवश्यक हुन्छ । जस्तै :

१. भाषिक योजनाको समस्या पहिचान वा कार्य- के गर्ने ?
२. योजनाको उद्देश्य - किन गर्ने ?
३. योजना कसरी सञ्चालन गर्ने ? कार्यविधि/कार्यप्रक्रिया
४. साधन र स्रोतको उपलब्धता - साधनस्रोत कसरी जुटाउने ?
५. समय सीमा - कहिले के गर्ने ?
६. जिम्मेवारी किटान - कसको भूमिका के हुने ?
७. अनुगमन सुपरिवेक्षण संयन्त्र आदि ।

**(ख) भाषाशिक्षण र सिकाइमा सरोकारवालाहरूको ज्ञान र सीपको प्रसारको उपयोग**

भाषाशिषणमा सरोकारावालाहरूको ज्ञान र सीपको प्रयोग गर्न बनाइने योजना र त्यसको प्राप्ति एवम् निष्कर्षलाई कक्षाकोठा व्यवहारमा उतार्न सकिएमा मात्र त्यसको उपादेयता रहन्छ । तसर्थ सरोकारकारवालाहरूको ज्ञान, सीपको प्रयोग गर्न बनाइएको योजनालाई व्यवहारमा उतार्न त्यसको व्यावहारिक उपयोग गर्नुपर्दछ । सरोकारवालाहरूका ज्ञान र सीपको उपयोग गर्दा विभिन्न विधिहरूको उपयोग गर्न सकिन्छ । जस्तै :

- भेटघाट र कुराकानी,
- सामूहिक छलफल,
- अन्तर्क्रिया सञ्चालन,
- गोष्ठी, सेमिनार सञ्चालन,
- भाषिक सङ्घसंस्थासँग अनुभव आदानप्रदान,
- कक्षाकोठामा आमन्त्रण गरी अनुभव आदानप्रदान,
- भाषिक समुदायको क्षेत्रगत भ्रमण,
- पूर्वकार्यहरूको अध्ययन र उपयोग,
- पुस्तकालयीय अध्ययन र उपयोग,
- अध्ययन प्रतिवेदनहरूको उपयोग,
- कार्यगत अनुसन्धानको सहकार्य ।

**(घ) भाषाशिक्षणमा सरोकारवालाहरूको ज्ञान सीपको प्रयोगका क्षेत्रहरू**

भाषाशिक्षणका सन्दर्भमा सरोकारवालाहरूको ज्ञान र सीपको उपयोग गर्दा सरोकारवालाहरूको ज्ञान, सीप र अनुभवले प्रभाव पार्दछ । सरोकारवालाको ज्ञान, सीप र क्षमताको स्तरअनुसार उपायेग गर्न सक्नुपर्दछ । सामाजिक/सामुदायिक भाषिक परिवेश अनुरूप भाषाशिक्षणमा प्रभावकारिता ल्याउन शिक्षणका निम्नलिखित क्षेत्रहरूमा सरोकारवालाहरूको ज्ञान सीपको उपयोग गर्न सकिन्छ :

- भाषा शिक्षणको योजना निर्माण गर्न,

- भाषा शिक्षणमा स्थानीय सामग्रीको प्रयोग गर्न,
- शिक्षण क्रियाकलापलाई विद्यार्थी मैत्री बनाउन,
- शिक्षण कार्यमा रोचकता र विविधता ल्याउन,
- भाषिक सीप विकासको सन्तुलित विकास गर्न,
- भाषिक सिकाइको गुणस्तर वृद्धि गर्न,
- सहकार्यात्मक वा सामूहिक प्रक्रियामा जोड दिन,
- भाषाशिक्षणको परम्परागत पद्धति वा प्रक्रियामा परिवर्तन ल्याउन,
- भाषाशिक्षणका क्रममा देखा पर्ने समस्या न्यून गर्न,
- सिद्धान्त र प्रयोगबीच दूरी कम गर्न,
- भाषाशिक्षण प्रक्रियामा सुधार गर्न,
- भाषाको प्रयोगसम्बन्धी स्थलगत कार्य गर्न,
- शिक्षण सिकाइलाई दिगो बनाउन,
- भाषिक सीपलाई व्यवहारमा उतार्न,
- भाषिक मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउन,
- अन्तर्क्रियात्मक शिक्षण पद्धति अपनाउन,
- सुधारात्मक शिक्षणप्रक्रिया अपनाउन ।

**(ङ) भाषाशिक्षणमा सरोकारावालाहरूको ज्ञान र सीपका प्रयोगका तरिकाहरू**

व्यक्तिले समाजबाट भाषाको आर्जन गर्दछ र सामाजिक सम्पर्क स्थापित गर्न तथा वृद्धि गर्न यसको उपयोग समाजमै गर्दछ । भाषाको आर्जन एकातिर घरपरिवार एवम् छरछिमेकको सम्पर्कबाट स्वतः हुँदै गइरहेको हुन्छ भने अर्कोतिर औपचारिक शिक्षाको माध्यमबाट पनि हुँदै गइरहेको हुन्छ । तसर्थ भाषाशिक्षण गर्दा औपचारिक कक्षाकोठाको एकोहोरो र परम्परागत पद्धतिको उपयोगमात्र फलदायी हुँदैन । त्यसका लागि भाषिक सम्पर्कमा रहने सबै खाले सरोकारवालाहरूको उपयोग गर्न सकिएमा भाषाशिक्षण वास्तविक र चिरस्थायी हुन सक्दछ ।

कुनै पनि भाषाका मौखिक र लिखित माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोग वक्ता र श्रोताको सामिप्यमा हुन्छ । मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । भाषाको लिखित माध्यम मौखिक भाषाकै प्रतिरूप हो । यसबाट मौखिक रूपलाई लिपिबद्ध गर्ने कार्य हुन्छ । तसर्थ भाषाशिक्षण गर्दा लिखित र मौखिक दुवै माध्यमको उत्तिकै उपयोग आवश्यक हुन्छ । लिखित माध्यमको प्रयोग गर्नका लागि शिक्षक स्वयम्को प्रयत्न पर्याप्त हुन सक्दछ तर मौखिक भाषाका माध्यमबाट भाषाशिक्षण गर्न भाषिक सरोकारवालाहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्न सकिएमा मात्र वास्तविक रूपमा

*भाषाशिक्षण प्रक्रियाले जीवन्तता प्राप्त गर्न सक्दछ* । भाषाशिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने मध्यम वा सीपको शिक्षण हो । भाषाशिक्षणले मूलतः भाषिक सीप विकासमा जोड दिनुपर्दछ । भाषिक सीपशिक्षणका क्रममा उच्चारण बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षहरूको शिक्षणका लागि सरोकारवालाहरूको उपयोग महत्वपूर्ण हुन्छ ।

भाषाशिक्षणमा अभ्यासको सर्वाधिक महत्व रहन्छ । जति धेरै अभ्यास गर्न सकियो त्यति नै भाषाका सीप प्राप्त हुन्छन् । त्यस्तै भाषाशिक्षणलाई व्यावहारिक बनाउन सैद्धान्तिक ज्ञानलाई कम महत्व दिनुपर्दछ । भाषाशिक्षण भनेको बोध र अभिव्यक्ति अर्थात् ग्रहण र प्रकटन सीपको सबलता हासिल गराउनुपर्ने शिक्षण भएकाले यसका लागि शिक्षक विद्यार्थीका प्रयत्नका अतिरिक्त वास्तविक भाषिक सरोकारवाला पक्षहरूका ज्ञान सीपको उपयोगले ज्यादै महत्व राख्दछ । भाषाशिक्षणमा सरोकारवालाहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्दा निम्न अनुसारका भाषिक सिद्धान्तहरूलाई कक्षाकोठामा प्रभावकारी रूपमा उपयोग गर्न सकिन्छ :

- वैयक्तिक भिन्नता अनुसारको शिक्षण,
- अभ्यास र पुरावृत्ति,
- रुचिपूर्णता,
- कक्षा सहभागितामा वृद्धि,
- स्तरीयता र उपयुक्तता,
- शिक्षण विधिमा विविधता,
- पूरक सामग्रीको प्रयोग,
- एककालिकता,
- निरन्तर विद्यार्थी मूल्याङ्कन,
- भाषिक समझको उपयोग,
- भाषाशिक्षणका प्रस्तावित, वर्णनात्मक र उत्पादनात्मक पद्धतिको उपयोग,
- प्राकृत वा नैसर्गिक पद्धतिको उपयोग,
- सम्प्रेषणात्मक पद्धतिको उपयोग (Communicative approach),
- अनुवाद र प्रत्यक्ष विधिको उपयोग ।

उपर्युक्त भाषिक सिद्धान्तहरूलाई कक्षाकोठा व्यवहारमा ल्याउने क्रममा सरोकारवालाहरूको ज्ञान र सीपलाई उपयोग गर्न विभिन्न तरिकाहरू प्रयोगमा ल्याउन सकिन्छ । स्थानीय सामाजिक सामुदायिक भाषिक परिवेश र आवश्यकताअनुसार भाषाशिक्षणमा विभिन्न तरिकाहरू प्रयोगमा ल्याउन सकिन्छ । केही उदाहरण यसप्रकार छन् :

- पूर्वज वा पुर्खाबाट प्राप्त ज्ञान, सीप र अनुभवको प्रयोग,
- पारस्परिक सूचनाहरूको आदानप्रदान,
- पूर्वकार्यहरूको अध्ययन र त्यसको प्रयोग,
- कक्षाकोठा भित्रका द्विभाषिक, बहुभाषिक स्थितिको निर्क्योल,
- द्विभाषिक तथा बहुभाषिकताका आधारमा अपनाउने शिक्षण रणनीतिको छनोट,
- स्थानीय भाषिक समुदायसँगको अन्तरसम्बन्ध स्थापना,
- स्थानीय साधन र स्रोतको उपयोग गरेर भाषा शिक्षणमा मातृभाषाको सहयोग लिन,
- भाषिक शिक्षणका क्रममा देखा पर्ने त्रुटिहरूको पहिचान गर्न,

- भाषिक त्रुटिविश्लेषण गरी तिनको निराकरण गरेर,
- स्थानीयस्तरको भाषिक समुदायको ज्ञान र सीपको उपयोग गरेर ।

यसरी विभिन्न विधि, तरिकाहरूको प्रयोग गर्दै स्थानीय तहका सरोकारवालाहरूको ज्ञान र सीपको उपयोग गरी भाषाशिक्षणलाई व्यावहारिक, उपयोगी र दिगो बनाउन सकिन्छ ।

६. **आत्ममूल्याङ्कन :**

ज्ञान र सीपको प्रसारसम्बन्धी विषयवस्तुको अध्ययनबाट तपाईंले अनुभूत गरेका पाँचओटा बुँदाहरू टिपोट गर्नुहोस् ।

# एकाइ – तीन

१. **शीर्षक** : कक्षागत/कार्यगत अनुसन्धान

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कार्यमूलक/कक्षागत अनुसन्धानको परिचय दिन

(ख) कार्यगत अनुसन्धानमा प्रतिबिम्बन पद्धतिको प्रयोग गर्न

(ग) भाषाशिक्षणमा कार्यमूलक/कक्षागत अनुसन्धानको महत्व स्पष्ट पार्न

(घ) कक्षागत अनुसन्धानका विभिन्न स्वरूपहरू उल्लेख गर्न

(ङ) कार्यमूलक/कक्षागत अनुसन्धानको प्रक्रिया अबलम्बन गर्न

३. **विषयवस्तु** :

(क) कक्षागत/कार्यगत अनुसन्धान

४. **पूर्वसिकाइ धारणा** :

शिक्षण मित्र ! तलको सामग्री अध्ययन गरी तपाईंका अनुभवसँग सादृश्य गराउनुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) कार्यमूलक/कक्षागत अनुसन्धानको परिचय**

**१. कार्यमूलक अनुसन्धान**

सामान्यतया अनुसन्धान भनेको नवीनतम प्रक्रियाबाट खोज गर्ने नयाँ ज्ञान तथा सिद्धान्तको प्रतिपादन गर्ने र भइरहेको ज्ञान तथा सिद्धान्तको प्रयोग तथा परीक्षण गर्ने कार्य हो । यो आधारभूत तथा प्रायोगिक अनुसन्धान हो । तर कार्यमूलक अनुसन्धान आफ्नो कार्यसँग सम्बन्धित हुन्छ । यस्तो अनुसन्धानले कुनै सिद्धान्त प्रतिपादन नगरी व्यावहारिक कठिनाइ एवम् समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ । समग्रमा भन्नुपर्दा कुनै निश्चित कार्यमा संलग्न व्यक्तिद्वारा आफ्नो कार्यक्षेत्रभित्र रहेर सञ्चालित गरिने, आफ्नो कार्यमा देखिएका समस्यामा केन्द्रित हुने र अनुसन्धानबाट प्राप्त निष्कर्ष वा उपलब्धिलाई कार्यान्वयनमा ल्याउने प्रक्रियाका रूपमा कार्यमूलक अनुसन्धानलाई लिन सकिन्छ । यस्तो अनुसन्धानमा अनुसन्धानकर्ता र कार्यान्वयनकर्ता एउटै व्यक्ति हुन्छ ।

**२. कार्यमूलक अनुसन्धानको स्वरूप**

- यो आफ्नो कार्यसँग सम्बन्धित हुन्छ,
- सामान्यतया सानो स्केलमा अनुसन्धान गरिन्छ,
- जसले अभ्यास गर्दछ, उसले नै अनुसन्धान गर्दछ,
- आफूले गर्ने अभ्यास वा कार्यमा देखिने कमीकमजोरी हटाउने, सुधार गर्ने उद्देश्यबाट यो सञ्चालित हुन्छ,
- सिद्धान्त र प्रयोगबीचको दूरी कम गर्न सघाउँछ,
- आफ्नो कार्यप्रणालीमा सुधार गर्नु प्रमुख उद्देश्य हुन्छ,
- समस्याको कारण र विश्लेषणमा आधारित हुन्छ,

- समस्याकेन्द्रित अवलोकन, निरीक्षण र साधारण साधनको प्रयोग हुन्छ । अर्थात् सामान्यरूपमा तथ्याङ्कशास्त्रको उपयोग गरेर, निरीक्षण अवलोकन गरेर पनि विश्लेषण हुन्छ,
- तत्कालको समस्यासँग सम्बन्धित हुन्छ ।

**३. कक्षागत अनुसन्धान**

कक्षाकोठालाई मूल आधार मानेर गरिने कार्यगत अनुसन्धान कक्षागत अनुसन्धान हो । विशेषतः कक्षाकोठाभित्र हुने शिक्षणसिकाइ क्रियाकलापमा सुधार गर्ने उद्देश्यबाट गरिने अनुसन्धानलाई कक्षागत अनुसन्धान भनिन्छ । कक्षाकोठाभित्रको शिक्षणकार्यको विद्यार्थीमा कस्तो प्रभाव पर्‍यो ? केकसरी पढाउँदा उनीहरूको सिकाइमा थप मदत पुग्छ भनेर व्यवस्थित अध्ययनका रूपमा कक्षागत अनुसन्धानलाई लिन सकिन्छ ।

**४. कक्षागत अनुसन्धानको स्वरूप**

- यो शिक्षणसिकाइसँग प्रत्यक्षरूपमा सम्बन्धित हुन्छ,
- यो मूलतः सुधारात्मक स्वरूपको हुन्छ,
- यो अन्तर्क्रियात्मक र बहुकेन्द्रित हुन्छ,
- यो वास्तविक र ठोस हुन्छ,
- यो सन्दर्भमा आधारित हुन्छ,
- वास्तविक सिकाइ भएनभएको हेरिन्छ,
- कक्षाकोठामै केन्द्रित हुन्छ,
- अन्तर्क्रियालाई प्रधानता दिइन्छ,
- शिक्षकको शिक्षण व्यवहारलाई पनि केलाउँछ,
- सिकाइलाई प्रक्रिया (Process) का रूपमा हेर्दछ,
- सहकार्यात्मक वा सामूहिक प्रक्रियामा जोड दिन्छ,
- कक्षाकोठाभित्रका शिक्षण सिकाइ क्रियाकलापहरूको विश्लेषण गरी पृष्ठपोषण प्राप्त गर्दछ,
- कक्षाकोठाभित्रको विविधतालाई ध्यान दिई शिक्षण सिकाइ भएनभएको अध्ययन गर्दछ ।

**(ख) कार्यगत अनुसन्धानमा प्रतिबिम्बन पद्धतिको प्रयोग**

शिक्षणसिकाइ प्रक्रियाका व्यावहारिक कठिनाइ एवम् समस्या पत्ता लगाई तिनको समाधानको उपायको खोजी गर्नु नै कार्यगत उद्देश्यको मूल प्रयोजन हो । यसलाई व्यवस्थित र नतिजा केन्द्रित बनाउन र यसको उपयोग गर्दा निश्चित प्रक्रिया अवलम्बन गर्न आवश्यक हुन्छ । Kemmis & MC Taggrat (1988) का अनुसार कार्यमूलक अनुसन्धानका निम्नलिखित प्रक्रिया हुन्छन् :

- योजना गर्ने (Planning)
- कार्य गर्ने (Acting)
- अवलोकन गर्ने (Observing)
- प्रतिबिम्बन गर्ने (Reflecting)

यो ढाँचाले कार्यमूलक अनुसन्धान चक्रीय पद्धतिमा आधारित भएको देखाउँछ । कार्यमूलक अनुसन्धान गर्दा निम्नलिखित कुरामा हाम्रो प्रतिबिम्बन केन्द्रित हुनुपर्ने देखिन्छ :

१. हामीले हाम्रो शिक्षणसिकाइ क्रियाकलापका पद्धति वा प्रक्रियामा कसरी सुधार गर्न सक्छौं ?
२. हाम्रा प्रयास/अभ्यासहरू पर्याप्त मात्रामा किन फलदायी हुन सकिरहेका छैनन् ?
३. हामीले आफ्नो पेसागत दक्षता विकास गरी हाम्रा प्रयत्न वा अभ्यासमा देखिएका कमीकमजोरी कसरी हटाउन सक्छौं ?

प्रतिबिम्बनले अहिलेसम्म आफूले गरेका कामहरूको परिणाम के भयो, अपेक्षाकृत परिवर्तन भयो कि भएन, कार्यगत अनुसन्धानको योजनाले अपेक्षा गरेका सुधारहरू भएभएनन्, कुनकुन पक्ष राम्रा रहे, कुनुकन पक्ष नराम्रा रहे भनेर चिन्तनमनन गरी वास्तविकता महसुस गर्नु वा अनुभूति गर्नु प्रतिबिम्बन हो । कामका सिलसिलामा के अनुभव प्राप्त भयो, आगामी दिनका लागि कस्ता रणनीति अपनाउनुपर्छ, पहिलेको काममा केकस्ता सुधार गर्नुपर्छ भन्ने कुराको निष्कर्षमा पुग्ने उपायका रूपमा प्रतिबिम्बनलाई लिन सकिन्छ ।

एउटा भाषा शिक्षकले आफूले गरेका कार्यको मूल्याङ्कन गर्ने प्रथम जिम्मेवारी ऊ आफैँको हो । मैले शिक्षण सिकाइ प्रक्रिया अपनाउँदा केकस्ता कमीकमजोरी गरेँ, केकस्ता राम्रा कार्य गरेँ, आगामी दिनमा कसरी अगाडि बढ्नुपर्ला भनेर स्वमूल्याङ्कन गर्नका लागि आफ्ना हरेक क्रियाकलापको प्रतिबिम्बन गर्न आवश्यक हुन्छ । निम्नलिखित पक्षमा खोजिनीति गरी प्रतिबिम्बन प्राप्त गर्नुपर्छ :

- मैले तयार गरेका शैक्षणिक योजना पर्याप्त छन् छैनन् ?
- पाठ्यक्रमको मर्मअनुसार शिक्षणसिकाइ प्रक्रिया सञ्चालन छ, छैन ?
- भाषिक विविधतायुक्त कक्षामा पहिलो भाषाशिक्षण र दोस्रो शिक्षणका मान्यताअनुसार शिक्षण गर्न म सफल छु छैन ?
- मैले प्रयोग गरेका शिक्षण विधि र रणनीति उपयुक्त छन् छैनन् ?
- शिक्षण प्रक्रियाले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया वा सुधारात्मक शिक्षण प्रक्रियाको अवलम्बन गर्न सकेको छ, छैन ?
- मैले शिक्षण सिकाइको क्रियाकलाप सञ्चालनको क्रममा व्यक्तिगत र पेसागत मूल्य मान्यता, मर्यादा र पहिचान कायम गर्न सकेको छु, छैन ?
- के मैले सामाजिक विविधताको व्यवस्थापन गरी समाहित शिक्षण पद्धति अपनाउन सकेको छु ?
- के मैले आफ्नो स्वमूल्याङ्कन गरेर पृष्ठपोषण प्राप्त गरी आफ्नो कार्यमा सुधार गर्ने गरेको छु ? आदि ।

**(ग) भाषाशिक्षणमा कार्यमूलक कक्षागत अनुसन्धानको महत्व**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवम् विविध भौगोलिक एवम् आर्थिक पृष्ठभूमि भएका मानिसहरूको बसोबास भएको देश हो । त्यसैले हाम्रा कक्षाकोठामा विभिन्न पृष्ठभूमिमा वालबालिकाहरू हुन्छन् । त्यसैले भाषाशिक्षणमा कार्यगत कक्षागत अनुसन्धानको महत्वलाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ :

- कक्षाकोठाको भाषिक विविधताको पहिचान गर्न,
- दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्या पहिचान गरी तिनको निराकरण गर्न,
- पहिलो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्या पहिचान गरी तिनको समाधान गर्न,
- माध्यम भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा आउने समस्या पहिचान गरी तिनको समाधान गर्न,
- मातृभाषाका माध्यमबाट शिक्षण गर्ने उपायहरू सुझाउन,
- भाषाशिक्षणसम्वन्धी विविध समस्या पहिचान गरी तिनको समाधान गर्न,
- त्रुटिपहिचान गरी विश्लेषण गरेर तिनको निराकरण गर्न,
- भाषाभाषीबीच एकताको सूत्रमा बाँध्ने उपायहरू पहिचान गरी प्रयोगमा ल्याउन,
- भाषाशिक्षणसम्बन्धी क्रियाकलापमा विविधता ल्याउने उपायहरूको खोजी गरी प्रयोगमा ल्याउन,
- शैक्षणिक क्रियाकलाप र विधिको प्रयोगमा विविधता ल्याउन,
- भाषिक मूल्याङ्कनमा सुधार गर्न,
- पेसागत रूपमा भाषाशिक्षक सक्षम बन्न ।

**(घ) कार्यमूलक कक्षागत अनुसन्धान स्वरूपहरू**

कक्षागत कार्यमूलक अनुसन्धान कार्यमा संलग्न हुने व्यक्तिहरूका आधारमा उक्त अनुसन्धानका स्वरूपलाई विभिन्न ढङ्गले हेर्न सकिन्छ । नेपाली भाषाशिक्षणका सन्दर्भमा कार्यमूलक कक्षागत अनुसन्धानलाई निम्नानुसार वर्गीकरण गरी हेर्न सकिन्छ :

१. शिक्षकद्वारा गरिने अनुसन्धान, २. अनुभवमा आधारित अनुसन्धान,

३. विद्यार्थीद्वारा गरिने अनुसन्धान, ४. सामूहिक अनुसन्धान ।

**१. शिक्षकद्वारा गरिने अनुसन्धान**

कक्षागत वा कार्यमूलक अनुसन्धान मूलतः शिक्षकद्वारा गरिन्छ । यस अनुसन्धानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- कक्षाकोठाको शिक्षणसिकाइ सुधार गर्न सञ्चालन गरिने विशेष प्रकारको अनुसन्धानलाई शिक्षकद्वारा गरिने अनुसन्धान भनिन्छ,
- यसबाट भाषाशिक्षणका क्रममा आएका समस्या समाधानमा सहयोग पुऱ्याउँछ,
- शिक्षकद्वारा गरिने अनुसन्धानले भाषाशिक्षणसम्बन्धी ज्ञान, सीपका साथै क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउँछ,
- शिक्षकको कार्यकुशलता र कार्य प्रभावकारिता ल्याउन सहयोग पुऱ्याउँछ,
- भाषाशिक्षण र अनुसन्धान सँगसँगै अगाडि बढाउन सहयोग पुऱ्याउँछ,
- शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धमा नयाँनयाँ प्रविधिको उपयोगमा सहयोग पुग्छ,
- त्रुटिपहिचान गरी तिनको विश्लेषण गरेर कक्षाकोठामा प्रयोग गर्न सहयोग पुग्छ,
- विशेषत शिक्षणसिकाइका क्रममा भाषिक मूल्याङ्कनमा आइपरेका समस्या समाधानका उपाय ठम्याउन सहयोग पुग्छ ।

**२. विद्यार्थीद्वारा गरिने अनुसन्धान**

भाषाशिक्षणका क्रममा आउने विविध प्रकारका समस्याहरू समाधान गर्न विद्यार्थीद्वारा गरिने अनुसन्धानको स्वरूपलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

- एकल वा सामूहिक रूपमा विद्यार्थीद्वारा भाषिक सीप आर्जनका क्रममा आइपर्ने समस्या पहिचान गरी तिनको न्यूनीकरण गर्न सहयोग पुग्ने,
- विद्यार्थीलाई निश्चित मार्गदर्शन प्रदान गर्ने कार्य शिक्षकबाट हुने तर उनीहरू आफ्नो काम गर्न स्वतन्त्र हुने,
- प्रथम भाषाका रूपमा र दोस्रो भाषाका रूपमा नेपाली बोल्नेहरू फरकफरक समूहमा रही वा छ्यासमिसे रूपमा समूहगत वा एकलरूपमा अनुसन्धान गर्न सक्ने,
- एउटै मातृभाषा हुनेहरूका साझा समस्यामा केन्द्रित भई अनुसन्धान गर्दा समाधानको उपाय निकाल्न सहज हुने,
- प्रथम भाषाका रूपमा नेपाली प्रयोग गर्ने बीच हुने प्रयोगको विविधता न्यून गर्न, सामूहिक अनुसन्धान गर्न सकिने,
- प्रयोगात्मक कार्य, समूहकार्य, परियोजना कार्य, भाषिक प्रयोगको स्थिति, त्रुटिविश्लेषण, शब्दभण्डारको प्रयोग, शुद्धप्रयोग आदिका सम्बन्धमा विद्यार्थी अनुसन्धान गर्न सकिने,
- विभिन्न भाषिक समुदायमा गई भाषाको प्रयोगसम्बन्धी स्थलगत अनुसन्धान गर्न सकिने।

**३. अनुभवमा आधारित अनुसन्धान**

भाषाशिक्षणका क्रममा आउने विविध प्रकारका समस्या समाधान गर्न, भाषिक सीप विकासका लागि विभिन्न नयाँ विधि र तरिका प्रयोगमा ल्याउन, एक भाषिक समूहका अनुभव अर्को भाषिक समूहसँग आदानप्रदान गर्न र भाषिक सीपसम्बन्धी विविध प्रकारका अनुभवहरू एकापसमा आदानप्रदान गरी

भाषिक सीपशिक्षण तथा भाषिक सीपविकासमा सहयोग पुऱ्याउन अनुभवमा आधारित अनुसन्धान गर्न सकिन्छ । अनुभवका आधारमा गरिने अनुसनधानका लागि परिपक्व अनुभवको आवश्यकता पर्दछ । भाषाशिक्षणका क्रममा शिक्षकका आफ्ना सजीव अनुभवहरूको प्रयोग गर्न अनुभवजन्य अनुसन्धान प्रक्रिया अवलम्बन गरेर भाषिक सीप विकासका लागि उपयुक्त उपायहरू अपनाउन सक्दछ । यसका लागि विभिन्न भाषाविद्, प्राध्यापक, विशेषज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक, भाषिक समुदाय आदिको उपयुक्त सहयोग लिन सकिन्छ । उनीहरूको सहयोगका माध्यमबाट भाषाशिक्षणमा आइपरेका विविध कठिनाइको न्यूनीकरकण गर्न तथा विविध भाषिक समुदायका बालबालिकामा उपयुक्त किसिमको भाषिक क्षमता विकासका लागि अनुभवमा आधारित अनुसन्धानले सहयोग पुऱ्याउँछ ।

अनुभवजन्य अनुसन्धानका लागि भाषिक समुदाय र भाषाका वक्ताहरूका अनुभवहरूको पनि आदानप्रदान गर्न सकिन्छ । यसो गर्नाले भाषिक प्रयोगको वास्तविक अवस्था थाहा पाई त्यसअनुसार सम्बन्धित भाषिक समुदायका केटाकेटीहरूका भाषाशिक्षणसम्बन्धी कठिनाइहरू न्यूनीकरण गर्न सकिन्छ ।

**४. सामूहिक अनुसन्धान**


दुई वा दुईभन्दा बढी व्यक्ति मिलेर एउटै उद्देश्य परिपूर्तिका लागि गरिने अनुसन्धान सामूहिक अनुसन्धान हो । भाषाशिक्षक, भाषासँग सम्बन्धित अन्य पक्षहरू समूहमा मिलेर एउटा कुनै भाषिक मुद्दा वा सवालका सम्बन्धमा गरिने अनुसन्धान पनि सामूहिक अनुसन्धान हो । सामूहिक रूपमा अनुसन्धान गर्दा समूहमा संलग्न हुने सबैका ज्ञान, सीप र अनुभवहरूको अदानप्रदान हुने र सबैका ज्ञान, सीप अनुभवहरूको सँगालोले भाषासम्बन्धी कुनै मुद्दा वा समस्या समाधानमा सहकार्यात्मक वातावरण प्राप्त हुने हुन्छ । यसमा सामूहिक प्रयत्न हुने हुँदा समस्या समाधानका धेरै विकल्पहरू आउने र तीमध्ये उपयुक्त र स्तरीय विकल्प छनोट गर्ने अवसर प्राप्त हुन्छ ।

सामूहिक अनुसन्धानबाट शिक्षकहरू विद्यालयमै बसेर पेसागत दक्षता अभिवृद्धि गर्नुका साथै भाषाशिक्षणको लागि नयाँनयाँ विधि र माध्यमको उपयोग गर्न सक्दछन् । सामूहिक कार्यले उनीहरूबीच कार्यसञ्जाल तयार गर्न र आफूहरूलाई नियमित रूपमा अद्यावधिक गर्न समेत सहयोग पुग्दछ । सामूहिक प्रयत्नमा केवल शिक्षकहरू मात्र सहभागी नभई विद्यार्थी, अभिभावक र सम्बन्धित भाषिक समूहसमेत समाहित हुन सक्दछन् । भाषाशिक्षणका लागि नयाँनयाँ शैलीहरूको खोजी, नियमित अवलोकन, कार्यक्षेत्रमा नै ज्ञान सीप सिक्ने र अनुभवको आदानप्रदान गर्ने वातावरण यस खालको अनुसन्धानमा हुने गर्दछ । सामूहिक रूपमा गरिने अनुसन्धानमा अनुसन्धानकर्ताहरूको बीचमा जिम्मेवारी बोध हुने भएकाले यसले उनीहरूमा कामप्रति जिम्मेवार बनाउन सहयोग पुऱ्याउँछ । द्विभाषिक, बहुभाषिक समस्याहरू समाधान गर्न, भाषिक व्यवस्थापन गर्न एकल प्रयासले कठिन हुने भएकाले सामूहिक प्रयत्न फलदायी हुने गर्दछ । भाषिक असमानताका कारण पछाडि परेका समुदायको विकासका लागि गर्नुपर्ने कार्यहरू यकिन गर्न पनि सामूहिक प्रयत्न आवश्यक हुन्छ । त्यस्तै अन्तर्राष्ट्रिय भाषा, माध्यम भाषा र मातृभाषाबीचको सम्बन्ध एवम् एकापसमा तिनको

प्रभावको छानबिन गरी भाषाशिक्षणको उपयुक्त तरिका, विधि र पद्धति सुल्फाउन सामूहिक अनुसन्धान उपयोगी हुन्छ । त्यस्तै भाषा विकासका निम्ति भाषायोजना तर्जुमा गरी तिनमा मानकको चयन, शब्दकोश र व्याकरण निर्माणका साथै भाषिक संस्थाहरूबीच समन्वय जस्ता कार्यमा सामूहिक अनुसन्धान फलदायी हुन जान्छ । भाषिक सहअस्तित्व, भाषिक संरक्षण, भाषिक उत्थानका लागि सामूहिक प्रयास महत्वपूर्ण हुन्छ ।

**(ङ) कार्यमूलक/कक्षागत अनुसन्धानको प्रक्रिया**

कार्यमूलक/कक्षागत अनुसन्धानको समस्याअनुसार अनुसन्धानको प्रक्रिया फरकफरक रूपले सञ्चालन गर्न सकिने भए पनि मूलतः यसका लागि निम्नानुसारको नमुना वा ढाँचाको प्रयोग गर्न सकिन्छ :




**६. आत्ममूल्याङ्कन**

माथिको विषयवस्तुबाट तपाईं निम्नलिखित विषयवस्तुका सम्बन्धमा स्पष्ट हुनुभयो त ? आत्मसमीक्षा गर्नुहोस् :

(क) कार्यमूलक अनुसन्धानको परिचय

(ख) कार्यगत अनुसन्धानमा प्रतिबिम्बन पद्धतिको प्रयोग

(ग) भाषाशिक्षणमा कक्षागत/कार्यमूलक अनुसन्धानको महत्व

(घ) कक्षागत अनुसन्धानका विभिन्न स्वरूपहरू

(ङ) कक्षागत/कार्यमूलक अनुसन्धानको प्रक्रिया

## एकाइ - तीन

१. **शीर्षक** : भाषाशिक्षणमा कार्यमूलक अनुसन्धान

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) भाषाशिक्षणमा कार्यमूलक अनुसन्धानका प्रमुख समस्या/क्षेत्रहरू पहिचान गर्न,

(ख) भाषाशिक्षणमा कार्यगत/कक्षागत अनुसन्धानका व्यक्तिगत र समूहगत योजना तयार पार्न,

(ग) नेपाली भाषाशिक्षणमा कक्षागत कार्यमूलक अनुसन्धानको प्रयोग गर्न ।

३. **विषयवस्तु** :

भाषाशिक्षणमा कार्यमूलक अनुसन्धान

४. **पूर्वसिकाइ धारणा** :

प्रशिक्षार्थी मित्र ! तपाईंले भाषाशिक्षणका सन्दर्भमा कार्यमूलक अनुसन्धान गर्ने क्रममा आइपर्ने प्रमुख समस्याहरूको सूचीकरण गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(१) भाषाशिक्षणमा कार्यमूलक अनुसन्धान**

राष्ट्रभाषा नेपाली भएकाले स्तरीय नेपाली भाषाशिक्षणको आवश्यकता टड्कारो रूपमा रहन्छ । विचारविनिमयको प्रमुख साधनका रूपमा नेपाली भाषाको विकास गर्न, शिक्षण गर्दा आइपर्ने विभिन्न समस्याहरू पहिचान गरी तिनको न्यूनीकरण गर्न आवश्यक हुन्छ । त्यस्तै भाषिक स्थानान्तरण, भाषिक प्रभाव, भाषिक अधीनता, भाषिक सहअस्तित्व, भाषिक संरक्षण, भाषिक उत्थान, भाषिक मानकीकरण र उन्नयन जस्ता भाषिक व्यवस्थापनका मुद्दाहरूलाई दृष्टिगत गर्दै नेपाली भाषाशिक्षण गर्न आवश्यक हुन्छ ।

नेपाली भाषाशिक्षणका सन्दर्भमा आइपर्ने विविध प्रकारका समस्याहरूलाई निम्नलिखित शीर्षकभित्र समूहीकृत गरी तिनका बारेमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ :

(क) बहुभाषिक कक्षाका समस्याहरू
(ख) भाषिक त्रुटि र विश्लेषण
(ग) शब्दभण्डारको विकास
(घ) अन्तर्भाषिक अवस्था र प्रभाव

**(क) बहुभाषिक कक्षाका समस्याहरू**

नेपाली भाषाशिक्षणका सन्दर्भमा सबैभन्दा बढी समस्या हुने पक्ष भनेको बहुभाषिक कक्षाको व्यवस्थापन र भाषाशिक्षण हो । नेपालका अधिकांश विद्यालयका कक्षाकोठामा बहुभाषिक विद्यार्थी हुनेहुनाले पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली पठनपाठन गराउँदा आउने समस्या पहिचान गरी तिनको न्यूनीकरण गर्नका लागि कक्षागत अनुसन्धान आवश्यक हुन्छ । पहिलो भाषाशिक्षणका रूपमा नेपाली भाषाशिक्षण गर्दा निम्नलिखित पक्षमा ध्यान दिनुपर्दछ :

- भाषामा रहेका सामाजिक र क्षेत्रीय विचलनहरूबाट उत्पन्न त्रुटिको निराकरण,
- स्तरीय र मानक शब्दभण्डार,

- स्तरीय कथ्य भाषाअनुसार वाक्य निर्माण गर्न सक्ने क्षमताको विकास,
- दैनिक प्रयोगमा आउने भाषिक सीपको विकास,
- अन्तर्क्रिया, छलफल, संवाद, वादविवाद आदिमा सहभागी हुने क्षमता,
- नेपाली भाषाको वर्णविन्यास, विराम चिह्नसम्बन्धी व्यवस्था,
- लिखित तथा मौखिक रूपमा आफ्ना सिर्जनात्मक अनुभूतिहरूलाई अभिव्यक्त गर्न सक्ने क्षमता विकास ।

**दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा ध्यान दिनुपर्ने पक्षहरू**

- कक्षाकोठामा रहेको बहुभाषिकताको स्थितिको निर्क्योल,
- कक्षामा भएका बहुभाषिक विद्यार्थीहरूको उपयुक्त समूह निर्माण,
- द्विभाषिक र बहुभाषिकताका आधारमा अपनाउने शिक्षण रणनीति,
- बहुभाषिक कक्षामा स्थानीय भाषासँग घुलमिल,
- स्थानीय चाडपर्व, रहनसहन संस्कृति आदिसँग परिचय,
- बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्दा स्थानीय माध्यमबाट प्राप्त शैक्षिक सामग्री वा साधनको उपयोग,
- बहुभाषिक कक्षामा नेपाली सिकाउँदा विशेष गरेर प्रत्यक्ष र संरचनात्मक विधिका साथै संज्ञानात्मक विधिको पनि समुचित रूपमा प्रयोग,
- श्रव्यदृश्य सामग्रीको प्रयोग
- त्रुटिहरूको कारण र निदान र समस्या ।

**(ख) भाषिक त्रुटि र विश्लेषण**

भाषाका रूपमा होस् वा दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा होस् भाषाशिक्षणमा बारम्बार दोहोरिने समस्या भनेको भाषिक त्रुटि हो । हुन त भाषा आर्जित वस्तु हो त्यसैले भाषासिकाइ त्रुटिविहीन हुन सक्दैन । भाषाशिक्षणका क्रममा देखिने विभिन्न खालका भुल वा गल्तीहरू नै भाषाशिक्षणका त्रुटि हुन् । भाषाशिक्षकले भाषिक सिकाइमा हुने त्रुटिहरू पहिचान गरी तिनको निराकरणात्मक उपाय ठम्याउन कक्षागत अनुसन्धान गरी त्यसको निष्कर्षलाई प्रयोगमा ल्याउन आवश्यक हुन्छ । भाषाशिक्षणका क्रममा हुने त्रुटिहरूको स्वरूप पहिचान गरी यसलाई कक्षागत अनुसन्धानको अभिन्न अङ्ग बनाउन आवश्यक हुन्छ । भाषिक त्रुटिसम्बन्धी कक्षागत अनुसन्धानमा निम्नलिखित पक्षहरूलाई जोड दिन सकिन्छ :

- त्रुटिका क्षेत्रहरू पहिल्याउने,
- त्रुटिका स्वरूप र स्रोत पहिचान गर्ने,
- त्रुटिको निराकरणका उपाय पत्ता लगाउने,
- त्रुटिको प्रकृति र त्रुटिक्षेत्रअनुसार स्वभाविक भाषाशिक्षण प्रक्रियाको उपाय सुझाउने,

- विद्यार्थी स्वयम्‌ले आफ्ना त्रुटि थाहा पाई त्यस्ता त्रुटि नदोहोऱ्याउन सजग र सतर्क रहने उपाय सुझाउने,
- त्रुटिविश्लेषण गरी निराकरणात्मक उपाय अवलम्न गर्ने ।

**(ग) शब्दभण्डारको विकास**

भाषाको समुचित विकासका लागि शब्दभण्डारको विकासले महत्वपूर्ण भूमिका खेल्ने हुनाले कक्षाकोठामा आउने शब्दको प्रयोग, शब्दभण्डारको विकास आदिका लागि उपयुक्त खालका अनुसन्धान गर्नुपर्दछ । नेपाली भाषालाई पहिलो भाषा र दोस्रो भाषाका रूपमा प्रयोग गर्ने दुवै खाले विद्यार्थीमा शब्दभण्डारसम्बन्धी विविध समस्या हुने र मूलतः दोस्रो भाषाका रूपमा नेपाली अध्ययन गर्ने विद्यार्थीको शब्दभण्डारको विकासका लागि कार्यमूलक कक्षागत अनुसन्धान बढी फलदायी हुन जान्छ ।

**(घ) अन्तर्भाषिक अवस्था र प्रभाव**

हाम्रा कक्षाकोठामा विविध भाषाभाषी विद्यार्थी हुने भएकाले एउटाको भाषाको प्रभाव अर्कोलाई पर्दछ । प्रथम भाषा सिक्दा नै अन्तर्भाषिक प्रभाव पर्ने हुनाले स्तरीय र शुद्ध भाषाको प्रयोग गर्न अन्तर्भाषिक प्रभाव न्यून गर्नुपर्ने हुन्छ । त्यसैले भाषिक समुदायको अवस्था र कक्षाकोठमा रहेका विद्यार्थीको मातृभाषा तथा दोस्रो भाषा प्रयोगको अवस्थालाई केलाउन र स्तरीय र शुद्ध नेपाली भाषाको प्रयोग गर्ने वातावरण सिर्जना गर्न अन्तर्भाषिक अवस्था र त्यसको प्रभावका सम्बन्धमा शिक्षकले कार्यमूलक अनुसन्धान गरी त्यसको नतिजालाई कक्षाकोठामा उपयोग गर्न सक्दछ ।

**(२) अनुसन्धानको योजना र भाषाशिक्षणमा त्यसको प्रयोग**

कक्षागत अनुसन्धानलाई व्यवस्थित गरी भाषाशिक्षणका विविध समस्याहरूको समाधान गर्न अनुसन्धान योजना आवश्यक हुन्छ । नेपाली भाषाशिक्षण गर्दा आइपर्ने समस्या, भाषाशिक्षणसम्बन्धी विभिन्न प्रकारका मुद्दा वा सवालहरूको समाधान गरी भाषाशिक्षणलाई प्रभावकारी बनाउन व्यक्तिगत र सामूहिक योजना आवश्यक हुन्छ ।

नेपाली भाषाशिक्षणका सन्दर्भमा शिक्षक एक्लैले अनुसन्धान प्रक्रियामा सहभागी भई अनुसन्धानको नतिजालाई कक्षाकोठामा उपयोग गर्न लायक बनाउने योजना व्यक्तिगत योजना हो भने विद्यालयका भाषा शिक्षकहरू वा भाषासँग सम्बन्धित अन्य पक्ष र शिक्षक मिलेर गर्ने अनुसन्धानको योजनालाई समूहगत योजना भन्न सकिन्छ । व्यक्तिगत र समूहगत अनुसन्धानमा नमुना छनोट, अवलोकन आदि प्रक्रियामा केही फरकपन आउने भए पनि योजना बनाउने र कार्यान्वयन गर्ने सैद्धान्तिक प्रक्रियाहरू दुवै खाले योजनामा उस्तै रहने गर्दछन् । व्यक्तिगत योजना शिक्षक एक्लैको ज्ञान, सीप र क्षमताका आधारमा गरिन्छ भने सामूहिक योजना शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घ, र स्थानीय भाषिक समुदायका उपयुक्त व्यक्ति आदिबाट सञ्चालन गरिन्छ ।

**कार्यगत अनुसन्धानका लागि व्यक्तिगत योजना बनाउँदा निम्नलिखित कुरालाई ध्यान दिनुपर्दछ:**

१. मैले कसरी मेरा शिक्षण क्रियाकलापको पद्धति वा प्रक्रियामा सुधार तथा उन्नति गर्न सक्छु ?
२. किन मैले प्रयोग गरेका अभ्यासहरू/प्रयत्नहरू फलदायी हुन सकेनन् ?
३. मैले कसरी आफ्नो पेसागत दक्षता विकास गरी मेरो अभ्यासमा देखिएका कमजोरीहरू हटाउन सक्छु ?

**समूहगत अनुसन्धानमा निम्नानुसारका समूहको सहभागिता गराउन सकिन्छ :**

१. शिक्षक र शिक्षक मिलेर,
२. शिक्षक र प्रधानाध्यापक मिलेर,
३. शिक्षक र विद्यार्थी मिलेर,
४. शिक्षक, विद्यार्थी र अभिभावक मिलेर,
५. शिक्षक, विद्यार्थी र व्यवस्थापन समिति मिलेर,
६. शिक्षक, विद्यार्थी र अभिभावक सङ्घ मिलेर,
७. शिक्षक र स्थानीय सरकारी एवम् गैरसरकारी सङ्घसंस्था मिलेर ।

**व्यक्तिगत र समूहगत योजना बनाउँदा मूलत निम्नलिखित कुरालाई ध्यान दिनुपर्छ :**

१. समस्याको पहिचान गर्न,
२. समस्या समाधान गर्ने विकल्पहरू निकाल्ने,
३. समाधानको उपयुक्त विकल्प छनोट गर्ने,
४. समाधानका विकल्पहरूको कार्यान्वयन गर्ने,
५. समाधानको विकल्पको कार्यान्वयन पक्षको मूल्याङ्कन गर्ने,
६. अभ्यास परिवर्तन वा परिमार्जन गर्ने ।

**कक्षागत अनुसन्धानका योजना बनाउदा देहायका चरणमा विशेष ध्यान दिन जरुरी हुन्छ :**

१. **पूर्वतयारी चरण** : यस चरणमा अनुसन्धान कार्य गर्नका लागि पूर्वाधारहरूको तयारी गरिन्छ । जस्तै :

- केकस्ता भाषिक समस्या/मुद्दामा अनुसन्धान गर्ने ?
- अनुसन्धानमा कसको सहभागिता हुने ?
- पढाइमा बाधा नपर्ने गरी कसरी अनुसन्धान गर्ने ?
- अनुसन्धानका लागि साधन र स्रोत कसरी जुटाउने ?
- अनुसन्धान प्रस्तावको स्वीकृति कसरी गर्ने ?
- अनुसन्धान प्रक्रिया कसरी सञ्चालन गर्ने ? आदि ।

२. **योजना निर्माण र कार्यान्वयन चरण** : पूर्वतयारी पश्चात् योजना निर्माण भएपछि योजनालाई कार्यरूप दिइन्छ । कक्षागत अनुसन्धानको योजना निर्माण र कार्यान्वयनमा निम्नलिखित कार्यहरू गर्नुपर्दछ :

(क) **योजनाका खाका तयारी : जस्तै**

(अ) **समस्या पहिचान र विश्लेषण**

- अध्ययनको पृष्ठभूमि,
- समस्या पहिचान,
- अध्ययनको उद्देश्य/औचित्य,
- अध्ययनको क्षेत्र र सीमा ।

(आ) **अध्ययन विधि**

- अध्ययनको ढाँचा,
- नमुना छनोट,
- तथ्याङ्क सङ्कलन ।


(इ) **तथ्याङ्कको विश्लेषण र व्याख्या**

(ई) **निष्कर्ष र प्राप्ति ।**

(ख) **योजनाको कार्यान्वयन पश्चात्को चरण**

- अवलोकन, तथ्याङ्कको विश्लेषण र प्रतिबिम्बन
- निष्कर्ष र प्राप्तिको कक्षाकोठामा प्रयोग
- पुनर्योजना

कार्ययोजना निर्माण गरी उक्त कार्ययोजनाअनुसार अनुसन्धान कार्य गरेपछि त्यसबाट प्राप्त तथ्यतथ्याङ्क र सूचनाको अवलोकन विश्लेषण गरी प्राप्त निष्कर्ष र प्राप्तिलाई कक्षाकोठामा प्रयोग गर्दै थप समस्या समाधान गर्न सकिन्छ । कार्यमूलक वा कक्षागत अनुसन्धानको नतिजा वा प्राप्तिको प्रयोग गर्दा निम्नलिखित ढाँचाको अवलम्बन गर्न सकिन्छ :




### ६. आत्ममूल्याङ्कन

शिक्षक मित्रहरू ! माथिको विषयवस्तुको अध्ययनबाट यस शिक्षक तालिमको पाठ्यक्रमको सम्बन्धित सिकाइ उपलब्धि परिपूर्ति गर्न तपाईंलाई केकति सहयोग पुगेको महसुस गर्नुभयो त ? आफूलाई अपूरो लागेका विषयका बारेमा तालिमकक्षामा छलफलका लागि प्रस्ताव राख्नुहोस् ।

एकाइ – चार

# कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग

१. **शीर्षक** : कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग

२. **उद्देश्य** : यस सत्रको समापनपश्चात् सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

वातावरणगत (सन्दर्भगत) स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूको उत्पादन र प्रसार गर्ने तरिकाहरू पहिचान गरी प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) वातावरणगत (सन्दर्भगत), स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूको उत्पादन र प्रसार गर्ने तरिकाहरू

४. **पूर्वसिकाइ धारणा** :

यो पाठ अध्ययन गर्नुभन्दा पहिला निम्नलिखित कुराहरूमा विचार गर्नुहोस् त !

वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान प्राप्त गर्ने विभिन्न तरिकाहरूसँग तपाईं कति परिचित हुनुहुन्छ ? यसभन्दा अघि तपाईंले यसबारे विचार गर्नुभएको थियो ? थिएन भने तलका कुराहरू पढी स्पष्ट हुनुहोस् र थियो भने यसका आवश्यक पक्षका बारेमा अझै स्पष्ट हुनुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) मौखिक इतिहास सङ्कलन**

विश्वव्यापी रूपमा ज्ञानको उत्पादन र प्रसारका विभिन्न अवस्था र स्थिति रहेका छन् । यसै आधारमा ज्ञान र सीपका पनि भिन्नभिन्न रूप हुन्छन् र तिनीहरूको उत्पादन, विकास र प्रसार पनि आफ्नै किसिमले भएको हुन्छ । ज्ञान उत्पादनका सन्दर्भगत पक्ष भन्नाले विभिन्न सन्दर्भबाट प्राप्त हुने ज्ञान भन्ने बुझिन्छ । बहुसांस्कृतिक समाजमा विविध सांस्कृतिक पक्षबाट ज्ञान उत्पादन र प्रसार हुने पद्धति सन्दर्भगत पद्धति हो । त्यस्तै स्थानीयस्तरमा ज्ञान उत्पादनका भिन्नभिन्न धारणा हुन्छन् र ती धारणा दन्त्यकथा/लोककथा, मिथक आदिका माध्यमबाट प्रकट हुन्छन् । लिम्बू, राई, मगर वा ब्राह्मण जातिका ज्ञान उत्पादन र प्रसारका तरिका भिन्न हुन्छन् । सबै किसिमका ज्ञान र सीपहरूको समीश्रणबाट ज्ञानको राष्ट्रिय स्वरूप तयार हुनछ । राष्ट्रिय स्वरूपअन्तर्गत सबै जाति र संस्कृतिका समग्र ज्ञान र सीपहरू समेटिनु पर्दछ । राष्ट्रिय सीमालाई नाघेर ज्ञानको अन्तर्राष्ट्रिय/अन्तर्देशीय प्रसारलाई वैश्विक ज्ञान भनिन्छ । जुन ज्ञानलाई विश्वव्यापी रूपमा कुनै न कुनै रूपमा स्वीकार गरिएको हुन्छ त्यो ज्ञान वैश्विक ज्ञान हो तापनि १९८० पछि विश्वमा बढ्दो विश्वव्यापीकरण, राज्यमा देखा परेको खुकुलोपन, बजारीकरण आदिका कारण ज्ञान पनि राज्यको सीमाबाहिर पुग्यो । पुस्तकको प्रसारमात्र नभई इन्टरनेट र साइबरका माध्यमबाट ज्ञानको प्रसार सुगम भयो ।

समाज र समुदायबाट उनीहरूका अनुभव र इतिहासको सङ्कलन गर्ने प्रक्रियालाई नै मौखिक इतिहास सङ्कलन भनिन्छ । यसमा मानिसका विगत अनुभवको अभिलेख राखिएको हुन्छ र विगत अनुभवलाई जीवन्त रूपमा सङ्कलन गर्न यो पद्धति महत्वपूर्ण छ । हार्डरले मौखिक इतिहास

सङ्कलनलाई यसरी चिनाएका छन्- "मौखिक इतिहास मानिसहरूका विगतका घटना र जीवनपद्धतिका विषयमा अन्तर्वार्ताहरूको अभिलेख पनि हो र यो ऐतिहासिक सूचनाहरूको संरक्षण गर्ने महत्वपूर्ण पद्धति पनि हो ।" यो पद्धति इतिहास सङ्कलनको प्राचीन पद्धति भए पनि यसले मानिसका जीवानुभवबाट सिक्ने र त्यसलाई उपयोग गर्ने कुरामा सहयोग पुऱ्याउँछ । ज्ञान र सीप प्राप्त गर्ने यो शैली अहिले पनि उत्तिकै लोकप्रिय र प्रचलित छ ।

मौखिक इतिहास सङ्कलनमा विभिन्न समूहको संलग्नता रहेको पाइन्छ । ऐतिहासिक संस्थाहरू, महिला समूहहरू र अन्य समुदायका विविध समूहरू टेपरेकर्डरका माध्यमबाट समाजका वृद्ध नागरिकबाट जीवनकथा सङ्कलन गर्ने काम अहिले प्रायः सबैतिर लोकप्रिय बन्दै गएको छ । त्यसैले इतिहास सङ्कलनको यो पद्धति इतिहासमा मात्र सीमित नभई संस्कृति, शिक्षा, पुरा कथासम्म पनि विस्तार हुन पुगेको छ । समाजमा प्रचलित लोककविता, गीत, आख्यान आदिको सङ्कलनमा पनि यो पद्धति उपयोगी र लोकप्रिय भएको छ ।

**(ख) इतिहास सङ्कलन पद्धति**

यदि समुदायले इतिहास सङ्कलन गर्ने निर्णय गऱ्यो, तपाईं पनि त्यसमा संलग्न हुनुभयो वा विद्यालयका विद्यार्थीलाई इतिहास सङ्कलन गर्न लगाउनुभयो भने सर्वप्रथम समुदायका वृद्ध व्यक्तिको चयन गर्नुपर्दछ किनभने ऐतिहासिक सूचनाहरूको सबैभन्दा जीवन्त स्रोत भनेकै समुदायका जीवित व्यक्तिहरू हुनुपर्दछ । उदाहरणका लागि तपाईंको समुदायमा लुगा सिउने, आरन हाल्ने परम्पराको सुरुआत, विकास र वर्तमान अवस्थाका विषयमा थाहा पाउन सर्वप्रथम त्यसको इतिहास जान्ने वृद्ध व्यक्ति चयन गर्नुपर्दछ । यस्ता वृद्ध व्यक्तिहरू समुदायमा आफ्ना अनुभव आदानप्रदान गर्न इच्छुक पनि हुन्छन् र यसो गर्न पाउँदा खुसी पनि हुन्छन् । यस्ता वृद्ध व्यक्तिको छनोट गर्दा त्यस्ता व्यक्तिको स्मृति क्षमता, आत्मविश्वास; विचार अभिव्यक्तिप्रतिको उनको इच्छा र अन्तर्वार्ताप्रतिको उनको आकाङ्क्षा आदिमा पनि विचार पुऱ्याउनुपर्दछ ।

व्यक्तिहरूको चयनपछि व्यक्तिलाई सोध्ने अन्तर्वार्ताका नमुना प्रश्नहरू बनाउनुपर्दछ । प्रश्नहरू बनाउँदा आफूले चाहेको विषय उत्तरमा समेटियोस् भनी विचार पुऱ्याउनुपर्दछ । अन्तर्वार्ताका लागि समूह चयन गर्दा एकजना टोलीनेता बनाउनुपर्दछ र अरूलाई पनि जिम्मेवारी दिनुपर्दछ । यसका लागि टेप गर्न जान्ने र त्यसको अभिलेखीकरण गर्न सक्ने व्यक्तिको चयन गर्नुपर्दछ ।

**(ग) मौखिक इतिहास सङ्कलन किन ?**

मौखिक इतिहासको सङ्कलन विभिन्न प्रयोजनका लागि गरिन्छ । यस्तो इतिहासबाट समाज, समुदायका विविध पक्षमा जानकारी प्राप्त हुने हुन्छ र त्यसबाट समाज र समुदायका जीवन पद्धति तथा तिनमा आएको परिवर्तन थाहा पाइन्छ । त्यसैगरी सामाजिक, सांस्कृतिक, आर्थिक वातावरणीय परिवर्तन र त्यसले समुदाय, भूगोल आदिमा पारेको प्रभावको विश्लेषण पनि गर्न सकिन्छ । विद्यार्थीलाई विभिन्न परियोजना कार्य गर्न दिएर पनि मौखिक इतिहास सङ्कलन गराउन सकिन्छ र यस्ता परियोजनाबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको अभ्यास गराउन सकिन्छ ।

### (घ) तथ्याङ्क विश्लेषण

कुनै पनि अध्ययन, खोज, अनुसन्धान आदिको तथ्यगत विश्लेषणलाई तथ्याङ्क विश्लेषण भनिन्छ । यस्तो विश्लेषण मनोगत नभई अध्ययनद्वारा सिद्ध गरिएको हुनुपर्छ । यसमा तथ्यका आधारमा पहिले उद्धृत हुन बाँकी तथ्यलाई देखाइन्छ वा त्यसको पुनर्मूल्याङ्कन र पुनर्व्याख्या गरिन्छ ।

विनासाधन साध्यसम्म पुग्न नसकेझैं विनातथ्यको अध्ययन प्रामाणिक हुँदैन । तथ्याङ्क विश्लेषण पनि प्रामाणिक तथ्यमा उभिएर गरिन्छ । यसबाट शोधार्थी, खोजकर्ताको ज्ञान र सीप विस्तार हुन्छ भने पाठकको पनि ज्ञान र सीपको विस्तार हुन्छ । भाषाशिक्षणको तथ्याङ्क विश्लेषण मूलतः विषयगत हुन्छ । यसमा विषयगत तथ्यलाई प्रतिस्थापित गर्ने कार्य गरिएको हुन्छ । यस्तो तथ्याङ्क विश्लेषणका लागि सर्वप्रथम तथ्यतथ्याङ्क सङ्कलन गरिन्छ । उदाहरणका लागि विद्यालयमा वा कुनै पनि कक्षामा विद्यार्थीले नेपाली विषयमा किन नराम्रो गर्दछन् भन्ने विषयमा अध्ययन गर्नुपरेमा सर्वप्रथम त्यस कक्षाका विद्यार्थी पत्ता लगाइन्छ र तिनको सङ्ख्या एकिन गरिन्छ । त्यसपछि सम्वन्धित विषयका शिक्षक, अभिभावक, विशेषज्ञ आदिसँग अन्तर्वार्ता तथा समूह छलफल गरिन्छ र ती विद्यार्थीको विभिन्न किसिमको परीक्षण, त्रुटिविश्लेषण, तिनका सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक समस्या लगायतका समस्या पहिचान गरिन्छ । यी सबै कुराको अध्ययन तथ्याङ्क सङ्कलनअन्तर्गत पर्ने विषय हुन् । यी तथ्याङ्कका आधारमा अध्ययन गर्ने व्यक्तिले तथ्याङ्कविश्लेषण गर्दछ । यसरी तथ्याङ्कको सङ्कलन र विश्लेषण एकअर्काका पूरकका रूपमा रहेका हुन्छन् ।

तथ्याङ्क सङ्कलन सत्यको खोजी गर्ने कार्य हो । त्यसपछि खोजिएको तथ्यका आधारमा कुन कुन तथ्यले कुनकुन सत्यको उद्घाटन गर्दछन् । ती कुराहरूको खोजी गर्नुपर्दछ । यसका लागि तथ्यहरूको वर्गीकरण गर्नुपर्दछ । तथ्यहरूको वर्गीकरणपछि तथ्यहरूको एकएक गरी विश्लेषण गर्नुपर्छ । तथ्याङ्क विश्लेषणमा शोधकर्ताको चिन्तनमनन आवश्यक हुन्छ र यस्तो चिन्तनमनन मनोगत नभई तथ्यमा आधारित हुनुपर्छ । यही तथ्याङ्क विश्लेषणले नै कुनै पनि अध्ययनलाई निष्कर्षसम्म पुऱ्याउन सहयोग पुऱ्याउँछ ।

### (ङ) अध्ययनबाट पत्ता लागेका निष्कर्षहरूको विश्लेषण

तथ्याङ्क विश्लेषणपछिको अर्को महत्वपूर्ण र अन्तिम चरण अध्ययनबाट पत्ता लागेका निष्कर्षको विश्लेषणको चरण हो । यसलाई कतिपय अवस्थामा सारसङ्क्षेपका रूपमा पनि चिनाउने गरिन्छ । कतिपयले भने यसलाई तथ्यविवेचनाका रूपमा समेत चिनाइएको पाइन्छ । निष्कर्षको विश्लेषण भनेको समग्र अध्ययनको निष्कर्ष हो । यसलाई दही मथेर बनाइएको नौनीका रूपमा समेत अर्थ्याउन सकिन्छ ।

निष्कर्ष विश्लेषणमा तथ्यमा आधारित निष्कर्ष र समग्र अध्ययनका तथ्यको संश्लेषण गरी अध्ययनको निचोड उल्लेख गरिन्छ । यसमा अध्ययनको स्थापनागत निष्कर्ष प्रस्तुत गरिएको हुन्छ र यसकै आधारमा समग्र अध्ययनको सार पनि पत्ता लाग्दछ । अध्ययनमा तथ्यहरूलाई अध्ययनअध्यापनमा

प्रस्तुत गरिएको हुन्छ भने निष्कर्ष विश्लेषणमा अध्ययनअध्यापनमा प्रस्तुत विषयको निष्कर्ष समावेश गरिएको हुन्छ । अध्ययनको प्रक्रिया घर निर्माण हो भने तथ्याङ्क सङ्कलन ईंट, ढुङ्गा, सिमेन्ट, झ्याल, ढोका जम्मा गर्ने काम हो । ती सामग्री जम्मा भइसकेपछि घर बनाउने काम तथ्याङ्क विश्लेषण हो तर घरका सम्पूर्ण कार्य सिध्याएर समग्र घरको स्वरूप तयार पार्ने गरी मूल्याङ्कन गर्ने काम निष्कर्षहरूको विश्लेषण गर्ने कार्य हो ।

निष्कर्षहरूको विश्लेषण कुनै पनि ज्ञान वा सीपको खोजीको अन्तिम रूप हो । यसमा अध्याय अध्यायको सारमात्र खिचिन्न, समग्र अध्ययन र त्यसले पार्ने प्रभावको पनि विश्लेषण गरिन्छ । वास्तवमा शोध वा अध्ययनको स्थापना यही चरणमा निर्माण हुन्छ । यसमा वैचारिक अन्विति, अन्वितिक्रम तथा निष्कर्षणलाई ध्यान दिइएको हुन्छ । तथ्यहरूको विश्लेषण युक्तिसङ्गत, तर्कपूर्ण, व्यवस्थित र तथ्यहरूमा उभिएर गरिएको हुन्छ । अनावश्यक वर्णनविवरणको परित्याग, प्राभात्रिकता र नूतन व्याख्याको समावेश नै राम्रो निष्कर्ष विश्लेषणका परिचायक हुन् । यसमा परस्परविरोधी अभिमत, पुनरावृत्ति, भ्रान्त, अयथार्थ, कल्पना र गफ वर्जित हुन्छन् र नितान्त वस्तुनिष्ठ र लक्ष्याभिमुख भएर सत्यान्वेषण गर्ने काम सम्पन्न हुन्छ । पहिले अध्ययन गरिएका समग्र पक्षको पुनः अध्ययन, पुनःविश्लेषण र पुनःस्थापना जस्ता प्रक्रियाका माध्यमबाट निष्कर्ष ग्रहण गर्ने काम नै तथ्यहरूको विश्लेषणको अन्तिम कार्य हो, जसलाई शोध/अध्ययनकार्यको मूल स्थापनाको रूपमा स्विकारिएको हुन्छ ।

निष्कर्षहरूको विश्लेषण ठूलाठूला अध्ययनमा मात्र नभई परियोजना कार्य, कार्यगत अनुसन्धान र प्रतिवेदन लेखनमा पनि आवश्यक हुन्छ । यस्ता कार्यमा यही शीर्षकमा नभई निष्कर्ष, सार वा उपसंहार शीर्षकमा अध्ययन प्रतिवेदन वा अनुसन्धानको निष्कर्ष विश्लेषण गरिन्छ ।

**(च) पुस्तक समीक्षा**

अध्ययन/अनुसन्धान कार्यमा पुस्तक समीक्षा पनि महत्वपूर्ण हुन्छ । कुनै पनि पुस्तकको विषयवस्तु प्रयोजन आदिका आधारमा पुस्तकको उपयुक्त मूल्याङ्कन गर्ने पद्धति पुस्तक समीक्षा हो । पुस्तक समीक्षा दुई प्रकारका हुन्छन् : प्रभावपरक र शोधपरक । प्रभावपरक रूपमा पुस्तक समीक्षा गर्ने पद्धति परम्परागत पद्धति हो । यसमा पुस्तकका बाह्य र आन्तरिक पक्षको समीक्षा गरिन्छ । बाह्य पक्षका रूपमा गाता, मूल्य, आवरण, शीर्षक, अक्षर, पृष्ठ, छपाइ, कागज आदिको समीक्षा गरिन्छ भने आन्तरिक पक्षमा पुस्तकमा प्रस्तुत विषयवस्तु, प्रस्तुतीकरण, भाषाशैली, पुस्तकको उपयोगिता आदिको समीक्षा गरिएको हुन्छ ।

शोधपरक समीक्षा पुस्तकको समग्रपक्षको गम्भीर विश्लेषणमा आधारित हुन्छ । यस्तो समीक्षा शोधार्थीले पुस्तकको समग्रपक्षको अध्ययनविश्लेषण प्रस्तुत गर्नका लागि गर्दछ । उदाहरणका लागि कक्षा १० को नेपाली विषयको पाठ्यपुस्तकको समीक्षा सामान्य रूपमा गर्दा यसको बाह्य आन्तरिक पक्षको विषयमा मात्र गरिन्छ भने यसको समग्र समीक्षाका लागि भने यस विषयमा शोधपरक समीक्षा प्रस्तुत गरिन्छ ।

पुस्तक कुनै पनि ज्ञान वा सीप आर्जन गर्ने महत्वपूर्ण साधन हो । पुस्तकमा राष्ट्रिय अन्तर्राष्ट्रिय वा विश्वव्यापी ज्ञान वा सीपको सङ्ग्रह गरिएको हुन्छ । त्यसैकारण शिक्षक वा विद्यार्थीको ज्ञान र सीपको महत्वपूर्ण आधारका रूपमा पुस्तकलाई लिन सकिन्छ । यसका लागि शिक्षकमा पुस्तकको समीक्षा गर्ने सीप पनि आवश्यक र अनिवार्य हुन्छ ।
पुस्तक समीक्षा गर्दा पुस्तक कुन विषयमा लेखिएको हो र त्यो कसका लागि लेखिएको हो भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । विद्यालयका लागि लेखिएको पुस्तक विद्यार्थीको तहअनुसार छछैन ख्याल गर्नुपर्दछ । त्यसैगरी पुस्तकमा समेटिएका विषयवस्तु र सीपहरू पाठ्यक्रमअनुरूप भएनभएको, चित्र र साजसज्जा उपयुक्त भएनभएको, पुस्तकमा विषयवस्तुको क्रमिकता मिलेनमिलेको, बाहिरी पृष्ठ, कागज, मूल्य, अक्षरको आकार सबै कुरा ठीक र उपयुक्त भएनभएको हेर्नुपर्दछ । त्यसै गरी विधाअनुसार पनि पुस्तकको समीक्षा भिन्नभिन्न हुन्छ । आख्यान, कविता र आख्यानेतर गद्य, ज्ञान, विज्ञान आदिका विषयमा लेखिएका पुस्तकको समीक्षा गर्न ती विषयका बारेमा न्यूनतम ज्ञान हुनु जरुरी हुन्छ ।

### (छ) अवलोकन र अन्तर्क्रिया

ज्ञान प्राप्तिका महत्वपूर्ण स्रोत अवलोकन र अन्तर्क्रिया पनि हुन् । अवलोकनबाट प्राप्त ज्ञान र सीप चिरस्थायी प्रकृतिको हुन्छ । अवलोकन कुनै पनि कुराको प्रत्यक्ष निरीक्षण गरी सिक्ने र सिकाउने प्रवृत्ति हो । उदाहरणका लागि शिक्षकले अरूको कक्षा अवलोकन गरी शिक्षणसिकाइमा सुधार गर्न सक्छ भने प्रधानाध्यापकले अन्य विद्यालयको अवलोकन गरी आफ्नो विद्यालयको सुधार गर्दछ । देशविदेशका विद्यालयको भ्रमण गरी राष्ट्रिय शिक्षा नीतिमा पनि सुधार ल्याउन सकिने हुँदा सरकारी कर्मचारी, प्राध्यापक, शिक्षकलाई विदेशमा समेत अवलोकन भ्रमणमा लैजाने परम्परा छ ।
अवलोकन योजनाबद्ध हुनु आवश्यक छ । कुनै पनि अवलोकन किन गर्ने भन्ने कुरा निर्धारित नभई अवलोकनले सार्थकता प्राप्त गर्न सक्दैन । यसका लागि अवलोकनको उद्देश्य निर्धारित हुनुपर्छ । उद्देश्य पछि अवलोकनका विधि पनि निर्धारण हुनु आवश्यक हुन्छ । अवलोकन कसरी गर्ने वा अवलोकनको प्रक्रिया कस्तो हुने भन्ने बारेमा अवलोकनकर्ता स्पष्ट नभएमा अवलोकनले सार्थकता प्राप्त गर्न सक्दैन । त्यसैले अवलोकन गर्नुपूर्व नै यात विषयको राम्रो परीक्षण/निरीक्षण गर्न अवलोकन फारम बनाउनु आवश्यक हुन्छ । अवलोकन कसरी गर्ने, कति समयमा गर्ने, अवलोकन पछिको उपलब्धि वा प्राप्तिको आँकलन कसरी गर्ने जस्ता कुरामा अवलोकनकर्ता स्पष्ट हुनु जरुरी छ । अवलोकन साथीसाथीबीच, आफूभन्दा अनुभवी र आफूभन्दा कम अनुभव भएका व्यक्तिको कार्य वा कक्षामा पनि गर्न सकिन्छ र यसले आफ्नो सुधारका पक्ष केके छन् र अवलोकनबाट आफूले केके कुरा पृष्ठपोषण गर्न सकियो, त्यसको लेखाजोखा पनि हुनुपर्दछ ।
अवलोकनकर्ता सदैव सिकारुको रूपमा उपस्थित हुनुपर्दछ । अवलोकनकर्ता निरीक्षक होइन न त गुरु नै हो । त्यसैले अवलोकनकर्ताले अरूबाट सिक्ने, विषयवस्तुलाई राम्ररी उठाउने, जिज्ञासाहरूलाई विनम्रतापूर्वक प्रस्तुत गर्ने र त्यसबाट ज्ञान र सीप प्राप्त गर्ने कौशल र क्षमता विकास गर्ने कार्यमा सचेत हुनुपर्दछ ।

अन्तर्क्रिया अवलोकनजस्तै ज्ञान र सीप प्राप्त गर्ने अर्को तरिका हो । अवलोकनमा कामको प्रत्यक्ष हेराइ हुन्छ र त्यसबाट ज्ञान र सीप ग्रहण गरिन्छ भने अन्तर्क्रियामा आपसी अनुभवको आदानप्रदानबाट ज्ञान र सीपको हस्तान्तरण हुन्छ । अन्तर्क्रियामा एकआपसमा छलफल र चिन्तन मनन गरिन्छ, बहस गरिन्छ र निष्कर्ष वा निचोडमा पुग्ने कार्य गरिन्छ । त्यसैले अन्तर्क्रिया समूहगत रूपमा ज्ञान र सीप प्राप्त गर्ने तरिका हो । अन्तर्क्रियामा अन्तर्क्रिया कसरी सञ्चालन गर्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसमा सर्वप्रथम अन्तर्क्रियाको विषय किटान गरिनुपर्दछ । विषय किटान गरिसकेपछि त्यस विषयमा छलफलको समय निर्धारण गरी त्यसका बारेमा छलफल सञ्चालन गर्नुपर्दछ । छलफलकै अर्थमा लिए पनि अन्तर्क्रिया छलफलभन्दा गहन र निष्कर्षमूलक हुन्छ । यसमा विषयका विधि पक्षमा बहस गरी त्यस विषयको निचोडसम्म पुग्ने गरिन्छ । निचोडमा पुग्नुअघि विषयको गम्भीरताका आधारमा त्यसका बारेको अनुभव आदानप्रदान गरिन्छ ।

अन्तर्क्रिया सञ्चालन गर्ने निश्चित तरिकाहरू हुन्छन् । अन्तर्क्रिया सञ्चालन गर्दा विषयभित्रै बसी त्यसकै बारेमा आफ्ना विचार प्रस्तुत गर्नुपर्दछ । त्यसै गरी समयलाई ख्याल गर्ने, अरूका विचारको सम्मान गर्ने, नम्र रूपमा प्रस्तुत हुने तर आफ्ना विचारलाई तार्किक रूपमा राख्ने, विषयवस्तुलाई बुझेर मात्र आफ्ना कुरा राख्ने र अरूका कुरा सुन्न र ग्रहण गर्न तत्पर हुने कुरामा अन्तर्क्रियामा सहभागी हुने व्यक्ति सदैव सचेत हुनुपर्दछ ।

**(ज) स्विकार्यमूलक/आलोचनात्मक खोज**

स्विकार्यमूलक अनुसन्धान त्यस्तो विधि हो जहाँ कुनै पनि संस्थालाई राम्ररी कार्य गर्न समूहहरू सामूहिक रूपमा कार्य गर्दछन् र अझ राम्रो र सकारात्मक कार्यका लागि योजना बनाउने र लागू गर्ने गर्दछन् । किम हसनका अनुसार यस्तो खोजमा सरोकारवालाहरू संस्थाको विकासका लागि उपयुक्त विधिका विषयमा छलफल गर्ने, संवाद गर्ने, साझा लक्ष्यका विषयमा अनुभव आदानप्रदान गर्ने र साझा रूपमा सकारात्मक उपलब्धिमा केन्द्रित भई कार्य गर्दछन् । यसमा हामीले के गर्नुपर्दछ भन्ने भावनाको विकास गरिन्छ र त्यसकै आधारमा क्रियाकलाप र योजना बनाइन्छ । यसको तथ्य नै वास्तविक व्यवहारमा परिवर्तन गरी संस्था/कार्यको सुधार गर्ने भन्ने हो । त्यसले यसमा नवचेतना, नवसिर्जना र सकारात्मक सोचको विकास गरी सबै बाधा र अवरोध हटाएर चुनौतीपूर्ण र सकारात्मक कार्य गर्ने कुरालाई सुनिश्चित गरिन्छ । यसरी कुनै पनि संस्था/कार्यमा समूहबद्ध सोचका साथ विकास गर्ने भावनालाई नै स्विकार्यमूलक खोज भनिन्छ ।

स्विकार्यमूलक अनुसन्धान/खोजमा मानवीय प्रणालीको व्याख्या गरी त्यहीअनुरूप कार्य गरिन्छ ।

- प्रत्येक समाज, संस्था र समूहले केही न केही गर्दछन् ।
- हामी जेमा केन्द्रित हुन्छौं त्यसले हाम्रो यथार्थलाई प्रतिबिम्बन गरोस् ।
- यथार्थ तत्क्षणमा देखिन्छ र यथार्थमा बहुविविधता पाइन्छ ।
- समूहका प्रश्नहरू कुनै न कुनै पद्धतिबाट डोरिएका हुन्छन् ।

- मानिसहरूमा दृढता आत्मबल हुन्छ त्यसैले उनीहरू भविष्यको यात्रातर्फ लम्कन्छन् । उनीहरू वर्तमानको बोधबाट भविष्यतर्फ लम्कन्छन् ।
- हामी विगतलाई बोक्छौं भने विगतबाट सिक्छौं पनि ।
- समाजका मूल्यगत भिन्नताहरूको ठूलो महत्व छ ।
- हामीले प्रयोग गर्ने भाषाले हाम्रो यथार्थलाई देखाउँछ ।

स्विकार्यमूलक खोजले हामी केही गर्न सक्छौं भन्ने भावना दिन्छ र त्यसका लागि कार्य गर्न अभिप्रेरित गर्दछ । अहिलेसम्म हामीले अस्वीकार्य/नकारात्मक सोच बोक्यौं तर यसलाई फाली सकारात्मक/केही गर्न सकिने सोच बनाऔं भन्ने मान्यता यसमा हुन्छ । त्यसैले यो जहिले पनि सकारात्मक हुन्छ ।

यसमा निम्नलिखित चरणहरू हुन्छन् -

**चरण १- खोजी** : सबैभन्दा राम्रो जुन हुन्छ त्यसैलाई स्वीकार गर । यस खोजीको प्रथम चरणमा नै सकारात्मक प्रतिबिम्बनलाई ध्यान दिइने हुनाले सकारात्मक पक्षको खोजी गर्ने मान्यता राखिएको हुन्छ । उदाहरणका लागि कुनै विद्यार्थीले जीवनमा केके राम्रो गऱ्यो र अब केकेमा राम्रो गर्न सक्छ भन्ने कुराबाट यस्तो खोजी अगाडि बढ्छ ।

**चरण २- कल्पना** : हामीले के गर्नुपर्ला ? यी कुराका लागि छलफल, लक्ष्य निर्धारण गरी कुनै पनि विद्यार्थीका लागि गरिनुपर्ने कार्यका लागि विचार बताइन्छ वा यस्तै कुनै कार्यको सुधारका अपेक्षा गरिन्छ ।

**चरण ३- नयाँ विचारको विकास** : यस चरणमा विभिन्न माध्यम र आफ्नै मस्तिष्क मन्थनबाट नयाँ कक्षाको खोजी गरिन्छ ।

**चरण ४- कार्यान्वयन** : यस चरणमा खोजी गरिएको कुरा कार्यान्वयन गरी सकारात्मक/स्वीकार्यमूलक कार्यको विकास गरिन्छ ।

स्वीकार्यमूलक खोजीमा के गर्ने भन्ने विषयमा प्रश्न मात्र निर्माण गरिन्न, त्यसको उत्तरको पनि खोजी गरिन्छ । यसमा विद्यार्थी, शिक्षणसिकाइ आदिमा सुधार ल्याउन सकिन्छ तर त्यस्तो सुधार ल्याउन केके गर्ने भन्ने विषयमा सामूहिक रूपमा विचार गरिन्छ र त्यसको कार्यान्वयन गरिन्छ । अन्त्यमा आफ्नो कार्यको मूल्याङ्कन गरी खोजीको समापन गरिन्छ ।

### (झ) समस्या प्रस्तुतिका सिपहरू

ज्ञान र सीपको उत्पादन र प्रसारमा समस्या प्रस्तुति पनि आवश्यक हुन्छ । समस्या प्रस्तुति भन्नाले कुनै पनि समस्याको सामूहिक समाधान खोज्नका लागि समस्यालाई प्रस्तुत गर्ने भन्ने बुझिन्छ । समस्या प्रस्तुत गर्दा के कसरी गर्नुपर्छ भन्ने कुरा नै समस्या प्रस्तुति सीपअन्तर्गत पर्ने कुरा हो ।

कुनै पनि समस्या समाधानका लागि छलफल र अन्तर्क्रिया आवश्यक पर्छ । छलफल र अन्तर्क्रियाबाट समाधान खोज्दा समस्या प्रस्तुत गरिन्छ । समस्या प्रस्तुत गर्दा जहिले पनि विशिष्ट र उपयोगी हुने किसिमका समस्या प्रस्तुत गर्नुपर्छ । विद्यालय र समुदायमा विभिन्न किसिमका

समस्याहरू आइरहन्छन् । विद्यालयसँग सम्बद्ध सरोकारवाला समूहहरूले त्यस्ता समस्याको समाधानमा अहम् भूमिका खेल्छन् । उदाहरणका लागि कक्षामा साधनस्रोतको समस्यालाई लिन सकिन्छ । यस्तो समस्याले विद्यार्थीको शिक्षणसिकाइमा प्रभाव पार्छ र प्रभावकारी शिक्षण गर्न सकिन्न । त्यसैगरी हाम्रा विद्यालयहरूमा एकजना शिक्षक र विद्यार्थी अनुपात १:१२० पनि पाइएको छ । यी यस्ता समस्याको जड सरकारी नीति निर्माण पनि हो तापनि स्थानीयस्तरबाट पनि समस्याको समाधान खोज्न प्रयत्न गर्नुपर्छ । यसका लागि प्राथमिकतामा निर्धारण गरिसकेपछि समस्यालाई तात्कालिक र दीर्घकालिक गरी छुट्याउन पर्छ । त्यसपछि समस्यालाई समाधानका लागि आवश्यक सरोकारवाला समक्ष प्रस्तुत गर्नुपर्छ । समस्या प्रस्तुत गर्दा बढाइचढाइ नगरी यथार्थपरक भई प्रस्तुत गर्नुपर्छ । कुनै पनि समस्याको कारण, त्यसको असर, त्यसको कारण विद्यालय/समुदायमा पर्ने सकारात्मक/नकारात्मक प्रभाव सबैको अध्ययन गर्नुपर्दछ । त्यस्तै कक्षामा विद्यार्थीलाई पनि समस्या दिन सकिन्छ । समस्याको प्रस्तुतिको मूल उद्देश्य समस्याबाट विद्यार्थीलाई ज्ञान र सीप सिकाउनु नै हो । विद्यार्थीले व्याख्यान वा छलफलबाट जति समस्या समाधानबाट त्यो भन्दा धेरै सिक्छन् ।

समस्या प्रस्तुति ज्ञानार्जनको महत्वपूर्ण स्रोत हो । समस्या परेर मात्र मान्छेले सिक्छ भन्ने कुरा पनि यसैबाट जन्मेको हो । सहज तरिकाको सिकाइभन्दा समस्यापूर्ण सिकाइ स्थायी प्रकृतिको हुन्छ । यस आधारमा पनि कक्षामा समस्या राख्नुपर्दछ । समस्या प्रस्तुत गर्दा ज्यादै कठिन र समाधान हुनै नसक्ने समस्या वा ज्यादै सरल र तुरुन्त समाधान हुन सक्ने समस्या नदिई केही मिहिनेतका साथ समाधान हुन सक्ने समस्याहरू दिइनुपर्दछ ।

*(मूल्य/विश्वासहरूको पहिचान सीप यससम्बन्धी विषयवस्तुका लागि दोस्रो मोडुल स्रोतसामग्री हेर्नुहोस् ।)*

### (ञ) नेपाली भाषाशिक्षणमा ज्ञानार्जन र प्रसारण तथा हस्तान्तरणका तरिकाहरूको उपयोग

भाषा ज्ञानार्जन, प्रसारण र हस्तान्तरणको साधन हो । भाषाशिक्षणमा ज्ञानार्जनका विविध पक्षलाई विविध रूपमा उपयोग गर्न सकिन्छ । उदाहरणका लागि मौखिक इतिहासको सङ्कलन गरी त्यस्ता इतिहासको सम्पादनका माध्यमबाट विभिन्न सीपहरूको शिक्षण गर्न सकिन्छ । विद्यार्थीलाई आवश्यक तयारी गरी गाउँका वृद्धवृद्धाबाट इतिहास जम्मा गर्न लगाई त्यस्तो इतिहास भन्न, पढ्न, सुन्न र लेख्न लगाएमा विद्यार्थीको स्थानीय इतिहासको चेतना विकासको सम्भावना मात्र रहन्न सबै सीपको विकास पाठ्यपुस्तकभन्दा प्रभावकारी रूपमा गराउन सकिन्छ । यसैगरी निष्कर्ष विश्लेषण गर्ने तरिका, पुस्तक समीक्षा जस्ता विषयहरू पनि पठन र लेखाइ सीपका लागि उपयोगी हुन्छन् । अवलोकन र अन्तर्क्रियाबाट विद्यार्थीको ज्ञानको विकास हुन्छ र आफूले प्राप्त गरेको ज्ञान कसरी प्रसार गर्ने भन्ने कुराबाट बोलाइ र लेखाइ सीपको विकास हुन्छ । शिक्षकले आफ्नो शिक्षणमा ज्ञानआर्जनको यस प्रक्रियालाई नियमित प्रयोग गरी नेपाली भाषासिकाइमा बल प्रदान गर्न सक्छन् । झन् बहुभाषिक/द्विभाषिक कक्षामा त यो झन् बढी उपयोगी हुन्छ । विद्यार्थीलाई स्वीकार्यमूलक खोजी, समस्या प्रस्तुति र समाधान तथा मूल्य विश्वासहरूको पहिचान जस्ता विषयहरूबाट पनि

सीपको विकास गराउन सकिन्छ । त्यसैले कक्षाकोठामा यस्ता पक्षहरूको प्रयोग निरन्तर गरिरहनुपर्दछ ।

शिक्षकले विद्यार्थीको ज्ञानार्जनका लागि कक्षागत अनुसन्धान गर्न दिने र त्यसको निष्कर्ष प्रस्तुत गर्न लगाउने, पुस्तक दिई पढ्न, समीक्षा गर्न, अनुभव आदानप्रदान गर्न लगाउने काम गर्न सक्छन् । त्यसैगरी विभिन्न समस्याका बारेमा अन्तर्क्रिया गर्न लगाउने, वक्तृता, वादविवाद जस्ता क्रियाकलाप गर्न लगाउने, अवलोकन भ्रमणमा लगी दैनिकी लेख्न लगाउने जस्ता कार्य गरी ज्ञानार्जनका पद्धतिलाई नेपाली भाषाशिक्षण र सिकाइमा प्रयोग गर्न सकिन्छ ।

६. **आत्ममूल्याङ्कन :**

(क) तपाईंले पूर्वानुमान गरेको र विषयवस्तुको अध्ययनपश्चात् प्राप्त अनुभवको टिपोट गर्नुहोस् ।

## एकाइ - चार

१. **शीर्षक** : वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूलाई कक्षाकोठामा प्रयोग गर्ने तरिकाहरू

२. **उद्देश्य** : यस सत्रको समापनपश्चात् सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :
वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूलाई कक्षाकोठामा प्रयोग गर्ने तरिकाहरू वर्णन गर्न

३. **विषयवस्तु** :

(क) विभिन्न स्रोतहरूबाट ज्ञान र सीपहरू प्राप्त गर्ने तरिकाहरू
(ख) सन्दर्भगत सीपहरू
(ग) स्थानीयकरणका सीपहरू
(घ) विश्वव्यापीकरणका सीपहरू
(ङ) स्थानीय र विश्वव्यापीकरणका सीपहरूको सिर्जनात्मक प्रयोग
(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूको स्थानीयस्तरमा समाधान गर्ने सीपहरू
(छ) शिक्षणको विषयगत पद्धति
(ज) वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा प्राप्त ज्ञान सीपहरूलाई नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग

४. **पूर्वसिकाइ अवधारणा** :

यो पाठ अध्ययन गर्नुपूर्व उल्लिखित उद्देश्य र विषयवस्तुका सन्दर्भमा विचार गरी आफ्नो धारणा टिपोट गर्नुहोस् ।

(क) ज्ञान र सीप प्राप्त गर्ने विभिन्न स्रोतहरू केके हुन् ?
(ख) सन्दर्भगत सीप भनेको के हो ?
(ग) विश्वव्यापीकरणका सकारात्मक र नकारात्मक पक्षहरू केके हुन् ?
(घ) स्थानीयकरण र विश्वव्यापीकरणको सिर्जनात्मक प्रयोग कसरी गर्न सकिन्छ ?
(ङ) शारीरिक यातनाको अन्त्य गर्ने तरिकाहरू केके हुन् ?
(च) शिक्षणको विषयगत पद्धति के हो ?
(छ) यी ज्ञान र सीपलाई नेपाली भाषाशिक्षण सिकाइमा कसरी प्रयोग गर्न सकिन्छ ?

६. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) विभिन्न स्रोतहरूबाट ज्ञान र सीप प्राप्त गर्ने तरिकाहरू**

ज्ञान र सीपका आधारहरू के हुन सक्छन् ? ज्ञान र सीपको आधार पुस्तक मात्रै हो त ? के हामीभन्दा पुराना पुस्ताबाट हामी सिकिरहेका छैनौँ ? 'कुरा सुन्नु बूढाको' भन्ने भनाइ त प्रचलित नै छ । यसबाट पनि पुरानो पुस्ताका कार्यबाट सिक्न सकिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । सिक्ने प्रक्रिया निरन्तरको प्रक्रिया हो । डोको बन्ने कुरा व्यवहारबाट सिकिन्छ भने इन्टरनेटको प्रयोग कसरी भन्ने नपढी सिक्न सकिन्न । यसरी हेर्दा ज्ञान र सीप एकै किसिमले मात्र प्राप्त गर्न सकिन्न भन्ने स्पष्ट

हुन्छ । स्थानीयस्तरमा ज्ञान र सीप गर्न स्थानीय छलफल, भेला, अन्तर्क्रिया, संवाद जस्ता प्रक्रिया अपनाउन सकिन्छ र यसबाट स्थानीयस्तरका ज्ञान र सीप सिकिन्छ भन्ने अन्तर्राष्ट्रिय स्तरको ज्ञान र सीप सिक्न पुस्तक, इन्टरनेटलगायतको प्रयोग गर्नुपर्ने हुन्छ । फेरि यसरी सिकेको ज्ञान र सीपहरूलाई सिर्जनात्मक रूपमा लागू गर्ने कुरा पनि महत्वपूर्ण हुन्छ ।

सिक्नका लागि शिक्षकमा गहिरो सिकाइ र त्यसको कक्षाकोठागत प्रयोगको सीप हुन जरुरी छ । शिक्षकले सन्दर्भबाट पनि सिक्छन्, जस्तै बहुभाषिक कक्षाको एउटा विद्यार्थीले कसरी भाषा सिक्यो भन्ने कुरा कक्षाकोठाको सन्दर्भबाट सिकिने कुरा हो र त्यसलाई लागू गर्ने कुरामा एउटा व्यावहारिक अनुभव पनि हो । त्यो सिकाइ प्रभावकारी भएमा एउटा सिद्धान्त पनि त्यही हो । त्यसरी नै स्थानीय समाज र समुदायका ज्ञान, पुस्तक, इन्टरनेट आदिबाट पनि शिक्षकले कक्षाकोठामा प्रयोग हुने ज्ञान र सीपलाई विस्तार गर्न सक्छन् ।

शिक्षक गुरु होइन सिकारु हो । शिक्षकले सिकाइसम्बन्धी ज्ञान र सीपको जति बढी विकास गर्दछ त्यति नै सिकाइलाई पनि प्रभावकारी बनाउन सक्छ । सिक्ने कुरा प्राक्कथन, संवाद, लोकसामग्री, लोकव्यवहार सबैबाट प्राप्त हुन्छ । एउटा लिम्बू पुजारीले गराउने गाथा होस् वा तामाङले फलाक्ने विषय तिनमा ज्ञानका सन्दर्भ हुन सक्छन् र ती ज्ञान कक्षाकोठाका सन्दर्भमा लागू पनि हुन सक्छन् । त्यसैले शिक्षकले ज्ञान प्राप्त गर्ने स्रोतहरू विविध हुन सक्छन् र विविध स्रोतबाट उसले ज्ञान र सीप आर्जन गर्दछ ।

**(ख) सन्दर्भगत सीपहरू**

सन्दर्भगत सीपलाई विद्वान्हरूले सरल, सम्प्रेषणयोग्य र पाठक, श्रोता वा विद्यार्थीले बोध गर्ने गरी कुनै कुरा राख्नु भनेर अर्थ्याएका छन् । वैदिक ग्रन्थलाई सरल भाषा, विद्यार्थीसँग सम्बद्ध चित्रहरू, खेल र क्रियाकलापहरूका माध्यमबाट प्रस्तुत गर्ने तरिका होस् वा कठिन विषयलाई सरल स्थानीय उदाहरणसहित प्रस्तुत गर्ने सीप नै सन्दर्भगत सीप हो । कुनै गम्भीर विषयलाई सरल किसिमले प्रस्तुत गर्नु पनि सन्दर्भगत सीप हो । कुनै भाषिक, धार्मिक समुदायमा तिनीहरूकै भाषामा विषयलाई प्रस्तुत गर्ने तरिका पनि सन्दर्भगत सीप हो ।

सन्दर्भगत पक्षको प्रथम प्रयोग भाषाशास्त्रीहरूले बाइबलको अनुवाद गर्दा गरेका हुन् । उनीहरूले बाइबललाई स्थानीय संस्कृतिअनुसार ढाल्ने क्रममा यसलाई प्रयोग गरिएको हो । त्यसपछि धार्मिक अनुष्ठानहरूले यसको प्रयोग गरे । अहिले आएर भाषाशास्त्र, समाजशास्त्री र अन्य पक्षमा पनि यसको प्रयोग भएको छ । १७० पछि शिक्षणसिकाइमा सन्दर्भगत सीपहरूको प्रयोग हुन पुग्यो !

सिकाइको सन्दर्भगत पक्षअन्तर्गत सर्वप्रथम विद्यार्थीले विशिष्ट सन्दर्भमा आधारित भई सिक्ने कुरामा ध्यान पुऱ्याउँछ । यसका लागि प्रतिबिम्बन, स्पष्टीकरण, सङ्गठन, अनुसन्धान, मूल्याङ्कन र प्रस्तुतीकरण जस्ता साधनबाट नयाँ सीप र ज्ञान प्राप्त गर्दछ । शिक्षकले सन्दर्भगत सिकाइमा निम्नलिखित कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ :

- विद्यार्थीको पूर्व ज्ञान र सीपमा आधारित भई नयाँ सन्दर्भ प्रस्तुत गर्ने र तिनीहरूको ग्रहण क्षमतामा विचार पुऱ्याउने,
- नयाँ सिकाइ सन्दर्भको सुनिश्चितता गरी सन्दर्भगत सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्ने,
- सन्दर्भगत पक्षको सिकाइका लागि आवश्यक सामग्री सहजीकरण र सन्दर्भहरूका विषयमा स्पष्ट पार्ने,
- सन्दर्भबाट सिक्ने कुराको पृष्ठभूमि तयार पार्ने,
- विभिन्न विषयहरूमा फरकफरक सन्दर्भलाई आधार बनाई कसरी सिक्ने भन्ने कुरामा प्रष्ट पार्ने ।

सन्दर्भगत सीप भनेको सन्दर्भका आधारमा सिक्ने कुरा हो । कुनै पनि सिकाइ सन्दर्भविना अपूर्ण र अपुरो हुन्छ । उदाहरणका लागि कक्षाशिक्षण गर्दा कथाको सन्दर्भ दिइन्छ, अङ्ग्रेजी कथाको सन्दर्भ नेपाली भाषाभाषिका लागि अबोधगम्य हुन सक्छ । यस्तो अवस्थामा नेपाली सन्दर्भ दिएर कथालाई अर्थ्याइन्छ । यस्तो सन्दर्भपरक सिकाइ बढी प्रभावकारी भएकाले शिक्षणसिकाइमा यो बढी लोकप्रिय बन्दै छ ।

सन्दर्भ पनि विविध हुन सक्छ । राष्ट्रिय, स्थानीय र विश्वव्यापी कुनै पनि सन्दर्भ दिने वा सन्दर्भगत रूपमा शिक्षणसिकाइ गर्नाले विद्यार्थीमा त्यस विषयको बोध क्षमता बढ्ने हुन्छ । त्यसैले शिक्षकले सिकाइमा सन्दर्भ दिएर शिक्षण गरे त्यो प्रभावकारी हुन्छ । सन्दर्भगत ज्ञानको मूल आधार विषयको सन्दर्भअनुरूपको व्याख्या हो भने प्राप्त ज्ञानलाई कक्षाकोठामा विविध रूपले प्रयोग गर्ने सीप चाहिँ सन्दर्भगत सीप हो ।

**(ग) स्थानीयकरणको सीपहरू**

स्थानीय र विश्वव्यापीकरणका सीपहरू एकअर्कासँग सम्बद्ध र भिन्न सीपहरू हुन् । स्थानीयकरण भन्नाले विश्वव्यापीकरणलाई स्थानीयस्तरमा कसरी ढाल्ने वा प्रयोग गर्ने भन्ने बोध हुन्छ । यसको राम्रो उदाहरणको रूपमा अनुवादलाई लिने गरिन्छ । अङ्ग्रेजी नाटककार जर्ज बर्नार्डसका नाटकका कतिपय पक्ष नेपालीमा जस्ताको तस्तै राख्दा नबुझिने हुन्छ । यस्तो अवस्थामा अनुवादकर्ताले त्यसलाई स्थानीय (नेपाली) रूपमा ढालेर प्रस्तुत गर्दछ । यस्ता उदाहरणहरू विभिन्न सन्दर्भबाट टिप्न सकिन्छ । स्थापत्य कला होस् वा घरनिर्माणको कला । त्यस्तो कलामा विदेशी इन्जिनियरिङको ज्ञानलाई स्थानीयता प्रदान गरिन्छ र विदेशीबाट सिकेको विश्वव्यापी ज्ञान र सीपलाई घरनिर्माण गर्ने स्थानीय कलाका रूपमा रूपान्तरण गरिन्छ । भाषाशिक्षणमा पनि स्थानीयकरणको सीपलाई राम्ररी उपयोग गर्न सकिन्छ । ससाना कक्षामा गाइने गीतहरूलाई कसरी स्थानीय र मौलिक बनाउन सकिन्छ भन्ने चिन्ता शिक्षकमा हुन्छ । यस्तै व्याकरण खेल, कक्षागत अनुसन्धान, परियोजना कार्य आदिलाई जस्ताको तस्तै नभई नेपाली समाज, कक्षाकोठा र विद्यार्थीअनुसार लागू गर्ने तरिका पनि स्थानीयकरण सीपअन्तर्गत नै पर्दछन् । व्याकरण खेल (Grammer games) हाम्रो मौलिक सिर्जना होइन त्यसैले नेपाली भाषाशिक्षणमा व्याकरण खेललाई प्रयोग गर्दा भाषाशिक्षणको

विश्वव्यापी ज्ञान र सीपमा भर पर्नुपर्ने हुन्छ तर यसो गर्दा तिनलाई नेपालीपन पनि उत्तिकै आवश्यक पर्छ । नेपालीपनमा ढाल्ने यही प्रक्रियालाई नै स्थानीयकरणको सीप भनिन्छ ।

स्थानीयताको अध्ययनमा आउने दुई शब्द स्थानीयकरण (Localization) र स्थानीयकर्ता (Localitar) हुन् । स्थानीयकरण भन्नाले समग्र विश्वव्यापी ज्ञान र सीप स्थानीय रूपमा प्रयोग गर्ने ज्ञान र सीपलाई बुझिन्छ भने स्थानीय ज्ञान र सीपका प्रयोक्ता स्थानीयकर्ता हुन् । विद्वान्हरूले स्थानीयकर्ताका पनि खास क्षमताले मात्र स्थानीय सीपहरू प्राप्त हुने कुरा औंल्याएका छन् । यसका लागि स्थानीयकर्तामा विश्वव्यापी ज्ञानलाई बुझ्ने र त्यसलाई स्थानीयकरण गर्ने सीप आवश्यक पर्छ । सांस्कृतिक सन्दर्भमा सिनेमा, अपेरा, रङ्गमञ्च, नाटक आदिको विश्वव्यापी ज्ञानलाई बुझेर मात्र पुग्दैन । ती विधाको स्थानीयकरण गर्न पनि जान्नुपर्ने हुन्छ । यसका लागि पत्र, परिवेश, कथा, मञ्च व्यवस्था सबैमा स्थानीयकरण आवश्यक हुन्छ ।

स्थानीयकरण समुदाय, समाज र सांस्कृतिक परिवेशअनुसार भिन्नभिन्न ढङ्गले गरिन्छ । तामाङ समाज र लिम्बू समाज अथवा दलित र ब्राह्मण समाजको परिवेश फरकफरक छ । त्यसैले वैश्विक ज्ञानको स्थानीय प्रयोग फरकफरक हुन्छ ।

शिक्षा क्षेत्रमा अहिले ज्ञानको क्षेत्र ज्यादै फराकिलो छ । समाजको स्वरूप, आर्थिक, सामाजिक र सांस्कृतिक चेतनाअनुसार शिक्षाका मान्यतामा पनि भिन्नता हुन्छ । शिक्षा मानिसको अधिकार हो तापनि नेपाली समाजमा शिक्षालाई अधिकारको रूपमा बुझ्ने बुझाउने कार्य कम मात्र भएको छ । यस विश्वव्यापी ज्ञानलाई बोध गर्न पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालय, तालिम र अनौपचारिक शिक्षालगायतका क्षेत्रमा स्थानीयकरण आवश्यक छ । कर्णाली क्षेत्रको स्थानीयता के हो भन्ने कुरा काठमाडौँले बुझ्दैन । कर्णालीको स्थानीयकरण अन्तर्गतका स्थानीय ज्ञानको प्रतिबिम्बन हुने गरी पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक बनाउने कुरा हुनै पर्दछ ।

शिक्षकले कक्षाकोठामा स्थानीयकरणका सीपहरूलाई निम्नअनुसार लागू गर्नु जरुरी हुन्छ ।

१. विश्वव्यापी ज्ञान र सीपको नेपाली सन्दर्भ प्रस्ट पार्नुपर्दछ । उदाहरणका लागि भाषाशिक्षण गर्दा प्रयोग गरिने विषयवस्तु, उदाहरण सबै स्थानीय हुनुपर्छ ।
२. स्थानीय सामाजिक,सांस्कृतिक पक्षको प्रतिबिम्बन शिक्षणमा हुनुपर्छ । विविध जनजातिलाई समान किसिमले सम्मिश्रण गरी नेपाली समाजको सामाजिक स्वरूप प्रस्ट पार्नुपर्दछ ।

### (घ) विश्वव्यापीकरणका सीपहरू

विश्वव्यापीकरण (Globalization) को तात्पर्य आर्थिक र सामाजिक रूपमा प्रभाव परी व्यक्तिगत र स्थानीय समुदायसमेतमा त्यसको प्रभाव पर्नु हो । विश्वव्यापीकरणलाई विश्व नै एउटै स्थान हुने प्रक्रियाका रूपमा पनि अर्थ्याइएको पाइन्छ । बीसौं शताब्दीको अन्त्यतिर समाज, संस्कृति, राजनीति र अर्थतन्त्रका क्षेत्रमा आएको परिवर्तन र खासगरी बसाइँसराइ, सूचना र सञ्चारको प्रवाह, आर्थिक प्रवाह, विचारको प्रवाह तथा नयाँनयाँ प्रविधिको आविष्कारले ल्याएको परिवर्तनले राज्यको अवधारणालाई भत्काउँदै लग्यो र विश्व एउटै ठाउँमा आइपुग्यो । विश्वव्यापीकरणको यस प्रक्रियाले ज्ञान र सीपको प्राप्तिमा पनि क्रान्ति ल्यायो । कम्प्युटरको विकास र टेलिभिजनको विस्तारले ज्ञान र

संस्कृति घरघर र कोठाकोठामा छिऱ्यो । परम्परागत/आधुनिक, पूर्वीय/पाश्चात्य सबै एकै ठाउँमा मिसिन पुगे । यसरी ज्ञानप्राप्तिको प्रक्रिया क्रमशः सरल हुन थाल्यो । पुस्तकहरूको पहुँच पनि सजिलो भयो र पुस्तकको बजारमा पनि विश्वव्यापीकरण सुरु भयो । यसरी ज्ञान र सीपहरूको पहुँच बढ्दै जाँदै विश्वव्यापी ज्ञान र सीप सिक्न सजिलो हुन थाल्यो ।

यसरी विश्वव्यापी रूपमा विस्तारित ज्ञानलाई कसरी प्रयोग गर्ने भन्ने सीप नै विश्वव्यापीकरणको सीप हो । ब्यारी एक्सफोर्डले आफ्नो पुस्तक 'अन्डरस्यान्डिङ कन्टेम्परी सोसाइटी' मा विश्वव्यापीकरणलाई विस्तारित वैज्ञानिक पहिचान र व्यक्तिगत, स्थानीय, सामुदायिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभव तथा सामाजिक संस्थाको विस्तारको युगका रूपमा चिनाउँदै यसलाई सचेतना र पहिचानको प्रक्रिया मानेका छन् । यस दृष्टिमा विश्वव्यापीकरणले व्यक्ति, स्थान, समुदाय, राष्ट्र सबैले उपयोग गर्न सक्ने देखिन्छ भने हेलेन टिफिनले राष्ट्रिय अर्थतन्त्र, संस्कृतिलाई भत्काएर समग्र राष्ट्रिय पक्षको अन्त्य गरी सीमित पुँजीवादी राष्ट्रहरूले मात्र आफ्नो एकाधिपत्य कायम गर्ने हुँदा राष्ट्रहरूको विश्वव्यापीकरणलाई सतर्कतासाथ हेर्नुपर्ने जनाएका छन् । विश्वव्यापीकरणको असमानता, वातावरणीय ह्रास, सैनिक विस्तार, समुदायको विखण्डन जस्ता कुरालाई बढाउने कुरा टिफिनले बताएका छन् । विश्वव्यापीकरणको समर्थन र विरोध हुँदाहुँदै पनि ज्ञानको विश्वव्यापीकरण चाहिँ यसको सकारात्मक पक्ष हो । आज हामीले विश्वमा प्रचलित ज्ञानको प्रयोग गर्न पाएका छौँ, तिनलाई पढ्न र सुन्न पाएका छौँ । ज्ञानको यस विस्तारकै कारण कसैले प्रस्तुत गरेको नयाँ ज्ञानलाई हामी कक्षाकोठामा प्रयोग गर्न सक्छौँ । शिक्षाका क्षेत्रमा प्रचलित बालकेन्द्री शिक्षा, शिक्षामा मानवअधिकार, शिक्षामा सांस्कृतिक (जातीय, लैङ्गिक, अपाङ्गता, क्षेत्रीय, बालश्रमिक आदि) व्यवस्थापनलगायत विभिन्न विषयका विषयगत ज्ञानहरूको विकास र प्राप्तिलाई हामी कक्षाकोठामा प्रयोग गर्न सक्छौँ । यसरी विश्वव्यापी ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गर्ने सीपहरू नै विश्वव्यापीकरणका सीपहरू हुन् ।

विश्वव्यापी ज्ञानको महत्वपूर्ण पक्ष सांस्कृतिक पहिचान नै हो । आज विश्वमा बहुसांस्कृतिकताको विकास भएको छ र कक्षाकोठामा पनि बहुसांस्कृतिक पक्षलाई भित्र्याइएको छ । शिक्षा र पाठ्यक्रमको मूल आधार समाज बनेको छ र सामाजिक शिक्षाको अनिवार्य सर्त बनेको छ । शिक्षामा न्यायको सिद्धान्तका आधारमा शिक्षालाई लैङ्गिक, वर्गीय, जातीय, पहुँचका सन्दर्भबाट अर्थ्याइएको छ । कक्षाकोठामा पनि लैङ्गिक, भाषिक र सामाजिक न्यायलाई स्थापित गरिएको छ । शिक्षणका नयाँ पद्धतिहरू विकसित भएका छन् र विद्यार्थीलाई बालमैत्री वातावरणमा शिक्षणसिकाइ गर्नुपर्ने मान्यताहरू स्थापित छन् । भाषाशिक्षणलाई प्रकार्यपरक र सम्प्रेषणात्मक बनाई सीपकेन्द्री शिक्षणलाई प्रधानता दिइएको छ । शिक्षणसिकाइका यी विश्वव्यापी ज्ञान र सीपलाई अध्ययन गर्ने, तिनको पहिचान गर्ने र तिनलाई कक्षाकोठामा लागू गर्ने कुराबाट नै एउटा शिक्षकले आफूलाई सदैव अद्यावधिक बनाउन सक्दछ ।

### (ङ) स्थानीय र विश्वव्यापीकरणका सीपहरूको सिर्जनात्मक प्रयोग

स्थानीय र विश्वव्यापीकरणका सीपहरूलाई कक्षाकोठा र वातावरणअनुसार प्रयोग गर्ने कौशल नै सिर्जनात्मक प्रयोग हो । शिक्षकले स्थानीय विषयवस्तु र विश्वव्यापी ज्ञानमा अद्यावधिक भएर मात्र पुग्दैन त्यस्तो विषयवस्तु र ज्ञानलाई कक्षाकोठामा कसरी प्रयोग गर्ने भन्ने कुरामा पनि स्पष्ट धारणा निर्माण गर्नुपर्दछ । यसका लागि स्थानीय ज्ञानको प्रयोग कक्षावातावरणअनुसार गर्नुपर्छ । उदाहरणका लागि स्थानीय प्राकृतिक स्रोत र सामाजिक अवस्थाका विषयको ज्ञानलाई तपाईंले विद्यार्थीको परियोजना कार्यमा लगाउन लगाई विद्यार्थीलाई स्थानीय वातावरण र सामाजिक अवस्थाका विषयमा ज्ञानआर्जन गर्न र ती समस्याको निराकरणमा तिनको भूमिका स्थापित गराउन सक्नुहुन्छ । त्यस्तै स्थानीय लोककथाहरू सङ्कलन गरी तिनलाई कक्षाकोठामा उपयोग गर्न सक्नुहुन्छ वा स्रोतव्यक्तिलाई नै कक्षाकोठामा उपस्थित गराई त्यस्ता सामग्री विद्यार्थीलाई टिपोट गर्न लगाउन सक्नुहुन्छ । स्थानीय डोको बन्ने, जाँतो पिँध्ने, रूखबिरुवा संरक्षण गर्ने, झ्यालढोका बनाउने, चित्रकला, मूर्तिकला जस्तो अनेकौं प्रविधिका बारेमा अध्ययन/अवलोकन गराउने, तिनका बारेमा वक्तृता/प्रवचन, वादविवाद, संवाद गराउने जस्ता क्रियाकलाप गराई स्थानीय ज्ञानलाई विस्तार गराउन सकिन्छ ।

विश्वव्यापी ज्ञानका विषयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त गरेर मात्र पुग्दैन । यसका लागि प्राप्त गरेको ज्ञानलाई कक्षाकोठामा सिर्जनात्मक रूपमा प्रयोग गर्ने वातावरण पनि तयार हुनुपर्छ । नेपाली भाषाशिक्षकको नाताले तपाईंले भाषाशिक्षणका हरेक क्षेत्रमा विकसित विधाशिक्षण, सीपशिक्षण, व्याकरणशिक्षण, शिक्षकका पेसागत सीपहरू सबैलाई कक्षाकोठाको अवस्था, त्यसको बहुभाषिक वातावरण र विद्यार्थी सङ्ख्या र स्तरअनुसार प्रयोग गरेर नै प्रभावकारी बनाउन सक्नुहुन्छ ।

सिर्जनात्मक प्रयोग भनेको तपाईंको मौलिक क्षमता हो । विषयवस्तुको व्याख्यान चाहिँ दिन सक्ने तर त्यसको कक्षाकोठागत प्रयोग नगर्ने प्रवृत्तिबाट शिक्षक मुक्त हुनुपर्दछ । कक्षाकोठामा ज्ञान र सीपको प्रयोग गर्दा पनि स्थान, समय र परिवेशअनुसार कसरी त्यसलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा सदैव सचेत हुनुपर्छ । तपाईंमा रहेको यही सचेतताले नै शिक्षणसिकाइलाई सिर्जनात्मक बनाउन सकिन्छ ।

### (च) राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूको स्थानीयस्तरमा समाधान गर्ने सीपहरू

शिक्षक समुदायमा बस्छ र विद्यालय पनि समुदाय हो । समुदाय र विद्यालयमा विभिन्न किसिमका समस्याहरू परिरहन्छन् /आइरहन्छन् । यी समस्याहरू कतिपय स्थानीयमात्रै हुन्छन् भने कतिपय चाहिँ राष्ट्रिय र अन्तर्राष्ट्रिय पनि हुन सक्छन् । राष्ट्रिय समस्यका कारण तपाईंको समुदाय र विद्यालय पनि प्रभावित हुन पुग्यो । यस्तो अवस्थामा तपाईं ती समस्याहरूको समाधान कसरी गर्नुहुन्छ ?

वास्तवमा यी समस्या केही होइनन् वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय समस्याका विषयमा किन चासो राख्ने भनेर बस्ने बेला यो हुँदै होइन । शिक्षकले त्यस्ता समस्यालाई दूरदर्शी र सकारात्मक सोचका

साथ समाधान गर्न तत्पर हुनुपर्दछ । यस्तो बेलामा राष्ट्रिय समस्या कहाँबाट उत्पन्न भएको हो, त्यसको कारण के हो र त्यसको स्थानीय समाधान के हुन सक्छ त्यसका विषयमा छलफल, अन्तर्क्रिया सञ्चालन गर्नुपर्छ । शिक्षक एक्लैले त्यस्तो समस्याको समाधान दिन नसक्ने हुँदा विद्यालयका शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, समुदायका अगुवा विद्यार्थी सबैसँग छलफल र परामर्श गरी समस्याको समाधानको तहमा पुग्नुपर्छ ।

राष्ट्रियस्तरका समस्याअन्तर्गत द्वन्द्व, विस्थापन, गरिबी, बसाइँसराइ, लैङ्गिक र जातीय विभेदलगायतका कारणहरू पर्दछन् । यस्ता समस्या राष्ट्रिय रूपमा सरकारले हल गर्नुपर्ने समस्या भए पनि स्थानीयस्तरमा शिक्षणसिकाइ र सामाजिक/व्यक्तिगत समस्याका रूपमा यो देखा पर्दछ । यस्ता समस्या समाधान गर्न शिक्षकले सर्वप्रथम समस्या पहिचान गर्ने, समस्याका बारेमा अध्ययन गर्ने, समस्या समाधानमा ककसको संलग्नता आवश्यक पर्छ सोको किटान गर्ने, समस्याका विषयमा सम्बन्धित पक्षसँग छलफल गर्ने र समस्या समाधानका लागि स्थानीय सरोकारवाला समूहहरूसँग बसी समस्याको निदानको खोजी गर्ने र समस्या समाधान गर्ने गर्नुपर्दछ । अन्तर्राष्ट्रिय समस्या भन्नाले अन्तर्राष्ट्रिय समस्याका कारण उत्पन्न द्वन्द्व, शिक्षणसिकाइका जटिलता तथा युद्धपीडा, शरणार्थी समस्या आदि पर्दछन् । यस्ता समस्या सामान्यतः हाम्रा सरोकारका विषय होइनन् तापनि कतिपय अवस्थामा यस्ता समस्याहरूले पनि हामी र हामी वरपरका परिवेशलाई प्रभाव पार्छन् । अरब वा इराकमा नेपाली मारिनु अन्तर्राष्ट्रिय समस्या हो तर त्यो समस्याले हाम्रो विद्यालयलाई पनि छुन सक्छ । यस्तो समयमा शिक्षकले समुदायमा अगुवाका रूपमा काम गर्नुपर्ने हुन्छ ।

शिक्षकका भूमिकालाई हिजोसम्म पढाउने गुरुका रूपमा मात्र हेर्ने गरिन्थ्यो । विद्यालयमा गयो, पढायो, काम सिद्धियो भन्ने सिद्धान्त अब पुरानो भयो । शिक्षक त द्वन्द्व समाधानकर्ता, समुदायको कार्यकर्ता तथा न्यायाधीश पनि हो । त्यही आधारमा शिक्षकमा यी सबै समस्याको समाधान गर्ने ज्ञान र सीप आवश्यक पर्छ । समाजका अगुवासँग छलफल गर्ने र समाजका सदस्यहरूसँग छलफल र अन्तर्क्रिया गर्ने बानी बसाएर मात्र यस्ता समस्या समाधान गर्न सकिन्छ ।

### (छ) शारीरिक यातनाको अन्त्य गर्ने विभिन्न तरिकाहरू

शारीरिक यातना भनेको दण्ड हो । दण्डहीनता आजको शिक्षाको मूल दर्शन हो । नेपालमा दण्डका कारण पनि विद्यार्थीले पढ्न छाडेका अनेकौं उदाहरणरू पाइएका छन् । छडी लिएर कक्षामा पस्नु र विद्यार्थीलाई झापडा लगाउने कुरा त अहिले पनि सुन्न पाइन्छ । टेलिभिजनमा शिक्षकले पिटेर नीलडाम लिई घर पुगेका छात्रले रुँदैरुँदै सरले पिट्नुभयो भनेको र कक्षाकोठामा ताल्चा लगाएर घण्टौं विद्यार्थीलाई राखेको घटना बेलाबेलामा सुन्ने गरिन्छ । आखिर किन यस्तो हुन्छ त ?

दण्डहीनता सबैको चाहना हो तर हाम्रोजस्तो देशमा बाबुआमाले नै आफ्ना छोराछोरीलाई पिटीपिटी पढाउन शिक्षकलाई अनुरोध गर्दछन् र छोराछोरीले नपढे आफैं पनि गोर्खेलौरी लगाउँछन् । यसो हुनुको मूल कारण चेतनाको कमी नै हो । दण्ड दिने प्रवृत्तिमा बालबालिकाको मनस्थितिमा नकारात्मक असर पार्छ भन्ने कुरा शिक्षक र अभिभावकले पनि बोध गर्न नसक्दा बालबालिका दण्ड/यातनाको मारमा पर्दछन् । दण्डले मात्र बालबालिकाको सुधार हुन्छ, प्रगति हुन्छ र

अनुसन्धानमा राखेर मात्र कक्षामा शासन गर्न सकिन्छ भन्ने मान्यता रहुन्जेल विद्यार्थीकेन्द्री शिक्षणप्रक्रिया लागू गर्न सकिन्न ।

विद्यार्थीले नजान्नुमा अनेकौं कारण हुन सक्छन् । कसैले कुन प्रक्रियाबांट सिक्छन् त कसैले कुन प्रक्रियाबाट । यस्तो अवस्थामा कान समातेर उठबस गराउने, गधाको बिल्ला लेखेर विद्यालयमा घुमाउने,लाठीले पिट्ने जस्ता कार्यहरूले सकारात्मक कार्य गर्न सक्दैनन् । यसमा उनीहरूलाई सिकाउने तरिकामा फेरबदल ल्याउनुपर्छ । सिकाइलाई रुचिपूर्ण बनाउनुपर्छ र अभिप्रेरणाका विविध उपायहरू अवलम्बन गर्नुपर्दछ । शारीरिक सजाय सुधारको उपाय होइन बरु यो त विद्यार्थीको मानसिकतामा विकृति र विकार ल्याउने कार्य हो । यसबाट उसमा मनोवैज्ञानिक त्रास जन्मन्छ र डराउने, धम्क्याउने, बदला लिने प्रवृत्तिहरू विकसित हुन सक्छन् । त्यसैले शारीरिक यातनाका सकारात्मक पक्षहरू हुँदै हुँदैनन् । यस्तो शारीरिक यातनाबाट मुक्ति प्राप्त गर्न निम्नलिखित उपायहरू अवलम्बन गर्न सकिन्छ :

१. विद्यार्थीका सबै विचारको सम्मान गर्ने र तिनको आलोचनात्मक खण्डन वा समर्थन गरी उसमा आफ्नो गल्तीप्रति आत्मालोचना हुन लगाउने ।
२. गल्ती गर्दा सजायको सट्टा बढी काम दिने (जस्तै : कक्षाकार्य, गृहकार्य, आफूले गल्ती गरेको हो भन्ने विषयमा अनुच्छेद लेखन आदि ।)
३. दण्ड समस्याको समाधान हुँदै होइन भन्ने कुरामा चेतना जागृत गर्ने र आफू पनि त्यस कुरामा सचेत हुने ।
४. मानवअधिकार शिक्षालाई अनिवार्य बनाई बालबालिकालाई पिट्ने कुरा मानवीय अपराध हो भन्ने कुरामा स्पष्ट पार्ने ।
५. बालकमा प्रतिबिम्बन अभ्यास गराइराख्नुपर्दछ । उसलाई के ठीक के बेठीक भन्ने बारेमा आफै सँग प्रश्न गर्ने र समाधान गर्न लगाउने काम र बानीको विकास सानैदेखि गराउनु पर्दछ ।
६. विद्यार्थीकेन्द्री र बालमैत्रीपूर्ण शिक्षण सिकाइको विकास गर्ने ।
७. समस्या समाधान सीप र संवेग नियन्त्रण कौशलका लागि परामर्श सीपको ज्ञान दिनुपर्छ ।
८. विद्यार्थीलाई पुरस्कृत गर्ने बानीको विकास गर्नुपर्दछ । पुरस्कारले गल्ती नगर्न र अझ राम्रो गर्न अभिप्रेरित गरी बालबालिकालाई असल काम गर्न प्रोत्साहित गर्छ ।
९. गल्ती गर्नेलाई के गल्ती गरेँ भन्ने कुराको बोध गर्न लगाई त्यस्तो गल्ती दोहोऱ्याउन नहुने कुरामा आत्मबोध गर्न लगाइनुपर्दछ ।
१०. समूहकार्य, युगलकार्य, समस्यामूलक प्रश्न, छलफल, अन्तर्क्रिया, परियोजना कार्य जस्ता शिक्षणसिकाइका सिर्जनात्मक पक्षमा जोड दिएमा विद्यार्थीलाई दण्ड दिने अवस्था नै आउँदैन । हाम्रा विद्यालयहरूमा घोक्ने वा कण्ठ गर्न लगाउने गरिन्छ र त्यस्तो बेलामा कण्ठ गर्न नसके विद्यार्थीलाई दण्ड दिइन्छ ।

### (ज) शिक्षणको विषयगत पद्धति

ज्ञान प्राप्त गर्ने भिन्न पद्धतिमध्ये एउटा पद्धति विषयगत पद्धति पनि हो । विषयगत पद्धति भन्नाले सम्वन्धित विषयमा तपाईंको ज्ञान र सीप कस्तो छ भन्ने नै हो । शिक्षण आफैं पनि एउटा विषय हो । शिक्षणसिकाइ कलाका क्षेत्रमा प्रशस्त ज्ञान र सीपहरू विकसित भएका छन् । उदाहरणका लागि नेपाली भाषाशिक्षणका लागि तपाईँलाई भाषाशिक्षणको ज्ञान र सीपका अतिरिक्त पेसागत रूपमा आवश्यक ज्ञान र सीपको पनि जरुरी पर्दछ । भाषाशिक्षणको पनि अद्यावधिक विकास र विस्तारका कुराहरूको अध्ययन गर्नुपर्छ भने भाषाशिक्षणबाहेकका शिक्षण कला पनि तपाईंका लागि आवश्यक पर्दछ । यसका लागि आवश्यक पाठ्यक्रम भनेको के हो ? यसको कार्यान्वयन कसरी हुन्छ ? योजना निर्माण कसरी गरिन्छ ? कक्षागत अनुसन्धान, सांस्कृतिक व्यवस्थापन, भाषिक व्यवस्थापन आदि अनेकौं विषयमा तपाईँको ज्ञान विस्तार हुनु आवश्यक छ ? यसरी शिक्षण सिकाइका विषयको ज्ञान प्राप्त गर्ने पद्धतिलाई विषयगत पद्धति भनिन्छ ।

विषयगत पद्धतिबाट ज्ञान प्राप्त गर्ने प्रथम तरिका विषयवस्तुको अध्ययन हो । वैश्विक ज्ञानको विस्तारसँगै शिक्षासँग सम्बद्ध अध्ययन सामग्रीको पनि पर्याप्त विस्तार भएको छ । शिक्षकले यस्ता अध्ययन सामग्रीबाट पनि विषयगत रूपमा ज्ञान र सीप प्राप्त गर्दछन् । त्यसैगरी तालिम, छलफल, अन्तर्क्रिया आदिका माध्यमबाट पनि विषयगत रूपमा ज्ञान र सीप प्राप्त गर्न सकिन्छ । तपाईंले कुनै पनि सामग्री पढ्नुको तात्पर्य पठित सामग्रीका आधारमा त्यसको कक्षाकोठामा प्रयोग गर्नु नै हो ।

विषयगतताको अर्को तात्पर्य तपाईं आफ्नो विषयमा पोख्त हुनु नै हो । तपाईंको व्याकरण ज्ञान कमजोर छ भने राम्ररी व्याकरण शिक्षण गर्नुहुन्न, तपाईंकै वर्णविन्यासगत क्षमता कमजोर भए तपाईं कसरी विद्यार्थीलाई कसरी वर्णविन्यास सिकाउन सक्नुहुन्छ ? अझ तपाईंको शिक्षण कला कमजोर छ । कक्षामा समूहकार्य, युगलकार्य आदि गरेर सिकाउन सक्नुहुन्न, भने तपाईं राम्रो शिक्षक ठहरिनुहुन्न र यसबाट तपाईंमा विषयगत ज्ञान र सीप कमजोर छ भन्ने देखिन्छ । यस्तो अवस्थामा तपाईंले सम्वन्धित विषयको ज्ञाता बन्नका लागि ज्ञान र सीप प्राप्त गर्ने विषयगत पद्धतिलाई स्वीकार गरी आफ्नो क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा प्राप्त ज्ञान र सीपहरूलाई नेपाली भाषाशिक्षणमा उपयोग, शिक्षकले ज्ञान प्राप्त गर्ने तरिका र यसको प्रयोग पक्षमा स्पष्ट भएपछि आफ्नो विषयको शिक्षणमा कसरी त्यसको प्रयोग गर्ने भन्ने कुरामा स्पष्ट हुनुपर्दछ । उदाहरणका लागि सन्दर्भगत ज्ञानको प्रयोग भाषाका सबै सीप सिकाउनका लागि गर्न सकिन्छ भन्ने स्थानीयकरणको सीपबाट भाषाशिक्षणको विश्वव्यापी ज्ञानलाई कक्षाकोठामा प्रयोग गर्न सिकाउँछन् । कक्षागत अनुसन्धान, त्रुटिविश्लेषण, व्यतिरेकीविश्लेषण जस्ता भाषाशिक्षणसम्बन्धी ज्ञान र सीप विश्वव्यापी हुन् । स्थानीयकरण गर्ने ज्ञानका कारण तपाईंले त्यस ज्ञानलाई नेपाली भाषाको कक्षामा तामाङ विद्यार्थीले गर्ने त्रुटिको खोजीमा लगाउन सक्नुहुन्छ । तामाङ मातृभाषा भएका विद्यार्थीले नेपाली सिक्दा जुन त्रुटि गर्दछन्, मैथिली भाषीले त्यही त्रुटि गर्दैनन् । त्यही कारण विश्वव्यापी ज्ञानको स्थानीय करण गर्नु परेको हो ।

विश्वव्यापी ज्ञान तपाईंले कक्षाकोठामा भाषाशिक्षणका क्रममा लागू गरिरहने ज्ञान हो । यस ज्ञानले नै तपाईंलाई शिक्षण कला र शिक्षणसिकाइ क्रियाकलापमा निरन्तर सहयोग गरिरहेको हुन्छ । यसअन्तर्गत भाषाशिक्षणका विश्वव्यापी मान्यता र पेसागत सीपहरू पर्दछन् । त्यसैगरी राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याले भाषाशिक्षणलाई पनि छोएकै हुन्छ । कक्षामा भाषिकद्वन्द्व, लैङ्गिक समस्या निरन्तर देखिने समस्या हो । त्यस्ता समस्याको समाधानका लागि भाषाशिक्षणमा समूह छलफल, समूह अन्तर्क्रिया, भाषिक अन्तर्क्रिया आदि गराउन सकिन्छ । शिक्षकले विषयगत रूपमा सिकेको ज्ञान त कक्षाकोठामा प्रयोग गर्नकै लागि हो ।

नेपाली भाषाशिक्षण अहिले झन् चुनौतीपूर्ण बन्दै गएको छ । खासगरी नेपालको बहुभाषिक, बहुसांस्कृतिक वातावरण, घरमा नेपाली भाषाको प्रयोग नहुने अवस्था, बोर्डिङ स्कुलहरूले अङ्ग्रेजी माध्यमलाई प्राथमिता दिएको स्थिति, नेपाली भाषामा विश्वव्यापी ज्ञानका सामग्रीको अभाव, स्थानीयकरण गर्ने बेलामा नेपाली भाषाशिक्षणमा सामग्रीहरूको अभावजस्ता समस्याहरू अहिले विद्यमान छँदै छन् । यस्तो अवस्थामा शिक्षकले प्राप्त सीमित ज्ञान र स्रोतलाई जति बढी प्रयोग गर्‍यो त्यति नै नेपाली भाषाशिक्षण पनि प्रभावकारी बन्दछ ।

६. **आत्ममूल्याङ्कन :**

(क) प्रस्तुत विषयवस्तुको अध्ययनबाट तपाईंमा आएका नयाँनयाँ भावनाहरूको टिपोट गर्नुहोस् ।

एकाइ – पाँच

# शैक्षणिक क्रियाकलापहरूको योजना तथा रूपरेखा

१. **शीर्षक** : शिक्षानीति तथा योजनाको मूल्याङ्कन गर्ने पद्धतिहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) विषयवस्तुमुखी पद्धतिका बारेमा बताउन

(ख) सामाजिक पद्धतिको परिचय दिन

(ग) राजनीतिक पद्धतिका प्रक्रिया बारेमा बताउन

(घ) आर्थिक पद्धतिको चिनारी गराउन

३. **विषयवस्तु** :

(क) विषयवस्तुमुखी पद्धतिको परिचय

(ख) सामाजिक पद्धति

(ग) राजनीतिक पद्धति

(घ) आर्थिक पद्धति

४. **पूर्वसिकाइ धारणा** :

यो पाठ अध्ययन गर्नुभन्दा पहिले निम्नलिखित प्रश्नहरूमाथि विचार गरी आफ्नो धारणा टिपोट गर्नुहोस् :

(क) शिक्षानीति र योजनाको मूल्याङ्कनका लागि उपयोग गरिने विषयवस्तुमुखी पद्धति कस्तो पद्धति हो ?

(ख) शिक्षानीति र योजनाका मूल्याङ्कनका लागि उपयोग गरिने निम्न पद्धतिहरूको मूलभूत पहिचान के हो ?

१. सामाजिक पद्धति        २. राजनीतिक पद्धति        ३. आर्थिक पद्धति

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

राज्यले नागरिकका लागि शिक्षानीति र योजनाहरूको निर्माण गर्ने गर्दछ । राज्यले अवलम्वन गर्ने नीति तथा योजनाकै आधारमा शिक्षाक्षेत्र अघि बढ्ने हुँदा देशको शैक्षिकप्राज्ञिक अभ्युत्थानका लागि शिक्षानीति र योजनाहरूको भूमिका महत्वपूर्ण मानिन्छ । आजको परिस्थितिअनुसार नेपाली भाषाका शिक्षकले राज्यले अवलम्बन गरेको शिक्षानीति र योजनाका बारेमा थाहा पाएर मात्र पुग्दैन बरु ती नीति र योजनाहरूको समीक्षा गर्न पनि सक्नुपर्दछ । तसर्थ शिक्षानीति र योजनाहरूको मूल्याङ्कन तथा समीक्षा गर्ने मूलभूत पद्धतिहरूको परिचय दिने प्रयास यहाँ गरिएको छ ।

**(क) विषयवस्तुमुखी पद्धति**

शिक्षानीति तथा योजनाहरूको मूल्याङ्कन गर्दा विषयवस्तुलाई केन्द्रमा राखी अध्ययन गरिने पद्धति विषयवस्तुमुखी पद्धति हो । यसले राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि दृष्टिकोणहरूलाई

कम महत्व दिन्छ । नेपाली भाषासम्बन्धी नीति तथा योजनाको मूल्याङ्कन गर्नु भनेको वरिपरिका सन्दर्भलाई हेर्नु भन्दा नेपाली भाषा स्वयम्‌को स्थिति, स्वरूप र यसका विशिष्टताहरूलाई हेर्नु राम्रो हुन्छ भन्ने धारणा यस पद्धतिले राख्दछ ।

भाषा आफैंमा एउटा वस्तु हो । यसको आफ्नै व्यवस्था हुन्छ । नेपाली भाषा अन्य भाषाभन्दा केही फरक विशिष्टताले युक्त भाषा हो । यसको विकास र समृद्धिका लागि यसका विशिष्टता अनुरूपका नीति तथा योजनाहरू बनाइनु पर्दछ । अन्य सन्दर्भबाट भाषालाई हेर्ने हो भने यसको निजत्वमाथि छाया पर्न सक्छ । भाषालाई हेर्न र बुझ्न भाषा आफैं पर्याप्त छ । यसको आफ्नै आदर्श व्यवस्था छ । भाषाशिक्षणको जुन आदर्शलाई ध्यानमा राखेर भाषानीति तथा योजनाहरू बनाइनुपर्ने हुन्छ त्यस पद्धतिको उपयोग गरिन्छ ।

भाषा नीति तथा योजना तर्जुमा गर्दा अवधारणागत स्पष्टता हुनुपर्दछ । हामी यस प्रकारको नेपाली भाषाको स्तरीकृत र मानकीकृत स्वरूप स्थापित गर्न चाहन्छौं भन्ने स्पष्ट धारणाका आधारमा भाषानीति तथा योजनाहरू बनाइनुपर्दछ । नीति तथा योजना निर्माण गर्दा निर्मातामा अवधारणागत स्पष्टता कत्तिको छ उसमा विरोधाभाषी अवधारणा पो छ कि भनी विश्लेषण गर्ने काम विषयवस्तुमुखी पद्धतिबाट गरिन्छ ।

**(ख) सामाजिक पद्धति :**

भाषा सामाजिक उत्पादन हो । समाजमा यो जन्मन्छ र समाजकै आवश्यकता अनुरूपको प्रकार्य गर्दछ । राज्यले शिक्षानीति र योजनाको निर्माण गर्ने क्रममा भाषालाई सामाजिक दृष्टिकोणबाट हेरेको हुनुपर्छ भन्ने विश्लेषण सामाजिक पद्धति हो ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँ अधिकांश वस्तीहरू नै बहुभाषिक छन् । हरेकजसो सहरहरू बहुभाषिक छन् । बसाइँ सराइबाट बनेका नयाँ बस्तीहरू बहुभाषिक छन् । पहाड र हिमालका केही पुराना गाउँ तथा तराइका सुदूर ग्रामीण क्षेत्रमा एक भाषिकताको स्थिति पाइए पनि राज्यले भाषानीति तथा योजना बनाएर शैक्षिक क्षेत्रमा कार्यान्वयन गर्न खोज्दा बहुभाषिकतालाई स्वीकार गर्नै पर्दछ । तसर्थ बहुभाषिक पृष्ठभूमि भएको नेपाली समाजको आवश्यकता र आदर्शलाई शैक्षिक नीति तथा योजनाले कसरी प्रतिनिधित्व गरेको छ भनी हेर्ने काम यस पद्धतिमार्फत् गर्न सकिन्छ ।

शिक्षा समाजका लागि हो । समाजका आवश्यकताहरू परिपूर्ति गर्दै सामाजिक उत्थानका लागि राष्ट्रले शिक्षानीति तथा योजना बनाउने हुँदा नीति तथा योजनाको मूल्याङ्कनका लागि समाज भरपर्दो कारकतत्व भएको हो । विविध धार्मिक, सांस्कृतिक र भाषिक पृष्ठभूमियुक्त समाजको मनोबल बढाई राष्ट्रिय मूलधारमा समाहित गर्न सक्ने खालको नीति तथा योजना तर्जुमा भएको छ छैन भनी हेर्ने काम यस पद्धतिले गर्दछ ।

**(ग) राजनीतिक पद्धति**

शिक्षानीति तथा योजना तर्जुमा गर्ने राज्यले हो । राज्यकै सञ्चालन चाहिँ राजनीतिले गर्दछ । तसर्थ शिक्षानीति तथा योजनाको मूल्याङ्कनका लागि राजनीति चाहिँ केन्द्रीय आधार हो भन्ने मान्यता मूल्याङ्कनको राजनीतिक पद्धतिले राख्दछ ।

देशको शैक्षिक नीति तथा योजनामा राजनीतिको प्रभाव गहिरोसँग परेको हुन्छ । देशमा विद्यमान राजनीतिक व्यवस्थाले शिक्षालाई कुन रूपमा परिभाषित गर्दछ त्यही सोचको प्रतिरूप नीति तथा योजनामा स्पष्टै देख्न सकिन्छ । राज्यले नागरिकलाई आफू अनुकूलको शिक्षा प्रदान गर्ने चाहना राखेको हुन्छ । उदाहरणका लागि २०४६ अघिको र पछिको शिक्षानीतिमा प्रशस्तै भिन्नता हुनसक्छ भने यस पक्षलाई विश्लेषण गर्न राजनीतिक पद्धतिको उपयोग गरिनु राम्रो हुन्छ ।

कुनै राजनीतिक व्यवस्था वा दृष्टिकोण खास किसिमको शिक्षाप्रति अनुदार रहन सक्छ र खास किसिमको शिक्षालाई महत्वका साथ अघि बढाउन सक्छ । राजनीतिक व्यवस्थाले आफू चिरस्थायी रहनका लागि नागरिकलाई आफ्नो व्याख्याता बनाउन चाहन्छ । यसर्थ राजनीतिलाई केन्द्रमा नराखी गरिएको शिक्षानीति तथा योजनाको मूल्याङ्कन अपूर्ण हुन्छ भन्ने मान्यता यस पद्धतिको छ ।

**(घ) आर्थिक पद्धति**

आर्थिक उन्नतिलाई मानवीय विकासको महत्वपूर्ण आधारका रूपमा हेर्ने गरिन्छ । शिक्षाले व्यक्तिलाई आत्मनिर्भर त बनाएकै हुनुपर्छ साथसाथै आर्थिक हिसाबले सबल जनशक्ति तयार पार्नु पनि शिक्षाको अर्को काम हो । राज्यका कतिपय उन्नतिहरू आर्थिक धरातलमा अडेका हुन्छन् । अर्थविनाको, आयआर्जन विनाको शिक्षाले मानिसमा वितृष्णा जन्माउँछ । शिक्षा आयआर्जनको माध्यम बन्न सकोस् भन्ने अपेक्षा राखिन्छ । वर्तमान शिक्षा नीति तथा योजनाले जीवनको आर्थिक र भौतिक पक्षसँग शिक्षालाई कसरी सम्बद्ध तुल्याएको छ भनेर विश्लेषण गर्ने काम आर्थिक पद्धतिले गर्दछ ।

राज्यले त्यस्तो शिक्षानीति तथा योजनाहरू तर्जुमा गरोस् जसले देशभित्र विद्यमान यावत् स्रोतसाधनको अधिकतम उपयोग गरी राज्यको मुहार फेर्न सकियोस् । शिक्षालाई अति आदर्शीकरण गर्ने तर शिक्षित व्यक्ति सधैं रोजीरोटीको समस्याले पिरोलिने स्थिति हुनु राम्रो होइन । देशको शिक्षानीति तथा योजनामा आर्थिक सबलीकरणका पक्षमा केकस्ता अवधारणा अघि सारिएको छ अनि ती अवधारणाहरू राज्य र नागरिकको हितका लागि कत्तिको सार्थक छन् भनी विश्लेषण र अध्ययन गर्ने काम आर्थिक पद्धतिले गर्दछ ।

६. **आत्ममूल्याङ्कन :**

यस पाठको अध्ययनपश्चात् शिक्षानीति र योजनाको मूल्याङ्कन गर्ने पद्धतिका बारेमा केकति जानकारी पाउनुभयो ? टिपोट गर्नुहोस् ।

## एकाइ – पाँच

१. **शीर्षक** : भाषानीति र भाषायोजना तथा भाषाशिक्षणमा योजना

२. **उद्देश्य** : यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) नेपालको भाषासम्बन्धी नीति र योजनाहरूको बारेमा बताउन

(ख) भाषा शिक्षणका लागि वार्षिक शैक्षणिक योजना, एकाइ योजना र पाठयोजना तयार पार्न

(ग) राष्ट्रिय र स्थानीय योजनामा परिचित भई त्यस्ता योजना निर्माण गर्न

३. **विषयवस्तु** :

(क) नेपालको शैक्षिक योजनामा व्यवस्था भएका भाषासम्बन्धी नीति र योजनाहरू

(ख) भाषाशिक्षणका लागि वार्षिक शैक्षणिक योजना, एकाइ योजना र पाठयोजना

(ग) स्थानीय योजना

४. **पूर्वसिकाइ धारणा** :

यो पाठ अध्ययन गर्नुभन्दा पहिला तलका विषयवस्तुमा आफ्नो तर्फबाट विचार गर्नुहोस् :

(क) नेपालका भाषानीति र योजनाका बारेमा मनन गर्नुहोस् ।

(ख) शैक्षणिक योजना, एकाइ र स्थानीय योजनाहरू कसरी बनाउनु उपयुक्त हुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**भाषानीतिको परिचय**

नेपाल बहुभाषिक राष्ट्र हो । यहाँ भाषिक विकासको स्थिति समान अनुपातको छैन । राष्ट्रिय भाषाहरूले राष्ट्रभाषाको र राष्ट्रभाषाले अन्तर्राष्ट्रिय भाषाको दबाबलाई सहनु परिरहेको छ । त्यसैले देशभित्र बोलिने हरेक भाषाको समानुपातिक विकासका लागि राज्यले भाषा नीतिको निर्माण गर्नु परेको हो । यसबाट भाषाहरूको सन्तुलित विकासमा सहयोग पुग्ने देखिन्छ ।

**(क) नेपालको भाषानीति र योजनाहरू**

मातृभाषा, राष्ट्रभाषा र अन्तर्राष्ट्रिय भाषा गरी नेपालमा तीन किसिमका भाषाहरू प्रयोगमा छन् । नेपाली यहाँको राष्ट्रभाषा हो । मातृभाषाकै रूपमा नेपाली भाषाको प्रयोग गर्ने जनसङ्ख्या पनि यहाँ सबैभन्दा बढी छ । नेपाली बाहकेका अन्य मातृभाषाहरू यहाँका राष्ट्रिय भाषा हुन् । यी दुईका अतिरिक्त अङ्ग्रेजी भाषा पनि खासगरी अध्ययन अध्यापनका क्षेत्रमा प्रयोगमा देखिन्छ । यो अन्तर्राष्ट्रिय भाषा हो । मातृभाषा नभए पनि नेपालका तराई क्षेत्रमा हिन्दी भाषा प्रयोगमा रहेको भेटिन्छ ।

राष्ट्रिय भाषानीति सुझाव आयोग २०५० ले राष्ट्रिय भाषाका सम्बन्धमा निम्नानुसारका महत्वपूर्ण सुझावहरू प्रस्तुत गरेको छ :

(१) नेपालमा बोलिने भाषाहरूको पहिचान र निर्धारण गर्न नेपालमा बोलिने सबै भाषाहरूको सर्वेक्षण गरिनुपर्ने,

(२) राष्ट्रिय भाषाहरूको विकास निमित्त भाषायोजना तर्जुमा गरी तिनमा मानकको चयन, शब्दकोश र व्याकरण निर्माणका साथै प्रयोगत क्षेत्रविस्तार (सञ्चार, प्रशासन, न्यायालय, आदि) का लागि कार्य गरिनुपर्ने ।

(३) मृत्युउन्मुख भाषाहरूको पहिचान गरी तिनको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

(४) राष्ट्रिय भाषाहरूको अध्ययन, अनुसन्धान र विकासका लागि योजना तथा कार्यक्रम बनाई तिनको कार्यान्वयन र अनुगमनसम्बन्धी कार्यहरू संस्थागत रूपमा सञ्चालन गर्न राष्ट्रिय भाषा परिषद् गठन गरिनुपर्ने ।

(५) प्राथमिक तहमा मातृभाषामा शिक्षा दिँदा लेख्यपरम्परा भएका, लेख्य परम्पराउन्मुख र लेख्यपरम्परा नभएका गरी राष्ट्रिय भाषाहरूलाई तीन समूहमा राखी प्राथमिकताका आधारमा शिक्षा दिने कार्यक्रमको थालनी गरिनुपर्ने ।

(६) शतप्रतिशत मातृभाषी विद्यार्थीहरू भएका प्राथमिक विद्यालयहरूमा मातृभाषाका माध्यममा शिक्षा दिइनुपर्ने, दुई किसिमका मातृभाषा भएका विद्यालयहरूमा द्विभाषिक शिक्षा (मातृभाषा र राष्ट्रभाषा) र बहुभाषी विद्यालयहरूमा राष्ट्रभाषाको माध्यममा शिक्षा दिइनुपर्ने ।

(७) जनसहभागितामा खोलिएका र खोलिने मातृभाषी प्राथमिक विद्यालयलाई सरकारले स्वीकृति र अनुदान दिइनुपर्ने ।

(८) मातृभाषी, द्विभाषी र राष्ट्रभाषी तीनै प्रकारका प्राथमिक विद्यालयहरूमा विषयका रूपमा आफ्नो मातृभाषा पढ्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने ।

(९) श्रव्यमाध्यम र दृश्यमाध्यमबाट सार्वजनिक, सांस्कृतिक र स्थानीय महत्वका विद्यालयहरूलाई राष्ट्रिय भाषाहरूमा प्रसार गरिनुपर्ने ।

यसैगरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले भाषासम्बन्धी राष्ट्रिय नीतिका विषयमा निम्नलिखित कुराहरू राखेको छ :

(१) भाषाभाषीहरूको आकाङ्क्षालाई ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्न प्रोत्साहित गर्ने ।

(२) राष्ट्रभाषा र सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषाको प्रयोगलाई ध्यानमा राखी उच्च तहसम्मको शिक्षा राष्ट्रभाषामा दिने ।

(३) राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा साहित्य, कला र संस्कृतिका विविध पक्षमा मौलिक सिर्जना गर्न व्यक्तिलाई सक्षम तुल्याउने ।

(४) नेपाली जीवनसँग सम्बद्ध ज्ञानविज्ञानका विविध पक्षमा उच्चस्तरीय अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्ने ।

(५) नेपाली र नेपालका राष्ट्रिय भाषाहरूको सम्वर्द्धन, अध्ययन र अनुसन्धान गर्न एउटा राष्ट्रियस्तरको संस्थाको स्थापना गर्ने ।

त्यस्तै उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा राष्ट्रिय भाषाका सम्वन्धमा निम्न कुराहरू उल्लेख गरिएका छन् :

राष्ट्रिय भाषाहरूको माध्यमबाट शिक्षा दिन व्याकरण, पाठ्यक्रम, पाठ्यपुस्तक, कोश, शब्दावली, शिक्षक तालिम आदिको व्यवस्था गर्नुपर्ने हुन्छ र तिनको विकास गर्न चरणबद्ध कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ । नेपाली राष्ट्रभाषा, कामकाजको भाषा, सम्पर्क भाषा हुनुका साथै उच्च शिक्षासम्म शिक्षाको माध्यमका रूपमा यसलाई ज्ञानविज्ञान र प्रविधि शब्दावली, कोश तथा आधुनिक व्याकरण तयार गर्दै जानुपर्ने हुन्छ । मातृभाषा भाषीहरू र राष्ट्रभाषा भाषीहरूका बीचको सम्बन्धलाई अझै घनिष्ठ पार्न मातृभाषाबाट राष्ट्रभाषामा सङ्क्रमण गर्न सरल तुल्याउन द्विभाषिक माध्यमको शिक्षालाई पनि प्रोत्साहन गर्नुपर्दछ । राष्ट्रभाषा, राष्ट्रियभाषा र अङ्ग्रेजी भाषाको शिक्षणमा देखापर्ने समस्याहरू अध्ययन, अनुसन्धान, शिक्षक तालिम, अनुवादका साथै प्राविधिक शब्दावलीको निर्माण गर्न एक स्वायत्त भाषा अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने नीति लिइने छ ।

त्यसैगरी उक्त प्रतिवेदनले 'शिक्षामा पहुँच' शीर्षकअन्तर्गत निम्नलिखित कुराहरूलाई सुझावका रूपमा प्रस्तुत गरेको छ :

**(१) मौखिक माध्यमका रूपमा मातृभाषा**

मातृभाषाका पाठ्यपुस्तक उपलब्ध नहुँदा प्रारम्भिक कक्षाहरूमा नेपाली भाषाका पाठ्यपुस्तकका विषयवस्तुलाई मातृभाषाको मौखिक माध्यमबाट सिकाउने बुझाउने गर्नुपर्छ । कक्षाका गतिविधिहरूलाई उनीहरूको बुझाइको स्तरअनुसार नेपाली भाषामा लेखिएका पाठ्यसामग्रीहरूलाई सम्बन्धित मातृभाषामा अनुवाद गरी सिकाउनु उपयुक्त हुन्छ ।

विद्यालयका परिवेशमा मातृभाषा, प्रारम्भिक शिक्षार्थीहरूसँग कक्षाका शैक्षिक गतिविधिका साथै विद्यालयीय परिवेशका गतिविधिहरूको माध्यम पनि आवश्यकतअनुसार उनीहरूकै मातृभाषालाई बनाइनु पर्छ ।

**(२) द्विभाषिक शिक्षा**

दुई भिन्नभिन्न भाषाको पृष्ठभूमि भएका शिक्षार्थीहरू भएमा उनीहरूलाई दुवै भाषाका माध्यमबाट पठनपाठन गराइने हुनुपर्छ । विशेषगरेर नेपाली मातृभाषी र अन्य मातृभाषी शिक्षार्थीहरू एउटै कक्षामा भएको स्थितिमा यस्तो विधिलाई प्रयोग गर्न सजिलो हुन्छ । नेपाली भाषामा भएका पाठ्यसामग्रीलाई दुवै भाषाका माध्यमद्वारा सिकाउँदा उनीहरूलाई आफ्नो मातृभाषाबाट राष्ट्रभाषातिर सङ्क्रमित हुँदै सिक्ने अवसर प्राप्त हुन्छ । माथिल्ला कक्षाहरूमा शिक्षार्थीहरूलाई नेपाली भाषाको माध्यमद्वारा हुने सिकाइ शिक्षणमा सुगमता हुने र कम कठिनाइ हुने हुन्छ ।

**(३) पाठ्यसामग्रीको निर्माण**

मातृभाषी शिक्षार्थीहरूको माग र आवश्यकता अनुरूप विभिन्न मातृभाषाका पाठ्यसामग्री तयार गर्दै जानुपर्छ । यसका लागि लेख्य परम्परा नभएका भाषाहरूमा समेत आवश्यक अध्ययन र पूर्वतयारीका साथ पाठ्यसामग्रीको निर्माण गर्ने प्रयास गर्नुपर्छ ।

**(४) मातृभाषाको शिक्षण**

विभिन्न मातृभाषी पृष्ठभूमिका शिक्षार्थीहरूका समस्याको अध्ययन र उनीहरूलाई उपयोगी हुने परिपाटीको पहिचान गरी विभिन्न मातृभाषामा अध्ययनअध्यापन गर्ने शिक्षक तथा सहयोगी कार्यकर्ताका लागि प्रशिक्षण दिनुपर्छ ।

**(ख) शैक्षिक योजना**

शैक्षिक योजनाहरू राष्ट्रियस्तरका र स्थानीयस्तरका गरी दुई किसिमका हुन्छन् । राज्यले शैक्षिक विकासका लागि तयार पारेका केन्द्रिकृत योजनाहरू राष्ट्रिय योजना हुन् । राष्ट्रिय योजना आयोग र शिक्षा तथा खेलकुद मन्त्रालयको सक्रिय संलग्नतामा राष्ट्रिय योजनाहरू तय गरिन्छन् । राष्ट्रिय लक्ष्य, उद्देश्य, राणनीति तथा राष्ट्रियस्तरका सूचकहरूको निर्धारण गरी त्यसका आधारमा यस्ता योजनाहरूको निर्माण भएको हुन्छ । विभिन्न किसिमका कार्यक्रमहरूको प्राथमिकताक्रम निर्धारण गरिने यस्ता योजनाहरूमा विशेषज्ञहरूको सहभागिता उल्लेख रहे पनि सरोकारवालाहरूको सहभागिता अत्यन्त न्यून हुन्छ । स्थानीयस्तरका योजनाहरू भने राष्ट्रियस्तरका योजनाहरूभन्दा पृथक स्वरूप र प्रकृतिका हुन्छन् । स्थानीयस्तरका योजनाहरू विकेन्द्रित योजनाहरू हुन् । त्यसैले यस्ता योजनाहरूमा सल्लाहकारका रूपमा विशेषज्ञहरू रहे पनि प्रमुख सहभागिता चाहिँ सरोकारवालाहरूकै हुन्छ । जिल्ला शिक्षा कार्यालय, गाउँ विकास समिति, विद्यालय व्यवस्थापन समिति, विद्यालयका शिक्षकहरू तथा अभिभावकहरूसमेतको सहभागितामा स्थानीय योजनाहरू तर्जुमा गरिएका हुन्छन् । यसमा सूचकहरू पनि स्थानीय स्तरबाटै तयार पारिएका हुन्छन् । त्यसैले यस्ता योजनाहरूले स्थानीय आवश्यकता र विशिष्टतालाई महत्व दिँदै समुदायको मागमा आधारित पद्धतिलाई अपनाउने गर्दछन् । राष्ट्रिय स्तरको योजना अन्तर्गत दसौँ योजना (२०५९-६४) ले नवौँ योजनाको समीक्षा र मूल्याङ्कन गर्दै दसौँ योजनाका लागि शैक्षिक उद्देश्यहरू, तहगत/समष्टिगत मुख्य परिचयात्मक लक्ष्यहरू निर्धारण गर्ने काम गरेको छ । यसका लागि रणनीतिहरूको तर्जुमा गर्ने तथा कार्यनीतिहरू लागू गर्ने प्रयोजनका लागि विभिन्न कार्यक्रमहरू तय गरेको छ । नीतिगत, कानुनी एवम् संस्थागत सुधार तथा तिनीहरूको कार्यक्रम व्यवस्था, कार्यक्रम एवम् आयोजनाहरूको प्राथमिकता, अपेक्षित उपलब्धि,सम्भावित जोखिमहरू र नीति तथा कार्यक्रम सोच तालिकाको निर्माणजस्ता पक्षहरूमा आफूलाई केन्द्रित गरेको छ । त्यसका लागि आवश्यक पर्ने बजेटको अनुमान पनि योजनाले गरेको छ ।

स्थानीयस्तरका योजनाहरूमध्ये जिल्ला शिक्षा योजना सबैभन्दा माथिल्लो तहको योजना हो । यसमा जिल्लाको भौगोलिक, आर्थिक, सामाजिक र नैतिक स्थिति वा अवधारणालाई पृष्ठभूमिका रूपमा राखिनु पर्दछ । जिल्लाको शैक्षिक अवस्थाको विश्लेषण, समस्याको पहिचान, आवश्यकताहरूको प्राथमिकताक्रमका निर्धारण, कार्यक्रमगत लक्ष्य निर्धारण, त्यसका लागि आवश्यक पर्ने क्रियाकलाप तथा रणनीतिहरू, कार्यक्रम तथा बजेटको निर्धारण र अनुगमन योजना जस्ता कुराहरू जिल्ला शिक्षा योजनाभित्र समेटिएको हुनुपर्दछ ।

स्थानीयस्तरका योजनाहरूमध्ये जिल्ला शिक्षा योजनाभन्दा सानो तर विद्यालय सुधार योजनाभन्दा ठूलो योजनाका रूपमा गाउँ शिक्षा योजनाको तर्जुमा गरिन्छ । यस्तो योजनामा गाउँ विकास समितिको परिचय झल्किने खालको प्रस्तुतीकरण आवश्यक हुन्छ । यसअन्तर्गत गाविसको भौगोलिक अवस्था, सामाजिक तथा सांस्कृतिक अवस्था, विकासको अवस्था, शैक्षिक अवस्था, साक्षर जनशक्तिको स्थिति, त्यसमा पनि महिला पुरुष र जातजातिगत अवस्थिति, तहगत रूपमा विद्यालय शिक्षक र

विद्यार्थीको अवस्था, अनौपचारिक शिक्षाको अवस्था, बालविकासको अवस्था आदिका साथमा गाविसका सबल र दुर्बल पक्षहरू समेटिएको हुनुपर्दछ । त्यस्तै घरधुरीको सर्वेक्षण गरी उमेरगत जनसङ्ख्या, विद्यालयमा भर्ना भएका र विद्यालय बाहिर रहेका बालबालिकाहरूको विवरण, जनजातिको विवरण, विशेष लक्षित समूह तथा अपाङ्गता आदिको विवरण र साक्षरताको स्थितिलाई पनि गाउँ शिक्षा योजनाले समेट्नु पर्दछ । यस योजनामा विद्यालय सर्भे कार्यक्रमअन्तर्गत विद्यालयको भौतिक अवस्था तथा शिक्षक विद्यार्थी विवरणलाई समावेश गर्नुपर्दछ । सूचकको विश्लेषण तथा सरोकारवालाहरूको विचार सङ्कलनद्वारा प्रमुख समस्याहरूको पहिचान गरी आवश्यकताहरूको प्राथमिकताक्रम निर्धारण, गाविसको स्पष्ट दृष्टिकोण तथा उद्देश्यहरू, क्रियाकलाप तथा रणनीतिहरू तय गर्न सूचकहरूको लक्ष्य निर्धारण गर्नुपर्दछ । त्यसैगरी कार्यक्रम तथा बजेटको लक्ष्य पनि निर्धारण गर्नुपर्दछ । बजेटविना सञ्चालन गर्न सकिने कार्यक्रमहरू छनोट गरी बजेट आवश्यक पर्ने भौतिक लक्ष्य, कार्यक्रमगत वित्तीय लक्ष्य र वार्षिक वित्तीय लक्ष्यको निक्यौल गरी सोहीअनुसार अनुगमन गर्ने योजना पनि बनाइनु पर्दछ ।

स्थानीयस्तरका योजनाहरूमध्ये विद्यालय सुधार योजना सबैभन्दा तल्लो तहको योजना हो । यस योजनाअन्तर्गत विद्यालयको परिचय झल्किने खालको प्रस्तुतीकरण साथमा विद्यालयसँग सम्बन्धित सम्पूर्ण विवरण समावेश गरिन्छ । विद्यालयको पृष्ठभूमि, अवस्थिति, सङ्क्षिप्त इतिहास, विद्यार्थीसम्बन्धी विवरण, कार्यरत शिक्षकहरूको विवरण, शिक्षक तथा विद्यार्थीको वार्षिक औसत उपस्थिति, विद्यालयको भौतिक अवस्था, शैक्षिक सामग्री र आयव्ययको विवरण, विद्यालय व्यवस्थापनको स्थिति, व्यवस्थापन समितिको गठन, शिक्षक अभिभावक सम्बन्ध तथा विद्यालय र समुदायको सम्बन्धको बारेमा प्रस्तुतीकरण योजनामा हुनुपर्दछ । त्यसैगरी सूचकको विश्लेषण तथा सरोकारवालाहरूको विचार सङ्कलनद्वारा प्रमुख समस्याहरूको पहिचान गरी आवश्यकताहरूको प्राथमिकताक्रम निर्धारण, विद्यालयको स्पष्ट दृष्टिकोण तथा उद्देश्यहरूको किटान, क्रियाकलाप तथा रणनीतिहरूको निक्यौल, सूचकहरूको लक्ष्य निरूपण, कार्यक्रम तथा बजेटको लक्ष्य निर्धारण गर्नुपर्दछ । यसका लागि बजेटविना सञ्चालन गर्न सकिने कार्यक्रमहरू, बजेट आवश्यक पर्ने प्रस्तावित कार्यक्रमहरूको लक्ष्य जस्तैः भौतिक लक्ष्य, कार्यक्रमगत वित्तीय लक्ष्य तथा वार्षिक वित्तीय लक्ष्य आदिको बजेट व्यवस्था र योजनाहरूको अनुगमनसम्बन्धी कार्यहरूको तर्जुमा विद्यालय सुधार योजनाअन्तर्गत आएको हुनुपर्दछ ।

*(नेपालको शैक्षिक योजनासम्बन्धी थप जानकारीका लागि दोस्रो मोडुलको सहयोग लिनुहोस् ।)*

६. **आत्ममूल्याङ्कन** :

(क) नेपालको शैक्षिक योजनामा व्यवस्था भएका भाषासम्बन्धी नीति र योजनाहरू केके हुन् ?

(ख) वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाका एकएक अनुमना तयार पार्नुहोस् ।

## एकाइ - पाँच

१. **शीर्षक** : शिक्षानीति र योजनाहरूको मूल्याङ्कनका पद्धति तथा नेपाली भाषाशिक्षणमा विभिन्न नीति र योजनाहरूको उपयोग

२. **उद्देश्य** : यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) समुदायको मागमा आधारित पद्धतिको परिचय दिन

(ख) अन्तर्मिश्रित पद्धतिको परिचय दिन

(ग) नेपाली भाषा शिक्षणमा विभिन्न नीति तथा योजनाको उपयोगबारे बताउन

३. **विषयवस्तु** :

(क) समुदायको मागमा आधारित पद्धतिको परिचय

(ख) अन्तमिश्रित पद्धतिको परिचय

(ग) नेपाली भाषाशिक्षणमा विभिन्न नीति तथा योजनाहरूको उपयोग

४. **पूर्वसिकाइ धारणा** :

तलका प्रश्नहरूका सम्भावित उत्तर बारे केही क्षण मनन गर्नुहोस् र आफ्ना धारणाहरूलाई टिपोट पनि गर्नुहोस् :

(क) समुदायको मागमा आधारित पद्धति भनेको के हो ?

(ख) अन्तर्मिश्रित पद्धति कस्तो किसिमको पद्धति हो ?

(ग) विभिन्न नीति तथा योजनाहरूलाई नेपाली भाषाशिक्षणमा कसरी उपयोग गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

प्रथम सत्रमा हामीले शिक्षानीति ता योजनाहरूको मूल्याङ्कन गर्ने चार पद्धतिका बारेमा चर्चा गऱ्यौं । यस सत्रमा अन्य थप पद्धति तथा नेपाली भाषाशिक्षणमा नीति तथा योजनाहरूको उपयोगका बारेमा चर्चा गर्नेछौं ।

**(क) समुदायको मागमा आधारित पद्धति**

राज्यले शिक्षानीति तथा योजनाहरू लागू गर्दा समुदायमा त्यसको प्रभाव कसरी परेको छ भन्ने कुराका साथै समुदायका आवश्यकता र माग अनुरूपको नीति तथा योजनाहरू छन् छैनन् भन्ने पक्षमा विश्लेषण, मूल्याङ्कन गर्ने काम समुदायको मागमा आधारित पद्धतिले गर्दछ । शिक्षाको प्रभाव समुदायमा पर्नुपर्ने हो । हरेक समुदायका आआफ्नै समस्या र स्वरूपहरू हुन्छन् । नीति तथा योजनाले तिनलाई सम्बोधन गर्न सक्नुपर्दछ । यदि समुदायलाई सकारात्मक दिशामा अघि बढाउने खालको व्यावहारिक नीति तथा योजना भएन भने त्यसलाई असफल मान्नुपर्ने हुन्छ । तसर्थ शिक्षानीति तथा योजना कत्तिको उपयुक्त छ भनी मूल्याङ्कन गर्दा समुदायमा परेको त्यसको प्रभावलाई आधार बनाइनुपर्दछ ।

आदिवासी, जनजाति वा एकै जातजातिका मानिसहरू बसोबास गरेको समुदायमा सामाजिकीकरणका साथै व्यक्तित्व विकासका सम्भावनाहरू कम भएका हुन्छन् । अर्को जाति, धर्म, संस्कृति वा भाषाको

मानिससँग तिनले व्यवहार गर्नु नपर्ने भएकाले र सबैको पेसा पनि एउटै हुन्छ । यसले गर्दा तिनीहरू सामाजिक विविधताबाट वञ्चित हुन्छन् । यस्तो वर्गलाई समेत राष्ट्रिय मूलधारमा समाहित गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने खालको नीति तथा योजना तयार भएको हुनुपर्दछ । तसर्थ समुदायको आवश्यकता र समस्यालाई सम्बोधन गर्न तथा जनजीवनलाई सकारात्मक दिशामा अघि बढाउन सके नसकेको आधारमा शिक्षा नीति तथा योजनाको मूल्याङ्कन गर्ने काम यस पद्धतिले गर्दछ ।

### (ख) अन्तर्मिश्रित पद्धति

शिक्षानीति र योजनाको मूल्याङ्कन तथा समीक्षा गर्नका लागि सबैखाले पद्धतिहरू महत्वपूर्ण हुन्छन् भन्दै मूल्याङ्कनका लागि सबै पद्धतिको उपयोग गर्ने तरिका अन्तर्मिश्रित पद्धति हो । यसले मूल्याङ्कनका लागि बहुदलवादी दृष्टिकोणलाई अघि सार्दछ ।

राजनीति, अर्थ आदि पक्षहरू समाज तथा समु दाय भन्दा भिन्न छैनन् । विषयवस्तु हामीले सिक्न सिकाउन चाहेको सार हो । समाजको वा समुदायको विकासका लागि राजनीतिक दृष्टिकोणहरू अघि सारिएका हुन्छन् । यावत् राजनीतिक चिन्तनहरू जनसरोकारसँग गाँसिएका हुनछन् र आर्थिक उन्नतिलाई यिनीहरूले महत्वपूर्ण विषयका रूपमा सम्बोधन गर्दछन् । तसर्थ हरेक पद्धतिहरूले अन्ततः मानवहित र उन्नतिसित शिक्षानीति र योजनालाई जोडेको हुँदा सबै पद्धतिहरूको यथोचित उपयोग आवश्यक देखिन्छ । नीति तथा योजनामा कुनपक्ष सबल र कुन पक्ष दुर्बल भएर आएका छन् भन्ने कुरा छर्लङ्ग पार्नका लागि पनि मिश्रित पद्धति नै उपयोगी छ ।

विषयवस्तुमुखी पद्धति, राजनीतिक पद्धति जस्ता केन्द्रीकृत पद्धतिहरू तथा सामाजिक पद्धति, समुदायको मागमा आधाति पद्धति अनि आर्थिक पद्धतिजस्ता विकेन्द्रीकृत पद्धतिहरू पनि अन्तर्मिश्रित पद्धतिभित्र अटाउँछन् ।

### (ग) नेपाली भाषाशिक्षणमा विभिन्न नीति र योजनाहरूको प्रयोग

नेपाल अधिराज्यको संविधान २०४७ ले धारा ६ को उपधारा १ मा यसो भनेको छ- "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।" संविधानको यही व्यवस्थाका आधारमा हाल नेपालका हरेक विद्यालयहरूमा नेपाली भाषा पढ्दै पढाउँदै आइएको छ । नेपाली भाषाका शिक्षकले कक्षामा विद्यार्थीहरूलाई सरकारी कामकाजको भाषा वा राष्ट्रभाषाको शिक्षण गरिरहेका हुनेछन् । राष्ट्रभाषा नागरिकहरूका लागि वैकल्पिक भाषा नभएर अत्यावश्यक, अनिवार्य र जान्नै पर्ने भाषा हो भन्ने बुझेर शिक्षण गरिनु पर्दछ ।

सोही संविधानको धारा २६(२) मा "विभिन्न धर्म, जातजाति, सम्प्रदाय र भाषाभाषीहरूका बीच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकता सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भनिएको छ । यस व्यवस्थाले नेपाल बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र भएको तथा यसको मौलिकता कायम राख्दै राष्ट्रिय एकता सुदृढ गर्ने कुरा बताइएबाट कुनै भाषाभाषी सानो वा ठूलो नहुने तथा राष्ट्रनिर्माणमा सबैको समान हक रहने भएकाले अरूको भाषिक सांस्कृतिक गरिमाको सम्मान गर्दै नेपाली भाषा शिक्षण गर्नुपर्ने तर्फ सङ्केत गरिएको देखिन्छ । अन्य भाषाको

सम्मान गर्दै नेपाली भाषाशिक्षण गर्नु शिक्षकको दायित्व हो । मातृभाषामा प्राथमिक शिक्षा लिन पाउने अधिकारका विषयमा विभिन्न आयोग तथा समितिहरूले आफ्नो धारणा यसरी राखेका छन् -

राष्ट्रिय भाषा नीति सुझाव आयोग २०५०ले आफ्नो सुझावको सात नं.बुँदामा भनेको छ- "जनसहभागितामा खोलिएका र खोलिने मातृभाषी प्राथमिक विद्यालयलाई सरकारले स्वीकृति र अनुदान दिनुपर्ने ।"

त्यस्तै राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले पहिलै बुँदामा भनेको छ- "भाषाभाषीहरूको आकाङ्क्षालाई ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्न प्रोत्साहित गर्ने ।"

यसैगरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भनेको छ- "राष्ट्रिय भाषाहरूको माध्यमबाट शिक्षा दिन व्याकरण, पाठ्यक्रम, पाठ्यपुस्तक, कोश, शब्दावली, शिक्षक तालिम आदिको व्यवस्था गर्नुपर्ने हुन्छ र तिनको विकास गर्न चरणबद्ध कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ ।"

यी माथिका केही उदाहरणले के देखाउँछन् भने निम्नमाध्यमिक तथा माध्यमिक तहमा अध्ययन गर्न आउने विद्यार्थीमध्ये कोही प्राथमिक शिक्षा मातृभाषामा लिएकाहरू पनि पर्दछन् । आफ्नो मातृभाषाप्रतिको गौरवबोध तिनीहरूमा पनि हुन्छ । उनीहरूको भावनालाई सम्मान गर्दै नेपाली भाषा शिक्षण गर्न नसके उनीहरूको भावनामा, आत्मसम्मानमा चोट पुग्न जान्छ । तसर्थ भाषाशिक्षकले यस कुरालाई ध्यानमा राखी विद्यालयको भाषिक व्यवस्थापन गर्नुपर्ने हुन्छ । शिक्षा जस्तै भाषा पनि मानवअधिकरको विषय हो । हरेकको अधिकारको सम्मान गर्नु भाषाशिक्षकको दायित्व भएकाले यतातर्फ भाषाशिक्षक सधैं सचेत रहनुपर्दछ । भाषाशिक्षकले भाषिक न्यायको सिद्धान्तलाई पालन गर्नुपर्छ । अझ भन्ने हो भने अन्य भाषाभाषीलाई राष्ट्रनिर्माणको मूल प्रवाहमा ल्याउन प्रयासरत रहनुपर्छ ।

नेपाली भाषा शिक्षणको मूल उद्देश्य साध्यका रूपमा भाषिक सीपहरूको शिक्षण गर्नु भए पनि साधनका रूपमा त विषयवस्तुको उपयोग गर्नै पर्दछ । शिक्षानीति तथा योजनामा उल्लेख भएका सबैखाले कुरालाई विषयवस्तु बनाई भाषा शिक्षण गर्दा विद्यार्थीहरूको ज्ञान, सीप र अभिवृत्ति पक्षमा समेत सकारात्मक प्रभाव पर्दछ । तसर्थ नीति तथा योजनामा उल्लेख गरिएका यावत् कुराहरूलाई विषयवस्तुका रूपमा उपयोग गर्ने प्रयास भाषाशिक्षकले गर्नुपर्दछ ।

६. **आत्ममूल्याङ्कन :**

यस पाठको अध्ययनपश्चात् तपाईंको धारणामा केकस्ता परिवर्तन आए ? तिनलाई समीक्षा गर्नुहोस् ।

# एकाइ – पाँच

१. **शीर्षक** : पाठ्यसामग्रीको समीक्षाका लागि विभिन्न सूचकहरू

२. **उद्देश्य** : यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) सूचकहरूको परिचय दिन

(ख) विविध सामाजिक समूहको शिक्षासम्बन्धी सूचकहरूको निर्धारण गर्न

(ग) ती सूचकहरूका आधारमा पाठ्यसामग्रीको समीक्षा गर्न

३. **विषयवस्तु** :

(क) सूचकहरूको परिचय

(ख) विविध सामाजिक समूहको शिक्षासम्बन्धी सूचकहरूको निर्धारण

(ग) ती सूचकहरूका आधारमा पाठ्यसामग्रीको समीक्षा

४. **पूर्वसिकाइ धारणा** :

यस पाठको अध्ययनपूर्व निम्न प्रश्नहरूमाथि मनन गरी बुँदागत रूपमा उत्तरको टिपोट गर्नुहोस् :

(क) सूचक भन्नाले के बुझिन्छ ?

(ख) विविध सामाजिक समूहको शिक्षासम्बन्धी सूचकहरूको निर्धारण कसरी गर्ने ?

(ग) ती सूचकहरूका आधारमा पाठ्यसामग्रीको समीक्षा कसरी गर्ने ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

सूचकहरू भनेका त्यस्ता सङ्केत वा सूचनाहरू हुन् जसका आधारमा कुनै कार्यक्रमका सफलताहरूको मापन गर्ने गरिन्छ । भावी रणनीति तय गर्नका लागि र विगतका रणनीतिहरूको समीक्षा गर्नका लागि सूचकहरूको प्रयोग गरिन्छ । केही सूचकहरू सर्वत्र लागू हुने खालका हुन्छन् भने केही चाहिँ समय, उद्देश्य र परिस्थितिअनुसार फेरबदल गर्न सकिने किसिमका पनि हुन्छन् । विकासको दर, अवस्था र गतिलाई मापन गर्ने तथा लगानी प्रक्रिया र उपलब्धिलाई स्तरीयरूपमा ठम्याउने काम सूचकहरूले गर्दछन् । यस पाठमा हामी लैङ्गिक, जातिगत, जनजातिगत, क्षेत्रगत, धार्मिक, भाषागत आधारमा तथा अपाङ्गता र बालमजदुरसम्बन्धी सूचकका बारेमा चर्चा गर्नेछौं ।

**(क) लैङ्गिक सूचकहरू**

पाठ्यसामग्रीमा लिङ्गगत अवस्थिति कस्तो छ ? महिला र पुरुषबीच भेदभाव सिर्जना हुने कुनै पनि कुरा परेका छन् कि छैनन् ? नेपालको सन्दर्भमा समाज पितृसत्तात्मक भएकाले महिलाहरू पिछडिनु परेको स्थिति छ । यसलाई हटाएर महिला र पुरुषबीचको विभेद शून्य पार्नका लागि पाठ्यसामग्रीको निर्माण गर्दा के कस्ता सैद्धान्तिक अवधारणाहरूलाई आधार बनाइएको छ ? सो आधारहरू ठीक छन् कि छैनन् ? महिलाहरूको शारीरिक विशिष्टता जस्तो सुत्केरी हुने, महिनावारी हुने, आङ खस्ने आदि पक्षहरूलाई समावेश गरिएको छ कि छैन ? उनीहरूका विशिष्टताहरूलाई स्थान कत्तिको दिइएको छ ? पेसाका बारेमा लैङ्गिक समानताको अवधारणालाई स्वीकार गरिएको छ कि छैन ? स्वीकार गरिएको छ भने कुन रूपमा गरिएको छ ? भाषाको प्रयोगले लैङ्गिक विभेदलाई कसरी ग्रहण गरेको

छ ? विभेद बढाउने वा घटाउने कस्तो भाषा पाठ्यसामग्रीमा छ ? शैलीमा असमानता छ कि छैन ? लेखकीय दृष्टिबिन्दु तटस्थ छ छैन ? छैन भने महिलालाई कुन रूपमा चर्चा गरेको छ ? उनीहरूका मानवअधिकार तथा कानुनी व्यवस्थाका बारेमा सामग्री समावेश भएका छन् कि छैनन् ? छन् भने अनुपात वा प्रतिशत के छ ? जीवनी आदि जस्ता विधाहरूको छनोट गर्दा आधीभन्दा बढी जनसङ्ख्या भएका महिलाहरूको सहभागिता अनुपात कति छ ? त्यो अनुपात उचित-अनुचित के छ ? उदाहरणहरू दिने क्रममा महिला नामहरू कत्तिका छन् ? पुरुषसितको उनीहरूको अनुपात के छ ? समाजमा प्रतिष्ठित जीवनयापनका लागि महिलाहरूलाई उचित वातावरण बनाउनेतर्फ पाठ्यसामग्रीले कस्ता विषयवस्तु कसरी प्रस्तुत गरेको छ ? जस्ता प्रश्नहरूाई ध्यानमा राखेर सूचकहरूको निर्माण गरिनुपर्छ र ती सूचकककाका आधारमा पाठ्यसामग्रीको समीक्षा गरिनुपर्दछ ।

**(ख) जातिगत सूचकहरू**

पाठ्यसाग्रीको हरेक जातिका विद्यार्थीहरूका लागि तयार पारिएको सामग्री हो । नेपालको सामाजिक संरचना नै बहुजातीय विशेषताले युक्त छ । यस विशेषतालाई स्वीकार गरेर पाठ्यसामग्री निर्माण गर्ने क्रममा जनसङ्ख्याका आधारमा आनुपातिक वितरण गरिएको छ कि छैन ? सहभागिताको अनुपात कस्तो छ ? हरेक जातिका विद्यार्थीहरूले उक्त पाठ्यसामग्रीलाई आफ्नो भनी स्वीकार गर्न सक्छन्-सक्दैनन् ? हरेक जातिको जातीय गौरवलाई कसरी प्रस्तुत गरिएको छ ? खास जातिलाई होच्याउने वा उकास्ने काम पो भएको छ कि ? जातिलाई खास पेसासित जोडेर सम्बन्धित विद्यार्थीको मनोबल घटाउने काम भएको छ-छैन ? जातीय परम्परा, जातीय गौरव र जातीय विशिष्टतालाई कुन महत्वका साथ हेरिएको छ ? जनसङ्ख्याको अनुपातमा सम्बन्धित जातिको स्थान सुरक्षित छ कि छैन ? छ भने बढी वा घटी के छ ? उदाहरण आदिमा नाम चयन गर्दा समानुपातिक र समावेशी दृष्टिकोण अपनाइएको छ कि छैन ? कुन जातको पात्रलाई कस्तो किसिमको चरित्र प्रदान गरिएको छ ? जातीय अस्मिताको संरक्षण गर्दै, त्यसको मौलिकता र विशिष्टतालाई सम्मान गर्दै जातीइ विभेद र असमानता हटाउने वा अन्तर्जातीय सम्बन्धको विकास गर्ने पक्षमा पाठ्यसामग्री चयन गर्दा कत्तिको विचार गरिएको छ ? हरेक जातिले आत्मसम्मानका साथ जातीय पहिचान कायम गर्दै बाँच्न सक्ने वातावरणको सुनिश्चितता छ कि छैन ? भाषामा, शैलीमा वा चिन्तन पद्धतिमा जातिगत असन्तुष्टि रहने ठाउँ छ कि छैन जस्ता पक्षहरूमा विचार पुऱ्याई सूचकहरूको विकास गरिनु पर्दछ । यस्ता सूचकहरूका आधारमा गरिएको पाठ्यसामग्रीको निर्माणले शिक्षाको उद्देश्य पूरा गर्नमा मदत पुग्दछ ।

**(ग) जनजातिगत सूचकहरू**

आफ्नै भाषा, आफ्नै संस्कृति, आफ्नै लिखित वा अलिखित इतिहास, आफ्नै जातीय एकता र आफ्नो विशिष्ट पहिचान भएर पनि राज्यबाट पछि पारिएका आदिवासीहरू जनजाति हुन् । इतिहासको कुनै कालखण्डमा आफ्ना लागि आफैँ शासन गर्ने आदिवासी जनजातिहरू अर्को शक्तिबाट कुनै पनि कारणले पराजित भएपछि क्रमशः पछि पर्न थालेका हुन् । तसर्थ यिनको जातीय विशिष्टताको स्पष्ट प्रतिनिधित्व पाठ्यसामग्रीहरूमा हुनुपर्दछ । आदिवासी-जनजातिहरूको मौलिकताले पाठ्यसामग्रीमा स्थान पाएको छ कि छैन ? पाएको छ भने कुन रूपमा पाएको छ ? जनसङ्ख्याका आधारमा

समनुपातिक सहभागिता छ कि छैन ? उनीहरूका विषयमा व्याख्या गर्ने तरिका कस्तो छ ? आत्मसम्मानमा चोट पुग्ने खालका प्रयोगहरू भएका पो छन् कि ? वा उनीहरूमा आत्मसम्मान जगाउने खालका विषयवस्तु कत्तिको आउन सकेका छन् ? उनीहरूको चाडपर्व, रहनसहन, भेषभूषा आदिको चित्रण गरिएको छ कि छैन ? छ भने कुन रूपमा गरिएको छ ? उनीहरूका आँखाबाट हेर्दा आपत्तिज़नक लाग्ने कुराहरू केही छन् कि ? नीतिनिर्माणदेखि लिएर सामग्रीनिर्माणको तहसम्म उनीहरूको सहभागिता कुन किसिमले भएको छ ? नेपाली समाजमा ससम्मान बाँच्न पाउने मानवअधिकारको सुनिश्चितता कत्तिको छ ? जस्ता विविध पक्षलाई ध्यानमा राखेर जनजातिगत सूचकहरू बनाइनुपर्दछ । त्यस्तै उनीहरूको जातीय अस्तित्वको रक्षासँग सम्बन्धित विषयवस्तु कुन रूपमा समावेश भएको छ ? कि समावेश भएकै छैन ? उदाहरण आदि प्रसङ्गमा जनजातिसँग सम्बन्धित नामहरू कत्तिको आएका छन् । उनीहरूको पेसा र परिवेशको चित्र कत्तिको पाइन्छ ? कुल जनसङ्ख्यामा उनीहरूको हिस्सा जति छ सोही अनुपातमा तिनको समावेश भएको छ कि छैन ? यी विभिन्न मुदाहरूसँग सम्बन्धित सूचकहरूबाट मात्रै पाठ्यसामग्रीको सही र वस्तुपरक मूल्याङ्कन सम्भव हुन्छ ।

**(घ) क्षेत्रीयतासम्बन्धी सूचकहरू**

नेपालको शैक्षिक विकास सबै क्षेत्रमा समान किसिमले भएको छैन । पाठ्यसामग्रीमा क्षेत्रगत सन्तुलन र संलग्नता कुन किसिमले भइरहेको छ ? हरेक क्षेत्रका आ-आफ्नै मौलिक विशेषता र विशिष्टताहरू हुन्छन् । पाठ्यसामग्रीमा ती कुन अनुपातमा समाविष्ट छन् ? क्षेत्रगत समावेशीकरणको प्रतिशत कस्तो छ ? कुन क्षेत्र पछि परेको छ ? किन पछि परेको हो ? विषयवस्तुमा कुन क्षेत्रको कस्तो पक्षलाई महत्व दिइएको छ ? क्षेत्रगत सन्तुलन छ कि छैन ? कुनै क्षेत्र उपेक्षाको सिकार भएको पो छ कि ? नीतिनिर्माणको तहदेखि पाठ्यसामग्री निर्माणको तहसम्म कुन क्षेत्रका विशेषज्ञहरूको सहभागिता कुन रूपमा भएको छ ? फरक-फरक क्षेत्रका फरकफरक जीवनशैली, फरकफरक संस्कृति र फरकफरक आवश्यकताहरू हुने कुरालाई पाठ्यसामग्रीले कुन रूपमा समेट्ने प्रयास गरेको छ ? यतापट्टि ध्यानै पुऱ्याएको छैन कि ? हरेक क्षेत्रको मानिसले पाठ्यसामग्रीलाई आफ्नो पनि अध्ययनको विषयका रूपमा ग्रहण गर्न सक्ने अवस्था छ कि छैन ? अरूको सामग्री पढ्नु परेको जस्तो स्थिति पो छ कि ? हरेक क्षेत्रका मानिसको राष्ट्रिय चेतना तथा आत्मसम्मानका लागि पाठ्यसामग्री सकारात्मक छ कि छैन ? कुनै क्षेत्रलाई काखा र कुनैलाई पाखा पो गरिएको छ कि ? क्षेत्रहरूको समानुपातिक प्रतिनिधित्व भएको छ कि छैन ? आदि प्रश्नहरूलाई सम्बोधन गर्ने किसिमको पाठ्यसामग्री हुनुपर्दछ । पाठ्यसामग्री समीक्षाका लागि सूचकहरू बनाउँदा माथि भनिएजस्ता प्रश्नमा ध्यान पुऱ्याउनु पर्दछ ।

**(ङ) धार्मिक सूचकहरू**

नेपाल धर्मनिरपेक्ष राज्य हो । हरेक धर्मका अनुयायीहरू यहाँ रहेर आफ्ना धार्मिक आस्थाहरू बचाइराख्न महत्व दिइएको छ वा कुन धर्मलाई उपेक्षा गरिएको छ ? धार्मिक सहिष्णुताको भावना सामग्रीमा मुखरित हुन सकेको छ कि छैन ? कुनै धर्मका अनुयायीहरूलाई बढी प्रोत्साहन गर्ने वा कसैको मनोबल गिराउने खालका सामग्रीहरू छन् कि छैनन् ? कुन धर्मसँग सम्बन्धित देवीदेवता,

मठमन्दिर, गुम्बा, चर्च वा मस्जिद आदिका बारेमा चर्चा बढी गरिएको छ ? कुनै धर्मका मूल्य र मान्यताविपरीत विषयवस्तुलाई समावेश गरिएको पो छ कि ? अथवा खास धर्मसँग सम्बन्धित व्यक्तिनामहरूको बाहुल्य त छैन ? उदाहरण छ कि छैन ? कुन धर्मसँग सम्बन्धित चाडपर्वहरूलाई बढी महत्व दिइएको छ ? हरेक विद्यार्थीले उक्त पाठ्यसामग्रीलाई आफ्नो ठान्ने सम्भावना कत्तिको छ ? पाठ्यसामग्रीबाट विद्यार्थीहरूले आफ्नो धार्मिक तथा सांस्कृतिक गतिविधि वा प्रचलनका बारेमा बुझ्न र थाहा पाउने अवसर कत्तिको पाएका छन् ? धार्मिक दृष्टिले समभाव राखेर पाठ्यसामग्रीको निर्माण गरिएको छ कि छैन ? जस्ता प्रश्नहरूकाथि विचार पुऱ्याएर सूचकहरू निर्माण गरिनुपर्छ । स्थानीय तहमा निर्माण गरिने पाठ्यसामग्रीमा स्थानीय धर्मसंस्कृतिको बाहुल्य जनसङ्ख्याको अनुपातमा हुनपर्छ भने राष्ट्रियस्तरमा बनाइने सामग्रीमा पनि जनसङ्ख्याको अनुपातमा हुनुपर्छ ।

**(च) भाषागत सूचकहरू**

नेपाल बहुभाषी राष्ट्र हो । यहाँको समाज भाषिक विविधताले युक्त छ । जुनसुकै भाषा बोल्ने नेपाली नागरिकलाई आत्मसम्मानपूर्वक बाँच्ने र आफ्नो भाषा बोल्ने तथा यसको विकासका लागि कम गर्ने अधिकार छ । पाठ्यसामग्रीमा खास भाषा बोल्ने वक्तालाई जानीबुझीकन निकृष्ट वा उत्कृष्ट पेसाको भनी देखाउने काम भएको पो छ कि ? खास भाषालाई ठूलो वा सानो भनिएको छ कि ? खास भाषाका वक्तालाई उच्च वा निम्न भूमिका दिइएको छ कि ? कुनै जात वा भाषाभाषीलाई निश्चित पेसासित जोडी उनीहरूको मनोबल घटाउने काम भएको छ कि ? हरेक भाषाहरू समान महत्वका छन् भन्ने कुरामा पाठ्यसामग्री कत्तिको सचेत छ ? भाषिक अतिक्रमणको सम्भावना पाठ्यसामग्रीमा छ कि छैन ? उक्त सामग्रीको अध्ययनबाट हरेक व्यक्तिले आफ्नो भाषाप्रति गौरव बोध गर्ने सम्भावना कत्तिको छ ? जस्ता जिज्ञासालाई ध्यानमा राखेर भाषिक सूचकहरूको निर्माण गरिनुपर्दछ । यसरी निर्माण गरिएका सूचकहरूका आधारमा गरिएको समीक्षा नै पाठ्यसामग्रीको उचित समीक्षा हुनसक्दछ । अपाङ्गता तथा बालमजुरसम्बन्धी सूचकहरूको विकास गर्दा पनि माथि उल्लेख भएका जस्तै प्रश्नहरूमाथि खालि गरिनुपर्दछ । मूलत : उनीहरूका मानवअधिकार, सामाजिक न्याय, द्वन्द्वन्यूनीकरणको सम्भावना तथा पाठ्यसामग्रीमा उनीहरूले पाएको सहभागिता र त्यसको स्तरबारे समीक्षक सचेत हुनु पर्दछ ।

६. **आत्ममूल्याङ्कन :**

यस पाठको अध्ययनपछि तपाईं सूचकहरू निर्माण गरी पाठ्यसामग्रीको समीक्षा गर्न सक्नुहुन्छ कि सक्नुहुन्न ? विचार गर्नुहोस् ।

# एकाइ – पाँच

सत्र : पाँच                                                                 समय : १ घण्टा ३० मिनेट

१. **शीर्षक** : पाठ्यपुस्तकको विश्लेषण र भाषिकसीप सिकाइ विकास तालिकाको निर्माण

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठ्यवस्तुविश्लेषणका आधारहरू बनाउन

(ख) भाषिकसीप सिकाइ विकास तालिकाको निर्माण गर्न

३. **विषयवस्तु** :

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरू

(ख) भाषिक सीप सिकाइ-विकास तालिकाको निर्माण

४. **पूर्वसिकाइ धारणा** :

तलका प्रश्नहरूको उत्तर के हुन सक्छ ? कापीमा टिपोट गर्नुहोस् :

(क) पाठ्यवस्तु विश्लेषण भनेको के हो ?

(ख) पाठ्यवस्तु विश्लेषणका आधारहरू केके हुन् ?

(ग) भाषिक सीप सिकाइ विकास तालिका भनेको के हो ?

(घ) भाषिक सीप सिकाइ विकास तालिकाको निर्माण कसरी गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

पाठ्यवस्तु कसरी निर्माण गर्ने भन्ने बारेमा खासखास आधारहरू छन् । ती आधारहरूलाई ध्यानमा राखेर पाठ्यवस्तु निर्माण गरिनु पर्ने हो । पाठ्यवस्तु निर्माण गर्ने समयमा त्यस्ता आधारहरूलाई कत्तिको ख्याल गरिएको छ भनेर खोजबिन तथा लेखाजोखा गर्ने काम पाठ्यवस्तु विश्लेषण हो । अर्को किसिमले भन्ने हो भने पाठ्यवस्तु जस्तो हुनुपर्छ त्यस्तो छ कि छैन भनी गरिने अध्ययन नै पाठ्यवस्तु विश्लेषण हो ।

पाठ्यवस्तुको विश्लेषण गर्दा बाह्य र आन्तरिक प्रभावहरूको आधारमा गर्नुपर्ने हुन्छ ।

**(क) बाह्य आधारहरू** :

नेपाली भाषा शिक्षणका लागि तयार पारिने पाठ्यवस्तु कस्तो हुनपर्छ भन्ने जिज्ञासामा आउने त्यस्ता उत्तरहरू बाह्य आधारहरू हुन् जुन भाषाको प्रकृतिसित मात्रै सम्बन्धित छैनन् । जुनसुकै विषयको पाठ्यवस्तु बनाए पनि यस्ता आधारहरूलाई ख्याल गरिनै पर्छ ।

**प्रयोजन** :

पाठ्यवस्तु कुन लक्षित समूहको कुन उद्देश्य हासिल गर्नका लागि बनाइएको हो त्यही अनुसार तयार भएको हुनुपर्दछ ।

**१. तह** :

खास तहका लागि खास किसिमका पाठ्यवस्तुहरू बढी महत्वपूर्ण र उपयोगी हुन्छन् । भाषाका पाठ्यवस्तुहरू तल्लो तहमा जुन किसिमका हुनु राम्रो मानिन्छ माथिल्लो तहमा पनि सोही अनुरूप हुनुलाई राम्रो मान्न सकिन्न । त्यसैले पाठ्यवस्तुको विश्लेषण गर्दा त्यस तहका विद्यार्थीको रुचि, क्षमता र आवश्यकता अनुरूप छ छैन हेरिनुपर्दछ ।

२. **समयावधि :**
नेपाली भाषा शिक्षणका लागि छुट्याइएको पाठ्यभार अनुरूपको पाठ्यवस्तु छ कि छैन । समयावधि कम र पाठ्यवस्तु धेरै भएमा शिक्षण क्रियाकलापमा असजिलो हुन्छ । त्यसैगरी समय धेरै र पाठ्यवस्तु कम हुँदा कक्षाव्यवस्थापनमा असुविधा हुने हुन्छ । तसर्थ समय र पाठ्यवस्तुबीच सन्तुलन भएको हुनुपर्दछ ।
यिनका अतिरिक्त पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति तथा विद्यार्थीको पूर्वक्षमता जस्ता बाह्य आधारहरूको सापेक्षमा पाठ्यवस्तुको विश्लेषण गरिनु अझै राम्रो हुन्छ ।

**(ख) आधारहरू :**
भाषाशिक्षणका लागि पाठ्यवस्तु तयार पार्दा भाषिक व्यवस्थापन कसरी गरिएको छ भनी अध्ययन गर्न सहयोग गर्ने प्रभावहरूलाई आन्तरिक आधारहरू भनिएको हो । यस्ता आन्तरिक आधारहरू निम्नानुसार छन् :

१. **भाषिका :**
कुनै पनि भाषाका प्रशस्तै भेदहरू हुन्छन् । यिनै भेदलाई भाषिका भनिन्छ । भाषिकाहरूमध्ये कुनै एक भेदलाई पाठ्यवस्तुका लागि छानिन्छ । छानिएको त्यो भाषिका पुस्तक, पत्रपत्रिका, सञ्चारमाध्यम, शिक्षा, प्रशासन आदिमा प्रयुक्त हुनुपर्छ र त्यो सर्वस्वीकार्य हुनुपर्दछ । यस्तो भाषिकालाई मात्र पाठ्यवस्तुमा समावेश गर्नुपर्दछ । नेपाली भाषा पूर्वेली भाषिकासँग धेरै हदसम्म मिल्दोजुल्दो छ । तसर्थ नेपाली भाषाको पाठ्यवस्तुमा पूर्वेली भाषिकासँग मिल्दोजुल्दो तर मानक र स्तरीय रूपलाई राखिएको हुनपर्दछ ।

२. **प्रयोजनपरक भेद :**
भाषा प्रयोगका विभिन्न क्षेत्रमा भिन्नभिन्न किसिमको भाषिक भेदको प्रयोग हुन्छ । यही भाषिक भेदलाई प्रयोजनपरक भेद भनिएको हो । जुन क्षेत्रलाई ध्यानमा राखेर पाठ्यवस्तु निर्माण भएको छ त्यसै क्षेत्रमा प्रयुक्त भेदको चयन गरिएको हुनुपर्दछ । जस्तै विज्ञानका विद्यार्थीका लागि तयार पारिएको पाठ्यवस्तुमा सोही क्षेत्रमा प्रयुक्त भाषिक भेदको उपयोग गरिनुपर्ने हुन्छ ।

३. **शैली :**
पाठ्यवस्तुमा शैली विद्यार्थीको स्तर, विषयवस्तुको प्रकृति तथा प्रस्तुतिक्रमका अनुसार छनोट गरिएको हुनुपर्दछ । एकाङ्की वा संवादमा प्रयोग गरिने शैलीसित प्रबन्ध वा कविताको शैली मिल्दैन । प्रतिवेदनको शैली र निबन्धको शैलीमा भिन्नता हुन्छ । सामान्यत : पाठ्यवस्तुमा औपचारिक शैली नै हुन्छ तैपनि विषयवस्तुको प्रकृतिअनुसारको शैली पाठ्यवस्तुमा आवश्यक हुन्छ ।

४. **माध्यम :**
लिखित र मौखिक गरी दुई माध्यमबाट भाषाले कार्य गर्दछ पाठ्यपवस्तुमा सामान्यत : लेख्यभाषाको उपयोग बढी गरिएको पाइन्छ पुराना सामग्रीमा धेरैजसो स्थान लेख्यभाषाले नै ओगटेको छ । तर लेख्यभाषाको मात्रै प्रयोगले सबै भाषिक सीपहरू सिकाउन पर्याप्त हुँदैन । तसर्थ पाठ्यवस्तुमा लेख्य र कथ्यभाषाको सन्तुलित प्रयोग विषयवस्तुको प्रकृतिका आधारमा गरिनु पर्दछ ।

**(ग) अन्य भाषातात्विक आधारहरू :**

१. **आवृत्ति** : कुनै भाषातत्व पाठ्यवस्तुमा बारम्बार आउनुलाई आवृत्ति भनिन्छ । अक्षर, शब्द, वाक्य आदिको आवृत्तिको मापनबाट त्यस पाठ्यवस्तुले कस्ताकस्ता अक्षर, शब्द, वाक्य आदिलाई महत्व दिएको रहेछ भन्ने थाहा हुन्छ । महत्व दिइएको भाषिक संरचना कत्तिको उचित छ भनी अध्ययन गरेर पाठ्यवस्तुको विश्लेषण गर्न सकिन्छ ।

२. **विस्तरण** : खास प्रयोगमा भाषिक संरचनाको वितरणक्रम नै विस्तरण हो । भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुहरूको धेरैपल्ट आवृत्ति हुनु चयनीय दृष्टिले राम्रो मानिन्छ तर जुन भाषिक संरचना सबैले समग्र रूपमा सजिलै व्यवहारमा उपयोग गर्न सक्छन् त्यस्ता संरचनाहरू चयनीय हुन्छन् । तसर्थ पाठ्यवस्तुको विश्लेषण गर्दा प्रयुक्त भाषातत्वहरू व्यवहारमा कत्तिको प्रयोग भइरहने खालका छन् भन्ने हेरिनुपर्दछ ।

३. **प्राप्यता** : खास सन्दर्भमा आवश्यक परेको बेला तत्काल सम्झेर प्रयोगमा आउन सक्ने भाषिक संरचनाहरूको उपलब्धतालाई प्राप्यता भनिन्छ । यस्ता संरचनाहरू पाठ्यवस्तुमा उपयोग गरिएको हुनुपर्दछ । जस्तै : खेत जोत्ने सन्दर्भमा हलो, फाली, जुवा, नारा, मुखौरो आदि शब्दहरू प्रयोग भएकै हुनुपर्दछ ।

४. **व्यापन** : एउटा शब्दको सट्टामा अर्को शब्दले समान स्थान लिएर शब्द र अर्थको समानता कायम गर्नुलाई व्यापन भनिन्छ । पाठ्यवस्तुको निर्माण गर्दा धेरै शब्दको प्रतिनिधित्व गर्न सक्ने एकल शब्द छनोट गरिनु राम्रो मानिन्छ ।

५. **मनोवैज्ञानिकता** : पाठ्यवस्तु विद्यार्थीको स्तर, रुचि र आवश्यकता सुहाउँदो छ कि छैन भन्ने कुरा पनि पाठ्यवस्तुको विश्लेषणमा हेरिनुपर्दछ ।

**(घ) भाषिकसीप सिकाइ-विकास तालिकाको निर्माण**

भाषाशिक्षणको प्रयोजन भाषाका चारै सीपहरूको सन्तुलित र समानुपातिक विकास गर्नु हो । शिक्षकले शैक्षणिक योजना निर्माण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारै सीपको विकास हुने गरी गर्नुपर्दछ । भाषिक सीपहरूको विकास विद्यार्थीमा कसरी भइरहेको छ भन्ने थाहा पाउन शिक्षकले भाषिकसीप सिकाइविकासको तालिका बनाउनु पर्दछ ।

**भाषिक सीप सिकाइ विकास तालिकाको नमूना :**

कक्षा :

| क्र. सं. | विद्यार्थीको नाम | एकाइ/पाठ | सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|---|---|---|
| १. | सीता भुजेल | एक | ख | ख | क | ख |
| २. | रमेश दाहाल | एक | क | क | ख | ग |
| ३. | नेहा मल्लिक | एक | ग | घ | ख | ग |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

माथिको तालिकाले निश्चित एकाइ वा पाठको शिक्षण पछि कुन भाषिक सीपको विकास कुन अनुपातमा भएको छ भन्ने देखाउँछ। यहाँ 'क' भन्नाले अति उत्तम, 'ख' भन्नाले उत्तम, 'ग' भन्नाले मध्यम, 'घ' भन्नाले निम्न र 'ङ' भन्नाले निम्नतम भन्ने सङ्केत गर्दछ।

यस तालिकाले कुन विद्यार्थीको कुन भाषिक सीपमा कमजोरी छ, कुन भाषिक सीपमा सबलता छ भन्ने कुरा देखाउँछ। यसबाट शिक्षकलाई शिक्षण कार्यमा पृष्ठपोषण प्राप्त हुन्छ। कक्षाकोठाको शिक्षण क्रियाकलाप कतापट्टि केन्द्रित गर्नुपर्छ र कुन सीप शिक्षणमा जोड दिनुपर्छ भन्ने कुरामा यसबाट शिक्षकलाई दिशानिर्देश प्राप्त हुन्छ। यसबाट शिक्षण सिकाइलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सहयोग मिल्दछ।

६. **आत्ममूल्याङ्कन :**

यस सामाग्रीको अध्ययन तपाईंले थाहा पाउनुभएका नयाँ कुराहरू केके हुन् ? सूचीवद्ध गर्नुहोस्।

# एकाइ – पाँच

१. **शीर्षक** : पाठ्यसामग्रीको प्रयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) तलका पाठ्यसामग्रीको परिचय दिन

भाषापाठ्यपुस्तक, पाठ्यक्रम, सहपाठ्यक्रम, अतिरिक्त पाठ्यक्रम, सन्दर्भसामग्री

(ख) यी सामग्रीहरूको उपयोग र दुरुपयोगबारे बताउन

(ग) नेपाली भाषाशिक्षणमा यी सामग्रीको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) भाषाका पाठ्यसामग्रीहरूको परिचय

(ख) पाठ्यसामग्रीको उपयोग र दुरुपयोग

(ग) नेपाली भाषाशिक्षणमा पाठ्यसामग्रीको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

शिक्षक साथी ! तलका प्रश्नहरूमाथि एकैछिन मनन् गर्नुहोस् र आवश्यक बुँदाहरू टिपोट गर्नुहोस् :

(क) भाषाशिक्षण र सिकाइका लागि पाठ्यसामग्रीहरू केके हुनसक्छन् ?

(ख) पाठ्यसामग्रीको उपयोग कसरी गर्नु राम्रो हुन्छ ?

(ग) पाठ्यसामग्रीको दुरुपयोग कसरी भइरहेको छ ?

(घ) नेपाली भाषाशिक्षणमा पाठ्यसामग्रीको प्रयोग कसरी गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

भाषासिकाइका लागि विभिन्न किसिमका पाठ्यसामग्रीहरू उपयोगमा ल्याउन सकिन्छ । तर पनि भाषाशिक्षणका लागि भनेर तयार पारिएका सामग्रीबाट शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाउन सबैभन्दा राम्रो हुन्छ । पाठ्यसामग्रीहरू भाषका विद्यार्थी वा भाषाशिक्षकका लागि साधन र साध्य दुवै हुन् । नेपाली भाषाशिक्षण तथा सिकाइका लागि प्रयोगमा आइरहने केही महत्वपूर्ण पाठ्यसामग्रीहरू निम्नलिखित छन् :

**(क) पाठ्यक्रम**

खास लक्षित समूहलाई भाषाशिक्षण गर्नका लागि आवश्यक सम्पूर्ण सङ्केतात्मक परामर्श दिँदै लक्ष्यसम्म पुग्न बाटो देखाउने निर्देशिका नै भाषा पाठ्यक्रम हो । पाठ्यक्रममा कहाँ जाने देखि लिएर कसरी जानेसम्मको निर्देश पाइन्छ । भाषाशिक्षण सिकाइका लागि यो मेरुदण्ड नै हो जसका भरमा भाषाशिक्षण सिकाइले आफ्नो आकार र स्वरूप प्राप्त गर्दछ । पाठ्यक्रममा निर्दिष्ट सिकाइउपलब्धिहरू हासिल गर्नका लागि भाषाशिक्षण सिकाइका सम्पूर्ण गतिविधि तथा क्रियाकलापहरू सम्पन्न गरिन्छन् ।

पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण सामग्री तथा मूल्याङ्कन प्रक्रियाको साथै विषयवस्तुगत अङ्कभार, समयभार, शीर्षसूचना, पाठ्यपुस्तक तथा सहायक वा पूरक सामग्रीसम्बन्धी

सूचनाहरू पनि विद्यमान रहन्छन् । त्यसैले भाषा पाठ्यक्रम भाषाशिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । यसले निश्चित क्रियाकलाप र प्रक्रियाहरू अवलम्बन गरी विद्यार्थीहरूलाई भाषिक सीप आर्जनका लागि प्रयोग र अभ्यासमा सक्रियापूर्वक केन्द्रित गराउँछ ।

भाषाशिक्षणका लागि प्रयोगमा ल्याइनुपर्ने सर्वाधिक महत्वपूर्ण पाठ्यसामग्री पाठ्यक्रम नै हो । पाठ्यक्रमका निश्चित सिकाइउपलब्धिहरू हासिल गर्ने भरपर्दो माध्यमका रूपमा मात्रै पाठ्यपुस्तकलाई बुझ्नुपर्दछ । पाठ्यक्रमले तोकका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमले नै निर्देशन गरेअनुसारका शैक्षणिक क्रियाकलापलाई सही किसिमले कक्षामा कार्यान्वयन गरिनु पर्दछ । त्यसो हुन नसक्दा पाठ्यक्रमको दुरुपयोग हुने खतरा रहन्छ । नेपाली भाषाशिक्षण गर्दा कतिपय अवस्थामा भाषाशिक्षणभन्दा बढी साहित्यशिक्षण भइरहेको भेटिन्छ अर्थात् साध्यको भन्दा साधनको शिक्षण भइरहेको भेटिन्छ । यो पाठ्यक्रमको दुरुपयोगको उदाहरण हो ।

**(ख) पाठ्यपुस्तक**

पाठ्यपुस्तक नेपाली भाषाशिक्षणका लागि भरपर्दो र महत्वपूर्ण शैक्षणिक सामग्री हो । विद्यार्थीहरूका लागि यो सर्वाधिक उपयोगी पाठ्यसामग्री हो । भाषाको पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकभन्दा फरक र मौलिक गुणले युक्त हुन्छ ।

अरू विषयका पाठ्यपुस्तकमा भाषा साधन र विषयवस्तु साध्यका रूपमा रहन्छ भने भाषाको पाठ्यपुस्तकमा चाहिँ प्रायः भाषा साध्य अनि विषयवस्तुचाहिँ साधनका रूपमा रहेको हुन्छ । तसर्थ माध्यमिक तहको नेपाली भाषाशिक्षकको प्रयास पाठ्यपुस्तकमार्फत् विषयभन्दा भाषा र भाषिक प्रयोग सिकाउनमा केन्द्रित रहनु पर्दछ । अन्य विषयको पाठ्यपुस्तकमा एकै क्षेत्रका विषयवस्तु मात्रै आएका हुन्छन् भने भाषाको पाठ्यपुस्तकमा विविध क्षेत्रमा प्रयुक्त भाषा सिकाउनका लागि क्षेत्रगत विविधतालाई अँगालिएको हुन्छ । यसले विषयवस्तु शिक्षणमा कम र भाषिक सीप शिक्षणमा बढी जोड दिन्छ । कविा, कथा, चिठी, जीवनी, विज्ञान,संस्कृति आदि विविध विधाका विषयवस्तु हुनु, विधाको स्वरूपअनुसार शैलीगत वैविध्य हुनु, साहित्यिक अभिव्यक्तिलाई प्रशस्त स्थान दिइनु, पाठको प्रस्तुतिमा विभिन्नता हुनु, असीमित अभ्यास तथा सिर्जनशीलता, तार्किकता, समालोचनात्मकता जस्ता भाषिक र बौद्धिक अभ्यासका लागि खुला छोडिनु आदि विशेषता भाषा पाठ्यपुस्तकमा पाइन्छन् । तसर्थ भाषा शिक्षणका लागि यो एउटा उपयुक्त शिक्षण सामग्री तथा पाठ्यसामग्री हुन सक्दछ ।

भाषिक सीप सिक्न सिकाउनका लागि उपयोग गरिनु पर्ने पाठ्यपुस्तकलाई विषयवस्तुमाथिको पाण्डित्य प्रदर्शनका लागि उपयोग गरिनु तथा पाठ्यपुस्तकलाई नै पाठ्यक्रम सरह सर्वस्व मानिनु चाहिँ यसको दुरुपयोग हो । यसको दुरुपयोगबाट भाषाशिक्षण तथा सिकाइ सीमित परिधिमा साँगुरिएको छ ।

### (ग) सहपाठ्यक्रम

विद्यार्थीहरूको शैक्षिक र व्यावहारिक क्षमता वृद्धिका लागि विद्यालय वा अन्य सम्बन्धित निकायबाट कार्यान्वयनमा ल्याइने मूल पाठ्यक्रमभन्दा बाहेकका पाठ्यक्रम सहपाठ्यक्रम हुन् । सहपाठ्यक्रमको मूल उद्देश्य पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न सहयोग पुऱ्याउनु हो । यसका अवधारणाहरू मूल पाठ्यक्रमको पूरक भएर आउने गर्छन् तर विरोधी भएर आउँदैनन् ।

नेपाली भाषा शिक्षणका लागि राज्यले देशभरि एउटै पाठ्यक्रम लागू गरेको हुन्छ । यस पाठ्यक्रमले राज्यका मूलभूत आवश्यकतालाई साधारणतः सम्बोधन गरेको हुन्छ तर नेपाल विविधतायुक्त राष्ट्र भएकाले स्थानअनुसारका विशिष्टताहरू यहाँ विद्यमान छन् । क्षेत्रगत आधारमा, बसोबास गर्ने जातजातिका भाषा, संस्कृति वा अन्य आधारमा तथा समुदायगत विभिन्नताका आधारमा खास क्षेत्रका खास मौलिक विशष्टिताहरू हुन्छन् । हिमाली क्षेत्रमा र तराई क्षेत्रमा, पूर्वी नेपालमा तथा पश्चिमी नेपालमा नेपाली भाषाशिक्षणका सबल र दुर्बल पक्षहरू समान छैनन् । तत्तत् क्षेत्रका विशिष्टताहरूलाई ध्यानमा राखी विद्यालयले सहपाठ्यक्रमको निर्माण गरेका हुन्छन् । यस्ता सहपाठ्यक्रमहरूको सहयोगबाट भाषाशिक्षणलाई पूर्णता र सफलतातिर लैजान सहज हुन्छ । तसर्थ भाषाशिक्षकहरूले सहपाठ्यक्रमको मर्मविपरीत व्यवहार गरेर वा शिक्षणका क्रममा त्यस्तो सहपाठ्यक्रमलाई उपेक्षा गरेर यसको दुरुपयोग गर्न सक्दछन् । सहपाठ्यक्रम निर्माण गर्न अल्छी गरेर एक ठाउँको सहपाठ्यक्रमलाई अर्को ठाउँमा उपयोग गरियो भने त्यो पनि सहपाठ्यक्रमको दुरुपयोग नै हो । एउटा ठाउँका विशेषतालाई ध्यान दिएर बनाइएको सहपाठ्यक्रम भिन्न प्रकृतिको अर्को समुदायका विद्यार्थीका लागि उपयोग गर्दा भाषाशिक्षण सिकाइ हसज बन्नुको सट्टा झन् जटिल भइदिन सक्दछ ।

एकातिर स्थानगत विविधतालाई समेटी उत्कृष्ट भाषाशिक्षणका लागि सहपाठ्यक्रमको आवश्यकता पर्दछ भने अर्कातिर पाठ्यक्रमको पहुँच नपुगेका पक्षलाई समेट्न तथा मूल पाठ्यक्रमले स्पष्टतासाथ व्याख्या गर्न नसकेका पक्षमा स्पष्ट पार्न पनि सहपाठ्यक्रमको उपयोग गरिनु वाञ्छनीय छ । पाठ्यक्रम सर्वगुणसम्म नहुन पनि सक्छ, यसले मानवीय विकासका सबै पक्षलाई प्रतिनिधित्व गर्न नसकेको पनि हुन सक्छ वा कतिपय अवस्थामा पाठ्यक्रमका व्याख्याहरू अपर्याप्त पनि हुन सक्छन् । यस्तो स्थितिमा सहपाठ्यक्रम अत्यन्तै आवश्यक शैक्षिक सामग्री साबित हुन्छ । तसर्थ भाषाशिक्षकले यसको दुरुपयोगबाट बची समदुपयोगको प्रयास गर्नुपर्दछ ।

### (घ) अतिरिक्त पाठ्यक्रम

अतिरिक्त पाठ्यक्रम पनि मूलतः विद्यालयले तयार पार्ने पाठ्यक्रम हो । सहपाठ्यक्रमले झैँ यसले पनि मूल पाठ्यक्रमका अपूर्णताहरूलाई क्षतिपूर्ति गर्ने कार्य गर्दछ । सहपाठ्यक्रमले मूल पाठ्यक्रमकै आधारमा भाषाशिक्षणका लागि थप व्यवस्थाहरू गरेको हुन्छ भने अतिरिक्त पाठ्यक्रम चाहिँ मूल पाठ्यक्रमभन्दा बाहिर जान पनि स्वायत्त हुन्छ ।

विद्यालयमा नियमित रूपमा हुने भाषाशिक्षणभन्दा बाहेकका शैक्षिक तथा मनोरञ्जनात्मक कार्यक्रम कुन उद्देश्यका लागि गर्ने तथा त्यस्ता कार्यक्रमलाई कसरी अघि बढाउने भन्ने विषयमा तयार

पारिएको योजना पनि अतिरिक्त पाठ्यक्रम नै हो । यसले बालबालिकको सर्वाङ्गीण विकासका लागि सहयोग पुऱ्याएको हुन्छ । मानवमस्तिष्कको विशिष्टता नै भन्नुपर्छ विभिन्न क्षेत्रका विविध खाले ज्ञान र अनुभवबाट यो फितलो बन्नुको सट्टा झन् प्रौढ र परिपक्व बन्दछ । प्रौढ र परिपक्व मस्तिष्कबाट सक्रिय सिकाइमा सहयोग पुग्ने भएकाले अतिरिक्त क्रियाकलापहरू ज्ञान परिमार्जनका लागि बाधक नभएर सहयोगी हुन्छन् । यसरी अतिरिक्त पाठ्यक्रमले तय गरेका योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा गराउँदा शिक्षकले मूल पाठ्यक्रमलाई मदत पुग्ने किसिमले गर्नुपर्दछ । अतिरिक्त पाठ्यक्रमले निर्देश गरेका क्रियाकलापहरू कार्यान्वयन गर्दा त्यसलाई आफ्नो विषयमा कसरी उपयोग गर्ने भन्नेतिर भाषाशिक्षक सदा चनाखो रहनु आवश्यक हुन्छ । यसलाई जथाभावी अघि बढ्न दिँदा त्यो पाठ्यक्रमका लक्ष्य र उद्देश्य हासिल गर्न कम सहयोगी हुने खतरा रहन्छ ।

मूल पाठ्यक्रमले तय गरेका विषयवस्तु र त्यसको परिधि खास समुदायका विद्यार्थीका लागि पर्याप्त नहुन पनि सक्छ । एक शैक्षिक सत्र वा एउटा तहमा त्यस समुदायका लागि तोकिएभन्दा बढी कार्य गर्नुपर्ने अवस्थामा पनि अतिरिक्त पाठ्यक्रम तयार गरी त्यसको कार्यान्वयन गरिन्छ । यस्तो पाठ्यक्रमको अभावमा कतिपय विद्यार्थीहरूको शैक्षिक उन्नति मन्द गतिमा सीमित हुन वा अवरुद्ध नै हुन पनि सक्छ भने यस्ता पाठ्यक्रमको दुरुपयोगबाट गन्तव्यविनाको यात्रा झैँ समय भड्किने खतरा पनि रहन्छ । तसर्थ भाषाशिक्षकले अतिरिक्त पाठ्यक्रमको निर्माणमा सहयोग गर्ने मात्र होइन यसको उपयोग र दुरुपयोगतर्फ पनि त्यत्तिकै चासो देखाउनु पर्दछ ।

**(ङ) सन्दर्भसामग्री**

गहन, विशिष्ट र थप जानकारीका लागि उपयोगमा ल्याइने पाठ्यसामग्री सन्दर्भसामग्री हो । यसको अध्ययन तथा उपयोगले ज्ञानलाई विस्तृत र व्यापक तुल्याउँछ । पाठक वा विद्यार्थीलाई ज्ञानको मानक स्वरूपतर्फ डोऱ्याउने कार्य गर्दछ । विषयवस्तुका बारेमा स्पष्ट हुन र अधिकतम जानकारी लिन सन्दर्भसामग्रीको प्रयोग गरिन्छ ।

सन्दर्भसामग्रीले विद्यार्थीलाई आफूले पाएको ज्ञानप्रति विश्वस्त पार्दछ । अध्ययनशीलताको विकास गर्न, विश्लेषण क्षमता बढाउन तथा सम्बन्धित ज्ञानलाई दीर्घकालीन तुल्याई परिपक्वता प्रदान गर्न पनि सन्दर्भसामग्रीहरू उपयोगी हुन्छन् । यसले विद्यार्थीलाई अध्ययनमा रुची जगाउनुका साथै खोजअनुसन्धानतिर प्रवृत्त तुल्याउँछ । नेपाली भाषाशिक्षकले सन्दर्भ सामग्रीमार्फत् विद्यार्थीको बोधक्षमता र पढाइ सीपको विकास गराउन सक्छ । यसको प्रत्यक्ष वा परोक्ष फाइदा भाषाका अन्य सीपहरूमाथि पनि पुगेको हुन्छ ।

सन्दर्भसामग्रीको उपयोगबाट विद्यार्थीमा ज्ञानको तिर्खा जाग्दछ । ऊ अध्ययन, मनन र चिन्तनप्रति रुचिपूर्वक सक्रिय हुन्छ । भाषिक पक्षमा दुर्बल मानिएका स्रोतसामग्रीबाट विद्यार्थीको भाषिक सीपमा ह्रास आउन सक्छ भन्नेतिर भाषाशिक्षक चनाखो रहनु आवश्यक छ । विषयवस्तुको छनोटमा पनि शिक्षकले विद्यार्थीलाई दिशानिर्देश गर्नु राम्रो हन्छ । ज्ञानका लागि भन्दा मनोरञ्जनका लागि सन्दर्भ सामग्रीको उपयोग गर्नु भनेको विद्यार्थी जीवनमा सन्दर्भ सामग्रीको दुरुपयोग हो । तैपनि सामग्री

छनोटमा विद्यार्थीलाई सहयोग गरेर शिक्षकले सन्दर्भसामग्रीको प्रयोग गर्ने बानी बसाइदिनु राम्रो हुन्छ ।

**नेपाली भाषाशिक्षणमा पाठ्यसामग्रीको प्रयोग**

नेपाली भाषाशिक्षणको मूल उद्देश्य विद्यार्थीहरूलाई भाषिक सीपमा दक्ष तुल्याउनु हो । तसर्थ विद्यालयमा पढाइ हुने अन्य विषयभन्दा भाषाशिक्षण फरक प्रकारको हुन्छ । भाषाशिक्षणमा अन्तर्वस्तुको शिक्षणले गौण महत्व पाउनुपर्छ र भाषिक सीपहरूलाई नै साध्य बनाइनु पर्छ भन्नेतिर भाषाशिक्षक सचेत रहनुपर्दछ ।

नेपाली भाषाशिक्षणका लागि नेपाली भाषामा लेखिएका विविध खाले सामग्रीको प्रयोग गर्न सकिन्छ । भाषाशिक्षणका लागि विषयवस्तु जुनसुकै क्षेत्रको हुन सक्दछ तर शिक्षणका क्रममा कुन क्षेत्रको भाषा सिकाइँदै छ भन्नेतर्फ शिक्षक पूर्णतः सचेत रहनु आवश्यक छ ।

भाषाशिक्षणका लागि पाठ्यसामग्रीको प्रयोग गर्दा सामग्रीको भाषिक प्रस्तुतीकरण र त्यसको ढाँचालाई विशेष रूपमा ख्याल गरिनु पर्दछ । पाठ्यसामग्री छनोट गर्दा विविध खाले भाषिक प्रयोगलाई समेट्नु पर्दछ । छनोटका क्रममा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, तिनको रुचि र क्षमतालाई पनि ख्याल गरिनु आवश्यक हुन्छ । सन्दर्भसामग्री र विद्यार्थीको स्तर मिलेन भने सिकाइ प्रभावकारी हुन सक्दैन । विभिन्न खालका पाठ्यसामग्रीका रूपमा पुस्तक तथा पत्रपत्रिका छान्न सकिन्छ । पत्रिकामा पनि सम्पादकीय लेखलाई महत्व दिइनु राम्रो हुन्छ ।

भाषिक व्यवहारलाई जति फराकिलो र व्यापक पाऱ्यो त्यतिकै भाषिक सीपसम्बन्धी दक्षता पनि बढ्छ भन्ने कुरा भाषाशिक्षकले भुल्न मिल्दैन०। श्रुतिलेखन, पढाइशिक्षण, सिर्जनात्मक लेखन वा अनुच्छेद निबन्ध लेखनजस्ता विषयमा शिक्षण गर्दा शिक्षकले सन्दर्भसामग्रीको उपयोग गर्न सक्दछ । व्याकरणशिक्षणका लागि पनि सन्दर्भसामग्री फलदायी हुन्छ । त्यसैले सन्दर्भसामग्रीलाई ठीक किसिमले उपयोग गर्नेतिर भाषाशिक्षक सक्रिय रहनु आवश्यक हुन्छ ।

६. **आत्ममूल्याङ्कन :**

तपाईंले यस पाठको अध्ययनबाट थाहा पाउनु भएका थप कुराहरूलाई बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

## एकाइ – पाँच

१. **शीर्षक** : शिक्षण सामग्रीको सङ्कलन र निर्माण

२. **उद्देश्य** : यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) शिक्षण सामग्रीको सङ्कलन गर्ने तरिकाहरू बताउन

(ख) शिक्षण सामग्रीको निर्माण गर्न

३. **विषयवस्तु** :

(क) शिक्षण सामग्रीको सङ्कलन

(ख) शिक्षण सामग्रीको निर्माण

४. **पूर्वसिकाइ धारणा** :

शिक्षक साथी ! तपाईँले यस सत्रमा शिक्षण सामग्रीको सङ्कलन गर्ने तरिका र शिक्षण सामग्रीको निर्माण प्रक्रिया बारे जानकारी लिनु हुनेछ । पाठको अध्ययन भन्दा पहिला तपाईँले शिक्षण सामग्रीको सङ्कलन र निर्माण कसरी गर्दै आउनु भएको थियो ? टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

कक्षाकोठाभित्र शिक्षण क्रियाकलापलाई व्यवस्थित किसिमले अघि बढाउन उपयोग गरिने सामग्रीहरू शिक्षण सामग्री हुन् । विषयवस्तुलाई छोटो समयमा स्पष्ट र प्रभावकारी किसिमले प्रस्तुत गर्न यस्ता सामग्रीहरू आवश्यक हुन्छन् । विद्यार्थीहरूले सुनेरभन्दा देखेर र देखेरभन्दा गरेर राम्ररी सिक्ने भएकाले पनि यसको महत्व स्पष्ट हुन्छ । यस्ता सामग्रीहरू प्राप्त गर्न सङ्कलन र निर्माण गरी दुई किसिमका तरिकाहरू अपनाउन सकिन्छ ।

### (क) शिक्षण सामग्रीको सङ्कलन

नेपाली भाषा शिक्षणका लागि आवश्यक पर्ने सबै शिक्षण सामग्रीहरू शिक्षक स्वयम्ले बनाएको नै चाहिन्छ भन्ने छैन । कतिपय सामग्रीहरू त बनाउन कठिन पनि हुन्छन् । उदाहरणका लागि एउटा 'पोस्टर' लाई लिउँ । पोस्टरलाई सुनाइ, बोलाइ र लेखाइ सीपको शिक्षण गर्न सजिलै सकिन्छ । फ्लाटिन बोर्डमा पोस्टर टाँसी कक्षामा शिक्षकले विद्यार्थीमध्येको कुनै एकलाई पोस्टरको वर्णन गर्न लगाई अरूलाई सुन्न र सोधिएका प्रश्नको जवाफ दिन लगाउन सकिन्छ । वर्णन गर्ने विद्यार्थीको बोलाइ सीप र सुन्ने विद्यार्थीहरूको सुनाइ सीप एकैचोटि विकास गर्न सकिने यो सरल तरिका हो । त्यस्तै पोस्टरको लिखित वर्णन गर्न लगाई लेखाइ सीपको शिक्षण गर्न पनि सकिन्छ । यस्तो बहुउपयोगी 'पोस्टर' शिक्षक स्वयम्ले बनाउनु पर्छ भन्ने छैन । पोस्टरजस्तै विभिन्न तस्विरहरू, चित्रहरू, पाठ्यसामग्रीहरू, क्यासेट प्लेयर आदि शिक्षण सामग्रीहरूको सङ्कलन नै गर्नुपर्ने हुन्छ ।

**सामग्री सङ्कलन गर्ने तरिकाहरू**

१. सामग्री कहाँ पाइन्छ भन्ने कुरा पत्ता लगाउनुपर्छ ।

२. स्रोत पत्ता लागिसकेपछि त्यसलाई प्राप्त गर्न सजिलो तरिका के हुनसक्छ, खोज्नुपर्छ ।

३. किन्नुपर्ने सामग्री भए मितव्ययी भएर किन्नुपर्छ ।
४. जस्ता पनि सामग्रीहरू त्यति प्रभावकारी नहुन सक्छन् भएका सामग्रीमध्ये सबैभन्दा प्रभावकारी चाहिँ छान्नुपर्छ । यसरी छान्दा पाठ्यविषयको स्वरूप वा प्रकृतिलाई ध्यान दिनु जरुरी हुन्छ ।
५. अन्य शिक्षकले प्रयोग गरिसकेका सामग्री पनि उपयोगमा ल्याउन सकिन्छ ।
६. आफूलाई काम लाग्ने केही सामग्रीहरू अन्य विषयका शिक्षकसँग पनि हुनसक्छन् ।
७. पुस्तकालय, रेडक्रसको कार्यालय, गाविसको कार्यालय, पुस्तक पसल, प्रकाशन गृह, गैरसरकारी संस्थाका कार्यालयहरू, सरकारी कार्यालयहरू, जिल्ला शिक्षा कार्यालय, कलाकार, फोटोग्राफर, पत्रपत्रिका तथा अखबार आदि विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गर्न सकिन्छ ।

**(ख) शिक्षण सामग्रीको निर्माण**

नेपाली भाषा शिक्षणका लागि आवश्यक पर्ने केही सामग्रीहरू शिक्षक स्वयम्ले बनाउनुपर्ने हुन्छ । शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, अन्य सूची तथा तालिकाहरू शिक्षकले निर्माण गर्नुपर्ने हुन्छ भने फ्लाटिनबोर्ड आदि पनि बनाउनुपर्ने हुनसक्छ । शिक्षकले बनाउनुपर्ने शिक्षण सामग्रीको छोटो परिचय यसप्रकार छ :

१. **शब्दपत्ती** : विद्यार्थीहरूलाई शब्दार्थ शिक्षणका लागि उच्चारण शिक्षणका लागि शब्दपत्तीको प्रयोग बढी गरिन्छ । कार्डबोर्ड वा बाक्लो कागजलाई ४×५ इन्चका टुक्रामा काटेपछि शब्दपत्ती तयार हुन्छ । यसलाई गोजी तालिकामा राखेर प्रदर्शन गरिन्छ । यसको एकापट्टि शब्द र अर्कापट्टि अर्थ लेखिएको हुन्छ ।

२. **वाक्यपत्ती** : वाक्यपत्तीको आकार पनि शब्दपत्तीकै जत्रो हुन्छ । ४×५ इन्चका बाक्ला कागजका टुक्रामा वाक्य लेखिएपछि वाक्यपत्ती तयार हुन्छ । शब्दपत्तीकै जसरी यसलाई पनि कक्षामा प्रदर्शन गरिन्छ । वाक्यमा प्रयोग तथा व्याकरणका विभिन्न अभ्यासहरू गराउन यसको उपयोग बढी गर्ने गरिएको भेटिन्छ । शब्दार्थ शिक्षणमा पनि यो सहयोगी हुनसक्छ ।

३. **गोजी तालिका** : कार्डबोर्ड वा बाक्लो कागजलाई तीन वा चार बराबरी लहर हुने गरी ५×६ इन्चका आकारमा गोजी राखी बनाइने शिक्षण सामग्री गोजी तालिका हो । यसलाई कक्षा कोठामा झुन्ड्याएर सबै विद्यार्थीले खेल्ने ठाएँमा राखिन्छ । यसका हरेक गोजी डेढ वा दुई इञ्च गहिरा हुन्छन् । हरेक गोजीबीचको दुरी कम्तीमा एक इन्च हुन्छ । शब्दपत्ती, वाक्यपत्ती आदि राख्न र प्रदर्शन गर्नका लागि यसको प्रयोग गरिन्छ । यसको आकार १८×२४ इन्च वा २४×२४ इन्च वा २२×२८ इन्च जतिको पनि हुनसक्छ ।

४. **फ्लाटिन बोर्ड** : फ्लाटिनको कपडाबाट बनाइने यस बोर्डको आकार एकमिटर लामो हुन्छ । सङ्कलित चित्रहरू, तस्बिरहरू, पोस्टर, पाठ्यवस्तुका मुलभूत बुँदाहरू आदि प्रदर्शन गर्नका लागि काकोठामा यसको उपयोग गरिन्छ ।

६. **आत्ममूल्याङ्कन :**

यस सत्रको अध्ययन सामग्री पढेर तपाईंले केके नयाँ विषयवस्तु सिक्न पाउनु भयो कि ? यदि पाउनु भएको भए टिपोट गर्नुहोस् ।

# एकाइ - पाँच

१. **शीर्षक** : शिक्षणसामग्रीको व्यवस्थापन र प्रदर्शन

२. **उद्देश्य** : यस सत्रको प्रशिक्षणपछि सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) शिक्षणसामग्रीको व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरूका बारेमा जानकारी दिन

(ख) शिक्षणसामग्रीको प्रदर्शन गर्ने तरिका बताउन

३. **विषयवस्तु** :

(क) शिक्षणसामग्रीको व्यवस्थापन

(ख) शिक्षणसामग्रीको प्रदर्शन

४. **पूर्वसिकाइ धारणा** :

शिक्षक साथी ! तपाईंले यो पाठ अध्ययन गर्नुभन्दा पहिले तलका प्रश्नहरूको उत्तर कापीमा टिपोट गर्नुहोस् ।

(क) शिक्षणसामग्रीको उचित व्यवस्थापन कसरी गर्न सकिन्छ ?

(ख) शिक्षणसामग्रीको प्रदर्शन गर्ने तरिका के हो ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

एकपटक प्रयोगमा ल्याइएका शिक्षण सामग्रीलाई बारम्बार प्रयोगमा ल्याउन सकिन्छ । भाषा शिक्षणमा त यस्तो सम्भावना अझै बढी हुछ । हरेक वर्ष कक्षाको शिक्षणभन्दा अगाडि शिक्षणसामग्रीहरू सङ्कलन र निर्माण गर्दा समय र श्रमको लागानी धेरै हुन्छ । शिक्षण सामग्रीको उचित व्यवस्थापन गर्न सकेको खण्डमा आवश्यक शिक्षणसामग्री तुरुन्त प्रयोगमा ल्याउन सकिन्छ । भाषाशिक्षणमा शब्दपत्ती, वाक्यपत्ती, पोस्टर वा अन्य सामग्रीहरूलाई विभिन्न पक्षको शिक्षणमा बारम्बार उपयोग गर्न सकिने हुँदा सामग्री व्यवस्थापनको महत्व झन् बढी देखापर्दछ ।

**(क) सामग्री व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

सामग्री व्यवस्थापन गर्नका लागि सबैभन्दा पहिले सङ्कलन गरेर वा निर्माण गरेर तयार पारिएका सामग्रीहरूलाई सूचीबद्ध गर्नुपर्दछ । आफूसँग कति सामग्रीहरू विद्यमान छन्, कति नयाँ तयार पार्नु आवश्यक छ र कुनकुन पुराना सामग्रीको पुनः उपयोग गर्न सकिन्छ भन्ने कुराको लेखाजोखा गर्न सूचीले सहयोग गर्दछ ।

त्यस्तै शिक्षण सामग्रीलाई भण्डारण गर्दा सामग्रीको किसिम र स्वरूपअनुसार समूहसमूहमा छुट्याएर राख्नु राम्रो हुन्छ । यसरी छुट्याएर राख्दा आफूलाई आवश्यक परेको सामग्रीको समूहबाट निकाल्न सजिलो पर्छ । यसो गर्दा सामग्री खोजेको समयमा तुरुन्तै फेला पर्दछ । प्रयोग गरिसकेपछि उक्त सामग्रीहरूलाई यथास्थानमै राख्नु पनि पर्दछ ।

सामग्री भण्डार गर्न विद्यालयमा भिन्नै भण्डारकोठाको व्यवस्था गर्नु राम्रो हुन्छ । यसो गर्दा सामग्री हराउने वा भिन्न स्थानमा पर्ने खतरा कम हुन्छ । यदि भण्डारकोठा उपलब्ध नभएमा शिक्षकले

आफ्नो दराज र ऱ्याकमा मिलाएर राख्नुपर्दछ, झुन्ड्याउन मिल्ने खालको सामग्री छ भने झुन्ड्याएर राखे पनि हुन्छ । सामग्री जथाभावी राख्दा राखेको ठाउँ बिर्सने वा सामग्री फाट्ने वा च्यातिने खतरा हुन्छ ।

सामग्री हराएमा वा फाट्ने, च्यातिने आदि भएर काम नलाग्ने भएमा तुरुन्त अर्को सामग्री तयार गरिहाल्नु राम्रो हुन्छ । यसो गर्दा सामग्रीको तयारी गर्न नभ्याएर विनासामग्री कक्षामा जानुपर्ने स्थिति आउँदैन र शिक्षण कार्यलाई निरन्तर नियमित रूपमा अघि बढाउन सकिन्छ ।

**(ख) शिक्षण सामग्रीको प्रदर्शन**

शिक्षण सामग्रीको निर्माण वा सङ्कलन नै मूलत: प्रदर्शनका लागि गरिएको हुन्छ । भाषा शिक्षणको कार्यमा त झन् बढी सामग्रीहरू प्रदर्शनकै उद्देश्यले तयार पारिएका हुन्छन् । प्रदर्शन ठीकसित गर्न सकिएन भने शिक्षणसामग्रीको उपयोगिता नै सङ्कटमा पर्दछ । कतिपय सामग्री त ठीक ढङ्गले प्रदर्शन गर्न सकिएन भने निरर्थक मात्र होइन, शिक्षण कार्यका लागि बाधकसमेत हुन सक्छन् । तसर्थ सामग्रीको प्रदर्शनमा शिक्षक अत्यन्तै सचेत हुनु जरुरी हुन्छ ।

**(ग) शिक्षण सामग्री प्रदर्शनको तरिका**

शिक्षण सामग्रीको भण्डारबाट सामग्री छनोट गर्दा विद्यार्थीहरूको रुचि तथा उनीहरूको बौद्धिक क्षमतालाई ध्यान दिनुपर्दछ । विद्यार्थीको स्तरअनुकूलका सामग्री मात्रै प्रदर्शनका लागि उचित हुन्छन् । विद्यार्थीको सङ्ख्या कति छ, त्यस आधारमा सामग्रीको प्रदर्शन गर्नु पर्दछ । थोरै सङ्ख्या र धेरै सङ्ख्याले सामग्रीको स्वरूपलाई त असर पार्छपार्छ प्रदर्शन गर्ने ढाँचालाई पनि प्रभावित पार्दछ । धेरै विद्यार्थी भएको कोठामा सामग्रीमा लेखिएका अक्षर ठूला हुनुपर्ने, राख्ने स्थान माथि हुनुपर्ने वा रङको प्रयोग गर्दा टाढासम्म देखिने खालको हुनुपर्दछ । कम विद्यार्थीमा सानातिना पोस्टर र चित्रहरू उपयोगी भए पनि धेरै विद्यार्थीमा ठूलै आकारका हुनु आवश्यक हुन्छ ।

विद्यार्थीहरूको भाषिक, सांस्कृतिक पृष्ठभूमिलाई ख्याल गरेर सामग्रीहरू प्रदर्शन गरिनुपर्दछ । उनीहरूको मानसिकतामा आघात पर्ने सामग्री भए ती प्रदर्शनका लागि अयोग्य हुन्छन् । स्थानीय वातावरणलाई राम्ररी विश्लेषण गरी अनुकूल हुने सामग्रीहरूमात्र प्रदर्शन गरिनु पर्दछ ।

विषयवस्तुको प्रकृतिले पनि शिक्षण सामग्रीको प्रदर्शनलाई प्रभावित पार्दछ । पाठको प्रकृतिसित मिल्ने र विद्यार्थीको अनुभवका सेरोफेरोमा आधारित सामग्रीहरू प्रदर्शन गर्नु राम्रो हुन्छ । प्रयोगको प्रासङ्गिकता तथा पाठगत सान्दर्भिकतालाई राम्ररी ख्याल गरेर मात्र शिक्षण सामग्री प्रदर्शन गरिनुपर्दछ । यसो गर्न सकिएन भने निर्दिष्ट सीप तथा उपलब्धि हासिल गर्न गाह्रो हुन्छ ।

शिक्षण कार्यलाई रोचक र आकर्षक बनाउने खालका सामग्रीहरू प्रदर्शनका लागि योग्य हुन्छन् । यस्ता सामग्रीहरूले पाठको दुरुहतालाई कम गरी पाठलाई सरल र सुगम बनाउने हुनुपर्दछ । विद्यार्थीमा रुचि जगाउनका साथसाथै सिकाइलाई स्थायी तथा पुष्ट बनाउने खालका सामग्रीहरू कक्षाप्रदर्शन गरिनुपर्दछ । प्रदर्शन गरिने शिक्षण सामग्रीले अभ्यास तथा कार्यकलापहरूलाई विविधता युक्त बनाउन सकोस् भन्नेतिर शिक्षक चनाखो रहनुपर्दछ । विद्यार्थीको सक्रियता बढाई शिक्षण

कार्यलाई प्रभावकारी तुल्याउनु, काल्पनिक दृश्य तथा वस्तुलाई वास्तविकताको नजिक ल्याई विषयवस्तुको मूर्तीकरण गर्न सक्नु, विद्यार्थीको अनुभव क्षेत्रलाई विस्तृत तुल्याई तिनीहरूको सिर्जनशक्ति र चिन्तन क्षमताको अभिवृद्धि गर्न सक्नु, भाषिक सीप तथा सुझको विकास गर्नु, पाठ्यक्रममा उल्लिखित सीप तथा क्षमता प्राप्त गर्न सहयोगी हुनु जस्ता प्रकार्यहरू सामग्रीले गर्न सकोस् भन्ने हेतुले सामग्रीको प्रदर्शन गरिनु पर्दछ । शिक्षण सामग्रीहरू सबै विद्यार्थीले स्पष्ट देख्न, सुन्न सक्ने र स्पष्ट अनुभव गर्न सक्ने गरी प्रस्तुत वा प्रदर्शन गरिनु पर्दछ ।

६. **आत्ममूल्याङ्कन** :

यस सत्रको अध्ययनबाट तपाईंले थाहा पाउनु भएका केही नयाँ कुराहरू भए तिनको टिपोट गरी सहभागीहरूबीच छलफल गर्नुहोस् ।

# एकाइ - पाँच

१. **शीर्षक** : अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अनियमित विद्यार्थीको परिचय दिन

(ख) अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना तयार पार्न

३. **विषयवस्तु** :

(क) अनियमित विद्यार्थीहरूको चिनारी

(ख) अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना

४. **पूर्वसिकाइ धारणा** :

तलका प्रश्नका सम्भावित उत्तर के हुनसम्छन्? कापीमा टिपोट गर्नुहोस् :

(क) अनियमित विद्यार्थी भनेका कस्ता विद्यार्थी हुन् ?

(ख) अनियमित विद्यार्थीका लागि भिन्नै शैक्षणिक योजना बनाउनुपर्ने कारण के हो ?

(ग) अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना कसरी तयार पार्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

अनियमित सम्भावित अर्थहरू दुईओटा हुनसक्छन् । एकातिर 'जीवनपर्यन्त शिक्षा' भन्ने मान्यता अनुरूप आकस्मिक रूपमा सिकिने र जुनसुकैबेला जहाँसुकै सिक्न सकिने शिक्षालाई अनियमित शिक्षा भन्ने गरेको पाइन्छ । अनियमित शिक्षा आर्जन गरिरहेका सारा मानिसहरू यस अर्थमा अनियमित शिक्षार्थी वा विद्यार्थी हुने भए । यस खालको सिकाइलाई प्रभावकारी बनाउन पनि सक्रिय सिकाइमार्फत शिक्षकको थोरबहुत भूमिका रहन्छ तर प्रत्यक्ष रूपमा शिक्षक यस्तो सिकाइमा संलग्न रहेको हुँदैन । अर्कोतिर अनियमित विद्यार्थी भन्नाले कक्षाकोठामा नियमित उपस्थित नहुने विद्यार्थी भन्ने बुझिन्छ । हाम्रो यस पाठको सम्बन्ध पनि यिनै दोस्राखाले विद्यार्थीहरूसित रहेको छ ।

अनियमित विद्यार्थीहरूलाई शिक्षण गर्नु एक चुनौतीपूर्ण कार्य हो । विद्यालयमा तयार पारिएको वार्षिक शैक्षणिक योजना तथा शिक्षकले तयार पारेका एकाइ योजना, पाठयोजनाहरूका आधारमा शिक्षण गरिने नियमित विद्यार्थीहरूका लागि मात्रै हो । यी सम्पूर्ण योजनाहरू अनियमित विद्यार्थीका लागि प्रभावकारी हुन सक्दैनन् । उनीहरूको खास समस्याको अध्ययन र निर्धारण गरी समस्या केन्द्रित भएर भाषा शिक्षकले यस्ता विद्यार्थीका लागि विशिष्ट प्रकृतिको शिक्षण योजना बनाउनुपर्ने हुन्छ ।

अनियमित विद्यार्थीहरूको सामाजिक, आर्थिक, पारिवारिक तथा मानसिक स्थिति पनि नियमित विद्यार्थीको भन्दा भिन्न हुन्छ । उसले नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसक्नुका कारणहरू विभिन्न किसिमका हुनसक्छन् । समाजका परम्परागत धारणाहरू, परिवारको पेसा, समाजमा उसको भूमिका तथा प्रतिष्ठाको स्तरजस्ता कारणले पनि विद्यार्थीहरू अनियमित भएका हुनसक्छन् । शैक्षिक हिसाबले असचेत अभिभावक भएका विद्यार्थीहरू पनि खेलबाडमै लाग्ने र विद्यालय नआउने हुनसक्छन् भने कतिपय अनियमित विद्यार्थीहरू घरको काममा सहयोग गर्नुपर्ने भएकाले वा आर्थिक अभावका

कारणले पनि नियमित उपस्थित हुन सकिरहेका हुँदैनन् । ग्रामीण क्षेत्रमा विद्यार्थी अनियमित हुने कारण एकथरि हुन्छ भने सहरी क्षेत्रमा अर्कैथरि पनि हुन सक्छ । निष्कर्ष के हो भने विद्यार्थी अनियमित हुनुका मौलिक र विशिष्ट कारणहरू हुनसक्छन् तिनको पहिचान गरी प्रशस्त मननपश्चात् भाषा शिक्षकले शिक्षण योजना बनाउनुपर्दछ ।

अनियमित विद्यार्थीजति सबैलाई एक किसिमको शैक्षणिक योजना बनाउने कुरो पनि अव्यावहारिक हुन्छ । एउटा विद्यार्थी रोगी भएका कारण नियमित हुन सक्दैन भने अर्को असार, मङ्सिर जस्ता कामको मारामार हुने महिनामा अनुपस्थित रहने गर्दछ । सहरको कुनै विद्यार्थी विद्यालयको सट्टा साथीभाइहरूसित सिनेमा हलतिर वा कुनै पार्कतिर जान्छ भन्ने कुनै विद्यार्थी बसाइँसराइका कारणले नियमित हुन सकिरहेको हुँदैन । यस्ता कारणहरूको शृङ्खला अनन्त बन्न सक्छ तर मूल कुरा के हो भने हरेक अनियमित विद्यार्थी भिन्न कारणले अनियमित भएको हुनसक्छ । यस्ता विद्यार्थीको शिक्षणका लागि कतिपय अवस्थामा वैयक्तिक शिक्षण पनि आवश्यक हुनजान्छ ।

एउटा विद्यार्थी एक समयमा र अर्को विद्यार्थी अर्कै समयमा अनुपस्थित रहने भएकाले यिनीहरूको कमजोरीहरू बेग्लाबेग्लै क्षेत्रमा छरिएर रहेका हुन्छन् र तत्तत् समस्यामाथि केन्द्रित भई भाषिक सीपहरू आर्जन गराउनु भाषा शिक्षकको काम हो तर निम्न कुराहरूमा विचार पुऱ्याउनु आवश्यक हुन्छ :

(क) विद्यार्थी नियमित हुन नसक्नुको कारण के हो भनी पत्ता लगाउने,
(ख) नियमित गराउनका लागि कसले के सहयोग गर्न सक्छ भन्ने विषयमा अभिभावकसित परामर्श गर्ने,
(ग) नियमित गराउनका लागि विद्यालयका तर्फबाट केकस्तो सहयोग आवश्यक छ भनी विद्यार्थी स्वयंसित पनि सल्लाह र कार्यान्वयन गर्ने,
(घ) यस्ता विद्यार्थीहरूका लागि विशेष कक्षाको व्यवस्था गर्ने,
(ङ) सम्पूर्ण विषवस्तु शिक्षणका लागि समयको अभाव रहेका खण्डमा मुलभूत सिकाइ उपलब्धिहरूको शिक्षणमा विशेष केन्द्रित रही अन्य विषयवस्तुको शिक्षालाई सतहीकरण गर्ने ।
(च) विद्यार्थीको हौसला बढाउने र आशावादी भई बढी सक्रिय रहनका लागि आवश्यक परामर्श दिइरहने ।
(छ) सिकाइ उपलब्धि हासिल गरे/नगरेको तथा समस्या कहाँनेर रहेको भन्ने विषयमा शिक्षकले जानकारी लिनका लागि सुधारात्मक मूल्याङ्कन आवश्यक भएकाले शिक्षकसँग प्रगतिविवरणसहित बारम्बार सम्पर्कमा रहन विद्यार्थीलाई निर्देशन गर्ने ।

६. **आत्ममूल्याङ्कन :**

अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना कसरी बनाउने भन्ने सन्दर्भमा केकति थप कुरा थाहा भयो ? टिपोट गर्नुहोस् ।

# एकाइ – पाँच

**सत्र : दस** **समय : १ घण्टा ३० मिनेट**

१. **शीर्षक** : विभिन्न क्षमता र रुचि भएका शिक्षार्थीका लागि शैक्षणिक योजना

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :
विभिन्न क्षमता र रुचि भएका शिक्षार्थीहरूका लागि शैक्षणिक योजना तयार पार्न ।

३. **विषयवस्तु** :
विभिन्न क्षमता र रुचि भएका शिक्षार्थीहरूका लागि शैक्षणिक योजनाको निर्माण

४. **पूर्वसिकाइ धारणा** :
प्रस्तुत सामग्री अध्ययन गर्नुभन्दा पहिले तलका प्रश्नहरूबारे मनन गरी आफ्ना धारणाहरूलाई बुँदागत रूपमा टिपोट गर्नुहोस् :

(क) विद्यार्थीहरूको रुचि र क्षमता किन विभिन्न किसिम र स्तरको हुन्छन् ?

(ख) त्यस्ता विद्यार्थीका लागि शैक्षणिक योजना कसरी निर्माण गर्नु पर्दछ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :
संसारको हरेक व्यक्ति आफैँमा विशिष्ट छ । एउटा मान्छेसँग अर्को मान्छेको न रुचि पूर्णरूपले मिल्दछ न क्षमता । भिन्नभिन्न पारिवारिक पृष्ठभूमिमा जन्मिएका र हुर्किएका विद्यार्थीहरूको पनि समान रुचि र समान क्षमता नहुनु स्वाभाविकै हो । कक्षामा शिक्षकले प्रस्तुत गरेको विषयवस्तु वा उसको कक्षा क्रियाकलापलाई सबै विद्यार्थीले उही किसिमले लिन सक्दैनन् । रुचिपूर्ण र कसैका लीगि अरुचिकर हुनसक्दछ । त्यस्तै कसैले कुनै काम सजिलैसित राम्ररी सम्पन्न गर्न सक्छ भने कसैका लागि अत्यन्तै कठिन भइदिन सक्छ । भाषाशिक्षणका क्रममा शिक्षकले हरेक विद्यार्थी एउटै तह र उमेरसमूहका भएकाले समान रुचि र योग्यता राख्छन् भन्ने ठान्नु हुँदैन । सबैले उही रूपमा बुझ्नैपर्छ भन्ने आग्रह पनि राख्नु हुँदैन ।

विद्यार्थी यदि व्यापारीको सन्तान हो भने उसमा सुनाइ र बोलाइ सीपको विकास राम्रोसँग भएको तर पढाइ र लेखाइ सीपको विकास कम भएको हुनसक्छ । हिसाबकिताबसँग सम्बन्धित गणित वा व्यापारसँग सम्बन्धित लेखा वा अर्थशास्त्रमा उसको चाख हुनसक्छ र नेपाली भाषाप्रति कम महत्व दिएको वा रुचि नदेखाएको हुनसक्छ । अथवा पसलमा बसेको बेला साहित्यिक रचनाहरू पढ्ने भएकाले नेपाली भाषाप्रति अत्यन्तै आकर्षित पनि हुनसक्छन् । रुचि नराख्ने खालको छ भने जुन क्षेत्रमा उसको रुचि छ सोही क्षेत्रका बारेमा विभिन्न लेख र वा निबन्ध वा त्यस्तै केही लेख्न लगाई कक्षामा वस्तुबारे थप जानकारी पाउँछन भने प्रस्तोताले भाषा सिक्दछ । आफूले कक्षामा प्रस्तुत गर्नुपर्ने सामग्री सकेसम्म राम्रो बनाउने उसको इच्छा हुन्छ । यसले गर्दा बोलाइ र सुनाइ सीपका दृष्टिले राम्रो ठानिएको उक्त विद्यार्थी सामग्री सङ्कलनका लागि पढ्छ अनि राम्रो प्रस्तुतिका लागि लेखनलाई साफी गर्छ । यसबाट उसको पढाइ र लेखाइ सीपको विकास अत्यन्तै तीव्र गतिमा सफतापूर्वक भइरहेको हुन्छ ।

कक्षामा सबैलाई रुचिको काम गर्न दिने हो भने उनीहरूले भाषिक सीप छिटो आर्जन गर्दछन् । खेलकुदमा रुचि भएको विद्यार्थीलाई उसलाई मनपर्ने खेलबारे बोल्न दिएर बोलाइ सीपको विकास गराउन सकिन्छ । रुचिको क्षेत्रमा लागिरहने र अन्य क्षेत्रलाई वेवास्ता गर्ने गर्दा व्यक्तित्व विकास एकाङ्गी किसिमले हुँदैजान्छ । माध्यमिक तहको शिक्षाको उद्देश्य विद्यार्थीको सर्वाङ्गीण विकासलाई टेवा पुऱ्याउनु हो । विभिन्न विषयमा गरिएका छलफल, प्रस्तुतीकरण तथा चर्चापरिचर्चाले समाजिकताको बोध हुन्छ । उसको समाजको विविधतालाई आत्मसात् गर्न सिक्दछ, अरूका कुरा सुन्ने र राय प्रकट गर्ने क्षमताको विकासका लागि पनि यस्ता क्रियाकलापहरू उपयोगी हुन्छन् ।

शिक्षकले एउटै काम सबैले गर्नुपर्छ भनेर लगाउँदा परीक्षणका लागि उसलाई केही सजिलो त होला तर त्यस्तो क्षेत्रमा रुचि नभएका विद्यार्थीहरू उत्साहका साथ काममा सक्रिय हुँदैनन् । रुचिको क्षेत्रको त्यही काम गर्दा जति सफलता पाउन सक्थे, बाध्यताको कामबाट खालि समयको दुरुपयोग हुन्छ । त्यसैले भाषाशिक्षण गर्दा शिक्षककले सकेसम्म विद्यार्थीहरूको रुचिक्षेत्रको काममा लगाई भाषिक सीप सिकाउन योजना बनाउनुपर्छ ।

कक्षाका सबै विद्यार्थीहरूको भाषिक क्षमता समानस्तरको हुँदैन । एउटै कक्षाकोठामा नेपाली भाषा कुनै विद्यार्थीका लागि मातृभाषा र कुनै विद्यार्थीका लीग दोस्रो भाषा हुनसक्छ । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीलाई ध्यानमा राखेर गरिएका कक्षा क्रियाकलाप तथा उनीहरूका लागि तयार पारिएको शैक्षणिक योजना मातृभाषी विद्यार्थीका लागि अत्यन्तै सजिलो र कम रुचिपूर्ण हुनसक्छ । आफ्नो क्षमताभन्दा सानो काममा समय खर्च गरिरहनुपर्दा उसलाई असन्तोष लागिरहेको हुनसक्छ । कक्षाकोठामा पाउनुपर्ने मानसिक तृप्तिबाट ऊ बञ्चित हुन्छ र कक्षाकोठाको वातावरण अव्यवस्थित हुने डर हुन्छ । मातृभाषी विद्यार्थीलाई भनेर तयार पारिएका शैक्षणिक क्रियाकलापहरू दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीका लागि बोझिलो हुन्छ । यस्ता क्रियाकलापमा सहभागी हुन ती विद्यार्थीहरूलाई अति कष्ट हुन्छ । यसले गर्दा उनीहरूमा निरासा र उदासिनता बढ्न सक्छ, उनीहरूमा क्रियाकलापप्रति वितृष्णा पलाउन सक्छ । यी दुवैथरि विद्यार्थीहरूलाई ध्यानमा राख्दै विभिन्न भाषिक, सांस्कृतिक, आर्थिक, सामाजिक र भौगोलिक परिवेशबाट विद्यार्थीहरूको मनोविज्ञान र संवेदनशीलताअनुरूपको भाषिक व्यवहार शिक्षकले गर्नुपर्दछ । नेपाली भाषा मातृभाषा भएका विद्यार्थीहरूका लागि पढाइ शिक्षण र लेखाइ शिक्षणमा जोड दिनु आवश्यक होला भने बिमातृभाषी विद्यार्थीहरूका लागि सुनाइशिक्षण तथा बोलाइशिक्षण नै बढी महत्वपूर्ण हुनसक्छ ।

भाषाशिक्षकले विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूका लागि शैक्षणिक योजना बनाउँदा सरलदेखि जटिलताको क्रमअन्तर्गत रहेर समानुपातिक वितरणको पद्धतिलाई अवलम्बन गर्नुपर्दछ । कमजोर विद्यार्थीमा पनि अत्याधिक बोझका कारण नैराश्य नआओस् अनि उच्च क्षमताको विद्यार्थीको मानसिक सन्तोषका लागि पनि केही क्रियाकलाप समावेश गर्न सकियोस् भन्नेतिर भाषाशिक्षक सचेत रहनुपर्दछ । त्यसैले कुनै न कुनै रूपले सबैलाई समेट्ने खालको शैक्षणिक योजना तयार पार्नुपर्दछ ।

विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूका लागि समूहगत वा व्यक्तिगत दुवै शिक्षण प्रक्रियाहरू अपनाउन सकिन्छ । कुन शिक्षण प्रक्रिया अपनाउने भन्ने कुरा विषयवस्तुको प्रकृतिमा भर पर्दछ । कमजोर क्षमता भएका विद्यार्थीहरूका लागि व्यक्तिगत तहमा परामर्श र सहयोगको आवश्यकता परिरहन्छ । शिक्षकले पर्याप्त चासो नराख्दा त्यस्ता विद्यार्थीहरू पलायन हुने खतरा पनि बढी नै हुन्छ । टाठा र उत्सुक विद्यार्थीहरूभन्दा कमजोर सरल स्वभाव भएका विद्यार्थीहरूलाई कक्षाकोठामा पनि शिक्षकले बढी सक्रिय रहन प्रेरित गर्नु आवश्यक हुन्छ । यसो गरेको खण्डमा तिनीहरूलाई कक्षाको मूलप्रवाहमा समाहित हुन मदत पुग्दछ ।

६. **आत्ममूल्याङ्कन :**

यस सत्रको अध्ययनबाट विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूको शिक्षणका लागि कस्तो योजना बनाउने भन्ने विषयमा केकति थाहा पाउनुभयो साथीसँग छलफल गरी आवश्यक कुराहरू थप्नुहोस् ।

एकाइ – छ

# सञ्चार र सङ्गठन

१. **शीर्षक** : स्वनिर्देशित विद्यार्थीहरूका लागि सक्रिय र निष्क्रिय सिकाइ

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू सक्षम हुनेछन् :

(क) सक्रिय र निष्क्रिय शिक्षार्थीहरूका बारेमा परिचित हुन

(ख) सक्रिय र निष्क्रिय सिकाइका तरिकाहरू भन्न

(ग) भाषिक सीपविकासमा सक्रिय सिकाइका लागि उत्प्रेरणा प्रदान गर्न

(घ) भाषाशिक्षणमा सक्रिय र निष्क्रिय सिकाइको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) सक्रिय र निष्क्रिय सिकाइको परिचय चिनारी

(ख) सक्रिय र निष्क्रिय सिकाइका तरिका

(ग) सक्रिय सिकाइका लागि उत्प्रेरणा

(घ) भाषाशिक्षणमा सक्रिय र निष्क्रिय सिकाइको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

प्रस्तुत विषयवस्तु अध्ययनपूर्व तपाईंले सक्रिय र निष्क्रिय सिकाइका बारेमा कस्तो सोचाइ राख्नुभएको छ अर्थात् कुन किसिमको कस्तो र केके प्रक्रियाद्वारा सिकिने सिकाइलाई सक्रिय र निष्क्रिय सिकाइ भनिएको हो ? टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) सक्रिय सिंकाइ**

विद्यार्थीहरूका सिक्ने प्रक्रिया आआफ्नै खालका हुन्छन् । कसैले अरूले भनेका कुरालाई एकपटक सुनेपछि त्यसका आधारमा अन्य विषयवस्तुमा पनि त्यसलाई मिलाएर बुझ्ने हुन्छन् भने कतिपय सिकारुहरू जे सुन्यो त्यसको ठ्याक्कै अक्षरश: कण्ठस्थ मात्र गर्ने तर अन्य प्रसङ्गमा लगेर बुझ्न सक्तैनन् । कुनै विषयवस्तुलाई पढेर बुझ्न विभिन्न प्रक्रिया, शैली वा तरिका अपनाइन्छ भने त्यस्तो सिकाइलाई सक्रिय सिकाइ हो भन्न सकिन्छ । सक्रिय सिकाइ के हो त ? यसतर्फ हामी चर्चा गर्दछौं ।

(१) **सिर्जनात्मक सिकाइ** – जुनसुकै सिकाइ पनि सिर्जनात्मक हुन सकेमा मात्र सक्रिय सिकाइको रूपमा बुझ्न सकिन्छ । सिकेको कुरालाई व्यावहारिक जीवनमा फरकफरक ढङ्गले सोच्ने, कार्यान्वयन गर्ने गर्‍यो भने मात्र त्यहाँ सक्रिय सिकाइ हुन्छ । कुनै व्यक्तिले एउटा कविता पढेर त्यस्तै वा त्यो भन्दा अझ राम्रो कविता सिर्जना गर्‍यो भने त्यो सक्रिय सिकाइ हुन्छ ।

(२) **सिकाइमा नयाँ तरिका अपनाउने**– अध्ययन गरेका विषयवस्तुलाई बुझ्न वा त्यस्ता विषयवस्तुको धारणा बसाउन एकोहोरो कण्ठ गर्ने वा रट्ने नगरी नयाँनयाँ तरिका अपनाउने, सम्झने, सूत्र वनाउने वा अन्य शैली अपनाउने किसिमको सिकाइ सक्रिय सिकाइ हो । यस्ता धारणा बसाउन विषयवस्तुलाई आफ्नै किसिमले स्मरण गर्ने तरिकाहरू निर्माण गरिन्छ ।

(३) **अध्ययनमा समयको सही प्रयोग–** सक्रिय सिकाइ गर्ने व्यक्तिले सिक्न समय कुरिरहँदैन । जुनसुकै र जहाँसुकै समय र स्थानमा पनि देखेका विषयलाई बुझ्ने, धारणा बनाउने कार्य गर्दछन् । हिँड्दा, डुल्दा, खेल्दा, यात्रा गर्दासमेत पनि कुनै विषयमा सोच्ने कार्यलाई कायम राख्दछन् ।

(४) **महत्वपूर्ण धारणाको स्मरणका लागि एकाग्र हुने** - सक्रिय सिकाइमा महत्वपूर्ण विषयवस्तुलाई सम्झनका लागि एकाग्र भएर लाग्ने, अध्ययन र मनन गर्ने कार्य हुन्छ, जसले सिक्न खोजेको विषयवस्तु दीर्घकालीन स्मरण हुन जान्छ ।

(५) **पूर्वज्ञानलाई पुनस्मरण गर्ने र परिस्थितिअनुसार उपयोग गर्ने** - सक्रिय सिकारुको विशेषता नै आफूले प्राप्त गरेको ज्ञानलाई स्मरण गर्दै त्यसलाई त्यस्तै अन्य विषयवस्तुमा घटाएर बुझ्ने र त्यसका आधारमा परिस्थितिअनुसार चल्ने व्यवहारमा प्रयोग गर्ने गर्दछन् । यसलाई सिकाइको स्थानान्तरणको रूपमा समेत बुझ्न सकिन्छ ।

(६) **प्राप्त ज्ञानलाई परिस्थितिअनुसार परीक्षण र प्रयोग गर्न सक्ने** - सक्रिय सिकारूले आफूले प्राप्त गरेको ज्ञान उपयुक्त र व्यावहारिक हो होइन व्यावहारिक कसिमा त्यसको परीक्षण गरी त्यसको उपयुक्तता पहिचान गर्दछन् ।

(७) **आधारभूत धारणाका आधारमा नयाँ धारणा तय गर्ने** - आधारभूत धारणामा नयाँ कुराको प्राप्ति गर्न सक्नुलाई यसअन्तर्गत बुझ्न सकिन्छ । भाषाविज्ञानका आधारमा भन्ने हो भने भाषिक सामर्थ्यको धारणालाई यसअन्तर्गत बुझ्न सकिन्छ ।

(८) **सिर्जनात्मक र समीक्षात्मक सोचाइ** - सक्रिय सिकारुहरू सिर्जनात्मक हुन्छन् अर्थात् उनीहरूमा एउटा विषयलाई पनि नयाँनयाँ तर्क र पुष्ट्याइँद्वारा अरू त्यस्तै विषयवस्तुमा मिलाएर बुझ्ने, सिर्जना गर्ने गर्दछन् । साथै अध्ययन गरेका विषयवस्तुलाई पनि समीक्षात्मक ढङ्गले हेर्दछन् । विषयवस्तुलाई विभिन्न आयामबाट विश्लेषण गर्दछन् ।

(९) **सावधानीपूर्ण सोच हुनु** - सक्रिय सिकारुमा सोचाइ प्रक्रिया सतही नभएर त्यसको पश्चगामी प्रभावलाई समेत विचार गर्ने खालको हुन्छ, जसले गर्दा कुनै पनि घटना, विषय आदिलाई हेर्ने, बुझ्ने कुरामा सतर्कता अपनाउँछन् ।

(१०) **साधारणीकरण गर्नु** - सक्रिय सिकारुको अर्को महत्वपूर्ण पक्ष भनेकै कठिनभन्दा कठिन विषयवस्तुलाई ग्रहण गर्न त्यसलाई साधारणीकरण गर्ने । साधारणीकरण गर्ने सीपले गर्दा कुनै पनि जटिल विषयवस्तुलाई सहज बनाई धारणा बसाउन सजिलो र दीर्घस्मरण गर्न सजिलो हुन्छ ।

(११) **विश्लेषण र प्राथमिकीकरण** - सिक्ने र सिकेका विषयलाई विश्लेषण गरी आवश्यक र महत्वपूर्ण कुरालाई त्यसको प्राथमिकताका आधारमा महत्व दिने गर्दछन् । विषयवस्तुको विश्लेषणका आधारमा प्राथमिकता निर्धारण गर्ने कुरा सक्रिय सिकारुको सकारात्मक शैली हो भन्न सकिन्छ ।

सक्रिय सिकारुहरू नयाँनयाँ कुराको खोज गर्ने, अनुसन्धान गर्ने कुरामा सिपालु रहन्छन् । त्यस्तै वर्गीकरण गर्ने, दुई वा सोभन्दा बढीका बीच तुलना गर्ने, तर्क र मन्थन गर्ने कुराका आधारमा सिकाइलाई दिगो पार्दछन् ।

**(ख) निष्क्रिय सिकाइ**

निष्क्रिय सिकाइ भन्ने शब्दबाट नै सिकाइको प्रक्रिया ढिलो, अवैज्ञानिक, सिर्जनात्मक नहुने र सिकाइलाई 'सहजीकरण र सामान्यीकरण' नगरी सुगारटाइ किसिमको कण्ठस्थ गर्ने, किताबी ज्ञानलाई हुवहु लिने, अर्थात् विषयवस्तुका बारेमा समीक्षात्मक र विश्लेषणात्मक रूपमा नबुझी जे छ त्यसलाई अक्षरशः कण्ठ गर्ने भन्ने बुझ्न सकिन्छ । साहित्यिक अर्थका हिसाबले अभिधा, लक्षणा र व्यञ्जनामध्ये अभिधा अर्थका रूपमा मात्र बुझ्ने कार्यलाई निष्क्रिय सिकाइ भन्न सकिन्छ ।

निष्क्रिय सिकाइ प्रक्रिया देहायअनुसार छन् -

- सम्झना वा स्मरणसँग सम्बन्धित,
- पाठ्यसामग्री, नोट आदि लामो समय लगाएर, कण्ठस्थ गरेर सम्झने प्रक्रिया,
- कुनै धारणा, विचार आदिका आधारमा परिस्थितिअनुसार प्रयोग नगरी शब्दकै पछि लाग्ने किसिमको सिकाइ,
- कुनै पनि विषयवस्तु के ? किन ? कसरी ? जस्ता प्रश्न र समीक्षात्मक ढङ्गले नसोची गरिने अध्ययन प्रक्रिया,
- सुगारटाइ किसिमको सिकाइ,
- सिर्जनात्मक विहीन सिकाइ ।

**(ग) सक्रिय सिकाइका तरिका**

शिक्षणसिकाइ कार्यकलाप गराउँदा सक्रिय सिकाइका लागि देहायअनुसारको तरिकाको उपयोग गर्न सकिन्छ :

- सिर्जनात्मक सिकाइ,
- पढेका विषयवस्तुलाई विभिन्न प्रक्रिया र निर्माण गरी विषयवस्तुको धारणा बसाउने,
- अध्ययनमा समयको उपयोग गर्ने,
- महत्वपूर्ण धारणाहरूको स्मरणका लागि एकाग्र हुने,
- प्राप्त ज्ञान र धारणालाई पुनस्मरण गर्न सक्ने र त्यस्ता ज्ञानलाई परिस्थितिअनुसार फरकफरक ढङ्गले प्रयोग गर्न सक्ने,
- प्राप्त ज्ञानलाई विभिन्न ढङ्गबाट परीक्षण र प्रयोग गर्न सक्ने,
- प्राप्त ज्ञानलाई परिस्थितिअनुकूल उपयुक्त/उचित रूपमा प्रयोग गर्न सक्ने,
- आधारभूत ज्ञान वा धारणाका आधारमा अन्य धारणा तय गर्न सक्ने,
- सिर्जनशील र समीक्षात्मक सोचाइ
- सावधानीपूर्ण सोचाइ हुनु,
- साधारणीकरण गर्नु,

- विश्लेषण गर्नु,
- वर्गीकरण गर्नु,
- मस्तिष्कमन्थन गर्नु
- नयाँ कुराको खोज गर्नु,
- तुलना गर्नु
- प्राथमिकीकरण ।

**(घ) निष्क्रिय सिकाइका तरिका**

- पाठ्यवस्तुमा भएका विषयवस्तुलाई मात्र सम्झने,
- लामो समयसम्म पढ्ने, नोट निर्माण गर्ने,
- कण्ठस्थ गर्ने (बोध नगर्ने),
- किताबी ज्ञान मात्र ग्रहण गर्ने (नयाँ धारणा र विचारलाई नअपनाउने)
- सिर्जनात्मकभन्दा एकोहोरो र सुगारटाइ किसिमको ।

**(ङ) सक्रिय सिकाइका लागि उत्प्रेरणा**

- कुनै पनि विषयका बारेमा त्यसबाट प्राप्त हुने सकारात्मक कुरा र भविष्यमा त्यसबाट हुने फाइदाका बारेमा जानकारी गराउने,
- निरन्तर रूपमा सकारात्मक पृष्ठपोषण प्रदान गर्ने जसले गर्दा विद्यार्थीहरूले उक्त कार्य गर्न सक्छु भन्ने विश्वास गरून्,
- सिकाइका लागि गरेको प्रयासका लागि सहयोग गर्ने र त्यसप्रति विशेष चासो देखाउने,
- छलफल, आदानप्रदानमा प्रोत्साहन गर्ने,
- कक्षाकोठाको वातावरण आत्मीय र सकारात्मक बनाउने,
- सफल हुने कुरामा शिक्षार्थीलाई विश्वस्त पार्ने,
- काम, जिम्मेवारी आदिका बारेमा स्पष्ट पार्ने,
- शारीरिक र मानसिक रूपमा सक्रिय गराउने, खेल खेलाउने, मस्तिष्कमन्थन गराउने आदि,
- खोज, अनुसन्धान, अध्ययन आदिमा प्रोत्साहन गर्ने,
- समस्यामूलक विषयवस्तु/ घटना आदिलाई समधान गर्नु के गर्नुपर्ला भन्ने जस्ता विषय दिई समाधान पत्ता लगाउने खालका कार्यमा सहभागी गराउने,
- खुला र सकारात्मक वातावरणको सिर्जना गर्ने,
- राम्रा कामको बारेमा अरूसमक्ष प्रशंसा गर्ने ।

**(च) भाषा शिक्षणमा सक्रिय र निष्क्रिय सिकाइका तरिका**

- शब्दकोष, विश्वकोश पर्यायवाचीकोश आदिको प्रयोगमा उत्प्रेरित गर्ने,
- शिक्षणसिकाइमा उपयोग गरिएका विषयवस्तुका बारेमा धारणा व्यक्त गर्न लगाउने,
- कुनै विषयवस्तुलाई अध्ययन गरी समीक्षा गर्न लगाउने,
- कुनै विषय त्यस्तै प्रकृतिको अन्य विषयसँग तुलना गर्न लगाउने,
- सिर्जनात्मक लेखन गराउने,
- समस्यामूलक विषयवस्तुको समाधान खोज्न प्रेरितगर्ने,
- बोध र अभिव्यक्तिसँग सम्बन्धित क्रियाकलाप गराउने,
- वक्तृता, वादविवादजस्ता क्रियाकलाप गराउने,
- विषयवस्तुलाई अध्ययन गरी त्यसको सार भन्न वा टिप्न लगाउने,
- अनुभव आदानप्रदान क्रियाकलाप गराउने,
- पुस्तकालय प्रयोगशालाको प्रयोगमा उत्प्रेरित गर्ने,
- परियेजना कार्य गराउने ।

६. **आत्ममूल्याङ्कन :**

तपाईंले बनाउनु भएको पूर्वधारणा र विषयवस्तुको अध्ययनपश्चात्को धारणाबीचको अन्तर केके हुन् ? कुनै पाँचओटा बुँदा टिप्नुहोस् ।

# एकाइ – छ

१. **शीर्षक** : सामाजिक परिचालन

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) भाषिक सञ्चारका प्रक्रियाहरू र तार्किक प्रस्तुतिका बारेमा बताउन

(ख) सामाजिक परिचालन प्रक्रियाका बारेमा भन्न

(ग) विद्यालयबाट सरोकार पक्ष (समाज) ले राख्ने अपेक्षा र सम्बन्धका बारेमा बताउन)

४. **विषयवस्तु** :

(क) भाषिक सञ्चारका प्रक्रिया

(ख) तार्किक प्रस्तुतीकरण


(ग) सामाजिक परिचालनका तरिका

(घ) विद्यालयबाट सरोकार पक्षले राख्ने अपेक्षा र सम्बन्ध

५. **विषयवस्तुको प्रस्तुतीकरण**

**(क) भाषिक सञ्चार**


सन्देश पठाउने कामलाई सञ्चार भनिन्छ । यो विभिन्न थरिको हुन्छ । केही सञ्चार मानिसले गर्ने मानवीय सञ्चार हुन्छन् र केही सञ्चार पशुपंक्षी आदिले गर्ने मानवेतर सञ्चार हुन्छन् । मानवीय सञ्चारका लागि शब्दको उच्चारणद्वारा गरिने भाषिक सञ्चार तथा दृश्य (हाउभाउ, सान), स्पर्श (कोट्याउनु, चिमोट्नु) र श्रव्य (ख्याकखुक, सुसेली आदि आवाज) द्वारा गरिने भाषेतर सञ्चार गरी दुई किसिमका हुन्छन् । सञ्चारका अरू विभिन्न प्रकारहरू पनि हुन्छन् । सबै प्रकारका सञ्चारहरूको उल्लेख तलको आलेखमा गरिएको छ :



सञ्चारका उपर्युक्त प्रकारमध्ये भाषाविज्ञानका दृष्टिले सबैभन्दा महत्वपूर्ण सञ्चार भाषिक सञ्चार हो ।

भाषिक सन्देश आदानप्रदान गर्ने प्रक्रियालाई भाषिक सञ्चार व्यवस्था भनिन्छ । यो सञ्चार प्रेषक (वक्ता) र प्रापक (श्रोता) गरी दुई पक्षका बीचमा हुन्छ । यसरी भाषिक सञ्चार गर्दा प्रेषकले कुनै सन्देश भाषिक सङ्केतद्वारा पठाउँछ र प्रापकले त्यस सङ्केतलाई सन्देशका रूपमा ग्रहण गर्छ । यसलाई सम्प्रेषणको प्रक्रिया पनि भनिन्छ । यस प्रक्रियाबाट प्रेषकले सार्थक सन्देश दिन्छ र प्रापकले त्यसको ठीक बोध गर्छ । भाषिक सञ्चार व्यवस्थाअनुसार प्रेषक र प्रापकका बीचमा सन्देशको आदानप्रदान भएपछि भाषिक सञ्चारको प्रक्रिया पूरा हुन्छ ।

भाषिक सञ्चार व्यवस्थाको सम्पूर्ण प्रक्रियालाई रेखाचित्रद्वारा यसरी देखाइन्छ :




भाषिक सञ्चार प्रक्रियामा सर्वप्रथम प्रेषकको केन्द्रीय विचार प्रक्रियामा उत्पन्न विचारलाई भाषिक सङ्केत वा संहिता (Code) ले साञ्चारिक सङ्केतमा बदल्छ । यसरी भाषिक सङ्केत साञ्चारिक सङ्केतमा बदलिएपछि त्यो हावाका माध्यमबाट प्रापकसम्म पुग्छ । प्रापकले त्यस साञ्चारिक सङ्केतलाई भाषिक विसङ्केत वा विसंहिता (decode) का सहायताले फुकाई विचारलाई केन्द्रीय विचार प्रक्रियामा पुऱ्याउँछ । यसरी प्रेषकको केन्द्रीय विचार प्रक्रियामा उत्पन्न विचारलाई प्रापकको केन्द्रीय विचार प्रक्रियामा पुऱ्याएपछि भाषिक सञ्चारको प्रक्रिया पूरा हुन्छ । यही व्यवस्थालाई भाषिक सञ्चारको व्यवस्था भनिन्छ ।

भाषाको सम्प्रेषण वा सञ्चार प्रक्रियाका ६ वटा घटकहरू हुन्छन् । ती घटकहरू यसप्रकार छन् :

सन्दर्भ

सम्बोधक सन्देश सम्बोधित

..........................................

सम्पर्क

संहिता

सम्बोधकलाई प्रेषक वा वक्ता र सम्बोधितलाई प्रापक वा श्रोता मानिन्छ । सम्बोधकले सम्बोधितलाई सन्देश पठाउँछ । यस्तो सन्देश सम्प्रेषित हुन सन्दर्भ चाहिन्छ । त्यसैगरी सन्देशलाई शब्दमा उतार्न सकिने एउटा संहिता (Code) आवश्यक हुन्छ । त्यो संहिता सम्बोधक र सम्बोधितका बीचमा बुझिने हुनुपर्छ । अन्तयमा एउटा सम्पर्क चाहिन्छ । सम्पर्क भनेको सम्बोधक र सम्बोधितका बीचको भौतिक सूत्र हो । यति गरेपछि सञ्चार प्रक्रिया पूरा हुन्छ ।

माथिका ६ वा घटकअनुरूप भाषामा निम्नलिखित ६ ओटा प्रकार्य हुन्छन् :

सङ्केतात्मक

भावनात्मक काव्यात्मक क्रियात्मक

सम्पर्कपरक

अधिभाषात्मक

भाषाको भावानात्मक प्रकार्य सम्बोधकमा निहित हुन्छ । यसले वक्ताद्वारा प्रकटित प्रत्यक्ष अभिव्यक्ति वा धारणालाई जनाउँछ । भाषाको क्रियात्मक प्रकार्य सम्बोधितसँग सम्बन्धित हुन्छ । यसको कार्यव्यापार सम्बोधनात्मक र आज्ञार्थक दुईखाले वाक्यहरूमा हुन्छ । भाषाको सङ्केतात्मक प्रकार्य सन्दर्भसँग सम्बद्ध हुन्छ । यसले संज्ञानात्मक प्रकार्यलाई जनाउँछ । सन्देशमा यसको प्रमुख भूमिका रहन्छ । भाषाको काव्यात्मक प्रकार्यले सन्देशलाई जनाउँछ । भाषाको सम्पर्कपरक प्रकार्य सम्पर्कसँग सम्बद्ध हुन्छ । यसले सञ्चार प्रक्रियालार्य सञ्चालित गराउने काम गर्छ । त्यस्तै अधिभाषात्मक प्रकार्यले संहितालाई जनाउँछ । यसले भाषाकै माध्यमबाट भाषालाई स्पष्ट्याउने र व्याख्या गर्ने काम गर्छ ।

भाषिक सञ्चार व्यवस्थालाई अझ स्पष्ट र सरल रूपमा बुझाउन हरिले गोपाललाई भनेको एउटा वाक्य तल प्रस्तुत गरिन्छ :

**अब पानी थामियो ।**

यस उदाहरणमा निम्नलिखित भाषिक सञ्चार व्यवस्था पाइन्छ :

(१) यसको प्रेषक हार हो ।

(२) यसको प्रापक गोपाल हो ।

(३) हरिले गोपाललाई बुझाउन खोजेको विचार (सन्देश वा अर्थ) वर्षा रोकिएको जानकारी हो ।

(४) उसले प्रस्तुत गरेको यस विचार वा सन्देशको संयोजन (प् + आ + न् + ई + थ् + आ + म् + इ + य् + ओ) ध्वनिहरूबाट भएको छ । यसैलाई सङ्केत (Code) भनिन्छ ।

(५) यस सङ्केतलाई हरिबाट गोपालसम्म पुऱ्याउने सरणी (Channel) हावा हो ।

(६) हरिले दिएको सङ्केत गोपालले सुनेर बुझ्ने प्रक्रिया विसङ्केत (Decode) हो ।

यसरी प्रेषक हरिले प्रापक गोपाललाई दिएको पानी थामियो भन्ने सन्देश प्रापकले बुझेपछि भाषिक सञ्चारको एउटा प्रक्रिया सम्पन्न हुन्छ ।

यस सङ्केतको पृष्ठभूमि के हो भने अकस्मात् पानी परेकाले त्यसबाट जोगिन हरि र गोपाल कुनै ठाउँमा ओत लागेका थिए । केही बेरपछि हरिले गोपाललाई पानी थामियो भन्नाको तात्पर्य त्यस ठाउँबाट हिडौं भन्ने हो ।

भाषाको आदानप्रदान यस्तै सञ्चार व्यवस्थाबाट सम्पन्न गरिन्छ ।

*(स्रोत : आधुनिक भाषा विज्ञान, प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुईंटेल)*

### (ख) सामाजिक/समुदायको परिचालन

समाज वा समुदायको सक्रिय सहभागिताविना अरू समाज वा समुदायमा रहेका कुनै पनि संस्थाका कार्यक्रमहरू दिगो र स्थायी रूपमा अघि बढ्न सक्दैनन् । विशेषगरी विद्यालयको सञ्चालन, रेखदेख

र केटाकेटीहरूलाई विद्यालयमा पढाउन समाज तथा समुदायको सक्रिय सहभागिता आवश्यकता पर्दछ । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने विद्यालय जाने उमेरका कतिपय बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएका छन् । समुदायमा खोलेका विद्यालयहरू पनि आवश्यक संसाधनको अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । यस्तो परिस्थितिमा समुदाय वा समाजका व्यक्तिहरू वा अभिभावकहरू स्वयम्लाई नै जागृत नगराएसम्म र सक्रिय सहभागिता नगराएसम्म विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय पठाउन गाह्रो छ । विद्यालय छाड्ने दर घटाउन, नियमितता बढाउने अप्ठ्यारो हुन्छ । तसर्थ समुदायमा चेतना जगाई शिक्षाप्रति अभिरुचि पैदा गराउनुपर्ने अनिवार्यता भएको छ । जनचेतना जगाउने कार्यमा समाजका सबै व्यक्ति वा निकायको सामाजिक प्रयास आवश्यक छ । विद्यालयमा भर्नादर बढाउन, विद्यालय छाड्ने दर घटाउन, नियमितता बढाउन, विद्यालय सञ्चालन र यसको रेखदेख गर्न समुदायमा रहेका प्रत्येक अभिभावकहरूलाई उनीहरूको सक्रिय सहभागिताका लागि सचेत बनाउनु पर्ने हुन्छ जसबाट उनीहरूले आफ्नो भूमिका बोध गरी सक्रियता देखाउँछन् । खासगरी विद्यालयीय समस्या र शैक्षिक समस्याहरूलाई समाधान गर्नका लागि र सुधार ल्याई विद्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, अभिभावक, समाजसेवी, गैह्रसरकारी सङ्घसंस्था आदिको सक्रिय सहभागिता नितान्त आवश्यक हुन्छ ।

नेपालको विद्यालयीय शिक्षामा सामुदायिक संलग्नता अर्थात् जनसहभागिता जुटाउनका लागि विगतदेखि विभिन्न प्रयासहरू हुँदै आएका छन् । खासगरी शिक्षाको सुधारका लागि छुट्याइएको कुल बजेटमध्ये केही अंश समुदाय तथा सामाजिक परिचालनका लागि खर्च गरिँदै आएको छ । समुदायका सदस्यहरूलाई जागरूक गराई शिक्षाको आवश्यकता महसुस गराउने र विद्यालयप्रतिको आफ्नो भूमिकामा परिचित गराउने विभिन्न किसिमका कार्यक्रमहरूको आयोजना हुनु पनि जरूरी छ । जागरण ल्याउने कार्यमा समय, परिस्थिति, घटना विशेष आदि विभिन्न उपायहरू अबलम्बन गर्न सकिन्छ । समुदाय सामाजिक परिचालन व्यक्तिको सचेतनासँग सम्बन्धित छ । यस्ता कार्यक्रमहरू स्थानीय स्तरमा सञ्चालन गरिने हुँदा सरोकारवालाहरूद्वारा आफ्नै अनुभवबाट अन्य सहभागीहरूलाई समेत उत्प्रेरित गर्न सकिन्छ ।

सामाजिक परिचालनको विचार उत्पत्तिको पहिचान मानव विकासको सफलता र जीवन्ततावाट भएको पाइन्छ । सामाजिक परिचालन एक पहुँच र संयन्त्र हो । यसले व्यक्तिहरूलाई सामयिक रूपले सङ्गठित गर्दछ । यसले सामुदायिक विकास र सामान्य समस्याहरूलाई समाधान गर्नका लागि उत्प्रेरित गर्दछ । तसर्थ सामाजिक परिचालन एउटा यस्तो प्रक्रिया हो, जसमा समुदायका मानिसहरूको सहभागिता र सहकार्यलाई बढाउन मद्दत गर्दछ ।

Thompson/ Pertschuk (1992) ले सामाजिक परिचालनको अवधारणालाई यसरी उल्लेख गरेका छन् :

"Mobilization is a process through which community members become aware of a problem, identify the problem as a high priority for community action, and decide steps to take action."

सामाजिक परिचालनले यो सुझाव दिन्छ कि बहृत् समुदाय सहभागिताबाट नै समस्याको पहिचान र समाधानका निम्ति उपायहरू पहिल्याउन र समाधान गर्न सहयोग पुऱ्याउँछ ।

समुदाय परिचालन कार्यक्रमले सरोकारवालाहरू बीचको विचारको आदानप्रदान, अनुभवको आदानप्रदान, समस्याहरू पहिचान गर्ने स्थानीय तरिका तथा त्यसलाई समाधान गर्न सकिने स्थानीय दृष्टिकोणको विकास गराउँछ । यस्तो काम गर्न समुदायका मानिसहरूले आफ्नै स्थानीय आधारहरूको विकास गर्न सक्छन् । विद्यालयका कार्यक्रमले उनीहरूलाई समूहमा मिलेर कार्य गर्न वातावरण तयार पारिदिनुपर्दछ ।

सामुदायिक जागरण प्रक्रियामा व्यक्तिलाई आफ्नो अधिकार र कर्तव्यबारे सचेत गराउने कार्य हुन्छ । समुदायको सार्वजनिक सम्पत्ति पहिचान गर्न लगाउने, समुदायमा विद्यमान समस्याहरू पत्ता लगाउने सहयोग गर्ने, आवश्यकताहरू पहिचान गर्न सहयोग गर्ने, आफ्नो समुदायको वास्तविक क्षमता पहिचान गर्न वा पत्ता लगाउन सहयोग गर्ने पक्षहरूमा जोड दिइएको हुन्छ । यसो गर्दा समुदायका मानिसहरूमा सामुदायिक क्रियाकलापप्रति लगाव एवम् झुकाव बढ्न जानुका साथै समुदायको सहभागितामा वृद्धि हुन्छ ।

समुदाय परिचालन भनेको एउटा यस्तो प्रक्रिया हो, जसद्वारा लक्षित कार्यक्रमको उद्देश्य प्राप्त गर्न समुदायका सदस्यहरूलाई नै सङ्गठित र उत्प्रेरित गराइन्छ । यसले विशेषगरी समुदायका सदस्यहरूमा आत्मविश्वास जगाउन एकआपसमा विश्वास र सम्मान गर्न, समूहको बौद्धिकस्तर तथा कार्यक्रम कार्यान्वयन सीप बढाउन जोड दिन्छ । साथै समुदायका मानिसहरूलाई आफ्नो समुदायको काममा सक्रिय रूपमा सहभागी हुन र अरूलाई पनि सक्रिय सहभागी बनाउन राम्रो वातावरणको सिर्जना गर्दछ । सामाजिक परिचालन कार्यक्रम अहिले खासगरी विकासोन्मुख देशहरूमा अभियानका रूपमा आएका देखिन्छ, जसको प्रमुख कारणहरू निम्नानुसार छन् :

- स्थानीय समुदायले नै स्थानीय समस्याहरू उपयुक्त तरिकाले पहिचान गर्न र समाधान गर्ने उपायहरू निकाल्न सक्ने भएकाले ।
- स्थानीय समुदायको सहभागिता र कार्यक्रमप्रति स्वाभिमानको भावना विकास नभएसम्म सञ्चालित कार्यक्रम दिगो एवम् सफल रूपमा सञ्चालन हुन नसक्ने भएकाले शिक्षामा समुदाय परिचालन भन्नाले समुदायलाई स्थानीय शैक्षिक कार्यक्रमहरूमा संलग्नता बढाउनु भन्ने बुझिन्छ । यसले विशेषगरी स्थानीय समुदायलाई सचेत गराई उनीहरूको सक्रिय सहभागितामा विद्यालयहरूमा विद्यार्थीको भर्नादर, उपस्थिति र नियमितता बढाउन विशेष जोड दिन्छ । विद्यालय र स्थानीय शैक्षिक कार्यक्रमहरूमा स्थानीय सरोकारवालाहरूको संलग्नता बढाई उनीहरूमा स्वामित्वको भावना विकास गराएर यसलाई दिगो पार्न समुदाय/सामाजिक परिचालन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ ।

**समुदाय/सामाजिक परिचालन कार्यक्रमको उद्देश्य**

- समुदायमा शैक्षिक चेतना बढाउने ।
- विद्यालयको विकासप्रति समुदायको सहयोग र सहभागिता बढाउने ।

- विद्यालयमा विद्यार्थी भर्नादर, उपस्थिति र नियमितता बढाउने ।
- पिछडिएका समुदायको विद्यार्थी भर्नादर र सबै किसिमका समुदायका छात्रा भर्ना दरमा तिब्रता ल्याउने ।
- समुदायलाई विद्यालयको योजना निर्माण कार्यान्वयन र अनुगमनमा सहभागी बनाउने ।
- स्वास्थ तथा पौष्टिक आहार, सरसफाइ, वातावरण संरक्षण, जनसङ्ख्या नियन्त्रण जस्ता मानव समाजका आधारभूत कुराहरूमा जनचेतना अभिवृद्धि गराउने ।
- शिक्षणको प्रचारप्रसारमा स्थानीय स्रोत र साधन परिचालन गराउने ।
- सिकाइका लागि अति आवश्यक पाठ्यसामग्री, जस्तै : कापी, कलम, किताब, झोला आदि उपलब्ध गराउने वातावरण तयार गर्ने ।

समुदाय/सामाजिक परिचालन कार्यक्रमहरू समुदाय सामाजिक परिचालन कार्यक्रमले समुदायमा शैक्षिक जागरण ल्याउन चेतनामूलक कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्नुपर्दछ । केही कार्यक्रमहरू यसप्रकार छन् :

**१. सचेतना गोष्ठी**

अभिभावकहरूमा शैक्षिक चेतना बढाउन सकेमा विद्यालयमा विद्यार्थी भर्नादर बढाउन, विद्यालय छाड्ने दर घटाउन र विद्यार्थी नियमितता बढाउन सजिलो पर्ने हुन्छ । सचेतना गोष्ठी कार्यक्रमको सञ्चालनमा शिक्षक, प्र. अ., गाविसका प्रतिनिधिहरू, आमा समूहका प्रतिनिधिहरू, स्थानीय क्लब तथा स्थानीय गैह्रसरकारी संस्थाहरूलाई समावेश गर्नुपर्दछ ।

**२. सडक नाटक सञ्चालन**

सार्वजनिक स्थानमा स्थानीय कलाकार तथा विद्यार्थीहरूबाट सबै केटाकेटीहरूलाई विद्यालय पठाउन उत्प्रेरित गर्ने खालका अभिनय गराउने । यसका साथै समाजका विकृतिहरूलाई न्यून गर्न सहयोग पुऱ्याउने, धारणा बसाल्ने एवम् परिवर्तनप्रति आस्था जागृत गराउने खालका सडक नाटकहरू सञ्चालन गर्न सकिन्छ ।

**३. आमा मेला**

आमालाई सचेत र शिक्षित बनाउन सकेमा बालबालिकाहरूमा शिक्षाको गुणात्मक पक्ष सुधार गर्न सजिलो पर्ने हुँदा र समाजमा रहेका महिलाको चेतना वृद्धि गर्न थप मद्दत पुग्ने हुन्छ ।

**४. घरदैलो भेटघाट**

छोराछोरी विद्यालय नपठाउने अभिभावकका घरघरमा गएर छोरीछोरी विद्यालय पठाउन सम्झाउने ।

**५. वक्तृत्वकला सञ्चालन**

शैक्षिक चेतना अभिवृद्धि गराउन, बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गराउन सञ्चार सीप र तर्कशक्तिको विकास गरी समसामयिक विषयहरूमा चेतना बढाउन वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

### ६. बालऱ्याली

बालबालिकाहरूमा शैक्षिक चेतना अभिवृद्धि गराउन, शैक्षिक जागरण ल्याउन, विद्यालयप्रति आकर्षित गराउनु, लैङ्गिक समानताको अवधारणा विकास गर्नु तथा छुवाछूत प्रथा हटाउन पोस्टर तथा प्लेकार्डसहित बालऱ्याली कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

### ७. लोकगीत प्रतियोगिा

शैक्षिक चेतनामूलक र राष्ट्रियता झल्काउने खालका विषयवस्तुहरू समावेश भएका लोकगीत प्रतियोगिता आयोजना गराउन सकिन्छ ।

### ८. भिडियो प्रदर्शन

शैक्षिक चेतना कम भएका समुदायमा श्रव्यदृश्य सामाग्रीको रूपमा शिक्षाको महत्व प्रतिविम्वित भएका भिडियो क्यासेटहरू प्रदर्शन गरेर शिक्षाप्रति सकारात्मक भावना जागृत गराउन सकिन्छ । स्थानीय संघसंस्थाहरूको सहभागितामा यो काम गर्नु बढी प्रभावकारी हुन्छ ।

### (ग) सञ्चारका विधिहरू

समुदाय परिचालन कार्यक्रमको विभिन्न उद्देश्यहरूमध्ये शैक्षिक चेतना तथा जागरण ल्याउनु पहिलो उद्देश्य हो । कुनै पनि कार्यक्रमहरूको बारेमा सरोकारहरूलाई आवश्यक जानकारी गराउनु नै शैक्षिक सचेतना वा जागरण हो । समुदायमा शैक्षिक जागरण ल्याउनु एउटा चुनौतिपूर्व कार्य हो । समुदायको सदस्यहरूमा आत्मविश्वास जगाउन एकआपसमा सम्मान र विश्वास गर्न समूहको बौद्धिकस्तर तथा कार्यक्रम कार्यान्वयन गर्ने सीप बढाउन समुदाय/समाज परिचालन कार्यक्रमले सहयोग पुऱ्याउँछ । सञ्चारका विभिंन्न माध्यमहरूको उपयोग गरी सामाजिक परिचालनका कार्यक्रमहरू अभियानको रूपमा प्रभावकारी तरिकाले सञ्चालन गर्न सकिन्छ । समुदाय सामाजिक परिचालनमा सरकारी तथा गैह्रसरकारी संस्थाहरूलाई अधिकतम् प्रयोग गर्ने, सरोकारवालाहरूको सक्रिय सहभागिताको सुनिश्चित गर्न सञ्चारका विभिन्न माध्यमहरूको उपयोग गर्नुपर्ने हुन्छ । समुदाय परिचालनका लागि सञ्चारका विभिन्न माध्यमहरूको प्रयोगलाई प्रभावकारी बनाउन आवश्यक छ । शैक्षिक जागरण ल्याउने विभिन्न सामग्रीहरू, जस्तै- गीति क्यासेट, भिडियो क्यासेट, पोस्टर पल्पलेट, क्यालेण्डर आदिको विकास र वितरणलाई पनि महत्वपूर्ण मानिन्छ । तसर्थ समुदाय परिचालनमा निम्नलिखित सञ्चारका विभिन्न माध्यमहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

**रेडियो**

- समुदायमा आधारित रेडियो
- टेलिभिजन
- श्रव्यदृश्य सामग्री, जस्तै- भिडियो, स्लाइड, फिल्म स्ट्रिप्स, अडियो क्यासेट, फ्लिप चार्ट आदि ।
- परम्परागत सञ्चारका सामग्री, जस्तै- उखानटुक्का, गीतहरू, कथा नृत्य, खेलहरू
- टेलिफोन, मल्टिमिडिया

(घ) सामाजिक लेखाजोखा

सामाजिक लेखाजोखा एक यस्तो प्रक्रिया हो जसले कुनै सङ्गठनलाई सामाजिक आर्थिक र वातावरणीय लाभहरूको मूल्याङ्कन र प्रदर्शन गर्न सक्षम बनाउँछ । यसले सङ्गठनसम्बन्धी विस्तारको मापन गर्दछ र ती मापनहरू जसमा कुनै सङ्गठनको अस्तित्व, मूल्य र उद्देश्यहरू निर्धारण भएका हुन्छन् । सामाजिक लेखाजोखाले कुनै संस्था वा सङ्गठनमा संलग्न व्यक्तिहरूको दृष्टिकोण र सम्बन्धित संस्थाहरूबाट भएका कार्यहरूको क्रमबद्ध अनुगमन र मूल्याङ्कन गर्दछ । सामाजिक लेखाजोखाका लागि यसका सरोकारवालाको आवश्यकता पर्दछ । सामाजिक लेखाजोखा प्रक्रियामा अरू निकायहरूसँग सम्बन्ध स्थापित गर्न, पारस्परिक समन्वय गर्न, विश्लेषण गर्न र सूचनाहरूलाई अभिलेख गर्न मद्दत पुऱ्याउँछ । सामाजिक लेखाजोखासँगसम्बन्धी सूचनाहरू अनुसन्धानात्मक विधिहरूको प्रयोगबाट सङ्कलन गर्न सकिन्छ । लेखाजोखाको सूचना सङ्कलन सर्वेक्षण र वैयक्तिक अध्ययन (Case study) का माध्यमबाट गरिन्छ । सामाजिक जेखाजोखा सम्बन्धी केही परिभाषाहरू : "Social audit is a method for organization to plan activities to monitor both the internal and external consequences of the organizations social and commercial operations."

"Social Auditing is a process which enables organizations and agencies to assess and demonstrate their social community and environmental benefits and limitations. It is way to measure the extent to which an organization lives up to the shared values and objectives it has committed itself to promote."

Source : Social Audit tool kid (1997). Freer Spreckley, social enterprise partnership.

(ङ) **विद्यालय र सरोकारवालाहरूको सम्बन्ध सुनिश्चित गर्ने उपायहरू**

- शिक्षक तथा अभिभावकवीच नियमित बैठकको आयोजना गरेर
- विद्यालय सञ्चालक समितिमा अभिभावकको प्रतिनिधित्व गराएर
- वातावरणीय, जनसङ्ख्या, स्वास्थ्य शिक्षाजस्ता कार्यक्रममा अभिभावकको प्रतिनिधित्व गराएर
- आयआर्जन कार्यक्रम सञ्चालन गरेर
- सांस्कृतिक कार्यक्रम सञ्चालन गरेर
- सामुदायिक गतिविधिमा संलग्न गराएर
- सामुदायिक वृक्षारोपण कार्यक्रम सञचालन गरेर
- शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरेर
- विद्यालयले वार्षिक कार्यक्रम, अभिभावक कार्यक्रम खेलकूद कार्यक्रम आदि आयोजना गरेर
- समुदायले आफ्ना बालबालिका (विद्यालय जाने उमेर पुगेका) लाई विद्यालयमा भर्ना गराई नियमितता ल्याउन सहयोग गरेर
- विद्यालयको विकासमा समुदायले प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग उपलब्ध गराएर

- विद्यालयले आफ्नो भवन, मैदान सामुदायिक कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराएर
- गरिब तथा जेहेन्दार बालबालिकालाई न्यायोचित छात्रवृत्ति प्रदान गरेर
- विद्यालय सामुदायिक कार्यशालाको रूपमा विकास गरेर ।

७. **मूल्याङ्कन :**

(क) सक्रिय सिकाइका विशेषताहरू बताउनुहोस् ।

(ख) सक्रिय सिकाइका लागि गरिने उत्प्रेरणात्मक क्रियाकलापहरू केके हुन् ?

(ग) निष्क्रिय सिकाइको चिनारी गराउनुहोस् ।

८. **आत्मप्रतिबिम्बन :**

सक्रिय र निष्क्रिय सिकाइको अभ्यास गराउँदा तपाईंले अनुभव गरेका कुनै पाँचओटा विषयवस्तुहरूको टिपोट गर्नुहोस् ।

## एकाइ – छ

१. **शीर्षक** : शैक्षिक नेतृत्वको ग्रहण र हस्तान्तरण

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) नेतृत्व विकासका विधिहरू पहिल्याउनु

(ख) नेतृत्व ग्रहण र हस्तान्तरण गर्ने तरिका बताउनु

(ग) निर्णय गर्ने क्षमता निर्माणका उपाय भन्न

३. **विषयवस्तु** :

(क) नेतृत्व विकासका तरिका

(ख) नेतृत्व ग्रहण र हस्तान्तरणका तरिका

(ग) निर्णय गर्ने क्षमता

४. **पूर्वसिकाइ धारणा** :

(क) नेतृत्वको विकास कसरी हुँदै जान्छ ? यस सवालमा आफ्ना धारणाहरू टिप्नुहोस् ।

(ख) नेतृत्व ग्रहण र हस्तान्तरणका के कसरी हुँदै आएको अनुभव गर्नुभएको छ ? तपाईंको अनुभव टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) नेतृत्वको चिनारी**

सामन्य अर्थमा मानिसलाई प्रेरित गर्नु, पथप्रदर्शन गर्नु, व्यवस्थित गर्न आवश्यक योग्यता, क्षमता र तत्परता हुनुलाई नेतृत्व भनिन्छ । व्यवस्थापन प्रक्रियाको एक महत्वपूर्ण पक्ष नेतृत्व हो । कुशल नेतृत्व एउटा कुशल व्यवस्थापनको अत्यावश्यक भाग हो । सङ्गठनको लक्ष्य र उद्देश्य हासिल गर्न कुसल नेतृत्वको आवश्यकता हुन्छ । भएका मानवीय र भौतिक साधन र स्रोतलाई अधिकतम उपलब्धि हुने हिसाबले प्रयोग र परिचालन गर्न नेतृत्व आवश्यक हुन्छ । कानुनी शक्ति, पदीय शक्ति, नैतिक शक्ति, शारीरिक शक्ति, बौद्धिक र मानसिक क्षमता आदिले व्यक्तिमा नेतृत्वको सक्षमता वृद्धि भएको हुन्छ । एउटा नेता प्रशासक नहुन सक्छ तर प्रशासक नेता हुनुपर्छ । सङ्गठनको सफला र असफलता कुशल नेतृत्वमा निर्भर गर्दछ । प्राचीनकालदेखि नै नेतृत्वलाई स्वीकार गर्दै आइरहेको अवस्थामा आजको युगमा झन् नेतृत्वको भूमिका ज्यादै महत्वपूर्ण छ ।

**नेतृत्व के हो ?**

१. चेस्टर आइ. बारनर्डको भनाइमा "नेतृत्व अनेकौं व्यक्तिहरूको व्यवहारको यस्तो गुण हो जसद्वारा उनीहरूले संगठित प्रयत्नद्वारा व्यक्ति वा उनका क्रियाकलापहरूलाई मार्गदर्शन गराउँछ ।"

२. फ्रान्क्लिन जी मेरि - "नेतृत्व भनेको अनुयायीहरूलाई नेताको चाहनाअनुसार कार्यहरू गर्नका लागि तयार गर्ने योग्यता हो ।"

३. एच. एस. टरम्यान- "नेतृत्व भनेको व्यक्तिहरू जे गर्न चाहँदैनन् र मन पराउँदैनन् त्यो गर्न लगाउनु हो ।"

४. राल्फ एम स्टोग्डिल - "नेतृत्व एउटा सङ्गठित समूहको लक्ष्य निर्धारण र लक्ष्यप्राप्तिको प्रयासका क्रियाकलापहरूमा प्रभाव पार्ने प्रक्रिया हो ।"

५. R. Tannenbaum I. R. Wechesir, F. Masaink - "खास परिस्थितिमा अन्तरव्यक्ति प्रभावलाई परिचालन गर्न र विशेष लक्ष्य प्राप्तिको लागि सञ्चार प्रक्रियामार्फत् निर्देशित गर्ने प्रक्रियालाई नेतृत्व भन्नुपर्छ ।

६. केनिड डेनिड - "नेतृत्व भनेको निश्चित उद्देश्यहरू उत्साहपूर्वक हासिल गर्न अरूलाई मनाउने क्षमता हो ।"

७. नेतृत्व भनेको व्यक्तिको त्यो क्षमता तथा खुवी हो जसले निर्दिष्ट लक्ष्य र उद्देश्य प्राप्तिमा अरूलाई समेत अभिप्रेरित, मार्गदर्शन र प्रभाव पार्ने कार्यमा सफल होस् ।

**(ख) नेतृत्वका कार्यहरू**

एउा सफल नेतृत्वको रूपमा स्थापित हुन देहायका कार्यहरूमा नेतृत्व सक्षम हुनुपर्दछ :

(१) **लक्ष्य निर्धारण** - नेतृत्वको प्रमुख कार्य सङ्घ-संस्थाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु हो । उद्देश्य प्राप्तिका लागि सहयोग र सम्वन्ध स्थापित गर्नुपर्छ ।

(२) **वातावरणमा समायोजन** - नेतृत्व खोज अनुसन्धान एवम् परिवर्तन उन्मुख सिर्जनात्मक कार्य हो यसर्थ यस कार्य गर्दा वातावरण, समय र परिस्थिति मिल्दोजुल्दो हुनुपर्छ । उपयुक्त र स्वस्थ्य वातावरण तयार गरी वैयक्तिक र सामूहिक क्रियाकलाप अगाडि बढाउनुपर्छ । यसका साथै आन्तरिक सम्बन्धको नियन्त्रण हुनुपर्छ ।

(३) **सम्बन्ध र समन्वय** - सङ्घ-संस्थामा भएका साधन र स्रोतवीच घनिष्ट सम्वन्ध स्थापित गर्नु र समन्वय कायम गर्नुपर्छ, जसको परिचालनले उद्देश्य प्राप्तिमा सहयोग पुगोस् । उचित निर्देशनले कार्य सम्पादनलाई मूर्त रूप दिन सम्भव हुन्छ ।

(४) **कार्यप्रति उन्मुख** - नेतृत्वले संस्थामा आएका समस्याको हल गर्नुपर्छ । लक्ष्य र उद्देश्योन्मुख क्रियाकलाप व्यवस्थित गरी योजना गर्न र साङ्गठनिक क्रियाकलापतर्फ सदैव अग्रसर हुनुपर्छ । अनुयायीको भावना, समस्या, चाहना बुझेर कार्य गर्नुपर्छ ।

(५) **सामाजिक कार्य** - सामाजिक कार्यतर्फ पनि नेतृत्व सचेत हुनुपर्छ । अनुयायीहरूलाई सदैव ख्याल गर्नुपर्छ । नेतृत्व साथीजस्तो दार्शनिक र सहयोगी पनि हो भन्ने भावना दिन सक्नुपर्छ । समूहको भावनाको सदैव कदर गर्नुपर्छ । यसका साथै सहसम्बन्ध, सञ्चार, समस्या समाधान, निर्णय प्रक्रियाजस्ता कार्यतर्फ सदैव सचेत हुनुपर्छ ।

(६) **समस्याको समाधानकर्ता** - सामूहिक नेतृत्वमा सुमधुर सम्बन्ध स्थापित गर्नु आवश्यक छ । विरोध समन गर्ने कार्यलाई सदैव ख्याल गर्नुपर्छ ।

(७) **प्रतिनिधित्व** - कुनै बेला विभिन्न भेला, बैठक, सेमिनार, तालिमा सङ्गठनको प्रतिनिधिको रूपमा सहभागी हुन जानुपर्छ । यस्तो बेला कामदार र सङ्गठनको कार्यतर्फ विशेष ध्यान दिई सक्रिय रूपमा सहभागिता हुने गर्नुपर्छ । सहभागिताको लागि सहभागी हुनुको कुनै अर्थ हुँदैन ।

(८) **उत्प्रेरणा** - नेताले आफ्नो अनुयायीहरूलाई काम गर्ने हौसला बढाउन विभिन्न प्रकारले उत्प्रेरणा दिलाउनुपर्छ । कामप्रति निष्ठा, विश्वास तथा उत्साही बनाउनुपर्छ । आफ्ना अनुयायीहरूको मनोबल उच्च राख्नुपर्छ । यसका साथै पुरस्कार र दण्ड दिन सक्ने हुनुपर्छ ।

(९) **समूहको निम्ति प्रतिकात्मक व्यक्तित्व** - समूहको प्रतिकको रूपमा उदाहरण स्वरूप बन्ने, विचार विशेषज्ञको भूमिका निभाउने, अभिभावकको भूमिका निभाउने (Father figure) जस्ता कार्य गर्नुपर्छ ।

(१०) **मध्यस्थकर्ता** - नेताले सबै कार्यकर्ताबीच मेलमिलाप गराउन मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । सङ्गठन टुक्रनबाट बचाउन सबै विचार, क्षेत्र, वर्ग भावनाको कदर गर्नुपर्छ ।

**(ग) नेतृत्व सीप विकासका लागि गर्नुपर्ने कार्यहरू**

एउटा व्यक्ति नेतृत्वमा आउन वा नेताको रूपमा आफूलाई उभ्याउन देहायका काम गर्नुपर्दछ ।

- आफैले आफैलाई चिन्नुहोस् र आफूलाई सुधार गर्नुहोस् । यसका लागि तपाईं कस्तो हुनुपर्छ ? के थाहा पाउनुपर्छ ! र के गर्नुपर्छ ? आफ्नो बारेमा तपाईंलाई स्पष्ट थाहा हुनुपर्छ । आफैंलाई सुधार गर्नका निम्ति स्वअध्ययन, प्रतिविम्बन, अन्तर्क्रिया आदि उपायहरू हुन सक्छन् ।
- प्राविधिक हिसाबले दक्ष हुनुहोस् अर्थात् तपाईंले आफ्नो कार्यलाई राम्रोसँग चिनेको, जानेको र परिचित भएको हुनुपर्छ ।
- उत्तरदायित्व खोज्ने र उत्तरदायित्व लिने गर्नुहोस् । परिस्थितिको विश्लेषण गर्नुहोस्, सुधारात्मक कार्यहरू गर्नुहोस् र अर्को चुनौतीको सामनाका लागि अघि बढ्नुहोस् ।
- सबल र समयमा नै निर्णय गर्नुहोस् । यसका लागि उपयुक्त खालका समस्या समाधान गर्ने, निर्णय लिने र योजना निर्माण गर्ने साधनहरूको प्रयोग गर्नुहोस् ।
- आफैं एउटा राम्रो Model बन्नुहोस् । तपाईंको व्यवहार अरूका लागि नमुना र अनुकरणयोग्य हुनुपर्छ ।
- मानवीय स्वभावलाई चिन्नुहोस् ।
- अरूसँग कसरी बोल्ने, कसरी कुराकानी गर्ने बारे राम्ररी थाहा पाउनुहोस् ।
- जिम्मेवारी लिने भावनाको विकास गर्नुहोस् ।
- गर्नुपर्ने कार्यहरूका बारेमा स्पष्ट थाहा छ, कार्यहरूको सुपरीवेक्षण भएको छ र पूरा गरिएका छन् वा गरिन्छन् भन्ने कुराको सुनिश्चित गर्नुहोस् ।
- सामूहिक रूपमा काम गर्ने भावनाको विकास गर्नुहोस् ।

(घ) **शैक्षिक नेतृत्वका गुणहरू**

शैक्षिक नेतृत्वमा देहायअनुसारका गुणहरू हुनुपर्दछ ।

- कार्य आरम्भ गर्न पहल गर्नुपर्छ,
- लक्ष्य र उद्देश्य निर्धारणमा सहयोगी हुनुपर्छ,
- व्यक्तिका प्रतिभा र क्षमतालाई प्रेरित र प्रस्फुटित गर्ने हुनुपर्छ,
- परिवर्तन र नयाँ अवस्थामा नयाँ शिक्षकलाई सहयोग र समर्थन गर्ने हुनुपर्छ,
- समूह सहमतिको अनुशरण गर्ने हुनुपर्छ,
- तालिम, अनुसन्धान उन्मुख हुनुपर्छ ।

**टर्नर**का अनुसार एउटा नेतृत्वमा हुनुपर्ने गुण वा विशेषताहरूमा :

- नेतृत्वको अर्थ र महत्व बुझेको,
- सुमधुर सम्बन्ध स्थापना गर्ने,
- प्रभावकारी सञ्चार गर्ने,
- कार्यकर्ताको मनोवृत्ति बुझ्ने,
- सेवाकालीन तालिम सञ्चालन गर्ने,
- सिकाइको उपयुक्त वातावरण तयार गर्ने,
- शिक्षकको व्यवहारमा परिवर्तन ल्याउन सक्ने हुनुपर्छ ।

Thurmen का अनुसार-

- बालबालिकाहरूप्रति माया र स्नेह भएको,
- विद्यार्थी र समूह केन्द्रित,
- अडान लिन सक्ने साहस भएको,
- शिक्षण अनुभव भएको,
- अरूको विचार सुन्न सक्ने,
- अनुसन्धानबाट प्राप्त निष्कर्षको आधारमा कार्य गर्न सक्ने ।

एउटा सफल शैक्षिक नेताहरूमा हुनुपर्ने आवश्यक गुणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

- अगुवाइ र आरम्भ गर्ने प्रवृत्ति,
- शिघ्र बुझ्ने र निर्णय शक्ति,
- लक्ष्यप्राप्तितर्फ उन्मुख,
- सामूहिक सक्रियता गर्ने,
- उत्तरदायित्वको अनुभूति,
- लचिलोपना,

- बौद्धिक र प्राविधिक क्षमता र दक्षता,
- तालिम खोज अनुसन्धान उन्मुख,
- एकीकृत र प्रेरित गर्ने क्षमता,
- नैतिक गुणहरू,
- पदीय दायित्व र भूमिका निर्वाह गर्ने,
- नीति निर्माणको कार्यान्वयन, उद्देश्य र लक्ष्य उन्मुख गर्न सक्ने ।

**(ङ) नेतृत्व ग्रहण गर्ने तरिका**

नेतृत्वकर्ता हुनका लागि तीनओटा शब्दहरू BE, Know र Do का बारेमा थाहा पाउनु पर्दछ । अर्थात् नेतृत्वकर्ता हुनका लागि आफू कस्तो हुनुपर्छ ? केके कुरा जान्नु अर्थात् थाहा पाउनु आवश्यक छ ? र के गर्नुपर्छ ? भन्ने बारेमा स्पष्ट हुनुपर्छ ।

- व्यावसायिक बन्नुहोस् । संस्था विद्यालयप्रति जिम्मेवार बन्नुहोस्,
- जिम्मेवारी ग्रहण गर्नुहोस्,
- राम्रा गुणहरू भएको व्यावसायिक बन्नुहोस्, जस्तै- इमान्दारिता, सक्षम, प्रतिबद्ध, साहसिलो, सीधासाधापन, कल्पनाशील,
- नेतृत्वका चार तत्वहरूका बारेमा थाहा पाउनुहोस्- अनुशरणकर्ता, नेतृत्वकर्ता, सञ्चार र परिस्थिति,
- आफैंले आफैंलाई चिन्नुहोस्- सबल र कमजोर पक्षहरू, ज्ञान र सीप,
- मानवीय स्वभावलाई बुझ्नुहोस्- मानवीय आवश्यकता, संवेग र तनाव
- तपाईंको आफ्नो कार्यका बारेमा थाहा पाउनुहोस्- प्रवीण हुनुहोस् र अरूलाई तालिम दिन सक्ने हुनुहोस्,
- आफ्नो संस्थालाई चिन्नुहोस्- संस्थाको संस्कृति तथा वातावरण,
- मार्गदर्शन प्रदान गर्नुहोस्- उद्देश्य निर्माणमा, समस्या समाधानमा, निर्णय प्रक्रियामा, योजना निर्माणमा,
- प्रभावकारी सञ्चार गर्नुहोस्, समन्वय गर्नुहोस्, विद्यार्थीको कार्यको सुपरीवेक्षण तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनुहोस्,
- अभिप्रेरित गर्नुहोस् ।

**(च) नेतृत्व हस्तान्तरण प्रक्रिया**

नेतृत्व हस्तान्तरण गर्ने कार्यका सम्बन्धमा देहायका कुराहरूमा विचार पुऱ्याउनुहोस् :

- सक्षम र इमान्दार व्यक्तिलाई उत्तराधिकारीका रूपमा छनोट गर्ने,
- नियमित रूपमा गरिने दैनिक प्रशासनिक र शैक्षिक कार्यमा उसलाई जिम्मेवार बनाई काम गराउने,

- उसले गरेका काममा निरन्तर अनुगमन गरी समयसमयमा पृष्ठपोषण दिने,
- सम्वन्धित व्यक्ति र आफूबीचको निश्चित दूरी कायम राख्ने,
- उसमा उत्पन्न हुने महत्वाकाङ्क्षाप्रति सचेत रहने,
- सबै आन्तरिक काम कुरा/गोप्यता आदि एकैपटक नखोल्ने र क्रमस खोल्दै त्यसको पृष्ठपरीक्षण गर्ने,
- विभिन्न संस्था, निकाय, फोरम आदिमा उसलाई स्थापित गर्दै लैजाने,
- नियमित र आकस्मिक रूपमा आउने समस्या, द्वन्द्वव्यवस्थापन, छलफल, अन्तर्क्रिया आदिको जिम्मेवारी दिने,
- जिम्मेवारलाई पहिला थोरै त्यसपछि क्रमशः बढी गर्दै अन्त्यसम्ममा थोरै जिम्मेवारी मात्र आफूसँग बाँकी राख्ने,
- अप्रत्यक्ष रूपमा अन्य व्यक्तिहरूलाई पनि दोस्रो नेतृत्व गर्ने व्यक्ति उही हो भन्ने मनोवैज्ञानिक प्रभाव पार्ने ।


(छ) **शैक्षिक नेतृत्वकर्ताको रूपमा रहने शिक्षकको भूमिका र कार्यहरू**

- विद्यालयलाई सिकाइ थलोको रूपमा लिन्छन् । यसलाई विद्यालयको Mission Statements, उद्देश्य, नारा आदि लेख्दा प्रतिविम्वन गर्छन्,
- जब शैक्षिक मुद्दाहरू जन्मन्छन् तव निर्णय गर्दा विद्यार्थीहरूको सिकाइलाई सवैभन्दा महत्वपूर्ण स्थानमा राख्ने गर्छन् । सबल शैक्षिक नेतृत्वले शैक्षणिक कार्यक्रमलाई मार्गदर्शन गर्छन्,
- अन्वेषणात्मक क्रियाकलापहरू/कार्यक्रमहरूको खोजी गर्छन्, अवलोकन गर्छन्, निर्णय प्रक्रियामा सहकर्मी शिक्षकहरूसँगै सहभागी हुन्छन्,
- शैक्षणिक कार्यक्रमलाई प्रभावकारी बनाउन स्रोतहरू सुनिश्चित गर्छन् । स्रोतहरूको निर्धारण शैक्षणिक प्राथमिकताका आधारमा गर्छन् ।
- विद्यालयको शैक्षणिक प्रयासहरूमा अभिभावकको सहयोग र सहभागितालाई महत्व दिन्छन्,
- शैक्षणिक कार्यक्रमहरू सुधार हुन सक्छन् भन्ने कुरामा बलियो आधार लिन्छन् र अपेक्षा व्यक्त गर्छन् । शैक्षिक सुधारका लागि रणनीतिहरू तय गर्छन् । जुन क्रमबद्ध हुन्छन् । ती रणनीतिहरूलाई उच्च प्राथमिकतामा राख्छन् । प्रभावकारी तरिकाले कार्यान्वयन गर्छन् । सहकर्मी शिक्षकहरूको सहयोग लिन्छन्,
- शैक्षणिक सुधारका लागि सबै एकजुट भई कार्य गर्न जागरूक हुन्छन्, अरूलाई जागरूक वनाउँछन्,
- शैक्षणिक योजनाहरूको निर्माण, कार्यान्वयन र अनुगमन तथा स्रोतहरूको पहिचान, सङ्कलन र उपयोगका लागि सबैको सहभागितामा योजना तयार पार्छन् र त्यसको प्रभावकारी कार्यान्वयन गर्छन् । योजना तर्जुमा गर्दा विद्यालयको स्थानीय सन्दर्भ र अवस्था अनुकूल तयार गर्छन्,
- आफ्नो भूमिका र उत्तरदायित्वप्रति सधैं सचेत भई सो पूरा गर्छन्,
- निर्णयप्रक्रियामा विद्यार्थीहरूको सहभागितालाई महत्व दिन्छन्,

- कक्षाकोठामा प्रजातान्त्रिक अनुशासनको विकास गराउन विद्यार्थीहरूको उच्च सहभागिता गराउँछन् ।
- कक्षाकोठामा नियम निर्माण प्रक्रिया एवम् समूहनिर्माण र बैठक सञ्चालनजस्ता कार्यमा विद्यार्थीहरूको समान, सक्रिय र उच्च सहभागितालाई प्राथमिकता दिई सोही बमोजिम गर्छन्,
- आफ्नो पेसागत विकासका लागि प्र.अ. एवम् सहकर्मी शिक्षकको सहयोग सुनिश्चित गर्छन्,
- आफ्नो कार्य वा व्यवहारका सम्वन्धमा अरू सहकर्मीबाट पृष्ठपोषण लिन्छन् र अरूको व्यवहारमा सकारात्मक पृष्ठपोषण प्रदान गर्छन्,
- विद्यार्थीहरूलाई सिकाइप्रति सधैं हौसला प्रदान गर्छन्,
- विद्यार्थीका राम्रा व्यवहारहरूको कदर गर्दै उचित सबलम्बन प्रदान गर्छन्,
- अभिभावक र समुदायको सहयोग लिई विद्यालयीय शिक्षणसिकाइलाई प्रभावकारी बनाउँछन्,
- विद्यालयमा उपयुक्त सिकाइ वातावरणको सिर्जना गर्छन्,
- द्वन्द्वव्यवस्थापनमा सहजकर्ताको भूमिका निर्वाह गर्छन्,
- समूहमा कार्य गर्दा विश्वासको वातावरण सिर्जना गर्छन्,
- उत्तरदायित्व बाँडफाँडलाई महत्व दिन्छन्,
- आफू बसेको ठाउँ वा विद्यालय वरपरका वस्तीहरूबाट विद्यालय आउने बाटोमा रहेका घरहरूबाट विद्यालय पढ्ने उमेरका कति बालबालिकाहरू भर्ना भएका छन् या छैनन् । छैनन् भने कति छैनन् भन्ने जानकारी लिन्छन् । विद्यालय भर्ना नभएकाका आमाबाबुलाई भेटी विद्यालय पठाउन सम्झाउँछन् ।

**(ज) निर्णय निर्माणका प्रक्रियाहरू**

निर्णय निर्माण गर्नु भनेको पनि एउटा जटिल र विचारणीय कार्य हो । निर्णय हतारमा गर्नु, कुनै पनि कुराको असर विश्लेषण नगरी गर्नु उपयुक्त हुँदैन । त्यसैले निर्णय गर्दा देहायको प्रत्रियालाई विचार गर्नुपर्दछ ।



निर्णय निर्माण प्रक्रिया विभिन्न विकल्पहरू मध्ये एउटाको छनोट गर्ने प्रक्रियालाई नै निर्णय प्रक्रिया भनिन्छ । त्यसैले निर्णय प्रक्रिया भनेको छनोट प्रक्रिया हो । त्यसैले कुनै काम गर्नुभन्दा अगाडि त्यो काम गर्ने छनोट प्रक्रिया नै निर्णय प्रक्रिया हो । कुनै व्यक्तिको अगाडि कामका एकभन्दा बढी ढाँचाहरू रहेका छन् भने मात्र उसले तीमध्ये एउटाको छनोट गर्न सक्छन् । त्यसैले छनोट क्रिया सम्पन हुनका लागि विकल्पहरूको आवश्यकता पर्दछ ।

विद्यालयमा शिक्षकले थुप्रै निर्णयहरू गर्नुपर्ने हुन्छ । शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनका लागि धेरै विकल्पहरूमध्ये उपयुक्त विकल्पको छनोट कार्य गर्नुपर्ने हुन्छ । एउटा निर्णयकर्ताका रूपमा शिक्षकले निर्णय गर्दा निम्नलिखित कुराहरूमा ध्यान पुऱ्याउनु आवश्यक छः

- तपाईं आफैंलाई सोध्नुपर्छ कि बालबालिकाहरूको हितका लागि कुन चाहिँ कुरा सबैभन्दा राम्रो हो,
- तपाईले आफ्ना विचारहरू अरूसमक्ष पुऱ्याउने र अरूका विचारहरू लिने गर्नुपर्दछ,
- जहाँ उपयुक्त हुन्छ त्यहाँ निर्णय प्रक्रियामा विद्यार्थीहरूलाई पनि सहभागी गराउनुहोस्,
- गम्भीर प्रकृतिको निर्णयका लागि नहतारिनुहोस्,
- निर्णयका लागि विचार गर्नुहोस् । निर्णयका लागि तपाईसँग सही सूचनाहरू हुनुपर्छ,
- सल्लाहका लागि तपाईंले विद्यालय प्रशासकसँग सम्पर्क गर्नुहोस् । खास परिस्थितिमा के गर्ने भन्ने समबन्धमा उनीहरूसँग थुप्रै अनुभवहरू हुन सक्छन्,
- निर्णयमा प्रतिविम्बन गर्नुहोस् । सम्भनुहोस् कि तपाईंले आफ्नो मस्तिष्कलाई परिवर्तन गर्न अनुमति पाउनुभएको छ,
- जोखिम वहन गर्नुहोस्,
- आफूलाई विश्वास गर्नुहोस् । तपाईं एउटा पेसेबर शिक्षक हो ।

६. **आत्ममूल्याङ्कन** :

नेतृत्व ग्रहण र हस्तान्तरणसम्बन्धी विषयवस्तुको अध्ययनबाट तपाईंको सोचाइमा आएका परिवर्तनहरू केके हुन् ?

## एकाइ - छ

१. **शीर्षक** : पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापन

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

क) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिमहरू र तिनको सङ्क्षिप्त चिनारी गराउन

ख) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरूका बारे बताउन

ग) शिक्षणसिकाइ क्रियाकलापमा पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रको प्रयोग गर्न

३. **विषयवस्तु** :

क) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिम र कार्यहरू,

ख) पुस्तकालय /स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरू,

ग) शिक्षणसिकाइ क्रियाकलापमा पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रको प्रयोग ।

४. **पूर्वसिकाइ धारणा** :

प्रस्तुत सामग्री अध्ययन गर्नुपूर्व तपाईंले पुस्तकालय/स्रोतकेन्द्रसँग सम्बन्धित देहायअनुसारका विषयमा आफ्नो अवधारणा टिपोट गर्नुहोस् :

(१) पुस्तकालयको आवश्यकता,

(२) तपाईंले पुस्तकालयबाट केकस्तो सहयोग लिनुभएको छ ?

(३) पुस्तकालयका बारेमा तपाईंको अनुभव

(४) स्रोतकेन्द्रको महत्व र शिक्षणसिकाइमा यसले पार्ने प्रभाव

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**पृष्ठभूमि**

मानव सभ्यताको विकाससँगसँगै एकअर्कामा सञ्चार आदानप्रदान गर्न विभिन्न सङ्केतहरूको प्रयोग गर्न थालियो । यस्ता सङ्केतहरू नै भाषाका पूर्वरुप हुन् । पछि भाषालाई लिपिबद्ध गरियो । यसरी लेखनकलाको विकास भयो । लेखनकलाको विकास भएपछि मानिसले आफ्ना मनमा लागेका वा देखेभोगेका कुराहरूलाई लिपिबद्ध गर्न थाले । यसरी लिपिबद्ध गरेका सिर्जनाहरूलाई भावी पुस्ताका लागि सुरक्षित राख्न पुस्तकालयको आवश्यकता महसुस गरियो ।

इ. पु ६२६ तिर एसिरियाका राजा अस्युरवानिपालले स्थापना गरेको निनेभ पुस्तकालय (Ninevh Library) लाई संसारको पहिलो पुस्तकालय मानिन्छ । सो पुस्तकालयमा माटाका ट्याबलेट्स (Clay Tablets, बाँसका पट्यास, भोजपत्र, ताम्रपत्र आदिमा लेखिएका ज्ञानसामग्रीहरू सुरक्षित गरिएका

थिए । इ. पू. को पाँचौ शताब्दीतिर चीनमा कागजको आविस्कार भएपछि कागजमा लेख्न थालियो । सन् ११४५ मा जर्मनका वैज्ञानिक जोहन गुटेनबर्ग (Johan Guttenberg) ले प्रिन्टिङ प्रेसको आविष्कार गरेपछि पुस्तक प्रकाशनमा नयाँयुगको आरम्भ भयो । यसभन्दा अगाडि नै सन् १३६७ मा फ्रान्समा Bibliotheque Nationale नाम पुस्तकालयको स्थापना भइसकेको थियो । भारतका नालन्दा र तक्षशिलामा रहेका पुस्तकालयहरू पूर्वीय सभ्यताका धरोहर थिए भनिन्छ ।

संसारका विभिन्न मुलुकहरूले पुस्तकालयको स्थापनामा विशेष महत्व दिन थाले । उदाहरणका लागि सन् १४४७ मा इसाईहरूले भ्याटिकन पुस्तकालय (Vatican Library) स्थापना गरे । सन् १६०२ मा England मा बोडलिन पुस्तकालय (Bodlien Library), सन् १७१४ मा रुसमा लेनिन पुस्तकालय तथा लेनिनग्राद सार्वजनिक पुस्तकालय (Lenin Library and Leningrad Public Library) को स्थापना भयो । यस्तै सन् १७५३ मा बेलायतमा The British Museum, र सन् १८०० मा अमेरिकामा Library of Congress को स्थापना भयो ।

नेपालमा वि. सं. १८६९ मा श्री ५ गीर्वाणयुद्ध वीरविक्रम शाहदेवबाट पुस्तकको संरक्षण गर्ने, विनाहुकुम कसैलाई नदिने, पुस्तक तहबिलदारको जिम्मा, कीरा, मुसा र पानीबाट पुस्तक बचाउने, अशुद्धलाई शुद्ध गर्ने, चैतेदसैं र बडादसैंमा पुस्तकको पूजा गर्ने, साँझमा बत्ती बाल्ने कुरा समावेश गरी एक लालमोहर जारी भयो । उक्त लालमोहरमा एकजना तहबिलदार (जसलाई पुस्तकालयध्यक्ष भन्न सकिन्छ ) र दुईजना टहलुवाको व्यवस्था भएको पाइन्छ । नेपालका प्रथम पुस्तकालयध्यक्ष केदारनाथ पण्डितलाई लिन सकिन्छ जसको नियुक्ति श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहदेवबाट भएको थियो । पुस्तकालयको विधिवत नामाकरण नभएपनि "पुस्तक चिताई तहसिलको रेखदेख गर्नु" भनी भनिएकोले पुस्तकालयकै रूप हो भन्ने प्रमाणित हुन्छ ।

राणाकालको उत्तरार्धतिर प्र.म.भीम शमशेरको पालामा पुस्तकालय स्थापना गर्न चाहने युवाहरूलाई रू. १०० /१०० जरीवाना गरिएको थियो । यसलाई नेपालको इतिहासमा पुस्तकालय पर्व भनिन्छ ।

**क) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिम र कार्यहरू**

पुस्तकालयको प्रकृतिअनुसार पुस्तकालयलाई पुस्तकालय, प्रलेखन केन्द्र, सूचना केन्द्र वा स्रोतकेन्द्र आदि विभिन्न नाम दिइएको पाइन्छ । विज्ञान र प्रविधिको विकासले गर्दा आजका पुस्तकालयहरूको अवधारणामा समेत परिवर्तन आएको छ । अर्को शब्दमा भन्दा आजका पुस्तकालयमा पुस्तक तथा पत्रपत्रिकाका अतिरिक्त सूचना प्रविधिका अत्याधुनिक साधन तथा सुविधाको समेत व्यवस्था गरिएको हुन्छ । आजभोलि कागजविहीन पुस्तकालय (Paperless Library, Virtual Library) का अवधारणाहरू समेत आइसकेका छन् । पुस्तकहरूको मात्र सङ्कलन भएको पुस्तकालय अब पुरानो भइसक्यो । अब पुस्तक शब्दको सट्टा पठनसामग्री शब्दको प्रयोग गर्न थालिएको पाइन्छ । त्यसकारण पुस्तकालय वा स्रोतकेन्द्र वा सूचना केन्द्र नाम जे भएपनि तिनीहरूले प्रदान गर्ने सेवा र कार्यप्रकृति एकैखालको हुन्छ । नाम जे भएपनि पुस्ताकालयका किसिमहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**पुस्तकालयका किसिम**

**१) राष्ट्रिय पुस्तकालय:**

कुनै पनि मुलुकका हरेक क्रियाकलापसँग सम्बन्धित दस्तावेजहरूको सङ्ग्रह राष्ट्रिय पुस्तकालयमा रहेका हुन्छन् । सिद्धान्ततः राष्ट्रिय पुस्तकालयमा देहायका पठनसामग्रीहरू हुन्छन् :-

- राष्ट्रभित्र प्रकाशित सबै प्रकारका पठनसामग्रीहरू,
- राष्ट्रसँग सम्बन्धित जहाँसुकैबाट प्रकाशित पठनसामग्रीहरू,
- राष्ट्रमा बोलिने सबै प्रकारका भाषाहरूमा प्रकाशित पठनसामग्रीहरू,
- राष्ट्रभित्र वा बाहिर बसोबास गर्ने नागरिक वा गैह्रनागरिकबाट प्रकाशित पठनसामग्रीहरू,
- राष्ट्रको प्रतिलिपि अधिकार दर्ताबाट प्राप्त पठनसामग्रीहरू ।

वि. सं. २०१३ साल पुस १९ गते तत्कालीन बडागुरु हेमराज पाण्डेको निजी सङ्ग्रहमा रहेका करिब ३५ हजार पुस्तक तथा पत्रपत्रिकाहरू भा. रु. तीनलाखमा खरिद गरी नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना भएको हो । हाल यो पुस्तकालय हरिहरभवन, ललितपुरमा रहेको छ । नेपाल राष्ट्रिय पुस्तकालयमा लगभग ९०,००० भन्दा बढी पुस्तक तथा पत्रपत्रिकाहरू सङ्कलित छन् । जापान सरकारको सांस्कृतिक सहयोग कार्यक्रम (Cultural Grant Aid) अन्तर्गत नेपाल राष्ट्रिय पुस्तकालयमा सन् २००१ मा Micrographic Equipment प्राप्त भए । यी Equipment को सहयोगबाट पुस्तकालयमा रहेका पुराना पत्रपत्रिका, संस्कृत भाषामा भएका दुर्लभ ग्रन्थहरूको माइक्रोफिल्म तयार गरी राखिएको छ । वि. सं. २०५२ भाद्र ४ गते बालदिवसको अवसर पारेर यस पुस्तकालयमा बालशाखाको पनि स्थापना गरिएको छ । यो शाखा हाल हप्ताको सातैदिन बालबालिकाहरूका लागि खुल्ला रहन्छ । यो पुस्तकालय एसियाली विकास बैंक तथा विश्व बैंकको Depositary Library पनि हो । यस पुस्तकालयले पुस्तकालयका लागि आवश्यक पर्ने मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा स्वीकृत पाठ्यक्रमका आधारमा नेपाल पुस्तकालय सङ्घ तथा अन्य पुस्तकालय सँग सम्बन्धित निकायसंग समन्वय गरेर ३५ दिनको "पुस्तकालय तथा सूचना विज्ञान तह - ३ (Library and Information Science Level-3)" को तालिम पनि वेलाबेलामा सञ्चालन गर्दै आएको छ । नेपाल राष्ट्रिय पुस्तकालयका बारेमा थप जानकारी आवश्यक परेमा पुस्तकालयको वेभपेज http://www.nnl.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**२) शैक्षिक पुस्तकालय:**

विद्यालय, महाविद्यलाय, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रजस्ता शैक्षिक संस्थाहरूको अध्ययन, अध्यापन तथा अनुसन्धान कार्यलाई सहयोग गर्ने उद्देश्यले स्थापना भएका पुस्तकालयहरूलाई शैक्षिक पुस्तकालय भनिन्छ । शैक्षिक पुस्तकालयलाई विद्यालय पुस्तकालय, महाविद्यालय पुस्तकालय, विश्वविद्यालय पुस्तकालय, अनुसन्धान केन्द्र पुस्तकालय आदिमा विभाजन गर्न सकिन्छ । नेपालको सबैभन्दा ठूलो शैक्षिक पुस्तकालय त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय हो । यो काठमाडौंको

कीर्तिपुरमा रहेको छ । वि. सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै भएको यो पुस्तकालयमा हाल २,५०,००० भन्दा बढी पुस्तकहरू रहेका छन् । यो पुस्तकालय संयुक्त राष्ट्रसङ्घ पद्धतिका सबै अन्तर्राष्ट्रिय सङ्घ संस्थालगायत विभिन्न ११ ओटा अन्तर्राष्ट्रिय निकायको Depository Library पनि हो । यस पुस्तकालयमा संयुक्त राष्ट्रसंघ पद्धतिबाट सन् १९६५ पछाडि प्रकाशित सबै प्रकाशनहरू रहेका छन् । यसका लागि छुट्टै UN Collection को व्यवस्था गरिएको छ । यो पुस्तकालय नेपालका लागि ISBN (International Standard Book Number को राष्ट्रिय वितरक (National Distributor) पनि हो । यस पुस्तकालयले नेपाल राष्ट्रिय वाङ्मय सूची (Nepal National Bibliography) पनि प्रकाशित गर्दै आइरहेको छ । त्रि वि केन्द्रीय पुस्तकालयले पनि नेपाल पुस्तकालय सङ्घ तथा अन्य पुस्तकालयसँग सम्बन्धित निकायसँग समन्वय गरेर ३५ दिनको "पुस्तकालय तथा सूचना विज्ञान तह - ३ (Library and Information Science Level-3)" को तालिम पनि बेलाबेलामा सञ्चालन गर्दछ । थप जानकारी यस पुस्तकालयको इन्टरनेट ठेगाना http://www.tucl.org.np बाट प्राप्त गर्न सकिन्छ ।

**३) सार्वजनिक पुस्तकालय:**

समाजका सबै धर्म, वर्ण, जात, जातिलगायत सबै उमेरसमूहका व्यक्तिहरूका आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले स्थापना भएको पुस्तकालयलाई सार्वजनिक पुस्तकालय भनिन्छ । पश्चिमी मुलुकमा त सार्वजनिक पुस्तकालयलाई सर्वसाधारणको विश्वविद्यालय पनि भनिएको पाइन्छ । नेपालको सन्दर्भमा भने सार्वजनिक पुस्तकालयलाई स्वाध्याय केन्द्रको सबैभन्दा उपयुक्त थलोको रूपमा लिन सकिन्छ । सार्वजनिक पुस्तकालयको अर्को विशेषता समावेसी हुनु हो । यसले कसैलाई पनि कुनै किसिमको भेदभाव गर्दैन । नेपाल अधिराज्यमा पुस्तकालयको सङ्ख्या १००० भन्दा बढी भए पनि सार्वजनिक पुस्तकालयको सङ्ख्या नगन्य छ । वि. सं. २००३ सालमा स्थापना भएको सार्वजनिक विद्याभवन पुस्तकालय धरान, सोहीवर्ष स्थापना भएको प्रदीप्त पुस्तकालय, काठमाडौं, २००४ सालमा स्थापना भएको धवल पुस्तकालय पाल्पा तथा महावीर पुस्तकालय बुटवल आदि सार्वजनिक पुस्तकालयका उदाहरण हुन् । वि. सं. २०४६ सालपछि स्थापना भएको पोखरा सार्वजनिक पुस्तकालय तथा वि. सं. २०६० असोज ८ गते स्थापना भएको काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय पछिल्लो समयमा स्थापना भएका सार्वजनिक पुस्तकालयहरू हुन् । काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयले स्थापनाको छोटो अवधिमै जनमानसमा राम्रो छाप छोड्न सफल भएको छ । यो पुस्तकालय हाल काठमाडौंको भृकुटीमण्डपमा रहेको छ ।

**४) विशेष पुस्तकालय:**

निश्चित उद्देश्य पूरा गर्नका लागि वा कुनै तोकिएको समुदायको मात्र सेवा गर्ने उद्देश्यले स्थापना भएको पुस्तकालयलाई विशेष पुस्तकालय भनिन्छ । मातृसंस्थाको उद्देश्य पूरा गर्न विशेष पुस्तकालयको स्थापना गरिएको हुन्छ । विभिन्न सरकारी कार्यालय तथा सङ्घसस्थाको एक अङ्ग वा शाखाका रूपमा स्थापना भएका पुस्तकालयहरू जस्तो: शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत रहेको पुस्तकालय वा शैक्षिक तालिम केन्द्रअन्तर्गत रहेका पुस्तकालय, संसद सचिवालय पुस्तकालय,

राष्ट्रिय योजना आयोगको पुस्तकालय तथा लोक सेवा आयोगको पुस्तकालयलाई लिन सकिन्छ । यस्ता पुस्तकालयको प्रमुख उद्देश्य आफ्नो मातृसंस्थाको उद्देश्य परिपूर्तिमा सहयोग गर्नु हो ।

**५) बालपुस्तकालय**

बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले स्थापना भएका पुस्तकालयलाई बाल पुस्तकालय भनिन्छ । काठमाडौँमा रहेको नेपालजापान बालपुस्तकालय तथा नेपाल राष्ट्रिय पुस्तकालयको बालशाखालाई उदाहरणको रूपमा लिन सकिन्छ ।

माथिका विभिन्न पुस्तकालयका अतिरिक्त घुम्ति पुस्तकालय पनि स्थापना भएका हुन्छन् । यस्ता पुस्तकालयहरूमा रहेका पुस्तकहरू विभिन्न यातायातका साधहरूद्वारा एक ठाँउवाट अर्को ठाँउमा लैजाने र निश्चित समयका लागि पठनसमाग्रीहरू पाठकहरूका लागि जारी गरिन्छ । यसका अलावा विभिन्न वैदेशिक नियोगहरूले पनि पुस्तकालयहरू सञ्चालन गरेका हुन्छन् । उदाहरणका लागि काठमाडौँमा रहेको नेपाल भारत सांस्कृतिक केन्द्रको पुस्तकालय, ब्रिटिश काउन्सिल पुस्तकालय, अमेरिकी पुस्तकालय तथा सूचना केन्द्र आदि ।

**ख) पुस्तकालय /स्रोतकेन्द्र /प्रलेखन् केन्द्र /सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरू**

पुस्तकालय विज्ञानका नियमहरूको चर्चा नगरी पुस्तकालय व्यवस्थापनका आधारभूत पक्षहरूको चर्चा गर्नु सान्दर्भिक हुन्छ । भारतीय पुस्तकालय विज्ञानका पिता (Father of Library Science in India) डा. एस. आर. रङ्गनाथनले पुस्तकालय विज्ञानका पाँचवटा सिद्धान्तहरू प्रतिपादन गरेका छन् जसलाई पुस्तकालय विज्ञानका पाँच सिद्धान्त (Five laws of Library Science) पनि भनिन्छ । यी सिद्धान्तहरू विश्वव्यापी रूपमा मान्यताप्राप्त छन् । जुन् तल उल्लेख गरिएका छन् ।

(१) पुस्तकहरू प्रयोग गर्नका लागि हुन । (Books are for use)

(२) हरेक पाठकका आ-आफ्नै पुस्तकहरू हुन्छन् । (Every reader its book)

(३) हरेक पुस्तकका आ-आफ्नै पाठकहरू हुन्छन् । (Every books it's readers)

(४) पुस्तकालयको प्रमुख काम पाठकहरूको समयको वचत गर्नु हो । (Save the time of user)

(५) पुस्तकालय बढ्दै जाने संस्था हो । (Library is a growing organism)

कुनै पनि संस्था राम्ररी सञ्चालन गर्न सो संस्थाको व्यवस्थापन राम्रो हुनुपर्छ । पुस्तकालयमा भएका पठनसामग्रीहरू खोजेको बखत तुरुन्त प्राप्त गर्न पुस्तकालयले गर्नुपर्ने प्रमुख कामहरूलाई अति सङ्क्षिप्त रुपमा निम्नानुसार उल्लेख गरिएको छः ।

(अ) **प्राप्ति** (Acquition) प्राप्तिअन्तर्गत निम्नलिखित कार्य गरिन्छ :

**चयन** (Selection) : पुस्तकालयलाई आवश्यक पर्ने पठनसामग्रीहरूको सूची तयार गर्ने ।

**सङ्कलन** (Collection) : तयार पारिएको सूचीअनुसार पठनसामग्रीहरू सङ्कलन गर्ने । पठनसामग्रीहरू खरीद गरेर, उपहारस्वरुप वा विनिमय गरेर प्राप्त गर्न सकिन्छ । पुस्तकालयमा हुने सीमित बजेटका कारण आफ्नो पुस्तकालका लागि उपयोगी पुस्तकहरू विभिन्न सरकारी, गैह्रसरकारी संस्थाहरूबाट उपहारस्वरुप वा एकअर्काका प्रकाशनहरू विनिमयको माध्यमवाट प्राप्त गर्न सकिन्छ ।

**दर्ता** (Accessioning) : पुस्तकालयमा प्राप्त भएका पठनसामग्रीहरू दर्ता पुस्तिकामा दर्ता गर्नुपर्छ । सकेसम्म खरिद गरिएका, उपहारमा प्राप्त भएका तथा गैह्रपुस्तक (Non Book Materials, NBM) लाई बेग्लाबेग्लै दर्ता पुस्तिकामा दर्ता गर्न सकिएमा लेखापरीक्षण, Stock Verification जस्ता कार्यमा सजिलो हुन्छ । दर्ता गरिसकेपछि पुस्तकालयको छाप लगाउन बिर्सनुहुँदैन । सामान्यतया छाप विवरण पेज (Verso off the Title Page) मा पुस्तकको बीचको कुनै एक पेजमा तथा पुस्तकको अन्तिम पेजमा लगाउनुपर्छ ।

(आ) **प्राविधिक कार्य** (Technical Work): प्राविधक कार्यलाई सङ्गठन (Organiztion) पनि भनिन्छ । यसअन्तर्गत निम्न कार्य गरिन्छ :

**वर्गीकरण (Classification):** पुस्तकालयमा रहने पुस्तक पत्रपत्रिकाहरू तथा अन्य विविध सामग्रीहरूलाई विषयअनुसार शब्द वा वाक्यको सट्टा अङ्क वा अक्षरको प्रयोग गरी विषय छुट्याउन प्रयोग गरिएको पद्धतिलाई वर्गीकरण भनिन्छ । संसारमा विभिन्न किसिमका वर्गीकरण पद्धतिहरू प्रचलित छन्, जस्तै: Dewey Decimal Classification (DDC), Universal Decimal Classification (UDC), Library of Congress Classification (LC), Colon Classification (CC) आदि ।

माथि उल्लेखित विभिन्न पद्धतिमध्ये Dewey Decimal Classification (DDC) **विश्वका लगभग १५०** भन्दा बढी मुलुकका पुस्तकालयहरूले अपनाएको पाइन्छ । हाल यसको २२ औं संस्करण प्रचलित छ । सन् १८७६ मा अमेरिकाका Melvil Dewey] "A classification and subject index for cataloguing and arranging the books and pamphlets of a Library" (पुस्तकालयमा पुस्तक पुस्तिकाको सूचीकरण र सुव्यवसथाका लागि वर्गीकरण र विषयसूची) नाम राखेर एक पुस्तकालय वर्गीकरण पद्धतिको विकास गरे जसलाई पछि उनकै नामबाट Dewey Decimal Classification (DDC) भनिन थालियो ।

अतः DDC लाई अङ्क र अक्षरमा विषयको अर्थ जनाई ज्ञान सामग्री वर्गीकरण र व्यवस्थित गर्न सहयोग पुऱ्याउने अङ्कहरूका आधारमा तयार गरिएको कृत्रिम भाषा भन्न सकिन्छ ।

DDC ले सम्पूर्ण ज्ञानको क्षेत्र (Universe of Knowledge) लाई १० मुख्य विषय (Main Class) मा विभाजन गरेको छ । जसलाई प्रत्येक विषयलाई पुनः दस उपविषय (Divisions) र ती दस Division लाई पनि दस Section मा विभाजन गरिएको छ ।

यसलाई तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

Ten Main Class (दसओटा प्रमुख वर्गीकरण)

| | |
|---|---|
| ००० | सामान्यज्ञान (Generalities), |
| १००० | दर्शन र मनोविज्ञान (Philosophy and Psychology) |
| २०० | धर्म (Religion), |
| ३०० | सामाजिक विज्ञान (Social Sciences), |
| ४००० | भाषा (Language), |
| ५००० | विज्ञान (Puee Science), |

६०० प्रविधि (Technology/ Applied sciences),

७०० कला ( The arts),

८०० साहित्य (Literature),

९०० सामान्य भूगोल इतिहास (General history and history),

Ten Divisions

३१० तथ्याङ्क (Statistics),

३२० राजनीतिशास्त्र (Political science),

३३० अर्थशास्त्र (Economics),

३४० कानुन (Law),

३५० सार्वजनिक प्रशासन (Public administration),

३६० सामाजिक समस्या (Social problems),

३७० शिक्षा (Education),

३८० व्यापार (Commerce)

३९० परम्परा, शिष्टाचार र लोकरीत (Customs, etiquette, folklore)

Ten Sections

३७१ सामान्य शिक्षा (Schools & activities; special education),

३७२ प्राथमिक शिक्षा (Elementary education),

३७३ माध्यमिक शिक्षा (Secondary education),

३७४ प्रौढ शिक्षा (Adult education),

३७५ पाठचक्रम (Curricula),

३७६ Unassigned]

३७७ [Unassigned]

३७८ उच्च शिक्षा (Higher education),

३७९ शिक्षामा सार्वजनिक नीति र चासो (Public policy issues in education)

ज्ञानको क्षेत्र दिन प्रतिदिन बढ्दै गइरहेको हुन्छ, नयाँनयाँ विषयको जन्म भइरहेको हुन्छ । यस्तो अवस्थामा नयाँ विषयका लागि स्थान दिन कतिपय नम्बरहरू खाली (Unassigned) राखिएको हुन्छ । जस्तो माथिको उदाहरणमा ३७६ र ३७७ नम्बर खाली राखिएका छन् ।

थप स्पष्ट हुनाका लागि तलको समस्या र समाधानका लागि दिइएको उदाहरण हेरौं ।

मानौं, तपाईं माध्यमिकतहमा नेपाली भाषाशिक्षण गर्नुहुन्छ । आज तपाईंलाई नेपाली व्याकरण शिक्षणअन्तर्गत विशेषणको शिक्षण गर्नुपर्ने छ । तपाईंलाई पाठ्यपुस्तकमा दिइएजति सामग्री अपर्याप्त लाग्यो । तपाईंले पाठ्यक्रम तथा शिक्षक निर्देशिकामा दिइएको निर्देशनअनुसार विद्यालयको पुस्तकालयमा गएर नेपाली व्याकरणको पुस्तक खोज्नुपर्‍यो । तर तपाईंलाई पुस्तकालयमा गएर

पुस्तक कसरी खोज्ने भन्ने पूर्वज्ञान छैन । पुस्तकालयसम्बन्धी जानकारी भएको सहयोगी पनि छैन भने तपाईं के गर्नुहुन्छ?

समाधानका लागि उदाहरण

| | | | | |
|---|---|---|---|---|
| 400 | **Language** | | | |
| | **490** | **Other languages** | | |
| | **491** | **East Indo-European and Celtic Languages** | | |
| | | **491.4** | **Modern Indic Languages** | |
| | | | 491.49 | **Other Indo-Aryan (Indic) Languages** |
| | | | | **491.495 Nepali language** |
| | | | | **491.4955 Nepali grammar** |

माथिको उदाहरणमा Dewey Decimal Classification अनुसार संसारमा बोलिने सबै भाषाहरूलाई ४ अङ्कले प्रतिनिधित्व गरेको छ । ४९० ले संसारमा बोलिने अन्य भाषाहरू, ४९१.४ ले आधुनिक भारतीय उपमहाद्वीपका भाषाहरू र सोअन्तर्गत ४९१.४९ले अन्य आर्य इरानेली शाखाका भाषाहरूअन्तर्गत ४९१.४९५ नम्बरमा नेपाली भाषाका सबै पुस्तकहरू हुन्छन् । नेपाली व्याकरणका पुस्तकहरूका लागि ४९१.४९५५ नम्बर प्रदान गरिएको हुन्छ । त्यसकारण तपाईं सर्वप्रथम ४०० नम्बरका पुस्तकहरू भएको ठाउँमा जानुहोस् । अव ४९० कहाँ छ खोज्नुहोस् । त्यसभित्र ४९१, ४९१.४९ खोज्नुहोस । अझै ४९१.४९५ नम्बरका पुस्तकहरू कहाँ छन् खोज्नुहोस । तपाईंले नेपाली भाषाका पुस्तकहरू फेला पार्नुभयो । अब, फेरि ४९१.४९५५ मा जानुहोस् । बधाइ छ तपाईंले नेपाली व्याकरणको पुस्तक फेला पार्नु भयो ।

**सूचीकरण (Cataloguing)**

पुस्तकालयमा प्राप्त भएका पठनसामग्रीहरूलाई लेखक, शीर्षक, संस्करण, प्रकाशित ठाउँ, प्रकाशक, प्रकाशन वर्ष, पुस्तकालय दर्ता नम्वर, पेज नम्बर, प्रकाशन माला, ISBN आदि उल्लेखित विवरण उतार गर्ने कार्यलाई सूचीकरण भनिन्छ । सूचीकरणका पनि वर्गीकरण जस्तै विभिन्न पद्धतिहरू प्रचलित छन् । उदाहरणका लागि Anglo American Cataloguing Rules (AACR), Anglo American Cataloguing Rules Second edition, (AACR2), Classified Cataloging Code (CCC) आदि ।

नेपालका अधिकांश पुस्तकालयहरूले AACR2 सूचीकरण पद्धति अपनाएको पाँइन्छ । पुस्तकालयमा अध्ययन गर्न आउने पाठकहरूलाई पुस्तकको लेखक वा विषय वा शीर्षक जुनसुकै माध्यमवाट पनि उनीहरूले खोजेको पुस्तक तुरुन्तै प्राप्त गर्न सहयोग गर्ने उद्देश्यले Catalogue तयार पारिन्छ । साधारण क्याटलगको नमुना तल दिइएको छ । यस्तो कार्ड ३" × ५" को नापमा बनाइन्छ ।

बोलावट नम्बर
लेखक
शिर्षक
लेखकीय दायित्व
प्रकाशन स्थान
प्रकाशक
प्रकाशन वर्ष
पुस्तकलय दर्ता नम्बर
पेज नम्बर
वाङ्मय सूची विवरण
ISBN
ट्रेसिङ (संलेखण)

८९१.४९५४
अर्याल अर्याल, भैरव
भैरव अर्यालका हास्यव्यङ्ग्य/ले. भैरव अर्याल
. - काठमाडौं: भैरव पुरस्कार गुठी, २०६०.
३३३ ज, ३०८ पृ. सचित्र.
वाङ्मयसूची पृ. ३५४- ३५६
ISBN: 99933-848-0-1
१. नेपाली साहित्य- निबन्ध २. निबन्ध, नेपाली

## कार्ड क्याटलगमा फाइलिङ्ग गर्ने तरिका

अर्याल, भैरव ← लेखक कार्ड

निबन्ध, नेपाली ← विषय कार्ड

नेपाली साहित्य ← विषय कार्ड

भैरव अर्यालका हास्यव्यङ्ग्य ← शीर्षक कार्ड

हास्यव्यङ्ग्य ← विषय कार्ड

८९१.४९५४
अर्याल अर्याल, भैरव
भैरव अर्यालका हास्यव्यङ्ग्य/ले. भैरव अर्याल
- काठमाडौं: भैरव पुरस्कार गुठी, २०६०.
३३३ ज, ३०८ पृ. सचित्र.
वाङ्मयसूची पृ. ३५४- ३५६.
ISBN: 99933-848-0-1
१. नेपाली साहित्य- निबन्ध २. निबन्ध, नेपाली
३. हाँस्यव्यङ्ग्य I। आख्या.

आजभोली सूचीकरणको विकल्पमा कम्प्युटर डाटाबेस तयार गरी कम्प्युटरबाट पुस्तकालयमा के कस्ता पठनसामग्रीहरू छन् भनी खोज्न (Sarch) गर्न सकिने प्रविधिको विकास भएको छ । यस्ता विभिन्न कम्प्युटर डाटाबेसहरूमध्ये युनेस्कोले विकास गरी निःशुल्क वितरण गरेको Computerized Documentation System/Integrated Set of Information Service (CDS/ISIS) एक हो । जुन नेपाल लगायत विश्वका १३१ भन्दा बढी मुलुकले प्रयोगमा ल्याइरेहका छन । युनेस्कोले वितरण व्यवस्थालाई सहज बनाउन हरेक मुलुकमा एकएकओटा National Distributor तोकेको छ । नेपालमा यसको वितरण रोनास्टले गर्छ ।

**अन्तिम प्रशोधन (End processing):**

पुस्तकालयमा प्राप्त भएका पुस्तकहरू वर्गीकरण, सूचीकरण वा कम्प्युटर प्रविष्टि गरिसकेपछि Selving गर्नु अगाडि छाप लगेको छ, छैन ? Due date slip, Book Pocket, Book Card तथा Spine level टासेको छ, छैन भनी जाँच गर्ने कार्यलाई अन्तिम प्रशोधन भनिन्छ ।

**इ. प्रवोधीकरण (Dissemination)**

अन्तिम प्रशोधनपछि पुस्तक तथा पठनसामग्रीहरू पाठक सेवाका लागि तयार हुन्छन् ।

प्रबोधीकरणअन्तर्गत निम्न कार्य गरिन्छ :

**वितरण सेवा (Lending service)** पाठक (पुस्तकालयको सदस्य) ले लैजान चाहेको पठनसामग्री पुस्तकालयको नियमानुसार पाठकलाई जारी (Issue) गर्ने ।

**सन्दर्भ तथा सूचना सेवा (Reference and Information Service)** : नयाँ पाठक तथा विषय विशेषज्ञहरूलाई उनीहरूले चाहेको सामग्रीबारे जानकारी दिने ।

**अन्य सेवा**: पुस्तकालयप्रति पाठकको रुचि जगाउन समयसमयमा पुस्तक प्रदर्शनी, अन्तर्क्रिया आदि सञ्चालन गर्ने ।

**ई. संरक्षण (Preservation):**

सामान्यतः पुस्तक तथा अन्य पठनसामग्रीहरू एकपटक प्रकाशित भएपछि सोही रुपमा दोस्रो पटक प्रकाशित हुदैनन् । भावी पुस्ताका लागि संरक्षण गरिराख्नु पनि पुस्तकालयको महत्वपूर्ण कार्य हो । सामान्यतः संरक्षणअन्तर्गत निम्न कार्यहरू गरिन्छ :

**मर्मतसंहार (Care and Repair)** : पुस्तकालयमा भएका पठनसामग्रीहरू लामो प्रयोग पछि मर्मतसंहार गर्नुपर्ने हुन्छ ।

**सुरक्षा र बचावट (Security and Protection)**: पठनसमाग्रीहरू हावा, पानी, प्रकाश, तापक्रम, मुसा तथा मानव चोरीबाट बचाउन आवश्यक प्रबन्ध गर्नुपर्छ ।

**लामो समयसम्मको सुरक्षा (Speciva Archiving Methods)**: महत्वपूर्ण सामग्रीहरूलाई लामो समयसम्म सुरक्षित रहने गरी संरक्षण गरी राख्नुपर्छ ।

**ग) शिक्षण सिकाइ क्रियाकलापमा पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रको प्रयोग**

पुस्तकालयले नियमित पढ्ने बानीको विकास गर्न सहयोग गर्छ । नेपालमा औपचारिक शिक्षा दिने विद्यालय शिक्षा प्रणालीको सञ्जाल बृहत् छ । साथै अनौपचारिक शिक्षा प्रदान गर्नका लागि पनि केन्द्रमा विभागस्तरको अनौचपचारिक शिक्षा केन्द्र रहेको छ । एकपटक साक्षर भैइसकेका मानिसहरू अध्ययन गर्ने उपयुक्त सामग्री र स्थानको अभावमा केही समयपछि पुन: पहिलेकै अवस्थामा पुगेका उदाहरणहरू थुप्रै पाइएका छन् । त्यसकारण औपचारिक शिक्षामा मात्र नभई अनौपचारिक शिक्षामा समेत पुस्तकालयको अहम् भूमिका रहन्छ । तर निश्चित तहको शिक्षा वा अनौपचारिक शिक्षा हासिल गरिसकेपछि अध्ययनलाई निरन्तरता दिने वैकल्पिक व्यवस्थातर्फ ध्यान दिइएको पाइदैन । पुस्तकालय त्यस्तो ठाँउ हो जहाँ, जुनसुकै उमेर समूह, पेसा, धर्म, वर्ण आदिका आधारमा विना भेदभाव अध्ययन गर्ने अवसर प्रदान गरिन्छ । पुस्तकालयले मानिसहरूलाई निरन्तर अध्ययन गरी अद्यावधिक बनाउने अवसर प्रदान गर्दछ ।

विद्यालय शिक्षा प्रणालीमा पनि पुस्तकालयले शिक्षण सिकाइ क्रियाकलापमा महत्वपूर्ण भूमिका खेल्छ । कक्षामा शिक्षकले शिक्षण गरेका विषयवस्तु सम्बन्धमा विद्यार्थीहरूले पुस्तकालयमा अध्ययन गर्न पाउँछन् । परिणामत: उनीहरूको सिकाइ दिगो हुन्छ । पुस्तकालयले नयाँ ज्ञानको खोजीनीति गर्ने तथा जिज्ञासा जगाउन सहयोग गर्छ । विद्यार्थीहरूलाई पुस्तकालय, सूचना केन्द्र तथा स्रोतकेन्द्रहरूको अध्ययनभ्रमण गराएर उनीहरूमा पुस्तकालयको महत्व एवम् भूमिकाको बारेमा जानकारी गराउन सकिन्छ । पुस्तकालयमा रहेका विभिन्न सन्दर्भसामग्रीहरू, जस्तै: शब्दकोश, विश्वकोश, तथा एटलसहरूको प्रयोग गर्न तथा यसका साथै सूचना तथा सञ्चार प्रविधिका साधनहरू, जस्तै: कम्प्युटर, इमेल, इन्टरनेटको प्रयोग शिक्षण सिकाइमा गर्न सकिन्छ । इन्टरनेटको माध्यमबाट शिक्षणसिकाइ क्रियाकलापमा प्रयोग गरिने विभिन्न उपयोगी सामग्रीहरू खोज्न, आवश्यकताअनुसार प्रिन्ट गर्न, भविष्यका लागि कम्प्युटरमा सेभ गरी राख्न सहयोग पुग्छ ।

शैक्षिक अनुसन्धान पनि शिक्षणसिकाइको एक अभिन्न अङ्ग हो । पुस्तकालयको प्रयोगले विभिन्न किसिमका अनुसन्धानमा समेत सहयोग पुग्छ । विगतमा भए गरेका अध्ययन अनुसन्धानका सामग्रीहरूको सङ्कलन पुस्तकालयमा हुन्छ । कुनै पनि विषयमा विगत केकस्ता अध्ययन भएका रहेछन् भनेर सम्बन्धित साहित्यको समीक्षा (Literature Review) गर्न पुस्तकालयले सहयोग गर्छ । अनुसन्धान पद्धतिका विभिन्न विधिहरूमध्ये पुस्तकालय अनुसन्धान पद्धतिलाई पनि एक महत्वपूर्ण पद्धतिको रुपमा स्वीकार गरिएको पाइन्छ ।

कक्षाशिक्षण गर्दा अपनाइरहेका विभिन्न पद्धति, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका आदिमा उल्लेख गरिएका विषयवस्तुसम्बन्धी थप जानकारी हासिल गर्न सम्बन्धित विषयका विश्वकोश (Encyclopedias) तथा अन्य सन्दर्भसामग्रीको प्रयोग कसरी गर्ने ? कसरी शिक्षण गर्दा प्रभावकारी हुन्छ ? आदि विभिन्न पक्षहरूमा कार्यगत अनुसन्धान (Action Research) गर्न सहयोग गर्छ ।

पुस्तकालयको प्रयोग शिक्षकलाई मात्र नभई विद्यार्थीहरूलाई पनि उत्तिकै सहयोग गर्छ । अध्ययनको सिलसिलामा गर्नुपर्ने गृहकार्य, समूहकार्यदेखि लिएरससाना परियोजना कार्य (Project work) तथा थेसिस लेख्ने कार्यमा समेत पुस्तकालयको उचित प्रयोग गर्न सकेमा ठूलो सहयोग पुग्छ ।

पुस्तकालयको प्रयोगबाट शिक्षक तथा विद्यार्थीमा कुन सामग्री कहाँ खोज्ने (Where to look upon) भन्ने सीपको विकास गराउछ । अर्को शब्दमा सिक्ने कला (Learn how to learn) सिकाउँछ ।

सारांशमा पुस्तकालय /सूचना केन्द्र/स्रोतकेन्द्र जे नाम दिएपनि यसको कार्यप्रकृति एकै हुन्छ । यसको व्यवस्थापनका लागि गरिनुपर्ने प्राविधिक कार्यहरू एकै खालका हुन्छन् । पुस्तकालयको किसिमअनुसार यसका प्रयोगकर्तामा भने विविधता पाइन्छ । जे होस् पुस्तकालय गुरुहरूको पनि गुरु हो । यसको उचित प्रयोगले शिक्षण सिकाइका क्रममा तथा दैनिक व्यवहारमा आइपरेका विभिन्न अप्ठ्याराहरूको निराकरण गर्न सहयोग पुग्छ । पुस्तकालयलाई Life long learning का लागि सबैभन्दा उपयुक्त ठाउँ हो भन्न सकिन्छ । पुस्तकालयले अप्रत्यक्ष रुपमा सहस्राब्दी विकासका लक्ष हासिल गर्न, सबैका लागि शिक्षा प्रदान गर्न, दिगो विकास तथा जनचेतना अभिवृद्धिमा समेत सहयोग पुऱ्याएको हुन्छ ।

६. **आत्ममूल्याङ्कन :**

१. पुस्तकालय/सूचना केन्द्र/स्रोतकेन्द्रमा सम्पन्न गर्नुपर्ने प्रमुख प्राविधक कार्यहरू केके हुन ?

२. पुस्तकालय वर्गीकरण भनेको के हो ?

३. कार्यगत अनुसन्धानमा पुस्तकालयले कसरी सहयोग गर्न सक्छ ? विवेचना गर्नुहोस् ।

**सन्दर्भग्रन्थहरू**


१. मिश्र, शान्ति तथा मिश्र, नारायणप्रसाद (२०३८), पुस्तकालय विज्ञानको रुपरेखा, काठमाडौँ

२. सुवेदी, मधुसुदन शर्मा (२०४४), पुस्तकालय विज्ञानको उपादेयता, ललितपुर

३. नेपाल राष्ट्रिय पुस्तकालय (२०६२), नेपाल राष्ट्रिय पुस्तकालय स्मारिका, ललितपुर

एकाइ - सात

# अपेक्षित सक्षमता : सिकाइ सहजीकरणका सीपहरू

१. **शीर्षक** : अन्तरविषयक र विषयविशेषका मूल पक्षहरूको पहिचान

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अन्तरविषयक सीपहरूको परिचय दिन

(ख) विषयविशेष सम्बन्धका मूल पक्षहरू पहिचान गर्न

(ग) साधारणीकरण र विभिन्नीकरण सीपको परिचय दिन

३. **विषयवस्तु** :

(क) अन्तरविषयक सीप

(ख) विषयविशेष सम्बन्धका मूल पक्षहरू

(ग) साधारणीकरण र विभिन्नीकरण सीप

४. **पूर्वसिकाइ धारणा** :

यो पाठ अध्ययन गर्नुभन्दा पहिले तल दिइएका प्रश्नहरूमाथि विचार गरी टिपोट गर्नुहोस् :

(क) सिकाइ सहजीकरण भनेको के हो ?

(ख) अन्तरविषयक सीप भन्नाले के बुझिन्छ ?

(ग) विषयविशेषका सम्बन्धगत सीप भनेका के हुन् ?

(घ) साधारणीकरण र विभिन्नीकरण सीप भनेका के हुन् ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

(क) तपाईंले आफ्नो धारणा टिपोट गरिसक्नुभएको छ । अब त्यो टिपोट र तलको सामग्रीको तुलना गर्नुहोस् :

सिकाइ पहिले नजानिएको विषयको जानकारी हो । सिकाइमा ज्ञानको स्थानान्तरण हुन्छ । ज्ञानको स्थानान्तरणले नयाँ ज्ञान आर्जनलाई बाधा वा सहयोग पुऱ्याउन सक्छ । नयाँ ज्ञान सीपको सिकाइमा पुरानो आर्जित ज्ञान वा सीपले सहयोग गरेमा सिकाइमा सहजीकरण भएको मानिन्छ । सिकाइको सहजीकरणले थप सिकाइलाई सहयोग र उत्प्रेरणा प्रदान गरी सिकाइ वातावरणको निर्माण गर्छ ।

किक्षाशिक्षणको सन्दर्भमा भन्ने हो भने एउटा विद्यार्थीले एकैचोटि एकभन्दा बढी विषयहरू सिकिरहेका हुन्छन् । यस्ता विषयको सिकाइमा कपिय कुराहरू समधर्मी वा एउटै हुन्छन् । यस्ता सीपलाई एकअर्का विषयमा साटासाट गर्न सकिन्छ । व्यावहारिक उदाहरण हेर्ने हो भने जाँतोमा मकै पिस्न जानेपछि गहुँ पिस्न स्वतः सिकिन्छ । गहुँ पिस्ने उद्देश्य नलिईकनै मकैको पिसाइसँगै गहुँ पिस्ने सीप आर्जन हुने हुँदा गहुँको पिसाइ त्रुटिरहित बन्न सक्छ । बारीमा मकै गोड्दा स्वतः फलफूल र तरकारी गोड्न सिक्न सकिन्छ । डोरी बाट्न जान्ने सीपले दाम्लो बाट्न पनि सघाउँछ । यस्तै कक्षामा गणित वा विज्ञान विषय पढ्दा भाषाको प्रयोग हुन्छ र भाषाको कक्षामा नबसीकनै विद्यार्थीले भाषा सिक्न सक्छ । अक्सिजन र कार्बनडाइअक्साइड मिलाउँदा पानी बन्छ भन्ने विज्ञानको धारणाले

भाषामा वाक्यरचना, शब्दभण्डार, भाषिक उत्पादन र संरचना परिवर्तनको कार्यमा सहयोग पुऱ्याउँछ । यसरी प्रत्यक्ष रूपमा सोही विषयमा नसिकिएका तर अन्य विषयको ज्ञान आर्जनसँग सिकिएका सीपहरू अन्तरविषयक सीपअन्तर्गत पर्दछन् । भाषा शिक्षकले अन्य विषयको अध्ययन, सहयोगी र सन्दर्भ सामग्रीको अध्ययन र पेसागत सीपको अद्यावधिबाट अन्तरविषयक सहजीकरण सीप आर्जन गर्न सक्छन् र सहजीकरण सिकाइका लागि यो अत्यावश्यक पनि हुन्छ ।

यसका विपरीत सिकाइमा कतिपय सीपहरू यस्ता हुन्छन् जो सम्बन्धित विषयसँग मात्र नजिक रहन्छन् । गन्ती गणितीय सीप हो । आदरसत्कार सामाजिक सीप हो भने सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषिक सीप हुन् । भाषाले सफासुग्घर हुन सिकाउँदैन ठूलालाई आदर गर वा सानालाई माया गर भन्न पनि सिकाउँदैन । भाषा सिक्नुको उद्देश्य भाषिक सञ्चार वा विचारको प्रवाहीकरण हो । एउटा व्यक्तिले बोलेका कुरा अर्कोले सुनेर प्रतिक्रिया जनाउनु, बोल्न मन लागेका कुरा बोल्नु, भाषिक संवाद गरेर सिक्नु र लिपिको ज्ञान भएपछि पढ्नु र लेख्नु भाषासँग सम्बन्धित सीप हुन् । यस्तै ध्वनि, शब्द, वाक्य, व्याकरण आदिको ज्ञान र भाषालाई सहज रूपमा प्रयोग गर्ने मौखिक तथा लिखित क्षमता पनि भाषासम्बद्ध विषय हुन् । यस्ता निजी पहिचान हरेक विषयवस्तुमा हुन सक्छन् । राजानीतिशास्त्रको विद्यार्थीले राज्यका बारेमा बुझ्नुपर्छ तर संवाद शब्दको निर्माण प्रक्रियाका बारेमा जाकारी राख्नु आवश्यक छैन । यस्तै नेपाली साहित्यको इतिहास र व्याकरणको प्रयोग तथा अभ्यास नेपालीबाहेक अन्य विषयका सिकारुका चासोका विषय होइनन् ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने :

- कुनै एक विषयको सिकाइमा अर्को विषयमा सिकिएका विविध ज्ञान तथा सीपले सहयोग गर्छन् र तिनलाई सहज रूपमा स्विकार्नुपर्छ ।
- अन्तरविषयक सीपहरूले सिकाइलाई सजिलो तुल्याउँछन् । यिनले ग्रहणीय र अग्रहणीय (त्याज्य) सीप छुट्याउन सहयोग पुऱ्याउँछन् ।
- अन्तरविषयक सीप सिकाइको सामान्य अवस्थामा प्रयोग गरिने र पटकपटक प्रयोग भइरहने सीप हुन् ।
- अन्तरविषयक सीपको कुनै शृङ्खला हुँदैन र यस्ता सीप आकस्मिक रूपमा सिकी आकस्मिक रूपमै प्रयोग गरिन्छन् ।
- अन्तरविषयक सीपको प्रकृति क्षितिजीय हुन्छ अर्थात् यस्ता सीप कुनै दुई विषयसँग सिक्दा प्रतिपादित र स्थान्तरित हुन्छन् ।
- विषयविशेषका सीपहरू विषयसम्बद्ध हुन्छन् र यी अन्य विषयमा स्थान्तरण हुँदैनन् ।
- विषयविशेष सीप सिकाइको सूक्ष्मतासँग सम्बन्धित हुन्छन् र यस्ता सीप सिकाइको विशिष्ट अवस्थामा मात्र प्रयोग हुन्छन् ।
- विषयविशेष सीप सिकाइको विशिष्टतासँग सम्बन्धित हुन्छन् । यस्ता सीपलाई एकल विषयक सीप पनि भनिन्छ । यी पुस्तैनी रूपमा हस्तान्तरण हुने सीप पनि हुन् ।

- सिकाइ अन्तरविषयक र विषयविशेष सीपको समीश्रण हो । कक्षाशिक्षणमा सिकारु तथा शिक्षक दुवैले अन्तरविषयक तथा विषयविशेषका सीपहरूको प्रयोग गरिरहेका हुन्छन् । सिकाइमा शिक्षकले यस्ता सीपको व्यवस्थापन गरी सिकाइलाई दिशा प्रदान गर्नुपर्छ । अन्तरविषयक सीपको प्रयोगमा विरोधाभाष भएमा सिकाइको उत्तेजना नकारात्मक हुन सक्छ । यस्तो अवस्थामा शिक्षकले अन्तरविषयक सीपलाई विषयगत रूपमा पृथकीकरण गरी सामान्यीकरण गर्न सक्नुपर्छ । उदाहरणार्थ विज्ञानको ध्वनि, भाषा विज्ञानको ध्वनि र साहित्यको ध्वनि एउटै होइनन् । विज्ञानमा ध्वनि सिकेको विद्यार्थीले भाषा विज्ञानमा सोही धारणा ग्रहण गरे सिकाइ अस्पष्ट भई नकारात्मक उत्तेजना प्राप्त हुन्छ । यस अवस्थामा शिक्षकले विषयविशेष सीपको उपयोग गर्न सक्नुपर्छ ।

सिकाइ सहजीकरणका सन्दर्भमा शिक्षकले आफूले पढाउने विषयमा प्रयोग गरिसकेका तथा प्रयोग गर्न योग्य सीपहरू साधारणीकरण सीप हुन् । शिक्षकले प्रयोग गरेका यस्ता सीपले विद्यार्थीको सिकाइलाई सजिलो बनाउँछन् । विद्यार्थीको सिकाइमा घरपरिवारमा बोलिने भाषा, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था, पारिवारिक तथा सामाजिक मनोविज्ञान, अन्य भाषा तथा संस्कृतिको सामाजिक प्रभाव र एकै कक्षामा सिकिरहेका अन्य विषयसम्वद्ध धारणाले सिकाइमा व्यवधान खडा गरेका हुन्छन् । शिक्षकले यस्ता व्यवधान पहिचान गरी तिनको निराकरणका लागि साधारणीकरण सीपको उपयोग गर्नुपर्छ । सामान्य अर्थमा भन्ने हो भने साधारणीकरण भनेको बुझ्नु हो भने साधारणीकरण सीप भनेको बुझाउने सीप हो । विद्यार्थीलाई विषयवस्तु, भाषा र भाषिक सीपको प्रबोधमा जुन सीपको प्रयोग गरिन्छ त्यो नै साधारणीकरण सीप हो । शिक्षक र सिकारुको सिकाइ वातावरण र प्रक्रियामा साम्यता हुनु नै साधारणीकरण हो । उदाहरणार्थ सामाजिक शब्दमा 'इक' प्रत्यय लागेको छ भन्ने बुझेपछि 'प्राज्ञिक' शब्दमा पनि 'इक' नै लागेको छ भनी शिक्षकले 'इक' प्रत्ययको उच्चारणलाई आधार बनाई शिक्षण गरेमा साधारणीकरण सीपको प्रयोग भयो । यो सीप ज्ञानलाई व्यवहार र प्रयोगमा ढाल्ने सीप हो । नेपाली वाक्य संरनामा कर्ता + कर्म प्रक्रिया हुन्छ भन्ने जानेपछि यस ढाँचाका वाक्य निर्माण गर्नु वा कविताको व्याख्यामा भाव खुट्याउनुपर्छ भन्ने जानकारी एक कविताको शिक्षणमा भएपछि त्यही आधारमा अर्को कविता व्याख्या गर्नु साधारणीकरण सीपको उपयोग हो । यो विषयगत रूपमा विषयबद्ध भई बुझ्न र सीप विकास गर्न सहयोगी सीप हो । अध्ययन, तालिम र भाषा प्रयोग यस्तो सीप विकास गर्ने साधन हुन् । भाषा सिकाइमा भाषिक उत्पादन र सिर्जनशीलताबाट साधारणीकरण सीप विकास गर्न सकिन्छ । अन्तरविषयगत दृष्टिमा हेर्ने हो भने एक विषय र अर्को विषयमा समान देखिने पक्षहरू छुट्याउन सक्नु र तिनलाई समान रूपले प्रयोग गर्नु साधारणीकरण सीप हो । उदाहरणार्थ 'लेखा' विषयको चिठीको धारणा र भाषा विषयको चिठीको धारणा एउटै हो भनी छुट्याउने सीप साधारणीकरण सीप हो । कक्षाशिक्षणमा एउटै कक्षामा पठनपाठन हुने विभिन्न विषयको अध्ययन र शिक्षकको सहजीकरणबाट विद्यार्थी सिकाइलाई साधारणीकरण गर्न सक्छन् ।

कुनै दुई विषयमा सिकिएका धारणाहरू एकअर्काभन्दा भिन्न हुन् भनी छुट्याउने सीप विभिन्नीकरण सीप हो । विषयगत विभेदीकरणबाट सिकारुमा यस्ता सीप विकास हुन्छन् । विभिन्नीकरण सीपबाट कुनै दुई विषय एउटै होइनन् भन्ने छुट्याउन र विषयवस्तुलाई विभेद गरी सिक्न सहयोग पुग्छ । उदाहरणार्थ सुनाइ बोलाइ होइन भन्ने सिक्न सुनाइ र बोलाइबीच विभेद शिल्प आवश्यक पर्छ । विभिन्नीकरण सीप एउटै विषयसम्बद्ध वा अन्तरविषयक हुन सक्छन् । नाम र सर्वनाम एउटै होइनन् वा कथा र कविता भिन्न विधा हुन् भनी छुट्याउन विभिन्नीकरण सीप आवश्यक पर्छ भने अर्थशास्त्रको 'अर्थ' र भाषाको 'अर्थ' बीच भिन्नता देखाउन पनि विभिन्नीकरण सीप आवश्यक पर्छ । सिकाइमा सामान्यीकरण र विभिन्नीकरण सीप सँगसँगै प्रयोग हुन्छन् । सामान्यीकरण संश्लेषणात्मक सीप हो भने विभिन्नीकरण विश्लेषणात्मक सीप हो । सामान्यीकरण सीपले सिकाइलाई एकीकरण र संयोजन गर्न सहयोग पुऱ्याउँछ भने विभिन्नीकरण सीपले धारणाको रेखाङ्कन गर्न, व्याख्या विश्लेषण गर्न र सिर्जना गर्न सहयोग पुऱ्याउँछ । यी दुवै सीप सिकारुको सिकाइलाई स्पष्ट, शीघ्र र दीर्घकालीन बनाउन तथा शिक्षकलाई सामग्री र विधिको चयन गर्नका लागि उपयोगी देखिन्छन् । अझ भाषा 'समस्यामा सिकिने' विषय भएकाले भाषिक समस्या समाधान र संचरणमा यी दुवै सीपको उपयोग अत्यावश्यक मानिन्छ ।

६. **आत्ममूल्याङ्कन :**

(क) यो सामग्री पढेपछि तपाईंको शिक्षण कौशल सुधार गर्न तपाईंलाई कसरी सहयोग पुग्ला, टिपोट गर्नुहोस् ।

(ख) यो सामग्री तपाईंलाई स्पष्ट हुन सजिलो होस् भनी दिइएको हो । अब तपाईंले आफ्नो मूल्याङ्कन आफैं गर्नुहोस् ।

- के तपाईंको पूर्ण धारणा र यस सामग्रीमा समानता छ ? छैन भने के बढी वा घटी पाउनुभयो ?
- तपाईंलाई अझै केही विषय अस्पष्ट छ भने छलफलका लागि त्यो विषय टिप्नुहोस् ।

# एकाइ – सात

१. **शीर्षक** : अन्तरविषयक र विषयविशेषगत सम्बन्धको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अन्तरविषयक सम्बन्धको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग गर्न

(ख) विषयविशेषगत सम्बन्धको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग गर्न

३. **विषयवस्तु** :

अन्तरविषयक र विषयविशेषगत सम्बन्धको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व तलका प्रश्नका बारेमा आफ्नो धारणा टिपोट गर्नुहोस् :

(क) नेपाली भाषाशिक्षण र सिकाइमा अन्तरविषयक सीपको उपयोग कसरी गर्न सकिन्छ ?

(ख) विषयविशेषगत सम्बन्धले नेपाली भाषाशिक्षण र सिकाइमा कसरी सहयोग पुऱ्याउँछ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

तपाईं अन्तरविषयक सीप र विषयविशेषगत सम्बन्धका बारेमा स्पष्ट भइसक्नुभएको छ । नेपाली विषयको विषय शिक्षकका हैसियतले तपाईंले नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तका बारेमा त स्पष्ट हुनै पर्छ । यसका अतिरिक्त तपाईंले तपाईंको कक्षाका विद्यार्थी (मानौं कक्षा छ) ले पढ्ने अन्य विषयका बारेमा पनि जानकारी हासिल गर्नुपर्छ । एउटा विद्यार्थीले एउटै कक्षामा पढ्ने विभिन्न विषयहरूमा समान कुरा पढेर वा असमान कुरा पढेर पनि समान सीप सिकिरहेका हुन्छन् । ती सीप एकअर्का विषयमा स्थानान्तरण भइरहन्छन् । यसैले तपाईंले आफ्नो कक्षा सुरु गर्नुपूर्व नै त्यस कक्षाका अन्य विषयमा नेपाली भाषालाई सघाउने केके कुरा छन् भन्नेबारेमा जानकारी हासिल गर्नुपर्छ र त्यस विषयमा शिक्षकले प्रयोग गरेका शिक्षण शिल्प र विद्यार्थीले हासिल गरेका सिकाइ शिल्पलाई आफ्नो विषयमा उपयोग गर्नुपर्छ । उदाहरणार्थ भूकम्पका बारेमा नेपाली विषय शिक्षकले भन्दा भूगोल विषय शिक्षकले बढी स्पष्ट पार्न सक्छन् । त्यसैले 'भूकम्प' शब्दको प्रयोग, वर्णन र भूकम्प जाने प्रक्रिया वर्णनका लागि शिक्षक विद्यार्थी दुवैले भूगोलमा पढेको ज्ञान र सम्बन्धित सीपलाई उपयोग गर्नुपर्छ । सम्बन्धित कक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनबाट शिक्षकले यस्ता अन्तरविषयक सीप ग्रहण गर्न सक्छन् भने विद्यार्थीले सिकाइका क्रममा अर्को विषयमा सिकेका सीपको सहज उपयोग गर्छन् ।

अन्तरविषयक सीपको उपयोग गर्दा शिक्षकले निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुर्छ ।

- नेपाली भाषा विषयको कुन शैक्षणिक पक्ष सोही कक्षाको अन्य कुन विषयको कुन विषयवस्तुसँग सम्बन्धित छ वा हुन सक्छ ?
- उक्त विषयमा विद्यार्थीले कुन ज्ञान/सीप हासिल गरिसकेका छन् वा गर्नेछन् ?

- त्यस विषयमा शिक्षकले प्रयोग गरेका सिकाइका तरिका र विद्यार्थीले हासिल गरेका उपलब्धिलाई नेपाली विषयमा कसरी समायोजन र एकीकरण गर्न सकिन्छ ?

विषयविशेषगत सम्बन्ध भन्नाले एकै विषयमा तल्लो कक्षामा सिक्न नभ्याएका कुराहरूलाई माथिल्लो कक्षामा कसरी उपयोग गर्ने र नयाँ सिकाइका लागि कसरी प्रस्तुत हुने भन्ने कुरा बुझिन्छ । पाठ्यक्रमा सीप र विषयवस्तुको स्तरण गरिने भएकाले तल्लो कक्षाका विषय र सीपभन्दा माथिल्लो कक्षाका विषय र सीप जटिल हुन्छ । यस अवस्थामा शिक्षकले तल्लो कक्षा र माथिल्लो कक्षाबीच समन्वय र स्तरण गर्नुपर्छ । यसर्थ प्रत्येक कक्षामा शिक्षण र सिकाइका केही विशिष्टताको प्रयोग हुन्छ । ती यसप्रकारका हुन सक्छन् :

- तल्लो कक्षामा विद्यार्थीले केकस्ता सीप हासिल गरे ?
- माथिल्लो कक्षामा केकस्ता विषय सीप थपिएका छन् ?
- तिनको सिकाइका लागि आवश्यक पर्ने योजना, सामग्री, विधि, मूल्याङ्कन साधन र समय तथा कक्षा व्यवस्थापनको चाँजोपाँजो कसरी मिलाउने ?
- के आफ्नो प्राज्ञिक र पेसागत दक्षताले ती विषयको शिक्षण सिकाइमा सहयोग पुऱ्याउला ?
- के विद्यार्थीको मानसिक स्तर सिकाइअनुकूल छ ?

यस पक्षको ज्ञानपछि मात्र शिक्षकले आफ्नो शिक्षणमा विषयगत सम्बन्धका विविध पक्षको उपयोग गर्न सक्छन् भने विद्यार्थीले स्तरीकृत विषयवस्तुलाई ग्रहण गर्न सक्छन् ।

६. **आत्ममूल्याङ्कन :**

(क) यस सामग्रीको अध्ययनपछि तपाईंको शिक्षण कौशलका कुनकुन पक्षमा सहयोग पुग्ला, टिपोट गर्नुहोस् ।

(ख) यो तपाईंको सहयोगी सामग्री मात्र हो । यसको अध्ययनपछि प्रशिक्षकसँगको प्रयोगात्मक कक्षामा सहभागी हुनुहोस् र अस्पष्ट पक्षमाथि छलफल गरेर स्पष्ट हुनुहोस् ।

## एकाइ – सात

१. **शीर्षक** : सहभागीमूलक शिक्षण र सिकाइका निम्ति स्वरनियमहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) आदान स्वरनियम र प्रदान स्वरनियमको परिचय दिन

(ख) वहुस्वरहरूबाट उत्पत्ति हुने सकारात्मक पक्षका विविध तरिकाहरू बताउन

(ग) नेपाली भाषाशिक्षण र सिकाइमा स्वरनियमहरूको उपयोग गर्न

३. **विषयवस्तु** :

(क) आदान स्वरनियम

(ख) प्रदान स्वरनियम

(ग) बहुस्वरहरूबाट उत्पत्ति हुने सकारात्मक पक्षहरूका विविध तरिकाहरू

(घ) नेपाली भाषाशिक्षण र सिकाइका लागि स्वरनियमहरूको उपयो

४. **पूर्वसिकाइ धारणा** :

यस सामग्रीको अध्ययनपूर्ण तलका विषयका बारेमा सोचेर बुँदागत टिपोट गर्नुहोस् ।

(क) स्वरनियम भनेको के हो ?

(ख) आदान स्वरनियम र प्रदान स्वरनियम भन्नाले के बुझिन्छ ?

(ग) बहुस्वरहरूबाट केकस्ता सकारात्मक पक्ष उत्पत्ति हुन्छन् ?

(घ) नेपाली भाषाशिक्षणमा स्वरनियमलाई कसरी उपयोग गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) स्वरनियमको परिचय**

कुनै छलफल, गोष्ठी, सेमिनार, समीक्षा वा कक्षाशिक्षणमा व्यक्तिले आफ्ना तर्क विचारहरूलाई प्रस्तुत गर्ने वा ग्रहण गर्ने शैली वा तरिकालाई स्वरनियम भनिन्छ । यस्ता ठाउँमा विचार राख्ने, तिनको समीक्षा वा खण्डन गर्ने, विचार प्रदान गर्ने वा विचार लिने निश्चित तरिकाहरू हुन्छन् । उदाहरणार्थ तपाइँ तालिमको एक सहभागी हुनुहुन्छ । तपाईंलाई छलफल भइरहेको विषयमा बोल्न मन लाग्यो तर अर्को साथी बोलिरहनुभएको छ । यस बेला तपाइँ के गर्नुहुन्छ ? तपाइँका सम्भावित प्रतिक्रिया यी हुन सक्छन्- उहाँ बोलुन्जेल पर्खने, तत्काल बोलिहाल्ने, नबोल्ने । यी तीन प्रतिक्रियामध्ये पहिलोले छलफललाई व्यवस्थित गर्ने, दोस्रोले छलफललाई अव्यवस्थित र विषयान्तर गर्ने र तेस्रोले सिक्ने चाहनालाई लत्याउने सम्भावना हुन्छ । यस्ता ठाउँमा कसरी आफ्ना विचार राखेर विषयप्रति स्पष्ट हुने र सिकेका कुरा व्यवहारमा लागू गर्ने भन्ने पक्षलाई व्यवस्थित पार्ने तरिकालाई नै स्वरनियम भनिन्छ । यहाँ स्वर भन्नाले वक्ताको आवाज वा बोल्ने भौतिक तरिका नभई विचार सम्प्रेषणको प्रक्रिया हो ।

### (ख) आदान स्वरनियम

आदान भन्नाले विषयवस्तुको ग्रहण भन्ने बुझिन्छ । कक्षाशिक्षणमा विशेषतः विद्यार्थीले विषयवस्तु (ज्ञान, सीप) ग्रहण गर्छन् । विषयवस्तु ग्रहण गर्दा प्रत्येक विद्यार्थीमा वैयक्तिक भिन्नता देखिन्छ । तीव्र मस्तिष्क भएका विद्यार्थीले तत्काल ग्रहण गर्न सक्छन् भने मन्द मस्तिष्कका विद्यार्थीलाई पटकपटक सम्झाइरहनुपर्छ । यस्तै विषयवस्तु ग्रहणमा विद्यार्थीको वेवास्ता घरायसी वा पारिवारिक अवस्था, आर्थिक अवस्था र सामाजिक र शारीरक अवस्थाको संरचनाले पनि प्रभाव पार्छ । सिकाइमा उत्प्रेरणा पर्याप्त नभएमा, परिवारका कसैले पनि कुनै विषयलाई राम्ररी नलिने परिपाटी भएमा, आफ्नो परिवारको क्षमता बाहिरको कुरा भएमा र सामाजिक रूपले अस्वीकार्य विषय भएमा विद्यार्थीले त्यस्ता कुरा राम्ररी ग्रहण गर्दैनन् । भाषिक सञ्चार र सम्प्रेषणका क्रममा भाषिक सीप ग्रहण गर्न विद्यार्थीमा निम्नलिखित तत्परता हुनु आवश्यक छ :

- विद्यार्थी पूर्ण रूपमा सिकाइप्रति उत्प्रेरित हुनुपर्छ,
- विषयवस्तुको व्याख्या/समीक्षा विद्यार्थीको मानसिक स्तरअनुकूल हुनुपर्छ,
- विषयवस्तु पारिवारिक/सामाजिक दृष्टिले स्वीकारयोग्य हुनुपर्छ,
- विषयवस्तु विद्यार्थीको स्वरउत्प्रेरणा/चाहनामा आधारित हुनुपर्छ,
- विषयवस्तु जातीय, लैङ्गिक, धार्मिक आदि दृष्टिले आक्षेपमुक्त हुनुपर्छ ।
- उपर्युक्त पूर्वआधार सकारात्मक भएमा मात्र विद्यार्थीले स्वरग्रहण गर्छन् । यस अवस्थामा कक्षामा शिक्षकविद्यार्थी सहभागिता सकारात्मक हुन्छ । सहभागितामूलक शिक्षणसिकाइका कक्षामा शिक्षकविद्यार्थी सहभागिता सकारात्मक हुन्छ । सहभागितामूलक शिक्षणसिकाइका लागि कक्षाशिक्षणमा निम्नानुसारका आदान स्वरनियमको प्रयोग हुन्छ ।
- विद्यार्थी सिकाइप्रति पूर्ण उत्प्रेरित भई मानसिक रूपमा तत्पर भएमा सिकाइ स्वर आदान हुन्छ ।
- सिक्ने विषयवस्तु, प्रयोग गरिएका सामग्री, कक्षावातावरण, सहपाठी समूह र शिक्षकको व्यक्तित्व विद्यार्थीको रुचिअनुकूल भएमा विचार ग्रहण हुन्छ ।
- विद्यार्थीले आफू सहभागी भएर सिक्ने र आफ्नो मानसिक धारणा परिवर्तन/परिवर्द्धन गर्ने अवसर पाएमा विचार सम्प्रेषण हुन्छ ।
- विद्यार्थीको शारीरिक अवस्था (श्रवण, दृष्टि, अशक्तता) ठीक भएमा, पोषणस्तर उचित भएमा र वातावरण (घरायसी, सामाजिक, विद्यालयीय) द्वन्द्वमुक्त भएमा मात्र समीक्षा/व्याख्या वा सिकाइ आदान/ग्रहण हुन्छ ।
- शिक्षक र विद्यार्थीको भाषिक वातावरण (पहिलो र दोस्रो भाषाका सन्दर्भमा) विद्यार्थीअनुकूल भएमा सिकाइ आदानात्मक हुन्छ ।

### (ग) प्रदान स्वरनियम

आफ्ना विचार वा भावनालाई अरूसमक्ष पुऱ्याउने तरिकालाई प्रदान स्वरनियम भनिन्छ । भाषाशिक्षणका सन्दर्भमा प्रदान नियम भनेको बोल्ने र लेख्ने सीप प्रदान गर्नु भन्ने बुझिने भए पनि कक्षाशिक्षणमा शिक्षकले आफ्ना विचार विद्यार्थीसमक्ष पुऱ्याउनुलाई प्रदान स्वरनियम भनिन्छ । प्रदान स्वरनियममा सम्प्रेषण र प्रबोध मुख्य मानिन्छन् । कक्षामा विषयवस्तु प्रस्तुतिका क्रममा उत्प्रेरणासहितको सुरुआत, उपयुक्त व्याख्या/समीक्षासहितको सामग्री प्रयोग, कक्षा नियन्त्रण/अनुशासन सहितको क्रियाकलाप विविधता, विद्यार्थीको पूर्ण सक्रियता सहभागिता सहितको मूल्याङ्कन क्रियाकलाप आवश्यक हुन्छन् र यी प्रदान स्वरनियमका पूर्वआवश्यक तत्त्व पनि हुन् । कक्षाशिक्षणमा प्रदान स्वरनियमको प्रयोग निम्नानुसार गर्नुपर्छ :

- विद्यार्थी सिक्न उत्प्रेरित भएपछि मात्र वस्तुसमीक्षा प्रस्तुत गर्ने,
- वस्तुविस्तारलाई सामग्रीयुक्त बनाउने,
- विद्यार्थीका जिज्ञासा ग्रहण गर्ने र उचित पृष्ठपोषण प्रदान गर्ने,
- सबै विद्यार्थीको सक्रियता/सहभागिता जुटाउने,
- वस्तुसमीक्षा विद्यार्थीको स्तरअनुकूल बनाउने,
- समूह निर्माण, क्रियाकलाप चयन, नेतृत्व चयन आदिमा विद्यार्थी निर्णय स्विकार्ने,
- उचित ठाउँमा सहजीकरण गर्ने र उपयुक्त परामर्श दिने,
- शिक्षकको प्राज्ञिक/शैक्षणिक र सामाजिक व्यक्तित्व विद्यार्थी रूचिअनुकूल बनाउने,
- वस्तु व्याख्या/समीक्षामा संवेग (छिटो रिसाउने, अप्रिय बोल्ने, गाली गर्ने आदि) नियन्त्रण गर्ने ।

विद्यार्थीले विशेषतः आफ्नो सामाजिक आर्थिक संस्कारका आधारमा बोल्ने, प्रश्न सोध्ने, प्रतिक्रिया जनाउने, सहभागिता जनाउने आदि कार्य गर्छन् । त्यसैले विद्यार्थीमा स्वरनियमगत विविधता देखिन्छ भने शिक्षकमा समेत यो छाप हुन्छ । तर शिक्षक सिकाउने जिम्मेवारी वहन गर्ने व्यक्ति भएकाले शिक्षकले आफ्नो स्वसंस्कारमा नियन्त्रण र सुधार गरी प्रदान स्वरनियमलाई विद्यार्थी केन्द्री र आदान स्वरनियमलाई सामान्यीकरण गर्ने प्रयास गर्नुपर्छ ।

### (घ) बहुस्वरबाट उत्पत्ति हुने सकारात्मक पक्षका विविध तरिकाहरू

एउटै विषयमा उपस्थापन हुने एकभन्दा बढी विचारलाई बहुस्वर भनिन्छ । आदान तथा प्रदान दुवै स्वर बहुस्वारात्मक हुन्छन् । विद्यार्थीले आदान स्वरको उपयोग गर्दा वैयक्तिक भिन्नताका आधारमा बहुस्वरको प्रत्यक्षीकरण गर्छन् भने दुई शिक्षकले एउटै विषय शिक्षण गर्दा र एकै शिक्षकले विषयसमीक्षा गर्दा बहुस्वरको उत्पत्ति हुन्छ । सिकारुको मानसिक स्तर, बुझाइ क्षमता, सामाजिक/आर्थिक परिवेश, भाषिक वातावरण र अवसर बहुस्वर उत्पन्न गराउने कारणहरू हुन् । उदाहरणका लागि हिन्दू संस्कारको बच्चाले ईश्वर शब्दको अर्थलाई अदान गर्दा मस्तिष्कमा शिव, विष्णुको प्रतिबिम्ब बनाउँछ भने क्रिस्चियन समुदायले जिससको प्रतिबिम्ब तयार गर्छ । उनीहरूलाई

ईश्वर भनेको के हो भन्ने प्रश्न गर्नासाथ बहुस्वरात्मक उत्तर उपस्थापन हुन्छन् । यस्तै वा खोई ? भन्ने प्रश्नमा घरमा छैनन् (अशिक्षित) वा घरमा हुनुहुन्छ (शिक्षित) भन्ने प्रदान स्वर सिर्जना हुन्छन् । यस्तै धारो, पुस्तकालय आदिको प्रयोग गर्दा कतिपय विद्यार्थी पालो पर्खन्छन् भने कतिपय हतारहतार अगि सर्छन् । कक्षाका विद्यार्थी पनि बोल्ने बेलामा कोही हात उठाएर पालो मागी पालो पर्खेर बोल्छन् भने कोही यस्ता कुरा वास्ता गर्दैनन् । कसैले प्रत्येक विषयवस्तु बुझ्नुअघि तार्किक प्रतिक्रिया गर्छन् भने कसैलाई बुझ्न पटकपटक निर्देशन, परामर्श र सहजीकरण गर्नुपर्छ । यी बहुस्वर उत्पन्न गराउने कारकहरू हुन् । कक्षामा उत्पन्न हुने यस्ता बहुस्वरलाई सकारात्मक मानिन्छ । यिनले लैङ्गिक, जातीय, भाषिक भाषिकागत, क्षेत्रीय, मनोग्रन्थिगत र क्षमतागत विविधतालाई बुझ्न /बुझाउन सहयोग गर्छन् । बहुस्वरका सकारात्मक पक्षहरू निम्नलिखित हुन्छन् :

- विद्यार्थी सिकाइका वैयक्तिक भिन्नता पहिचान गर्न सकिन्छ,
- विद्यार्थीको रुचिक्षेत्र, समस्या र सिकाइ संस्कार पहिल्याउन सकिन्छ,
- सामाजिक विविधताका विविध पक्षको ज्ञान हुन्छ,
- कक्षा शिक्षणमा वैयक्तिक र सामूहिक रूपमा शैक्षणिक विवधताको उपयोग हुन्छ,
- शिक्षण योजनाको पूर्वतयारीमा सहयोग पुग्छ,
- सिकाइमा विभिन्नीकरण र सामान्यीकरणको सम्बोधन हुन्छ,
- समावेशी शिक्षण र कार्यसञ्चयिका व्यवस्थापनमा सहयोग पुग्छ,
- सुधारात्मक शिक्षण र अग्र सिकाइका लागि पृष्ठपोषण प्राप्त हुन्छ ।

बहुस्वरबाट विभिन्न सकारात्मक पक्ष देखापर्छन् । उदाहरणार्थ कुनै एक विषयवस्तुको शिक्षणका लागि शिक्षकले तयार गरेको शिक्षण योजना र मानसिकताले कक्षाका सबै विद्यार्थीलाई सम्बोधन गरेन भने शिक्षक स्वयम्ले वैकल्पिक उपाय खोज्नुपर्छ । यस्तै सोही विषयमा विद्यार्थीले गरेको तयारी, उसले गर्ने प्रश्न र जनाउने प्रतिक्रियाले पनि वैकल्पिक सम्भावना र प्राप्तिलाई सिर्जना गर्छ । बहुस्वरको व्यवस्थापनले पनि वैकल्पिक सम्भावना र प्राप्तिलाई सिजर्ना गर्छ । वहुस्वरको व्यवस्थापनले शिक्षणसिकाइलाई गुणस्तरीय बनाउँछ भने सम्बोधन हुन नसके शिक्षणसिकाइ अव्यवस्थित र विशृङ्खलित हुन्छ । बहुस्वरको सकारात्मक पक्षको व्यवस्थापन गर्न आदान स्वरनियम र प्रदान स्वरनियमको प्रयोग हुँदा निम्नानुसार तरिकाहरूलाई व्यवस्थित गरिनुपर्छ :

- शिक्षणसिकाइको सहजीकरण र छलफलमा सहभागितात्मक सक्रियता जनाउने,
- छलफलमा सबै सहभागी हुने /सबैलाई सहभागी गराउने,
- जितजितको मानसिकतामा मध्यस्थता गरी विचारमन्थन गर्ने,
- तर्कवितर्क, खण्डनमण्डनसहित निष्कर्ष पहिल्याउने,
- निष्कर्ष सार स्विकार्ने ।

### (ङ) नेपाली भाषाशिक्षण र सिकाइका लागि स्वरनियमहरूको उपयोग

नेपाली मातृभाषा हुनेहरूले विचार सम्प्रेषणका लागि प्रयोग गरेजस्तै भाषा सिकारुले प्रयोग गर्न सक्नु नेपाली भाषाशिक्षणसिकाइको उद्देश्य हो । नेपाली भाषाशिक्षणको कक्षामा मातृभाषा नेपाली हुनेहरू र दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरू रहेका हुन्छन् । दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरू पनि विभिन्न भाषिक परिवेश (नेवार समुदाय, लिम्बू समुदाय, थारू समुदाय आदि) बाट आएका हुन्छन् । यस परिवेशमा स्वरनियमको उपयोग कठिन लाग्ने भए पनि यसलाई उपयोग गर्नै पर्छ । नेपाली भाषाशिक्षणको कक्षामा स्वरनियमको उपयोग निम्नानुसार गर्न सकिन्छ :

- सबै विद्यार्थीलाई नेपाली बोल्ने, पढ्ने र लेख्ने अवसर दिने र उनीहरूका त्रुटिलाई तत्काल सहजीकरण र पृष्ठपोषण गर्ने,
- शिक्षकले उच्चारण, वाक्य संरचना, आदर प्रयोग आदि क्षेत्रमा आदर्श शिक्षण गर्ने,
- मातृभाषाको संरचनालाई नेपाली भाषामा स्थानान्तरण गर्दा हुने उच्चारण र संरचनागत त्रुटिलाई संरचना अनुवादसहित तत्काल सुधार गर्ने,
- विद्यार्थीका प्रस्तुति सुनेर त्रुटि टिपोट गर्ने र सकारात्मक पक्षको प्रशंसा गर्दै त्रुटिनिराकरणका लागि सोदाहरण अभ्यास र पुनरावृत्ति गराउने,
- विद्यार्थीको आर्थिक, पारिवारिक, शैक्षिक, भाषिक वातावरणअनुसार स्वरनियममा देखापर्ने अस्वाभाविकतालाई वैयक्तिक रूपमा अप्रत्यक्ष ढङ्गले सम्बोधन गर्ने,
- शिक्षक विद्यार्थीबीच भाषिक अन्तर्क्रिया, तार्किक छलफल र भाषिक उत्पादनमूलक क्रियाकलापलाई निरन्तरता दिने,
- आदान तथा प्रदान नियमका सामन्यीकृत पद्धतिहरू विकास गरी तिनको उपयोग गर्ने । जस्तै :
  - शिक्षकले बोलिरहँदा विद्यार्थीले सुन्ने र अस्पष्ट भए प्रश्न गर्ने,
  - प्रश्न गर्न हात उठाउने र अनुमति पाएपछि बोल्ने,
  - बोल्नका लागि पालो पर्खने,
  - अरूसँग नबोल्ने, सबैलाई पालो दिने,
  - स्वीकारोक्ति वा असहमति जनाउने,
  - आफ्ना तर्क र विचारले खण्डन वा मण्डन गरी थप विचार राख्ने,
  - एकअर्काका असलपक्ष स्विकार्ने र खराबपक्ष देखिए सुधारका लागि अनुरोध गर्ने,
  - सम्मानित शब्दमा सम्बोधन गर्ने,
  - कक्षाअनुशासन पालना गर्ने ।

नेपाली भाषाशिक्षणसिकाइमा भाषाको शुद्ध र स्तरीय प्रयोगको अभ्यास हुने भएकाले स्वरनियमको उपयोगबाट भाषिक सञ्चार र सम्प्रेषणका अतिरिक्त नम्रता, सहनशीलता र स्वभाविकतासमेत विकास हुन सक्छन् ।

### ६. आत्ममूल्याङ्कन :

तपाईंले यो सामग्री पढिसक्नु भयो । तपाईंको पूर्वधारणा र यस बीचमा केकति भिन्नता देखिए, टिपोट गर्नुहोस् ।

## एकाइ - सात

१. **शीर्षक** : विभिन्न किसिमका कक्षाहरूको व्यवस्थापन

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षा व्यवस्थापनको परिचय दिन

(ख) ठूलो कक्षाकोठाको व्यवस्थापन गर्न

(ग) सानो कक्षाकोठाको व्यवस्था पर्न

(घ) विभिन्न उमेर समूह र क्षमता भएका विद्यार्थीको व्यवस्थापन गर्न

३. **विषयवस्तु** :

(क) कक्षा व्यवस्थापन

(ख) ठूलो कक्षाकोठा व्यवस्थापन

(ग) सानो कक्षाकोठा व्यवस्थापन

(घ) विभिन्न उमेर समूह र क्षमताका विद्यार्थीको व्यवस्थापन ।

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व तलका प्रश्नहरूमाथि विचार पुऱ्याउनुहोस् र आवश्यक टिपोट गर्नुहोस् ।

(क) कक्षाकोठा व्यवस्थापन भनेको के हो ?

(ख) ठूलो कक्षाकोठा र सानो कक्षाकोठालाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

(ग) विभिन्न उमेर समूह र क्षमताका विद्यार्थीलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**कक्षाकोठाको व्यवस्थापन**

शिक्षणसिकाइ सञ्चालन हुने कक्षाकोठालाई भौतिक, मानसिक र शैक्षणिक रूपले व्यवस्थित बनाउनुलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । कक्षालाई रमाइलो, आकर्षक र व्यवस्थित बनाई कक्षाको भौतिक व्यवस्थापन अनुकूल शिक्षण गर्नु कक्षाव्यवस्थापन हो । कक्षाकोठा समूहकार्यसमेत हुने, हावा, प्रकाश आदिको आवतजावत हुने, ध्वनि गुञ्जित नहुनेलगायतका कुरामा विचार गरी योजनाबद्ध रूपमा व्यवस्थापन गर्नुपर्छ । आवश्यक तयारी, समय पालन, विद्यार्थी केन्द्री शिक्षण, विद्यार्थी समस्याको निराकरण, सामाजिक विविधताका विविध पक्षको ख्याल, समावेशी शिक्षण आदि पनि कक्षा व्यवस्थापनकै पक्ष हुन् ।

**कक्षाव्यवस्थापनका आवश्यक पक्ष**

- असल कक्षाव्यवस्थापनका लागि वार्षिक तथा दैनिक पाठयोजनाको तयारी गर्नुपर्छ ।
- कक्षामा कक्षानेता, सरसफाइ समूह, कक्षा सजावट समूह आदिको व्यवस्था र शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्नुपर्छ ।
- कक्षाभित्र डेक्स, बेन्च, पाटी आदिको उचित व्यवस्थासहितको बसाइ व्यवस्था निर्धारण गर्नुपर्छ ।

- कक्षामा कुनै डर, त्रासविना बस्न सक्ने, सहयोग र आदर गर्ने, विशेष आवश्यकताका विद्यार्थीलाई सहयोग गर्ने र मायालु तथा सुखद् वातावरण सिर्जना गर्नुपर्छ ।
- कक्षामा हरेक क्षण नयाँ र ताजा सूचनाको सामूहिक जानकारी हुनुपर्छ ।
- कक्षामा हरसमय तीव्र विद्यार्थीलाई प्रशंसा र मन्द बुद्धिका विद्यार्थीलाई सहयोग सहितको प्रशंसा हुनुपर्छ ।
- कक्षाका हरेक विद्यार्थीको शैक्षणिक तथा व्यक्तिगत अभिलेख नियमित रूपमा राख्नु पर्छ ।

**ठूलो कक्षाकोठा व्यवस्थापन**

ठूलो कक्षा केलाई भन्ने भन्ने बारेमा निश्चित अवधारणा नभएर पनि यसलाई दुई दृष्टिले हेर्न सकिन्छ । एउटा कक्षाकोठाको आकारअनुसार, अर्को विद्यार्थी सङ्ख्याअनुसार । कक्षा व्यवस्थापनको व्यावहारिक पक्षलाई हेर्दा १० जनाभन्दा बढीको समूहलाई ठूलो समूह र तीन समूहभन्दा बढी भएको कक्षालाई ठूलो कक्षा मानिन्छ । शिक्षणीय पक्ष विद्यार्थीको सङ्ख्यामा पनि आधारित हुने भएकाले एउटा कक्षामा ३०-३५ जनाभन्दा बढी विद्यार्थी भएमा त्यो कक्षा ठूलो कक्षा मानिन्छ । कक्षा व्यवस्थापनको समय सिद्धान्तले प्रत्येक विद्यार्थीलाई एउटा कक्षामा न्यूनतम १ देखि २ मिनेट समय प्रदान गर्नुपर्छ । हाम्रो सन्दर्भमा यसले पनि (४५ मिनेटको पिरियड हुने भएकाले) ३० विद्यार्थीभन्दा बढीको कक्षालाई ठूलो कक्षा मानिन्छ । प्रयोगात्मक कक्षाका तुलनामा सैद्धान्तिक कक्षामा केही बढी विद्यार्थी रहन सक्छन् तर धेरै विद्यार्थी रहनु राम्रो पक्ष होइन । ठूलो कक्षा व्यवस्थापनमा शिक्षकले विशेष मिहिनेत गर्नुपर्ने हुन्छ । ठूलो कक्षा व्यवस्थापनमा निम्नलिखित समस्या देखा पर्छन् :

१. विद्यार्थीको बसाइ व्यवस्था मिलाउन,
२. विषयवस्तुको व्याख्या विश्लेषण गर्न,
३. समूहकार्य गर्न,
४. गृहकार्य र कक्षाकार्य परीक्षण गर्न,
५. वैयक्तिक भिन्नताका आधारमा शिक्षण गर्न,
६. विद्यार्थी मूल्याङ्कन गर्न ।

यी विविध समस्या समधान गर्नका लागि ठूलो कक्षा व्यवस्थापनमा समूह विभाजनलाई विशेष ध्यान दिइन्छ । समूह विभाजन गर्दा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

- विद्यार्थीको क्षमता, रुचि, अनुभव, कामको प्रकृति र सहभागिताका आधारमा समूह विभाजन गर्ने,
- लगभग समान सङ्ख्या राखी सन्तुलित समूह बनाउने,
- समूहको नेता चयन गर्ने र सबैलाई पालैपालो नेतृत्व गर्ने अवसर दिने,
- कामको बाँडफाँड गरी जिम्मोवारी दिने,
- समयसीमा तोकी काम गर्न लगाउने,
- समूहकार्यको निरीक्षण गरी निर्देशन दिने,

- समूहको प्रस्तुति ध्यान दिएर सुन्न लगाई अन्य समूहलाई समीक्षा गर्न लगाउने,
- समयसमयमा समूहका सदस्यहरू फेरबदल गर्ने ।

यी विविध पक्षको ख्याल गरी समूह विभाजन गरेपछि बसाइ व्यवस्थामा अर्को समस्या सिर्जना हुन्छ त्यो हो विद्यार्थीको बस्ने व्यवस्था कसरी मिलाउने । कक्षाकोठालाई व्यवस्थित बनाउन बसाइ व्यवस्थापन गर्दा कक्षाकोठालाई निम्नानुसार व्यवस्थित गर्न सकिन्छ :

**वृत्ताकार बसाइ** : यसमा विद्यार्थीहरूलाई वृत्ताकारमा राखिन्छ । यो ठूलो कक्षा व्यवस्थापनमा त्यति उपयुक्त हुँदैन ।

**अर्धवृत्ताकार बसाइ** : यसमा अर्धवृत्ताकार रूपमा विद्यार्थीको बसाइ व्यवस्थित गरिन्छ । यसमा शिक्षकले सबै विद्यार्थी देख्न सक्ने भएकाले एकै समूहमा शिक्षण गर्दा यो उपयोगी हुन सक्छ ।

**गोलमेच बसाइ** : यसमा गोलो टेबलको वरिपरि विद्यार्थी बसाई शिक्षक एक ठाउँमा बस्छन् । ठूलो कक्षामा यो पनि उपयुक्त हुँदैन ।

**U आकारको बसाइ** : यसमा U आकारमा डेक्स राखी त्यसको बाहिरपट्टि मात्र विद्यार्थीलाई बस्न दिइन्छ । कक्षाकोठाको भौतिक आकार ठूलो भएमा ठूलो कक्षा व्यवस्थापनमा यो उपयुक्त हुन सक्छ ।

**V आकारको बसाइ** (hemingbone setting) : यसमा V आकारमा डेक्स राखी त्यसको बाहिरपट्टि विद्यार्थी बसाइन्छ । ठूलो कक्षा व्यवस्थापनमा यो बसाइ पनि उपयुक्त हुन्छ ।

शिक्षणको वर्तमान सिद्धान्तअनुसार ठूलो कक्षा उपयुक्त मानिँदैन । नेपालको परम्परा, विद्यार्थी र शिक्षकको अनुपात, कक्षाकोठाको पर्याप्तता आदिका आधारमा भने हाम्रो कक्षा व्यवस्थापनमा ठूलो कक्षा व्यवस्थापन पनि गर्नु परेको देखिन्छ ।

**(घ) सानो कक्षाकोठा व्यवस्थापन**

सानो कक्षाकोठालाई पनि निश्चित रूपमा परिभाषित गर्न सकिँदैन । यो पनि आकार र विद्यार्थी सङ्ख्याका आधारमा परिभाषित हुने विषय हो । तुलनात्मक रूपमा १०० विद्यार्थी रहेको कक्षाकोठाभन्दा ५० विद्यार्थी रहेको कक्षाकोठा सानो हुन सक्छ तापनि सामान्यतया ३० भन्दा कम विद्यार्थी रहेको कक्षाकोठालाई सानो कक्षाकोठा भन्न सकिन्छ । सानो कक्षाकोठामा वैयक्तिक, युगल र समूहकार्य गर्न, वैयक्तिक भिन्नताका आधारमा शिक्षण गर्न, समावेशी शिक्षण गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न र प्रयोगात्मक तथा सैद्धान्तिक कक्षा सञ्चालन गर्न सजिलो हुन्छ । सानो कक्षाकोठाको बसाइ व्यवस्थापन पनि विभिन्न ढङ्गले गर्न सकिन्छ भने यस्तो कक्षामा शिक्षकलाई निम्नलिखित पक्षमा बढी सजिलो हुन्छ :

- विषयको व्याख्या/विश्लेषण गर्न,
- विद्यार्थीका समस्या समाधान गर्न,
- विद्यार्थीको सञ्चार क्षमता वृद्धि गर्न,
- सिकिरहने वातावरण सिर्जना गर्न,
- हरेक क्षमताका विद्यार्थीलाई समानुपातिक रूपमा सिक्ने अवसर दिन,

- विद्यार्थीका सिक्ने शैलीको पहिचान गर्न,
- तीव्र र मन्द बुद्धिका विद्यार्थीको सक्रियता बढाउन,
- छलफल र प्रश्नोत्तर गराउन,
- विद्यार्थीमा सुन्ने, प्रतिक्रिया जनाउने र प्रश्न गर्ने क्षमता वृद्धि गर्न,
- विद्यार्थीकेन्द्री शिक्षण गर्न,
- शिक्षक विशेषज्ञ हो भन्ने धारणाविपरीत विद्यार्थी ज्ञाता हो भन्ने सिद्धान्तका आधारमा शिक्षण गर्न ।

सानो कक्षाकोठामा विद्यार्थीलाई कुनै समस्यामा सहभागी गराएर, विद्यार्थीको उपलब्धिको अध्ययनपछि पृष्ठपोषण प्रदान गरेर र विशेष सहयोग गरेर कक्षालाई पूर्ण रूपमा व्यवस्थित गर्न सकिन्छ । यसबाट विद्यार्थीलाई सिर्जनात्मक कार्य, आत्मप्रेरित अध्ययन र अतिरिक्त/सहक्रियाकलापमा समेत सहभागी गराउन मद्दत मिल्छ ।

सानो कक्षाको व्यवस्थापनमा निम्नलिखित पक्षमा विशेष ध्यान पुऱ्याइन्छ :

- शिक्षक र विद्यार्थी दुवैले एकअर्कालाई सम्मान गरी एकअर्काका भिन्नतालाई बुझ्ने पक्ष,
- मूल्याङ्कन निरन्तर रूपमा गरिनुपर्छ र मूल्याङ्कनमा आधारित कक्षा तथा गृहकार्य दिइनुपर्छ भन्ने पक्ष,
- समस्याप्रद, सार्थक, रुचिपूर्ण र सहभागितामूलक कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुनुपर्छ भन्ने पक्ष,
- शिक्षक सूचना प्रवाहकभन्दा समय, स्थान र क्रियाकलापको सहजकर्ता हो भन्ने पक्ष,
- कक्षाव्यवस्थापनको जिम्मेवारी शिक्षक र विद्यार्थी दुवैको हो भन्ने पक्ष,
- समूह विभाजन रुचि, आवश्यकता, विविधता र परिवेशअनुसार लचकदार हुन्छ भने पक्ष,
- विद्यार्थीको आवश्यकताअनुसार समय व्यवस्थापन गर्नुपर्छ भन्ने पक्ष,
- विद्यार्थीको रुचिअनुसारको विषय, चाहनाअनुसारको कार्य र स्वयोजनाअनुसारको सिकाइको प्रदर्शनलाई मान्यता दिने पक्ष,
- विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्ने शैक्षणिक कार्यनीतिको प्रयोग गर्ने पक्ष,
- एकै प्रकारको मूल्याङ्कन नीतिले नभई मूल्याङ्कनका विविधताले मात्र सिकाइ उपलब्धिको आँकलन गर्न सकिन्छ भन्ने पक्ष ।

यी पक्षको ख्याल गरी गरिएको कक्षा व्यवस्थापनले सिक्ने तयारी, रुचि, सिकाइको कठिनाइस्तरको सामान्यीकरण र शैक्षणिक कार्यनीतिमा सहयोग पुगी वैयक्तिक शिक्षणको उद्देश्य सार्थक हुन्छ ।

**(ङ) उमेर समूह र क्षमताका आधारमा व्यवस्थापन**

एउटै कक्षामा एकभन्दा बढी उमेर समूह र क्षमताका विद्यार्थी रहन सक्छन् । हाम्रो देशमा उमेरका आधारमा शिक्षण गर्ने नभई कक्षागत आधारमा शिक्षण गर्ने परिपाटी रहेको छ । पश्चिमी मुलुकहरूमा

एउटा उमेरका विद्यार्थीलाई एउटा कक्षा समूहमा राख्ने गरिन्छ । यसो गर्दा विद्यार्थीका साझा रुचि बुझ्न शिक्षकलाई सजिलो हुन्छ । हाम्रा कक्षाकोठाहरूमा भने एकभन्दा बढी उमेर समूहका विद्यार्थी रहने भएकाले तिनको व्यवस्थापन जटिल देखिन्छ । हुन त ६ वर्ष उमेरका विद्यार्थी कक्षा १ मा भर्ना गरिने भए पनि कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरले कक्षाहरू विभिन्न समूहका हुन पुग्छन् । यस्तो अवस्थामा शिक्षकलाई निम्नलिखित पक्षमा अप्ठ्यारो सिर्जना हुन्छ :

- विद्यार्थीका साझा रुचि, आवश्यकता र समस्या खुट्याउने पक्ष,
- विद्यार्थीलाई क्रियाकलापमा सहभागी गराउने र मूल्याङ्कन गर्ने पक्ष,
- विद्यार्थीको मानसिक क्षमताअनुसार सिकाइको कठिनाइस्तरमा संलग्न गराई समस्या समाधान गराउने पक्ष,
- विद्यार्थीको सिकाइमा तीव्र क्षमता र मन्द क्षमताको व्यवस्थापन गर्ने पक्ष ।

यी जटिलताको समाधान गर्न यस्तो कक्षामा शिक्षकले उमेरअनुसार समूह विभाजन गरी भिन्नाभिन्न कार्यमा संलग्न गराउन सक्छन् । उमेरअनुसार रुचि भिन्न हुने भएकाले यस्तो कक्षामा एउटै विषयलाई पनि रुचिगत रूपमा स्तरीकरण गरी शिक्षण गर्नु आवश्यक हुन्छ । सधैँभरि एकै कक्षामा उमेर समूह बनाउँदा कम उमेरका विद्यार्थीलाई अपहेलना महसुस हुन सक्ने भएकाले बेलाबखत: भिन्न उमेर समूहका समूहमा शिक्षण गर्न सकिन्छ । तर यसवेलामा पनि विद्यार्थी कार्यको स्तर र उमेरका आधारमा विद्यार्थी मूल्याङ्कन गरी कक्षाव्यवस्थापन गर्नु आवश्यक हुन्छ ।

विभिन्न क्षमताका विद्यार्थीको कक्षाव्यवस्थापन अझ समस्याप्रद हुन्छ । यस अवस्थामा शिक्षकलाई निम्नलिखित पक्षमा समस्या पर्न सक्छ :

- विद्यार्थीको क्षमता के आधारमा निर्धारण गर्ने र तिनलाई कसरी वर्गीकरण गर्ने ?
- एउटै कक्षाका भिन्नाभिन्न क्षमताका विद्यार्थीलाई कसरी विभिन्नताका आधारमा शिक्षण गर्ने ?
- सामग्री, विषयवस्तु, समय, विधि, मूल्याङ्कन साधन र समूहव्यवस्थापन कसरी गर्ने ?

यस अवस्थामा निम्नानुसार कक्षाव्यवस्थापन गर्नु उपयुक्त हुन्छ :

- कक्षामा मन्द क्षमता, मध्यम क्षमता र तीव्र क्षमता भएका विद्यार्थीको तीन छुट्टाछुट्टै वा कहिलेकाहीँ मिश्रित समूह बनाउने,
- भिन्नाभिन्न समूहका लागि भिन्नाभिन्नै विषयवस्तु दिई छुट्टाछुट्टै क्रियाकलाप गराउने,
- शिक्षकले सामूहिक रूपमा सहजकर्ताको भूमिका निर्वाह गर्ने र विद्यार्थीका प्रतिक्रिया बुझ्ने, उनीहरूका रुचि र क्षमताअनुसारका कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा सहभागी गराउने,
- क्षमताअनुसारको भूमिका दिने ।

यस्तो व्यवस्थापनमा शिक्षकले सधैँ यी कुरा सम्झिरहनुपर्छ :

- म कसरी सबै विद्यार्थीमा सिक्ने रुचि जगाउन सक्छु ?

- म कसरी विद्यार्थीको कल्पनाको क्षितिज उघार्ने साधन बन्न सक्छु ?
- म कसरी आफूलाई बौद्धिक र सिर्जनात्मक ऊर्जाको पुञ्ज बनाउन सक्छु ?
- म कसरी संवेग, तनाव, सामाजिक समस्या र जातीय तथा लैङ्गिक असमानताको सही व्यवस्थापन गर्न सक्छु ?

यी पक्षले विद्यार्थी क्षमताअनुकूलको कक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउँछन् ।

६. **आत्ममूल्याङ्कन :**

(क) यो तपाईंको सहयोगी सामग्री मात्र हो । यसले तपाईंलाई सहयोग गरेको भए अब तपाईंले उल्लिखित आधारमा कक्षाव्यवस्थापन गर्नुहोस् र कुनै समस्या परे प्रशिक्षकसँग छलफल गर्नुहोस् ।

(ख) यो सामग्रीको अध्ययनपछि मेरो शिक्षण कौशल विकासका देहायका पक्षमा सहयोग पुगेको महसुस गरेको छु :

१ ............

२ ............

३ ............

# एकाइ – सात

१. **शीर्षक** : विभिन्न किसिमका कक्षाहरूको व्यवस्थापन

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) विभिन्न भाषा एवम् भाषिक समूहका विद्यार्थीको व्यवस्था गर्न

(ख) विभिन्न जातजातिका विद्यार्थीको व्यवस्थापन गर्न

(ग) अपाङ्ग विद्यार्थीको व्यवस्थापन गर्न

(घ) बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन गर्न

(ङ) विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापन गर्न

३. **विषयवस्तु** :

(क) विभिन्न भाषा एवम् भाषिका समूहका विद्यार्थीको व्यवस्थापन

(ख) विभिन्न जनजातिका विद्यार्थीको व्यवस्थापन

(ग) अपाङ्ग विद्यार्थीको व्यवस्थापन

(घ) बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन

(ङ) विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापन

४. **पूर्वसिकाइ धारणा** :

यस सामग्रीको अध्ययन गर्नुपूर्व तलका प्रश्नसँग घोत्लिनुहोस् र आफ्नो धारणा टिपोट गर्नुहोस्:

(क) कक्षाकोठामा विभिन भाषाभाषी बोल्ने विद्यार्थीको सफल व्यवस्थापन कसरी गर्न सकिएला ?

(ख) विभिन्न जनजातिका विद्यार्थीको व्यवस्थापन कसरी हुन सक्ला ?

(ग) अपाङ्ग विद्यार्थीको व्यवस्थापन कसरी गर्न सकिएला ?

(घ) कक्षामा आउने बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन कसरी गर्न सकिएला ?

(ङ) तपाईं विभिन्न सिकाइ, संस्कृति र शैली भएका विद्यार्थीको व्यवस्थापन कसरी गर्न सक्नुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) विभिन्न भाषा र भाषिक समूहका विद्यार्थीको व्यवस्थापन**

निश्चित समूहका मानिसहरूले मनका भाव वा विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह अर्थात् आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनि समूहलाई भाषा भनिन्छ । यो व्यक्ति विशेषले लेख्ने वा बोल्ने ढङ्ग वा शैली पनि हो । कुनै देशका बासिन्दाले बोलचाल गर्ने प्रचलित शब्दावलीलाई पनि भाषा भनिन्छ । भाषा विचार विनिमयको सशक्त साधन हो । कुनै एक भाषिक समुदायभित्र ध्वनिगत, उच्चारणगत र संरचनागत भिन्नताका कारण देखिने क्षेत्रीय विभेदलाई भाषिका भनिन्छ ।

कक्षाशिक्षणका सन्दर्भमा एउटै कक्षामा एकभन्दा बढी भाषा वा एउटै भाषाका विभिन्न भाषिका बोल्ने विद्यार्थीहरू रहन सक्छन् । यस्तो कक्षामा शिक्षकलाई शिक्षणीय भाषाका आधारभूत पक्ष सिकाउन, शिक्षण विधि र मूल्याङ्कनका साधनको उपयोग गर्न र भाषा प्रयोगका लागि भाषिक वातावरण

सिर्जना गर्न समस्या पर्छ । यो समस्या समाधान गर्न तथा भाषिक दृष्टिले समावेशी शिक्षण गर्न शिक्षकले विशेष ख्याल गर्नुपर्छ । यदि कक्षा एकभाषिक छ भने व्यवस्थापन सरल हुन सक्छ । भाषाको व्यवस्थापनभन्दा भाषिकाको व्यवस्थापन अझ सरल हुन्छ तर कक्षा बहुभाषिक भएमा व्यवस्थापन जटिल बन्न सक्छ । नेपालभित्र ९२ भन्दा बढी भाषा र राष्ट्रभाषा तथा माध्यम भाषाका रूपमा प्रयोग हुने नेपाली भाषाका पनि पाँच भाषिका बोलिने भएकाले धेरैजसो ठाउँमा कक्षा बहुभाषिक हुन्छ । बहुभाषिक कक्षाको व्यवसथापनमा शिक्षकले क्रियाकालप गराउँदा, अभ्यास गराउँदा र मूल्याङ्कन गराउँदा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

- भाषाशिक्षणका क्रममा आवश्यक परे आफ्नै मातृभाषा वा भाषिकामा लेख्न तथा त्यसैमा समूहकार्य गर्न लगाउने, अनुवादसमेत गर्ने,
- माध्यम भाषाबाहेक अन्य भाषाको पनि प्रयोग गर्ने,
- भाषाशिक्षणका क्रममा कक्षामा मातृभाषा बोल्ने सबै विद्यार्थीका भाषालाई समान महत्व दिने र असमान व्यवहार हटाउने,
- भाषाशिक्षणका क्रियाकलापलाई बहुभाषिक र तुलनात्मक बनाउने,
- स्थानीयस्तरमा प्रयोग हुने भाषाभाषिकालाई पनि शिक्षणका क्रममा प्रयोगमा ल्याउने,
- भाषाशिक्षणमा श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने,
- द्विभाषिक पाठ्यसामग्रीको प्रयोग गर्ने ।

विभिन्न भाषा र भाषिका समूह रहेका कक्षामा उनीहरूका भाषा र भाषिकामा क्रियाकलाप र अभ्यास गर्न दिई शिक्षणीय भाषासँग तुलना गर्ने अवसर दिइएमा सामाजिक र सांस्कृतिक चिन्तन र ज्ञानको पहुँचमा विद्यार्थी सहभागिता वृद्धि हुन्छ ।

**(ख) विभिन्न जातजातिका विद्यार्थीको व्यवस्थापन**

हाम्रो देशमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् र तिनको वर्गीकरणका आधार पनि भिन्नभिन्न रहेका छन् । जातलाई कार्य वा पेसाका आधारमा, धर्मका हिसाबमा, मानवीय भावनाका आधारमा विभाजन गरिएको पाइन्छ । सामान्यतया परम्परागत रूपमा बसोबास गर्दै आएका विभिन्न जातिहरूलाई आदिवासी मानिएको छ । हुन त जातजातिको विभाजन न्यायसङ्गत छैन, यो विभेदकारी नै छ तापनि नेपालमा जातजातिलाई तागाधारी, मतवाली र पानी नचल्ने भनी छुट्याउने गरेका वंशपरम्परागत रीति रहेको छ ।

जुनसुकै परम्पराबाट जातजातिको विभाजन भएको भए पनि कक्षाकोठामा यी विभिन्न जातजातिका सहभागिता हुन्छ । यी सबैलाई भाषाशिक्षणको मूल प्रवाहमा सशक्तीकरण गर्ने कार्य शिक्षकले गर्नुपर्छ । कक्षामा सबै जातजातिका विद्यार्थीलाई क्रियाकलापमा समान रूपमा सहभागी गराएर र जातजातिगत समानताप्रति सचेत गराएर शिक्षण गर्न सके कक्षाव्यवस्थापन राम्रो हुन सक्छ । यसका लागि शिक्षकले निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ ।

- कक्षामा रहेका पछाडि परेका मानिने जातजातिका बालबालिकालाई सिक्ने बढी अवसर प्रदान गर्ने र पछाडि परेका जातिका विद्यार्थीको सिकाइ कौशल र सक्षमतालाई सशक्तीकरण गर्ने,
- पछाडि परेका जातजातिका विद्यार्थीको सामाजिक प्रतिष्ठालाई अभिवृद्धि गर्ने र उनीहरूले गरी आएका परम्परागत कार्यलाई प्रोत्साहन गर्ने सामग्रीको उपयोग गर्ने,
- आदिवासी, जनजाति, समाजमा पछि परेका र दलित वर्गको पहुँच, हक अधिकार, कानुनी संरक्षण, भाषासंस्कृति र धार्मिक आस्थालाई अभिवृद्धि गर्ने खालका सामग्रीको उपयोग गर्दै भाषाशिक्षण गर्ने,
- विद्यालयमा मनाइने दिवस, चाडपर्व, समूह परियोजना कार्य आदिमा सबै जातजातिका विद्यार्थीलाई सहभागी गराउने र सबै विद्यार्थीले मान्ने चाडपर्व आदिका बारेमा विद्यार्थीबीच छलफल गराउने,
- शिक्षणमा सबै जातजातिका विद्यार्थीलाई समान रूपमा ध्यान दिने, सहयोग गर्ने, प्रोत्साहन गर्ने र पृष्ठपोषण दिने कार्य गर्ने,
- बसाइ व्यवस्थापनमा सबै जातजातिका विद्यार्थीको मिश्रणमा ध्यान पुऱ्याउने,
- बेलाबेलामा विभिन्न जातजातिका ग्रन्थ, परम्परा, चाडबाड, खाना, पहिरन, सरोकार आदिका बारेमा विद्यार्थीलाई नै बोल्न तथा लेख्न लगाउने ।

मूल कुरा के हो भने कक्षामा कुनै जातविशेषका विद्यार्थीको हैसियतले बढी सुविधा तथा अवसर पाउने वा कम सुविधा वा अवसर पाउने परिस्थिति सिर्जना हुन नदिई सबै जात समान अवसरको धारणालाई कार्यान्वयन गर्न सके जातजातिगत रूपमा असल कक्षा व्यवस्थान हुन सक्छ ।

**(ग) अपाङ्ग विद्यार्थीको व्यवस्थापन**

UNDP ले तयार पारेको Nepal Human Development Report 2004 Empowerment and Poverty Reduction भन्ने पुस्तकमा उल्लेख भएअनुसार अपाङ्ग त्यस्तो व्यक्तिलाई भनिन्छ जुन कुनै रोगका कारणले गर्दा जन्मँदै वा जन्मिसकेपछि कुनै रोगका कारणले वा कुनै चोटपटकका कारणले स्वतन्त्र रूपमा बाँच्न, समाजिक जीवन निर्वाह गर्न, लाभदायक किसिमबाट रोजगारी गर्न र स्वन्त्र हिसावले शिक्षा प्राप्त गर्न असमर्थ हुने हुन्छ र उसलाई थप सहयोगको आवश्यकता पर्छ । यस्ता व्यक्तिले आफ्नो उमेरअनुसार सामान्य क्रियाकलाप गर्न सक्दैनन् र यिनलाई विशेष आवश्यकता भएका व्यक्ति मानिन्छन् ।

कक्षाकोठामा विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरू हुन सक्छन् । अपाङ्गतालाई सामान्य तथा शारीरिक अपाङ्गता, दृष्टिविहीनता, सुस्तमनस्थिति र सुस्तश्रवण गरी चार वर्गमा विभाजन गरिन्छ । देखाइ, सुनाइ, बोलाइ, हिँडाइ, दुर्बलता, काम गर्ने प्रक्रिया र अचेतनताका रूपमा यस्ता अपाङ्गता देखापर्छन् । यस्तो अपाङ्गता भएका विद्यार्थीको व्यवस्थापन सामान्य विद्यार्थीको व्यवस्थापन जस्तो सजिलो हुँदैन । अपाङ्ग विद्यार्थीको शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया विशेष खालका हुने भएकाले शिक्षकले यस पक्षमा ध्यान पुऱ्याउनुपर्छ । अपाङ्ग विद्यार्थीको व्यवस्थापनमा शिक्षकले निम्नलिखित पक्षमा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

- कुन प्रकारको अपाङ्गता हो भन्ने बुझी त्यसका लागि शिक्षणको विशिष्ट तरिका अपनाउने,
- साङ्ग विद्यार्थीलाई जस्तै क्रियाकलापमा अपाङ्गलाई सहभागी नगराई विशेष क्रियाकलापमा सहभागी गराउने,
- हात नभएका विद्यार्थीलाई खुट्टाले लेख्ने अभ्यास गराउने र लेख्न नसक्ने त्यस्ता विद्यार्थीलाई मौखिक क्रियाकलाप मात्र दिने वा लेख्ने सहयोगीको व्यवस्था गरिदिने,
- आँखा नदेख्ने विद्यार्थीका लागि श्रव्य र स्पर्श सामग्रीको व्यवस्था गर्ने,
- कान नसुन्ने र बोली नआउने विद्यार्थीका लागि साङ्केतिक भाषाको प्रयोग गर्ने र निर्देशनहरू लिखित रूपमा मात्र दिने,
- सुस्तमनस्थिति भएका विद्यार्थीको सीपपक्षको मूल्याङ्कनमा जोड दिने,
- पाठ्यक्रमका उद्देश्यका आधारमा भन्दा सक्षमता र रुचिपक्षका आधारमा मूल्याङ्कन गर्ने ।

**(घ) बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन**

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको परिभाषाअनुसार बालश्रम भन्नाले धेरै समय काम गर्ने, ज्यालादारी रूपमा लामो समय काम गर्ने, घरपरिवारबाट छुटाएर स्वास्थ्य र मस्तिष्कमा नकारात्मक असर पार्ने खालका काममा लगाउने र जीवनस्तर सुधार्ने अवसरबाट वञ्चित हुने बालअवस्था भन्ने बुझिन्छ । नेपालमा १४ वर्ष मुनिका बालबालिकालाई माथि उल्लेख गरेअनुसारका कार्यमा लगाएमा त्यस्ता व्यक्तिलाई बालश्रमिक मानिएको छ । बालश्रमिकहरूलाई जोखिमपूर्ण कार्यमा नलगाई उनीहरूको क्षमता र रुचिअनुसारको सामाजिकीकरण कार्यमा सहभागी गराउनु चाहिँ बालश्रमिक अवस्था होइन । घरमा काम गर्नका लागि बसेका (विशेषतः १४ वर्षमाथिका) मानिसहरू चाहिँ घरेलु कामदार हुन् । बालबालिका सम्बन्धी ऐन २०४८ ले १६वर्ष र संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धिले १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो उमेरपूर्व उल्लिखित काममा संलग्न घरेलु कामदार पनि बालश्रमिक नै ठहर्छन् ।

विद्यालय जाने बालबालिका पनि बालश्रमिकको रूपमा आर्थिक क्रियाकलापमा संलग्न रहेका हुन्छ । यस्ता विद्यार्थीका सबै समस्या शिक्षकले समाधान गर्न नसक्ने भए पनि कक्षा व्यवस्थापनका सन्दर्भमा शिक्षकले निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनु आवश्यक छ :

- बालश्रमिक र घरेलु कामदारले घरमा धेरै समय खट्नुपर्ने भएकाले उनीहरूलाई गृहकार्यभन्दा कक्षाकार्य र अतिरिक्त क्रियाकलापमा बढी संलग्न गराउने,
- सबै विद्यार्थी समान छन् भन्ने धारणा विकास गराउन बालश्रमिक र तिनको सम्मान, समस्या, समस्या समाधान आदि विषयमा लिखित तथा श्रव्यदृश्य सामग्रीलाई कक्षाशिक्षणमा प्रयोग गर्ने,
- बालश्रमका विरुद्धमा बादविवाद, प्रवचन, गोष्ठी आदि गराई विद्यार्थीलाई सहभागी गराउने,
- बालश्रमका विरुद्ध भएका दण्डसजाय, बालश्रमविरुद्धका कानुन आदिको प्रबोधीकरण गराउने,

- कक्षामा बालश्रमिक, घरेलु कामदार र अन्य विद्यार्थीको बसाइ व्यवस्था, क्रियाकलाप र सिक्ने अवसरमा समावेशी पहुँच बढाउने ।

कक्षाकोठामा पसेपछि बालश्रमिक र घरेलु कामदारले आफू र अरूमा भिन्नता नपाउने वातावरण सिर्जना गर्न सके शिक्षकले सफल तरिकाले कक्षाव्यवस्थापन गरेको मानिन्छ ।

**(ङ) विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापन**

संस्कृति भनेको कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था, आदिमा प्रतिविम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप हो । सिकाइ संस्कृति भनेको सिक्ने तरिकाको परिष्कृत रूप हो । सिक्ने विभिन्न तरिका र शैली हुन्छन् । कोही पढेर सिक्छन् त कोही गरेर सिक्छन् । कोही शिक्षकबाट सजिलै सिक्न सक्छन् भने कोही सहपाठी सिकाइबाट चाँडो सिक्छन् । कसैको पढिरहने रुचि हुन्छ, कोही खेलेर, लेखेर वा मल्टिमिडियाको माध्यमबाट सिक्न रुचाउँछन् । कोही लिखित रूपमा सिक्न चाहन्छन् भने कसैको रुचि मौखिक सिकाइमा हुन्छ । यस्तै कक्षामा रहने तीव्र क्षमताका विद्यार्थीको सिकाइ विशिष्ट प्रकृतिको हुन्छ । उनीहरूको सिकाइमा सूत्रात्मक शैलीको उपयोग गर्छन् । यस्ता विद्यार्थी व्याख्याभन्दा सारको अपेक्षा गर्छन् भने मन्द बुद्धिका विद्यार्थीलाई व्याख्या, विश्लेषण र सिक्ने पर्याप्त समयको आवश्यकता पर्छ । सिकाइ, संस्कृति र शैलीका सन्दर्भमा भन्दा कतिपय कुराको सिकाइ पुस्तौनी रूपमा र विशिष्ट प्रक्रियाले भइराखेको हुन्छ । उदाहरणार्थ पुस्तैनी पेसा गायनलाई अपनाएका विद्यार्थीले आरोह, अवरोह, गति, यति र लयलाई कक्षामा नसिकाई आफ्नो पेसासँग जोडिदिएर छिटो सिक्न सक्छन् । कतिपय सिकाइ हेराइ वा अवलोकनबाट सम्भव हुन्छ भने कतिपय विद्यार्थीको सिक्ने आफ्नै विशिष्ट शैली हुन्छ । कक्षाकोठामा यी सबै सिकाइ संस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापन आवश्यक पर्छ । जसका लागि शिक्षक निम्नलिखित पक्षमा प्रबोध हुनुपर्छ ।

- कक्षाका तीव्र र मन्द बुद्धिका विद्यार्थीको सिकाइ स्वभाव कसरी पत्ता लगाउने ?
- सबै विद्यार्थीको सिक्ने भावनालाई कसरी कदर गर्ने ?
- सबै विद्यार्थीलाई आआफ्नै रुचिअनुसारको सिकाइ वातावरण कसरी तयार गरिदिने ?
- सिकाइ संस्कृति र शैलीका आधारमा विद्यार्थीलाई कसरी सामूहीकृत गर्ने र कसरी तिनको उचित मूल्याङ्कन गर्ने ?

शिक्षक यी विविध पक्षमा पूर्वसचेत भइसकेपछि मात्र सिकाइ संस्कृति र शैलीका आधारमा कक्षाव्यवस्थापन गर्न सकिन्छ । यस्तो परिस्थितिमा शिक्षकले निम्नलिखित पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्छ ।

- प्रत्येक विद्यार्थीको सिकाइ संस्कृति र शैलीको विशेषता पहिचान गरी वैयक्तिक अभिलेख तयार पार्ने,
- समान रुचि र क्षमताका आधारमा समूह विभाजन गर्ने,

- प्रत्येक समूहलाई रुचिपूर्ण क्रियाकलापमा सहभागी गराउने र यसको निष्कर्ष सबै विद्यार्थीमा सञ्चार गर्ने,
- सकभर विद्यार्थीलाई रुचिअनुसारका कार्यमा मात्र सहभागी गराउने,
- प्रत्येक सिक्ने तरिकाको सम्मान गर्दै उचित सहयोग र पृष्ठपोषण प्रदान गर्ने,
- सिकाइ संस्कृति र शैलीका दृष्टिले अल्पसङ्ख्यक विद्यार्थीलाई विशेष ध्यान दिई निरन्तर पृष्ठपोषण प्रदान गर्ने ।

हुन त सिकाइ संस्कृतिको विकास र विशिष्टीकरणमा घरपरिवार र समाजको पनि त्यत्तिकै भूमिका हुनेहुँदा एकल शिक्षक सफल नहुन पनि सक्छ । यस्तै यो विद्यार्थीको मनोवैज्ञानिक पक्ष भएकाले शिक्षकले विद्यार्थीलाई सही अर्थमा नबुझ्न पनि सक्छन् तापनि यस पक्षको व्यवस्थापन सिकाइका लागि अत्यावश्यक ठानिन्छ ।

६. **आत्ममूल्याङ्कन** :

(क) तपाईंको पूर्वधारणा र यस सामग्रीमा उल्लिखित कुराहरूबीच केके समानता र असमानता पाउनुभयो ? सोच्नुहोस् ।

(ख) तपाईंले यस सामग्रीवाट विभिन्न भाषा/भाषिका, जातजाति, अपाङ्गता, बालश्रमिक र घरेलु कामदार तथा विभिन्न सिकाइसंस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापमा आफूलाई खरो उतार्नुपर्छ । एकछिन सोच्नुहोस् र अस्पष्ट कुराहरू चाहिँ प्रशिक्षकसँगको छलफलमा सहभागी भई स्पष्ट पार्नुहोस् ।

| यस सामग्रीले मलाई सहयोग पुऱ्याएका पक्ष | यस विषयमा म अझै स्पष्ट भएको छैन |
|---|---|
| | |

## एकाइ – सात

१. **शीर्षक** : कक्षाकोठामा सञ्चार र प्रविधिको प्रयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) विभिन्न किसिमका कक्षामा विद्युतीय सञ्चारको व्यवस्थापन र प्रयोग गर्न

(ख) नेपाली भाषाशिक्षण र सिकाइका लागि सञ्चार प्रविधिको उपयोग गर्न

३. **विषयवस्तु** :

(क) विभिन्न किसिमका कक्षामा विद्युतीय सञ्चारको व्यवस्थापन र प्रयोग

(ख) नेपाली भाषाशिक्षण र सिकाइका लागि सञ्चार प्रविधिको उपयोग

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्रीको तपाईंको सहयोगी सामग्री मात्र हो । तपाईंले आफ्नो अनुभवबाट धेरै कुरा जानिसक्नु भएको छ । त्यसकै आधारमा तलका प्रश्नमाथि विचार गर्नुहोस् र आवश्यक टिपोट गर्नुहोस् :

(क) विभिन्न प्रकारका कक्षाकोठामा उच्च प्रविधियुक्त सञ्चारको व्स्थापन र प्रयोग कसरी गर्न सकिन्छ ?

(ख) नेपाली भाषाशिक्षण र सिकाइका लागि तपाईं सञ्चार प्रविधिको उपयोग कसरी गर्नुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

(क) तपाईंले आफ्नो धारणा टिपोट गरिसक्नु भएको छ । अब तलको सामग्री पनि अध्ययन गर्नुहोस् र तपाईंको धारणा र तलको सामग्रीमा प्रस्तुत अभिव्यक्ति बीच तुलना गर्नुहोस् ।

हामी अघिल्ला सत्रहरूमा चर्चा र छलफल गरी स्पष्ट भइसकेका छौं कि भाषाशिक्षणका कक्षा विभिन्न प्रकारका हुन सक्छन् । सानो वा ठूलो कक्षा, विभन्नि उमेर र क्षमताका विद्यार्थीहरूको कक्षा, विभिन्न भाषा, भाषिका समूहको कक्षा, विभिन्न जनजाति र अपाङ्गहरूको कक्षा, बालश्रमिक र घरेलु कामदार रहेको कक्षा र विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थी रहेको कक्षामा भाषाशिक्षकले कक्षाव्यवस्थापन गर्नुपर्छ र यस्ता विभिन्न कक्षामा सञ्चार प्रविधिको समेत व्यवस्थापन गर्नुपर्ने हुन्छ । कक्षाकोठामा कम्प्युटर, ओभरहेड, टेलिफोन लगायतका उच्च प्रविधियुक्त सञ्चार प्रविधिको उपयोग हुन सक्छ । सञ्चार प्रविधिको उपयोगले कक्षाव्यवस्थापनमा निम्नानुसार सहयोग पुऱ्याउनेछ ।

- कक्षामा कम्प्युटरको प्रयोगले तीव्र विद्यार्थीलाई छिटो सिकेर निर्णयमा पुग्न सहयोग पुऱ्याउँछ,
- यसले नयाँ र पुराना सूचनाहरू पत्ता लगाई एकीकृत गर्न सघाउँछ,
- सूचनाको तथ्याङ्कन, सङ्गठन र भण्डारण गर्न यसले सहयोग पुऱ्याउँछ,
- सूचनाको प्रस्तुति र स्थानान्तरणमा कम्प्युटरको विशेष भूमिका हुन्छ,
- कम्प्युटर र डिजिटल क्यामाराको प्रयोगले बहुभाषिक कक्षालाई प्राविधिक, दृश्य र सूचनात्मक साक्षरता कक्षामा परिणत गर्न सकिन्छ,

- कम्प्युटर तथा टेलिफोनको प्रयोगबाट विभिन्न संस्कृति, समाज, विद्यार्थीका विभिन्न अवस्था र भाषाका विभिन्न परिवेशलाई कक्षामा जीवन्त तुल्याउन सकिन्छ,
- कम्प्युटरबाट विद्यार्थीले तार्किक ढङ्गले समस्या समाधान गर्ने, तत्काल सिक्ने र आफैं सिक्ने अवसर पाउँछन्,
- कम्प्युटरले सामग्रीको प्रस्तुति, ग्राफ र चार्टको प्रयोग तथा सार खिच्ने कुरामा सहयोग पुऱ्याउँछ,
- अपाङ्ग विद्यार्थीहरूका लागि विभिन्न विषयवस्तुको सिकाइमा कम्प्युटर उपयोगी हुन्छ,
- इन्टरनेट अर्को उच्च प्रविधि हो, जसको प्रयोगले कक्षामा इन्टरनेट कार्याशाला, इन्टरनेट परियोजना कार्य र इन्टरनेट अनुसन्धानका क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । यसले वैयक्तिक रुचिअनुसार सूचना सङ्कलन गरी समूह तथा विषयविशेषज्ञ शिक्षकसँग अन्तरक्रिया गर्न सघाउँछ,
- कम्प्युटरले भाषाका कक्षामा लेखन, पठन, वर्णविन्यास, व्याकरण जस्ता विविध पक्षको शुद्धीकरणमा सहयोग पुऱ्याउँछ,
- शैक्षणिक उपलब्धिका दृष्टिले कम्प्युटरबाट तार्किक र समस्या समाधान शिल्प विकास गराउन सकिन्छ,
- यसले विशेष आवश्यकता भएका विद्यार्थीका लागि विद्युतीय सामग्री (पठन लेखन दृश्यात्मक) उपलब्ध गराउँछ,
- टेलिफोनको प्रयोगले सुनाइ र बोलाइ सीप विकास तथा कुनै पनि विषयमा प्रत्यक्ष बोधमा सहयोग पुऱ्याउँछ,
- ओभरहेडको प्रयोगबाट शिक्षक/विद्यार्थीले आफ्नो प्रस्तुतिलाई सरल तरिकाले अरूसमक्ष पुऱ्याउन सक्छन् ।

समग्रमा विभिन्न प्रकारका कक्षाकोठामा प्रविधिको प्रयोग गर्दा कक्षाव्यवस्थापनमा निम्नानुसार सहयोग पुग्छ :

- विद्यार्थले फ्लोचार्ट, कार्य विश्लेषण र ग्राफिक्सको प्रयोग गरी सूचनाको व्यवस्थापन गर्न सक्छन्,
- विद्यार्थीले लिखित, मौखिक र दृश्यात्मक रूपमा सूचनालाई सङ्कलन गरी आवश्यकताअनुसार उपयोग गर्न सक्छन्,
- वर्ण विन्यास र व्याकरण मिलाई लेख्न, लेखाइको सङ्गठन, सम्पादन, पुनरावृत्ति र पुनरुत्पादन गर्न सक्छन् । यसबाट धारणाको लेखाङ्कन, वर्गीकरण र सामूहीकरण गर्न पनि सहयोग पुग्छ,

- यसले विद्यार्थीलाई लिखत, चित्र, श्रव्य, दृश्य र ग्राफिक्स सामग्री उपलब्ध गराई कम्प्युटर योजना तयार पारिदिन्छ,
- मल्टिमिडियाले विद्यार्थीमा पठन संस्कृति विकास गराइदिन्छ,
- कम्प्युटरले सामग्रीलाई विभिन्न रूपमा (लेख्य, श्रव्य, दृश्य, एनिमेसन आदि) प्रस्तुत गरिदिने भएकाले विभिन्न प्रकारका कक्षामा यसको उपयोग उपयुक्त हुन्छ ।

कक्षाकोठामा सञ्चार प्रविधिको व्यवस्थापन र प्रयोग गर्दा शिक्षकमा निम्नलिखित पक्षको पूर्वज्ञान हुनु आवश्यक छ :

- उच्चप्रविधियुक्त सञ्चार साधनको व्यवस्था हुन सक्छ कि सक्दैन ?
- कम्प्युटर, टेलिफोन जस्ता साधन कक्षाको कुन ठाउँमा राख्नु उपयुक्त हुन्छ ?
- कुन कक्षामा कुन सामग्रीको प्रयोग उपयुक्त हुन्छ ?
- सामग्री प्रयोगको ज्ञान शिक्षक/विद्यार्थीमा छ, छैन ?
- सामग्री प्रयोगका लागि ऊर्जा/इन्धन (विद्युत्त, तार, स्विच, प्लग, मोडेम आदि) को व्यवस्था छ छैन र त्यसको सुरक्षित प्रयोगका लागि प्राविधिक सीप/प्राविधिज्ञको व्यवस्था छ-छैन ?

यो पूर्वज्ञानपछि कक्षाकोठामा उचित विद्युतीय साधनको प्रयोग र व्यवस्थापन गरी विषयको प्रकृति र विद्यार्थीको रुचि सापेक्ष रूपमा कक्षाव्यवस्थापन गर्न सकिन्छ ।

**नेपाली भाषाशिक्षण र सिकाइका लागि सञ्चार प्रविधिको उपयोग**

सञ्चार प्रविधिको उपयोगबाट नेपाली भाषाशिक्षणको कक्षा पनि अछुतो रहन सक्दैन । अहिले कम्प्युटरका विभिन्न सफ्टवेयरहरूलाई नेपालीकरण गरिएकाले अङ्ग्रेजी भाषा नजान्नेले पनि नेपाली भाषा प्रयोगबाट कम्प्युटरको उपयोग गर्न सक्छन् । विद्युत् सुविधा पुगेका सम्पन्न विद्यालयले कक्षाकोठामा कम्प्युटर, ओभरहेड र टेलिफोन जस्ता सञ्चारको सुविधा प्रदान गर्न सक्छन् । नेपाली भाषा शिक्षणका क्रममा शिक्षकले कम्प्युटरको प्रयोग निम्न लिखित ठाउँमा गर्न सक्छन् :

- भषाको शुद्धीकरणसहित कम्प्युटरमै लेखन अभ्यास गराउन,
- अपाङ्ग विद्यार्थीका लागि श्रव्यदृश्य सामग्री प्रयोग गर्न,
- विभिन्न सामग्रीको खोजी, वर्गीकरण (इन्टरनेट मार्फत) गराउन ।

प्रविधिको प्रयोगमा सर्वप्रथम शिक्षकले कक्षाको आधार हेरी व्यवस्थापन गर्नुपर्छ । कक्षा सानो छ भने सबै विद्यार्थीलाई कम्प्युटरमै अभ्यास गर्ने क्रियाकालप दिन सकिन्छ । ठूलो कक्षामा भने वैयक्तिक रूपमा कम्प्युटरको प्रयोग गराउन सकिँदैन । यस्तो अवस्थामा ओभरहेडको प्रयोग वा कम्प्युटरमा पावर प्वाइन्ट जस्ता प्रदर्शन सफ्टवेयरको प्रयोग गर्नुपर्छ ।

कक्षामा रहने विभिन्न उमेरसमूह र क्षमताका विद्यार्थीलाई पनि समूह-समूह गरेर कम्प्युटरमा छुट्टाछुट्टै कार्य दिन सकिन्छ । कहिलेकाँही बालश्रमिक, घरेलु कामदार आदिसँग सम्बन्धित सामग्री, विभिन्न जातजातिसँग सम्बद्ध सामग्री प्रस्तुत गरेर तिनका बारेमा छलफल गराउनुपर्छ । टेलिफोनमार्फत् कुनै कुरा सोधेर स्पष्ट हुने कार्यमा शिक्षकले विद्यार्थीलाई सहभागी गराउन पनि

उपयुक्त हुन्छ । यस्तै आँखा नदेख्ने विद्यार्थीलाई सुन्ने सामग्री नसुन्ने विद्यार्थीलाई दृष्य सामग्री प्रयोग गर्न पनि कम्प्युटरको उपयोग हुन्छ ।

कम्प्युटर वा प्रविधिको प्रयोग गर्दा शिक्षकले निर्देशन दिई विद्यार्थीलाई नै कार्यमा सहभागी गराउनुपर्छ । उदाहरणार्थ विद्यार्थीले कुनै शब्दको वर्णविन्यास गल्ती गरेमा वा वाक्यको व्याकरण गल्ती भएमा कम्प्युटरमा विद्यार्थीलाई नै खोजी गरी शुद्धीकरण गर्न लगाउने । टेलिफोन गरी सोध्नुपर्ने विषय भए विद्यार्थीलाई नै सोधेर स्पष्ट पार्न लगाउने । समूह कार्यको प्रस्तुतिमा ओभरहेड प्रयोग गर्न लगाउने आदि । इन्टरनेटमा विद्युतीय पुस्तक, सामग्रीको खोजी गरी उपयोग गर्न लगाउने आदि ।

विशेषगरी नेपाली भाषाशिक्षणमा उच्चारण, भाषा प्रयोग, भाषिक शुद्धीकरण, लेखन शुद्धीकरण, भाषिक सम्पादन, डिजाइन जस्ता पक्षमा प्रविधिको प्रयोग गर्न सकिन्छ । सुविधासम्पन्न स्थानमा भाषा प्रयोगशाला स्थापना गरी भाषा गोष्ठी, सेमिनार विशेषज्ञसँगको प्रत्यक्षीकरण आदिका माध्यमले पनि भाषा कक्षामा प्रविधिको उपयोग गर्न सकिन्छ ।

भाषा शिक्षणसिकाइमा सञ्चार प्रविधिको उपयोग गर्दा शिक्षकले निम्नलिखित पक्षमा विशेष ख्याल गर्नुपर्छ :

- भाषासिकाइको कुन पक्षमा कुन सञ्चार प्रविधिको उपयोग गर्ने र त्यसमा विद्यार्थी सहभागिता कसरी गराउने ?
- विद्यार्थीलाई प्रविधिको उपयोगसहितको सिकाइमा कसरी सहभागी गराउने र प्राप्त उपलब्धिको आकलन कसरी गर्ने ?
- विद्यार्थीका रुचि र विविधताअनुसार सञ्चार प्रविधिको प्रयोगलाई कसरी व्यवस्थित गर्ने ?
- भाषाशिक्षणको कक्षालाई कसरी उच्च प्रविधियुक्त बनाउने ?

यी विविध कार्यका लागि भाषा शिक्षकलाई भाषा ज्ञानका अतिरिक्त सञ्चारप्रविधि ज्ञानको पनि आवश्यकता हुने हुँदा भाषा शिक्षक सञ्चार प्रविधिको तालिमको पहुँचमा रहनु आवश्यक छ ।

६. **आत्ममूल्याङ्कन :**

(क) तपाईंको पूर्वधारणा र यस सामग्रीको प्रस्तुतिबीच समानता देखियो ? देखियो भने कुन कुन पक्षमा ?

(ख) तपाईंले यो सामग्री पढिसक्नु भयो । यसबाट पनि तपाईं अझै सम्बद्ध विषयमा स्पष्ट नहुनु भएको भए तलको तालिका भरी प्रशिक्षकसँगको छलफलका लागि तयार हुनुहोस् :

| यस सामग्रीले मलाई सहयोग पुऱ्याएका पक्ष | मैले अझै सिक्नुपर्ने पक्ष |
|---|---|
| | |

## एकाइ – आठ

# अन्तरव्यक्तिगत र व्यक्तिगत व्यवहार

१. **शीर्षक** : व्यवहार अवलोकन र विश्लेषणका सीपहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) व्यवहार अवलोकन फारामको नमुना तयार पारी कक्षाकोठामा प्रयोग गर्न

(ख) कक्षाकोठा अवलोकन फाराम तयार पारी प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) व्यवहार अवलोकन

(ख) कक्षा अवलोकन

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व यस सत्रका लागि उल्लिखित उद्देश्यहरूबारेमा विचार गर्नुहोस् र तलका प्रश्नहरू बारेमा सोच्नुहोस् :

(क) व्यवहार अवलोकन भनेको के हो ?

(ख) कक्षाकोठा अवलोकन किन आवश्यक छ ?

(ग) व्यवहार अवलोकन र कक्षाकोठा अवलोकनका लागि केकस्ता फारामहरू प्रयोग गर्न सकिएला ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) व्यवहार अवलोकन**

एउटै वातावरणमा रहेका विभिन्न बालबालिकाले उही समयमा देखाउने प्राकृतिक प्रतिक्रिया व्यवहार हो र दुई वा दुईभन्दा बढी विद्यार्थीबीच यस्तै व्यवहार तुलना गरेर निकालिने भिन्नता व्यवहार अवलोकन हो । Wehby (1993) को समूहले गरेको अध्ययनअनुसार बालबालिकाको प्राकृतिक वातावरणमा उनीहरूले जनाएको सहभागिताको निश्चित गरेर गरिने तुलनात्मक अध्ययन नै व्यवहार अवलोकन हो । व्यवहार अवलोकनबाट विद्यार्थीका विश्वसनीय र वस्तुगत तथ्याङ्क सङ्कलन गरी कक्षाशिक्षणमा सुधारात्मक निर्णयहरूको प्रयोग गरिन्छ । व्यवहार अवलोकन निश्चित समयको अन्तरालमा गरिरहनु पर्छ र अपेक्षित व्यवहारको सुधार नहुन्जेल यो क्रम रोक्नु हुँदैन । व्यवहार अवलोकनलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्नुपर्छ । अभिलेखको तुलनात्मक अध्ययनले व्यवहारमा सुधार भएनभएको अवस्थालाई सङ्केत गर्छ । विद्यार्थीहरूका सकारात्मक र नकारात्मक व्यवहारहरू विकास भइरहेका हुन्छन् । समकालीन समाज र समाजको आवश्यकताअनुसारको शिक्षाले निर्देश गरेका र सामाजिक संस्कार तथा सामाजिक न्यायका आधारमा उपयुक्त ठहरिएका व्यवहार स्वीकार्य वा सकारात्मक तथा उपयुक्त नठहरिएका व्यवहार अस्वीकार्य वा नकारात्मक व्यवहार हुन् । व्यवहार अवलोकनले नकारात्मक व्यवहारलाई सकारात्मक बनाउन सहयोग गर्छ । सहभागिता, निर्देशनको पालना, सहपाठीसँगको घुलमेल, शिक्षक र अन्य

व्यक्तिहरूप्रतिको अन्तरक्रिया, सूचना ग्रहण, कार्यसम्पन्नता, बहिर्मुखी स्वभाव, स्पस्टता, सामाजिक अनुशासनको पालना र स्वस्फूर्त व्यवहारको प्रदर्शन जस्ता पक्षलाई स्वीकार्य व्यवहार र निराशा, असहभागिता, होहल्ला, विनाश, साथी र शिक्षकप्रतिको असहमति, ईर्ष्या, काममा अरुचि तथा अन्तर्मुखी व्यवहारलाई अस्वीकार्य व्यवहारका रूपमा लिने गरिन्छ ।

यस्ता व्यवहार हरेक व्यक्तिमा भिन्नभिन्न हुन्छन् र शिक्षकले वैयक्तिक रूपमा व्यवहार अवलोकन फारामको अभिलेखीकरणबाट यस्ता व्यवहारको निर्देश गर्न सक्छन् । व्यवहार अवलोकनका मुख्य उद्देश्य निम्नलिखित हुन्छन् :

- विद्यार्थीको व्यवहार अध्ययन र समस्या समाधान गर्नु,
- प्राथमिकता दिन खोजिएको विद्यार्थी व्यवहार पत्ता लगाउनु,
- विद्यार्थीले प्रदर्शन गर्ने सकारात्मक/नकारात्मक व्यवहारको जानकारी, ती व्यवहार देखाउने समय र कारण पत्ता लगाउनु,
- विद्यार्थीका व्यवहारको प्रशंसा वा सुधार गर्नु,
- शिक्षक-व्यवहार र विद्यार्थी-व्यवहारबीचको सम्बन्ध पत्ता लगाउनु,
- शिक्षण व्यवहारमा परिवर्तन, सुधार र नवप्रवर्तन गर्नु ।

यी विभिन्न उद्देश्यले विद्यार्थीको व्यवहार अवलोकन गरिन्छ । व्यवहार अवलोकन गर्दा विद्यार्थीको संज्ञात्मक, प्रभावी र मनोक्रियात्मक व्यवहार अध्ययन गरिन्छ । यी सबै पक्षको लिखित अभिलेखीकरण सम्भव हुँदैन र व्यवहार अवलोकनमा कुन पक्षलाई प्रधानता दिने र अवलोकन फाराम कसरी विकास गर्ने भन्ने कुरा पनि शिक्षकमै निहित हुन्छ । यहाँ व्यवहार अवलोकनका एउटा सामान्य नमुना दिइएको छ ।

**व्यवहार अवलोकन फाराम**

विद्यार्थीको नाम : कक्षा : अवलोकन कर्ता :

अवलोकन मिति :

| क्र.सं. | व्यवहार/आचरणका क्षेत्रहरू | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्पष्ट बोल्ने | | | | |
| २. | बोलाइका लागि शब्द चयनमा ध्यान दिने | | | | |
| ३. | छलफलमा भाग लिने | | | | |
| ४. | पढाइमा रुचि राख्ने | | | | |
| ५. | कक्षाकार्यमा सहभागी हुने | | | | |
| ६. | भाषिक क्रियाकलापमा उत्सुक हुने | | | | |
| ७. | लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने | | | | |
| ८. | सिर्जनात्मक क्षमता प्रदर्शन गर्ने | | | | |
| ९. | नियमित उपस्थिति र सहभागिता देखाउने | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | सामाजिक अनुशासन पालन गर्ने | | | | |
| ११. | लगनशील र मिलनसार | | | | |
| १२. | अन्य आवश्यक र अपेक्षित पक्ष | | | | |
| | (क)<br>(ख) | | | | |

यस्तो व्यवहार अवलोकन फाराम कक्षाका विद्यार्थीको विभेदीकरण, अपेक्षित व्यवहारको साङ्केतिक पक्ष (जस्तै : उच्चारण, वाचन, शब्दार्थ ज्ञान आदि) र अन्य आवश्यकीय जुनसुकै पक्षलाई लिएर शिक्षक आफैँले निर्माण गरी प्रयोग गरेर अभिलेखीकरण गर्नुपर्छ । यस क्रममा शिक्षकले निम्नलिखित पक्षमा विशेष ख्याल गर्नुपर्छ :

- शिक्षक विद्यार्थीको पढ्ने, लेख्ने, बोल्ने, तर्क गर्ने आदि साक्षरता विकासको स्तर थाहा हुनुपर्छ ।
- आफूले अध्यापन गर्ने विषय, सम्बन्धित पाठ्यक्रम, पाठ्यवस्तु र सहयोगी सामग्रीका बारेमा स्पष्ट ज्ञान हुनुपर्छ,
- विद्यार्थीले सुधार गरिसकेको व्यवहार/प्राप्त उपलब्धि र सुधारोन्मुख व्यवहारका बारेमा ज्ञान हुनुपर्छ,
- शिक्षक आफ्नो विषयवस्तु, विषय सम्बद्ध शिक्षण/सहजीकरण शिल्प र उपलब्धि आँकलन शिल्पमा दक्ष हुनुपर्छ,
- कक्षाकोठा व्यवस्थापन र शैक्षणिक व्यवस्थापमा दक्ष हुनुपर्छ,
- व्यक्तित्व विकास, समावेशी शिक्षण र बालमनोविज्ञानको ज्ञान हुनुपर्छ ।

**(ख) कक्षाकोठा अवलोकन**

कक्षाकोठा अवलोकन भन्नाले कक्षाकोठा व्यवस्थापन र कक्षाकोठा सङ्गठनका समग्र पक्षको अवलोकन भन्ने बुझिन्छ । कक्षाकोठा व्यवस्थापनभित्र कक्षाकोठाको भौतिक र शैक्षणिक पक्षका कक्षा वतावरण निर्माण, बसाइ तथा अन्य व्यवस्था, शिक्षकको व्यक्तित्व र गुणस्तर, कक्षा सञ्चालन तालिका र नियम, समूह विभाजनका क्रियाकलाप आदि पर्छन् भने कक्षा सङ्गठनमा कक्षाको सुरुवात गर्ने शिल्प, कक्षा सक्रियता, उत्प्रेरणाका तरिकाहरू आदि पर्छन् । यी समग्र पक्षको अवलोकन कक्षाकोठा अवलोकन हो तापनि शिक्षकले कुनै एक पक्षलाई मात्र निर्देश गरेर पनि कक्षा अवलोकन गर्न सक्छ । आफूले राखेका उद्देश्य र आफ्नो वातावरणसँग उपयोगी हुने विभिन्न प्रकारका फाराम निर्माण गरी शिक्षकले कक्षा अवलोकन गर्न सक्छ । यसको उद्देश्य पनि कक्षा व्यवस्थापन र शिक्षण सुधार गर्नु नै हो । यसका अन्य उद्देश्यहरू निम्नलिखित हुन सक्छन् :

- शिक्षणका महत्वपूर्ण पक्षको उपयोग गरी शिक्षक र विद्यार्थी व्यवहारबीच सामञ्जस्य स्थापना गर्नु,

- सिकाइका लागि कक्षावातावरण उपयुक्त भएनभएको पत्ता लगाई सुधारका उपायको खोजी गर्नु,
- शिक्षकको प्रस्तुति र विद्यार्थी उपलब्धिमा असर पार्ने तत्वहरू पहिचान गर्नु,
- विद्यार्थीको स्तर, शिक्षकको शिक्षण कौशल, व्यवस्थापकीय सक्षमता, दुर्बलता र शिक्षण सिकाइको समग्र अवस्था पत्ता लगाउनु ।

कक्षा अवलोकनका क्रममा निम्नलिखित पक्षको अवलोकन गरिन्छ :

- पाठशिक्षणको स्तर,
- उपलब्धिको स्तर,
- कक्षाकोठाको वातावरणको स्तर,
- मूल्याङ्कनको स्तर,
- विद्यालयको भौतिक अवस्थाको स्तर

विभिन्न शैक्षिक तथा तालिम संस्थाहरूले कक्षाअवलोकन फारामका विभिन्न प्रारूपहरूको प्रयोग गरेका छन् । यहाँ ती विभिन्न फाराममा उल्लेख भएका मुख्य बुँदा समेटी सामान्य नमुना विकास गरिएको छ :

**कक्षाकोठा अवलोकन फाराम**

कक्षा : विद्यालय :
पाठ : मिति :
पाठशीर्षक : अवलोकनकर्ता :

| क्र.सं. | अवलोकनका पक्ष | प्राप्त उत्तर | | | पृष्ठपोषण |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सुधारोन्मुख | |
| १. | **कक्षा तयारी व्यवस्थापन**<br>(क) काम सुरुआत<br>(ख) पाठको तयारी<br>(ग) सामग्री र प्रयोगका ज्ञान<br>(घ) पाठ्यक्रमको ढाँचा<br>(ङ) पाठ्यक्रमका उद्देश्यसँग सम्बद्धता<br>(च) समय पालन | | | | |
| २. | **कक्षा सञ्चालन प्रक्रिया**<br>(क) वस्तुसम्प्रेषण र व्याख्या, समीक्षाको गति<br>(ख) निर्देशन / व्याख्या विश्लेषण<br>(ग) विद्यार्थीलाई पृष्ठपोषण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) विद्यार्थीको स्तरअनुसार सिकाइस्तर<br>(ङ) शैक्षिक सामग्री प्रयोगको समन्वय र उपयुक्तता<br>(च) क्रियाकलापको विविधता<br>(छ) समसामयिक/घटना प्रसङ्गको प्रयोग<br>(ज) विद्यार्थीको संलग्नता र सहभागिता | | | | |
| ३. | **अन्तरक्रिया तथा सामाजिक वातावरण**<br>(क) शिक्षक विद्यार्थीबीच अन्तरक्रिया<br>(ख) विद्यार्थी विद्यार्थीबीच अन्तरक्रिया<br>(ग) अन्तरक्रियामा विविधता<br>(घ) क्रियाकलापमा विद्यार्थी रुचि र सहभागिता<br>(ङ) पाठप्रति उत्प्रेरणा जगाउने तरिका<br>(च) सिकाइप्रति विद्यार्थी सचेतता<br>(छ) पाठ प्रबोधीकरण स्तर | | | | |
| ४. | **शिक्षणको गुणस्तर**<br>(क) विवादमुक्तता<br>(ख) विश्वस्तता<br>(ग) बोलीको प्रयोग<br>(घ) भाषाको प्रयोग<br>(ङ) हाउभाउ र शारीरिक उपस्थिति<br>(च) शिक्षणमा समावेशीकरण | | | | |
| ५. | **भौतिक गुणस्तर**<br>(क) कक्षाको आकार<br>(ख) डेक्सबेन्चको अवस्था<br>(ग) कक्षाकोठाको गुणस्तर (भुइँ, भित्ता, सिलिङ, उज्यालो) आदि<br>(ङ) बसाइ व्यवस्था | | | | |

यस्तो अवलोकन फाराममा शिक्षकले उल्लिखित विभिन्न पक्षमा देखिएका सबलता र दुर्बलताहरू प्रस्तुत गरी सुधारका लागि उपयुक्त सुझावहरू उल्लेख गर्नुपर्छ । यसले कक्षाकोठाको शैक्षणिक अवस्था, विद्यालयको भौतिक र प्रशासनिक अवस्था तथा शिक्षाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउँछ ।

६. **आत्ममूल्याङ्कन**

(अ) यो सामग्री तपाईंको पूर्वधारणालाई सहयोग पुऱ्याउने उद्देश्यले दिइएको हो । अब तपाईंको धारणासँग मिलेका र नमिलेका कुरा छुट्याई सामग्री बारेमा स्पष्ट हुनुहोस् ।

(आ) यो सामग्री पढेपछि तपाईं व्यवहार अवलोकन र कक्षाकोठा अवलोकन विषयमा प्रशिक्षकसँग छलफलमा सफलतापूर्वक सहभागी हुन सक्नुपर्छ । के सक्षम हुनुभयो ? छैन भने टिपोट गर्नुहोस् ।

| यस सामग्रीले मलाई सहयोग पुऱ्याएका पक्ष | मैले अझै छलफल गर्नुपर्ने पक्ष |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

# एकाइ - आठ

१. **शीर्षक** : कक्षाअवलोकन र विश्लेषण सीपहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षा क्रियाकलापका विश्लेषण विधिहरूको परिचय दिन

(ख) नेपाली भाषाको कक्षा शिक्षण र सिकाइमा व्यवहार अवलोकन र विश्लेषण सीपहरूको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) कक्षा क्रियाकलाप विश्लेषण विधि

(ख) व्यवहार अवलोकन र विश्लेषण सीपको कक्षा प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व तलका प्रश्नमा आफ्नो धारणा स्पष्ट पार्नुहोस् :

(क) कक्षा क्रियाकलापको विश्लेषण विधि भनेको के हो र यी विधि कुनकुन हुन् ?

(ख) व्यवहार अवलोकन र विश्लेषण सीपहरूको प्रयोगबाट नेपाली भाषाशिक्षणमा कस्तो सहयोग पुग्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) कक्षा क्रियाकलाप विश्लेषण विधि**

कक्षाकोठाका क्रियाकलाप भन्नाले शिक्षक र विद्यार्थीले शिक्षणसिकाइका लागि प्रयोग गरेका तरिकाहरू हुन् । विद्यार्थीको व्यवहार अवलोकन र कक्षाकोठा अवलोकनका माध्यमले क्रियाकलापहरूको विश्लेषण गर्न सकिन्छ । कक्षा क्रियाकलापहरूको विश्लेषण गर्न निम्नानुसारका विधि प्रयोग गर्न सकिन्छ :

**(अ) शिक्षणको एउटा निश्चित पक्षको अवलोकन** : यस विधिमा विद्यार्थीलाई कुनै क्रियाकलापमा संलग्न गराउनुपूर्व उनीहरूले कुन क्रियाकलापमा बस्नुपर्ने, कुन कुरा सिक्नुपर्ने र त्यसपछि कसरी मूल्याङ्कन गरिने भन्ने कुराको जानकारी दिइन्छ र क्रियाकलाप सञ्चालन गरिन्छ । यसले क्रियाकलाप प्रयोगको सफलता, असफलता र उपलब्धिबारेमा आकलन गर्न सहयोग पुर्‍याउँछ । यस विधिमा शिक्षकले प्रस्तुत गरेका क्रियाकलाप र विद्यार्थीको प्रतिक्रियाको अभिलेखीकरण मुख्य मानिन्छ ।

**(आ) दुई पक्षीय अवलोकन** : विद्यार्थी व्यवहार र प्रभावकारी शिक्षणबीच सम्बन्ध स्थापना गरी शिक्षकको सकारात्मक व्यवहारप्रति उत्प्रेरणा जगाउन दुई पक्षीय अवलोकन गरी क्रियाकलापको विश्लेषण गरिन्छ । यसमा दुई शिक्षकले मिलेर संयुक्त रूपमा दुई पाठयोजना बनाई दुवै शिक्षकले पालैपालो कक्षा लिने र एउटा शिक्षकले अर्को शिक्षकको कक्षा अवलोकन गर्ने गर्नुपर्छ । यसरी दुई शिक्षकले भिन्नाभिन्नै लिएका कक्षामा विद्यार्थीले हासिल गरेका उपलब्धिको तुलनाबाट कक्षा क्रियाकलापको विश्लेषण गर्न सकिन्छ ।

(इ) **विद्यार्थीकेन्द्रित अवलोकन** : आफूले प्राप्त गर्न खोजेको विद्यार्थी व्यवहार आफ्ना क्रियाकलापले विकास गरेनगरेको पत्ता लगाउन र विद्यार्थीमा क्रियाकलापप्रति सकारात्मक/नकारात्मक भावना पत्ता लगाउन विद्यार्थीकेन्द्रित अवलोकन गरिन्छ र आवश्यक सबै पक्ष खुल्ने फाराम तयार पारी प्राप्त अपेक्षित सूचना सङ्कलन गरिन्छ । यिनै सूचनाको विश्लेषणबाट प्रत्येक विद्यार्थीको भिन्नता र प्राप्तिका आधारमा कक्षा क्रियाकलापको विश्लेषण गरिन्छ ।

कक्षा क्रियाकलाप पाठ्यक्रमका निश्चित उद्देश्यसँग सम्बन्धित हुन्छन् । शिक्षक विद्यार्थी माभमा सञ्चालित त्यस्ता क्रियाकलापबाट विद्यार्थीले प्राप्त गरेका उपलब्धिका आधारमा कक्षा क्रियाकलापको विश्लेषण गरिन्छ । क्रियाकलापको बारेमा शिक्षक विद्यार्थी दुवै जानकार र सचेत हुनुपर्छ भने क्रियाकलापको लक्ष्य पनि किटान हुनुपर्छ । यस्तै कक्षा सञ्चालनका क्रममा गरिने अवलोकन फाराममा उल्लिखित विभिन्न पक्षको विश्लेषण पनि कक्षा क्रियाकलाप विश्लेषणका आधार हुन् ।

**(ख) नेपाली भाषाशिक्षण र सिकाइमा व्यवहार अवलोकन र विश्लेषण सीपहरूको प्रयोग**

नेपाली भाषाशिक्षण भाषा प्रयोगसँग सम्बन्धित छ । समाजमा भाषा प्रयोगका विभिन्न अवस्था हुन्छन् । पारिवारिक आर्थिक अवस्थाले भाषा प्रयोगमा ठूलो प्रभाव पार्छ । व्यक्तिको बोली, बोलीको स्तर, सिक्ने अवस्था, सिकाइको क्षमता आदिमा पारिवारिक भाषिक अवस्थाले प्रभाव पार्छ र यसकै आधारमा विद्यार्थी व्यवहार निर्देशित हुन्छ । उदाहरणार्थ कुनै परिवारका बाबुआमा अशिक्षित छन् तर त्यस परिवारको बच्चा सिक्न उत्सुक छ । बच्चा सिक्ने उत्सुकता राख्छ तर आमाबाबुलाई उत्तर थाहा छैन र 'नकरा' भन्ने जवाफ दिन्छन् भने कालान्तरमा उसको व्यक्तिगत व्यवहार जिज्ञासु नभई निराशाजनक र दमित हुन्छ । यो भाषासिकाइका लागि नकारात्मक व्यवहार हो । स्वीकार्य र असल व्यवहारसहितको परिवेश र सन्दर्भअनुकूल भाषा प्रयोग नेपाली भाषा शिक्षणसिकाइको आधार हो । यसका लागि शिक्षकले माथि उल्लेख भएअनुसारका अपेक्षित पक्षको सूचना प्राप्त हुने गरी व्यवहार अवलोकन फाराम निर्माण गरेर त्यसबाट प्राप्त सूचनाको अभिलेखीकरण गर्नुपर्छ । यसरी हरेक विद्यार्थीको व्यवहार अवलोकन विश्लेषणको समग्रताबाट भाषा सिकाइका क्रियाकलापको प्रयोगलाई प्रभावकारी बनाउन सकिन्छ ।

विद्यार्थी व्यवहार विश्लेषणका लागि निम्नानुसारका प्रक्रिया अपनाउन आवश्यक छ :

- प्रत्येक विद्यार्थीहरूलाई नेपाली भाषा प्रयोग गर्ने अवसर दिई समूह कार्य तथा अन्य क्रियाकलापबाट पर्याप्त भाषिक शैक्षणिक अभ्यास गराउनुपर्छ,
- कक्षामा विद्यार्थीको स्वीकार्य व्यवहारसहितको सहभागिता विकास गराउनुपर्छ । स्वीकार्य व्यवहारसहितको सहभागिता भन्नाले विद्यालयका नियमप्रति सहमति, निर्धारित समयमा कक्षा उपस्थिति, शिक्षकप्रति सजगता र निर्देशन पालनालाई लिइन्छ भने बेवास्ता, बाधक व्यवहार, अस्वीकृतिलाई अस्वीकार्य व्यवहार मानिन्छ । यसले विद्यार्थीलाई असफलतामा पुऱ्याउने भएकाले यिनलाई हटाई स्वीकार्य व्यवहारसहितको सहभागितातर्फ डोऱ्याउनुपर्छ,

- भाषा प्रयोगमा स्वतन्त्रता भएमा विद्यार्थीमा स्वपहिचान बढ्ने भएकाले भाषिक वातावरण तयार गर्नुपर्छ,,
- आर्थिक स्तरका कारण सिकाइको अवसर नपाएका र दोस्रो भाषाका रूपमा नेपाली किसिरहेका विद्यार्थीहरूको व्यवहारमा उक्त दुवै समस्या बाधक हुने भएकाले उनीहरूको स्तरअनुसारको भाषा प्रयोगको वातावरण सिर्जना गरिदिनुपर्छ ।

यसरी नेपाली भाषाशिक्षणका क्रममा भाषिक स्वीकार्य व्यवहार विकास गराउन शिक्षकले निम्नलिखित पक्षमा ध्यान दिनु आवश्यक छ :

- परिवर्तन गर्नुपर्ने भाषिक व्यवहारमा केन्द्रित हुनु,
- विकास गर्न चाहेको नयाँ व्यवहार पहिचान गर्नु,
- सबै विद्यार्थीलाई नयाँ व्यवहारमा अभ्यास गर्ने अवसर प्रदान गर्नु,
- भाषिक सीपहरूको प्राप्तिका अभावमा सिकाइमा हुने गल्ती निराकरणको अवसर दिनु,
- आफ्नो सिकाइमा जीवनोपयोगी सीप सिकाइ प्रक्रियाको पहिचान, भाषिक समस्या समाधान, प्रवर्तनात्मक सिर्जनात्मक सिकाइ र सूचना सम्प्रेषणमा ध्यान दिनु ।

व्यवहार अवलोकन र तिनको विश्लेषण तथा कक्षा क्रियाकलाप विश्लेषणबाट भाषा शिक्षणसिकाइमा आवश्यक विशेष सीपहरू प्राप्त हुन्छन् । भाषाशिक्षणमा यस्ता सीपको प्रयोग गरिनुपर्छ । उदाहरणार्थ नेपाली भाषाशिक्षणका क्रममा शिक्षकसँग निम्नलिखित शिल्प हुनु आवश्यक छ :

- मेरा विद्यार्थीले नेपाली भाषाको आधारभूत सीपमा कसरी दक्षता हासिल गर्लान् ?
- के मैले प्रयोग गरेका क्रियाकलाप नेपाली भाषा सिकाइका लागि पर्याप्त छन् ?
- मेरा विद्यार्थीमा स्वीकार्य भाषिक व्यवहार विकास भएका छन् ?
- मेरा विद्यार्थीलाई नेपाली भाषा प्रयोगमा सक्षम बनाउन मैले के गर्नुपर्छ र विद्यार्थीले के गर्नुपर्छ ?

यसको उत्तरमा सिर्जना हुने विषयगत सीपहरू, भाषिक वातावरण, प्रवर्तनात्मक विधि आदिसँग सम्बन्धित सीप नै अवलोकन र विश्लेषण सीपहरू हुन सक्छन् ।

(ख) यो सामग्री र तपाईंको पूर्वधारणा तुलना गर्नुहोस् ।

### ६. आत्मसूल्याङ्कन

यो सामग्री मूलतः क्रियाकलाप विश्लेषण तथा व्यवहार अवलोकन र विश्लेषण सीपको कक्षा प्रयोगसँग सम्बन्धित छ । यसबाट टिपोट गर्नुहोस् ।

| मैले पुनस्मरण गरेँ | मलाई अझै आवश्यक छ |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

# एकाइ – आठ

१. **शीर्षक** : शिक्षक र विद्यार्थीको सामर्थ्य र कमजोरी

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) भाषाशिक्षणका सन्दर्भमा शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्य पत्ता लगाउने तरिका बताउन

(ख) भाषाशिक्षणमा देखिने कमजोरी पत्ता लगाउने तरिका बताउन

३. **विषयवस्तु** :

(क) शिक्षक, विद्यार्थी र अभिभावकका सामर्थ्य पत्ता लगाउने तरिका

(ख) कमजोरी पत्ता लगाउने तरिकाहरू

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व नेपाली भाषा शिक्षणसिकाइका क्रममा शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्य तथा कमजोरी केके हुन सक्छन् भन्ने बारेमा सोची धारणा बनाउनुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) शिक्षक, विद्यार्थी र अभिभावकहरूको सामर्थ्य पत्ता लगाउने विधिहरू**

नेपाली भाषाको शिक्षणसिकाइ विद्यार्थी, शिक्षक र अभिभावकसँग सम्बन्धित छ । भाषा सिकाइलाई प्रभावकारी बनाउन यी तीनै पक्षको उत्तिकै जिम्मेवारी रहन्छ । शिक्षणसिकाइको सन्दर्भमा प्रत्येक व्यक्तिका केही न केही व्यवस्थापकीय, वाचनिक र सिर्जनात्मक सामर्थ्य हुन्छन् । अर्को अर्थमा सामर्थ्य भनेको नै सैद्धान्तिक ज्ञानलाई सिर्जनात्मक रूपमा व्यवहारमा उतार्ने क्षमता भन्न सकिन्छ । भाषाशिक्षणमा सामर्थ्य र सम्पादनको विशेष भूमिका हुन्छ । यहाँ सामर्थ्य भनेको भाषाका विभिन्न संरचना ग्रहण गर्न सक्ने मानसिक क्षमता हो भने सम्पादन भने भाषा प्रयोग गर्ने सिर्जनात्मक र उत्पादनमूलक शिल्प हो ।

भाषा शिक्षणसिकाइका शिक्षक, विद्यार्थी र अभिभावकका केकस्ता सामर्थ्य हुन्छन् भन्ने कुरा पत्ता लगाउन विभिन्न प्रकारका व्यवहार अवलोकन, कक्षा अवलोकन, शैक्षणिक स्तरमापन, पाठशिक्षणको स्तरमापन, उपलब्धिको स्तरमापन, कक्षाकोठाको वातावरणको स्तरमापन र मूल्याङ्कनको स्तराङ्कनसम्बन्धी फारामहरूको विश्लेषण गर्नुपर्छ । यस्ता मापनहरू वास्तविक भएमा शिक्षक विद्यार्थीको सामर्थ्य पत्ता लाग्छ भने अभिभावकको सामर्थ्य पत्ता लगाउन अभिभावककेन्द्री अनुसन्धानको आवश्यकता पर्छ ।

संज्ञानात्मक ज्ञान र शारीरिक सीपलाई सिर्जनात्मक व्यवहारमा ढाल्नु सामर्थ्य हो । व्यक्तिको कार्यसम्पादनस्तर, क्रियाकलाप र सिकाइका लागि प्राप्त समय र पूर्वाधार तथा कार्यप्रतिको सक्रियताले सामर्थ्य निर्देश गर्छ । यी तीन पक्षमध्ये तुलनात्मक रूपमा शिक्षक सबैभन्दा सामर्थ्यवान् हुनुपर्छ ।

शिक्षकको सामर्थ्य निम्नानुसार पत्ता लगाउन सकिन्छ :

- शिक्षकले आफ्नो अध्यापन समयको ख्याल गर्छन्-गर्दैनन्,
- शिक्षक नियमित रूपमा विद्यालय आउँछन-आउँदैनन्,
- शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सहयोगी सामग्रीको अध्ययन गर्छन-गर्दैनन्,
- शिक्षकले पाठयोजना र शैक्षिक सामग्री प्रयोग गर्छन-गर्दैनन्,
- शिक्षक वस्तुविश्लेषण/समीक्षामा दक्ष छन-छैनन्,
- शिक्षकले आत्ममूल्याङ्कन गर्छन-गर्दैनन्,
- शिक्षकले विद्यार्थीकेन्द्री र अन्तरक्रियाकेन्द्री विधि प्रयोग गरी विद्यार्थीलाई गरेर सिक्न दिएका छन्-छैनन्,
- शिक्षकले विद्यार्थी उपलब्धिको जानकारी अभिभावकलाई गराएका छन्-छैनन् ।

यस्तै विद्यार्थीको सामर्थ्य निम्नानुसार पत्ता लगाउन सकिन्छ :

- के विद्यार्थी नियमित उपस्थित छन् ?
- विद्यार्थीले शिक्षकका शैक्षणिक क्रियाकलापको निर्देशन पालन गर्छन् ?
- सबै विद्यार्थीले पूर्ण उपलब्धि हासिल गरेका छन् ?
- विद्यार्थी भाषिक सञ्चार र भाषिक समस्या समाधानमा सक्षम छन् ?
- विद्यार्थीमा सिक्ने सकारात्मक र सिर्जनात्मक उत्प्रेरणा प्राप्त भएको छ ?

शिक्षण प्रक्रियाका क्रममा अभिभावकको सामर्थ्य पत्ता लगाउने कार्य जटिल छ । हाम्रो परिवेशमा बहुभाषिक समाजमा रहेका विद्यालयमा नेपाली भाषाशिक्षण गरिने हुँदा सबै अभिभावकको नेपाली भाषिक सामर्थ्य नहुन सक्छ तापनि अभिभावकको सामर्थ्य निम्नानुसार पत्ता लगाउन सकिन्छ :

- विद्यार्थीलाई भाषिक वातावरण सिर्जना गरिदिने पक्ष हेरेर,
- विद्यार्थीलाई गृहकार्य गराउने पक्ष हेरेर,
- विद्यार्थीको उपलब्धिको बारेमा जानकारी लिनेनलिने पक्ष हेरेर,
- शिक्षकसँग भेटघाट र अन्तरक्रिया गर्ने पक्ष हेरेर ।

उल्लिखित विभिन्न आधारहरूको सकारात्मक परिणतिका आधारमा शिक्षक, विद्यार्थी र अभिभावकको भाषाशिक्षणमा सामर्थ्य पहिचान गर्न सकिन्छ ।

**(ख) कमजोरी पत्ता लगाउने तरिकाहरू**

नेपाली भाषा शिक्षणसिकाइमा शिक्षक, विद्यार्थी र अभिभावकमा सामर्थ्य देखिए कमजोरी रहदैनन् र सामर्थ्य कमजोर देखिए कमजोरी प्रबल हुन्छन् ।

माथि उल्लेख गरिएका आधार नकारात्मक देखिए स्वतः कमजोरी देखिन्छन् तापनि सोझै हेर्दा शिक्षक, विद्यार्थी र अभिभावकका कमजोरी निम्नानुसार पत्ता लगाउन सकिन्छ :

- शिक्षक तथा विद्यार्थी नियमित रूपमा विद्यालय आउँछन्-आउँदैनन्,

- शिक्षकले पाठयोजना र शैक्षिक सामग्रीविना शिक्षण गर्छन्-गर्दैनन्,
- शिक्षकले कुनै क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउँदैनन् र गराउँदा पनि सबैलाई पालो दिन्छन्-दिँदैनन्,
- शिक्षकले सोधेका प्रश्नको उत्तर दिन विद्यार्थी सक्दैनन् र अवलोकनकर्तालाई यसको चित्तबुझ्दो जवाफ दिन शिक्षकले पनि सक्छन्-सक्दैनन्,
- विद्यार्थीमा पढ्ने रुचि छ-छैन,
- विद्यार्थीहरू गृहकार्य गर्छन्-गर्दैनन्,
- अभिभावकहरू विद्यार्थीको उपलब्धि बुझ्न विद्यालयमा आउँछन्-आउँदैनन् ।

यी सबल र दुर्बल पक्षको अभिलेखीकरणले भाषा शिक्षणसिकाइमा सहयोग पुऱ्याउँछ ।

## ६. आत्ममूल्याङ्कन

(क) यस सामग्रीबाट तपाईंले आफ्ना विद्यार्थीका र अभिभावकका सामर्थ्य र कमजोरी पहिल्याई शिक्षणमा सुधार ल्याउन सक्नुपर्छ । सकिएला ।

(ख) के यो सामग्रीको प्रस्तुति र तपाईंको पूर्वधारणा समान देखियो ?

# एकाइ - आठ

१. **शीर्षक** : शिक्षक र विद्यार्थीका सामर्थ्य र कमजोरी

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) उच्चता र हीनता ग्रन्थिको पहिचानका पद्धति बताउन

(ख) नेपाली भाषा शिक्षणसिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको पहिचान र प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) उच्चता र हीनता ग्रन्थिको पहिचान पद्धति

(ख) नेपाली भाषा शिक्षणसिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्रीको अध्ययन गर्नुपूर्व माथिका उद्देश्यमाथि विचार गर्नुहोस् र त्यसप्रति तपाईंको धारणामा स्पष्ट हुनुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) उच्चता र हीनता ग्रन्थिहरूको पहिचानका पद्धति**

आफू ठूलो हुँ वा म मात्रै जान्ने हुँ भन्ने मानसिकतालाई उच्चताभास र म कमजोर स्तरको हुँ भन्ने भावलाई हीनताभास भनिन्छ । यो मानसिक प्रक्रिया हो । शरीरमा उच्चता ग्रन्थिको सक्रियताले उच्चताभास र हीनता ग्रन्थिको सक्रियताले हीनताभासको विकास हुन्छ । अक्स्फोर्ड डिक्सनरीका अनुसार मस्तिष्कको एउटा भागको सक्रियताका कारण आफूभन्दा अरू नै जान्ने बुझ्ने भए पनि म सबैभन्दा जान्ने, असल र महत्वपूर्ण छु भन्ने भावना राख्नु उच्चताभास हो र म कमजोर र नजान्ने छु भन्ने विचार राख्नु हीनताभास हो ।

मानसिक विकासको प्रक्रिया, पोषणको अवस्था र घरायसी वातावरणका कारण व्यक्तिमा उच्चता वा हीनता ग्रन्थि सक्रिय हुन सक्छ । अत्यन्त लाडप्यारमा पालिएका, दुःख वा अप्ठ्याराको अनुभव नै गर्न नपाएका र एकोहोरो मानसिकतामा विकसित भएका बालबालिकामा उच्चता ग्रन्थिको विकास हुन सक्छ । यस्तै आफ्नो मानसिक क्षमता प्रदर्शन गर्न नपाएका, नकारात्मक मानसिक असर परेका (मृत्यु, दमन, हिंसा आदि) र परिवारमा बोल्ने, खेल्ने आदि अवसर पर्याप्त नपाएका बालबालिकामा हीनता ग्रन्थि सक्रिय हुन सक्छ । यसैगरी कक्षामा/अन्यत्र बालकका विचार स्वीकार नगरिएमा, नसुनिएमा, अवसर नदिइएमा वा विचार दमन गरिएमा पनि हीनता ग्रन्थि सक्रिय हुन्छ । यसका विपरीत अति स्वतन्त्रता, अति सहभागिता चाहिँ उच्चता ग्रन्थिका सक्रियताका कारक हुन् ।

यस दृष्टिले कक्षामा दुई समूहका विद्यार्थी हुन्छन्- उच्चता ग्रन्थि सक्रिय भएका वा उच्चताभासयुक्त र हीनता ग्रन्थि सक्रिय भएका वा हीनताभासयुक्त । यी विद्यार्थीहरूको पहिचान नगरी गरिने शिक्षण प्रभावकारी हुँदैन । कक्षामा उच्चता र हीनता ग्रन्थिको विकास भएका विद्यार्थी पहिचान गर्न निम्नलिखित तरिका अपनाउन सकिन्छ :

**(ख) उच्चताग्रन्थिको पहिचान**

- विद्यार्थीलाई बास्तवमा थाहा छैन तर जान्दछु भन्ने गर्व गर्छ,
- आफ्ना सहपाठीहरूका विचार स्विकार्दैन र साथीहरूलाई सहयोग पनि गर्दैन,

- ठीक-बेठीक ठाउँमा उपयुक्त-अनुपयुक्त कुरा बोलिरहन्छ,
- अरू जान्दैनन् तर म जानिहाल्छु, गरिहाल्छु भन्ने भाव राख्छ,
- शिक्षकका असल पक्षको समेत विरोध गर्छ,
- कसैको अनुपस्थितिमा कुरा काटिरहन्छ,
- ईर्ष्यालु र रिसाहा प्रवृत्तिको छ ।

यी उच्चता ग्रन्थि पहिचान गर्ने सामान्य र दृश्य आधार हुन् । यसका वास्तविक कारण र वैज्ञानिक पक्ष मनोविज्ञानवेत्ता/मनोचिकित्सकहरूले मात्र खुट्याउन सक्छन् ।

**(ग) हीनता ग्रन्थिको हिचान**

- म जान्दिनँ वा जान्दछु भन्ने जान्दैन,
- क्रियाकलापहरूमा सहभागी हुन चाहँदैन,
- नबोली वा दबिएरै बस्न चाहन्छ,
- शिक्षक/साथीहरूसँग अन्तरक्रिया कम गर्छ,
- कक्षामा आफ्नो उपस्थिति बोझ ठान्छ ।

उच्चता वा हीनता ग्रन्थिलाई मनोरोग मानिन्छ र शिक्षण सिकाइमा यी दुवैको नियन्त्रण आवश्यक छ ।

नेपाली भाषाशिक्षणमा शिक्षक र विद्यार्थी दुवैका सामर्थ्यलाई उपयोग गर्न सकिन्छ । अघिल्लो सत्रमा उल्लेख गरिएका विभिन्न आधारहरूले शिक्षक तथा विद्यार्थीका सामर्थ्य र कमजोरी दुवै पत्ता लाग्छ । त्यस आधारमा प्राप्त कमजोरी निराकरण गर्नका लागि सामर्थ्यको प्रयोग गर्नुपर्छ । विद्यार्थी, शिक्षकको सामर्थ्यलाई कक्षाशिक्षणमा प्रयोग गर्न र कमजोरी निराकरण गरी निरन्तर पृष्ठपोषण गर्न अवलोकन तथा उपलब्धिको व्यवस्थित अभिलेखीकरण र विश्लेषण गर्ने कार्य शिक्षकले गरिरहनुपर्छ ।

## ६. आत्ममूल्याङ्कन

(क) यो सामग्री पढेपछि तपाईंले आफ्नो धारणालाई अझ बलियो पार्नुभयो ? कसरी ?

(ख) मैले यो सामग्री राम्ररी पढेँ ।

- यसमा मलाई यी पक्ष उपयोगी सिद्ध भए :
  १.
  २.
  ३.
  ४.
  ५.
- यी पक्षबारेमा मैले प्रशिक्षकसँग छलफल गर्नुपर्छ :
  १.
  २.
  ३.
  ४.
  ५.

## एकाइ – आठ

१. **शीर्षक** : मध्यस्थता र सहजीकरण सीपहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) बहुविविधता प्रदर्शनका पद्धतिहरू पहिल्याउन

(ख) सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू बताउन

(ग) उच्चता र हीनता ग्रन्थिको व्यवस्थापनका तरिकाहरू पहिल्याउन

३. **विषयवस्तु** :

(क) बहुविविधता प्रदर्शनका पद्धतिहरू

(ख) सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू

(ग) उच्चता ग्रन्थि र हीनता ग्रन्थिको व्यवस्थापन गर्ने तरिकाहरू

४. **पूर्वसिकाइ धारणा** :

यो सामग्री अध्ययन गर्नुपूर्व तपाईंले निम्नलिखित विषयमा आफ्नो धारणा स्पष्ट पार्नुहोस् :

(क) बहुविविधता प्रदर्शनका पद्धतिहरू केके हुन सक्छन् ?

(ख) शिक्षक र विद्यार्थीका सामर्थ्य र कमजोरीलाई कसरी सम्बोधन गर्न सकिएला ?

(ग) कक्षाशिक्षणमा उच्चता र हीनता ग्रन्थिको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) बहुविविधताको प्रदर्शनका पद्धतिहरू**

एउटै कक्षामा एकभन्दा बढी भाषा, धर्म, जातजाति, लिङ्ग, शारीरिक, मानसिक अवस्था, संस्कृति आदिका बालबालिका रहनुलाई बहुविविधता भनिन्छ । विद्यार्थीको सामाजिक, पारिवारिक, धार्मिक, सांस्कृतिक, आर्थिक पृष्ठभूमि पत्ता लगाउन, संवेगात्मक अवस्था पहिचान गर्न तथा सिकाइको गति र त्रुटिक्षेत्र पहिल्याई शिक्षण गर्न बहुविविधताको अवस्थाको जानकारी आवश्यक छ । बाल मानसिकतामा पर्ने नकारात्मक असर घटाउन, सिकाइमा प्रोत्साहन र उत्प्रेरणा बढाउन, धार्मिक र सांस्कृतिक सम्मानको भावना विकास गराउन, मातृभाषा र संस्कृतिले विद्यार्थीमा पार्ने असर कम गर्न, कक्षा छाड्ने क्रम घटाउन र समावेशी संस्कृतिको विकास गर्न बहुविविधताको प्रदर्शन आवश्यक छ ।

नेपाली भाषाशिक्षणका कक्षामा लैङ्गिक, जातीय जनजातीय, भाषिक, सांस्कृतिक, क्षेत्रगत, अपाङ्गगत, बालश्रम, द्वन्द्व र सडक बालबालिकाजन्य, शरणार्थी समस्यागत, पिछडिएका र दलित समुदायसम्बद्ध र मूल्यमान्यतागत विविधता देखा पर्न सक्छन् । अन्धविश्वास, धार्मिक, सांस्कृतिक परम्परा, असन्तुलित विकास, भौगोलिक विकटता, पारिवारिक कलह, दुर्घटना, कुपोषण, गरिबी, यातना, शारीरिक/मानसिक विकासमा जन्मजात अवरोध, उपचारको अभाव, जातीय छुवाछुत र समान संस्कृतिको अभाव बहुविविधताका कारक तत्व हुन् ।

यस्ता बहुविविधताका बारेमा शिक्षक जानकार नभए शिक्षण प्रभावकारी हुँदैन । बहुविविधता प्रदर्शन/सम्मान/पहिचानका पद्धतिहरूलाई कक्षाकोठामा निम्नानुसार उपयोग गर्नुपर्छ :

- विद्यार्थीले विद्यालयमा प्रदर्शन गर्ने विविधतायुक्त व्यवहार (नकारात्मकबाहेक) लाई उचित सम्मान गर्ने,
- सबै विद्यार्थीका विविधतालाई समूहीकृत गरी साझा विशेषता तयार पार्ने,
- कक्षाकोठामा साझा क्रियाकलाप र मूल्याङ्कन साधन प्रयोग गर्ने,
- शिक्षक, विद्यार्थी अन्तरक्रियामा सबै विविधतालाई उचित रूपमा सम्बोधन गर्ने,

- विद्यार्थीका वैयक्तिक विविधता सूची तयार पारी उक्त विविधतालाई प्रयोग गर्ने र अन्य विविधतालाई सामान्यीकरण गर्ने अवसर दिने ।

एउटै पाठ्यक्रमका आधारमा विविधतायुक्त कक्षामा भाषाशिक्षण गरिने भएकाले शब्द प्रयोग, वाक्यगठन र सिर्जनात्मक क्रियाकलाप गराउँदा आक्षेपीकरणलाई निराकरण गर्नु आवश्यक छ ।

**(ख) सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिका**

हामी सामर्थ्य र कमजोरीको छलफल सत्रमा सहभागी भइसकेका छौं । शिक्षक र विद्यार्थीका सामर्थ्य सुधारात्मक शिक्षण र पाठ्यक्रमका उद्देश्यपूर्तिका लागि उपयोगी हुने भएकाले यिनको उपयोग गरिनुपर्छ । यस्तै विद्यार्थीका हरेक सामर्थ्यलाई शिक्षकले उचित सम्बोधन गर्नुपर्छ । सामर्थ्यलाई निम्नानुसार सम्बोधन गर्न सकिन्छ :

- विद्यार्थीको कुनै पनि पक्षमा अपेक्षित वा आकस्मिक सामर्थ्य देखा पर्नासाथ त्यसलाई पुनर्बल प्रदान गर्नुपर्छ । (उदाहरणार्थ : शुद्ध लेखेमा स्याबास भनिदिने)
- विद्यार्थीको प्रत्येक रुचि (सिकाइ चाहना) को समर्थन गर्दै सिकाइ वातावरण मिलाइदिनुपर्छ,
- विद्यार्थीको सामर्थ्यलाई पटकपटक प्रयोग र अभ्यास गर्ने अवसर दिनुपर्छ,
- विद्यार्थीको सामर्थ्य अरू विद्यार्थीमा पुऱ्याउने र सामर्थ्य स्थानान्तरण गर्ने अवसर प्रदान गर्नुपर्छ,
- विद्यार्थी सामर्थ्यका आधारमा नेतृत्वको जिम्मेवारी दिई सिकाइप्रति उत्तरदायी बनाइनुपर्छ,
- यो विद्यार्थीको यो सामर्थ्य यहाँ प्रयोग भयो भन्ने जानकारी अन्य विद्यार्थीसमेतलाई दिइनुपर्छ,
- विद्यार्थी सामर्थ्यको सामूहिक प्रशंसा गरी कक्षाशिक्षणमा उपयोग गर्नुपर्छ ।

यसैगरी विद्यार्थीमा भाषासिकाइगत विभिन्न कमजोरीहरू हुन सक्छन् । भाषिक वातावरण, पारिवारिक अवस्था, ग्रन्थिको सक्रियता, सहभागिता र अवसर आदिका कारण विद्यार्थीमा कमजोरी देखिन सक्छन् । यस्ता कमजोरीलाई निम्नानुसार सम्बोधन गर्न सकिन्छ :

- विद्यार्थीका कमजोरीलाई सोझो दण्ड नदिई सुधारात्मक पृष्ठपोषण दिनुपर्छ,
- कमजोरी सुधार्ने पर्याप्त अवसर दिइनुपर्छ,
- कमजोरी सुधार गर्न शिक्षकले आवश्यक सहयोग गर्नुपर्छ र यस्तो सहयोग सामर्थ्यवान् विद्यार्थीबाट पनि गराउन सकिन्छ,
- कमजोरीको वास्तविक कारण पहिल्याई त्यही कारणको निराकरण गर्नुपर्छ ।

**(ग) उच्चता ग्रन्थि र हीनता ग्रन्थिको व्यवस्थापन गर्ने तरिकाहरू**

कक्षाकोठामा उच्चता ग्रन्थि र हीनता ग्रन्थि हुने विद्यार्थी रहने कुरा अघिल्ला सत्रमा छलफल गरियो । भाषा सिकाइमा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने क्रियाकलाप समन्वयात्मक रूपमा गर्नुपर्ने हुन्छ । यस अवस्थामा ग्रन्थिको व्यवस्थापन आवश्यक हुन्छ । अझ भाषासिकाइमा अन्तर्मुखी व्यवहार त घातक नै सिद्ध हुन्छ । यसर्थ नेपाली भाषा शिक्षणसिकाइमा पनि उच्चता र हीनता ग्रन्थिको व्यवस्थापनको आवश्यकता पर्छ ।

उच्चता ग्रन्थिको व्यवस्थापन निम्नानुसार गर्न सकिन्छ :

- कक्षामा उच्चता ग्रन्थि भएका विद्यार्थीको पहिचान गरी अभिलेख गर्ने,
- उनीहरूले आफ्ना विचार, तर्क, अरूका भन्दा विशेष ठान्ने र ती गलत पनि हुने सन्दर्भमा उनीहरूका जस्तै तर्क गलत र अनुचित भएका उदाहरणलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने,
- अरू विद्यार्थीसँग मिलेर मात्र समाना गर्न सक्ने क्रियाकलापमा सहभागी गराउने,

- तत्काल रिसाउने खालका गतिविधि गर्नमा नियन्त्रण गर्ने,
- शिक्षकले नियमित रूपमा सहयोग गरी उच्चता ग्रन्थिको नियन्त्रणमा सहयोग गर्ने ।

उच्चता ग्रन्थि भएका विद्यार्थीमा सानो घटनाले प्रभाव पाऱ्यो भने स्थिति विपर्यय भई उनीहरूमा असामान्य मानसिकता विकास हुन सक्ने हुन्छ । उच्चता ग्रन्थिको व्यवस्थापनमा शिक्षकले यस कुरालाई ख्याल गर्नुपर्छ ।

यसैगरी हीनता ग्रन्थिको व्यवस्थापन निम्नानुसार गर्न सकिन्छ :

- हीनता ग्रन्थि भएका विद्यार्थीको सूची तयार गर्ने,
- यस्ता विद्यार्थीलाई आफ्ना विचार भन्ने र क्रियाकलाप गर्ने पर्याप्त अवसर दिने,
- यस्ता विद्यार्थीलाई बढीभन्दा बढी क्रियाकलापमा सहभागी गराउने,
- उनीहरूले गरेका कार्यलाई प्रशंसा गर्दै आवश्यक सहयोग गर्ने,
- यस्ता विद्यार्थीलाई निरन्तर प्रोत्साहन गरी कक्षाभित्र र बाहिर शिक्षकले निरन्तर अन्तरक्रियामा सहजीकरण गर्ने ।

६. **आत्ममूल्याङ्कन**

(क) तपाईंले सामग्री अध्ययन गर्नुभयो । तपाईंको धारणा र यस सामग्रीको प्रस्तुतिमा केके भिन्नता पाउनुभयो ?

(ख) यस सामग्रीले मलाई यसरी सहयोग पुऱ्यायो :

१.
२.
३.
४.
५.

(ग) मलाई यस विषयमा अझै सहयोग चाहिन्छ :

१.
२.
३.
४.
५.

# एकाइ - आठ

१. **शीर्षक** : मध्यस्थता र सहजीकरण सीपहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अग्र सिकाइ र व्यवहारका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू बताउन

(ख) नेपाली भाषा शिक्षणसिकाइमा दण्ड र पुरस्कारको प्रयोग गर्न

(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धतिको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) अग्र सिकाइ र व्यवहारका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू

(ख) पुरस्कार र दण्डको प्रयोग

(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धति

४. **पूर्वसिकाइ धारणा** :

कक्षा शिक्षणमा तपाईंले विद्यार्थीलाई विभिन्न सिकाइमा सहभागी गराई दण्ड र पुरस्कार पनि दिइसक्नुभएको छ । सिकाइ सहजीकरणका सन्दर्भमा अब पूर्वधारणा तयार गर्नुहोस् :

(क) अग्र सिकाइ र व्यवहारमा विद्यार्थीलाई कसरी सहभागी गराउन सकिन्छ ?

(ख) सिकाइमा पुरस्कार र दण्डको आवश्यकता किन पर्छ ?

(ग) तपाईं सिकाइका लागि निर्देशन कसरी दिनुहुन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) अग्र सिकाइ र व्यवहारमा विद्यार्थी सहभागिता**

अग्र सिकाइ भन्नाले एउटा विषयवस्तुको सिकाइपछि सिकिने अघिल्लो सिकाइ वा नयाँ व्यवहारको अभ्यास हो । सिकिसकेको व्यवहारको पुनरावृत्तिले सिकाइलाई स्थायी बनाउँछ भने अग्र सिकाइले नयाँ विषयवस्तुप्रति प्रविष्ट गराउँछ । विद्यार्थीहरू नयाँ सिकाइ वा नयाँ व्यवहारमा अभ्यस्त हुने रुचि राख्छन् । अग्र सिकाइले सिकाइलाई स्तरीकृत गर्दै थप सिकाइका लागि पथप्रदर्शन गर्छ । यस्तै एउटा सिकाइमा अभ्यस्त भएपछि अगाडि बढ्न खोज्नु सिकाइको प्रवृत्ति नै हो । विद्यार्थीलाई अग्र सिकाइ र व्यवहारमा सहभागी गराउँदा उनीहरूमा गरेर सिक्ने, नयाँ खोजी गर्ने र सिकिरहने बानीको विकास हुन्छ । अग्र सिकाइको अवसर र चाहनाले उच्च अध्ययनलाई प्रोत्साहन र सहजीकरण गर्छ । अग्र सिकाइ र व्यवहारमा विद्यार्थीलाई निम्नानुसार सहभागी गराउन सकिन्छ :

- सिक्न चाहने विद्यार्थीहरूलाई उनीहरूको रुचिअनुसारको सिकाइमा सहभागी गराउने र आवश्यक निर्देशन पनि दिने,
- थप पाठ्य/श्रव्यदृश्य सामग्रीको उपयोग गर्ने वातावरण मिलाइदिने,
- माथिल्लो कक्षाका विद्यार्थी र स्रोतव्यक्तिहरूसँग अन्तरक्रिया गराउने,
- पुस्तकालय/वाचनालयमा अध्ययन गरी आफूले सिकेका कुरा प्रस्तुत गर्न लगाउने,

- सह/अतिरिक्त क्रियाकलापमा सहभागी गराउने,
- उनीहरूले विकास गरेका (उक्त कक्षाभन्दा माथिल्लो कक्षामा अपेक्षित) स्वीकार्य व्यवहारको सामूहिक प्रशंसा गर्ने ।

**(ख) पुरस्कार र दण्डको प्रयोग**

पुरस्कार र दण्डले सिकाइमा प्रभाव पार्छ तर यी दुईमध्ये कुन प्रभावकारी हुन्छ भन्न गाह्रो छ । विद्यार्थीले संलग्न क्रियाकलाप राम्ररी गरेमा वा विद्यार्थीमा अपेक्षित व्यवहार हासिल भएमा पुरस्कार प्रदान गर्ने र सिकाइ नकारात्मक भए अथवा अपेक्षित व्यवहार विकास नभएमा दण्ड दिने परम्परा चलिआएको छ ।

शिक्षाविद्हरूका विचारमा पुरस्कारले सकारात्मक र सिर्जनात्मक व्यवहार विकासमा सहयोग पुऱ्याउँछ भने दण्डले नकारात्मक व्यवहार नदोहोऱ्याउन सहयोग पुऱ्याउँछ । दण्ड नियन्त्रित व्यवहार मानिन्छ । नेपाली भाषाशिक्षणमा दण्डले भन्दा पुरस्कारले बढी सहयोग पुऱ्याउँछ । भाषा सिकाइका क्रममा तिमीले यति राम्रो गऱ्यौ भनेर प्रशंसा गरिदिए मात्र पनि सकारात्मक उत्प्रेरणा प्राप्त हुन्छ । विश्वास, अभिप्रेरणा, पुरस्कार, स्याबासी आदि पुरस्कारका रूप हुन् भने गाली, शारीरिक दण्ड, सहभागी हुन नदिनु आदि दण्डका रूप हुन् ।

अपेक्षित व्यवहारलाई पुरस्कृत गर्ने र अनपेक्षित व्यवहारलाई सजाय दिने दुवै प्रक्रियाबाट सिकाइलाई सहयोग पुग्छ । यी दुईलाई ठीक वा बेठीक भन्न सकिँदैन । विद्यार्थीको व्यवहारमा देखिएको परिवर्तन र सिकाइप्रतिको विश्वसनीयता र रुचि दण्ड वा पुरस्कारका निर्धारक तत्व हुन् ।

आजकल शिक्षणसिकाइमा दण्डलाई प्रयोग गर्दा 'प्रत्यक्ष दण्ड र अप्रत्यक्ष पुरस्कार पद्धति' अपनाउने गरिन्छ । जस्तै कुनै विद्यार्थीले गृहकार्य गरेन भने उसलाई गाली गर्नुको सट्टा 'तिमीले गृहकार्य गरेनौ भने खेलौना पाउँदैनौ' भन्ने निर्देशन दिन सकिन्छ । यसमा दण्डले नभई खेलौना प्राप्ति (पुरस्कार) ले विद्यार्थीलाई स्वस्फूर्त उत्प्रेरणाको काम गर्छ ।

पुरस्कारले विद्यार्थीलाई अग्र सिकाइमा अभिप्रेरित गर्छ भने दण्डले अनुशासन सिकाउँछ । शिक्षाको आधुनिक सिद्धान्तअनुसार जितजितको नतिजा आउने गरी दण्ड वा यातनालाई रचनात्मक कार्यमा उतार्नुपर्छ भनिन्छ ।

भाषाशिक्षणमा मातृभाषा नेपाली नहुनेका लागि पहिलो भाषाका कारणले हुने त्रुटि निराकरणमा सकारात्मक दण्ड र भाषाको उत्पादनमूलक/सिर्जनात्मक अभ्यासमा पुरस्कारको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धति**

निर्देशन भनेको विद्यार्थीलाई क्रियाकलापमा संलग्न गराउने एउटा प्रक्रिया हो । सिकाइलाई व्यवस्थित गर्न विद्यार्थीलाई आवश्यकताअनुसार निर्देशन दिइरहनुपर्ने हुन्छ । निर्देशन सामूहिक र व्यक्तिगत रूपमा दिन सकिन्छ ।

निर्देशनका प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई तरिका हुन्छन् । प्रत्यक्ष निर्देशन भनेको विद्यार्थीलाई व्यक्तिगत रूपमा तपाईंले यो काम गर्नुहोस् भनी दिइने निर्देशन हो । यस्ता निर्देशन पनि व्यक्तिगत वा सामूहिक प्रकृतिका हुन्छन् । उदाहरणका लागि सबैले पुरस्कार शव्दलाई वाक्यमा प्रयोग गर्नुहोस् भन्ने निर्देशन प्रत्यक्ष र सामूहिक निर्देशन हो । रामले 'पुरस्कार' शव्दलाई र रमाले 'दण्ड' शव्दलाई वाक्यमा प्रयोग गर्नुहोस् भन्ने निर्देशन दिइएमा यो प्रत्यक्ष र व्यक्तिगत निर्देशन हो ।

कतिपय विद्यार्थीहरूको स्वभाव प्रत्यक्ष निर्देशन नस्विकार्ने हुन्छ । उनीहरू आफ्नो रुचिका निर्देशनलाई मात्र स्विकार्छन् । यसबखत अप्रत्यक्ष निर्देशनको प्रयोग गर्नुपर्छ । कुनै विद्यार्थीलाई प्रत्यक्ष रूपमा नतोकी सबैले मिल्ने खालको साझा निर्देशन दिइएमा त्यसलाई अप्रत्यक्ष निर्देशन भनिन्छ । उदाहरणका लागि 'फलानो पाठबाट आफूले अर्थ जानेका शब्द खोज्नुहोस्' भन्ने निर्देशन दिएमा यो सबैको रुचिअनुसारको अप्रत्यक्ष निर्देशन हुन्छ ।

कक्षाशिक्षणमा कतिपय अवस्थामा प्रत्यक्ष निर्देशन र कतिपय अवस्थामा अप्रत्यक्ष निर्देशनको उपयोग गर्नुपर्छ । प्रत्यक्ष निर्देशनको उपयोग सामान्यत: निम्नानुसार गरिन्छ :

- कक्षा नियन्त्रण गर्न,
- शिक्षककेन्द्री क्रियाकलाप र विधि प्रयोग गर्न,
- सिद्धान्त, सूत्र, नियम आदि सिकाउन ।

अप्रत्यक्ष निर्देशनको प्रयोग निम्नानुसार गरिन्छ :

- वैयक्तिक रुचिअनुसार कार्य गराउन,
- सामूहिक क्रियाकलापलाई प्रतिस्पर्धात्मक बनाउन,
- विद्यार्थी सहभागी नरहने समस्या समाधान गर्न,
- विद्यार्थीका वैयक्तिक नकारात्मक व्यवहार हटाउन ।

कक्षाशिक्षणमा कुन बेला कस्तो निर्देशन दिने भन्ने कुरा शिक्षकले विद्यार्थीको आवश्यकता, रुचि र कक्षा वातावरणका आधारमा निर्धारण गर्नुपर्छ ।

## ६. आत्ममूल्याङ्कन

(क) के यस सामग्रीले तपाईंको पूर्वधारणालाई सहयोग पुऱ्यायो ?

(ख) यो सामग्री पढेपछि तपाईंले के सिक्नुभयो ?

| मैले सिकें | मैले सिक्न बाँकी नै छ |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

## एकाइ – आठ

१. **शीर्षक** : मध्यस्थता र सहजीकरण सीप

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) निर्देशन र परामर्शका सीपहरू बताउन

(ख) मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्शका लागि नीतिशास्त्रीय आधार बताउन

(ग) भाषाशिक्षणमा मध्यस्थता र सहजीकरण सीपहरूको उपयोग गर्न

३. **विषयवस्तु** :

(क) निर्देशन र परामर्शका सीपहरू

(ख) मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्शका लागि नीतिशास्त्रीय आधार

(ग) भाषाशिक्षणमा मध्यस्थता र सहजीकरण सीपको उपयोग

४. **पूर्वसिकाइ धारणा** :

माथिका उद्देश्य पढ्नुहोस् र तलका प्रश्नको उत्तर विचार गर्नुहोस् :

(क) निर्देशन र परामर्श सीप भनेका के हुन् ?

(ख) मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्शका लागि नीतिशास्त्रीय आधार केके होलान् ?

(ग) नेपाली भाषाशिक्षणमा मध्यस्थता र सहजीकरण सीपलाई कसरी उपयोग गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) निर्देशन र परामर्श सीपहरू**

निर्देशन भनेको कुनै कार्य/क्रियाकलाप गर्नका लागि दिइने आदेशात्मक मार्गनिर्देशन हो । यो व्यक्तिगत र सामूहिक प्रकृतिको हुन्छ र शिक्षककेन्द्रित हुन्छ । यसमा सिकारुले शिक्षकको निर्देशन पालना गरिदेओस् भन्ने चाहना हुन्छ । सिकारुलाई सिक्न अप्ठ्यारो पर्छ र मैले उसलाई सहयोग गर्नुपर्छ भन्ने अग्रज धारणाको उपज हो निर्देशन । गुरु वेत्ता हो, ज्ञानको पुञ्ज हो र उसले विद्यार्थीलाई खटाईखटाई ज्ञान बाँड्नुपर्छ भन्ने धारणासँग निर्देशन सम्बन्धित छ । यसलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रयोग गरिन्छ । निर्देशनबाट विद्यार्थीले विशेषतः आफ्ना रुचिका धारणाहरू प्रस्तुत गर्ने अवसर प्राप्त नगरी शिक्षकद्वारा अपेक्षित र निर्देशित धारणा मात्र प्रस्तुत गर्छन् । कतिपय निर्देशन विद्यार्थी रुचिविपरीत हुने हुँदा विद्यार्थीले त्यसप्रति प्रतिक्रिया जनाउँदैनन् । यसर्थ निर्देशन दिँदा निम्नलिखित शिल्पको प्रयोग गर्नुपर्छ :

- निर्देशनले विद्यार्थीका रुचिलाई समेट्न सक्ने हुनुपर्छ,
- निर्देशन विद्यार्थी आक्षेपमुक्त हुनुपर्छ,
- निर्देशनले विद्यार्थी व्यवहार र शिक्षक व्यवहारबीच सामञ्जस्य स्थापना गर्न सक्नुपर्छ,
- निर्देशन स्पष्ट, कार्यनिर्देशयुक्त र एउटा कार्य/क्रियाकलापमा आधारित हुनुपर्छ ।

परामर्श विद्यार्थीको व्यक्तित्व र व्यवहार परिमार्जनका लागि प्रदान गरिने पृष्ठपोषणात्मक सल्लाह हो । यो विशेषत: निर्देशनात्मक नभई सुझावात्मक हुन्छ । निर्देशन विद्यार्थीले पालना गर्नै पर्छ तर परामर्श पालना गर्न वा नगर्न सकिन्छ । निर्देशनमा विद्यार्थीले स्वीकारात्मक प्रतिक्रिया देखाउनुपर्छ भने परामर्शप्रतिको प्रतिक्रियामा विद्यार्थी स्वतन्त्र हुन्छ । निर्देशन सकारात्मक वा नकारात्मक दुवै व्यवहारका लागि प्रदान गरिन्छ भने परामर्श सकारात्मक व्यवहारकेन्द्री हुन्छ । परामर्श सीपको प्रयोग गर्दा शिक्षकले निम्नलिखित शिल्प प्रयोग गर्न उपयुक्त हुन्छ ।

- विद्यार्थीहरू असल हुन्छन् र उनीहरूलाई खराब भन्नु आवश्यक छैन भने धारणामा आधारित परामर्श दिनुपर्छ,
- विशेषज्ञहरूले कसैको व्यवहारमा परिवर्तन गरिदिन्छन् भन्ने पक्षमा परामर्श दिनु आवश्यक छैन,
- समय, सिकाइको अवसर र ठाउँ प्राप्त गरेमा विद्यार्थीले आफ्ना समस्या आफैँ समाधान गर्न सक्छन्,
- विद्यार्थीको सामान्य धारणा नै सिकाइउन्मुख हुन्छ,
- विद्यार्थीहरू अरूको सहयोगबाट नभई अरूलाई सुनेर र बुझेर सिक्छन्,
- परामर्शले व्यक्तिगत धारणालाई सामान्यीकृत गर्न सक्छ । यी सीपले निम्नलिखित पक्षलाई सङ्केत गर्छन् :
    - आवश्यक ठाउँमा मात्र परामर्श दिनुपर्छ,
    - आवश्यक पर्दा मात्र परामर्श दिनुपर्छ,
    - सिकारुका रुचि र आवश्यकताका आधारमा मात्र परामर्श दिनुपर्छ,
    - परामर्शदाता सहयोगी हो, विशेषज्ञ होइन ।

निर्देशन र परामर्श दुवै भाषाशिक्षणका लागि उपयोगी सीप भए पनि कुनकुन अवस्थामा यिनको प्रयोग गर्ने भन्ने कुरामा शिक्षक सचेत हुनुपर्छ ।

**(ख) मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्शका लागि नीतिशास्त्रीय आधार**

विद्यालय हाताभित्र सिकाइ प्रक्रियाका क्रममा देखिएका सोचाइ, कार्यशैली र विवादका विभिन्न पक्षमा विवादको समाधानका लागि गरिने प्रयासलाई मध्यस्थता भनिन्छ । अपेक्षित व्यवहारको प्रदर्शनमा समस्या देखिएमा मध्यस्थता सीपको प्रयोग गरिन्छ । मध्यस्थता गर्न शिक्षकले निम्नलिखित पक्षको जानकारी हासिल गरेको हुनुपर्छ :

- मध्यस्थता गर्नुपर्ने विषयका सम्पूर्ण पक्षबारे जानकारी हुनुपर्छ,
- मध्यस्थताका लागि दुवै पक्षलाई स्वीकार्य विकल्प दिन सक्नुपर्छ,
- समस्या परेको विद्यार्थीलाई मध्यस्थताका बारेमा जानकारी गराई आफूले पनि एउटा समूहका रूपमा तयारी गर्नुपर्छ,
- प्रतिपक्षको अभिलेखलाई मान्यता दिनुपर्छ,
- मध्यस्थता रुजुसूचीको प्रयोग र पुनरावलोकन गर्नुपर्छ ।

मध्यस्थता रूजु सूचीमा निम्नलिखित पक्ष समावेश हुनुपर्छ :

**१. मध्यस्थकर्ताको छनोट**

आवश्यक अनुभव

- आवश्यक तालिम
- मध्यस्थता विधिहरू
- मध्यस्थता शुल्कदर (आवश्यक भए) र उपयुक्त स्थान
- मध्यस्थकर्ता र सम्बन्धित पक्षबीच सम्झौता

**२. मध्यस्थकर्ताको आत्मविश्वासका लागि पूर्वमध्यस्थता पत्रहरू**

- समस्या तथा स्थितिहरूको विवरण
- सबल र कमजोर पक्षको पहिचान
- समस्या र सम्झौताका लागि समयावधि
- समस्यासँग सम्बन्धित व्यक्ति र उनीहरूसँगको सम्बन्ध
- समस्या समाधानका नियम

**३. पूर्वमध्यस्थताका लागि भेला**

- मध्यस्थताको प्रक्रिया वर्णन
- पूर्व मध्यस्थतासम्बन्धी कागजातको पुनरावृत्ति
- मध्यस्थताका सम्भाव्य उपलब्धिको वर्णन
- संवेदनशील तथा अवास्तविक समस्याको विस्तार
- स्थापित हुनका लागि अधिकारको छलफल
- निर्णयप्रति होसियारी
- समस्याका सबल र दुर्वल पक्षको पुनरावृत्ति

**४. मध्यस्थताका लागि आदेश प्रस्तुति**

- दिइएका प्रावधानको दोहोरो परीक्षण
- उपस्थित हुने व्यक्ति, समय, स्थान र खर्च व्यवस्था (लाग्ने भए) को निश्चितता

**५. मध्यस्थकर्ताको कार्य**

- सम्झाउने र सम्झौता गर्ने
- सम्झाउने र सञ्चार गर्ने
- समस्या परेका व्यक्तिलाई सुरक्षित राख्ने

**६. मध्यस्थकर्ताको वक्तव्य**

- आफ्नो परिचय दिने

- समस्या परेका व्यक्तिको परिचय गराउने
- समस्या परेका व्यक्तिको इमान्दारीको पुष्टि गर्ने
- मध्यस्थताका लागि आफ्नो भूमिका स्पष्ट पार्ने

**७. प्रारम्भिक सहमति**

- समस्याका सबल र दुर्वल पक्षसम्वन्धी छलफल
- अपेक्षित उपलब्धिको मूल्याङ्कन
- प्रस्तावबारे छलफल
- बेवास्ता गर्दा हुने असरबारे छलफल
- प्रारम्भिक अपेक्षाबारे छलफल

यस रुजुसूचीलाई भाषाका समस्यासँगको मध्यस्थतासँग सम्बद्ध गरी शिक्षणसिकाइमा मध्यस्थता सीप प्रयोग गर्नुपर्छ ।

आदेश वा निर्देशन दिने तरिकाभन्दा भिन्न विद्यार्थी क्रियाकलापमा आफू पनि सहभागी भई आवश्यक परेका बेला तत्काल सहयोग गर्ने सीपलाई सहजीकरण सीप भनिन्छ । सहजीकरण विद्यार्थीको अपेक्षाकेन्द्री हुन्छ र यसले सिकाइलाई दीर्घकालीन बनाउँछ । शिक्षकले निम्नलिखित पक्षमा विद्यार्थीलाई सहजीकरण गर्नुपर्ने हुन्छ :

- कुनै विषयवस्तुको धारणा निर्माण गर्ने कुरामा,
- सैद्धान्तिक पक्षको आधार लिई अभ्यास र उत्पादन गर्नुपर्ने पक्षमा,
- सामूहिक क्रियाकलापका क्रममा अन्तरक्रिया गर्नुपर्ने पक्षमा,
- अभ्यास र उत्पादनमा द्विविधा भएमा ।

सहजीकरण विद्यार्थीलाई सहयोग गर्ने सीप हो । यो निर्देशन वा परामर्शका रूपमा नभई सहयोगात्मक सल्लाहका रूपमा प्रयोग गरिन्छ ।

शिक्षणसिकाइमा जोसुकैले मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्श गर्न सक्दैनन् । सामाजिक व्यवस्था, धार्मिक संस्कार, प्रथा र परम्परा, मूल्यमान्यता र रुचि तथा आवश्यकताले यसलाई निर्देशित गर्छन् । विद्यालयमा कतिपय पक्ष विषयशिक्षकले र कतिपय पक्ष प्रधानाध्याकपले नियन्त्रण र निर्देशन गर्न सक्छन् । कतिपय पक्षहरूमा केवल अभिभावकले मात्र मध्यस्थता र सहजीकरण गर्न सक्छन् । सामाजिक व्यवस्थाका अतिरिक्त राजनीतिक व्यवस्था र शिक्षाको स्तरले पनि यस पक्षमा असर पुऱ्याउँछ ।

भाषाशिक्षणको सन्दर्भमा अझ भिन्न स्थिति देखिन्छ । मातृभाषा नेपाली नहुने विद्यार्थीलाई सहजीरकण गर्न नेपाली भाषी शिक्षक र अभिभावक दुवैलाई समस्या पर्छ । मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्श सहमति र स्वीकारोक्तिकेन्द्री हुनुपर्छ । यसका लागि शिक्षकले निम्नलिखित नीतिशास्त्रीय आधारको साथ लिनुपर्छ :

- मध्यस्थता सीपको प्रयोग गर्दा मध्यस्थता सर्त र मध्यस्थता प्रक्रिया विवादकेन्द्री पक्षलाई स्वीकारयोग्य हुनुपर्छ,
- सहजीकरण सीपको प्रयोग गर्दा सहजकर्ता स्वयम् समस्या समाधानको एक पक्षका रूपमा सामेल भई कार्यात्मक सहयोग प्रदान गर्नुपर्छ,
- निर्देशन दिँदा विद्यार्थीको रुचि, आवश्यकता, आक्षेपविहीनता र तात्क्षणिकतालाई ध्यान दिनुपर्छ,
- परामर्श आवश्यक र उचित ठाउँमा मात्र दिनुपर्छ । यो बाध्यात्मक नभई स्वेच्छिक हुनुपर्छ ।

**(घ) नेपाली भाषाशिक्षणमा मध्यस्थता र सहजीकरण सीपहरूको उपयोग**

नेपाली भाषाशिक्षणमा भाषाका आधारभूत सीपको सिकाइक्रियाकलापमा सहभागी भइसकेपछि सिकारुमा देखिएका समस्या समाधानका क्रममा मध्यस्थता सीप र शिक्षण क्रियाकलापकै सरलीकरण र प्रबोधीकरणका लागि सहजीकरण सीप प्रयोग गर्नुपर्छ । मध्यस्थता तथा सहजीकरण सीप विद्यार्थीको रुचि, चाहना र आवश्यकतामा आधारित हुने हुँदा सो सीपको प्रयोगपूर्व शिक्षकले आवश्यक परिवेशको पहिचान गर्नुपर्छ । मध्यस्थता समस्या समाधान नभएमा र सहजीकरण आवश्यक परेमा मात्र प्रयोग गरिन्छ । नेपाली भाषाशिक्षण सिकाइका क्रममा मध्यस्थता र सहजीकरण सीपको उपयोग निम्नानुसार गर्न सकिन्छ :

- नेपाली भाषाशिक्षण सिकाइका क्रममा विद्यार्थीमा देखा परेका पहिलो भाषागत र दोस्रो भाषागत क्षेत्रका समस्या र तिनको प्रकृति पत्ता लगाउन,
- विद्यार्थीले समाधान गर्न नसकेको समस्या, अभ्यास वा उत्पादनलाई दिशानिर्देश गर्न,
- विद्यार्थीको कमजोरीको जानकारी दिई समस्या समाधानका लागि उनीहरूलाई नै सहभागी र उत्प्रेरित गर्न,
- विद्यार्थीसँग छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गरी उद्देश्यप्राप्तिमा समक्ष बनाउन,
- भाषा प्रयोगको अभ्यास र पुनरावृत्तिलाई सरलीकरण गर्न,
- विद्यार्थीका बोलाइ, पढाइ र लेखाइ शिल्पको सुधार गर्न ।

मध्यस्थता र सहजीकरण सीपको प्रयोग कहाँ गर्ने भन्ने कुरामा भने विषय शिक्षकले आफ्नो अनुभवको उपयोग गर्नुपर्छ ।

## ६. आत्ममूल्याङ्कन

(क) तपाईंले सामग्री अध्ययन गरिसक्नुभयो । के तपाईंको पूर्वधारणासँग यस सामग्रीको मतो मिल्यो ?

(ख) यो सामग्री पढेपछि मैले राम्ररी नै पढेँ । यसबाट :

| म स्पष्ट भएँ | अझै छलफल गर्न आवश्यक देखियो |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

१. **शीर्षक** : अन्तर्वैयक्तिक व्यवहार

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सहनशीलता/सहिष्णुता प्रदर्शन गर्ने तरिकाहरू बताउन

(ख) भाषिक प्रस्तुतीकरणमा सरलता र नम्रता देखाउन

(ग) शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू उल्लेख गर्न

(घ) अनुशासित ढङ्गले कक्षा सञ्चालन गर्न

(ङ) नेपाली भाषा शिक्षणसिकाइमा अन्तर्वैयक्तिक व्यवहारको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) सहनशीलता/सहिष्णुता प्रदर्शन गर्ने तरिकाहरू,

(ख) भाषिक प्रस्तुतिमा सरलता र नम्रता,

(ग) शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू,

(घ) अनुशासित कक्षा सञ्चालनका तरिकाहरू,

(ङ) नेपाली भाषा शिक्षणसिकाइमा अन्तर्वैयक्तिक व्यवहारको प्रयोग ।

४. **पूर्वसिकाइ धारणा** :

यस सामग्रीको अध्ययन गर्नुपूर्व तपाईंले तलका विषयमा चिन्तन गरेर मुख्य बुँदा टिपोट गर्नुहोस् :

(क) कक्षाशिक्षणमा सहनशीलता/सहिष्णुताको भाव कसरी प्रदर्शन गर्न सकिन्छ ?

(ख) किन भाषिक प्रस्तुतीकरणमा सरलता र नम्रता हुनुपर्छ ?

(ग) शिक्षक, विद्यार्थी र अभिभावकले आपसमा कस्तो व्यवहार गर्नुपर्छ ?

(घ) कक्षालाई कसरी अनुशासित बनाउन सकिन्छ ?

(ङ) नेपाली भाषा शिक्षणसिकाइमा अन्तर्वैयक्तिक सीपको प्रयोग कसरी गर्न सकिन्छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) सहनशीलता/सहिष्णुता प्रदर्शन गर्ने तरिकाहरू**

नेपाली भाषाशिक्षणको कक्षामा अन्तरक्रियात्मक विधिको प्रयोग गरिने भएकाले शिक्षक विद्यार्थी दुवैले धेरै बोलिरहनुपर्छ । यस अवस्थामा शिक्षक र विद्यार्थी दुवैले सहनशील/सहिष्णु व्यवहार प्रदर्शन गर्नुपर्ने आवश्यकता हुन्छ । भाषा शिक्षक नम्र, मिलनसार, स्पष्ट वक्ता, नरिसाउने र मायालु स्वभावको हुनुपर्छ । शिक्षकले विद्यार्थीका प्रत्येक जिज्ञासालाई सहज रूपमा लिनुपर्ने हुन्छ । यस्तै विद्यार्थीहरू पनि शिक्षकसँग डर/धक नमान्ने, नियम र निर्देशन पालन गर्ने, भाषिक क्रियाकलापमा सहभागी हुने र जागरुक स्वभावका हुनु आवश्यक छ । समग्रमा नेपाली भाषाको कक्षामा बढी होहल्ला हुने भएकाले कक्षाले नै अरू कक्षासँग सहनशील र सहिष्णु व्यवहार प्रदर्शन गर्नुपर्छ । सहनशीलता/सहिष्णुता प्रदर्शन गर्ने तरिकाहरू निम्नलिखित छन् :

- शिक्षकले विद्यार्थीका प्रत्येक जिज्ञासा सुनिदिने,
- सबै विद्यार्थीलाई समान व्यवहार गर्ने,
- सबै विद्यार्थीलाई क्रियाकलापमा सहभागी गराउने,
- सबै विद्यार्थीलाई परामर्श र सहजीकरण गर्ने,
- विद्यार्थीका जानकारी तथा अनुभव ग्रहण गर्ने,
- विद्यार्थीले शिक्षकका निर्देशन, सल्लाह र परामर्श मान्ने,
- कक्षामा नियमित उपस्थित हुने र सहपाठीसँग मित्रवत् व्यवहार गर्ने,
- एकअर्काका पीरमर्का र दुःखकष्ट बुझ्ने तथा सहयोग गर्ने,
- अस्पष्ट पक्षमा प्रश्नोत्तर गर्ने,
- नियम पालना गर्ने,
- शिक्षक-विद्यार्थीबीच विचारको आदानप्रदान र अन्तरक्रिया गर्ने ।

**(ख) भाषिक प्रस्तुतीकरणमा सरलता र नम्रता**

भाषा प्रयोगका सन्दर्भमा आफूले अरूसँग जस्तो भाषाको प्रयोग गरिन्छ, अरूले पनि आफूसँग त्यस्तै भाषाको प्रायेग गर्छन् । यसमा भाषा शिक्षकले सर्वप्रथम आफ्नो भाषा प्रयोगमा सरलता र नम्रतालाई अभिनिहित गर्नुपर्छ । शिक्षकले विद्यार्थीसँग नम्र स्वरमा बोल्नुपर्छ र आवश्यकताभन्दा बढी मान खोज्नुहुँदैन । विद्यार्थीले प्रश्न गर्दा ठूलो स्वरले हप्काउने, रिसाउने, धम्क्याउने आदि व्यवहार उपयुक्त हुँदैनन् । उनीहरूप्रति मायालु वातावरण प्रदर्शन गर्न सके विद्यार्थी स्वयम् शिक्षकप्रति सहनशील र नम्र हुन्छ । शिक्षकको भाषा प्रयोगको छाप विद्यार्थीमा पर्ने वा विद्यार्थीले शिक्षकको अनुकरण गर्ने भएकाले शिक्षकले कक्षाशिक्षणमा थेगोरहित, स्पष्ट, स्वाभाविक र नम्र भाषाको प्रयोग गर्नुपर्छ । विद्यार्थीले डर वा त्रासमा नपरी आफ्ना अभिव्यक्ति निर्भिक ढङ्गले भन्न सक्ने भाषिक वातावरण तयार भएमा विद्यार्थीमा स्वतः भाषिक सरलता र नम्रता विकास हुन्छ । यस्तै सुनाइ, बोलाइ, पढाइको गति जस्ता सीपगत प्रयोगमा गति, यति, आरोह-अवरोह, उच्चारण आदि पक्षको विकास अपेक्षा गरिने हुँदा यस्ता ठाउँमा सरल र नम्र भाषाको नै आवश्यकता हुन्छ ।

**(ग) शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकारहरू**

भाषा सिकाइका क्रममा शिक्षकले विद्यार्थी र अभिभावकसँग विद्यार्थीले शिक्षक र अभिभावकसँग र अभिभावकले शिक्षक र विद्यार्थीसँग भाषिक सञ्चार र अन्तरक्रिया गर्नुपर्ने हुन्छ । यस अवस्थामा आफ्ना विचार राख्ने, प्रश्न गर्ने, सम्मान र श्रद्धा गर्ने, जानकारी लिने आदि विभिन्न सन्दर्भमा विभिन्न भाषिक व्यवहारको अपेक्षा गरिन्छ, उदाहरणार्थ :

- शिक्षकले विद्यार्थीसँग व्यवहार गर्दा :
  - माया र स्नेह प्रकट गर्ने,
  - विद्यार्थीका कुरा सुनिदिने, स्याबासी दिने,
  - जाऊ, बस भनी अनुमति दिने ।
- शिक्षकले अभिभावकसँग व्यवहार गर्दा :
  - अभिभावकलाई अभिवादन गर्ने,

- अभिभावकका कुरा सहानुभूतिपूर्वक सुन्ने,
- अभिभावकका जिज्ञासा निराकरण गर्ने र आफूले निराकरण गर्न नसके सम्बन्धित कहाँ जान भन्ने र आवश्यक सहयोग गरिदिने,
- बिदाइ अभिवादन गर्ने ।

• विद्यार्थीले शिक्षकसँग व्यवहार गर्दा :
  - सम्मान अभिवादन गर्ने/अनुमति लिने,
  - आफ्ना कुरा राख्ने र जानकारी लिने,
  - आज्ञा/अनुमति पर्खने,
  - बिदाई अभिवादनसहित फर्कने/बस्ने ।

• विद्यार्थीले अभिभावकसँग व्यवहार गर्दा :
  - सम्बोधन (बा, आमा आदि) सहित जिज्ञासा राख्ने,
  - जिज्ञासाको उत्तर प्राप्त गर्ने,
  - आज्ञापालन गर्ने ।

यस्ता व्यवहार विभिन्न परिवेशअनुकूल भिन्नभिन्न हुन्छन् । स्वाभाविक ढङ्गले भाषिक व्यवहार प्रदर्शन हुन सके त्यसलाई भाषा प्रयोगको सक्षमताका रूपमा लिइन्छ ।

**(घ) अनुशासित कक्षा सञ्चालनका तरिकाहरू**

अनुशासन समाज स्वीकार्य व्यवहार हो । कक्षाकोठा पनि एउटा समाज हो र कक्षाकोठामा स्वीकार्य व्यवहारलाई कक्षा अनुशासन भनिन्छ । कक्षामा शिक्षक/विद्यार्थीले आफ्नो मातृसमुदायको व्यवहार प्रदर्शन गर्न सक्छन् । यो शिक्षक र विद्यार्थी दुवैका लागि अस्वीकार्य हुन सक्छ । यसर्थ कक्षालाई अनुशासित बनाउन शिक्षक र विद्यार्थीको छलफल र अन्तरक्रियाबाट साझा नियमहरू बनाई एउटा शैक्षणिक पद्धतिको विकास गर्नुपर्छ । साझा नियमहरूमा शिक्षकको दमन र विद्यार्थीको उच्छृङ्खलता दुवैले ठाउँ पाउँदैन । यसमा शिक्षक र विद्यार्थी दुवै नियन्त्रित हुन्छन् ।

अनुशासन भनेको नियन्त्रण भने होइन, आफ्नो भूमिका निर्वाह गर्न पाउने व्यवस्थित पद्धति हो । यसभित्र शिक्षक र विद्यार्थी दुवै स्वस्फूर्त रूपमा रमाउँछन् ।

कक्षामा शिक्षक र विद्यार्थीबीच जितजितको शैक्षणिक र प्राज्ञिक वातावरण तयार हुन सके स्वतः अनुशासन कायम हुन्छ । कक्षाकोठा अनुशासित हुनु आवश्यक छ । यसबाट शिक्षक र विद्यार्थीमा निम्नानुसारका फाइदा हुन्छन् :

• शिक्षण र अभ्यासद्वारा स्वीकार्य व्यवहार विकास गरी आफूले आफैँलाई नियन्त्रण गर्न सकिन्छ,
• नियमको पालना गर्ने वा आफ्ना अधिकार स्विकार्ने बानी विकास हुन्छ,
• नियन्त्रण र आज्ञापालनको बाध्यात्मक अवस्था स्विकारिने भएकाले शिक्षक र विद्यार्थी दुवैले यसलाई स्विकार्छन् र एउटा पद्धतिको विकास हुन्छ,
• अध्ययन गर्ने र कुशल शिक्षण गर्ने बानीको विकास हुन्छ ।

अनुशासित कक्षा आफैँ व्यवस्थित हुन्छ । यसमा शिक्षक र विद्यार्थी दुवै एकै पद्धतिका सदस्यका रूपमा रहन्छन् र पद्धति नस्विकारे दण्डभागी हुन्छन् । दण्ड, आत्मप्रतिष्ठाको गिरावट, सहपाठी समूहमा अस्वीकार र शैक्षिक समूहले एक्लो बनाउने डरले पद्धतिको विरुद्धमा कसैले काम गर्दैन ।

यसर्थ अनुशासित कक्षा सञ्चालन गर्न शिक्षक र विद्यार्थीको आपसी सहमतिमा साझा र स्वीकार्य नियम बनाई कक्षा सञ्चालन पद्धतिको विकास गर्नुपर्छ । यसमा निम्नलिखित पक्षको विशेष भूमिका हुन्छ :

- अनुशासनका लागि जिम्मेवारी निर्देश,
- समूहगत रूपमा कार्य विभाजन (कक्षा सफाइ समूह, सामग्री व्यवस्थापन समूह आदि) र नेतृत्व चयन,
- आवश्यकताअनुसार नेतृत्व फेरबदल र जिम्मेवारी फेरबदल तथा नयाँ जिम्मेवारी प्रदान,
- कक्षा नेताको चयन,
- समय र नियम पालना ।

**(ङ) नेपाली भाषा शिक्षणसिकाइमा अन्तर्वैयक्तिक व्यवहारको प्रयोग**

प्रत्येक विद्यार्थीका वैयक्तिक भिन्नता हुन्छन् र त्यसलाई व्यवस्थित गर्ने कार्य शिक्षकले गर्नुपर्छ । वैयक्तिक भिन्नताका कारण विद्यार्थीले भाषिक सञ्चारका क्रममा देखाउने अन्तर्वैयक्तिक व्यवहारमा पनि भिन्नता देखिन्छ । शिक्षकले विद्यार्थीका अन्तर्वैयक्ति व्यवहारको ख्याल गरी उनीहरूलाई समस्या परेका ठाउँमा तत्काल सहजीकरण गर्नुपर्छ । भाषिक सञ्चार र तार्किक शिल्प जस्ता अन्तर्वैयक्तिक सीप भाषा शिक्षणमा बढी प्रयोग हुन्छन् । यस्तै सहिष्णु व्यवहार, भाषा प्रयोगमा नम्रता, परिवेश, पद र मानअनुसारको भाषा प्रयोग भाषा शिक्षणमा आवश्यक अन्तर्वैयक्तिक सीप हुन् ।

नेपाली भाषा शिक्षणमा अन्तर्वैयक्ति व्यवहारको प्रयोग गर्दा शिक्षक/विद्यार्थीले निम्नलिखित पक्षमा ख्याल पुऱ्याउनुपर्छ :

- सौहार्दपूर्ण अन्तरक्रिया,
- स्वनिर्देशित सिकाइ,
- स्वीकार्य भाषा प्रयोग,
- अनुशासित, नम्र र सहिष्णु व्यवहार प्रदर्शन ।

यसरी विद्यार्थीलाई गरेर सिक्ने अवसर दिने शिक्षकले समस्या सहजीकरण गरी पृष्ठपोषण गर्ने र साझा प्रवृत्तिका आधारमा कक्षा अनुशासन कायम गर्ने कार्य गरी नेपाली भाषा शिक्षणका कक्षामा अन्तर्वैयक्तिक सीपको प्रयोग गर्न सकिन्छ ।

## ६. आत्ममूल्याङ्कन

(क) यो सामग्री तपाईंको सहयोगी सामग्री हो । यसमा तपाईं अरू के थप्न चाहनुहुन्छ ?

(ख) यो सामग्री मैले पढिसकेँ । अब -

| म जान्दछु | म अस्पष्ट छु |
|---|---|
| १. | १. |
| २. | २. |

एकाइ - नौ

# मानवअधिकारको रक्षाका लागि शैक्षिक प्रक्रिया

१. **शीर्षक** : विविध सामाजिक समूहका अधिकार र कानुनी व्यवस्था

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) मानवअधिकारको अवधारणा बताउन

(ख) बालिका र महिलाको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको पहिचान गर्न

३. **विषयवस्तु** :

(क) मानवअधिकारको अवधारणा

(ख) बालिका र महिलाको शिक्षासम्बन्धी अधिकार तथा कानुनी व्यवस्था

४. **पूर्वसिकाइ धारणा** :

शिक्षक साथी, तपाईंले मानवअधिकारको अवधारणा, बालिका र महिलाको शिक्षासम्बन्धी अधिकार तथा कानुनी व्यवस्थाका बारेमा भएका जानकारीहरूलाई टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) मानवअधिकारको अवधारणा**

सन् १९४८ मा विश्वका धेरै मुलुकहरूको सहभागितामा जेनेभामा मानवअधिकारसम्बन्धी सम्मेलन आयोजना गरियो । डिसेम्बर १०, १९४८ सन्मा 'युनिभर्सल डिक्लेरेसन अफ ह्युमन राइट्स' नामक घोषणापत्र जारी गरियो, जो मानवअधिकारका सम्बन्धमा गरिएको पहिलो महत्वपूर्ण कदम र मानवअधिकारको विधिवत् स्थापना थियो । सन् १९४८ को त्यस घोषणापत्रले मानवअधिकारका पक्षमा महत्वपूर्ण धारणाहरू सार्वजनिक गऱ्यो । हरेक मनुष्य अधिकारले युक्त स्वतन्त्र अस्तित्व हो । मानवनिर्मित कुनै पनि विभेदले मानिसको मौलिक हक र नैसर्गिक अधिकारलाई प्रभावित पार्न मिल्दैन । हरेक स्वतन्त्र मानिस सम्मानित मानवीय व्यवहारका लागि योग्य छ । आफ्ना विषयमा हरेक निर्णयहरू गर्न ऊ स्वतन्त्र छ । शान्तिपूर्ण किसिमले राज्यका जुनसुकै क्रियाकलापप्रति सहमति वा असहमतिमा आवाज उठाउने अधिकार उसलाई छ । शिक्षा प्राप्त गर्ने, संस्कृति बचाउने, व्यवसाय रोज्ने, सुविधाहरूको उपभोग गर्ने, जीवनस्तर उकास्ने, मनोरञ्जन वा आराम गर्ने, फुर्सदको समयको सदुपयोग गर्ने लगायतका यावत् कुरामा मानिसले कसैको अधीनस्थ हुनुपर्दैन । यस्ता मान्छेका आधारभूत अधिकारहरू कटौती वा खोसुवा गर्ने अधिकार राज्यलाई पनि छैन, कसैलाई पनि छैन भन्ने घोषणापछि मानवअधिकारले विश्वव्यापी रूपमा चर्चापरिचर्चा र मान्यता पाउन थाल्यो । मानवअधिकारको अवधारणालाई आजको मानव सभ्यताको उच्च उपलब्धि मानिएको छ ।

**१. सन् १९४८ को घोषणापत्रले गरेका केही व्यवस्थाहरू**

- मानिसहरू समान अस्तित्व हुने प्राणी हुन् । त्यसैले उसको अस्तित्व र अधिकार समान हुन्छ ।

- जातजाति, भाषा, वर्ण, धर्म र राजनीतिक विचारधारा आदिका आधारमा अधिकारमा भिन्नता हुँदैन ।
- हरेक व्यक्तिमा जीउने, स्वतन्त्र रूपमा बाँच्ने र सुरक्षित हुन पाउने अधिकार हुन्छ ।
- कुनै पनि व्यक्तिमाथि अमानवीय क्रियाकलापहरू गरिने छैनन् र त्यस्ता कार्यहरू प्रतिबन्धित हुनेछन् ।
- सबैलाई समान कानुनी उपचारको हक हुनेछ ।
- कानुनको प्रयोगमा विभेद गरिने छैन ।
- आफ्नो अधिकारको संरक्षण गर्न कानुनी अधिकारको प्रयोग गर्ने स्वतन्त्रता सबै व्यक्तिमा हुनेछ ।
- अनियमित रूपमा विनाकानुन कुनैपनि व्यक्तिलाई थुनामा राखिने छैन ।
- हरेक व्यक्तिलाई एक स्थानबाट अर्को स्थानमा हिँडडुल गर्ने स्वतन्त्रता हुनेछ ।
- सबै व्यक्तिलाई नागरिकता पाउने अधिकार हुनेछ ।
- महिला र पुरुष दुवैलाई आफ्नो इच्छाअनुसार वैवाहिक सम्बन्ध राख्ने अधिकार हुनेछ ।
- हरेक व्यक्तिलाई आफ्नो सम्पत्ति भोगचलन गर्ने अधिकार हुनेछ ।
- हरेक व्यक्तिलाई बोल्ने, विचार राख्ने स्वतन्त्रता हुनेछ ।
- हरेक व्यक्तिलाई सार्वजनिक स्थलको प्रयोग गर्ने अधिकार हुनेछ ।
- हरेक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।
- आफ्नो सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरूमा सहभागी हुन पाउने अधिकार हरेक व्यक्तिमा हुनेछ ।

**२. शैक्षिक अधिकार**

मानवअधिकारका सन्दर्भमा जेनेभा महासन्धिले उल्लेख गरेका शिक्षासम्बन्धी केही अधिकारहरू यसप्रकार छन् :

- हरेक व्यक्तिमा शिक्षा पाउने अधिकार हुन्छ ।
- कम्तीमा पनि आधारभूत शिक्षा चाहिँ निःशुल्क हुनै पर्छ ।
- आधारभूत प्राथमिक शिक्षा अनिवार्य हुनुपर्छ ।
- व्यावसायिक तथा पेसागत शिक्षा पनि सर्वसुलभ हुनुपर्छ ।
- योग्यताका आधारमा उच्चशिक्षाको समान अवसर सबैलाई प्रदान गरिनुपर्छ ।
- अभिभावकलाई आफ्ना बालबच्चाको शिक्षा कस्तो दिने भनेर छान्ने अधिकार रहनुपर्छ

माथिका अधिकारहरू महिला पुरुष दुवैका लागि हुन् । यिनका अतिरिक्त महिला तथा बालबालिकाको शिक्षासँग मात्रै सम्बन्धित अधिकारहरू पनि छन्, जस्तै -

- शिक्षाको अवसर प्राप्त गर्नका लागि विशेष सहुलियत पाउनुपर्ने,
- लैङ्गिक मैत्री विद्यालयको वातावरण तयार पारिनुपर्ने,
- शिक्षाको उच्च व्यवस्थापनमा सहभागी हुन पाउनुपर्ने ।

महासन्धिको धारा १० ले महिलालाई शिक्षासम्बन्धी देहायका अधिकारहरू प्रदान गरेको छ :

- अध्ययन गर्ने र उपाधी पाउने समान अधिकार
- सबैप्रकारको व्यावसायिक प्रशिक्षणको समान अधिकार
- समान भौतिक तथा शैक्षिक सुविधाको अधिकार
- छात्रवृत्ति सम्बन्धमा समान अधिकार
- पढाइ छोड्ने छात्राहरूको सक्रिय रूपमा शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार
- परिवार नियोजनसम्बन्धी सूचना एवम् सल्लाह लगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार ।

**(ख) बालिका तथा महिलाको शिक्षासम्बन्धी कानुनी व्यवस्था**

नेपाल अधिराज्यको संविधान २०४७ मा निम्नलिखित व्यवस्थाहरू रहेका छन् ?

**१. समानताको हक**

- समानताका लागि महिला पुरुषबीच पारिश्रमिकमा भेदभाव नगरिने ।
- महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने ।

**२. राज्यका नीतिहरू**

- महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ ।
- राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश गर्दै जानेछ ।
- राज्यले अनाथ, बालबालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्थागर्ने नीति अवलम्बन गर्ने छ ।

**३. अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू**

- बालअधिकारसम्बन्धी महासन्धिमा सन् १९८९, नोभेम्बरमा गरिएको प्रतिबद्धता
- सबैका लागि शिक्षा कार्यक्रमका प्रतिबद्धता ।

४. दसौं योजना (वि.सं. २०५९-६४) का नीति तथा रणनीतिहरू

- साक्षर वा साक्षरोत्तरका लागि आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषत: पिछडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मदत पुऱ्याउने ।
- शिक्षामा महिला, दलित एवम् पिछडिएको वर्गको पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था मिलाउने ।
- अध्ययनअध्यापन, प्रशिक्षण, नीति निर्माण एवम् व्यवस्थापनमा ठोस लैङ्गिक संवेदनामूलक सूचकाङ्क तयार गरी लैङ्गिक सूचकाङ्क परीक्षण प्रणाली लागू गर्ने ।
- महिला, पिछडिएका जनजाति, दलित र अपाङ्ग जस्ता लक्षित वर्गमा उच्च शिक्षाको पहुँच पुऱ्याउन छात्रवृत्तिको व्यवस्था सुदृढ गर्ने ।

५. ऐन नियमावलीले गरेको व्यवस्था तथा अन्य कार्यक्रमहरू

- प्राथमिक तहको शिक्षा निशुल्क हुने व्यवस्था
- प्राथमिक तहमा छात्रवृत्तिको व्यवस्था
- उच्चशिक्षामा छात्रवृत्तिको ब्यवस्था
- प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा दुईजना महिला शिक्षक रहने व्यवस्था
- विद्यालयमा व्यवस्थापन समितिमा कम्तीमा एकजना महिला सदस्यको प्रतिनिधित्व हुनै पर्ने व्यवस्था
- सन् २०१५ सम्ममा सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचभित्र ल्याई गुणस्तरीय, निशुल्क र अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था
- खासगरी महिलाहरूलाई साक्षर बनाउने व्यवस्था ।

६. **आत्ममूल्याङ्कन**

यो पाठ पढ्नुअघि र पढिसकेपछि मानवअधिकार र महिला तथा बालिकाका शैक्षिक अधिकारका बारेमा थप जानकारी केके भए ? टिपोट गर्नुहोस् ।

१. **शीर्षक** : दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) दलित तथा आदिवासी जनजातिको परिचय दिन

(ख) दलित तथा आदिवासी जनजातिका शिक्षासम्बन्धी अधिकारहरूको पहिचान गर्न

(ग) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी कानुनी व्यवस्थाको उल्लेख गर्न

३. **विषयवस्तु** :

(क) दलित तथा आदिवासी जनजातिको परिचय

(ख) दलित तथा आदिवासी जनजातिका शिक्षासम्बन्धी अधिकारहरू

(ग) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी कानुनी व्यवस्था

४. **पूर्वसिकाइ धारणा** :

प्रस्तुत सामग्री अध्ययन गर्नुभन्दा पहिले तल दिइएका प्रश्नहरूबारे मनन् गरी आफ्ना धारणाहरूलाई बुँदागत रूपमा टिपोट गर्नुहोस् :

(क) दलित भन्नाले के बुझ्नु भएको छ ?

(ख) आदिवासी जनजाति भनेका कस्ता समुदाय हुन् ?

(ग) दलित तथा आदिवासी जनजातिका शिक्षासम्बन्धी अधिकारहरू केके हुन् ?

(घ) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी कानुनी व्यवस्था कस्तो छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) दलित**

हिन्दू वर्णाश्रम जाति व्यवस्था तथा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राष्ट्रिय मूलप्रवाहबाट पछाडि पारिएका जातजातिलाई दलित भनिन्छ । राष्ट्रिय दलित आयोगका अनुसार नेपालमा निम्नलिखित २३ जाति दलितभित्र परेका छन् : लोहार, सुनार, कामी, दमाईं, सार्की, बादी, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, पोडे, चमार, धोबी, सुसाधे, तत्मा, डुम, बातर, खन्चे, मुसहर, सन्याल, सतार, हलखोर (मेस्टर) ।

**(ख) आदिवासी जनजाति**

आफ्नै मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान तथा छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई आदिवासी जनजाति भनिएको हो । यी हिन्दूवर्णाश्रम व्यवस्थाभित्र पर्दैनन् । निम्न विशेषता भएका समुदायहरू जनजाति हुन् :

- जसको आफ्नै छुट्टै सांस्कृतिक पहिचान छ
- जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ

- जसको आफ्नो परिम्परागत भौगोलिक क्षेत्र छ
- जसको लिखित वा अलिखित इतिहास छ
- जुन समुदायभित्र 'हामी' भन्ने भावना छ,
- जुन समुदायको आधुनिक नेपालको राजनीति र राज्यसञ्चालनमा निर्णायक भूमिका छैन .
- जो नेपालको आदिवासी हो
- जसले आफूलाई जनजाति भन्दछ

२०५८ साल माघ २५ को खण्ड ५१ अतिरिक्ताङ्क ६७, नेपाल राजपत्र भाग २ का अनुसार नेपालमा जम्मा ५९ ओटा जातिलाई जनजाति वर्गमा छुट्याइएको पाइन्छ । जुन यसप्रकार छन् : किसान, कुमाल, कुसबाडिया, कुसुन्डा, गनगाई, गुरुङ, चेपाङ, चन्त्याल, छैरोतेल, जिरेल, झाँगड, डोल्पो, ताङ्वे, ताजपुरिया, तीनगाउँले, थकाली, तामाङ, थारू, तोप्केगोला, थामी, थुदाम, दनुवार, दराई, दुस, धानुक (राजवंशी), धिमाल, नेवार, पहारी, फी, बनकरिया, बाह्रगाउँले, बरायो, बोटे, भुजेल, भोटे, मगर, माझी, मार्फाली, थकाली, मेचे (बोडो), मुगाली, याक्खा, राजवंशी (कोच), राउटे, राई, राभी, लार्के, लिम्बू, लेप्चा, ल्होपा, ल्होमी (सिङ्सावा), वालुङ, ब्यासी, सेर्पा, सियार, सतार (सन्याल), सुनुवार, सुरेल, हायु, ह्योल्मो ।

**(ग) दलित तथा आदिवासी जनजातिका अधिकारहरू**

- खान, बस्न र लाउन पाउने अधिकार
- शिक्षा आर्जन गर्न पाउने अधिकार
- आवश्यकताअनुसार स्वास्थ्य परीक्षण गर्न पाउने अधिकार
- सुरक्षित रूपमा बसोबास गर्न पाउने अधिकार
- आफ्नो परम्परागत सीपको संरक्षण र विकास गर्ने अधिकार
- उत्पादित सामग्रीको बजार व्यवस्थापन गर्ने अधिकार
- योजना निर्माण, कार्यान्वयन र उपभोगमा सहभागिताको अधिकार
- आफ्नो विकास गर्न पाउने अधिकार
- आफ्नो धर्म र संस्कृति निर्वाधरूपमा विकास र संरक्षण गर्न पाउने अधिकार
- आदिवासी जनजातिको आफ्नो भाषा र संस्कृतिको संरक्षण र विकास गर्ने अधिकार

**(घ) दलित तथा आदिवासी जनजातिका शैक्षिक अधिकारहरू**

हरेक मानिसका लागि शिक्षा अपरिहार्य छ । यो मानव भएर जन्मिएका हरेक नागरिकको अधिकार हो । दलित तथा आदिवासी जनजातिहरू पनि मानवअधिकारको व्यवस्थाबाट वञ्चित हुनुपर्दैन । मानवजातिका हरेक अधिकारहरू दलित तथा आदिवासी जनजातिका पनि आफ्ना अधिकार हुन् । यसका अलावा यी जातिहरू राज्यबाट र निर्णयको स्थानबाट राष्ट्रको मूलधारमा समाहित गर्नका लागि राज्यले थप व्यवस्थाहरू अधिकारका रूपमा प्रदान गरेको छ

सन् १९४८ को जेनेभा सन्धिले शिक्षालाई मानवअधिकारका रूपमा ग्रहण गऱ्यो । हरेक व्यक्तिमा शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ भन्ने मान्यता यस सन्धिले अघि साऱ्यो । आर्थिक लगानी गरेर शिक्षा प्राप्त गर्ने हैसियत विश्वका सबै मानिसहरूमा छैन । नेपालमा पनि आर्थिक अभावका कारण शिक्षाबट वञ्चित भएका मानिसहरूको सङ्ख्या प्रशस्त छ । यस्ता चुनौतीलाई समाधान गर्नका लागि कम्तीमा पनि आधारभूत शिक्षाका रूपमा रहेको प्राथमिक शिक्षा निशुल्क हुनुपर्छ भन्ने मान्यतालाई उक्त सन्धिले अनुमोदन गऱ्यो । आर्थिक समस्या नभएपछि यो प्राथमिक शिक्षा सबैका लागि अनिवार्य बनाइयो । यस अवधारणाका कारण विश्वका कुनैपनि व्यक्ति प्राथमिक शिक्षावाट वञ्चित हुनुपर्ने स्थिति रहेन । तर यस सन्धिले प्रस्तुत गरेका मान्यताहरू नेपाल जस्ता विकासोन्मुख देशहरूमा अझैपनि पूर्णत: कार्यान्वयन हुन सकेका छैनन् ।

मानिसलाई बाँच्नका लागि आम्दानी आवश्यक हुन्छ । व्यावसायिक तथा प्राविधिक शिक्षा लिएको व्यक्ति स्वावलम्बी हुन सक्दछ भनी यस्तो शिक्षा सर्वसुभल हुनुपर्छ भन्ने मान्यता उक्त सन्धिले अघि साऱ्यो । त्यस्तै योग्यताका आधारमा उच्चशिक्षाको समान अवसर सबैलाई प्रदान गरिनुपर्ने, व्यक्तिको समग्र विकासका लागि, मानवअधिकारको सम्मानका लागि, आधारभूत स्वतन्त्रताको उपयोगका लागि शिक्षाले सहयोग गर्नुपर्ने, हरेक राष्ट्रबीच राम्रो समझदारी कायम गर्न तथा मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्नका लागि शिक्षा सहयोगी हुनुपर्ने, सहनशीलताको विकासमा शिक्षाले सहयोग गर्नुपर्ने जस्ता अवधारणाहरू पनि उक्त महासन्धिले पारित गऱ्यो । शिक्षाले जातजाति, धर्म संस्कृति, विभिन्न सम्प्रदाय र समूहबीच शान्ति, सहिष्णुता र मित्रता कायम गर्दै दिगो शान्तिको स्थापनामा पनि मदत गर्नुपर्दछ । यसका लागि गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । यसका लागि आफ्ना बालबच्चालाई दिइने शिक्षाका बारेमा छान्न पाउने अधिकार अभिभावकहरूमा रहनु पर्दछ भन्ने मान्यतालाई पनि यस महासन्धिले अङ्गिकार गऱ्यो ।

माथि उल्लेख गरिएका शैक्षिक अधिकारहरू हरेक मानिसका अधिकार हुन् त्यसैले दलित तथा आदिवासी जनजातिका पनि हुन् । यिनका अतिरिक्त दलित तथा आदिवासी जनजातिका आफ्नै खास अधिकारहरू पनि छन् । आधारभूत प्राथमिक शिक्षा निशुल्क मात्रै होइन गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु पनि उनीहरूको अधिकार हो । विद्यालयमा वा कक्षाकोठामा उनीहरूप्रति भेदभावपूर्ण व्यवहार नहोओस् भन्नका लागि विद्यालयमा मैत्रीपूर्ण व्यवहार पाउनुपर्ने अधिकार उनीहरूसँग सुरक्षित छ । तथाकथित माथिल्ला मानिएका जातका व्यक्तिहरूले तयार पारेको पाठ्यक्रम, नीति तथा योजनाअनुरूप सक्रिय रहनु वा अरूले खटाएको लिनुमात्र उनीहरूको धर्म होइन वरू हरेकखाले शैक्षिक व्यवस्थापनमा सहभागी हुन पाउनुपनि दलित तथा आदिवासी, जनजातिहरूको अधिकार हो । आर्थिक कारणले सामाजिक वा अन्य कुनै कारणले होस् उच्चशिक्षा हासिल गर्ने मानिस उनीहरूका समुदायमा कम देखिएका छन् । उच्चशिक्षा हासिल गर्न पाउने अधिकार उनीहरूमा छ । परम्परागत सीपअनुसारको शिक्षा आर्जन गरी आफ्नो मौलिक शिल्पकलालाई बचाउन पाउने अधिकार उनीहरूसँग छ । कतिपय दलित तथा आदिवासीहरू साक्षरसमेत हुन नसकेको अवस्था छ । साक्षर हुन पाउने उनीहरूको अधिकारको कदर गर्दै प्रौढशिक्षा तथा साक्षरतामूलक शिक्षा दिलाउनु पर्दछ ।

मातृभाषामा शिक्षा लिई सुरक्षित हुन पाउने अधिकार उनीहरूलाई छ । यसका लागि यथोचित प्रबन्ध मिलाइदिनु राज्यको दायित्व हो ।

**(ङ) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी कानुनी व्यवस्था·**

राज्यले महिला, बालक, वृद्ध वा शारीरिक तथा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने भनेर संवैधानिक व्यवस्था अन्तर्गत समानताको हकले भन्दछ । आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएको वर्ग भनेर यहाँ दलित तथा आदिवासी जनजातिलाई भनिएको हो । त्यस्तै समानताको अन्तर्गत अर्को केपनि भनिएको छ भने कुनैपनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । यस्तो कार्य दण्डनीय हुनेछ । यी व्यवस्थाले संविधानतः हरेक मानिस राज्यको नागरिक भएको हुनाले मानवअधिकारको रक्षा गर्नु संविधानको कर्तव्य रहने कुरा स्पष्ट हुन्छ ।

नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ भन्ने संवैधानिक व्यवस्था पनि नेपालीको संविधानमा छ । यस्तै यही संविधानले प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ भनेर भनेको छ । यी व्यवस्थाहरूबाट नेपालमा आदिवासी जनजातिलाई आफ्नो सांस्कृतिक उन्नतिका लागि अघि बढ्न मार्ग प्रशस्त भएको छ । दलित तथा आदिवासी जनजातिका अधिकारहरूलाई सुनिश्चित गर्नका लागि राज्यले पनि आफ्नो नीति निर्माण गरेको छ । शिक्षा, स्वास्थ्य र रोजगारीको विशेषगरी आर्थिक तथा सामाजिकरूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने व्यवस्था पाइन्छ । शिक्षण पेसामा महिला तथा पिछडिएका वर्गको प्रतिनिधित्व गराउन छात्रवृत्ति एवम् अन्य कार्यक्रमहरू सञ्चालन गर्ने नीति तथा योजना शिक्षक शिक्षा आयोजनाको रहेको छ ।

आफ्नो क्षेत्रको विकासका लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यक्रम आदिवासी जनजाति, दलित र सामाजिक तथा आर्थिक दृष्टिले पिछडिएका वर्गसमेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने भनेर स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रस्तावनामै भनिएको छ ।

यसै ऐनमा नगरपालिका तथा गाविसले आफ्नो क्षेत्रभित्र रहेका आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरू वा छात्रछात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने भनेर तोकिएको छ ।

दसौं योजना (२०५९-६४) ले दलित एवम् पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच बढाउन थप कार्यक्रमहरू सञ्चालन गर्ने कुरा गरेको छ । छात्रवृत्तिको व्यवस्था गर्नेदेखि लिएर मातृभाषामा शिक्षा दिने कार्यक्रमलाई प्रोत्साहित गर्ने र जीवनोपयोगी शिक्षा प्रदान गर्नका लागि स्थानीय निकायको संलग्नतामा विकासका अन्य कार्यक्रमहरूसँग समन्वय गर्दै शिक्षाका कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन गर्ने कार्यक्रम दसौं योजनाले अघि सारेको छ ।

यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका निकायहरूले दलित तथा आदिवासी जनजातिको शैक्षिक विकासका लागि प्रयास गरिरहेको स्थिति नेपालमा देखिन्छ ।

- अनौपचारिक शिक्षाका कार्यक्रमहरू विस्तार गरी साक्षरता अभिवृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनपयोगी बनाउने
- पूर्वप्राथमिक शिक्षामा जोड दिँदै 'सबैका लागि शिक्षा' को राष्ट्रिय प्रतिबद्धता पूरा गर्न गुणस्तरीय प्राथमिक शिक्षाको विस्तार र विकासमा जोड दिने
- शिक्षामा महिला, दलित एवम् पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच बढाउन थप कार्यक्रमहरू सञ्चालन गर्ने
- 'सबैका लागि शिक्षा' पुऱ्याउन विशेष सिकाइ आवश्यकता भएका वर्ग अपाङ्गसहित) का लागि विशेष शिक्षाको अवधारणाअनुरूप शिक्षाका कार्यक्रमहरू समाहित गरी एकीकृत शिक्षा प्रणालीको विकास गर्ने
- शिक्षाका सबै तह र कार्यक्रममा क्षेत्र, जाति, लिङ्ग एवम् पिछडिएका समुदायको सामाजिक, आर्थिक स्थितिको आधारमा शिक्षाको पहुँच पुऱ्याउने
- लक्षित समुदाय, विशेषगरी महिला, पिछडिएका जनजाति र दलित वर्गलाई प्रोत्साहित गर्दै प्रौढसाक्षरता र बालशिक्षा कार्यक्रमलाइ प्रभावकारी रूपमा सञ्चलन गरी साक्षरता प्रतिशतमा वृद्धि गर्ने र जीवनोपयोगी शिक्षा प्रदान गर्ने उद्देश्य अनुरूप सरकारी एवम् गैरसरकारी संस्था तथा स्थानीय निकायको संलग्नतामा विकासका अन्य कार्यक्रमहरूसँग समन्वय गरी साक्षरता, साक्षरोत्तर र निरन्तर शिक्षाका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने
- विभिन्न जनजातिमा भाषिक समूहहरूको शिक्षामा संलग्नता बढाउन मातृभाषामा शिक्षा प्रदान गर्ने कार्यक्रमरूलाई प्रोत्साहित गर्ने
- शिक्षामा महिला, दलित एवम् पिछडिएका वर्गको पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था मिलाउने

**६. आत्ममूल्याङ्कन**

यस पाठको अध्ययनपश्चात् दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाका बारेमा केकति कुराहरू थाहा पाउनु भयो ? टिपोट गर्नुहोस् ।

# एकाइ - नौ

१. **शीर्षक** : बालमजदुर तथा अपाङ्गको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) बालमजदुरको परिचय दिन

(ख) अपाङ्गताको स्वरूप उल्लेख गर्न

(ग) अपाङ्ग तथा बालमजदुरको शिक्षासम्बन्धी अधिकार बताउन,

(घ) बालमजदुर तथा अपाङ्गको शिक्षासम्बन्धी कानुनी व्यवस्था उल्लेख गर्न

३. **विषयवस्तु** :

(क) बालमजदुरको परिचय

(ख) अपाङ्गताको स्वरूप

(ग) बालमजदुर तथा अपाङ्गको शिक्षासम्बन्धी अधिकार,

(घ) बालमजदुर तथा अपाङ्गको शिक्षासम्बन्धी कानुनी व्यवस्था

४. **पूर्वसिकाइ धारणा** :

पाठको अध्ययनपूर्व तलका प्रश्नहरूको जवाफ खोज्नुहोस् ।

(क) बालमजदुर भनेका को हुन् ?

(ख) अपाङ्गताको स्वरूप के हो ?

(ग) बालमजदुर तथा अपाङ्गहरूको शिक्षासम्बन्धी अधिकारहरू केके हुन् ?

(घ) बालमजदुर तथा अपाङ्गहरूको शिक्षासम्बन्धी कानुनी अधिकार केके हुन् ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) बालमजदुर**

हाम्रो परिवेशमा १४ वर्षभन्दा मुनिको बालक जीविकोपार्जनका लागि जबरजस्ती परिश्रम गर्दैछ भने ऊ बालमजदुर हो । बालमजदुरलाई बालश्रमिक पनि भनिन्छ । बालश्रमका बारेमा आइएलओ सम्मेलनले यसो भनेको छः- धेरै समयसम्म काम गर्ने, ज्यालादारीका रूपमा लामो समयसम्म काम गर्ने, स्वास्थ्य र मस्तिष्कमा नकारात्मक असर पार्ने, घरपरिवारबाट छुटाएर काममा लगाउने र जीवनस्तर सुधार्ने अवसरबाट वञ्चित गराई काममा लगाउने कार्यलाई बालश्रम भनिन्छ । समाजशास्त्रको विश्वकोषले बालबालिकाहरूको बुद्धि र शिक्षामा हानी पुग्ने गरी ज्याला कमाउने वा परिवारलाई सघाउने कार्यमा उनीहरूको संलग्नतालाई बालश्रम भनेको छ । १४ वर्ष मुनिका बालबालिकालाई सुविधा दिने हिसाबले पूरा समय काममा लगाउनु पनि बालश्रम नै हो किनभने यसबाट उसको व्यक्तित्व विकासको सम्भावनामाथि हानी पुग्दछ । बालबालिकाको व्यक्तित्व विकासमा बाधा पुग्ने, विद्यालय जानबाट वञ्चित हुनुपर्ने, आराम, मनोरञ्जन, खेल आदिमा संलग्न हुन पाइने तथा शारीरिक, मानसिक, यौनजन्य वा संवेगात्मक रूपमा घाटा हुने काम गर्न बाध्य हुनुपर्ने स्थिति बालश्रम हो । आफ्नै घरमा होस् वा बाहिर जहाँ भएपनि आवश्यकता भन्दा बढी समय

अनिच्छापूर्वक काममा घोटिई आफ्नो भविष्य निर्माणका सम्भावनाभन्दा बाहेकका काममा लागिरहेका सबै बालबालिकाहरू बालमजदुर नै हुन् ।

हलुका खाले घरेलु कामकाजमा बालबालिकाको सहभागिता आवश्यक पनि छ । हलुका खाले घरायसी वा सीपमूलक काममा बालबालिकालाई संलग्न गराउनाले उनीहरूमा आत्मविश्वास, सामाजिक बानीव्यहोरा, आदत आदिको निर्माणमा सहयोग पुग्दछ । तर काम त्यति मात्र लगाइनु पर्दछ जसले उसको व्यक्तित्व विकासमा बाधा होइन सहयोग पुऱ्याओस् । सहयोग पुऱ्याउने हदसम्म त्यो बालकार्य हो, यसले श्रमप्रतिको आस्था जगाउने काम पनि गर्दछ तर बाधा पुग्नेगरी लगाइएको काम चाहिँ बालश्रम हो, यसले मानिसलाई हुर्किनै नदिई निमोठ्ने काम गर्दछ । संयुक्त राष्ट्रसङ्घको बालअधिकारसम्बन्धी सम्मेलन १९८९ ले बालअधिकारका बारेमा भनेको छ : बालबालिकालाई आर्थिक शोषणबाट बचाउनु, उसको स्वाथ्यमा, शारीरिक, मानसिक, नैतिक तथा सामाजिक विकासमा असर पर्न सक्ने कामबाट उसलाई बचाउनु हाम्रो दायित्व हो । यी उनीहरूका अधिकार हुन् । बालश्रमबाट उनीहरूलाई बचाएर बालकार्यमा संलग्न गराउनु उनीहरूको बालअधिकारलाई स्वीकार्नु हो । कुन बालश्रम र कुन बालकार्य हो भन्ने कुरा सापेक्षतामा हेरिनु राम्रो हुन्छ ।

**(ख) अपाङ्गता**

अपाङ्ग हुनाको अवस्था अपाङ्गता हो भने जन्मँदै वा जन्मिसकेपछि कुनै रोगका कारणले वा कुनै चोपटकपटकका कारणले स्वतन्त्ररूपमा बाँच्न, सामाजिक जीवन निर्वाह गर्न, लाभदायक किसिमबाट रोजगारी गर्न र सामान्य किसिमले शिक्षा प्राप्त गर्न असमर्थ व्यक्ति वा थप सहयोग आवश्यकता पर्ने व्यक्ति अपाङ्ग हो । यो साङ्गको विपरीतार्थी शब्द हो । साङ्ग भन्नाले शरीरका सम्पूर्ण अङ्गहरू दुरूस्त र सबल रहेको व्यक्ति हो भने अपाङ्ग भन्नाले यसको अभाव हो । यस्ता व्यक्तिहरू शारीरिक वा मानसिक कारणबाट पूर्ण वा आंशिकरूपमा शरीरका अङ्गहरू प्रयोगगर्न नसक्नु यिनको विशेषता हो । विभिन्न कारणबाट सामान्य जीवन सञ्चालन गर्ने काममा समस्या सिर्जना हुनुलाई अपाङ्गता भनिन्छ ।

शारीरिक अपाङ्गता, दृष्टिविहीनता, सुस्तमनस्थिति तथा सुस्तश्रवण गरी सामान्यतया अपाङ्गता चार किसिमका हुन्छन् । अर्को किसिमले हेर्ने हो भने कसैमा सञ्चारसम्बन्धी अपाङ्गता हुन्छ । उनीहरू ठीक किसिमले देख्न वा सुन्न वा बोल्न सक्दैनन् । कसैमा चालसम्बन्धी अपाङ्गता हुन्छ । उनीहरू शारीरिक दुर्बलताका कारण वा हिँडाइका कारण वा काम गर्ने प्रक्रियाका कारण दैनिक क्रियकलापलाई ठीक किसिमले सञ्चालन गर्न सकिरहेका हुँदैनन् । कसैमा मस्थितिगत सुस्तता हुन्छ । उनीहरू उमेरअनुसारको मानसिक कार्यगर्न सक्तैनन् । कसैमा एकभन्दा बढी अपाङ्गता पनि हुनसक्छ, जसमा चालगत, सञ्चारगत वा मनस्थितिगत अपाङ्गता एकै पटक विद्यमान हुन्छ । अपाङ्गता जेजस्तो भएपनि यो सामान्य जीवनभन्दा कठिन अवस्था हो । अपाङ्गहरूको व्यक्तित्व विकासका लागि सहयोग अत्यन्तै महत्वपूर्ण हुन्छ ।

**(ग) बालमजदुर तथा अपाङ्गहरूको शिक्षासम्बन्धी अधिकारहरू**

आधारभूत प्राथमिक शिक्षा निशुल्क पाउनु पर्छ भन्ने अधिकार बालमजदुर तथा अपाङ्गहरूको मात्रै होइन सारा मानवजातिकै अधिकार हो । तैपनि बालमजदुर तथा अपाङ्गहरू धेरै मात्रामा यसबाट

वञ्चित भएका छन् । *साँच्चै भन्ने हो भने यस अधिकारको कार्यान्वयनको* चुनौती *यिनीहरूको* साम् सार्वाधिक सबल भएर तेर्सिएको छ । साङ्ग तथा स्वतन्त्र बालबालिकाका लागि आधारभूत शिक्षा उपलब्ध गराउन सापेक्षितरूपमा सहज छ तर बालमजदुरहरूसँग शिक्षाका लागि अर्थ र समय दुवैको अभाव रहन्छ । जोसँग आवश्यक रूपियाँ र समय उपलब्ध हुन्छ उसले बालमजदुर बन्नै पर्दैन । त्यस्तै अपाङ्गहरूको शिक्षा सामान्य खालको व्यवस्थापनबाट सञ्चालन गर्न सकिँदैन । उनीरूको शिक्षाका लागि विशेष व्यवस्थाको खाँचो पर्दछ । तसर्थ यसमा लगानी धेरै गर्नुपर्ने हुन्छ । निजी क्षेत्रबाट यस्ता शैक्षिक संस्थाहरू निर्माण गर्नु जति कठिन छ देशभरिबाट भेला भई एकै ठाउँमा पढ्न बस्नु पनि उत्तिकै असहज छ । जेहोस् निःशुल्क शिक्षाको आवश्यकता अरूको भन्दा पनि बढी यस्तै समूहका लागि रहेको देखिन्छ ।

बालमजदुर तथा अपाङ्गहरूलाई उच्चशिक्षासम्म अध्ययन गर्न बहुतै कठिनाइ भोल्नु परिरहेको हुन्छ । उच्चशिक्षामा विशेष सहुलियतसहित पहुँच हुनुपर्ने यिनीहरूको अधिकार हो । देशका दक्ष जनशक्तिका रूपमा अपाङ्गहरूले काम गर्न सक्नु भनेको यिनीहरूमा बरदान सावित हुनु हो । यसबाट राज्यलाई पनि फाइदा छ भने उनीहरूले आफ्नो जीवन र महत्वकाङ्क्षालाई सफल तुल्याउन पाउनु उनीहरू स्वयम्का लागि पनि गौरवको विषय हो । जसरी अरू मानिसहरूले निर्वाधरूपमा उच्चशिक्षा हासिल गरिरहेका छन् त्यसैगरी बालमजदुर तथा अपाङ्गहरूले पनि त्यहाँसम्मको पहुँच पाउनु पर्दछ ।

चौध वर्षमुनिका बालबालिकालाई काममा लगाउन पाइँदैन तर लगाईराखिएको अवस्था छ । वास्तवमा बाल कार्यको लागि उनीहरूको उपयोग गरिनु ठीक छ तर बालश्रमका लागि उनीहरूको उपयोग गरिनु बालअधिकारको विरूद्ध छ । आवश्यकताभन्दा बढी समयसम्म काममा पेलिइरहनुले उनीहरूको शैक्षिक प्रगतिमा नराम्रोसँग धक्का पुग्दछ । आफ्नो इच्छा र आवश्यकताअनुसारको शिक्षा पाउनु बालमजदुरहरूको अधिकार हो । इच्छा र आवश्यकता अनुसारको शिक्षा प्राप्त भएमा उनीहरूले त्यस क्षेत्रमा उल्लेख्य प्राप्ति हात पार्न सक्दछन् । यसका लागि उनीहरूमा मानसिक शान्तिको वातावरण आवश्यक हुन्छ । शिक्षा हासिल गर्नका लागि द्वन्द्वरहित वातावरण प्राप्त गर्नु उनीहरूको अधिकार हो । तनावपूर्ण स्थितिमा कसैले पनि राम्री शिक्षा ग्रहण गर्न सक्दैन । बालमजदुरहरूमा यस्तो तनावको स्थिति अरूमा भन्दा बढी हुन्छ । यसो गर्दा उसको शान्त वातावरणमा शिक्षा लिन पाउने अधिकारको हनन् हुन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा अवसर लिई रोजगारीको अवसर प्राप्त गर्नु अपाङ्गहरूको अधिकार हो । उनीहरूको शारीरिक वा मानसिक अपूर्णताका कारण सबै काम सबैले गर्न सक्तैनन् । जसमा जे क्षमता छ त्यहीअनुसारको प्राविधिक तथा व्यावसायिक शिक्षा पाएमा उनीहरू आफ्नो क्षेत्रमा उन्नति गरेर देखाउन सक्छन् ।

**(घ) बालमदजुर तथा अपाङ्गहरूको शिक्षासम्बन्धी कानुनी व्यवस्था**

नेपाल अधिराज्यको संविधानले समानताको हक अन्तर्गत शारीरकि वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ भनेर किटान गरेको छ । यसै मर्मलाई आत्मसात गरी राज्यले अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा,

स्वास्थ्य र सामाजिक सुधारको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ । त्यस्तै राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नुका साथै निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था समेत क्रमशः गर्दै जाने नीति लिएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाविस तथा नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा व्यवस्थापन गर्ने नीति अघिसारेको छ । अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रम, बालअधिकारसम्बन्धी महासन्धि १९८९ तथा अपाङ्गहरूका लागि विशेष सहुलियत कार्यक्रमहरू अघि बढाएको देखिन्छ ।

दसौं योजना (२०५९-६४) ले बालश्रम हटाउने र कठिन तथा हिंसात्मक गतिविधिबाट प्रभावित बालबालिकालाई पुनर्स्थापना गरी उनीहरूको अधिकार सुदृढ गर्ने रणनीति तय गरिसकेको छ । यसका लागि बालअधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, बालअधिकार सापेक्ष कानुनी व्यवस्था गर्ने, अपाङ्ग एवम् दलित वर्गका बालबालिकाहरूको शिक्षा निःशुल्क गर्ने र अपाङ्गहरूका निमित्त विशेष शिक्षालाई प्रभावकारी एवम् विस्तार गर्ने योजना तय गरेको छ । केन्द्रीय र जिल्ला बालकल्याण समितिलाई सुदृढ गर्ने कार्यक्रम पनि दसौं योजनाले अघि सारेको छ । यसैगरी निकृष्ट बालश्रमलाई योजना अवधिभित्रै उन्मुलन गर्नुका साथै अन्यप्रकारका बालश्रमहरूलाई न्यूनीकृत गर्दै लैजाने र बाल यौनशोषण, दुर्व्यवहार, बेचबिखन तथ्य ओसारपसार कार्यलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा पुनर्स्थापनात्मक उपाय अपनाई रोकथाम तथा नियन्त्रण गर्ने, कठिन परिस्थितिका बालबालिकाहरू तथा विद्रोहीहरूका गतिविधिबाट प्रभावित भई विस्थापित बालबालिकाहरूलाई समुदायमा आधारित पुनर्स्थापना गर्ने, बालअधिकार सम्बर्द्धनमा चेतना अभिवृद्धि गर्ने जस्ता कार्यक्रम पनि दसौं योजनाले अघि बढाएको छ ।

दसौं योजनामै अपाङ्गहरूको आर्थिक, सामाजिक एवम् सबै प्रकारका अवसरहरूमा पहुँच विस्तार र आर्थिक एवम् सामाजिक सुरक्षाको संरक्षण सुनिश्चित गर्नमा आवश्यक कानुन, नीतिनिर्माण तथा समसामयिक संशोधन गर्ने रणनीति तय गरिएका छन् । यस अन्तर्गत अपाङ्गहरूका लागि सबै तहमा आधारभूत स्वास्थ्योपचार, शिक्षा र समुदायमा आधारित पुनर्स्थापनाको व्यवस्था गर्ने, अपाङ्गको सामाजिक सुरक्षा र आर्थिक सम्बर्द्धनका लागि राष्ट्रिय स्तरमा अपाङ्ग संरक्षण कोष स्थापना गर्ने अनि अपाङ्गहरूका लागि बौद्धिक तथा मानसिक विकास, सीपयुक्त तालिम र आवश्यक परामर्श सेवा कार्यक्रको व्यवस्था तथा रोजगारीका लागि विशेष अवसर प्रदान गर्ने नीति तथा कार्यनीतिहरू दसौं योजनाले व्यवस्था गरेको छ ।

शिक्षा नियमावली २०४९ ले परिच्छेद ११ मा विशेष शिक्षासम्बन्धी व्यवस्था गरेको छ । नियमावलीको दफा ६० देखि ६६ सम्ममा अन्धा, बहिरा, सुस्तमनस्थिति भएका वा शारीरिक कारणले अपाङ्ग बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्ने प्रावधानका बारेमा उल्लेख गरिएको छ । यस कार्यका लागि शिक्षा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी १३ सदस्यीय विशेषशिक्षा परिषद्को व्यवस्था गरिएको छ । परिषद्को काम, कर्तव्य र अधिकारको बारेमा किटान गरिएको छ । विशेष शिक्षा सञ्चालन गर्न सक्ने व्यवस्था तथा सञ्चालनार्थ आवश्यककार्य विवरणको जानकारी, विशेष शिक्षाका लागि विद्यालय खोल्न सक्ने व्यवस्था, यस्तो विद्यालय वा संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीको सेवासर्त तथा नियुक्ति आदिका बारेमा नियमावलीले व्यवस्था गरेको छ ।

## ६. आत्ममूल्याङ्कन

यस पाठको अध्ययनपछि तपाईंलाई थप जानकारी भएका कुराहरू केही छन् भने टिपोट गर्नुहोस् ।

१. **शीर्षक** : नेपाली भाषाशिक्षण र सिकाइमा विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको उपयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग गर्न ।

३. **विषयवस्तु** :

विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग ।

४. **पूर्वसिकाइ धारणा** :

विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको नेपाली भाषाशिक्षण र सिकाइमा कसरी उपयोग गर्न सकिन्छ ? तपाईंका धारणाहरूलाई टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

कक्षाकोठाभित्र शिक्षकले विभिन्न सामाजिक समूहका विद्यार्थीहरूको उचित व्यवस्थापन गरी भाषाशिक्षण गर्नुपर्ने हुन्छ । कक्षाकोठामा प्रयुक्त भाषा सबै वर्ग र समूहका लागि स्वीकार्य हुनुपर्दछ । कक्षामा कुनै समूहले अपमानित हुनुपर्ने खालको भाषिक प्रयोग झुक्किएर पनि नहोस् भन्ने तिर शिक्षक चनाखो रहनुपर्छ । विभिन्न सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थालाई कक्षाकोठामा कसरी उपयोग गर्ने भन्ने बारेमा क्रमशः चर्चा गरौं ।

**(क) बालिका तथा महिलाहरू**

नेपालको कूल जनसङ्ख्याको ५१ प्रतिशत भाग महिलाहरूको छ । कक्षाकोठामा आधा विद्यार्थीसङ्ख्या महिलाहरूकै हुनुपर्ने हो तर हाम्रो समाजमा महिलाशिक्षा पुरुषहरूका तुलनामा केही कम भेटिन्छ । यसो हुनु राम्रो होइन । सन्तुलित विकासका लागि महिला सहभागिता अत्यावश्यक कुरा हो । शिक्षाले महिलाहरूलाई व्यक्तित्व विकासका अनेक सम्भावनाहरूको मार्ग प्रशस्त गर्दछ । यसका लागि कक्षामा भाषाशिक्षकले आफ्ना तर्फबाट बालिकाहरूलाई विशेष सहयोग पुऱ्याउनुपर्ने हुन्छ ।

हरेक व्यक्तिमा शिक्षा पाउने अधिकार हुन्छ । नेपालका थुप्रै बालिकाहरू आफ्नो वा अरूको घरमा बालमजदुरका रूपमा काम गर्न बाध्य छन् । उचित परामर्श र उत्प्रेरणाका अभावमा ती शिक्षाप्रति उदासीन भएका हुन सक्छन् । शिक्षकले कक्षाका बालिकाहरू मार्फत् उनीहरूका साथीहरूलाई शिक्षा ग्रहणका लागि प्रेरित गराउन सक्दछ भने आफैं तिनीहरूको घरमा गएर अभिभावक तथा बालिकासित छलपल गरी शिक्षाका लागि उत्साहित बनाउन सक्दछ । सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि भाषाशिक्षकले सहयोगी र उत्प्रेरणाको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

बालिकाहरूलाई शिक्षाप्रति आकर्षित गर्नका लागि निशुल्क शिक्षा तथा छात्रवृत्तिका कार्यक्रमहरूबारे शिक्षकले जानकारी गराउनु पर्दछ । गुणस्तरीय शिक्षा आर्जन गरेपछि हुने फायदाका बारेमा प्रकाश

पारिदिनु पर्दछ । यसबाट उनीहरू विद्यालय आउन तयार होउन् भन्नका लागि शिक्षक बारम्बार प्रयासरत रहनु आवश्यक हुन्छ । विद्यालयमा बालिकाहरूलाई ध्यानमा राखी मैत्रीपूर्ण वातावरणमा तयार पार्नमा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । हिंसारहित शान्त वातावरणमा मात्र बालिकाहरू शिक्षाप्रति प्रेरित हुनसक्छन् भन्ने बुझी भाषाशिक्षकले यसका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु राम्रो हुन्छ ।

भाषाशिक्षकले महिलाहरूलाई तथा बालिकाहरूलाई साक्षरताको शिक्षा दिने हो भने यसबाट पढाइलेखाइप्रतिको रुचि जगाउन सकिन्छ । साक्षरता शिक्षा, अनौपचारिक शिक्षा जस्ता कार्यक्रममा सहभागी भएर भाषाशिक्षकले समुदायमा सचेतना जागृत गराउन सक्दछ । विद्यालयमा महिला शिक्षकहरूको व्यवस्था गर्न भाषाशिक्षकले सहयोग पुऱ्याउनु पर्दछ । कक्षाकोठामा महिलाहरूको सहभागितालाई प्रोत्साहन गरी, उनीहरूलाई शिक्षण सिकाइमा बढी सहभागी गराई उनीहरूको मनोबल बढाउन शिक्षकले कार्य गर्नुपर्दछ । बालिकाहरूका विशेष किसिमका अप्ठ्यारा र समस्याहरू हुन सक्छन् । ती समस्याहरूलाई रुचिपूर्वक सुन्ने, मनन गर्ने र उचित परामर्श प्रदान गर्ने गरेमा बालिकाहरूको कक्षा सहभागितामा वृद्धि हुन जान्छ । उनीहरूको विशिष्टता र संवेदनशीलतालाई विचार गर्दै उचित व्यवहार र भाषिक वातावरण निर्माण गरी महिलाहरूलाई शिक्षामा आकर्षित गर्न सकिन्छ ।

भाषाशिक्षक सामान्यतः फरासिलो स्वभावको हुन्छ । यसै स्वभावका कारण ऊ समाजमा सजिलै घुलमिल हुन पनि सक्दछ । उसका भाषिक व्यवहारहरू सन्तुलित र आकर्षक हुने भएकाले बढी नै प्रभावकारी पनि हुन्छ । बालिका तथा महिलाका शैक्षिक अधिकार तथा कानुनी व्यवस्थाका बारेमा चर्चा गरी बालिकाहरूलाई शिक्षाप्रति आकर्षित गर्न उसको जिम्मेवारी अन्य विषय शिक्षकको भन्दा विशेष महत्वपूर्ण हुन्छ ।

भाषाका चारै सीपहरूको अभ्यास गराउँदा विषयवस्तुका रूपमा बालिका तथा महिलाको शिक्षासम्बन्धी अधिकार तथा कानुनी व्यवस्थालाई उपयोग गर्न सकिन्छ । उदाहरणहरू दिँदा होस् वा वादविवाद, वक्तृता गराउँदा अथवा निबन्ध, चिठी आदि लेख्न सिकाउँदा सोही अनुरूपको विषयवस्तु छनोट गर्न सकिन्छ । अधिकार र कानुनी व्यवस्थाका विभिन्न पक्षहरूलाई समयसमयमा कक्षामा प्रस्तुत गरी बालिकाहरूलाई प्रेरित र प्रोत्साहित गर्न सकिन्छ । यसरी समतामूलक भाषिक वातावरणको निर्माण तथा विषयका रूपमा छात्राहरूका अधिकार आदिलाई समावेश गरी भाषाशिक्षकले बालिका तथा महिलाहरूको शिक्षासम्बन्धी अधिकार ता कानुनी व्यवस्थाको उपयोग गर्न सक्दछ ।

**(ख) दलित**

नेपालका दलितहरू मूलतः गरिबी र सामाजिक दुरावस्थाका कारणले गर्दा शिक्षा प्राप्त गर्नबाट वञ्चित छन् । निःशुल्क रूपमा प्राप्त आधारभूत शिक्षा तथा गुणस्तरीय शिक्षा हासिल गर्न पाउने अधिकार दलित वा गैरदलित सबैलाई छ । यही अधिकारको प्रयोग पनि सबै दलितहरूले गर्न सकिरहेका छैनन् । जो आर्थिक कारणले शिक्षा लिनबाट वञ्चित छन् त्यस्ता दलितहरूलाई शिक्षकले

छात्रवृत्ति आदिको जानकारी गराएर तथा त्यसको प्राप्तिका लागि सहयोग गरेर विद्यालयतर्फ आकर्षित गर्नुपर्ने हुन्छ । सामाजिक दुरावस्थाका कारण विद्यालयमा टिक्न नसकेका दलितहरूलाई शिक्षाप्रति आकर्षित गर्न शिक्षकले विद्यालयमा उनीहरूका लागि अनुकूल हुने मैत्रीपूर्ण वातावरण निर्माण गर्न पहल गर्नुपर्दछ । उनीहरूको इच्छा र आवश्यकतालाई ध्यानमा राखी शिक्षकले भाषाशिक्षण तथा सिकाइ क्रियाकलापलाई अघि बढाउनुपर्दछ । गैरदलितले दलितलाई उमेरमा ठूलै भए पनि अनादरवाची क्रियाको प्रयोग गरिरहेको हुनसक्छ । दलितले उमेरमा सानो भए पनि गैरदलितलाई उच्चआदरार्थी क्रियाको प्रयोग गर्नुपर्ने वातावरण कक्षामा हुन सक्दछ । यसबाट दलित विद्यार्थीको विद्यालयप्रतिको आकर्षण घट्न सक्छ । यी पक्षहरूतिर ध्यान दिई शिक्षकले उपयुक्त भाषिक वातावरण तयार पार्नु अत्यावश्यक हुन्छ । के दलित, के गैरदलित सबैलाई समान किसिमको भाषिक व्यवहार गर्न सिकाउनु भाषाशिक्षकको परम कर्तव्य हो भने त्यस्तो वातावरण पाउनु दलित विद्यार्थीको अधिकार हो भन्ने बुझी सोही व्यवहार गर्ने गराउने कार्यमा भाषाशिक्षक सक्रिय रहनु पर्दछ ।

दलितहरूलाई शिक्षाप्रति आकर्षित गर्न उनीहरूका शैक्षिक हक तथा कानुनी व्यवस्थामाथि छलफल, विमर्श तथा तर्कवितर्कहरू गराएर दलितहरूको मनोबल बढाउने काममा भाषाशिक्षक लाग्नुपर्दछ । जातिका आधारमा मानवप्रति गरिने भेदभावपूर्ण व्यवहार गलत हो भन्ने सावित गर्न निबन्धलेखन, पत्रलेखन, बोधअभ्यास, वक्तृता, आदि भाषिक क्रियाकलापहरू कक्षाभित्रै सञ्चालन गर्न सकिन्छ भने कक्षा बाहिरका अतिरिक्त क्रियाकलापमा पनि दलितहरूलाई प्रोत्साहन हुने खालका कार्यक्रम आयोजना गर्न सकिन्छ । आफ्नो परम्परागत सीपप्रति आस्थावान बनाउन तथा आफ्नो जातीय विकासका लागि सक्रिय रहन दलित विद्यार्थीहरूलाई प्रोत्साहित गर्नु भाषाशिक्षकको दायित्व हो । राज्यले जातपातका आधारमा भेदभाव गर्न नपाइने र त्यस्तो गरे त्यो दण्डनीय हुने व्यवस्था गरेको कुराबाट उनीहरूमा मनोबल बढाउन सहयोग मिल्दछ । छात्रवृत्ति तथा विशेष व्यवस्थाका बारेमा विद्यार्थी तथा अभिभावकलाई उचित जानकारी गराई शिक्षाप्रति उनीहरूलाई आकर्षित गर्न भाषाशिक्षकले विशेष पहल गर्नु पर्दछ । दलितहरूका शैक्षिक अधिकारबारे जनचेतना जगाउन भाषाशिक्षकले स्थानीयस्तरमा सक्रिय विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाहरूसित सहकार्य गर्न पनि आवश्यक हुन सक्छ ।

### (ग) आदिवासी जनजाति

मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार हरेक व्यक्तिलाई छ । आदिवासी जनजातिका आफ्ना आफ्नै भाषा, संस्कृति र मौलिक प्रचलनहरू हुन्छन् । तिनलाई सम्मान गर्ने किसिमको वातावरण कक्षामा तयार गर्नु भाषाशिक्षाको जिम्मेवारी हो । आफ्नो परम्परा, प्रलचन र सांस्कृतिक चाडपर्वहरूका बारेमा सगौरव अभिव्यक्ति दिन सक्ने वातावरण शिक्षकले बनाइदिनु पर्दछ । आदिवासी जनजाति विद्यार्थीहरूका लागि नेपाली संस्कृति नयाँ र अनौठो हुनसक्छ । सबै संस्कृति आफैंमा ठूला र महत्वपूर्ण हुन् भन्ने भावनाको विकास गराउनु शिक्षकको दायित्व हो ।

नेपाली भाषा आदिवासी जनजातिका लागि दोस्रो भाषा हो । दोस्रो भाषा सिकाइमा उनीहरूलाई सङ्कोच र असजिलो लाग्न सक्छ । दोस्रो भाषाशिक्षणका विधि र तरिकाहरूको प्रयोग गरी नेपाली भाषाशिक्षकले संवेदनशील भएर नेपाली भाषा शिक्षण गर्नुपर्दछ । कतिपय शब्दहरू नेपाली भाषामा भन्न नसकी मातृभाषामै भने भने वा वाक्य संरचनामा त्रुटि गरे भने सहानुभूतिसहित प्रोत्साहनगर्नु शिक्षकको कर्तव्य हुनेछ । कक्षामा एकले अर्कालाई हेप्ने वा जिस्क्याउने वातावरण तयार नहोस् भन्नेतिर नेपाली भाषाशिक्षणक सधैँ सचेत रहनुपर्दछ । ऊ नेपाली भाषालाई राष्ट्रभाषाका रूपमा सिक्दैछ तर उसको आफ्नो भाषा चाहिँ अर्कै छ भन्नेतिर कक्षालाई सचेत गराउनु भाषाशिक्षकको जिम्मेवारी हो ।

आदिवासी जनजाति विद्यार्थीहरूका घरमा प्रयोग हुने परम्परागत सीपहरूसम्बन्धी अनुभवलाई नेपाली भाषामा कक्षाभित्र बाँड्ने मौका उसलाई दिइनुपर्दछ । उसका इच्छा र आवश्यकता अनुकूलको शिक्षा दिने प्रयास शिक्षकले गर्नुपर्दछ । आदिवासी जनजातिहरू अल्पसङ्ख्यक हुनसक्छन् । उनीहरूका लागि विद्यालयमा मैत्रीपूर्ण वातावरण निर्माण गरिनुपर्दछ भने शिक्षकले सहयोगीका रूपमा उर्सासित व्यवहार गर्नुपर्दछ । नेपाली भाषा सिकाउनका लागि बारम्बार प्रेरित र प्रोत्साहित गर्नु नेपाली भाषाशिक्षकको दायित्व हो ।

परम्परित संस्कार, संस्कृति र पेसाव्यवसायमा आफ्नै किसिमले रहेका आदिवासी जनजातिहरूलाई आधुनिकताको ज्ञान नहुन सक्छ । नयाँ वातावरणमा भिज्न उनीहरूलाई कठिन हुन सक्छ । उनीहरू शिक्षाप्रति उदासीन हुन सक्छन् । यी अवस्थाहरूलाई ध्यानमा राखी भाषाशिक्षकले उनीहरूका हक, अधिकार र कानुनी व्यवस्थाका बारेमा जानकारी गराउँदै प्रोत्साहन गर्नुपर्दछ । छात्रवृत्ति आदिको बारेमा जानकारी दिँदै राष्ट्रिय मूलधारमा सहभागी भई आधुनिक जीवनशैलीतिर आकर्षित गर्ने प्रयास शिक्षकले गर्नुपर्दछ ।

**(घ) बालमजदुर**

अधिकांश बालमजदुरहरू त विद्यालयीय शिक्षाबाट वञ्चित नै छन् । कतिपय कहिलेकाँही अनियमित विद्यार्थीका रूपमा विद्यालय जान्छन् । गाउँघरका केही बालश्रमिकहरू खेतीपातिको समयमा विद्यालय जान नपाउने र खेतीपातीको काम केही हलुको भएको समयमा विद्यालय जाने गर्दछन् । यस्ता बालमजदुरहरूलाई शिक्षकले प्रेरणा र प्रोत्साहन गरी नियमित बनाउन प्रयास गर्दछ । सहरतिरका बालमजदुरहरूले भने कामबाट छुट्टी नै पाउँदैनन् र विद्यालय जाँदैनन् । यस्तालाई प्रेरित गर्न कठिन छ । केही बालमजदुरहरू विद्यालय त जान्छन् तर कामको तनावले दिमाग भरिएको अवस्थामा जान्छन् । आवश्यक निन्द्रा नपाएर थकित भएका बालमजदुरहरू पनि विद्यालयमा हुन्छन् । यिनीहरूलाई आफ्ना अधिकारका बारेमा बुझाउनु तथा कानुनी व्यवस्थाका बारेमा सचेत गराई शिक्षा आर्जनका लागि प्रेरित गर्नु शिक्षकको कर्तव्य हुन्छ ।

विद्यालयमा आउने बालश्रमिकहरूले पनि जटिल परिस्थितिको सामना गर्दै कक्षामा उपस्थित भएका हुन्छन् । उनीहरूलाई मानसिक रूपमा ताजगी प्रदान गर्नु शिक्षकको कर्तव्य हो । उनीहरूका

व्यथाकथालाई महत्वका साथ श्रवण गरी उचित परामर्श प्रदान गर्ने काम शिक्षकले गर्नुपर्दछ । शिक्षक उनीहरूको असल मित्र बन्ने प्रयास गर्नुपर्दछ ।

बढी कामका कारण विद्यालयमा उपस्थित हुन नसक्ने बालमजदुरहरूका लागि साक्षरताकक्षा वा विशेषकक्षा जस्ता अवसरको खोजी गरी तिनलाई अनुकूल हुने समयमा शिक्षा दिने व्यवस्था मिलाउन सरकारी तथा गैरसरकारी सङ्घसंस्थासित शिक्षकले पहल गर्न सक्दछ । उनीहरूलाई व्यावसायिक शिक्षा उपलब्ध गराउने काममा पनि शिक्षक सहयोगी हुनसक्दछ । अधिकार र कर्तव्यका बारेमा अभिभावक वा मालिक तथा बालमजदुर दुवैलाई सचेत गराउनेतर्फ शिक्षक सक्रिय रहन सक्दछ । बालश्रमिकहरूले पनि शैक्षिक अधिकारहरूको उपयोग गर्न पाउनुपर्छ भन्ने विषयमा आफ्ना तर्फबाट शिक्षकले निरन्तर प्रयास गरिरहनु पर्दछ । बालकल्याणकारी कामलाई अगाडि बढाउने बारेमा शिक्षकले गम्भीर भएर चिन्तन गर्नुपर्दछ ।

बालमजदुरको शिक्षाका लागि द्वन्द्वरहीत वातावरणको निर्माण गर्ने कार्यमा शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । बालमजदुरलाई प्रोत्साहन हुने खालका उनीहरूको मनोबल बढ्ने खालका क्रियाकलापहरूद्वारा भाषाशिक्षकले कक्षाभित्र वा बाहिर पनि महत्वपूर्ण कार्य सम्पादन गर्न सक्दछ ।

**(ङ) अपाङ्ग**

अपाङ्गहरूको सङ्ख्या उल्लेख्य भएर पनि नेपालमो शिक्षाका लागि पर्याप्त व्यवस्था हुन सकेको छैन । यहाँका अधिकांश अपाङ्गहरू शिक्षा पाउने उनीहरूको आधारभूत अधिकारबाट समेत वञ्चित छन् । उनीहरूको अधिकारको रक्षाका लागि सरकारले केही कानुनी व्यवस्थाहरू गरेको भएपनि त्यसको व्यापकताको भने सर्वथा अभाव छ । शारीरिक अङ्गहरूको सामान्य क्षति भएका अपाङ्गहरू साधारण विद्यालयमा कतैकतै अध्ययनरत भेटिन्छन् । बहिराहरूका लागि भने नेपाली भाषाको कथ्य रूपको उपयोग सम्भव छैन । सुनाइ र बोलाइ सीपको विकास उनीहरूमा नभए पनि पढाइ र लेखाइ सीप सिकाउन सकिन्छ तर यसका लागि पनि साधारण विद्यालयहरू पर्याप्त छैनन् यसका लागि विशेष शिक्षाको खाँचो पर्दछ । यी बाहेक अन्य अपाङ्गहरूका लागि भने उनीहरूको अधिकार तथा कानुनी व्यवस्थाका बारेमा जानकारी गराउँदै व्यक्तित्व विकासमा सहयोग गर्न नेपाली भाषा शिक्षकले महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ ।

अपाङ्गहरूलाई उनीहरूको अपाङ्गताको स्वरूपअनुकूल पेसागत सीप सिकाउनु राम्रो हुन्छ भाषिक सीपमा दक्ष बनाई देशका लागि योग्य नागरिक तयार पार्ने कार्यमा भाषाशिक्षकले सबैभन्दा बढी सहयोग गर्न सक्दछ । अपाङ्ग पनि साङ्गहरूभैँ शिक्षा आर्जन गर्न सक्छन् भन्ने विश्वास दिलाउने कार्यमा भाषाशिक्षकले उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्दछ । उनीहरूलाई उचित परामर्श, हौसला र सहयोग गरी सिकाइमा सक्रिय बनाउनुपर्ने हुन्छ । उनीहरूसँगको व्यवहारमा पनि शिक्षक बढी नै सचेत एवम् संवेदनशील रहनु आवश्यक हुन्छ । उनीहरूले आत्मसम्मानको बोध गर्न सकुन् भन्नेतिर ध्यान दिई उचित किसिमको भाषिक वातावरण तयार पार्नु भाषाशिक्षकको दायित्व हो । कक्षा वा विद्यालयमा मैत्रीपूर्ण वातावरणको निर्माण गर्ने काम शिक्षकले गर्नुपर्दछ । उसको अपाङ्गताको किसिमअनुसारको बसाइको व्यवस्था मिलाइनु पर्दछ । छात्रवृत्तिको व्यवस्था गरी उसलाई उच्चशिक्षासम्म लैजानका लागि आवश्यक सहयोग गर्नु शिक्षकको दायित्व हो ।

अपाङ्गहरूको शैक्षिक अधिकारलाई सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सरकारी एवम् गैरसरकारी संघसंस्थाहरूबाट भएगरेका प्रयासहरूका बारेमा बताई उनीहरूलाई त्यहाँसम्म पहुँचको व्यवस्था मिलाउन सहयोग गरी शिक्षकले उनीहरूलाई मदत गर्न सक्दछ । शिक्षा नियमावली २०४९ ले गरेका व्यवस्थाका बारेमा जानकारी गराएर पनि शिक्षकले अपाङ्गहरूको अधिकार रक्षाका लागि सहयोग पुऱ्याउन सक्दछ ।

६. **आत्ममूल्याङ्कन**

यस पाठको अध्ययनबाट विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थालाई शिक्षण सिकायमा उपयोग गर्ने तरिकाका बारेमा केकति जानकारी पाउनुभयो ? तपाईंकका विचारमा यसलाई अझै ठीक किसिमले उपयोग गर्ने तरिका के हुनसक्छ ? टिपोट गर्नुहोस् ।

# एकाइ - नौ

१. **शीर्षक** : नेपाली भाषाशिक्षणमा शान्तिको सिद्धान्त- १

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सक्रिय शान्तिको सिद्धान्तको परिचय दिन

(ख) निष्क्रिय शान्तिको सिद्धान्तबारे बताउन

(ग) सामाजिक न्यायको सिद्धान्तबारे प्रकाश पार्न

(घ) भाषाशिक्षणका आधुनिक र उत्तरआधुनिक सिद्धान्तबारे भन्न

३. **विषयवस्तु :**

(क) नेपाली भाषाशिषणमा सक्रिय शान्तिको सिद्धान्त

(ख) नेपाली भाषाशिक्षणमा निष्क्रिय शान्तिको सिद्धान्त

(ग) नेपाली भाषाशिणमा सामाजिक न्यायको सिद्धान्त

(घ) नेपाली भाषाशिक्षणमा आधुनिक र उत्तरआधुनिक सिद्धान्त

४. **पूर्वसिकाइ धारणा :**

पाठको अध्ययन गर्नुभन्दा पहिले तलका प्रश्नहरूमाथि गम्भीर किसिमले मनन गरी उत्तरका लागि बुँदा तयार पार्नुहोस् ।

(क) नेपाली भाषाशिक्षणका सन्दर्भमा सक्रिय शान्तिको सिद्धान्त भन्नाले के बुझिन्छ ?

(ख) निष्क्रिय शान्तिको सिद्धान्तलाई नेपाली भाषाको शिक्षकले कुनरूपमा बुझ्नु आवश्यक छ ?

(ग) सामाजिक न्यायको सिद्धान्तलाई नेपाली भाषाशिक्षणमा कसरी उपयोग गर्न सकिन्छ ?

(घ) नेपाली भाषाशिक्षण गर्दा आधुनिक र उत्तरआधुनिक सिद्धान्तको उपादेयता के हो ?

५. **विषयवस्तुको प्रस्तुतीकरण :**

**(क) सक्रिय शान्तिको सिद्धान्त**

सहभागीहरू वा द्वन्द्वरत पक्षहरू स्वयम् प्रत्यक्षरूपमा सहभागी भएर संवाद, छलफल तथा वार्तामार्फत स्थापित गरिने शान्ति नै सक्रिय शान्ति हो । द्वन्द्वरत पक्षहरूले एकआपसमा छलफल नगर्दा एकले अर्कालाई राम्ररी बुझ्ने अवसर नै प्राप्त हुँदैन । एक समूहका चाहना, आवश्यकता र परिस्थितिलाई अर्को समूहका समस्याले मनन गर्ने अवसर पाए भने सामान्यतः मेलमिलापबाटै समाधानको बाटो पहिल्याउन सकिन्छ । एकले अर्कालाई राम्ररी बुझ्न नसक्दा र उसको सार्थक तथा सक्रिय अस्तित्वलाई स्वीकार गर्न नसक्दा असन्तोषको भावना पैदा भई शान्ति खल्बलिने हुन्छ । यसो हुन नदिई सदा शान्ति कायम गर्न यस्ता संवाद, छलफल र विचारविमर्शहरूको महत्वपूर्ण भूमिका हुन्छ ।

संवाद तथा छलफलबाट विरोधी व्यक्ति वा समूहका फरक मतहरू बुझ्न सकिन्छ । अशान्त वातावरण सिर्जना हुनाका कारणहरू फेला पार्न र त्यसको उचित ढङ्गले समाधान निकाल्न सकिन्छ । आफ्नै समस्यालाइ मात्र समस्या देख्ने अनि अरूका विचार र भावनालाइ महत्वहीन ठान्ने माानवीय कमजोरीलाई कम गराउन पनि यस्तो छलफल उपयोगी हुन्छ । आफ्ना मर्का तथा

आफूमाथि परेका अन्यायहरू सुनाउन पाउँदा मानसिक सन्तोष प्राप्त हुन्छ । मानसिकरूपले सन्तुष्ट मान्छे सदा शान्तिको पक्षमा हुन्छ । तसर्थ समाज, राष्ट्र वा विद्यालयका कक्षाकोठा नै किन नहोस् जहाँसुकैपनि सक्रिय शान्तिको सिद्धान्त उपयोगी देखिन्छ ।

नेपाली भाषाशिक्षणमा भाषिक सीपहरूको शिक्षण गरिन्छ । ती मध्ये सुनाइ र पढाइमार्फत अरूका धारणा तथा विचारहरू ग्रहण गर्ने क्षमताको अभ्यास गरिन्छ । अरूका अभिव्यक्तिलाई सही किसिमले ग्रहण गर्न सकियो भने छलफलमा सहभागी भई समस्या समाधानतर्फ बढ्न सहज हुन्छ । यी दुई सीपको दक्षताबाट आफू विश्वस्त हुन सकिन्छ भने बोलाइ र लेखाइ सीपमार्फत अरूलाई विश्वस्त तुल्याउन सकिन्छ । आफ्ना कुराहरू ठीकसँग अभिव्यक्त गर्नका लागि बोलाइ तथा लेखाइको सही किसिमले उपयोग गर्नुपर्ने हुन्छ । कक्षाकोठामा विभिन्न भाषिक क्रियाकलापहरू गराएर विद्यार्थीलाई भाषिक सीपमा दक्ष बनाउन सकियो भने शान्ति स्थापनाका लागि त्यो सहयोगी हुन्छ । विभिन्न आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र वैचारिक पृष्ठभूमि भएका विद्यार्थीहरूबीच शान्ति कायम गर्नका लीग तथा भोलिको समाजमा शान्ति स्थापनाका लागि भाषिक सीपहरूको शिक्षण र त्यसबाट प्राप्त हुने भाषिक दक्षता अत्यन्तै महत्वपूर्ण मानिन्छ । त्यसैले सक्रिय शान्तिको सिद्धान्त नेपाली भाषाशिक्षणमा अत्यन्तै उपयोगी छ ।

**(ख) निष्क्रिय शान्तिको सिद्धान्त**

आफ्ना कमजोरीहरूलाई स्वीकारगरी आत्मालोचनाद्धारा शान्ति प्राप्त गर्न सकिन्छ भने सिद्धान्त निष्क्रिय शान्तिको सिद्धान्त हो । मानिसले आफ्ना कमजोरीहरूलाई चिन्ने प्रयास गर्नुपर्छ । कमजोरीहरूलाई स्वीकार गर्नुपर्छ । मानिसबाट गल्तीहरू हुन्छन् तर ती सुधार गर्न नसकिने खालका हुँदैनन् भन्ने कुरालाई यस सिद्धान्तले अघि सार्दछ । भूल र सिकाइको सिद्धान्त शान्ति स्थापनाका लागि उपयोगी हुने कुरा यसले मान्दछ । आत्मसमीक्षा, आत्मसन्तुलन, आदर्शको अनुसरण तथा मानवतालाई यसले अपनाउँदछ । मानिसमा यी कामहरू गर्न सक्ने क्षमता हुन्छ । सत्सङ्गतबाट होस् वा ध्यान, योग आदिबाट होस् मानिसले आफूलाई चिनेर, आफ्नो रचनात्मक क्षमताको पहिचान गरेर शान्ति स्थापनामा सहयोग पुऱ्याउन सक्दछ । निष्क्रिय शान्तिको सिद्धान्त वास्तवमा स्वमूल्याङ्कन वा स्वव्यवस्थापनको सिद्धान्त हो ।

आफ्ना विचार वा दृष्टिकोणलाई जबर्जस्ती गरिएको दमनले तत्काल शान्ति अनुभव गरिए पनि त्यो दीर्घकालीन हुँदैन । निष्क्रिय शान्तिको सिद्धान्तले यस किसिमको दमनमार्फत होइन कमजोरीहरूको आत्मप्रदर्शनमार्फत शान्तिको पथमा अग्रसर हुन आह्वान गर्दछ । आफ्ना कम्जोरीउपर आँखा चिम्लिने प्रवृत्तिले मानव संसारलाई अशान्ति र हिंसातिर प्रवृत्त गराएको हो । संसारमा गल्ती भएका छन् र यसो हुनुमा मेरो संलग्नता कुनरूपमा कति छ भन्ने कुराको खोजी गरी त्यसलाई न्यूनीकृत गर्ने वा पूर्णतः हटाउन प्रयास गर्ने हो भने मानवसमाज हिंसा वा अशान्तिको परिधिबाट मुक्त हुन्छ । 'संसार बदल्नु छ र सुरुआत आफैँबाट गर्नु छ' भन्ने विकासानन्दको भनाइ पनि यस सन्दर्भमा मननीय छ ।

नेपाली भाषाशिक्षकले निष्क्रिय शान्तिको सिद्धान्तलाई भाषिक व्यवहारमा उपयोग गर्नुपर्ने हुन्छ । गलत किसिमको भाषिक व्यवहार नै धेरै ठाउँमा अशान्तिको कारण बनेको हुनसक्छ । संसारका हरेक

विचारहरू भाषामार्फत व्यक्त हुन्छन् । भाषाकै कारणले मानिस जनावर भन्दा भिन्न छ । भाषाकै माध्यमबाट हरेक व्यक्तिका आदर्शहरू निर्मित छन् । क्षमा, विनय, त्याग र उपकारमात्र होइन बरू गलत व्यवहारहरू पनि भाषाकै कारणबाट जन्मिन्छन् । हिंसात्मक वातावरणलाई शान्तिमा र शान्त वातावरणलाई हिंसामा बदल्न क्षमता भाषिक व्यवहारमा हुन्छ । तसर्थ नेपाली भाषाशिक्षकले आफ्ना कमजोरीहरू सुधार्दै विद्यार्थीमा पनि त्यस अभिवृत्तिको विकासका लागि निष्क्रिय शान्तिको सिद्धान्तअनुरूप भाषिक व्यवहार र आचरण प्रदर्शन गरेर विश्वशान्तिको अभियानमा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्दछ । सक्रिय शान्तिको सिद्धान्त हुँदै निष्क्रिय शान्तिको सिद्धान्तमार्फत विश्वशान्तिको अभियानलाई साकार तुल्याउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा सकारात्मक चिन्तन पद्धतिको विकास हुने भएकाले शान्ति स्थापनाका लागि यी सिद्धान्तहरू बढी उपयोगी भएका हुन् ।

**(ग) सामाजिक न्यायको सिद्धान्त**

सामाजिक न्यायको सिद्धान्तले मानवतावादसित नजिकको सम्बन्ध राख्दछ । यसले मानिसलाई मासिका रूपमा हेर्न र व्यवहार गर्न प्रेरित गर्दछ । मानवअधिकारका यावत् घोषणाहरू सामाजिक न्यायका पक्षमा छन् । सामाजिक न्यायबिना कुनै पनि समाज वा सभ्यताको उन्नति सम्भव छैन । तसर्थ यो मानवीय न्यायको सिद्धान्त हो । छोटोमा भन्नुपर्दा मान्छेले मान्छे भएर बाँच्न पाउने वातावरणको अवस्था नै सामाजिक न्याय हो ।

सामाजिक न्यायको सिद्धान्तले हरेक मानिसलाई स्वतन्त्र र समान ठान्दछ । जातिपाति, धर्म, संस्कृति, लिङ्ग, रङ वा क्षेत्रका आधारमा कसैलाई भेदभाग गरिनु हुँदैन । आर्थिक, सांस्कृतिक वा अन्य कुनैपनि कारणले मानिस अन्यायको सिकार हुन् हुँदैन । हेरक मानिस आफ्नो पहिचान र भविष्य निर्माण गर्न स्वतन्त्र छ । संसारमा जन्मिने मान्छे कसैको अधीनस्थ बस्नु हुँदैन । कोही कसैभन्दा ठूलो वा कसैभन्दा सानो नभएकाले हरेक मान्छेले आफ्नो क्षमता विकास गर्नका लागि आवश्यक सुविधा र अवसर प्राप्त गर्नुपर्दछ । आफ्ना अधिकारहरूको उपभोग गर्नु तथा अरूका अधिकारहरूको सम्मान गर्नु सामाजिक न्यायको महत्वपूर्ण पक्ष हो ।

सामाजिक न्यायले बाह्य समाजमा मात्र होइन कक्षाकोठामा पनि न्याय, स्वतन्त्रता, भातृत्व र जीवनका लागि आदर जस्ता मूल्यहरूको स्थापना गर्दछ । यस्ता मूल्यहरू स्थापित भएको समाजमा दीर्घकालीन शान्ति कायम रहन सक्दछ । नेपाली भाषाशिक्षकले सामाजिक न्यायको सिद्धान्तलाई सामाजिक न्यायका कुरालाई विषयवस्तुका रूपमा पनि शिक्षण गर्नुपर्ने हुन्छ । सामाजिक न्यायको शिक्षाले मानव विवेकी, होसियार र साहसी हुनेमात्र होइन यसले मानिसलाई पूर्णतातिर अग्रसर गराउँदै नयाँ मानव सिर्जनामा मदत गर्दछ भन्नेतर्फ शिक्षक सचेत रहनु पर्दछ ।

विद्यालयमा उचित किसिमको वातावरण तयार पारेर विद्यार्थीहरूबीच सामाजिक न्याययुक्त समाजको नमुना प्रस्तुत गर्न सकिन्छ । यसो गर्नुको मूल उद्देश्य न्यायपूर्ण र शोषणरहित समाजको निर्माणका लागि सहयोग गर्नु हो । आज विद्यालयमा सिकेका व्यवहारहरू भोलि मानवजीवनमा उत्रिनुपर्छ । यसो भयो भने विश्वमा शान्तिको स्थापना सम्भव छ । भाषाशिक्षकले यस कार्यमा नमुना व्यक्तिको भूमिका निर्वाह गर्नुपर्दछ । विद्यालयका अतिरिक्त क्रियाकलापहरू मार्फत पनि यस किसिमका विषयवस्तुसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक हुन्छ । भाषाशिक्षक स्वभावत:

विद्यार्थीहरूसित बढी नजिक रहने भएकाले पनि यस्ता कार्यमा उसको नेतृत्वदायी भूमिका रहनु राम्रो हुन्छ ।

**(घ) आधुनिक तथा उत्तरआधुनिक सिद्धान्त**

आधुनिक तथा उत्तरआधुनिक सिद्धान्तको सम्बन्ध बादहरूसित गाँसिएको छ । आधुनिकतावाद र उत्तरआधुनिकतावाद नै यी सिद्धान्तका आधार हुन् । त्यसैले आधुनिकतावाद र उत्तरआनुधिकतावादका मान्यताहरू नै आधुनिक तथा उत्तरआधुनिक सिद्धान्तहरू हुन् ।

(१) **आधुनिकताबाद** : आधुनिकतावादको अवधि मूलत : प्रथम विश्वयुद्धदेखि सन् १९६० बीचको समयलाई मानिन्छ । यस बेलाको शिक्षामा विश्युद्ध र निराशावादी चिन्तनको असर भेटिन्छ । व्याख्यान । प्रदर्शन जस्ता कुरालाई शिक्षण क्रियाकलापमा जोड दिनु, शिक्षकको सक्रियता बढी हुनु, शिक्षक र विद्यार्थीबीच ठूलो खाडलको स्थिति रहनु, शिक्षकलाई ज्ञानको भण्डार र विद्यार्थीहरूलाई खाली दिमागको मानिनु, पुरूषशिक्षालाई महत्व दिइनु, शक्तिमा रहेका व्यक्तिहरूतर्फ मात्रै अध्यनअध्यापन केन्द्रित रहनु आदि विशेषताहरू आधुनिकतावादभित्र देखिन्छन् । मूल कुरा के हो भने आधुनिकतावाद नियमप्रति अत्यन्तै आशक्त  मान्यता हो । यसले एउटा कुरालाई सही प्रभाणित गर्छ र त्यसैका आधारमा अरू विषयवस्तुको परीक्षण गर्दछ । यसले चिन्तनलाई केन्द्रिकृत गर्न चाहन्छ । जोसँग शक्ति छ उसैले भनेको मानक ठहरिने र त्यही मानका आधारमा अरूको मूल्याङ्कन गरिने परिपाटीले शक्तिकेन्द्र भन्दा बाहिरका ज्ञानहरूमाथि अन्याय हुने स्थिति आधुनिकतावादमा हुन्छ । शक्तिका ज्ञानको मूल्याङ्कन र स्तर निर्धारण गर्ने केन्द्रिकृत अवधारणाका कारण संसारमा द्वन्द्व चर्किँदै गएकाले शान्ति स्थापनाका लागि शिक्षामा उत्तराधुनिक सिद्धान्तको आवश्यकता बोध भएको हो ।

(२) **उत्तरआधुनिकतावाद** : संसारमा एउटै मात्र ठीक र बाँकी सबै गलत भन्ने दृष्टिकोण स्वीकार्य छैन भन्ने मान्यता उत्तरआधुनिकतावाद हो । सन् १९७० को दशकपछि यो सिद्धान्त क्रमश: लोकप्रिय हुँदै गएको हो । विभिन्न पक्षबाट हेर्दा सत्यहरू पनि विभिन्न हुन सक्छन् । आधनुकितावादले यसलाई अस्वीकार गर्‍यो । हरेक मानिसहरूसित सीमित क्षमताहरू छन् भन्ने कुरामा यसले जोडदियो । हिजोसम्म पछि पारिएका महिला, दलित, आदिवासीजनजाति, अपाङ्ग, कालोछाला हुनेहरू तथा शक्तिकेन्द्रभन्दा बाहिर परेकाहरूको समान अधिकार र समान भूमिकाका पक्षमा यस मान्यताले आवाज उठायो । शिक्षकलाई सहजकर्ताका रूपमा लियो र विद्यार्थीहरूलाई क्षमता भएका बालबालिकाका रूपमा हेर्‍यो । अब शिक्षकले विद्यार्थीलाई सिकाउने मात्र होइन कतिपय कुराहरू विद्यार्थीबाट पनि सिक्नुपर्छ भन्ने मान्यता आयो । शिक्षक सबैथोक जान्ने अनि विद्यार्थी केही पनि नजान्ने भन्ने कुरा गलत साबित भयो । आवसर पाए महिलाहरू पुरुषभन्दा कमजोर छैनन् भन्ने ठानी लैङ्गिक समनाताको सुनिश्चिताका लागि आजाव उठाइयो । समाहित शिक्षालाई जोड दिइयो । शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागितालाई महत्व दिइयो । शिक्षामा प्रजातान्त्रीकरण तथा विकेन्द्रीकरणलाई अभियानका रूपमा अघि बढाइयो । यसरी उत्तरआधुनिकताबादले मानवअधिकारका हरेक पक्षलाई उत्तिकै महत्व दिई मानिसहरूको आत्मबल बढाउने काम गर्‍यो

जसले व्यक्तिलाई आत्मोन्नतिको बाटो खोलिदिएकाले विश्वशान्तिको अभियानमा सहयोग पुऱ्याएको छ ।

आधुनिक र उत्तरआधुनिक सिद्धान्तलाई ख्याल गरी विद्यार्थीको विविधता र क्षमताको कदर गर्दै दिगो शान्ति स्थापनाका लागि आफ्नो ठाउँबाट सक्रिय रहनु नेपाली भाषा शिक्षकको दायित्व हो । हरेक विद्यार्थीलाई समान अवसर, समान सहयोग, समान व्यवहार र समान जिम्मेवारी प्रदान गरी उनीहरूलाई सन्तुष्टि प्रदान गर्नेतर्फ भाषाशिक्षक सचेत रहनुपर्दछ । प्रत्येक जात, प्रत्येक भाषा, प्रत्येक धर्म, संस्कृति र प्रत्येक विशिष्टताको समष्टिका रूपमा हाम्रो समाजलाई ग्रहण गरी राष्ट्रभाषाका रूपमा नेपाली भाषाशिक्षण गर्नु नेपाली भाषाशिक्षकको दायित्व हो ।

**६. आत्ममूल्याङ्कन**

प्रस्तुत सामग्रीको अध्ययनबाट तपाईंमा केकस्ता परिवर्तन आए ? टिपोट गर्नुहोस् ।

## एकाइ – नौ

१. **शीर्षक** : नेपाली भाषाशिक्षणमामा शान्तिको सिद्धान्त- २

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) खुला र बन्द सिद्धान्तको परिचय दिन
(ख) आम शिक्षाका लागि द्वैधप्रणालीका बारेमा प्रकाश पार्न
(ग) मनोरञ्जनात्मक सिकाइको सुनिश्चितताको सिद्धान्तबारे बताउन
(घ) नेपाली भाषाशिक्षणसिकाइमा शान्तिपूर्ण शिक्षाको सिद्धान्तको प्रयोग गर्ने तरिकाबारे बताउन ।

३. **विषयवस्तु** :

(क) नेपाली भाषाशिक्षणमा खुला र बन्द सिद्धान्त
(ख) आमशिक्षाका लागि द्वैध प्रणाली
(ग) मनोरञ्जनात्मक सिकाइको सुनिश्चितताको सिद्धान्त
(घ) नेपाली भाषाशिक्षणसिकाइमा शान्तिपूर्ण शिक्षाको सिद्धान्तको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

यस सामग्रीको अध्ययनपूर्व निम्न प्रश्नहरूको उत्तर टिपोट गर्नुहोस् ।

(क) नेपाली भाषाशिक्षणमा तलका सिद्धान्तहरूको प्रयोग कसरी गर्न सकिन्छ ?
(अ) खुला र बन्द सिद्धान्त
(आ) आम शिक्षाका लागि द्वैध प्रणाली
(इ) मनोरञ्जनात्मक सिकाइको सुनिश्चितताको सिद्धान्त
(ख) नेपाली भाषाशिक्षणमा शान्तिपूर्ण शिक्षाको सिद्धान्तलाई प्रयोग गर्ने तरिका के हो ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) नेपाली भाषाशिक्षणमा खुला र बन्द सिद्धान्त**

नेपाली भाषाशिक्षणमा 'खुला र बन्द सिद्धान्त' भनिए पनि यसको सम्बन्ध शिक्षण पद्धतिसित गाँसिएको छ । शिक्षणसिकाइलाई सुचारू गर्ने दुई तरिकाहरू हुन सक्छन् । एउटा तरिका शिक्षककेन्द्री हुनसक्छ, अर्को विद्यार्थीकेन्द्री । शिक्षणसिकाइमा खुला सिद्धान्तको अवधारणा विद्यार्थीकेन्द्री शिक्षण पद्धतिसित मिल्दोजुल्दो छ भने बन्द सिद्धान्तको अवधारणा शिक्षककेन्द्री शिक्षण पद्धतिसित नजिक देखिन्छ । कक्षाकोठामा हरेक किसिमका जिज्ञासाहरू निर्धक्कसित राखेर शिक्षक विद्यार्थी दुवैको सहभागितामा विषयवस्तुको निष्कर्षसम्म पुग्ने मान्यतालाई खुला सिद्धान्तले अङ्गिकार गर्दछ । बन्द सिद्धान्तका अनुसार कक्षाकोठामा शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तुका बारेमा व्याख्या विवेचना गर्दछ र यसमा शिक्षक नै सर्वेसर्वा हुन्छ ।

(१) **खुला सिद्धान्त** : यो सिद्धान्त विद्यार्थीकेन्द्री शिक्षण पद्धतिसित मिल्दोजुल्दो हुन्छ । विद्यार्थीकेन्द्री हुनुको माने शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थीहरूको पूर्ण सहभागिता हो । भाषाशिक्षण भाषिक सीपशिक्षणसँग सम्बन्धित भएकाले यसमा सिकारूको प्रत्यक्ष सहभागिता र अभ्यासको महत्व धेरै हुन्छ । जसले गर्‍यो त्यसैले सिक्नु सीप सिकाइको विशेषता हो । त्यसैले सहभागी भएर बारम्बार

प्रयोग गरिरहने विद्यार्थीले नै भाषा राम्ररी सिक्न सक्छ । खुला सिद्धान्तले विद्यार्थीलाई छलफल र अन्तर्क्रियामा निर्धक्क सहभागी हुन प्रेरित गर्दछ । यसबाट उसमा आफ्ना राय, सल्लाह र दृष्टिकोणहरू स्पष्टसित समूहमा राख्ने क्षमताका साथै अरूका विचारहरू सुन्ने र मनन गर्ने परिपाटीको समेत विकास हुन्छ । दिगो शान्ति र प्रजातान्त्रिक आचरणका लागि यस्ता अभ्यास तथा क्रियाकलापहरू अति उपयोगी मानिन्छन् । समस्याहरूको समाधानका लागि सामूहिक कार्य गर्ने बानीको विकासका लागि पनि यस्तो पद्धति प्रभावकारी र लाभदायी देखिन्छ । खुला सिद्धान्तको मान्यताअनुसार शिक्षक कक्षाकोठामा सहजकर्ताका रूपमा रहन्छ । विद्यार्थीहरूलाई आवश्यक परेका ठाउँमा गाँठो फुकाई समस्याको समाधानतर्फ उन्मुख गराउनु शिक्षकको कर्तव्य हो । के बालिका, के दलित, के जनजाति, के अपाङ्ग सबैले सहभागी भएर कक्षामा खास समस्यामाथि बहस र छलफल चलाउने भएकाले मानवअधिकार तथा सामाजिक न्यायको रक्षाका दृष्टिले पनि यो सिद्धान्त राम्रो मानिन्छ । विभिन्न मातृभाषा भएका तथा विभिन्न सामाजिक भाषिका बोल्ने विद्यार्थीहरूबीच घुलमिल गराई उचित भाषिक वातावरण तयार पार्नु नेपाली भाषाशिक्षकको काम हो । यसबाट समावेशी र मिश्रित सहभागितामा टेवा पुग्ने हुनाले, कोही पिछडिनु र अपमानित हुनु नपर्ने भएकाले तथा मानवअधिकार लगायत अन्य अधिकारको सम्मान हुने भएकाले शान्तिपूर्ण शिक्षाका लागि यो सिद्धान्त प्रभावकारी हुनसक्छ ।

(२) **बन्द सिद्धान्त** : कक्षाकोठामा शिक्षकले विषयवस्तुमाथि व्याख्यान दिने अनि विद्यार्थीले शान्त भएर सुन्ने तरिकाबाट शिक्षण गरिने सिद्धान्त बन्द सिद्धान्त हो । यसरी शिक्षण गर्दा विद्यार्थीको भूमिका असल श्रोताको भन्दा बढी केही हुँदैन । विषयवस्तुका बारेमा जानकारी गराउने काम यस पद्धतिबाट हुनसक्छ तर भाषाशिक्षणजस्तो सीपमूलक शिक्षणमा यो त्यति प्रभावकारी मानिदैन । माथिल्ला कक्षाको साहित्य शिक्षणमा भने यो पनि उपयोगी नै हुन्छ । तर शिक्षकले एकोहोरो प्रवचन दिइरहने र विद्यार्थीले चाहिँ मन परेपनि, नपरेपनि सुनिरहनु पर्ने भएकाले विद्यार्थीका लागि यो सिकाइ बाध्यात्मक किसिमको हुन्छ । सिकाइमा सिकारूको सक्रिय सहभागिता नहुने भएकाले प्रजातान्त्रिक परिपाटीको कक्षा यो हुन सक्दैन । विद्यार्थीहरू सिकाइप्रति उत्साही हुनुको साटो उदासीन र निरास हुन्छन् । विद्यार्थीहरू पट्यार लागुन्जेल सुन्न बाध्य हुन्छन् । शिक्षकलाई ज्ञानको सर्वोच्च निकाय तथा विविध खाले ज्ञानको स्रोतका रूपमा लिई विद्यार्थीलाई खाली भाँडो मान्ने दृटिकोण यसमा देखिन्छ । विषयवस्तुको शिक्षण गर्दा थोरै समयमा धेरै विषयवस्तुबारे जानकारी र सूचना दिनका लागि यसको उपयोग गरिए पनि नेपाली भाषा (साहित्य होइन) शिक्षणमा चाहिँ यो कम प्रभावकारी मानिन्छ ।

**(ख) आम शिक्षाका लागि द्वैधप्रणाली**

शिक्षार्थीका रूपमा रहेको लक्षित समूह अति ठूलो छ भने उनीहरूसम्म शिक्षाको अवसर पुऱ्याउन शिक्षाका एकभन्दा बढी माध्यमहरू अपनाइने पद्धति द्वैधप्रणाली हो । यस्ता दुई माध्यमहरूमा आमनेसामने शिक्षा पद्धति र दूर शिक्षा पद्धति । विश्वका विभिन्न शैक्षिक संस्थाहरूले आम शिक्षाका लागि यस्ता प्रणालीलाई अपनाउँदै आएका छन् । शिक्षकहरूलाई तालिम दिलाउनका लागि नेपालमा पनि यस किसिमको पद्धति अपनाइएको छ । यस्तो शिक्षा पद्धतिबाट एकातिर शिक्षाको गुणस्तर उकास्न सहयोग मिल्छ भने अर्कातिर ठूलो समूहले एकै पटकमा शिक्षा आर्जन गर्न सक्दछन् ।

यसबाट शैक्षिक संस्थालाई धेरै भौतिक सम्पत्ति तथा प्रशस्तै उच्च जनशक्तिको आवश्यकता पर्दैन । शैक्षिक सामग्रीहरू पनि थोरैले काम गर्न सकिन्छ ।

एकैपटकमा आमनेसामने तथा दूरशिक्षा गरी दुई किसिमले अध्ययनअध्यापन गराइनु मात्र होइन खासखास समयमा विद्यार्थी सम्बन्धित शिक्षण संस्थामा आउने र अरू समयमा घरमै इच्छा र रुचिअनुसार समय मिलाएर अध्ययन गर्ने पद्धति पनि द्वैधप्रणाली भित्रै पर्दछ । माथिल्ला तहहरूमा यो पद्धति बढी उपयोगी हुने देखिन्छ । नेपाली भाषाशिक्षणमा पनि यसको आंशिक उपयोग गर्न सकिन्छ । खासगरी लयबोध, उच्चारण शिक्षण तथा सुनाइशिक्षणका लागि यस पद्धतिको प्रयोग गर्न सके मानक स्वरूपसम्म पुग्न तथा एकरूपता कायम गर्न सहज हुने थियो । माथिल्ला तहमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले यस प्रणालीबाट बढी लाभ लिन सक्ने थिए ।

**(ग) मनोरञ्जनात्मक सिकाइको सुनिश्चितताको सिद्धान्त**

मनोरञ्जनात्मक सिकाइलाई आह्लादपूर्ण सिकाइ पनि भन्ने गरिन्छ । मनोरञ्जनात्मक किसिमबाट सिकेका कुराहरू हत्तपत्त बिर्सिंदैन । यस्तो सिकाइ प्रभावकारी र चिरस्थायी हुन्छ । भाषाशिक्षण वा साहित्यशिक्षण दुवै प्रयोजनका लागि यस्तो सिकाइ राम्रो मानिन्छ । यसका लागि विद्यालयमा सोहीअनुरूपको वातावरण तथा अन्यव्यवस्था हुनुपर्दछ । मनोरञ्जनात्मक वातावरणमा यस्तो सिकाइ सहज हुन्छ । वातावरण निर्माणका लागि विद्यालय, शिक्षक र विद्यार्थी सबैको सहयोग आवश्यक हुन्छ । त्यस्तो वातावरणमा मात्र मनोरञ्जनात्मक सिकाइको सुनिश्चितता सम्भव हुन्छ । यसका लागि भाषाशिक्षकको भूमिका सर्वाधिक महत्त्वपूर्ण हुन्छ ।

विद्यालयको वातावरणलाई सिकाइअनुकूल तथा आह्लादपूर्ण तुल्याउन भाषाशिक्षक सक्रिय हुनुपर्छ । यसका लागि समुदाय तथा विद्यालयबीचको सम्बन्ध सुमधुर तुल्याउने कार्यमा शिक्षकहरू लागिपर्नु पर्दछ । विद्यालयको भौतिक पूर्वाधार उचित र पर्याप्त छैन भने यो सिकाइ जटिल बन्न सक्दछ । साँघुरो कोठा र हल्लाखल्ला तथा गर्मी हुने वातावरणमा मनोरञ्जन सम्भव हुँदैन । अभावमा आनन्द लिनु मानिसको स्वाभाविकता होइन । शिक्षकले भौतिक अवस्था सुधार्ने कार्यमा आफ्नो कुन किसिमको भूमिका हुनसक्छ भन्ने विषयमा पनि विचार पुऱ्याउनु र सक्रिय भई प्रयास गर्नु आवश्यक हुन्छ । शिक्षकले आफूलाई सरल, मितव्ययी र सहयोगीका रूपमा प्रस्तुत गरी सहजकर्ताका रूपमा काम गर्ने हो भने अनुकूल वातावरण तयार पार्न सजिलो हुन्छ । शिक्षक विद्यार्थीबीचको दूरी घटाउने त छँदैछ । विद्यार्थीविद्यार्थीबीचमा सुमधुर सम्बन्ध स्थापित गराउनेतर्फ पनि शिक्षकले पहल गर्नुपर्दछ । प्रत्येक विद्यार्थीको जिज्ञासा र समस्याहरूलाई राख्न उत्प्रेरित गर्ने, सहज किसिमबाट तिनको समाधानको प्रयास गर्ने, लैङ्गिक मैत्री वातावरणको विकास गर्नेगराउने, छात्राहरूलाई र सिकाइबाट पलायन हुन खोज्नेहरूलाई मूलधारमा ल्याई सक्रिय सहभागी बन्न प्रेरित गर्ने, विद्यार्थीहरूबीच कुनैकिसिमको भेदभाव तथा मनोमालिन्य नहोस् भन्नेतिर सचेत रहने तथा कुनैपनि किसिमको हिंसारहित शिक्षणमा जोड दिने जस्ता क्रियाकलापबाट शिक्षण सिकाइलाई मनोरञ्जनात्मक वा आह्लादपूर्ण बनाउन सकिन्छ । यिनीहरूका अतिरिक्त आह्लादपूर्ण वातावरणका लागि सोहीअनुरूपको भाषिक व्यवहार अपेक्षित हुने भएकाले भाषाशिक्षकले यसतर्फ सजगताका साथ कार्यगर्नु पर्दछ ।

### (घ) नेपाली भाषाशिक्षणमा शान्तिपूर्ण शिक्षा सिद्धान्तको प्रयोग

शान्ति आजको युगीन आवश्यकता हो । तनाव र हिंसाप्रतिहिंसामा जेलिएको आजको मानव विश्वलाई शान्तिको मार्गमा डोऱ्याउने एकमात्र उपाय शिक्षा हो र त्यो पनि शान्ति स्थापनाका लागि सही शिक्षा । शान्तिविना मानवसभ्यता विकासको यो उन्नति टिकिरहन सम्भव छैन । कयौँवर्ष खर्चिएर मानवजातिले निर्माण गरेको सभ्यताको यो उचाइ कुनैपनि द्वन्द्व र विद्रोहका कारण ध्वस्त हुन सक्छ । मानवअधिकार र सामाजिक न्यायको अभावमा शान्ति सम्भव हुँदैन पनि । त्यसैले मानिसको अद्भूत विचारशक्तिको सदुपयोग गरी विश्वशान्तिको स्थापना गर्नु आजको मानवजातिको प्रमुख चुनौती हो ।

आजको विद्यार्थीलाई शान्तिपूर्ण शिक्षा दिई ज्ञानविज्ञानले समुन्नत बनाउने, सबैमा न्यायको पहुँच पुऱ्याउने तथा हरेक किसिमका अधिकारहरूबाट प्रत्येक व्यक्तिलाई सम्पन्न तुल्याउने दिशामा हरेक राज्य गम्भीर हुनै पर्दछ । विद्यालयका पाठ्यक्रमहरूमा मानवशान्तिसँग सम्बन्धित विषयहरू अनिवार्य गर्नुपर्ने स्थिति छ । लैङ्गिक समविकास, मानवअधिकार, विश्वव्यापी नैतिकता, हिंसारहित शिक्षण, सामाजिक न्याय, नागरिक समाजको भूमिका, दिगो विकास तथा द्वन्द्वरूपान्तरण जस्ता विषयलाई शैक्षणिक विषयवस्तु बनाइनु आवश्यक छ । सिकाइका क्रममा उच्च मानवीय आदर्शहरूलाई ख्याल गर्दै प्रजातान्त्रिक वातावरणको निर्माण गरी द्वन्द्वविश्लेषण र सहभागीहरूद्वारा गरिने खोजपूर्ण सिकाइलाई अघि बढाइनु पर्दछ । विद्यार्थीहरूमा जिम्मेवार नागरिकका विशेषताहरूको विकास कसरी गराउन सकिन्छ भन्नेतिर विद्यालय, शिक्षक र अभिभावक सचेत रहनु जरूरी छ । हरेक अभिभावकहरूलाई जिम्मेवारीपूर्वक आफ्ना अधिकार र कर्तव्यका बारेमा सचेत तुल्याई शान्तिपूर्ण शिक्षाप्रति आकर्षित गराउनु पर्दछ । बालबालिकामाथि हुनसक्ने हरेक खाले शोषणप्रति विद्यार्थी स्वयम्लाई र अभिभावकसमेतलाई सुसचित गराइनुपर्दछ । यस्तो कार्यमा अग्रसर रहने शिक्षक स्वयम्ले पनि आफूलाई आदर्श रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहनु आवश्यक छ । विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप र सहक्रियाकलापहरूमा यस्ता विषयमाथि गम्भीर भएर छलफल चलाइनु तथा छलफलबाट प्राप्त निष्कर्षहरूलाई कार्यान्वयन गर्न गराउन पहल गर्नु शिक्षकको दायित्वभित्र पर्दछ । अरूसँग व्यवहार गर्दा शिक्षकले उनीहरूका यावत् अधिकारहरूप्रति सधैँ ध्यान पुऱ्याउनै पर्दछ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाईसमेत शान्तिपूर्ण शिक्षाका विषयमा तालिम प्रदान गरी समुदायमा परिचालन गराउन शिक्षक तथा विद्यालयले सम्बन्धित निकायमा पहल गर्नुपर्दछ ।

शान्तिपूर्ण शिक्षाका लागि नेपाली भाषाशिक्षकको भूमिका र अवसर अरूविषयका विषयशिक्षकको भन्दा बढी हुन्छ । भाषाका विभिन्न सीपहरू सिकाउनका लागि साधनका रूपमा उसले यस्ता विषयवस्तु चयन गर्न सक्दछ । भाषिक व्यवहार शान्ति स्थापनाका लागि अत्यन्तै महत्वपूर्ण कारक हो । भाषिक व्यवहारमा सुधार गर्दा मात्रै पनि विभिन्न खाले हिंसा वा अशान्तिबाट बच्न सकिन्छ । असमानता हिंसाको प्रमुख कारण हो । अरूप्रति अनादर हुने खालका भाषिक प्रयोगहरू रोक्नका लागि भाषाशिक्षकले धेरै योगदान पुऱ्याउन सक्छ । शान्ति स्थापनाको आवश्यकता, यसका लागि भएका विभिन्न राष्ट्रियअन्तर्राष्ट्रिय प्रयासहरू तथा यसका चुनौतीका बारेमा विद्यार्थीहरूलाई सूचना दिने

छलफल, लेखन वा अन्य सिर्जनात्मक कार्यक्रम गर्ने गराउने अवसर नेपाली भाषाशिक्षकलाई बढी नै प्राप्त हुन्छ ।

सामाजिक न्यायको प्रत्याभूति गर्ने अवसर सबैलाई प्रदान गरी सकारात्मक सोचको विकास गराउने कार्यमा शिक्षकले नमुना व्यक्तिको भूमिका निर्वाह गर्न सक्छ । सबैलाई समान हैसियतसहित समान सहभागी गराउने, कसैलाई अवहेलना नगर्ने, लैङ्गिक विभेद नगर्ने, दलित तथा आदिवासी जनजाति विद्यार्थीहरूका लागि दबाबपूर्ण वातावरण सिर्जना हुन नदिने, उनीहरूलगायतका विशेष विद्यार्थीहरूलाई बारम्बार प्रोत्साहित गरिरहने, साङ्ग र अपाङ्गबीच विभेद सिर्जना हुन नदिने, समूहमा सबैको हैसियत स्वीकर गरी मिलेर बस्ने वातावरण तयार गर्ने जस्ता कार्यहरू गरेर भाषाशिक्षकले शान्तिपूर्ण शिक्षाको सिद्धान्तलाई उपयोग गर्न सक्दछ ।

## ६. आत्ममूल्याङ्कन

यस पाठको अध्ययनअघि र अध्ययनपछि तपाईँमा आएका परिवर्तनहरूलाई सूचिकृत गर्नुहोस्

## एकाइ – दस

# आत्मक्षमताको प्रभाव

१. **शीर्षक** : आत्मप्रतिबिम्बन र दोस्रो पक्षद्वारा प्रभाव

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) आफूले गरेका कामप्रति आत्ममूल्याङ्कन गर्न

(ख) आत्मआलोचनाको मर्मलाई आत्मसात गरी आत्मालोचित हुन

(ग) आत्मनिरीक्षण तथा आत्मअनुगमन प्रक्रिया पहिचान गर्न

(घ) नेपाली भाषाशिक्षणका सन्दर्भमा आत्मप्रतिबिम्बनको प्रयोग गरी शिक्षण गर्न

(ङ) समूह मूल्याङ्कन प्रक्रियाको पहिचान गरी व्यवहारमा त्यसको प्रयोग गर्न

(च) समूह आलोचनालाई दैनिक क्रियाकलापमा लाग गर्ने प्रक्रिया बताउन

(छ) समूह निरीक्षण र अनुगमनका प्रक्रिया बताउन्

(ज) नेपाली भाषाशिक्षणमा दोस्रो पक्षद्वारा हुने प्रभावको पहिचान र प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) आत्ममूल्याङ्कन

(ख) आत्मआलोचना

(ग) आत्मअनुगमन

(घ) शिक्षणको, आत्मप्रतिबिम्बनको प्रयोग

(ङ) समूह मूल्याङ्कन प्रक्रियाको पहिचान,

(च) समूह आलोचनाको प्रक्रिया

(छ) समूह निरीक्षण र अनुगमन

(ज) नेपाली भाषाशिक्षणमा अरूद्वारा हुने प्रभाव

४. **पूर्वसिकाइ धारणा** :

यस पाठमा अध्ययन गरिने विषयवस्तुका सवालमा तपाईंले धेरै अनुभवहरू सँगाल्नुभएको छ। कतिपय विषयहरू पहिलो र दोस्रो मोडलका सामग्रीमा समेत अध्ययन गरिसक्नुभएको छ । तसर्थ यहाँ आत्मप्रतिबिम्बन र दोस्रो पक्षद्वारा प्रभावहरूको सङ्क्षिप्त जानकारी मात्र भएकाले उद्देश्यसँग सम्बन्धित विषयवस्तुमा आफ्नो धारणा टिपोट गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) आत्मप्रतिबिम्बन**

सम्पादित कामको स्वपुनरावृत्ति गर्ने क्रममा विशेषत स्वप्रशंसा (Self appreciations) र आलोचना (Criticism), स्वसुपरिवेक्षण र अनुगमन् (Self supervision and monitoring) को अत्यन्त ठूलो भूमिका रहन्छ । अतः हामी यो पाठमा यी दुई पक्षका बारेमा चर्चा गर्ने छौं ।

स्वप्रशंसा एवम् आलोचना (Self appreiation and criticism) शिक्षणसिकाइ क्रियाकलाप एउटा संवेदनशील कार्य हो । मिश्रित बालबालिकाबीच शिक्षकले शिक्षण कार्य गर्नुपर्दछ । इच्छा मिश्रित हुन्छ, भावना मिश्रित हुन्छ, आवश्यकता मिश्रित हुन्छन्, समस्या मिश्रित हुन्छन् । त्यसैले एउटा शिक्षक पनि मिश्रित प्रकृतिको हुनुपर्छ । विभिन्न जातजातिको ज्ञान हुनुपर्छ, धर्मको ज्ञान हुनुपर्छ, सामाजिक मूल्यमान्यताको ज्ञान हुनुपर्छ, नवीनतम् ज्ञान तथा प्रविधि पनि जान्नुपर्छ, जानेर मात्रै हुँदैन, प्रयोग गर्न पनि सक्नुपर्छ । त्यसैले शिक्षकसँग विविध शिक्षण कला आवश्यक पर्छ । विधि आवश्यक पर्छ । विविध सोच र आवश्यकता मध्येको एक आवश्यकता हो स्वप्रशंसा एवम् आलोचना गर्ने ज्ञान, सीप तथा कला ।

स्वप्रशंसा एउटा त्यस्तो कार्य हो जसले क्षमता भएका विधिलाई सन्तुष्टि प्रदान गर्नुपर्ने हुन्छ । आफूले सम्पादित गरेका कामबाट विद्यार्थीहरूका अपेक्षा पूरा भए भएनन्, अभिभावकका इच्छा तथा आकाङ्क्षा पूरा भए भएनन् शिक्षक स्वयमको योजना सफल भयो भएन भनेर आफैं अनुगमन गरी केलाउने कार्य यस पक्षमा सम्पन्न गरिन्छ ।

सरोकारवालाहरूको सन्तुष्टि, व्यक्तिगत सन्तुष्टि आदि भएको अवस्था स्वप्रशंसा गर्ने अवस्था हो । सामान्यता स्वप्रशंसा गर्दा निम्न कार्यहरू गर्नु सान्दर्भिक हुन्छ ।

- आफूले सम्पादित गरेको शिक्षणसिकाइ क्रियाकलापबाट विद्यार्थी, अभिभावकको सन्तुष्टिको अवस्था कस्तो छ केलाउने,
- आफूले सम्पादित कामबाट आफूमा सन्तुष्टि छ छैन यकिन गर्ने,
- सकारात्मक कार्य, सन्तुष्टि प्रदान गरिएका कार्यको प्रचारप्रसार गर्ने नमुनाका रूपमा Self appreciation लाई कसरी वुझ्ने ?

यो आफूले आफैलाई माया गर्ने, आफ्ना कामप्रति सर्वसम्मति जनाउने, आत्मासम्मानको अनुभूति गर्ने, आफ्ना कामप्रति आफैंले स्वीकृति जनाउने र आत्मसम्मान गर्ने कार्यसँग सम्बन्धित रहन्छ । मसँग मूल्य छ, म महत्वपूर्ण व्यक्ति हुँ, मैले केही गर्न सक्छु, मसँग केही उद्देश्य छ, म शैक्षिक क्रियाकलापको Integral part नै हुँ, मैले मेरो समुदाय, विद्यालय, परिवार आदिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छु भनेर आफैंले आफ्नो मूल्यलाई स्थापित गर्न सकेमा शिक्षणसिकाइ क्रियाकलापले गति लिन सक्छ । मैले जो सकेको त्यो राम्रै हिसाबले गरेको छु । म सक्षम नहुन पनि सक्छु , तर मैले आफ्नो स्वविवेकमा राम्रो काम गरेको छु भन्ने भावनाबाट प्रेरित हुँदा आफ्नो मूल्यमा वृद्धि हुनजान्छ । यसले पनि आत्मसम्मान, परसम्मान, आत्मसन्तुष्टि आदि प्रदान गर्छ र शिक्षणसिकाइ क्रियाकलापमा थप मदत गर्छ । आफूलाई सधैं सन्तुष्टिको अवस्थामा राख्ने गरी कार्य गर्ने शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने कार्य नै Self appreciation हो भन्न सकिन्छ । जनउत्तरदायी छ वा छैन भनेर आफ्ना कमीकमजोरीप्रति आफैंले आत्मालोचना गर्ने कार्य आफूले गरेका कामकुराभित्र पर्छ । त्यसैगरी आलोचना गर्ने क्षमताले पनि शिक्षण कार्यलाई बढावा गर्ने, सुधार गर्न, शिक्षकको सक्षमतामा सुधार गर्नमा मदत गर्छ । आफूले कसरी पढाउने ? पढाएको

तरिका ठीक भयो ? भएन ? विद्यार्थीले सिके सिकेनन् ? समस्या कहाँ रह्यो ? भनेर पुरावृत्ति गर्ने समस्या देखिएको अवस्थामा आत्मालोचना गर्ने कार्यलाई Self criticism का रूपमा लिन सकिन्छ ।

- आफ्नो काम कसरी सम्पन भएका छन् भनेर पुनरावलोकन गर्न,
- शिक्षणसिकाइ क्रियाकलापको सकारात्मक पक्ष पहिचान गरी निरन्तरता दिन,
- शिक्षणसिकाइ क्रियाकलापमा देखिएका त्रुटि, कमीकमजोरी पत्ता लगाउन,
- भोलिको शिक्षणसिकाइ क्रियालकापलाई प्रभावकारी बनाउन योजना गर्ने, सङ्गठन गर्ने, कार्यान्वयन गर्ने, मूल्याङ्कन गर्नेजस्ता क्रियाकलापहरूको पुर्नसंरचना गर्न,
- शिक्षणसिकाइ क्रियाकलापमा गुणस्तरीयता बढाउन ।

आफूले आफ्नो स्थान पहिचान गर्न, भोलिको योजना बनाउन, सुधारका एजेन्डा तय गर्न, कक्षाशिक्षणलाई बढी बाल-मैत्री बनाउन आफूलाई शिक्षणसिकाइका पक्षबाट सधैं अद्यावधिक राख्न (Self appreciation/criticism) ले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**१. तरिका**

पुनरावृत्ति, स्वप्रशंसा एवम् आलोचना गर्ने विविध तरिकाहरू हुन सक्छन् । यद्यपि यो स्वयम् एक कठिन काम हो । यसो भए तापनि केही निश्चित तरिकाहरू प्रयोग गर्न सकिने अवस्था भने रहने गर्दछ । अतः हामी उल्लेखित कार्यका लागि निम्न तरिकाहरू प्रयोग गर्न सक्छौं -

- प्रत्यक्ष रूपमा अनुभव गरिएका समस्याहरू केके हुन् तय गर्ने,
- के वास्तवमै शिक्षणसिकाइ क्रियाकलाप सन्तुष्टि दिने खालको थियो ? यकिन गर्ने,
- कक्षाशिक्षण सहभागिताको अवस्था र निराशा भएको अवस्था,
- शैक्षिक समग्रीको तयारी र तिनको प्रयोग,
- Delivery mode कस्तो रह्यो ?
- शिक्षणसिकाइ क्रियाकलापको विविधता,
- विद्यार्थीहरूको कठिनाइ स्तर,
- शिक्षक विद्यार्थी सहसम्बन्ध,
- विद्यार्थी सुहाउँदो क्रियाकलाप ।

उपर्युक्त विषयमा पुनरावलोकन, छलफल, विश्लेषण आदि सङ्कलन गरेपछि मात्रै पुनरावृत्ति स्वप्रशंसा तथा आलोचना गर्न सकिने हुन्छ । अतः शिक्षकले आफ्नो शिक्षणसिकाइ क्रियालापको कार्यमूलक अनुसन्धान नै गर्नुपर्ने हुन आउँछ ।

**२. अवस्था पहिचान**

आफूले सम्पन्न गरेको क्रियाकलापको पुनरावलोकन गरेपछि तिनीहरूको अवस्था केकस्तो छ पहिचान गर्नु राम्रो हुन्छ । यसका लागि चेकलिस्ट/रूजुसूची निर्माण गर्न सकिन्छ । अवस्था पहिचान गर्दा खासगरी तलकामध्ये कुन अवस्थामा छ भन्ने यकिन गर्नु राम्रो हुन्छ ।

जस्तै : उत्तम, मध्यम र सामान्य

अवस्थाको आधारमा आफ्नो कार्यसम्पादनको स्तर प्रशंसा गर्न लायकको छ कि छैन भनेर पहिचान गर्न सकिन्छ । यसले सुधार गर्नुपर्ने क्षेत्र/विषयहरूको पनि सङ्केत गर्ने भएकाले यो कार्य बढी संवेदनशील भएर निष्पक्ष नैतिक मान्यताका आधारमा गर्नुपर्ने हुन्छ ।

**३. शिक्षणसम्बन्धी सक्षमताको प्रयोग गरेर**

कतिपय देशहरूमा शिक्षणसिकाइ क्रियाकलापसँग सम्बन्धित सक्षमताहरू तय गरिएका हुन्छन् । यस्ता सक्षमताहरूमा खासगरी निम्न कुराहरू पर्दछन् -

- विषयवस्तुमा पोख्त,
- विविध शिक्षण सञ्चालन कला,
- अन्तरव्यक्ति सञ्चार सीप,
- नेतृत्व सीप,
- गुण नियन्त्रण कला ।
- भाषिक असक्षमता,
- बालमनोविज्ञानसम्बन्धी ज्ञान,
- निर्णय सक्षमता,
- समस्या समाधान सीप,

शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा हामीले शिक्षणसम्बन्धी सक्षमता प्रयोग गरियो वा गरिएन आफूमा भएर पनि प्रयोग नगरेको हो वा हुँदै नभएको हो ? भनेर स्वयम् विश्लेषण गर्न सकियो भने निश्चय नै आत्मसम्मान गर्ने आत्मप्रशंसा गर्ने र सन्तुष्टि लिने अवस्था आउछ, त्यसैगरी आत्मालोचनाको पनि ।

**४. कार्यसञ्चयिका बनाउने**

आफूले सम्पादित गरेको कामको, शिक्षण कार्यको विस्तृत विवरणसहितको कार्यसञ्चयिका निर्माण गरेर पनि स्वआलोचना, प्रशंसा आदि कार्य गर्न सकिन्छ । आफ्नो विचार कहाँ र कसरी चल्यो ? विद्यार्थीको पृष्ठपोषण के रह्यो ? सुपरिवेक्षक आदिको सल्लाह सुझाव केकस्ता आए ? आदि सबैको विवरण उल्लेख भएको कार्यसञ्चयिकाको प्रयोगबाट पनि आत्मप्रशंसा तथा आलोचना दुवै गर्न सकिन्छ ।

**आत्मप्रशंसा र आलोचनाका लागि उपयोगी साधन**

आत्मप्रशंसा र आलोचनाका लागि व्यक्तिले विभिन्न प्रकारका सूचनाहरू सङ्कलन गर्नुपर्ने हुन्छ । सूचना जानकारीको प्राप्ति र तिनको विश्लेषण गर्नुपर्दछ । विश्लेषणको आधारमा आफ्नो कामको सन्तुष्टि/असन्तुष्टिको अवस्था यकिन गरिनुपर्दछ । यो क्रियाकलाप सम्पन्न गरिसकेपछि स्वप्रशसा गर्ने हो वा सुधारको सङ्कलन गर्न, एउटा दैनिकीभित्र पर्न आउँछ । यस प्रकारका सूचना सङ्कलन गर्दा निम्न साधनहरूको प्रयोग गर्न सकिन्छ ।

१. **डायरी लेखन** : हरेक कक्षा सञ्चालन गरिसकेपछि उक्त कक्षा केही निश्चित पक्षहरूका बारेमा सूचना/जानकारी/विवरण लेख्ने । यसरी विवरण राख्दा निम्न पक्षमा विशेष जोड दिने-

- कक्षा सञ्चालन कस्तो रह्यो ?
- योजनाअनुसार सञ्चालन हुन सक्यो सकेन ?
- पाठ्यक्रमको विशिष्ट उद्देश्य प्राप्तिमा कस्तो अनुभव रह्यो ?

- विद्यार्थीको क्रिया, प्रतिक्रिया र सन्तुष्टिको अवस्था कस्तो रह्यो ?
- महत्वपूर्ण (सह्रानीय) पक्ष के रह्यो ?
- कमीकमजोरीका क्षेत्रहरू के कस्ता रहे ?

२. **रेडियो क्यासेटबाट रेकर्ड गर्ने** : आफूले सम्पादित कामको कक्षाशिक्षणको रेकर्डिङ गर्ने कार्य यसमा सम्पन्न गरिन्छ । यसले कक्षा सञ्चालनको यथार्थ वस्तुस्थितिलाई सहज रूपमा केलाउन र निष्कर्ष निकाल्नमा मदत गर्दछ । तर सबै क्षेत्रमा यो साधन प्रयोग गर्न नसकिने अवस्थासमेत रहन जाने भएकोले त्यति व्यावहारिक नहुन सक्छ ।

३. **पृष्ठपोषण प्राप्त गर्ने** : आफ्नो कक्षा सञ्चालनका क्रममा उचित पृष्ठपोषण लिएर पनि आत्मालोचना तथा आत्मप्रशंसा गर्न सकिन्छ । यसका लागि सहयोगी सहकर्मी शिक्षक साथी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, स्थानीयतहका शिक्षाविद्, व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यार्थीसमेतलाई पृष्ठपोषणका लागि अनुरोध गरी कक्षा सञ्चालनको अवस्था झल्कने गरी प्रतिभा, सुझाव सल्लाह प्राप्त गर्ने कार्य यसमा संलग्न गरिन्छ ।

**(ख) दोस्रो पक्षद्वारा प्रभाव**

शिक्षणसिकाइ क्रियाकलापमा निरन्तर सहयोग, सरसल्लाह र सुधारको जरूरत पर्दछ । सुधार गर्ने कार्यमा अरूद्वारा पुनरावृत्ति गरिनुलाई राम्रो मानिन्छ । यसरी पुनरावृत्ति गरिने कार्यलाई समूह बनाई, समूहले शिक्षणसिकाइ क्रियाकलापको पुनरावृत्ति गर्ने गरी सञ्चालन गर्न सकिन्छ । साथै पुनरावृत्तिका आधारमा प्रशंसा तथा आलोचनासमेत गर्ने कार्य गर्दा त्यसले शिक्षणसिकाइ क्रियाकलापलाई सुधार गर्न थप उर्जा प्रदान गर्ने गर्दछ । समूहद्वारा परीक्षण गर्ने, समूहद्वारा मनिटरिङ्ग कार्य सञ्चालन गर्नेजस्ता प्रक्रियाको अवलम्बन गरी कुनै पनि शिक्षणसिकाइ क्रियाकलापको सुपरिवेक्षण, अनुगमन, सुधार तथा सुझाव प्रदान गर्ने सम्बन्धमा थप चर्चा यसमा गरिएको छ ।

**१. समूह प्रशंसा र आलोचना**

शिक्षणसिकाइ क्रियाकलापमा लिखित रूपमा पेसागत दक्षता भएका व्यक्तिहरूको समूह बनाएर निरीक्षण, अनुगमन तथा सुधार गर्ने कार्यलाई समूहद्वारा गरिने सुपरिवेक्षणका रूपमा लिने गरिन्छ । यसप्रकारका समूहमा शिक्षकहरूको समूह, अभिभावकहरूको समूह, विद्यालय निरीक्षकहरूको समूह, विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरूको समूह, शिक्षक अभिभावक सङ्घ आदि पर्दछन् । सबैको प्रतिनिधित्वमा दक्षता, सिकाइ क्रियाकलापको, शिक्षकको, उपलब्ध स्रोत र साधनको जिम्मेवारी तथा जवाफदेहिताको, पाठ्यक्रम र यसको कार्यान्वयनको ढाँचामा बसेर निरीक्षण तथा अनुगमन गर्न सकिन्छ । स्रोत, साधन, वातावरण, शिक्षकको सक्षमता जिम्मेवारी आदि सबैका आधारमा गरिनुपर्दछ । यसका आधारमा शिक्षणसिकाइ क्रियाकलापको, शिक्षकको प्रशंसा तथा आलोचना गर्ने गरिन्छ । प्रशंसा गरिएका पक्षहरूको बढावा गर्ने र आलोचना गरिएका पक्षहरूमा आवश्यक सुधारका लागि प्राविधिक, व्यावसायिक, शैक्षिक व्यवस्थापकीय सुझाव प्रदर्शन गर्ने कार्य गर्नुलाई सकारात्मक पाटोका रूपमा लिने गरिन्छ ।

समूहप्रशंसा, आलोचनाले शिक्षकहरूको तल लेखिएका पक्षहरूको विकासमा सघाउ पुऱ्याउँछ-

- आफ्नो समस्या पहिचान गर्ने र समूहमा प्रस्तुत गरी छलफलमा ल्याउने,
- समूहमा काम गर्ने, सामूहिक समस्या हल गर्नमा सरिक हुने,
- समूह सिकाइप्रति अभ्यस्त हुने र यसलाई आफ्नो शिक्षणसिकाइ क्रियाकलापमा प्रयोग गर्ने,
- सामूहिक छलफल, अन्तर्क्रिया कार्यलाई बढावा गर्ने,
- आत्मप्रशंसा, आत्मालोचना, समूहप्रशंसा, समूह आत्मालोचनालाई प्रयोग गर्दै पेसागत सक्षमताको विकास गर्ने ।

**समूह सुपरिवेक्षण र अनुगमन**

कुनै निश्चित समूहद्वारा शिक्षणसिकाइ क्रियाकलापको सुपरिवेक्षण कार्य सम्पन्न हुन्छ । यसप्रकारको समूहमा पेसागत समूह, अभिभावक समूह, सहपाठी समूह, व्यवस्थापन समूह आदि पर्ने गर्दछन् । यसप्रकारको समूह सुपरिवेक्षण गर्दा विभिन्न क्षेत्रको विशिष्ट ज्ञान भएका व्यक्तिहरूको छुट्टै समूह निर्माण गरेर गर्नु ज्यादै सान्दर्भिक मानिन्छ । शिक्षकले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा धेरै प्रकारका समस्याहरू भोग्नुपर्ने हुन्छ, जस्तो- विषयवस्तुकै समस्या, शिक्षण विधि चयन र व्यवस्थापन समस्या, विद्यार्थी पहिचान गरी उचित परामर्श प्रदान गर्ने समस्या, स्रोतव्यवस्थापनसम्बन्धी समस्या, परीक्षा सञ्चालनसम्बन्धी समस्या, विद्यार्थी शिक्षक अभिभावक सहसम्बन्ध तथा सहकार्यात्मक कार्यसञ्चालनसम्बन्धी समस्या आदि । अत प्राज्ञिक, व्यवस्थापक, अभिभावक आदि समेतको समूहबाट सुपरिवेक्षण तथा अनुगमन कार्य सञ्चालन गर्दा कार्यमा (On the job) र कार्यस्थलमा हुने (On the spot) तालिम जस्तै कार्यसमेत हुन जान्छ । यसले शिक्षकका पेसागत दक्षता अभिवृद्धि गर्न र शिक्षणसिकाइको प्रभावकारितामा स्तरीयता प्रदान गर्न थप मदत गर्नेछ ।

पुरावृत्तिका लागि र शिक्षणसिकाइ क्रियाकलापमा सुधार गर्ने प्रयोगगार्थ समूह पुनरावृत्ति कार्य गर्दा तल लेखिएका पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ -

- वास्तविक शिक्षणको अवस्था पहिचान गर्ने,
- शिक्षणका लागि गरिएको तयारीको स्थिति पुनरावलोकन गर्ने,
- शिक्षालाई प्रदान गरेको सेवा सुविधा केलाउने,
- शिक्षण कार्यको व्यवस्थापन,
- कक्षाकोठाको सामाजिक वातावरण र त्यसको व्यवस्थापन,
- उल्लिखित पक्षहरूका आधारमा गरिएको समूह सुपरिवेक्षणबाट सही अर्थमा शिक्षणसिकाइ क्रियाकलापको अवस्था पहिचान हुन्छ । शिक्षकको तयारीको स्तर पहिचान हुन्छ । शिक्षणविधिको चयन र क्रियाकलापको अवस्था समस्या र उपयोगिताको स्थिति जानकारी हुन्छ । कक्षाकोठाभित्रको सामाजिक संरचना स्पष्ट हुन जान्छ । समग्रमा शिक्षकको पेसागत समस्या पहिचान गर्न सकिन्छ । यसबाट शिक्षकको आवश्यकताअनुसार पृष्ठपोषण दिन, सल्लाह र सहयोगको व्यवस्थापन गर्नमा सघाउ पुग्छ ।

समूह सुपरिवेक्षणलाई आत्मप्रतिबिम्बन (Self reflection) तर्फ केन्द्रित गर्न र शिक्षकलाई स्वपुनरावृत्तितर्फ अभिमुखीकरण गर्न निश्चित विषयमा सहयोग र सरसल्लाह प्रदान गर्नु राम्रो हुन्छ । यसप्रकारका विषयहरूमा-

- स्वआलोचना तथा स्वमूल्याङ्कन,
- अनुसन्धान र खोज,
- शिक्षणसम्बन्धी कार्यसञ्चयिका निर्माण र व्यवस्थापन,
- कामको पुनरावृत्ति, विश्लेषण, आत्मबोधीकरण र सुधार,
- विद्यार्थीको अवस्था पहिचान, समस्या पहिचान र समधान,
- तथ्याङ्क सूचना सङ्कलन विश्लेषण र प्रयोग,
- कक्षाअवलोकन,
- शिक्षण विधिमा लचकता,
- शिक्षण कला र व्यावहारिक पक्ष,
- पेसागत दक्षता अभिवृद्धि,
- शिक्षण चुनौती र तिनको व्यवस्थापन,
- शिक्षण विधि र दिगोपन ।

**पुनरावृत्तिको कक्षाशिक्षणमा प्रयोग**

स्वास्थ्य, जनसङ्ख्या र वातावरण एकअर्कामा अन्तर्सम्बन्धित विषय क्षेत्रहरू हुन् । अन्तर्सम्बन्धित भएपनि प्रकृति भने धेरै फरक छ । यस अर्थमा एउटै व्यक्ति तीनओटै विधामा पोख्त, पेसागत रूपमा सक्षम हुन नसक्ने प्रशस्त सम्भावना रहन्छ । यस अर्थमा पनि समूह पुनरावृत्ति, समूह सुपरिवेक्षण र अनुगमन तथा समूहद्वारा सुधारका कार्यक्रम सञ्चालन गरिनु सान्दर्भिक हुन आउँछ । अरूद्वारा गरिने पुनरावृत्तिलाई कक्षाशिक्षणमा निम्नानुसार प्रयोग गर्न सकिन्छ -

| के गर्ने ? | कसरी प्रयोग गर्ने ? |
|---|---|
| शिक्षक विकास समूह निर्माण गर्ने | • शिक्षकहरूको समूह वा शिक्षक अभिभावक समूह गठन गर्ने,<br>• शिक्षकहरूको समस्या पहिचान गर्ने,<br>• समस्याका कारण खोजी गर्ने,<br>• समस्या समाधानका उपायहरू बारेमा छलफल गर्ने र प्रयोगमा ल्याउने,<br>• साझेदारी, समझदारीमा काम गर्ने कार्यसंस्कृतिको विकास गर्ने । |
| पुनरावृत्तिबाट प्राप्त सल्लाहसुझाव | • शिक्षण योजना तयारी कार्यमा सुधार गरेर, |

| | |
|---|---|
| तथा जानकारीलाई शिक्षणसिकाइका विभिन्न पक्षमा समावेश गर्ने | • पाठको प्रस्तुतिको क्रम, तौरतरिकाहरूमा परिवर्तन गरेर,<br>• पाठको व्यवस्थालाई व्यवस्थित एवम् लैङ्गिक मैत्री, बालमैत्री बनाउने,<br>• कक्षाकोठाको सामाजिक वातावरणलाई लचिलो बनाउने,<br>• कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थीलाई अनुशासित राखेर,<br>• विद्यार्थीको प्रगतिको मूल्याङ्कन गरेर,<br>• वर्तमान शिक्षण पद्धतिको अवस्था पुनरावलोकन गरेर तदनुरूप सुधार कार्यलाई अगाडि बढाउने । |
| शिक्षण प्रक्रियालाई परियोजना तथा समस्या समाधानमुखी बनाउने | • समूहमा नै कार्य जिम्मेवारी सुम्पने,<br>• समूहले नै सुपरिवेक्षण गर्ने र समूहकै सहभागितामा प्रशंसा तथा आलोचना गर्ने,<br>• सुधारका पक्षहरूको पहिचान र व्यवस्थापन कार्यसमेत समूहबाट गर्ने । |
| शिक्षणसम्वन्धी कार्यसञ्चायिका निर्माण गर्ने | • हरेक शिक्षण क्रियाकलापको अवस्था सकारात्मक पक्ष, नकारात्मक पक्ष तथा सुधारका पक्ष झल्कने कार्यसञ्चयिका व्यवस्थापन गर्ने,<br>• विद्यार्थी, शिक्षणसिकाइ क्रियाकलापको समस्या के हो यकिन गर्ने,<br>• समस्याहरूलाई समूहमा प्रस्तुत गर्न र समाधानमा बाटो खोजी गर्ने । |
| प्रत्यक्ष अनुभवको अभिलेख राख्ने | • शिक्षणसम्बन्धी केकस्तो अनुभव रहयो ?<br>• सुधारका क्षेत्र कहाँकहाँ रहे ? |
| स्वप्रतिवेदन निर्माण गर्ने | • कुन समयमा कस्तो शिक्षण विधि अपनाइयो, विधिको चर्चामा कुनै समस्या देखिए वा देखिएनन् आदिको वास्तविक विवरण तयार पार्ने, प्राप्त अनुभवलाई व्यवस्थित गर्ने । |

उपर्युक्तअनुसार शिक्षणसिकाइ क्रियाकलापमा अरूद्वारा पुनरावृत्ति लिन पुग्छौं । समूहद्वारा पुनरावृत्तिमा अत: निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्छ ।

१. सामाजिक सांस्कृतिक पक्ष बुझ्ने समस्या पहिचान गर्ने उचित समाधानका लागि सुझाव पेश गर्ने,
२. सिकाइ लक्ष्य - महत्व, आवश्यकता, स्पष्टता, सरलता, विद्यार्थीको हकहित र आवश्यकतासँग तादाम्यता, राष्ट्रिय स्तरअनुकूलता आदिका आधारमा सुझाव प्रस्तुत गर्ने
३. मूल्याङ्कन योजना - सिकाइ लक्ष्य र शैक्षणिक र रणनीतिबीच तालमेल प्राविधिक रूपमा उपयुक्तता, समावेशता, व्यक्तिगत आवश्यकतासँग समावेशता कायम गर्ने,
४. शिक्षणसिकाइ क्रियाकलापको निर्माण - उपयुक्तता पर्याप्तता, विविधता, आर्थिक सक्षमता, प्रविधिको प्रयोगजस्ता विषयहरूको बारेमा सुझाव ।

६. **आत्ममूल्याङ्कन** :

यस पाठमा तपाईंले के कस्ता नविनतम् ज्ञान तथा सीप हासिल गर्न सक्ने अवस्था महसुस गर्नुभयो ? सङ्क्षेपमा स्वमूल्याङ्कन गर्नुहोस् । तपाईले पढाउँदै आउनुभएको नेपाली भाषाशिक्षणको पाठ्यक्रमबाट कुनै एउटा शीर्षक छनोट गरी तपाईले चयन गरेको पाठशीर्षकमा तपाईंको आफ्नै क्रियाकलाप र विद्यार्थीको अनुभव सङ्कलन गरी सामग्री कस्तो रह्यो स्वमूल्याङ्कन गर्नुहोस्, जस्तै- मैले पढाएको निबन्ध विधासम्बन्धी पाठमा यसरी स्वमूल्याङ्कन गरें । विद्यार्थीहरूलाई मैले सिकाएको कस्तो लाग्यो, भनेर सोधपुछ गरें । प्रयोग गरेको सामग्रीको प्रभावकारिता हेरें । पढाउँदाको वातावरण केलाएँ, विद्यार्थी सहभागिता हेरें । सामग्री नपुग भएको महसुस गरें ।

सिकाइको क्रममा केकस्ता समस्या आए केलाएँ, जस्तै- लैङ्गिक समस्या, बुझाइमा समस्या, प्रस्तुतिमा समस्या आदि ।

स्वमूल्याङ्कनको आधारमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरे । मलाई विषयवस्तुमा थप ज्ञान आवश्यक पर्ने, शैक्षिक सामग्रीको विविधतातर्फ जोड दिनुपर्ने, भाषाको प्रयोग गर्दा ध्यान दिनुपर्ने आदि ।

१. **शीर्षक** : आलोचनात्मक समझदारी/आत्मबोधीकरण

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अन्तचेतनाकरण/आत्मचेतनाकरणलाई परिभाषित गर्न

(ख) भाषाशिक्षणमा बैंकिङ अवधारणा उपयोगको सम्भावना बताउन

(ग) भाषाशिक्षणमा प्रयोग हुने आलोचनात्मक समभदारीका पद्धतिप्रति परिचित हुन्

(घ) आत्म अद्यावधिकताका पद्धतिहरू बताउन

(ङ) नेपाली भाषाशिक्षणसिकाइमा आलोचनात्मक समझदारीको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) अन्तस्चेतनाकरण/आत्मचेतनाकरण

(ख) भाषाशिक्षणमा बैंकिङ अवधारणा

(ग) भाषाशिक्षणमा आलोचनात्मक समझदारीका पद्धतिहरू

(घ) आत्म अद्यावधिकताका पद्धतिहरू

(ङ) नेपाली भाषाशिक्षणसिकाइमा आलोचनात्मक समझदारीको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

प्रस्तुत सामग्री अध्ययन गर्नुपूर्व सोच्नुहोस् :

(क) आत्मचेतनाकरण भनेको के होला ?

(ख) भाषाशिक्षणमा बैंकिङ अवधारणा भनाले के बुझिन्छ ?

(ग) भाषाशिक्षणमा प्रयाग हुने आलोचनात्मक समझदारीका पद्धतिहरू केके हुन् ?

५. **विषयवस्तुको प्रस्तुतीकरण** :


कुनै पनि विषयमा अरूले दिने तर्कहरूलाई समेत स्वीकार्दै आफले तार्किक ढङ्गले सोच्नुलाई आत्मबोधीकरण भनिन्छ । आफैँले कुनै विषयवस्तुमा वा स्वसिकाइमा खण्डन र मण्डन गर्दै सोचिने भएकाले आत्मबोधीकरणलाई आलोचनात्मक समझदारी पनि भनिन्छ । आलोचनात्मक सोचाइ भनेको गुणस्तरीय स्वीकृति हो । यस्तो सोचाइमा सोचाइको विशिष्टस्तरलाई स्वीकारिन्छ भने विचारहरू समालोचनात्मक कसीमा ढालिने भएकाले अभिव्यक्ति अनुभूति वास्तविक सोचाइमा आधारित हुन्छ ।

**(क) अतस्चेतनाकरण/आत्मचेतनाकरण**

ब्राजिलका धार्मिक नेता, दार्शनिक एवम् शिक्षाशास्त्री पाउलो फ्रेरेले आफ्नो पुस्तक Pedagogy of the oppressed मा आत्मचेतनाकरण/अन्तर्दृष्टीकरणको प्रसङ्ग उठाएका छन् । समाजमा पीडितहरूले सामाजिक, राजनीतिक र आर्थिक उत्पीडन सहेका हुन्छन् र तिनको विरोध गर्न शिक्षाले संचेतना फैलाउनुपर्छ । यसका लागि उत्पीडितहरूमा समालोचनात्मक सोचाइ हुनु आवश्यक छ । आत्मचेतनाकरण मूलतः व्यक्तिको आन्तरिक पक्षसँग सम्बन्धित हुने भए पनि आफ्नो सोचाइको वास्तविकता उतार्नका लागि यस प्रक्रियामा समस्याको पहिचान, समस्यासम्बन्धी

सूचनाको जानकारी, कारणसहितको निष्कर्ष, खुला छलफल, असर प्रभावको मूल्याङ्कन र अन्य व्यक्तिसँगको स्वस्फूर्त छलपलका प्रक्रियालाई अँगालिन्छ । आत्मचेतनाकरणले आत्मनिर्देशित, आत्मअनुशासित, आत्मपरिवर्तित र सुधारोन्मुख दृष्टिले सोच्न बाध्य गराउँछ । शिक्षणसिकाइ प्रक्रियामा विद्यार्थीले आत्मआलोचनात्मक ढङ्गले सिकाइलाई स्वीकार्छन् । यसका लागि शिक्षकले सञ्चार, समस्या समाधान र नकारात्मक सोचको नियन्त्रणलाई शिक्षण प्रक्रियाका रूपमा प्रयोग गर्नुपर्छ ।

आत्मचेतनाकरण आफैँ सक्रिय हुने प्रक्रिया हो । सोचाइको स्तरीकरणका लागि आत्मचेतनाको निम्नानुसारको चक्र पूरा गर्नुपर्छ :




यी आत्मचेतनाकरणका मुख्य तत्व हुन् । यी तत्वहरूले व्यक्तिका विषयगत सोचाइ र सिकाइलाई वास्तविक बनाउँछन् । वास्तविक सोचाइ स्पष्ट, वास्तविक, सङ्क्षेपीकृत सान्दर्भिक, गम्भीर, विस्तृत, तार्किक, निष्पक्ष र योगदानमुखी हुन्छ । आत्मसचेतीकरणले सिकारु शिक्षकमा निम्नानुसारका सक्षमता विकास गराउँछ :

- यसले विचारलाई बौद्धिक रूपमा स्वीकृत गर्न सहयोग गर्छ,
- यसले बौद्धिक समाज निर्माण गर्न सघाउँछ,
- यसले व्यक्तिमा दूरदृष्टि विकास गर्छ,
- यसले व्यक्तिमा कारणसहित तर्क गर्ने र विश्वास गर्ने दक्षता विकास गर्छ,
- यसले व्यक्तिलाई बौद्धिक कार्यमा उत्सुक गराई बौद्धिक अभ्यासप्रति सहानुभूतिको भाव विकास गराउँछ,
- यसले बौद्धिक स्वतन्त्रतालाई स्वीकार्दै सोचाइको क्षितिज विस्तार गर्छ ।

पाउलो फ्रेरेले उत्पीडितहरूका सन्दर्भमा अन्तस्चेतनाकरणको कुरा गरेका भएपनि कक्षाशिक्षणमा यो उपयुक्त हुन्छ । सिकाइ अर्न्तदृष्टिको प्रतिफल हो भन्ने धारणालाई सम्बोधन गर्दै यसले व्यक्तिलाई अभ्यासात्मक सिकाइप्रति अभिप्रेरित गर्छ ।

**(ख) भाषाशिक्षणमा बैंकिङ अवधारणा**

पाउलो फ्रेरेको शिक्षामा बैंकिङ अवधारणाले शिक्षालाई निक्षेप, विद्यार्थीलाई खातावाल र शिक्षकलाई निक्षेप सङ्कलक मानेको छ । यस धारणाअनुसार शिक्षा भनेको ज्ञानीले अज्ञानीलाई प्रदान गर्ने वस्त हो । यसमा विद्यार्थी पटमूर्ख मानिन्छन् भने सिकारुको चाहना लत्याइन्छ ।

बैंकिङ अवधारणामा रचनात्मक सिकाइ, सामाजिक सिकाइ, सहकार्यात्मक सिकाइ, परियोजना कार्य र समस्या समाधानजस्ता पक्षलाई इन्कार गर्छ । यसले सुनाइ संस्कृतिलाई विकास गर्दै विद्यार्थीलाई निस्क्रिय राख्छ भने नियन्त्रित, निर्देशित र बाध्यात्मक सिकाइलाई जोड दिन्छ । विद्यार्थीको अन्तर्निहित र सिर्जनात्मक प्रतिभाको विकासलाई वास्ता नगरी शिक्षकको बौद्धिक ज्ञानको हस्तान्तरणलाई शिक्षा मानिने बैंकिङ अवधारणाका विशेषता निम्नलिखित हुन्छन् ।

- शिक्षकले पढाउँछ र विद्यार्थीले पढ्छ,
- विद्यार्थीले केही जान्दैन र शिक्षक सर्वज्ञ हो,
- शिक्षक बोल्छ, विद्यार्थी मौनसम्मति जनाउँछ,
- शिक्षक अनुशासित हुन्छ, उसले विद्यार्थीलाई अनुशासित बनाउनुपर्छ,
- विद्यार्थी निस्क्रिय हुन्छ, शिक्षकले उसलाई क्रियाशील बनाउँछ,
- शिक्षकले सिकाइ योजना बनाउँछन्, विद्यार्थी निर्देशन मान्छन्,
- शिक्षक स्वतन्त्र हुन्छन्, विद्यार्थी नियन्त्रित हुन्छन्,
- शिक्षक सिकाइको विषयवस्तु र विद्यार्थी पढ्ने प्रतिमूर्ति हो ।

बैङ्किङ धारणाले विद्यार्थीमाथि बौद्धिक उत्पीडन गरेको हुन्छ । यो परम्परागत सोच हो । वर्तमान अवस्थामा यस्ता उत्पीडनको विरोध गर्ने आलोचनात्मक समझदारी आत्मबोधीकरणको विकासलाई शिक्षा मानिन्छ ।

भाषा नियन्त्रित र स्वतन्त्र दुवै वातावरणमा सिक्न सकिन्छ । नियन्त्रित वातावरणमा सिकिने भाषामा सिर्जनात्मकता हुँदैन । परम्परागत गुरुकूल परम्परामा गुरुवाणीलाई शिक्षा मानिन्थ्यो । त्यसवखत बैंकिङ अवधारणा सिकाइको मुख्य माध्यम मानिन्थ्यो। भाषाशिक्षणको सैद्धान्तिक पक्षको जानकारीका लागि वर्तमान समयमा पनि बैंकिङ धारणाको उपयोग गर्न सकिन्छ । पहिलो भाषा र दोस्रो भाषाको तुलनात्मक सिकाइमा पनि यो धारणा उपयुक्त हुन सक्छ तर पहिलो भाषाको शिक्षण स्वतन्त्र सिकाइमा भने यस अवधारणालाई आत्मबोधीकरण गर्नु आवश्यक छ ।

**(ग) भाषाशिक्षणमा आलोचनात्मक समझदारीका पद्धतिहरू**

भाषा अभ्यासबाट सिकिन्छ । भाषा शिक्षकको तटस्थ व्यवहारबाट सिक्न गाह्रो हुन्छ । यसर्थ भाषाशिक्षणमा सिकारुलाई सिकाइ स्वन्त्रता प्रदान गरी शिक्षकले सहजीकरण गर्नुपर्छ । बैंकिङ

अवधारणाले भाषाशिक्षणमा आलोचनात्मक समझदारी विकास गर्न सक्दैन । विद्यार्थीका अन्तर्निहित/सिर्जनात्मक प्रतिभाको उत्पादन भाषासिकाइ हो । भाषा मौन संस्कृतिबाट नभई सक्रियताबाट सिकिन्छ । भाषाशिक्षणमा समालोचनात्मक र सिर्जनात्मक अवधारणा विकास हुनुपर्छ । सिर्जनात्मक सीप विकासका लागि सिकारुमा आत्मबोधीकरण हुनु आवश्यक छ । यसर्थ भाषाशिक्षणमा आलोचनात्मक समझदारी/आमबोधीकरण विकास गर्न निम्नलिखित पद्धतिको उपयोग गर्नु आवश्यक छ :

- विद्यार्थीलाई स्वतन्त्र रूपमा आफैं सिक्ने वातावरण तयार र सहजीकरण,
- अनुसन्धान र खोजमुखी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने सहभागितात्मक संस्कृतिको विकास,
- समालोचनात्मक सोच विकास गर्ने क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता,
- भाषासिकाइका लागि सिकाइ वातावरण भाषाप्रति सामुदायिक सचेतना, सिकाइमूलक कक्षाकोठा व्यवस्थापन र प्रवर्तनात्मक क्रियाकलापको व्यवस्थितीकरण,
- शिक्षक र विद्यार्थीको सम्वन्ध सुधारी शिक्षक व्यवहार र विद्यार्थी व्यवहारबीच सामञ्जस्य स्थापना,
- विद्यार्थीको भाषिक सीप विकास क्षमताको निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण र सुधारात्मक शिक्षणका उपाय अवलम्वन,
- भाषा सिकाइ र अभ्यासको लागि समान अवसर प्रदान गरी समालोचनात्मक पुनरावृत्तिका लागि सहजीकरण ।

यी पद्धतिहरूले भाषाशिक्षणलाई विद्यार्थीकेन्द्रित गराई अन्तर्क्रियात्मक रचनात्मक सिकाइतर्फ अग्रसर गराउँछ जसबाट विद्यार्थीमा आत्मबोधीकरण भई वास्तविक सिकाइ सम्भव हुन्छ ।

**(घ) आत्मअद्यावधिकता**

शिक्षणसिकाइमा परम्परागत ज्ञान, धारणा, सीप, अनुभव, प्रवृत्ति र व्यवहारमा समयानुकूल सिकारु स्वयम्ले अपेक्षित परिवर्तन र परिमार्जन गर्नुलाई आत्मअद्यावधिकता भनिन्छ । यो उपयुक्त सिकाइ वातावरणमा आफैं सिक्ने प्रवृत्ति हो । यस विधिमा सिकाइ योजना निर्माण, सामग्री छनोट र सिकाइ कार्यमा सिकारुको आफ्नै रुचि, आवश्यकता र सिकाइबीच सक्रिय अन्तर्क्रिया हुन्छ । यसमा विद्यार्थी आफैँले प्राप्त सूचना र अनुभवका आधारमा पुस्तकालय, प्रयोगशाला, शिक्षणयन्त्र, कम्प्युटर, योजनाबद्ध सिकाइ आदिका आधारमा सिकारुले नयाँ सूचना प्राप्त गर्छ भने शिक्षकले केवल सहजीकरण मात्र गर्छन् ।

आत्मअद्यावधिकता सिकाइको प्रवर्तनात्मक पद्धति हो । यसका लागि निम्नलिखित माध्यम तथा प्रविधिहरूको उपयोग गरिन्छ :

- कार्यक्रमबद्ध शिक्षण,
- कक्षाकार्य/गृहकार्य,
- स्वअध्ययन सामग्रीको प्रयोग,
- सिकारु नियन्त्रित शिक्षण,
- पुस्तकालय अध्ययन,
- अवलोकन निरीक्षण ।

आत्मअद्यावधिकता सिकारुसँग मात्र सम्भव छैन । शिक्षकले पनि आफूले पढाउने, सिकाउने विषयमा प्राप्त नयाँ सूचनाहरू अद्यावधिक गर्नुपर्छ । यसमा शिक्षकले प्रभावकारी शिक्षणका तरिका, विद्यार्थीले सिक्न चाहेको विधि र उपलब्धि, उपयुक्त शैक्षिक योजना र सक्रिय शिक्षणसिकाइ र सिकाइ विविधताको सम्बोधनका बारेमा आफूलाई अद्यावधिक गर्नुपर्छ । यसबाट शिक्षक विद्यार्थी दुवैको शिक्षणसिकाइमा वास्तविकता पहिचान भई सिकारुको चाहना, रूचि र आवश्यकता, सिकाइ विविधता अनुरूपको शिक्षण पेसागत छलफलमा सहभागिता र सबलता तथा दुर्बलताको समीक्षा, सहकर्मी सिकाइको अनुभवजस्ता पक्षलाई शिक्षणसिकाइमा उपयोग गर्न सकिन्छ ।

शिक्षक तथा विद्यार्थीले आत्मअद्यावधिक गर्न पुस्तकालयको अत्यधिक उपयोग गरी पुस्तक पत्रपत्रिका पढ्ने, सूचना प्रविधिको उपयोग गरी इमेल, इन्टरनेटमार्फत् विश्वव्यापीकरण र स्थानीयकरणबीच ज्ञानको सामञ्जस्य गर्ने र दैनिक रूपमा थप खोज र सिर्जनामा संलग्न हुने प्रक्रियालाई निरन्तरता दिनु आवश्यक छ ।

आत्मअद्यावधिकताका लागि शिक्षक/सिकारु दुवैले निम्नलिखित पक्षमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ :

- विद्यालयको वातावरण र विद्यालय संस्कृतिबीच सुमधुर सम्बन्ध स्थापना गर्ने,
- सार्थक सिकाइप्रति सक्रियता जनाई शिक्षण/सिकाइप्रति आफैं जिम्मेवार हुने,
- विभिन्न शैक्षिक/प्राज्ञिक निकाय, व्यक्ति र संस्थाबीच सम्बन्ध स्थापना गर्ने,
- शिक्षणसिकाइका लागि प्राप्त हुने स्वउत्प्रेरणालाई अभिवृद्धि गर्ने,
- आफ्नो भाषामा दक्षता हासिल गर्ने र अन्य भाषा तथा संस्कृति बुझ्ने सक्षमता विकास गर्ने,
- पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन पद्धतिका बारेमा जानकारी लिने,
- नवीनतम सिद्धान्त र शैक्षिक प्रविधिका बारेमा जानकारी लिन सूचना तथा सञ्चार प्रविधिको उच्चतम् उपयोग गर्ने,
- विभिन्न कार्यक्रमबारेमा जानकारी लिने र विभिन्न अनुसन्धान प्रतिवेदनले प्रतिपादन गरेका उपलब्धिको जानकारी लिने ।

**(ङ) नेपाली भाषाशिक्षणसिकाइमा आलोचनात्मक समझदारीको प्रयोग**

भाषासिकाइका लागि सिकारु उत्प्रेरित हुनुपर्छ । सिकारुमा सिक्ने उत्प्रेरणा नभएसम्म भाषाका आधारभूत पक्षको समेत ज्ञान हुँदैन । आत्मबोधीकरण विनाको सिकाइ चीरस्थायी नहुने, भाषाका आधारभूत संरचनाको ज्ञान नहुने र सहज भाषा सम्प्रेषण र प्रवाहीकरण पनि नहुने भएकाले शिक्षणसिकाइ दुवैमा आलोचनात्मक समझदारी आवश्यक छ । नेपाली भाषा पहिलो भाषा र दोस्रो भाषाको दोसाँधमा शिक्षण हुने भएकाले यसको शिक्षणमा आइपर्ने समस्या समाधानका लागि आत्मबोधीकरण अत्यावश्यक छ । नेपाली भाषाशिक्षणमा आलोचनात्मक समझदारीको उपयोग निम्नानुसार गरिन्छ :

- सिकाइका लागि उत्साहित वातावरण (बौद्धिक, प्राज्ञिक, भौतिक र भाषिक) सिर्जना गरेर,

- अभ्यास र उत्पादनमुखी क्रियाकलाप सञ्चालन गरेर,
- शिक्षण मैत्री र विद्यार्थी मैत्री सामाजिक वातावरणको सिर्जना गरेर,
- लचिलो पाठ्यक्रम विकास गरी पाठ्यक्रमकेन्द्री पाठ्यपुस्तक पद्धति अपनाएर,
- भाषिक स्तरीयताका लागि व्यक्तित्व विकास पद्धति अपनाएर,
- वैयक्तिक विविधताका आधारमा सुधारात्मक शिक्षण गरेर,
- भाषिक उपलब्धिको तुलनात्मक मापन तयार गरेर,
- सिकाइमुखी पृष्ठपोषण र निरन्तर मूल्याङ्कन पद्धति अपनाएर ।

**आत्ममूल्याङ्कन** :

यो सामग्री पढेपछि मैले आफ्नो शिक्षण कौशल सुधारका सन्दर्भमा :

| अनुभूत गरें । | मलाई सहजीकरण आवश्यक छ । |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |

१. **शीर्षक** : कार्यमूलक अनुसन्धान

२. **उद्देश्य** : यस पाठको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कार्यमूलक अनुसन्धानको अवधारणा बताउन

(ख) कक्षाकोठागत अनुसन्धान र कार्यमूलक अनुसन्धानको तुलना र भिन्नता बताउन

(ग) भाषाशिक्षणमा प्रयोग हुने कार्यमूलक अनुसन्धान पद्धतिहरू सूचीकरण गर्न

(घ) कार्यमूलक अनुसन्धानमा तथ्याङ्क सङ्कलनको अवलोकनात्मक पद्धतिको प्रयोग गर्न

(ङ) कार्यमूलक अनुसन्धानको तथ्याङ्क विश्लेषण पद्धतिको प्रयोग गर्न

(च) कार्यमूलक अनुसन्धानमा सहकार्य पद्धतिको प्रयोग गर्न

(छ) नेपाली भाषाशिक्षणसिकाइमा कार्यमूलक अनुसन्धानको प्रयोग गर्न

३. **विषयवस्तु** :

(क) कार्यमूलक अनुसन्धानको अवधारणा

(ख) कक्षाकोठागत अनुसन्धान र कार्यमूलक अनुसन्धान

(ग) भाषाशिषणमा कार्यमूलक अनुसन्धानका विभिन्न पद्धतिहरू

(घ) कार्यमूलक अनुसन्धानको तथ्याङ्क सङ्कलनको अवलोकनात्मक पद्धति

(ङ) कार्यमूलक अनुसन्धानको तथ्याङ्क विश्लेषण पद्धति

(च) कार्यमूलक कक्षाकोठामा अनुसन्धानको सहकार्य पद्धति

(छ) नेपाली भाषाशिक्षणसिकाइमा कार्यमूलक अनुसन्धानको प्रयोग

४. **पूर्वसिकाइ धारणा** :

कार्यमूलक अनुसन्धान के हो र तपाईंले यसलाई कसरी व्यवहारमा प्रयोग गर्दै आउनु भएको छ ? मनन गर्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण** :

**(क) कार्यमूलक अनुसन्धान**

कक्षाशिक्षणका क्रममा देखापर्ने विभिन्न समस्याहरूको समाधानका लागि प्रक्रियागत रूपमा गरिने अनुसन्धान कार्यमूलक प्रकृतिको हुन्छ । यो सकारात्मक प्रवृत्तिप्रति आकर्षित गर्ने अनुसन्धान प्रक्रिया भएकाले यसको समस्याको अध्ययन र सुधार गर्ने कार्य सरोकारवाला स्वयमले गर्छन् । कार्यमूलक अनुसन्धानले सिद्धान्तलाई व्यवहारमा उतारी जटिल ज्ञानलाई सरल तुल्याउँछ । यसले सेवाकालीन अध्ययनको स्रोतलाई उपयोग गर्दै विद्यार्थी, विद्यालय र शिक्षकलाई अवस्थाअनुसार बदलिन सक्ने योग्यता प्रदान गर्छ । यस्तो अनुसन्धानबाट जनसम्बन्ध सुदृढ हुन्छ । थोरै समयमा आफ्नै पद्धतिभित्रबाट गरिने कार्यमूलक अनुसन्धानले निम्नलिखित पक्षलाई समेटेको हुन्छ :

- यसमा शैक्षिक पाठ्यक्रम/कार्यक्रमभित्र अध्ययन हुन्छ,
- अनुसन्धानको लक्ष्य तथा अभ्यास सहकर्मीहरूको काममा सुधार गर्ने हुन्छ,

- यसले अभ्यास निर्माणमा सुधार गर्ने पक्षमा जोड दिन्छ,
- यस्तो अनुसन्धानमा विद्यालय क्रियाकलापको जटिल मनोसामाजिक वातावरणलाई यथास्थितिमा लिइन्छ,
- यो अनुसन्धान सहभागितामा आधारित हुन्छ र सहभागीहरू प्राप्त प्रतिफललाई सरल र वस्तुगत बनाउन चाहन्छन्,
- शिक्षकले अनुसन्धानका लागि गर्ने प्रयोग पछि प्राप्ति हुन्छ र सहभागी नै उपभोक्ता हुन्छन्,
- यसका लागि गरिने अध्ययन आवश्यकतामा आधारित हुन्छ र अनुसन्धानको नमुना परिर्वतनशील हुन्छ,
- सहभागीहरूले निश्चित सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्छन् भने प्राप्त परिणामले संलग्न सबैलाई प्रभाव पार्छ ।

**(ख) कक्षाकोठा अनुसन्धान**

कक्षाशिक्षणमा आइपर्ने समस्यालाई तत्काल समाधान गर्ने गरी एउटा शिक्षकले आफ्नै कक्षाभित्र गर्ने अनुसन्धान कक्षाकोठा अनुसन्धान हो । उदाहरणार्थ कक्षाका केही विद्यार्थीले कक्षाकार्य ढिलो गर्छन् । यसबाट अरू विद्यार्थीलाई असर पुग्छ अनि कक्षानियन्त्रण गर्न गाह्रो पर्छ । यसको समाधानका लागि गरिने अनुसन्धान कक्षाकोठा अनुसन्धान हो । कक्षाकोठा अनुसन्धानमा समस्याको तत्कालीन समाधान, पाठ्यक्रमको उद्देश्यमूलक कार्यान्वयन, विशिष्ट शिक्षण विधि र वैयक्तिक मूल्याङ्कन प्रक्रियामा जोड दिइन्छ । यस्तो अनुसन्धान कुनै एक विशिष्ट पक्षमा आधारित हुने भएकाले अनुसन्धानका लागि शिक्षकलाई तालिम दिने, सँगै बसेर अनुसन्धान प्रक्रिया (तथ्य सङ्कलन र विश्लेषण) सिकाउने तथा सूचना सञ्चार प्रविधिको पहुँच बढाउने कार्यमा जोड दिइन्छ । यो एक कक्षाकोठासँग सम्बन्धित अनुसन्धान भएकाले यसको अध्ययन प्रक्रिया तथा प्राप्तिहरू अरू कक्षाकोठाका लागि उपयोगी हुन वा नहुन सक्छन् । यो सानो क्षेत्र समेट्ने र विशिष्ट स्वरूपको अनुसन्धान हो ।

**(ग) भाषाशिक्षणमा कार्यमूलक अनुसन्धान**

भाषाशिक्षणमा विषयवस्तुगतभन्दा बढी सीपगत समस्याहरू देखिन्छन् र यस्ता समस्या वैयक्तिक रूपमा भिन्नभिन्न हुन्छन् । व्यक्तिको मनोसामाजिक र भाषिक वातावरण भाषाशिक्षणको अवस्था, सिकाइप्रतिको रुचि र अभ्यास सक्षमताका दृष्टिले भाषाशिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षेत्रमा विभिन्न प्रकारका समस्या सिर्जना हुन्छन् र त्रुटि निराकरण तथा सीप सुधारका लागि कार्यमूलक अनुसन्धान उपयोगी मानिन्छ । कार्यमूलक अनुसन्धान योजना तर्जुमा, कार्य थालनी, कार्यअवलोकन र निष्कर्षका चरणमा सम्पन्न हुन्छ । भाषाशिक्षणमा कार्यमूलक अनुसन्धान गर्न शिक्षकले निम्नलिखित कार्य सम्पन्न गर्नुपर्छ :

- समस्या क्षेत्रको पहिचान गर्ने,
- समस्यासँग सम्बन्धित पर्याप्त सूचना र तथ्य सङ्कलन गर्ने,

- सूचना/तथ्यको गुणात्मक र परिमाणात्मक विश्लेषण गर्ने,
- प्राप्त परिणाम सङ्कलन गरी प्रक्रियागत कार्य थालनी गर्ने,
- नतिजा मूल्याङ्कन गर्ने,
- भावी अनुसन्धान प्रक्रिया सुरू गर्ने ।

भाषा सिर्जना र उत्पादनमूलक हुने भएकाले एउटा समस्या समाधान हुनासाथ अर्को समस्या सिर्जना हुन्छ । यसर्थ एउटा कार्यमूलक अनुसनधानको प्राप्तिले अर्को अनुसन्धानलाई जन्म दिन्छ । यस्ता निरन्तर अनुसन्धानमा शिक्षक विद्यार्थी दुवै सहभागी हुन सक्छन् । अनुसन्धानको सफलता सहभागितामा निर्भर हुने भएकाले कार्यमूलक अनुसन्धानलाई सहभागितामूलक बनाउनुपर्छ । यसका लागि निम्नानुसारका कार्य गर्नु आवश्यक छ :

- अनुसन्धानमा सहभागीहरूको समूह निर्माण गर्ने,
- समूह सिकाइ वातावरण सिर्जना गर्ने,
- अनुसन्धान प्रश्नबाट प्राप्त जानकारीको व्याख्या गर्ने,
- तथ्य विश्लेषणका आधारमा निष्कर्ष निकाल्ने ।

भाषाशिक्षणमा वैयक्तिक भिन्नताका आधारमा समस्या देखिने भएकाले अनुसन्धानका लागि एक व्यक्ति वा केही व्यक्तिको समूहलाई स्रोत मानी स्रोत सहभागिता जुटाउनुपर्छ ।

**(घ) कार्यमूलक अनुसन्धानको तथ्याङ्क सङ्कलनको अवलोकनात्मक पद्धति**

कार्यमूलक अनुसन्धान सहभागितामा आधारित हुने र सहभागी नै उपभोक्तासमेत हुने भएकाले अनुसन्धानका क्रममा सूक्ष्म तत्वहरूको समेत सङ्कलन गर्नुपर्छ । यस्तो अनुसन्धानमा सहभागीहरूका विभिन्न पक्षका बारेमा क्रमिक तथ्याङ्क सङ्कलन गर्नुपर्छ । भाषाशिक्षणमा तथ्याङ्क भन्नाले सहभागीको व्यवहार वा सीप भन्ने बुझिन्छ ।

कार्यमूलक अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न अवलोकनात्मक पद्धतिमा तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका प्रक्रिया अपनाइन्छ :

- तथ्याङ्क सङ्कलकले प्राथमिक उपभोक्ता समक्ष पुगी आफैंले प्रश्न सोधेर, अन्तर्वार्ता लिएर, प्रयोग गराएर वा अभ्यास गराएर त्यसको प्राप्ति टिपोट गर्ने,
- सहभागीका लक्षित व्यवहारको प्रत्यक्ष अवलोकन गर्ने,
- तथ्याङ्क विश्लेषणको तरिकालाई पूर्व व्यवस्थित गरी विभिन्न ढाँचाका फारामहरू तयार पारी त्यसकै आधारमा तथ्याङ्क सङ्कलन गर्ने ।

निर्देशित प्रक्रियामा अनुसन्धाताले आफूले चाहेअनुसारका तथ्य सङ्कलन गर्न तथ्याङ्कका स्रोतदातालाई आवश्यक निर्देशन दिन्छन् । यस्तो प्रक्रिया बन्द प्रकृतिको हुन्छ र स्रोतदाता सहभागीले अनुसन्धानकर्ताको लक्ष्यबाहिर गएर उत्तर दिन/अभ्यास गर्न सक्दैन । यसमा अनुसन्धाताले प्रत्यक्ष अवलोकन गर्छ ।

अनिर्देशित अवलोकनमा अनुसन्धाताले स्रोतदाताका व्यवहारलाई स्वतन्त्रपूर्वक अवलोकन गर्छ र प्राप्त सूचना सङ्कलन गर्छ । यस्ता सूचना अनुसन्धाताको पूर्व कल्पनासँग सम्बन्धित र असम्बन्धित दुवै हुन सक्छन् । यस्तो अनुसन्धानको निष्कर्ष आफ्नो सोचभन्दा भिन्न पनि हुन सक्छ । यसमा अनुसन्धाताले अवलोकन गर्छ तर स्रोतदातालाई निर्देशन, नियन्त्रण वा सहजीकरण नगरी तटस्थ रहन्छ ।

कार्यमूलक अनुसन्धानको अर्को पद्धतिअनुसार अनुसन्धाताले प्रश्नपत्र पठाएर, टेलिफोनमा सोधेर, स्रोतदाताको लिखित सामग्री/मौखिक सामग्री हेरेर, क्रियाकलापका चित्र हेरेर, कसैले सुनाएका आधारमा टिपोट गरेर वा कुनै सिद्धान्तले निर्देश गरेका आधारमा प्राक्कल्पना गरेर तथ्याङ्क सङ्कलन गर्छ । यस्तो तथ्याङ्क त्यति भरपर्दो नहुन सक्छ । तथ्याङ्क सङ्कलन गर्दा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

- मुख्य सार मात्र टिपोट गर्ने,
- सान्दर्भिक सूचना मात्र टिप्ने,
- स्पष्ट अर्थ दिने शब्दको प्रयोग गर्ने,
- सूचना स्रोत उल्लेख गर्ने,
- सूचना दोहोरिने गरी टिपोट नगर्ने,
- सङ्केत चिह्न प्रयोग गरेको भए एकरूपता कायम गर्ने,
- उद्देश्य सापेक्ष सूचना टिपोट गर्ने र आवश्यकताअनुसार पुनरावलोकन गर्ने,
- अनावश्यक सूचना टिपोट नगर्ने,
- उदृतांशलाई हुबहु टिपोट गर्ने,
- तथ्याङ्कलाई शीर्षक/उपशीर्षकमा व्यवस्थित गर्ने ।

**(ङ) कार्यमूलक/कक्षाकोठागत अनुसन्धानको सहकार्य पद्धति**

शैक्षणिक क्रियाकलापसम्बन्धी नीतिगत व्यवस्थाका लागि कार्यमूलक अनुसन्धानको सहकार्य पद्धतिको उपयोग गरिन्छ । यसमा अनुसन्धानको साझा उद्देश्य तय गरिन्छ र एउटै उद्देश्य पूर्तिका लागि एक वा एकभन्दा बढी कक्षाकोठाहरूमा अनुसन्धान कार्य सञ्चालन गरिन्छ । यसमा सहभागीहरूले निम्नलिखित कार्य गर्छन् :

- उद्देश्यअनुसार समस्याको परिभाषीकरण गर्ने,
- समस्याको सीमाङ्कन गर्ने,
- समस्याका कारणहरूको पहिचान गर्ने,
- समस्या समाधानका लागि परिकल्पना निर्माण गर्ने,
- परिकल्पनाको जाँच गर्ने,
- निष्कर्ष निर्धारण गर्ने ।

यी एकै साझा लक्ष्यका आधारमा विभिन्न कक्षाकोठामा एउटै सहजकर्ता/अनुसन्धाता वा भिन्नभिन्न अनुसन्धाताले अनुसन्धान कार्य गर्दा थप समय तथा स्रोतसाधनको आवश्यकता पर्न सक्छ । एकभन्दा बढी अनुसन्धाता र सहभागी भएमा यस्तो अनुसन्धानमा अनुसन्धान प्रक्रिया र सूचनाको स्थानान्तरण गरिन्छ भने एक समूहले अर्को समूहलाई सहयोग र सहजीकरण पनि गर्न सक्छ । यस पद्धतिमा सबै सहभागी सक्रिय हुन्छन् र साझा लक्ष्य प्राप्तिका लागि उत्प्रेरित हुन्छन् । सामूहिक कार्यबाट तथ्याङ्क विश्लेषण गरिने भएकाले प्राप्त नतिजाहरू पनि बढी विश्वसनीय हुन्छन् ।

**(च) तथ्याङ्क विश्लेषण पद्धति**

कार्यमूलक अनुसन्धानमा अवलोकनात्मक वा अअवलोकनात्मक पद्धतिबाट प्राप्त सूचना/तथ्याङ्कलाई एकै ठाउँमा भेला पारी तिनको प्रवृत्तिअनुसार वर्गीकरण गरिन्छ । तथ्याङ्क विश्लेषणका लागि तथ्याङ्कको तालिकीकरण गर्ने, मध्यक, मध्यिका र रित निकाल्ने, विचरणशीलता (चतुर्थांशीय, स्तरीय भिन्नता, मध्यक भिन्नता आदि) छुट्याउने र तिनको सम्बन्धको मापन गर्ने जस्ता कार्य गरिन्छ ।

तथ्याङ्क सङ्ख्यात्मक र गुणात्मक रूपमा सङ्कलन गरिन्छ । सङ्ख्यात्मक तथ्याङ्कको विश्लेषण अङ्क गणितीय आधारमा हुन्छ । जस्तै एउटा कक्षाका ५० जना विद्यार्थीमध्ये ४० जनाले कुनै प्रश्नको उत्तर लेख्न सकेनन् भने त्यो प्रश्नको स्तर कठिन छ वा विद्यार्थी ज्यादै कमजोर छन् भन्ने बुझिन्छ । गुणात्मक तथ्याङ्कमा भने सूचनाको सङ्ख्या/परिमाणभन्दा गुण पक्षमा जोड दिइन्छ । कहिलेकाँही ५० जनाले दिएको उत्तरभन्दा एउटाले दिएको उत्तर महत्वपूर्ण हुन्छ ।

कार्यमूलक अनुसन्धानमा तथ्याङ्क विश्लेषण गर्दा निम्नलिखित प्रक्रिया अपनाइन्छ :

- तथ्याङ्कको तालिकीकरण/सूचीकरण गर्ने,
- गुणात्मक र परिमाणात्मक तथ्याङ्क छुट्याउने,
- तथ्याङ्कको वर्गीकरण गर्ने,
- तथ्याङ्क विश्लेषणको आधार/मानक तयार गर्ने,
- गुणात्मक तथ्याङ्कको गुणात्मक परीक्षण गर्ने,
- प्राप्त नतिजा अभिलेखीकरण गर्ने ।

**(छ) नेपाली भाषाशिक्षणसिकाइमा कार्यमूलक अनुसन्धान**

नेपाली भाषाशिक्षणसिकाइमा विभिन्न समस्या समाधान गर्न कार्यमूलक अनुसन्धानको उपयोग गर्न सकिन्छ । यस्तो अनुसन्धान निम्नानुसारको तहमा गर्न सकिन्छ :

- **समस्या पहिचान** : यसमा समस्याको उत्पत्ति, प्रकृति, उद्देश्य र समस्याले पत्ता लगाउने प्राप्तिको पुष्टि गरिन्छ ।
- **परिकल्पना** : पहिलेको अनुसन्धान र मानित सिद्धान्तका आधारमा अनुसन्धानको परिणाम, परीक्षण र वैधता बारेमा पूर्वानुमान गरिन्छ ।

- **तथ्य सङ्कलन** : अनुसन्धानका लागि विधि, क्षेत्र, योजना, उपकरण र माध्यम तथा तिनीहरूको विश्वसनीयता, वैधता र मूल्याङ्कन बारेको अनुसन्धाताको सोच अनुसार सूचना सङ्कलन गरिन्छ ।
- **तथ्यविश्लेषण र निष्कर्ष** : अनुसन्धानको परिणामको व्याख्या, प्राप्ति वा नतिजा निकाल्ने काम गरिन्छ ।

यी प्रक्रिया समेट्दै नेपाली भाषाशिक्षणमा दोस्रो भाषाशिक्षणका समस्या, उच्चारण समस्या, लेखन समस्या आदि विषयमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ ।

६. **आत्ममूल्याङ्कन :**

यी सत्रमा सहभागी भएपछि

| म स्पष्ट भएँ | मलाई सहजीकरण आवश्यक छ |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |

## एकाइ - एघार
# विद्यार्थीको क्षमता मूल्याङ्कन

१. **शीर्षक** : निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका पद्धतिहरू

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) निवेशसूची (Portfolio) मूल्याङ्कन अभिलेख तयार गरी प्रयोग गर्न
(ख) निर्माणात्मक मूल्याङ्कनका पद्धतिहरू पहिचान र प्रयोग गर्न
(ग) विद्यार्थी प्रगति र अवनतिको अभिलेख र प्रतिवेदन प्रस्तुतिका पद्धतिहरू अवलम्बन गर्न
(घ) प्राप्त सूचना र तथ्याङ्कको परिमाणात्मक र गुणात्मक विश्लेषण गर्न
(ङ) विभिन्न स्रोतबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूको परीक्षण गर्न
(च) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिमाणको अभिलेख गर्न
(ज) नेपाली भाषाशिक्षणमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको प्रयोग गर्न

३. **विषयवस्तु**

(क) निवेशसूची मूल्याङ्कन
(ख) निर्माणात्मक मूल्याङ्कनका पद्धतिहरू
(ग) विद्यार्थी प्रगति र अवनतिको अभिलेख
(घ) सूचना र तथ्याङ्कको परिमाणात्मक र गुणात्मक विश्लेषण
(ङ) विभिन्न स्रोतबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूको परीक्षण
(च) विर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिमाणको अभिलेख
(ज) नेपाली भाषाशिक्षणमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको प्रयोग

४. **पूर्वसिकाइ अवधारणा**

प्रस्तुत सामग्री अध्ययन गर्नुपूर्व तलका विषयवस्तुका बारे मनन गरी आफ्नो डायरीमा टिपोट गर्नुहोस् :

(क) निवेशसूची
(ख) निवेशसूची राख्ने तरिका
(ग) विद्यार्थी प्रगति र अवनतिको अभिलेख
(घ) सूचना र तथ्याङ्कको परिमाणात्मक र गुणात्मक विश्लेषण
(ङ) विभिन्न स्रोतबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूको परीक्षण
(च) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिमाणको अभिलेख
(ज) नेपाली भाषाशिक्षणमा निर्माणात्मक र निर्णयात्मक मूल्यांङ्कनको प्रयोग

## ५. विषयवस्तुको प्रस्तुतीकरण

### (क) निवेशसूची (कार्यसञ्चयिका)

विद्यालयमा विद्यार्थी प्रवेश गरेदेखि उसले गरेका निरन्तर प्रगतिहरूको लेखाजोखा गरी प्रत्येक क्रियाकलापहरूको प्रगति विवरण, कार्डहरू, उसले गरेका नमुना कार्यहरूको सङ्कलन गरी छुट्टै वा विद्यार्थीपिच्छे अलगअलग फायल (Protfolio) खडा गर्नु नै विद्यार्थी निवेशसूची कार्यसञ्चयिका हो । यसमा विद्यार्थीले सम्पन्न गरेका पढाइ, लेखाइ, लिखित, मौखिक परीक्षा, अवलोकन तथा अन्तर्वार्ता परीक्षा आदिको सम्पूर्ण रेकर्ड (अभिलेख) रहन्छ र सोही अभिलेखको आधारमा अन्तिम वा निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने अवधारणा यसमा हुन्छ । प्रत्येक चौमासिकको अन्त्यमा विद्यार्थीका कार्यहरू र शिक्षकको टिप्पणीका आधारमा विद्यार्थीहरूले आर्जन गरेका सिकाइ उपलब्धिलाई ग्रेडिङ गरी प्रगति विवरण कार्डलाई अद्यावधिक गरिन्छ । प्राथमिक तहमा भने यसै निवेशसूची विवरणका आधारमा विद्यार्थीलाई माथिल्लो कक्षामा लाने परिपाटीको समेत विकास भइसकेको छ ।

अत: विद्यार्थीको निवेशसूची (Portfolio) केकसरी राख्ने र केकस्ता विषयवस्तुहरूलाई त्यसभित्र समेट्ने सवालमा केही नमुनाहरू तल दिइएका छन् । ती नमुनाहरूलाई आआफ्नो विषय र ऐच्छिक उपलब्धिको आधारमा फरकफरक सूचकहरू तयार गरी उपयोग गर्न सकिन्छ ।

विद्यार्थीहरू विद्यालय प्रवेश भएको दिनदेखि नै उनीहरूमा कुनै न कुनै खालको प्रगति वा व्यवहारमा परिवर्तन भइरहेको हुन्छ । सिकाइ एक निरन्तर प्रक्रिया हो भने त्यसबाट प्राप्त हुने परिवर्तन नै विद्यार्थीको प्रगति हो । उनीहरूको प्रगतिको निरन्तर मूल्याङ्कन हुन आवश्यक छ । उनीहरूका शैक्षिक प्रगति तथा अन्य क्रियाकलापमा भएको प्रगतिको जानकारी स्वयम् विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालय प्रशासनमा भई नै रहनुपर्दछ । कुनै पनि अवस्थामा कुनै पनि विद्यार्थीको प्रगति कस्तो छ भनेर उसको निमित्त तयारी गरिएका अभिलेखहरूले स्पष्ट गर्दछ । वास्तवमा अभिलेख एउटा ऐना हो, जसको माध्यमबाट सम्बन्धित विद्यार्थीको सम्पूर्ण प्रगति वा परिवर्तनको लेखाजोखा गर्न सकिन्छ ।

विद्यालयहरूमा विद्यार्थीहरूको शैक्षिक प्रगति वा विद्यालयमा गरिने विविध क्रियाकलापहरू उनीहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा विविध पक्षहरूको परिवर्तन, प्रगति र अवस्थालाई तथ्याङ्कन गरी सरल वैज्ञानिक ढङ्गले राखिनुपर्दछ । जुनसुकै बेला कुनै पनि विद्यार्थीको शैक्षिक तथा अन्य क्रियाकलापको स्वरूप कस्तो छ भनेर सम्बद्ध पक्षले जानकारी लिन पाउनुपर्दछ । यसरी प्राप्त जानकारीले सबै पक्षलाई आआफ्नो क्षेत्रमा सुधार गर्न गराउन मद्दत पुऱ्याउँछ । यस अध्यायमा विद्यालयमा विद्यार्थीको सर्वाङ्गीण विकासको निवेशसूची (Portfolio) राख्ने पद्धतिबारे उल्लेख गरिन्छ ।

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारामहरूको नमुना

विद्यालयस्तरीय मूल्याङ्कनको अभिलेखीकरणका लागि उपयोगी हुने केही फारामहरूको नमुना तल दिइएको छ । विद्यार्थीको उपलब्धिहरू र व्यवहारमा आएको परिवर्तनको अवलोकन र मूल्याङ्कन गर्न उपयोगी हुने यस्तै अन्य फारामहरू तयार गरी प्रयोगमा ल्याउन समेत सकिनेछ ।

### १. सञ्चित अभिलेख

विद्यार्थी विद्यालयमा प्रवेश गरेदेखि नै पाठ्यक्रमअनुरूप तोकिएका उद्देश्य प्राप्तिका निमित्त शिक्षणसिकाइ प्रक्रियाद्वारा विभिन्न कुराहरू हासिल गर्दै गइरहेको हुन्छ । उसको विभिन्न पक्षमा विकास हुँदै गइरहेको हुन्छ । यसमा आउने विविध परिवर्तनहरूमा विद्यालयको परिवेशले मात्र नभई उसको परिवार, छिमेकी, समाजिक संरचना आदिले पनि प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारिरहेकै हुन्छ । यसरी विद्यार्थीका विभिन्न उपलब्धिहरू विकास र परिवर्तन कुन बेलामा कुन गतिले भएको छ र उसको व्यक्तिगत जीवनमा कुन घटनाक्रमले केके असर पारेको छ भन्ने कुराको वैज्ञानिक तरिकाले तथ्याङ्कहरू सङ्कन गरी राखिएको अभिलेख नै सञ्चित अभिलेख हो ।

सम्बन्धित विद्यार्थीले विद्यालय प्रवेश गरेदेखि विद्यालय नछोडेको अवस्थासम्मको सम्पूर्ण पक्षमा भएका प्रगति वा परिवर्तनहरू यस अभिलेखमा सञ्चित गरिएको हुन्छ । यस अभिलेखमा विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक विवरण, स्वास्थ्य विवरण, सामाजिक विवरण र उल्लेखनीय घटनाहरूलाई समाहित गरिएको हुन्छ । एउटा विद्यार्थीको बारेमा चाहिने सम्पूर्ण जानकारी यस अभिलेखमा सङ्कलित गरिएको हुन्छ ।

### २. घटना अभिलेख

मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये घटनावृत्त अभिलेख एउटा महत्वपूर्ण साधन मानिन्छ । घटना अभिलेखमा विद्यार्थीको जीवनमा घटेका विशेष किसिमका घटनाहरूको सरल भाषामा अभिलेख गरिएको हुन्छ । घटनाहरू सकारात्मक वा नकारात्मक दुवै हुन सक्दछन्, जसको जानकारीबाट सम्बन्धित विद्यार्थीको शैक्षिक तथ्यले अन्य प्रगतिमा आवश्यक मार्गनिर्देशन गर्दछ । घटनावृत्त अभिलेख कार्यसञ्चयिका फाइलको एउटा अभिन्न अङ्ग हो । यसको नमुना यसप्रकार तयार गरिन्छ ।

### ३. विद्यार्थी कार्यसञ्चयिका (Student Portfolio)

विद्यालयमा अध्ययनरत विद्यार्थीको विषयगत सिकाइ उपलब्धिस्तर कस्तो किसिमको छ भनी गुणात्मक लेखाजोखा गर्न तयार गरिने अभिलेख नै विद्यार्थी कार्यसञ्चयिका (Student Portfolio) हो । यसमा विद्यार्थीले विभिन्न विषयमा केकसरी सिकेको छ भन्ने कुराको सूचनाप्रवाह गर्दछ । यसमा विद्यार्थीसम्बन्धी सामान्य परिचयात्मक विवरणका साथसाथै सिकाइउपलब्धि सूचकहरू तयार गरी राखिन्छ र सूचकहरूलाई नम्बर (सङ्ख्या) ले सङ्केत गरी सूचनाहरूको सङ्कलन गरिन्छ । विद्यार्थी कार्यसञ्चयिका यसप्रकारको नमुनामा राख्न सकिन्छ ।

**विद्यार्थी कार्यसञ्चयिका** (Student Portfolio)

विद्यार्थीको नाम :　　　　　　　　भर्ना भएको कक्षा :

भर्ना भएको वर्ष :　　　　　　　　कार्यसञ्चयिका नम्बर :

कक्षाशिक्षक : विद्यालय :

विद्यार्थीको प्रगति विवरण

विद्यार्थीको नाम : जन्ममिति :

कक्षा : फायल नं :

| विषयगत सिकाइ उपलब्धि सूचक | | उपलब्धिस्तर | | | सिकाइ उपलब्धि सूचक | | उपलब्धिस्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पूरै सिकेको - ३<br>धेरैजसो सिकेको - २<br>काम पूरा गर्न शिक्षकको मद्दत चाहिने - १ | | १ | २ | ३ | सधैं - ३<br>कहिलेकाहीं - २<br>विरलै - १ | | १ | २ | ३ |
| १. | विषय : | | | | ३. | विषय : | | | |
| | | | | | | | | | |
| २. | विषय : | | | | | | | | |
| | | | | | | | | | |

विद्यालय चलेको दिन : हाजिरी दिन : गयल दिन :

कक्षा शिक्षकको टिप्पणी

.......................................................................................................................................................

.......................................................................................................................................................

प्र.अ.को दस्तखत : .............................. कक्षाशिक्षकको दस्तखत : ..............................

सम्बन्धित अभिभावकको दस्तखत : ........................................

द्रष्टव्य : उपलब्धिस्तरको कोठामा ( ✓ ) चिन्ह लगाउने

यसरी विद्यार्थी कार्यसञ्चयिका तयार गरेपछि सोसँग निम्नलिखित विवरणहरू पनि तयार पार्नु आवश्यक हुन्छ :

१. विद्यार्थीको शैक्षिक उपलब्धिस्तर,
२. विद्यार्थीको समस्यायुक्त क्षेत्र,
३. विद्यार्थीलाई प्रदान गरिएको थप सहयोग प्रयास,
४. विद्यार्थीको समग्र अवस्था ।

**४. गृहकार्य विवरण**

विद्यालयका कक्षाहरूमा शिक्षणका अतिरिक्त थप अभ्यासका लागि दिइएका गृहकार्य विद्यार्थीहरूले गरेनगरेको मूल्याङ्कन अभिलेख यसअन्तर्गत पर्दछ । यस अभिलेखलाई निम्नानुसारको ढाँचामा तयार गरी विद्यार्थीलाई दैनिक डायरीको रूपमा दिएर गृहकार्यको अभिलेख गर्न सकिन्छ :

**विद्यार्थी गृहकार्य अभिलेख**

मिति :

| घन्टी | विषय | कक्षाकार्य | गृहकार्य |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

यसरी गृहकार्यको विद्यार्थीको दैनिक डायरीमा अभिलेखीकरण गरिसकेपछि प्रत्येक महिनाको अन्त्यमा गृहकार्यसम्बन्धी उसले गरेका प्रगति/अप्रगति आदिलाई निम्नलिखित ढाँचाको फाराममा राख्नु पर्दछ ।

**गृहकार्य/कक्षाकार्य प्रगति**

विद्यार्थीको नाम : कक्षा :

महिना : रोल नं.

| क्र.सं | सूचकहरू | अवस्था | | अभिभावकहरूलाई सुझाव |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १. | गृहकार्य पूरा गर्ने गरेको | | | |
| २. | निर्देशन अनुसरण गर्ने गरेको | | | |
| ३. | राम्रो र सफा अक्षर लेख्ने गरेको | | | |
| ४. | समयमा जाँच्न दिने गरेको | | | |
| ५. | शिक्षकले दिएको सुझावअनुसार सुधार गर्ने गरेको | | | |

माथिको विवरणमा मूलत: निम्नलिखित दुई कुरा स्पष्ट हुनुपर्दछ । अन्त्यमा निष्कर्ष निकाल्दा निम्नलिखित विवरणमा आधारित भई विश्लेषण गर्नुपर्दछ ।

(१) गृहकार्यको अवस्था र

(२) गृहकार्यका सम्बन्धमा सुधार गर्नुपर्ने क्षेत्रको किटानी

**५. जीवनोपयोगी सीप** (Life Skills) **विकास अभिलेख**

शिक्षालाई केवल किताबी ज्ञानमा मात्र सीमित नराखी व्यवहारमा उपयोगी बनाउन र दैनिक जीवनमा आइपर्ने समस्या र चुनौतीहरूको सामना गर्न सक्ने सीपहरू बालबालिका तथा युवावर्गलाई दिइन्छ भने त्यो नै जीवनोपयोगी सीप (Life Skill) हो । समाजमा विकसित भइरहेका चुनौती, समस्या तथा विकृतिको सामना गर्न, सिर्जनशील तथा उत्पादनशील बन्न, परिवार, समूह एवम् समाजमा मिलेर बस्न तथा उद्यमशीलता अभिवृद्धि गर्न यस्ता सीपहरूमा जोड दिनुपर्ने हुन्छ । यी जीवननिर्वाहका लागि सहयोगी सीपअन्तर्गत यस्ता सीपहरूमा विद्यार्थीको प्रभावकारी ढङ्गले अध्ययन गर्ने सीप, व्यक्तिगत व्यवस्थापन सीप, समस्या समाधान तथा निर्णय गर्ने सीप, सहयोगात्मक व्यवहार आदि पर्दछन् ।

जीवनोपयोगी सीपहरूको मूल्याङ्कन गर्नका लागि शिक्षकले विद्यार्थीलाई दिइने सीपको निश्चित गर्ने र सो सीप प्राप्त गर्न मूल्याङ्कनका आधारहरू निर्माण गर्नुपर्दछ र उपलब्धि सूचाङ्कहरूलाई जाँचसूचीमा राखी परीक्षण गर्न सकिन्छ । जस्तो कि कुनै एउटा विद्यार्थीको शैक्षिक उपलब्धि क्षेत्रमा पर्ने जीवनोपयोगी सीपको परीक्षण गर्न निम्नलिखित आधारलाई उपयोग गर्न सकिन्छ :

| जीवनपयोगी सीपको क्षेत्र | सीपहरू | मूल्याङ्कनका आधारहरू | उपलब्धिका सूचाङ्कहरू |
|---|---|---|---|
| १. शैक्षिक उपलब्धी | १.१. प्रभावकारी ढङ्गले अध्ययन गर्ने सीप | सिकाइका प्रक्रियाबारे जानकारी भए नभएको जाँच्ने | नियमित रूपमा गहृकार्य गर्छ । |
| | | आधारभूत सिकाइका नियम तथा सिद्धान्त बारे जानकार भएनभएको जाँच्ने । | स्व.अध्ययन सामग्रीको प्रयोग गर्छ । |
| | | पूर्वज्ञान र अनुभव नयाँ ज्ञान सिक्न उपयोग गरे नगरेको अवलोकन गर्ने । | कक्षामा ठीक समयमा उपस्थित हुन्छ ।, |
| | | आफ्नो सिकाइको शैली बारे जानकार भए नभएको जाँच्ने । | विद्यालयमा नियमित रूपले उपस्थित हुन्छ । |
| | | नयाँ किसिमको तरिका पत्ता लगाएर उपयोग गरे नगरेको अवलोकन गर्ने । | शैक्षिक क्रियाकलापमा भाग लिन्छ । |
| | | | विभिन्न सिकाइका विधिहरू उपयोग गरे नगरेको जाँच्ने । |

## ६. विद्यार्थी स्वमूल्याङ्कन रुजुसूची अभिलेख

विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थी स्वयम्लाई पनि जिम्मेवार बनाउनु अत्यावश्यक हुन्छ । विद्यार्थी स्वयम्ले आफूमा भएका सबल र दुर्बल पक्षहरूको मूल्याङ्कन गर्न सक्ने हो भने स्वयम् सुधारका लागि तयारी हुन्छ । तसर्थ विद्यालयले हरेक विद्यार्थीलाई मासिक रूपमा स्वमूल्याङ्कन गर्न गराउने व्यवस्था मिलाउनुपर्छ । यसअन्तर्गत निम्नलिखित कुराहरूलाई लिन सकिन्छ :

(क) विद्यार्थीले महसुस गरेका सिकाइका सबल र दुर्बल पक्षहरू
(ख) शिक्षकले महसुस गरेका विद्यार्थीका सिकाइसँग सम्बन्धित सबल र दुर्बल पक्षहरू
(ग) सुधारको कार्ययोजना (शिक्षक, विद्यार्थी र अभिावकको भूमिका) आदि ।

### विद्यार्थी स्वमूल्याङ्कनको नमुना फाराम

| क्र.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | गृहकार्य पूरा गर्ने गरेको | | |
| २. | निर्देशन अनुसरण गर्ने गरेको | | |
| ३. | राम्रो र सफा अक्षर लेख्ने गरेको | | |
| ४. | समयमा जाँच्न दिने गरेको | | |

| | | | |
|---|---|---|---|
| ५. | शिक्षकले दिएको सुझावअनुसार सुधार गर्ने गरेको | | |
| ६. | प्रश्न गर्ने क्षमता | | |
| ७. | प्रस्तुतीकरण सीप | | |
| ८. | समूहमा काम गर्ने क्षमता | | |
| ९. | साधनहरूको प्रयोग (कालोपाटी, कम्प्युटर आदि) | | |
| १०. | नेतृत्व लिने गरेको | | |
| ११. | अन्तर्क्रिया गर्ने क्षमता | | |
| १२. | अध्ययन गर्ने बानी | | |
| १३. | समस्या समाधान गर्ने क्षमता | | |
| १४. | परियोजना कार्य गर्ने क्षमता | | |
| १५. | तर्क गर्ने र कारण दिने क्षमता | | |
| १६. | निर्णय गर्ने सीप | | |
| १७. | अतिरिक्त क्रियाकलापमा सहभागिता | | |
| १८. | पढाइका लागि तत्परता | | |
| १९. | सिर्जनशीलता | | |
| २०. | खोजी गर्ने कला | | |
| २१. | काम गर्ने बानी | | |
| २२. | कक्षा सहभागिता | | |
| २३. | अनुशासित व्यवहार | | |

विद्यार्थीको समग्र टिप्पणी : ....................

## ७. विद्यार्थीको सिकाइ सीप विवरण अभिलेख

सिकाइका साथ आवश्यक पर्ने विभिन्न सीपहरूका बारेमा विद्यार्थीको सिकाइ सीप विवरण तयार पार्नुपर्दछ । यस अन्तर्गत निम्नलिखित विवरणहरू तयार पार्नुपर्दछ :

(क) सिकाइ सीपहरूको अवस्था,

(ख) सबल (सकारात्मक) पक्षहरू,

(ग) सुधार गर्नुपर्ने पक्षहरू आदि ।

सिकाइ सीप विकासमा शिक्षक, अभिभावक र विद्यार्थीको आदेश उपर्युक्तअनुसारको विद्यार्थी सिकाइ सीप विवरण र विश्लेषणात्मक अवस्थासहितको विवरण अभिभावकलाई उपलब्ध गराउने गराउनुपर्दछ । यस विवरणमा राख्नुपर्ने नमुना तल दिइएको छ :

### विद्यार्थीको सिकाइ सीप विकास अभिलेख

विद्यार्थीको नाम : कक्षा

| क्र.सं. | विवरण | सुरु गरेको अवस्थामा | | विकास हुँदै गएको अवस्थामा | | प्राप्ति भइसकेको अवस्थामा | | अभिभावकलाई सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन | छ | छैन | |
| १ | प्रश्न गर्ने क्षमता | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्रस्तुतीकरण गर्ने सीप | | | | | | | |
| ३. | समूहमा काम गर्ने क्षमता | | | | | | | |
| ४. | साधनहरूको प्रयोग ( कालोपाटी, कम्प्युटर आदि) | | | | | | | |
| ५. | नेतृत्व लिने क्षमता | | | | | | | |
| ६. | अन्तरक्रिया गर्ने क्षमता | | | | | | | |
| ७. | अध्ययन गर्ने बानी | | | | | | | |
| ८. | समस्या समाधान गर्ने क्षमता | | | | | | | |
| ९. | परियोजना कार्य गर्ने क्षमता | | | | | | | |
| १०. | तर्क गर्ने र कारण दिने क्षमता | | | | | | | |
| ११. | निर्णय गर्ने सीप | | | | | | | |
| १२. | अतिरिक्त क्रियाकलापमा सहभागिता | | | | | | | |
| १३. | पढाइका लागि तत्परता | | | | | | | |
| १४. | सिर्जनशीलता | | | | | | | |
| १५. | खोजी गर्ने कला | | | | | | | |
| १६. | काम गर्ने बानी | | | | | | | |
| १७. | कक्षा सहभागिता | | | | | | | |

## ८. विद्यार्थीको उपलब्धि अभिलेख

विद्यार्थीको निवेशसूची (Portfolio) अन्तर्गत उनीहरूको उपलब्धिको विवरण वा अभिलेखलाई निम्नलिखित तीन किसिमको फारामहरूको प्रयोग गरी राख्न सकिन्छ ।

फराम नं. १

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क विवरण | | | कूल | स्थान |
|---|---|---|---|---|---|---|---|
| | | | प्र त्रैमासिक % | द्वितीय त्रैमासिक % | अन्तिम परीक्षा % | १००% | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

.................................. कक्षाशिक्षकको दस्तखत

.................................. प्रधानाध्यापकको दस्तखत

## (ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका पद्धतिहरू

विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण र सुधार गर्ने सिलसिलामा प्रयोग गरिने मूलतः दुई किसिमका मूल्याङ्कन पद्धतिहरू निर्णयात्मक तथा निर्माणात्मक मूल्याङ्कनहरू हुन् । कुनै पाठ्यांश शिक्षणको अन्तमा निर्धारित शैक्षिक उद्देश्यहरू केकति मात्रामा प्राप्त भए वा विद्यार्थीले कति उपलब्धि हासिल गर्न सके भन्ने कुराको परीक्षण गरी विद्यार्थीको स्तर निर्धारण गर्न सञ्चालन गरिने मूल्याङ्कन निर्णयात्मक

मूल्याङ्कन हो । विद्यार्थीले प्राप्त गरेका उपलब्धिका आधारमा उत्तीर्णअनुत्तीर्ण छुट्याउने, श्रेणीकरण गर्ने, प्रमाणपत्र प्रदान गर्ने र शैक्षिकस्तरलाई प्रमाणित गर्ने कार्य निर्णयात्मक मूल्याङ्कनअन्तर्गत पर्दछ । त्यसैगरी शैक्षिक कार्यक्रमको कार्यान्वयनको सिलसिलामा निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । विद्यार्थीका कमीकमजोरी पत्ता लगाई त्यसको सुधार वा निराकरण गर्नु यो मूल्याङ्कनको मुख्य उद्देश्य हो ।

पठनपाठनसँगै निरन्तर चलिरहने भएकाले निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कनमा लिने गरेको पाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट शिक्षकलाई विद्यार्थीले केकति सिकेका छन् र सिकाउन चाहेको कुरो सिकेसिकेनन् भन्ने कुराको जानकारी हुन्छ । शिक्षणसिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको लेखाजोखा गरी स्तर पत्ता लगाउनु नै निरन्तर विद्यार्थी मूल्याङ्कन (Continuous Assessment System) हो । यो पूर्णरूपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित छ । यसमा विद्यार्थीकेन्द्रित शिक्षण विधि अपनाई चलाख विद्यार्थीलाई हौसला प्रदान गर्न र सिकाइस्तर मध्यम र न्यून भएकालाई थप मद्दत गरी सिक्न प्रेरित गरिन्छ । यस प्रणालीमा शिक्षकको कक्षाकार्यमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिलाई क, ख, ग समूहमा लेखाजोखा गरिन्छ । अन्ततः यसरी गरिएको लेखाजोखाको परिणामलाई कक्षोन्नतिको आधार मानिन्छ ।

निर्माणात्मक मूल्याङ्कन गर्ने प्रविधि तथा पद्धति विभिन्न किसिमका हुन सक्छन् ।

**१. खेल विधि**

तल्ला कक्षामा शिक्षणसिकाइ क्रियाकलापका साथै र विद्यार्थी मूल्याङ्कन गर्न खेल विधि ज्यादै उपयोगी हुन्छ । केटाकेटी खेल खेल्न रुचाउँछन् । खेलमा उनीहरूको सक्रिय सहभागिता हुन्छ । खेलमा सहभागी भएर उनीहरूले देखाएको क्षमताले उनीहरूको मूल्याङ्कन हुन्छ । भाषाशिक्षणमा अक्षर मिलाएर शब्द बनाउने, शब्द मिलाएर वाक्य बनाउने जस्ता खेल खेलाउन सकिन्छ । खेल खेलाउँदा विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरेर प्रतियोगिता गराउनु राम्रो हुन्छ । खेलमा विद्यार्थीलाई जुन काम गराइन्छ त्यो काम विद्यार्थीले आलोपालो गर्ने मौका पाउनुपर्छ । खेल विधिबाट शिक्षण गर्दा विद्यार्थीले गरेका क्रियाकलापहरूको शिक्षकले अवलोकन गर्नुपर्दछ । यस विधिको प्रयोग गर्दा पूर्वनिर्मित रुजुसूचीका आधारमा अभिलेख राखी विद्यार्थीलाई पृष्ठपोषण दिनुपर्दछ ।

**२. प्रश्नोत्तर विधि**

प्रश्नोत्तर विधिबाट सबैजसो विषयको शिक्षण र मूल्याङ्कन गर्न सकिन्छ । प्रश्नोत्तर विधिमा शिक्षकले विद्यार्थीहरूलाई आलोपालो छोटाछोटा प्रश्न सोध्नुपर्दछ । एक विद्यार्थीले दिएको उत्तर सही वा गलत के हुन्छ, अरू विद्यार्थीको राय माग्न पनि सकिन्छ । प्रश्नोत्तर विधिमा शिक्षकले विद्यार्थीले दिएको उत्तर सही भए 'ठीक भन्यौ' भन्ने र गलत भए सच्याइदिनुपर्दछ । प्रश्नोत्तर विधिमा शिक्षकविद्यार्थीबीच प्रश्नोत्तर गर्दागर्दै विद्यार्थीले सिक्नुपर्ने कुरा सिक्छन् र कुन विद्यार्थीले केकति सिक्यो भनेर शिक्षकले विद्यार्थीको सिकाइको लेखाजोखा पनि गर्न सक्छन् । यसमा पनि श्रेणीमापन वा रुजुसूचीको प्रयोग गरेर विद्यार्थीको शैक्षिक प्रगतिको अभिलेख राख्न सकिन्छ ।

### ३. छलफल विधि

माथिल्ला कक्षाका लागि छलफल विधि उपयोगी हुन्छ र कक्षामा भएका विद्यार्थीहरूलाई समूहमा विभाजन गरेर समूहमा रहेका विद्यार्थीबीचमा वा समूह विभाजन गरी शिक्षक विद्यार्थीबीचमा छलफल गर्न गराउन सकिन्छ । छलफल विधिमा छलफल गर्न प्रश्नोत्तरको तुलनामा लामो उत्तर आउने प्रश्नहरू सोधिन्छ । जस्तो वनजङ्गलबाट के फाइदा हुन्छ भन्ने जस्ता छलफलमा विद्यार्थीले कस्तो तर्क राख्दछन् भन्ने कुरामा शिक्षकले ख्याल गर्नुपर्छ । यसैबाट विद्यार्थीको मूल्याङ्कन हुन्छ । शिक्षकले विषयवस्तुअनुसारको तर्क राख्न नसक्ने विद्यार्थीलाई मद्दत गर्नुपर्छ ।

### ४. भूमिका निर्वाह तथा अभिनय विधि

भूमिका निर्वाह तथा अभिनय विधि सामाजिक शिक्षा र सिर्जनात्मक तथा अभिव्यक्तिशील कला जस्ता विषयमा बढी प्रयोग गर्न सकिन्छ । जसमा शिक्षकले विद्यार्थीलाई विभिन्न शिक्षक, पुलिस, हुलाकी, किसान आदिको अभिनय गराउन सक्दछन् । यसरी अभिनय गराउँदा शिक्षक स्वयम्ले बेलाबेलामा नमुना अभिनय गर्नुपर्ने पनि हुन्छ । विद्यार्थीलाई सानातिना नाटकका पात्रको भूमिका गराउन पनि सकिन्छ । विद्यार्थीले निर्वाह गरेको भूमिका र अभिनय अवलोकनबाट उनीहरूको मूल्याङ्कन कक्षामै हुन सक्छ ।

### ५. समस्यासमाधान विधि

विद्यालय तहका माथिल्ला कक्षाका सबैजसो विषयको शिक्षण मूल्याङ्कनमा समस्यासमाधान विधि प्रयोग गर्न समस्यासमाधान विधिमा शिक्षक र विद्यार्थीले समस्या बुझेनबुझेको र समस्यासमाधानका लागि सही क्रियाकलाप गरेनगरेको हेर्नुपर्दछ र आवश्यकताअनुसार मद्दत पनि गर्नुपर्दछ । शिक्षकले विद्यार्थी समस्या बुझेर समाधान निकाले कि निकालेनन् त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुपर्दछ । विद्यार्थीलाई दिइने समस्या भने भाषिक सीप विकाससँग सम्बन्धित हुनु आवश्यक छ ।

### ६. प्रदर्शन विधि

प्रदर्शन विधिलाई पनि निर्माणात्मक मूल्याङ्कनको माध्यम बनाउन सकिन्छ । विशेषगरी सामाजिक, विज्ञान, जनसङ्ख्या तथा वातावरण विषयमा यसको प्रयोग गर्न सकिने भए पनि भाषाशिक्षणको क्रममा पनि यसलाई उपयोग गर्न सकिन्छ । विद्यार्थीको बोलाइ क्षमताको मूल्याङ्कन गर्न विभिन्न दृश्य, वस्तु, घटना आदिको प्रदर्शन गरी त्यसको बारेमा बोल्न लगाएर निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । यस विधिको प्रयोग गर्नुपूर्व आवश्यक रुजुसूचीको तयारी भने पहिले नै गर्नु आवश्यक छ ।

### ७. प्रयोगात्मक विधि

प्रयोगात्मक विधिको प्रयोग विशेषतः विज्ञान विषयमा बढी प्रयोग हुने भए तापनि भाषा तथा अन्य विषयशिक्षणमा पनि यसलाई उपयोग गर्न सकिन्छ । सामाजिक विषयमा फिल्ड ट्रिप, खोज जस्ता कार्यकलापको आयोजना गरेर यस विधिको उपयोग गर्न सकिन्छ भने भाषाशिक्षणको सन्दर्भमा भने व्याख्यान तथा कथाकथन विधिको प्रयोगगर्दा विद्यार्थीहरूलाई बीचबीचमा प्रश्न सोधेर उनीहरूको राय (विचार) लिने र तर्क गर्ने मौका दिनुपर्छ । यस्तो प्रयोगात्मक विधिको प्रयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न विद्यालय तहमा हाजिरीजवाफ, वादविवाद आदि प्रतियोगिताको आयोजना विद्यार्थीलाई नै गर्न दिएर त्यस कार्यक्रममा उनीहरूले प्रयोग गरेका भाषिक व्यवहारको रुजुसूचीद्वारा मूल्याङ्कन गर्न सकिन्छ ।

**विद्यार्थी मूल्याङ्कनका अरू प्रविधि तथा साधनहरू**

विद्यार्थीले कक्षामा गरेका क्रियाकलाप हेरेर उनीहरूको मूल्याङ्कन गर्न सकिन्छ । यो प्रविधि छिटो र शिक्षणसिकाइका लागि तुरुन्तै पृष्ठपोषण दिने किसिमको हुन्छ । यसबाहेक शिक्षकले विद्यार्थीको निरन्तर र वास्तविक मूल्याङ्कन गर्न अरू प्रकारका प्रविधि र साधनहरूको पनि प्रयोग गर्नुपर्ने हुन्छ । ती प्रविधि र साधनहरूका बारेमा तल चर्चा गरिएको छ ।

**(क) लिखित परीक्षा**

वार्षिक तथा त्रैमासिक परीक्षाबाहेक लिखित कक्षाकार्य तथा गृहकार्य पनि लिखित परीक्षा हुन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न लिखित कक्षाकार्य तथा गृहकार्य उपयोगी हुन्छन् । कक्षामा विद्यार्थीहरूलाई जस्ताको तस्तै सार्ने, श्रुतिलेखन गर्ने, निबन्ध, चिठी, टिप्पणी, प्रश्नको उत्तर लेख्ने काम दिएर उनीहरूको लेखन सीप मूल्याङ्कन गर्न सकिन्छ । लिखित परीक्षाबाट विद्यार्थीमा भएको विषयवस्तुको ज्ञानको पनि मूल्याङ्कन गर्न सकिन्छ ।

**(ख) अवलोकन**

विद्यार्थीको बानीव्यवहारको मूल्याङ्कन अवलोकनका माध्यमले मात्र गर्न सकिन्छ । कक्षामा मात्र गरिएको अवलोकनले विद्यार्थीको बानीव्यहोराको वास्तविक मूल्याङ्कन नहुन सक्छ । त्यसैले कक्षाबाहिर पनि उनीहरूको बानीव्यहोराको अवलोकन गर्नुपर्ने हुन्छ । अवलोकनका लागि श्रेणीमापन तथा रुजुसूची प्रयोग गर्न सकिन्छ । शिक्षकले विद्यार्थीको बानीव्यहोरा बुझेर अवलोकन गरिएका व्यवहार वा सीपको अवलोकन गरी (√) चिह्न लगाउने गर्नुपर्दछ ।

**(ग) अभिलेख अध्ययन**

विद्यार्थीको घटनावृत्त अभिलेख, सञ्चित अभिलेख, कार्यसञ्चयिका अध्ययन आदि गरेर उनीहरूका बारेमा धेरै कुराको जानकारी लिन सकिन्छ ।

**(घ) अभिभावक सम्पर्क**

अभिभावकसँग सम्पर्क गरेर विद्यार्थीका बारेमा धेरै कुराको जानकारी गर्न सकिन्छ ।

**(ङ) अतिरिक्त क्रियाकलाप**

अतिरिक्त क्रियाकलापका माध्यमले पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । खेलकुद, नाटक, वाद्यवादन, गायन, कविता, निबन्ध, वादविवाद, विद्यालय सरसफाइको प्रतियोगिता गराएर विद्यार्थीले प्रदर्शन गरेको क्षमताबाट उनीहरूका विभिन्न पक्षको मूल्याङ्कन हुन सक्छ ।

**(च) प्रगति अभिलेख**

निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न प्रक्रियाबाट गरिने भएकाले विद्यार्थीको यथार्थ प्रगति जानकारी गर्न प्रगतिको अभिलेख राख्नुपर्ने हुन्छ । विद्यार्थीको प्रगति अभिलेख विभिन्न ढाँचामा राख्न सकिन्छ ।

**रुजुसूची प्रश्नको नमुना**

भाषाशिक्षणअन्तर्गत बोलाइ सीप परीक्षणको लागि कुनै पाठमा प्रयोग गर्न सकिने रुजुसूची प्रश्नका नमुना :

| क्र.सं. | परीक्षण गरिने व्यवहार | रूजुसूची | |
|---|---|---|---|
| १. | उच्चारणमा शुद्धता | छ □ | छैन □ |
| २. | भावानुकूल वाचन | गर्छ □ | गर्दैन □ |
| ३. | पढ्दा लेख्यचिह्नको ख्याल | गर्छ □ | गर्दैन □ |
| ४. | प्रस्तुति हाउभाउपूर्ण | छ □ | छैन □ |
| ५. | स्वतन्त्र र निर्भीक भएर पढेको | छ □ | छैन □ |

**श्रेणीमापन अवलोकन परीक्षणको नमुना**

भाषाशिक्षणको क्रममा कुनै पाठबाट विद्यार्थीहरूको ऐच्छिक व्यवहारको श्रेणीमापन विधिबाट अवलोकन परीक्षण गर्न यस किसिमको प्रश्नावली तयार गर्न सकिन्छ ।

| क्र.सं. | परीक्षण गरिने व्यवहारहरू | श्रेणीहरू | | | |
|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अत्युत्तम |
| | **बोलाइ सीप अन्तर्गत** | | | | |
| १. | बोल्दा स्पष्ट बोल्ने बानी | | | | |
| २. | बोलाइमा भाषिक स्तरीयता | | | | |
| ३. | बोलाइमा स्थानीय भाषाको प्रभाव | | | | |
| ४. | बोलाइमा मौलिकता | | | | |
| ५. | बोलाइमा सिलसिला | | | | |

**निर्माणात्मक मूल्याङ्कनअन्तर्गत निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी प्रक्रिया**

यस प्रणालीको मुख्य उद्देश्य कक्षाशिक्षणका साथसाथै विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया सुरु गरिएको छ । यसका लागि निम्नलिखित प्रक्रियाबाट विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गरी अभिलेख राख्नुपर्नेछ :

१. पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधारमा एकदेखि तीनओटासम्म रेजा (√) चिह्न लगाउने ।
२. अतिउत्तम सिकेकालाई तीनओटा रेजा (√√√), उत्तम सिकेकालाई दुई ओटा रेजा (√√) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिने ।
३. प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डलाई आधार मान्ने :

| क्र.सं. | मापदण्ड | अतिउत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १. | कक्षा सहभागिता परियोजना कार्य | √√√ | √√ | √ |
| २. | गृहकार्य/कक्षाकार्य | √√√ | √√ | √ |
| ३. | व्यवहार परिवर्तन | √√√ | √√ | √ |
| ४. | हाजिरी | √√√ | √√ | √ |
| ५. | सिर्जनात्मक कार्य | √√√ | √√ | √ |
| | | √√√ | √√ | √ |

### (ग) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन

कुनै पनि विद्यार्थी विद्यालयमा प्रवेश गरेपछि विद्यालयमा रहन्जेल उसले गरेको प्रगतिको निरन्तर मूल्याङ्कन हुनु जति जरुरी छ त्यति नै मात्रामा ती प्रगतिहरूको अभिलेखीकरण हुनु र त्यसको प्रतिवेदन सम्बन्धित निकायहरूमा प्रस्तुत गरिनु उत्तिकै आवश्यक हुन्छ । विद्यार्थीको विषयगत प्रगतिको अभिलेख विषयशिक्षकल राख्नुपर्छ भने समष्टिगत अभिलेख विद्यालयले राख्नुपर्ने हुन्छ । त्यसैगरी विषयगत प्रगतिको प्रतिवेदन विषयशिक्षकले प्र.अ.लाई र प्र. अ. ले स्रोतकेन्द्रलाई समष्टिगत प्रगति प्रतिवेदन दिनुपर्ने हुन्छ ।

विद्यार्थीहरूले गरेका प्रगतिहरूको जानकारी पाउनुपर्ने प्रथम हकदार विद्यार्थीहरू हुन् भने दोस्रा हकदारमा उनीहरूका अभिभावक हुन् । विद्यार्थीलाई आफ्नो स्तरको यथार्थ ज्ञान दिन र शिक्षणसिकाइ कार्यमा प्रोत्साहित गर्न उनीहरूको प्रगतिबारे जानकारी दिनु आवश्यक हुन्छ भने आफ्ना छोराछोरीको वास्तविक स्तरको बोध गराउन र उनीहरूको शैक्षिक विकासका निम्ति घरपरिवारबाट उपयुक्त वातावरण र सहयोग उपलब्ध गराउन विद्यार्थीहरूको प्रगतिविवरण उनीहरूलाई दिनु आवश्यक हुन्छ । विद्यार्थीको वास्तविक स्तरबोध दिलाउन अर्को विद्यालयमा भर्ना हुन जाने विद्यार्थीका लागि पनि प्रगतिविवरण उत्तिकै आवश्यक पर्दछ ।

कुनै पनि विद्यालयले विद्यार्थीको वार्षिक प्रगतिविवरणमा सामान्यत: निम्नलिखित कुराहरू उल्लेख गर्नु उपयुक्त हुन्छ ।

**विद्यार्थीको प्रगति विवरण**

श्री .................................. विद्यालय

विद्यार्थीको नाम : कक्षा : ठेगाना :

सेक्सन : जन्ममिति : रोल.न.

भर्नामिति :

| क.सं. | विषयहरू | पूर्णाङ्क | उच्चअङ्क | मध्यमअङ्क | न्यूनतम अङ्क | प्राप्ताङ्क | विद्यार्थीको आचरण |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | १. काम गर्ने बानी<br>उत्तम ☐ मध्यम ☐ निम्न |
| २. | | | | | | | २. सामाजिक बानी<br>उत्तम ☐ मध्यम ☐ निम्न |
| ३. | | | | | | | ३. स्वास्थ्य आचार<br>उत्तम ☐ मध्यम ☐ निम्न ☐ |
| ४. | | | | | | | ४. अतिरिक्त क्रियाकलाप<br>उत्तम ☐ मध्यम ☐ निम्न ☐ |
| ५. | | | | | | | उपस्थित दिन : |
| ६. | | | | | | | गयल दिन : |
| ७. | | | | | | | विद्यालय चलेको दिन : |
| | जम्मा | | | | | | |

उत्तीर्ण ☐ श्रेणी : प्रथम ☐ द्वितीय ☐ तृतीय ☐

अनुत्तीर्ण ☐

कक्षामा विद्यार्थीको क्रम : कक्षा शिक्षकको राय :

कक्षा शिक्षकको दस्तखत
मिति

प्र.अ. को दस्तखत
मिति :

## (आ) मूल्याङ्कनको प्राप्तिसम्बन्धी अभिलेख र वार्षिक प्रतिवेदन

शैक्षिक पात्रोको समाप्ति भएपछि विद्यालयले के प्राप्ति हासिल गऱ्यो भनेर पनि लेखाजोखा गर्नुपर्दछ । प्राप्तिका आधारमा नै विद्यालयको सुधार योजना बन्न सक्ने हुँदा यससम्बन्धी सूचनासमेत व्यवस्थापन गर्नुपर्दछ । यसका लागि फाराम प्रयोग गर्न सकिन्छ । यसैका आधारमा वार्षिक प्रतिवेदन तयार गर्ने र विद्यालय सुधारको योजना समेत बनाउन सकिन्छ ।

(क) उपलब्धिको अवस्था (ख) लैङ्गिक अवस्था (ग) ध्यानदिनुपर्ने पक्षहरू

(घ) मूल्याङ्कन साधनको प्रयोग र आवश्यकता सुधार आदि ।

### फारामको नमुना

### मूल्याङ्कन प्राप्तिसम्बन्धी सूचना

विषय : कक्षा : शैक्षिक वर्ष :

| कक्षा | जम्मा भर्ना | | उत्तीर्ण | | अनुत्तीर्ण | | विद्यालय छाड्ने | | कक्षा दोहोऱ्याउने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## (इ) विद्यार्थी प्रगति प्रतिवेदन

विद्यार्थीको शैक्षिक उपलब्धिहरू र व्यावहारिक परिवर्तनमा अभिभावक र घरपरिवारको समेत महत्वपूर्ण भूमिका हुने भएकाले अभिभावकलाई विद्यार्थीको प्रगतिबारे जानकारी दिन अति आवश्यक छ । त्यसका लागि निम्नलिखित उपायहरू अपनाउन सकिन्छ :

(क) विद्यार्थीको मूल्याङ्कन र त्यसको प्रतिवेदन अभिभावक तथा विद्यार्थीलाई कहिले र कसरी दिने भन्ने कुरा आफ्नो विद्यालय, समुदाय र अभिभावकको अवस्थालाई विचार गरी वार्षिक कार्यतालिकामा समावेश गर्ने ।

(ख) शिक्षक विद्यार्थी अन्तर्क्रिया सञ्चालन गर्ने- हरेक महिना विद्यार्थीहरूको कार्यकलाप, गृहकार्य र मासिक सिकाइ विवरण तथा विद्यार्थी स्वमूल्याङ्कन विवरणसमेतलाई आधार बनाएर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा शिक्षकविद्यार्थी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गर्ने र प्रमुख उपलब्धिहरूको अभिलेख तयार पार्ने ।

(ग) शिक्षक तथा अभिभावकको सम्मेलन आयोजना गरी विद्यार्थीको प्रगति, मूल्याङ्कनको अवस्था र सुधार गर्नुपर्ने पक्षहरूबारे अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(घ) शिक्षक, विद्यार्थी र अभिभावक सम्मेलन आयोजना गरी विद्यार्थीको प्रगति प्रतिवेदन पेस गर्ने र अन्तर्क्रिया गर्ने ।

(ङ) विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक प्रगति, आन्तरिक तथा बाह्य मूल्याङ्कनको नतिजा एवम् सुधार गर्नुपर्ने पक्षहरूको लिखित प्रतिवेदन र मौखिकरूपमा समेत जानकारी दिने र आफ्ना अभिभावकहरूलाई जानकारी दिन लगाउने । यसका साथै नजिकका साथीका अभिभावकलाई उसको शैक्षिक प्रगतिबारे जानकारी दिन लगाउने कार्य गर्न सकिन्छ ।

(च) शिक्षक पनि विद्यालयमा रहेको समुदायको सदस्य भएको हुनाले अभिभावकहरूसँगको अनौपचारिक भेटघाटमा समेत विद्यार्थीको शैक्षिक अवस्थाबारे छलफल गरी उचित सल्लाह दिने कार्य गर्नुपर्दछ ।

(छ) आफ्नो विद्यालयको जनशक्ति, विद्यार्थी सङ्ख्या आदिलाई विचार गरी एक शैक्षिक वर्षभरिमा कम्तीमा तीनपटक विद्यार्थीको आवधिक परीक्षाको नतिजा र उसको व्यवहारमा आएको परिवर्तन र सुधार गर्नुपर्ने पक्षसमेत समावेश गरी विद्यार्थी प्रगति प्रतिवेदन तयार गरी अभिभावकलाई पठाउने कार्य गर्नुपर्दछ ।

(ज) विद्यालयको सूचना पाटी र सार्वजनिक स्थलहरूमा विद्यार्थीको शैक्षिक उपलब्धिको सूचना टाँस गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

**(ई) वार्षिक रूपमा मूल्याङ्कन प्रतिवेदन तयार पार्ने**

**(क) विद्यालय तह**

हरेक विद्यालयले तहगत रूपमा विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा एक वर्षभरिका समस्याहरू, विद्यालयबाट विद्यार्थी मूल्याङ्कन र यसको सुधारका लागि गरिएका प्रयासहरू, विद्यार्थी मूल्याङ्कन सम्बन्धमा आगामी शैक्षिक सत्रमा अवलम्बन गरिनुपर्ने रणनीतिहरू जस्ता पक्षहरू समेत समावेश गरी वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार पार्ने र यस प्रतिवेदनको एक प्रति स्रोतकेन्द्रमा पठाउनुपर्दछ ।

**(ख) स्रोतकेन्द्र तह**

हरेक स्रोतकेन्द्रले वार्षिकरूपमा आफ्ना क्षेत्रभित्रका विद्यालयहरूबाट प्राप्त हुन आएका विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित प्रतिवेदनरूको आधरमा स्रोतकेन्द्र तहको अनुभव, प्रयास आदिका आधारमा समेत वार्षिक रूपमा विद्यार्थी मूल्याङ्कनसम्बन्धी प्रतिवेदन तयार पार्ने र यस प्रकारको मूल्याङ्कन प्रतिवेदनमा निम्न पक्षहरूको विश्लेषण गरिनु उचित हुनेछ :

- विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा भएका प्रमुख प्राप्तिहरू
- विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा देखिएका प्रमुख समस्याहरू
- विद्यार्थी मूल्याङ्कन समस्या समाधानका उचित विकल्पहरू
- विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा विद्यालय, स्रोतकेन्द्र, जिल्ला तथा केन्द्रस्तरबाट खेलिनुपर्ने अपेक्षित भूमिकाहरू

**(ख) मूल्याङ्कनबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको परिमाणात्मक तथा गुणात्मक विश्लेषण पद्धति**

**(अ) मूल्याङ्कनमा गुणात्मकता र परिमाणात्कता**

विद्यार्थी मूल्याङ्कन कार्यमा गुणात्मक तथा परिमाणात्मक सूचना तथा तथ्याङ्कहरूको विश्लेषण हुनु जरूरी छ । मूल्याङ्कनमा परिमाणात्मक पक्षमा विद्यार्थी सङ्ख्या, विषय सङ्ख्या, पूर्णाङ्क, उत्तीर्णाङ्क,

प्राप्ताङ्कहरू आदि पर्दछन् । कुन विषयमा कुन विद्यार्थीले के कति अङ्क प्राप्त गऱ्यो ? कक्षामा सबभन्दा बढी अङ्क कसको आयो ? कुन विषयमा को प्रथम ? को द्वितीय ? को उत्तीर्ण ? को अनुत्तीर्ण आदिको निर्धारण गर्ने काम विद्यार्थीको परिमाणात्मक मूल्याङ्कन पद्धतिको आधारमा गरिन्छ । विद्यार्थीहरूले विद्यालयमा लिइने लिखित तथा मौखिक परीक्षामा के कति अङ्क प्राप्त गरे ? सो अङ्क घटी, बढी केकति मात्राको छ ? कसले, कसलाई कति अङ्कले जित्यो ? प्रथम श्रेणीमा कति जना, द्वितीय र तृतीय श्रेणीमा के कति उत्तीर्ण भए ? तिनीहरूको प्राप्त अङ्कको आधारमा लेखाजोखा गरिन्छ भने त्यो परिमाणात्मक मूल्याङ्कनसँग सम्बन्धित हुन्छ ।

गुणात्मक मूल्याङ्कन भन्नाले विद्यार्थीले लिखित तथा औपचारिक परीक्षामा केकति अङ्क प्राप्त गऱ्यो भन्नेसँग सम्बन्धित नभई विद्यार्थीमा ऐच्छिक गुणहरूको वास्तविक रूपमा कत्तिको मात्रामा विकास भयो भन्नेसँग सम्बन्धित हुन्छ । जस्तो कि कुनै विद्यार्थीले स्वास्थ्य विषयमा ९० अङ्क लेखेर प्राप्त गऱ्यो भने परिमाणात्मक रूपमा ऊ प्रथम श्रेणीमा उत्तीर्ण भयो र परिमाणको आधारमा गुणात्मक व्याख्या गर्ने हो भने ऊ अत्यन्त राम्रो विद्यार्थी हो तर गुणात्मक मूल्याङ्कनका आधार बनाई मूल्याङ्कन गर्दा उसमा व्यक्तिगत सरसफाइ पटक्कै छैन, आफैँ स्वस्थ छैन, वातावरणीय सरसफाइमा ध्यान दिँदैन, स्वास्थ्य शिक्षासम्बन्धी घरव्यवहारमा ध्यान दिँदैन, स्वास्थ्य शिक्षासम्बन्धी घरव्यवहारका साधारण कुराहरूमा समेत ध्यान दिँदैन भने उसको गुणात्मक विश्लेषण गर्नुपर्दा उसलाई स्वास्थ्य शिक्षामा राम्रो विद्यार्थी मान्न मिल्दैन । वास्तवमा शिक्षाको मूल उद्देश्य त विद्यार्थीका ऐच्छिक व्यवहारमा परिवर्तन ल्याउनु वा जीवनोपयोगी सीपहरूको विकास गर्नु हो । यस कार्यमा कतिपय अवस्थामा परिमाणात्मक मूल्याङ्कन गुणात्मक मूल्याङ्कनको साधन मात्र हो की साध्य होइन तर विद्यार्थीहरूको गुणात्मक पक्षलाई परिमाणात्मक अङ्कमा नउतारी मूल्याङ्कन गर्न पनि सम्भव हुन सक्दैन । अतः विद्यालयमा विद्यार्थीहरूको गुणात्मक तथा परिमाणात्मक दुवै मूल्याङ्कनका पक्षहरूलाई केलाई विश्लेषण गर्नु आवश्यक हुन्छ ।

**(आ) मूल्याङ्कन परिमाणको विश्लेषण पद्धति**

विद्यालयमा मूल्याङ्कन परिणामसम्बन्धी प्राप्त विभिन्न सूचना तथा तथ्याङ्कहरूलाई विश्लेषण गर्ने पद्धति हाम्रा विद्यालयहरूमा कमै भएको पाइन्छ । मूल्याङ्कनका परिणामहरूलाई विश्लेषण गर्न सकिएको खण्डमा त्यसबाट प्राप्त हुने सूक्ष्म तथ्यहरूले शिक्षकहरूलाई सुधारात्मक शिक्षणका लागि पुनर्बल र उत्साह गर्दछ भने विद्यार्थीहरूलाई थप हौसला र उत्साह प्राप्त हुन्छ । तथ्याङ्कहरूको विश्लेषणबाट नयाँ तथ्य तथा जानकारीहरू प्राप्त हुन्छन् र ती तथ्य तथा जानकारीहरूले विद्यालयको भावी योजना निर्माण गर्न पनि ठूलो सहयोग पुऱ्याउँदछन् ।

विद्यालयमा प्राप्त मूल्याङ्कनका नतिजाहरूलाई विश्लेषण गर्ने मुख्य माध्यमहरूमा रेखाचित्र, ग्राफ, चार्ट, पाइचार्ट, टेबुल आदि हुन् । यिनीहरूकै माध्यमद्वारा विद्यार्थीले प्राप्त गरेका उपलब्धिहरूलाई विभिन्न आधार वा कोणबाट विश्लेषण गर्ने काम सम्पन गर्नुपर्छ । हाम्रा विदालय तहमा मूल्याङ्कन नतिजाहरूको विश्लेषण गरिने मुख्य आधारहरू निम्नलिखित छन् :

**नतिजा विश्लेषणका आधारहरू**

**(क) समग्रगत विश्लेषण**

मूल्याङ्कन नतिजाको विश्लेषणको समग्रगत आधार भन्नाले विद्यालयमा अध्ययरत सम्पूर्ण विद्यार्थीहरूको लेखाजोखा गरी विद्यालय प्रथम, कक्षा प्रथम, कुल विद्यार्थी, परीक्षामा सम्मिलित, बीचैमा पढाइ छाड्ने, उत्तीर्ण, उत्तीर्ण प्रतिशत, अनुत्तीर्ण, अनुत्तीर्ण प्रतिशत आदि देखाउनु हो । यसले विद्यालयको समग्र मूल्याङ्कन नतिजाको रूपरेखालाई प्रस्तुत गर्दछ र त्यस विद्यालयमा शैक्षिक स्थिति वा गुणस्तर केकस्तो छ भन्ने कुराको विश्लेषण यसबाट गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कनको नतिजा विश्लेषण गर्न यसप्रकारको टेबुललाई बढी प्रयोग गरेको पाइन्छ ।

| कक्षा | जम्मा भर्ना | | | बीचमा छाड्ने | | | परीक्षामा सम्मिलित | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

यसै टेबुलको आधारमा तथ्याङ्कहरूलाई प्रतिशतमा राख्ने, विभिन ग्राफ, चार्टमा प्रस्तुत गर्ने काम गरी विद्यालयको यथार्थ स्थितिलाई झल्काउन सकिन्छ ।

यसरी मूल्याङ्कन परिणामलगायत विद्यार्थीको कक्षागत सिकाइउपलब्धि, विषयगत सिकाइउपलब्धिको तथ्यतथ्याङ्कलाई पनि टेबुलेसन गरी विद्यार्थीको शैक्षिक गुणस्तरको लेखाजोखा तथा विश्लेषण गर्न सकिन्छ । कुन कक्षाको कुन विषयमा शैक्षिक उपलब्धि के कति रह्यो भन्ने कुराको समेत यसबाट पत्ता लाग्दछ । यसले सिकाइउपलब्धि कम हुनाको कारणहरूको खोजी गरी ती समस्याहरूको निराकरण गर्न सहयोग पुऱ्याउने हुन्छ ।

**सिकाइउपलब्धि विश्लेषण तालिका**

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उच्च अङ्क | निम्न अङ्क | औसत अङ्क | उच्च अङ्क | निम्न अङ्क | औसत अङ्क | उच्च अङ्क | निम्न अङ्क | औसत अङ्क |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |

यसले कुन कक्षामा कुन विषयमा कस्तो स्थिति रहेछ भन्ने तथ्यलाई तुलनात्मक विश्लेषण गर्न मद्दत पुऱ्याउँदछ ।

### (ख) लैङ्गिकगत विश्लेषण

समग्रगत आधारमा प्रयोग गरेजस्तै टेबुलमा केटाकेटीको आधारलाई मात्र लिएर कुन विषयमा कुन लैङ्गिकको वर्चस्व बढी छ र कुन विषयमा कुन लैङ्गिकलाई सहयोग गर्नुपर्ने रहेछ भन्ने कुरा त्यसले प्रदर्शन गर्दछ । यसैगरी सिकाइ उपलब्धिलाई पनि लैङ्गिकगत आधारमा विश्लेषण गर्नुपर्दछ । यसले मूल्याङ्कनमा देखिने लैङ्गिकगत समस्यालाई र त्यसको क्षेत्रलाई स्पष्ट पार्दछ र भावी योजनाको निम्ति दिशानिर्देश गर्दछ ।

### (ग) जातिगत आधारमा विश्लेषण

विद्यार्थी मूल्याङ्कन नतिजाको जातिगत आधारमा पनि विश्लेषण गर्नु जरुरी हुन्छ । यस आधारमा मूल्याङ्कनको विश्लेषण गर्दा तीन तहमा गर्नु उपयुक्त हुन्छ :

१. जनजातिगत   २. दलित/पिछडिएका जनजातिगत   ३. अन्य जातिगत

यसको विश्लेषण विधि पनि माथि 'क' 'ख' मा उल्लेख भएअनुरूप गर्नु उपयुक्त हुन्छ ।

### (घ) अपाङ्गगत विश्लेषण

सपाङ्ग र अपाङ्ग विद्यार्थीहरूमा सिकाइउपलब्धिको पहुँच र स्थितिको जानकारी लिन मूल्याङ्कन नतिजाको विश्लेषण गरिनु आवश्यक छ । सपाङ्गको तुलनामा अपाङ्गको उपलब्धिगत समस्या पहिचान गर्न पनि यसले सहयोग पुऱ्याउँदछ ।

### (ङ) तुलनात्मक विश्लेषण

वर्तमान, गत र विगत गरी तीन वर्षको मूल्याङ्न परिमाणहरूको विश्लेषण गर्ने काम यसमा हुन्छ । यसले विद्यालयको शैक्षिक विकासलाई उद्बोधित गर्दछ । साथै विद्यालयका कमीकमजोरीप्रति पनि सचेत गराउँदछ । यसले विद्यालयले कत्तिको विद्यालय छाड्ने (Dropout) तथा कक्षा दोहोऱ्याउने क्रमलाई (Repeatation Rate) घटाएको छ ? सिकाइ उपलब्धिमा कत्तिको अभिवृद्धि भएको छ ? आदि तथ्यहरूमाथि प्रकाश पार्ने काम गर्दछ ।

अतः माथिका विविध पद्धतिबाट मूल्याङ्कन विश्लेषणका नतिजालाई विद्यालय सुधार योजना (SIP) तथा भित्ताहरूमा विभिन्न चार्ट, ग्राफ, टेबुल आदिमा स्पष्ट र ठूला अक्षरले राखिनुपर्दछ । साथै अभिभावक भेला, सम्पर्क, बुद्धिजीवी भेला, विद्यार्थी भेला आदिमा ती विश्लेषणबाट आएका नतिजाहरूबारे जानकारी दिनुपर्दछ । विद्यालयभन्दा माथिल्लो निकाय स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयमा समेत मूल्याङ्कनको विश्लेषित नतिजा पठाई स्रोतकेन्द्र तथा जिल्लास्तरीय योजना बनाउन सहयोग पुऱ्याउनु पनि विद्यालयको कर्तव्य हुन जान्छ ।

## (घ) सूचना तथा तथ्याङ्कहरूको परीक्षण र मूल्याङ्कन परिमाणको अभिलेख

### विभिन्न स्रोतबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कको परीक्षण

विद्यालयमा विद्यार्थी मूल्याङ्कनका सिलसिलामा विभिन्न स्रोतहरूबाट निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका लागि उपयोगी सूचना तथा तथ्याङ्कहरू प्राप्त भएका हुन्छन् । यस्ता सूचनाका स्रोतहरूमा अभिभावक, शिक्षक, समाजसेवी, बुद्धिजीवी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घ, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय आदि पर्दछन् । कतिपय सूचनाहरू औपचारिक प्रकृतिका हुन्छन् ।

कतिपय मौखिक हुन्छन् भने कतिपय लिखित प्रकृतिका हुन्छन् । विद्यालयका विद्यार्थी गाउँ, समाजका आम व्यक्तित्व पनि मूल्याङ्कन कार्यको सूचनाका स्रोतहरू हुन सक्छन् । यस्ता सूचना तथा तथ्याङ्कहरू विद्यार्थीहरूमा सकारात्मक व्यवहार तथा नकारात्मक व्यवहार दुवै देखाउने खालका हुन्छन् । त्यसरी आएका मूल्याङ्कनसम्बन्धी स-साना जानकारीहरूलाई अभिलेखीकरण गरिएन भने मूल्याङ्कन प्रणालीमा सुधार ल्याउन सकिन्न र विद्यार्थीहरूको सही र प्रभावकारी मूल्याङ्कन पनि गर्न सकिन्न । विद्यार्थीको प्रगति वा अवनतिका सूचनाहरू मूलतः निम्नलिखित वर्गहरूबाट प्राप्त हुन्छन् ।

**(१) अभिभावक वर्ग**

विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक सूचना तथा तथ्याङ्कका स्रोतहरू अभिभावक पनि हुन् । उनीहरूबाट मूलतः विद्यार्थीहरूको व्यावहारिक परिर्वनसम्बन्धी निम्नानुसारका सूचनाहरू दिने हुन्छन् :

(क) विद्यार्थीले घर, परिवारमा गर्ने व्यवहार

(ख) विद्यार्थीको बानी, रुचि र आवश्यकता

(ग) विद्यालय प्रवेश गर्नुपूर्व र पछि परिवर्तन भएका सिकाइ व्यवहारहरू

(घ) उसको आचरण, स्वभाव, अध्ययनप्रतिको लगाव

**परीक्षण**

यसरी अभिभावकहरूबाट प्राप्त सूचनाहरूलाई विद्यार्थीलाई सँगै राखेर छलफल गरेर वा उनीहरूको विद्यालयको व्यवहारको अवलोकन गरी परीक्षण गर्न सकिन्छ । यसरी परीक्षण गरिसकेपछि उसको पोर्टफोलियो (फायल) मा रेकर्ड गर्ने काम गर्नुपर्छ । यस किसिमका सूचनाले निर्माणात्मक मूल्याङ्कनको कार्यमा ठूलो सहयोग पुऱ्याउँछ ।

**(२) समुदायबाट प्राप्त हुने जानकारीहरूको परीक्षण**

विद्यार्थीले टोल, छिमेक, बाटोघाटो लगायत समाजका विभिन्न निकायमा संलग्न भई विभिन्न भूमिकाहरू निर्वाह गरेका हुन्छन् । यसरी सामाजिक भूमिका निर्वाह गर्ने क्रममा उसका बानी, विशेष प्रतिभा, खराब प्रवृत्ति, राम्रा नराम्रा व्यवहार आदि प्रकट भएका हुन्छन् । अतः यस्ता उसका व्यवहारप्रतिका राम्रा नराम्रा टिकाटिप्पणीहरू विद्यालयसम्म आइ पुग्दछन् । यस्ता भ्वाट्ट हेर्दा साना प्रकृतिका कुरा भए तापनि यस्ता सूचनाले विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनमा ठूलो सहयोग पुऱ्याउने हुन्छ । त्यसैले यस्ता सूचना तथा तथ्याङ्कलाई विद्यार्थीको पोर्टफोलियोमा अभिलेखीकरण गरी राख्नुपर्दछ । तर सूचना प्राप्त हुँदैमा राम्ररी नबुझी र परीक्षण नगरी रेकर्डिङ भने गर्नु हुँदैन किनभने यस्ता सूचनाहरू कतिपय कारणले अपुष्ट, आधारहीन, विरोधासपूर्ण र विद्यार्थीको विपक्षमा भएका षड्यन्त्र पनि हुन सक्छन् ।

**परीक्षण**

यसरी समुदायका विभिन्न वर्ग र तप्काबाट आएका सूचना तथा तथ्याङ्कलाई विद्यार्थीका व्यवहारसँग सापेक्ष गराएर, उसका साथीभाइसँग राम्ररी बुझेर, कतिपय सवालमा विद्यार्थी सँग बुझेर, समुदायका विभिन्न सदस्यसँग सम्पर्क राखेको हो/होइन भन्ने कुरालाई राम्ररी परीक्षण गरेर मात्र अभिलेखीकरण गर्नुपर्दछ । प्राप्त सूचनाहरूलाई यसरी परीक्षण नगरी जथाभावी सुनेकै भरमा रेकर्ड गरियो भने त्यस्ता सूचनाले मूल्याङ्कन कार्यमा सकारात्मक प्रभावको सट्टा नरकात्मक प्रभाव पारी सही मूल्याङ्कन गर्न सकिँदैन ।

(३) **विद्यार्थीहरूबाट प्राप्त हुने सूचनाहरूको परीक्षण**

विद्यालयमा विद्यार्थीविद्यार्थीबीचमा छलफल, अन्तर्क्रिया, खेलकुद, विधिव्यवहारहरू सम्पन्न भएका हुन्छन् । उनीहरूका बीचमा काम गर्दा, खेलकुद गर्दा, छलफल गर्दा आफू आफूमा विभिन्न सिकाइ व्यावहारहरू प्रदर्शित गर्दछन् । विद्यार्थीविद्यार्थीबीचमा भएका राम्रा/नराम्रा दुवै व्यवहारहरूका सूचनाहरू शिक्षक तथा प्रधानाध्यापकसमक्ष आइपुग्दछन् । यसरी राम्रो सूचना आओस् कि नराम्रो आओस तत्काल त्यसलाई उसको फोर्टफोलियोमा रेकर्ड नगरी बुझ्नुपर्ने विद्यार्थीहरूलगायत स्वयम् विद्यार्थीसँग उक्त सूचनाका सम्बन्धमा राम्ररी बुझेर सही तथ्यपूर्ण सूचनालाईमात्र अभिलेखीकरण गर्नुपर्दछ । यसो भएमा मात्र उसको सुधार गर्नुपर्ने व्यवहार भएमा सुधारात्मक कार्यमा जोड दिन सकिन्छ र सकारात्मक व्यवहार भएमा अझ बढी उत्प्रेरित गरेर शिक्षणसिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

(४) **शिक्षक वर्गबाट प्राप्त हुने सूचना तथा तथ्याङ्कको परीाण**

विद्यार्थी मूल्याङ्कनका लागि अति आवश्यक सूचना तथा तथ्याङ्कका मुख्य स्रोतहरू नै विषय शिक्षकहरू हुन् । उनीहरूले विद्यार्थीको निरन्तर मूल्याङ्कनका फारामहरू विकास गरी अभिलेखीकरण राखेका हुन्छन् । त्यस्तै विद्यार्थीको सञ्चितअभिलेख, घटनावृत्त अभिलेख, कक्षा व्यवहार, गृहकार्यको अभिलेख, अतिरिक्त क्रियाकलाप, आचरणसम्बन्धी जाँचसूची आदि रेकर्डहरू उनीहरूले नै राख्नुपर्ने हुन्छ । विद्यार्थीले विद्यालयमा प्रदर्शित गर्ने हरेक मुख्यमुख्य व्यवहारको अभिलेख शिक्षकहरूले राख्नुपर्ने हुन्छ । यसरी अभिलेख राख्नुपूर्व शिक्षकले राम्ररी परीक्षण गरेर मात्र सही र यथार्थ व्यवहार वा सिकाइको मात्र अभिलेखीकरण गर्नु पर्दछ । विद्यालयमा विद्यार्थी सम्बन्धित पोर्टफोलियो निर्माण गर्दा अझ सम्पूर्ण विषय शिक्षकहरू बसी छलफल गरेर मात्र विद्यार्थीका व्यावहारिक परिवर्तनहरूको अभिलेख गर्न सकिएमा मात्र उपयुक्त परीक्षण पछिको मूल्याङ्कन अभिलेख तयार हुन सक्छ । विषयशिक्षकहरूले आआफ्नो तवरले सूचनाहरू र तथ्याङ्कको अभिलेख राख्दा सही र यथार्थ मूल्याङ्कनमा प्रभाव पर्न सक्ने सम्भावना रहन्छ । विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्क दोहोऱ्याएर हेर्नु, सार्दा गल्ती भयो कि भनी पुनः परीक्षण गर्नु आदि कार्य गरी विषयशिक्षकहरूले प्राप्त सूचना र तथ्याङ्कहरूलाई परीक्षण गर्न सक्दछन् ।

(५) **प्रधानाध्यापकबाट तथ्यतथ्याङ्क र सूचनाहरूको परीक्षण**

विद्यार्थी मूल्याङ्कनसम्बन्धी सम्पूर्ण प्रशासनिक कार्यसंपादन गर्ने व्यक्ति विद्यालयका प्रधानाध्यापक हुन् । मूल्याङ्कन गर्ने कार्यमा प्रधानाध्यापकको अहम् भूमिका रहन्छ । विद्यालयको तहबाट प्रधानाध्यापकले निम्नलिखित दायित्वहरू निर्वाह गर्नुपर्ने हुन्छ :

१. मूल्याङ्कनसम्बन्धी छलफल गरी मूल्याङ्कन योजना निर्माण,
२. एकाइ, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाको उपयुक्त तयारी,
३. निरन्तर मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन,
४. निर्माणात्मक मूल्याङ्कनमार्फत् सिकाइ सुधार कार्यक्रम,
५. विद्यार्थीका अभिलेखहरू तथा सिकाइ पोर्टफोलियो अद्यावधिक गर्ने कार्य,
६. प्रगति विवरण कार्ड र अभिभावकका लागि प्रतिवेदन,
७. प्रयोगात्मक परीक्षा, अवलोकन, प्रोजेक्ट कार्य, हिज्जे र विद्यार्थीहरूको सामग्री प्रदर्शन,
८. माथिल्ला निकायमा मूल्याङ्कनसम्बन्धी जानकारी र अन्तर्क्रिया,

९. मूल्याङ्कन परिणामको परीक्षण तथा अभिलेखका लागि शिक्षकबीच छलफल र अन्तर्क्रिया
१०. विद्यार्थीका हरेक प्रगति विवरणहरूको अभिलेख र प्रदर्शन ।

**परीक्षण**

उल्लिखित कार्यहरू सम्पन्न गर्ने क्रममा आएका सूचना तथा तथ्याङ्कहरूको सत्यता र तथ्यताको परीक्षण नगरी सिधै अभिलेखीकरण गर्दा मूल्याङ्कनमा त्रुटिहरू हुन सक्दछन् । त्यसैले प्रधानाध्यापकले जुनजुन स्रोतबाट सूचना तथा तथ्याङ्कहरू आएका छन् ती व्यक्ति र संस्थाको विश्वसनीयाता र वैधताउपर पनि दृष्टि दिनु आवश्यक छ । विद्यालयका शिक्षकहरूले दिएका तथ्यतयाङ्क, सूचना तथा प्रतिवेदनको राम्ररी अध्ययन र परीक्षण गरेर मात्र अभिलेखीकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीको मूल्याङ्कनमा शिक्षकको अनावश्यक प्रभाव, Halo Effect, मूल्याङ्कन प्रक्रियागत त्रुटि, अङ्क टेबुलेसनमा गल्ती आदि छन्छैनन् राम्ररी परीक्षण गरेर मात्र मूल्याङ्कनको नतिजा दिनुपर्दछ । अभिभावकलाई दिइने प्रगति विवरण सार्दा वा अङ्क जोड्दा कहींकतै भुल वा लापरवाही भएको छछैन भन्ने कुराको राम्ररी परीक्षण गर्नुपर्दछ । विद्यार्थीको आचरण, व्यावहारिक परिवर्तन आदिको प्रगति विवरण दिंदा सबै विषयशिक्षकहरूको बैठक बसी छलफल गरेर अन्तिम परीक्षण गरेर मात्र विद्यार्थीको सही र यथार्थ नतिजा प्रकाशन गर्न सकेमा मात्र मूल्याङ्कन कार्य ज्यादै प्रभावकारी हुन्छ ।

विद्यालयमा विभिन्न स्रोतबाट प्राप्त हुने सूचना तथा तथ्य तथ्याङ्कहरूको परीक्षण गरेर मात्र अभिलेखीकरण गर्दा हुने मुख्य फाइदाहरू निम्नलिखित हुन्छन् :

१. परीक्षण नगरिएका सूचना तथातथ्याङ्क कच्चा प्रकृतिका हन्छन् । तिनीहरूको परीक्षण वा जाँच गरेपछि सही सूचना र तथ्याङ्कमा परिणत गर्न सकिन्छ ।
२. परीक्षण गरिएका तथ्यतथ्याङ्कहरूले मूल्याङ्कन नतिजालाई बढी विश्वसनीय र वैध बनाउँछ ।
३. परीक्षण गर्दा प्राथमिक सूचनाका कमीकमजोरी औंल्याई सुधार गर्न सकिन्छ ।
४. शिक्षक तथा विद्यार्थीहरूबाट हुने लापर्बाही र संवेदनशीलताप्रति सचेत गराउन सकिन्छ ।
५. विद्यार्थीहरूले सही र यथार्थ मूल्याङ्कनको नतिजा प्राप्त गर्दछन् ।
६. परीक्षण गरिएका सूचना तथा तथ्यतथ्याङ्कले गर्दा विद्यालयको आफ्नै प्रतिष्ठा अभिवृद्धि हुन्छ ।

**(ख) निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनको परिमाणको अभिलेख**

शिक्षणसिकाइका क्रममा विद्यार्थीका समस्या पहिचान गरी समयमै पृष्ठपोषण दिएर उनीहरूको शिक्षणसिकाइमा सुधार ल्याउनु निर्माणात्मक मूल्याङ्कनको मुख्य कार्य हो । विद्यार्थीको स्तर निर्धारण गर्न, शैक्षिक कार्यलाई वैधता दिन, प्रमाणपत्र प्रदान गर्न, अपेक्षित उद्देश्यप्राप्तिको लेखाजोखा गर्न र कक्षा चढाउने, नचढाउने निर्णय लिनका लागि निर्णयात्मक मूल्याङ्कन गर्ने गरिन्छ । निर्माणात्मक होस् वा निर्णयात्मक मूल्याङ्कनका सिलसिलामा विभिन्न किसिमका जानकारी, सूचना तथ्य तथ्याङ्कहरू प्रात हुन्छन् । ती समस्त परिमाणलाई उपयुक्त ढङ्गले अभिलेखीकरण गर्न नसिकएमा सही र तथ्यगत मूल्याङ्कन हुन सक्दैन ।

### (१) निर्माणात्मक मूल्याङ्कन परिमाणको अभिलेख

निर्माणात्मक मूल्याङ्कनअन्तर्गत गृहकार्य तथा कक्षाकार्य अभिलेख, सिर्जनात्मक सिकाइ कार्य अभिलेख व्यावहारिक परिवर्तन अभिलेख, हाजिरी अभिलेख, कक्षा सहभागिता तथा परियोजना कार्य अभिलेख, एकाइ, त्रैमासिक, अर्धवार्षिक परीक्षा अभिलेख आदि पर्दछन् । यी सारा अभिलेख प्रत्येक विषयशिक्षकले राख्नुपर्ने हुन्छ । विद्यार्थीहरूको निम्नलिखित अभिलेखहरू परिमाणात्मक रूपमा नराखी गुणात्मक रूपमा राख्नुपर्दछ :

१. कक्षा सहभागिता र परियोजना कार्य,
२. गृहकार्य तथा कक्षाकार्य,
३. व्यवहारमा परिवर्तन,
४. सिर्जनात्मक कार्य,
५. हाजिरी रेकर्ड ।

परिमणात्मक अभिलेखका रूपमा निम्नलिखित अभिलेखलाई राख्नुपर्दछ :

१. एकाइ परीक्षाको नतिजा,
२. त्रैमासिक परीक्षाको नतिजा,
३. अर्धवार्षिक परीक्षाको नतिजा ।

### (२) निर्णयात्मक मूल्याङ्कनको अभिलेख

निर्णयात्मक मूल्याङ्कनमा विद्यार्थीले हासिल गरेका विविध उपलब्धिहरूलाई समेटेर अन्तिम निर्णय दिने काम गरिन्छ । निरन्तर मूल्याङ्कन पद्धतिबाट प्राप्त नतिजालाई पनि निर्णयात्मक मूल्याङ्कनका लागि उपयोग गर्नुपर्ने हुन्छ । निर्माणात्मक मूल्याङ्कनले एकातिर विद्यार्थीको शिक्षणसिकाइमा सुधारका लागि निर्देशित गरिरहेको हुन्छ भने अर्कातिर निर्णयात्मक मूल्याङ्कनको आधारहरू निर्माण गरेको हुन्छ । यस अर्थमा निरन्तर तथा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त परिमाण तथा निर्णयात्मक मूल्याङ्कनको उद्देश्यले मात्र लिइने वार्षिक वा अन्तिम परीक्षाबाट प्राप्त परिमाणको संयुक्त नतिजा निर्णयात्मक मूल्याङ्कन भएकाले यी सम्पूर्ण नतिजालाई उपयुक्त र वैज्ञानिक ढङ्गले अभिलेखीकरण गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कनमा निर्णयात्मक मूल्याङ्कनको लेखाजोखा गर्दासम्म शिक्षकले निम्नानुसारको निर्णयात्मक मूल्याङ्कन अभिलेख तयार पारि सक्नुपर्दछ :

माथिका परिमाणात्मक अभिलेखका अतिरिक्त मूल्याङ्कनका परिणामहरूलाई विभिन्न चार्ट, पोस्टर, टेबल आदिमा प्रदर्शन गरी निम्नानुसारका अभिलेखहरू प्रस्तुत गर्नु उत्तम हुन्छ :

१. विद्यार्थी भर्ना, परीक्षामा सम्मिलत, उत्तीर्ण, अनुत्तीर्ण,
२. कक्षा दोहोऱ्याउने र कक्षा छाड्नेको स्थिति,
३. लैङ्गिक स्थिति,
४. जनजातीय र दलित विद्यार्थीको स्थिति,
५. तहगत पूरा गर्ने दर,
६. पाँच वर्षको शैक्षिक उपलब्धिको तुलनात्मक विवरण,
७. सिकाइ उपलब्धिको स्थिति र प्रगति दर, आदि ।

### (ङ) नेपाली भाषाशिक्षण निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनको प्रयोग

नेपाली भाषाशिक्षणमा निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनको अहम् महत्व छ । अन्य विषय शिक्षणमा जस्तै भाषाशिक्षणमा पनि निर्माणात्मक मूल्याङ्कन अन्तर्गत, गृहकार्य, कक्षाकार्य, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा आदिलाई निर्माणात्मक मूल्याङ्कन कार्यमा उपयोग गरिनुपर्दछ । यसका अतिरिक्त भाषिक मूल्याङ्कनमा निर्णयात्मक मूल्याङ्कनको पनि उत्तिकै महत्व रहेको छ । खासगरी वार्षिक परीक्षालाई निर्णयात्मक मूल्याङ्कनको साधनको रूपमा लिनुपर्ने हुन्छ । तर पनि हाम्रा विद्यालयहरूमा प्रथम र द्वितीय त्रैमासिक परीक्षालाई पनि निर्णयात्मक मूल्याङ्कनको आधार मान्ने तर परीक्षालाई निर्माणात्मक मूल्याङ्कनको रूपमा पटक्कै उपयोग नगर्ने चलनलाई निरुत्साहित गर्नुपर्ने भएको छ । भाषाको सिकाइ विशेषतः ज्ञान र सीप पक्षसँग सम्बन्धित हुन्छ । नेपाली भाषिक सीपहरूको विकास गर्ने मुख्य माध्यमहरूमा विभिन्न कथा, कविता, निबन्ध आदि विधाहरूलाई लिइएको पाइन्छ । यी उद्देश्यहरू पूरा गर्न वर्तमान मूल्याङ्कन प्रणालीमा परीक्षालाई मुख्य साधनको रूपमा लिए तापनि भाषा सिकाइमा भने भाषाको निरन्तर प्रयोग पक्षलाई ध्यानमा दिई मूल्याङ्कन गरिनु आवश्यक हुन्छ ।

भाषा सिकाइको सन्दर्भमा मूल्याङ्कन भन्नाले भाषिक मूल्याङ्कन भन्ने बुझ्नुपर्ने हुन्छ । यसमा:

- भाषिक सीपहरूको मापनलाई मुख्य लक्ष्य बनाइएको मूल्याङ्कन भाषिक मूल्याङ्कन हो र यसमा भाषिक क्षमताको मापन र परीक्षण गरिन्छ ।
- भाषिक मूल्याङ्कन विषयवस्तुमा आधारित नभई भाषा प्रयोगगत दक्षतामा आधारित हुन्छ । यसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको परीक्षण गरिन्छ ।
- यसमा भाषिक सीपको प्रयोग र अभ्यासमा केकति उपलब्धि भयो ? ती कुराहरूमा बढी ध्यान दिइन्छ ।
- भाषिक मूल्याङ्कनमा भाषिक सक्षमताको विकासका लागि भाषिक सामर्थ्य र सम्पादनको पक्षको विकासमा जोड दिने मूल्याङ्कनका साधनको उपयोग गरिन्छ ।

### नेपाली भाषाशिक्षण र मूल्याङ्कन

नेपाली भाषाशिक्षणमा पहिलो, दोस्रो भाषाभाषीका लागि यस अर्थमा निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनको उपयोग गरिनु राम्रो हुन्छ ।

#### (क)पहिलो भाषाको रूपमा नेपाली भाषाशिक्षणमा मूल्याङ्कन किन ?

- भाषामा रहेका सामाजिक तथा क्षेत्रीय विचलनबाट उत्पन्न हुने त्रुटिहरूको पहिचान गरी निराकरण गर्न,
- स्तरीय र मानक शब्दभण्डारका आधारमा वाक्यनिर्माण क्षमता विकास गर्न,
- दैनिक प्रयोगका सामग्री (चिठी, दैनिकी, निवेदन, प्रतिवेदन) आदिको लेखन शिल्पको विकास गर्न,
- छलफल, संवाद, वादविवाद आदिमा सहभागी हुने क्षमताको विकास गर्न,
- स्तरीय र वर्णविन्यासगत रूपमा शुद्ध लेख्न र लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न,

- सिर्जनात्मक अनुभूतिलाई मौखिक तथा लिखित रूपमा प्रस्तुत गर्न ।

**(ख) दोस्रो भाषाको रूपमा नेपाली भाषाशिक्षणमा मूल्याङ्कन किन ?**

- भाषिक पृष्ठभूमिअनुसार विद्यार्थीमा देखिने वैयक्तिक समस्याको अभिलेखीकरण गरी निराकरण गर्न,
- प्रत्यक्ष, संरचनात्मक तथा संज्ञानात्मक विधिको प्रयोग गर्न,
- श्रव्यदृश्य सामग्री र मल्टिमिडियाको उपयोग गर्न,
- उच्चारणगत, व्याकरणगत र वर्णविन्यासगत त्रुटिहरूको पहिचान गरी तिनीहरूको कारण पत्ता लगाई निराकरण गर्न,
- अभ्यासात्मक कार्य (प्रस्तुतीकरण, अभ्यास र उत्पादन) लाई प्रभावकारी बनाउन ।

**(ग) विभिन्न भाषिक सीप विकासमा मूल्याङ्कनको उपयोग**

**(अ) सुनाइ**

वक्ताको बोलाइको गति, विषयवस्तु र शब्दभण्डारको सीमा, पहिलो तथा दोस्रो भाषाको भाषिक क्षमता, वातावरणगत भिन्नता र अनौपचारिक भाषालाई सुनाइका समस्याका रूपमा लिइन्छ । यसको निराकरणात्मक मूल्याङ्कनका लागि शिक्षकले सुनाइको उद्देश्य निर्धारण तथा सुनाइ योजना र तयारीमा ध्यान दिनुपर्छ । शिक्षकले सुनाइ सीपका मूल्याङ्कनमा सुनाइ शिक्षणपूर्व सामग्रीचयन, मूल्याङ्कन, प्रश्ननिर्माण, सुनाइवातावरणको निर्माण र सुनाइको प्रयोजनसम्बन्धी निर्देशन दिने पक्षमा ध्यान दिनुपर्छ । सुनाइ सामग्रीको प्रस्तुति र अवलोकनपछि सुनाइ क्षमताको मूल्याङ्कन गरी समस्या पहिचान ग्रेरर तत्काल पृष्ठपोषण गर्नुपर्छ । यसका लागि व्यक्तिगत अवलोकन र समूहकार्यमा विद्यार्थी सहभागिता र क्रियाकलापहरूको प्रयोग क्षमताको प्रदर्शन आदि मुख्य मूल्याङ्कन प्रविधिका रूपमा उपयोग गर्न सकिन्छ ।

**(आ) बोलाइ**

बोलाइ सुनाइमा आधारित मौखिक अभिव्यक्ति हो । प्रतिकूल भाषिक वातावरण, मानसिक संवेग, कमजोर शारीरिक अवस्था, बोलाइमा बेवास्ता तथा भाषिक अनुभवको भिन्नता आदि बोलाइ सीप विकास बाधक तत्व हुन् । यसका लागि निराकरणात्मक/सुधारात्मक मूल्याङ्कनमा शिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्छ । बोलाइ क्रियाकलाप गराउनुपूर्व नै बोलाइका लागि विषयवस्तु चयन, विषयवस्तुको उद्देश्य निर्धारण र बोलाइ वातावरण निर्माणमा ध्यान दिनु पनि शिक्षकका लागि त्यत्तिकै महत्वपूर्ण विषय मानिन्छ । छलफलमा सहभागिता, भूमिका अभिनय र प्रदर्शन क्षमता, व्यक्तिगत र सामूहिक अभिलेख र प्रयोगात्मक सीपको क्षमता पनि बोलाइ सीप परीक्षणका मूल्याङ्कन प्रविधि हुन् ।

**(इ) पढाइ**

पढाइ सीप वर्ण, शब्द र वाक्यको चिनारी र उच्चारणसँग सम्बन्धित सीप हो । वर्ण चिन्ने, शब्द चिन्ने, गति, यति र हाउभाउ मिलाउने, शब्दार्थ बुझ्ने, वाक्यको सम्बन्ध र व्याकरण बुझ्ने, शैली संरचना र सङ्गठन बुझ्ने, सूचना र ज्ञान प्राप्ति गर्ने आदिलाई पढाइका विभिन्न तहका रूपमा लिन सकिन्छ । मनोरञ्जनात्मक, बोधात्मक र समीक्षात्मक गरी पढाइको स्वरूपलाई तीन चरणका रूपमा पनि लिइन्छ ।

मौनपठन र सस्वरपठनका रूपमा पढाइ क्रियाकलाप गरी मूल्याङ्कन गर्नुपूर्व पढाइ वातावरण निर्माण, पढाइ सामग्री चयन, सस्वर/मौन पठनसम्बन्धी निर्देशन, गति, यति, लय, आघात र स्वर प्रसारण जस्ता पक्षमा शिक्षकले तयारी गर्नुपर्छ । यस्तै पढाइका विभिन्न पक्षको मूल्याङ्कन अभिलेख राख्न आवश्यक विभिन्न पक्ष खुलेको अवलोकन फारम समेत निर्माण गर्नुपर्छ । पढाइको मूल्याङ्कन गर्दा पढाइपूर्व, पढाइका क्रममा र पढाइपछि बोलाइका लागि उपयोग गरिएका तरिका पनि अपनाउनुपर्छ । पढाइ सीप मूल्याङ्कनका प्रक्रिया यिनै हुन् ।

**(ई) लेखाइ**

लेखाइ भाषिक सीप विकासको उपल्लो तह हो । वर्ण, शब्द र पाठको सफा र स्पष्ट लेखन, वर्णविन्यास र लेख्यचिह्नको उपयुक्त प्रयोग, विचार सङ्गठनको उपयुक्त प्रस्तुति लेखाइका आवश्यक पक्ष हुने । यी आधारभूत पक्षको विकासमा लेखाइको विषयवस्तु चयन, लेखाइको उदेश्य निर्धारण, विद्यार्थीको रुचिको प्रतिनिधित्व, लेखाइ वातावरण निर्माण, लेखाइमा विद्यार्थी सहभागिता निर्धारण, लेखाइको प्रत्यक्ष अवलोकन र मूल्याङ्कन, लेखाइको टिप्पणी र आवश्यक पृष्ठपोषणलाई मूल्याङ्कन क्रियाकलापका रूपमा उपयोग गर्नुपर्छ । लेखाइकार्यको मूल्याङ्कन, व्यक्तिगत अवलोकन, व्यक्तिगत रूपमा विद्यार्थीले प्रदर्शन गर्ने लेखाइ क्षमताको वैयक्तिक मूल्याङ्कन अवलोकन, युगल तथा सामूहिक कार्यमा सहभागिता र प्रयोगात्मक कार्य प्रदर्शनलाई लेखाइ सीपको मूल्याङ्कन प्रविधिको रूपमा उपयोग गर्नुपर्छ ।

**भाषिक मूल्याङ्कन प्रचलित साधनहरू**

(क) मौखिक जाँच (ख) लिखित जाँच (ग) पर्यवेक्षण

(क) **मौखिक जाच** : भाषिक सीप विकासका सन्दर्भमा सुनाइ र बोलाइ सीपअन्तर्गतका श्रुतिबोध, वर्ण, शब्द तथा वाक्य विभेदीकरण, उच्चारण, मौखिक अभिव्यक्ति, रूपका विभिन्न विधा र लयबोध आदिको मूल्याङ्कनका लागि मौखिक जाँच लिइन्छ ।

(ख) **लिखित जाच** : स्वतन्त्र र सिर्जनात्मक अभिव्यक्ति सीपको साथै विशेषतः पढाइ र लेखाइ सीपको मूल्याङ्कन गर्न लिखित जाँचको उपयोग गरिन्छ । यसबाट पठनबोध, भावार्थ, व्याख्या सारांश, लिखित रचना, भाषातत्वजस्ता पक्षको मूल्याङ्कन गर्न सकिन्छ । लिखित जाँचका लागि वस्तुगत जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीकबेठीक छुट्याउने, बहुवैकल्पिक र विषयगत विवेचनात्मक, सङ्क्षिप्त उत्तरात्मक, बोधात्मक, सार खिच्ने, व्याख्यात्मक, सूचनात्मक, समीक्षात्मक, विशेषणात्मक आदि) प्रश्नहरूको प्रयोग गर्नुपर्छ ।

(ग) **पर्यवेक्षण** : लिखित तथा मौखिक परीक्षाले मूल्याङ्कन गर्न नसकिने, दैनिक क्रियाकलापमा हुने भाषिक सम्पादन, प्रसङ्ग, वक्ता, श्रोता र त्यसअनुरूपको अन्तर्क्रिया, हाउभाउ, चेष्टा भावभङ्गीकृत कुराकानी, छलफल, वादविवाद, नाटकीकरण आदि मौखिक क्रियाकलाप वा व्यवहार र आचरणका क्षेत्रहरूको आँकलन गर्न पर्यवेक्षण गरिन्छ । वस्तुगत अभिलेख राख्न पर्यवेक्षणमा निम्नानुसारका अवलोकन पुस्तिकासमेत राख्न सकिन्छ ।

१. **जाँच सूची** : जाँचसूचीमा पर्यवेक्षण गर्नुपर्ने मुख्य बुँदा र तिनका विकल्प उत्तरको सङ्केत राखिन्छ । आवश्यकताअनुसार चिनो लगाई मूल्याङ्कन गरिन्छ :

## जाँच सूचीको नमुना

विद्यालय :

विद्यार्थीको नाम :

| क्र.सं | व्यवहार / आचरणका क्षेत्रहरू | अति उत्तम | उत्तम | मध्यम | सामान्य | निम्न | निम्नतर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको व्यक्तित्व<br>(क) स्पष्ट बोल्ने<br>(ख) बोलाइका लागि शब्द चयनमा ध्यान दिने<br>(ग) छलफलमा भाग लिने<br>(घ) पढाइमा रूचि राख्ने<br>(ङ) कक्षाकार्यमा सक्रियता देखाउने<br>(च) भाषिक क्रियाकलापमा उत्सुक हुने<br>(छ) ...... प्रश्नलाई बुझेर प्रश्नोत्तरका रूपमा मौखिक तथा लिखित अभिव्यक्ति गर्न सक्ने । | | | | | | | |
| २. | विद्यालय क्रियाकलाप<br>(क) नियमित<br>(ख) अनुशासित<br>(ग) लगनशील<br>(घ) मिलनसार<br>(ङ) ...... | | | | | | | |

जाँच सूचीमा आवश्यकताअनुसार विविध विषय समेटन सकिन्छ ।

२. **श्रेणीमापन** : पर्यवेक्षण गर्न खोजिएका विशेष पक्षमा विद्यार्थीको सीप, धारणा तथा सुझावको श्रेणी वा स्तर खुल्ने गरी बनाइने पर्यवेक्षण साधन श्रेणी मापन हो । श्रेणीमापन विभिन्न क्रियकलापसँग सम्बन्धित हुन्छ ।

## श्रेणी मापनको नमुना

विद्यालय :

विद्यार्थीको नाम :

| क्र.सं. | मापनीय पक्ष | श्रेणी | | | |
|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अत्युत्तम |
| १. | उच्चारण क्षमता | | | | |
| २. | सस्वरवाचन | | | | |
| ३. | शब्दार्थ ज्ञान | | | | |
| ४. | पठनमा लय, हाउभाउ गति | | | | |
| ५. | .......... | | | | |

यसर्थ भाषिक मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा यी विभिन्न साधनको सापेक्ष उपयोग गर्नुपर्ने कुरामा भाषा शिक्षक सदैव सचेत हुनुपर्छ ।

### (घ) नेपाली विषयमा समावेशी मूल्याङ्कन

एकै कक्षामा पढ्ने विद्यार्थीहरू समानस्तरका हुँदैनन् । विद्यार्थीको भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि परिवेश भिन्नभिन्न हुन्छ । विद्यार्थीको पारिवारिक पृष्ठभूमि पनि भिन्नभिन्न हुने भएकाले

एउटै कक्षामा पिछडिएका, दलित, शारीरिक र मानसिक रूपमा अशक्त र लैङ्गिक विभेद भएका विद्यार्थी हुन सक्छन् । यी सबै विद्यार्थीको सिकाइउपलब्धिको मूल्याङ्कनमा औसत तौरतरिकाको प्रयोग उपयोगी नहुन सक्छ । भाषिक मूल्याङ्कन गर्दा प्रधानाध्यापक र विषयशिक्षकले यस विभिन्न परिवेशका विद्यार्थीलाई समावेशी प्रकृतिको मूल्याङ्कन गर्ने कुरामा ध्यान दिनुपर्छ । समावेशी मूल्याङ्कनमा विशेषतः निम्नलिखित पक्षको मूल्याङ्कन समेटिन्छ :

- विद्यार्थीको सक्षमता पक्ष
- विद्यार्थीको रुचि पक्ष
- विद्यार्थीको आवश्यकता पक्ष
- पाठ्यक्रमको उपयोगिताको पक्ष

भाषिक मूल्याङ्कनका क्रममा समावेशी मूल्याङ्कन गर्दा निम्नानुसारका उपायहरूमा ध्यान पुऱ्याउनु आवश्यक छ :

**१. शारीरिक रूपमा अपाङ्ग विद्यार्थीका लागि**

- हात नभएका विद्यार्थीलाई खुट्टाले लेख्ने अभ्यास गराउने र लेख्न नसके त्यस्ता विद्यार्थीलाई मौखिक रूपमा मात्र मूल्याङ्कन गर्ने वा लेख्ने सहयोगीको व्यवस्था गर्ने ।
- आँखा नदेख्ने विद्यार्थीको मूल्याङ्कन मैखिक रूपमा गराउने र लिखित परीक्षा गराउँदा सहयोगीको व्यवस्था गर्ने । यस्तै श्रव्यसामग्री र स्पर्शसामग्रीको आवश्यकताअनुसार उपयोग गर्ने ।
- कान नसुन्ने र बोली नआउने विद्यार्थीका लागि साङ्केतिक भाषाको प्रयोग गर्ने (विशेषज्ञ शिक्षकको व्यवस्था गर्ने) र निर्देशनहरू लिखितरूपमा मात्र दिने ।

**२ सुस्तमनस्थिति भएका विद्यार्थीका लागि**

- सुस्तमनस्थिति भएका विद्यार्थीको सीप पक्ष (लेखन पक्ष) को मूल्याङ्कनमा जोड दिने ।
- यस्ता विद्यार्थीलाई पाठ्यक्रमका उद्देश्यका आधारमा भन्दा सक्षमता र रुचि पक्षका आधारमा मूल्याङ्कन गर्ने ।

**३. लैङ्गिक दृष्टिले ध्यान दिनुपर्ने विद्यार्थीका लागि**

- समाजमा छात्र वा छात्राको अवस्था पिछडिएको हुन सक्छ । छात्रा र पछि परेका समाजमा मूल्याङ्कनमा छात्रालाई विशेष ध्यान दिनुपर्छ भने छात्र पछि परेका ठाउँमा उनीहरूका लागि विशेष ध्यानको आवश्यकता पर्छ ।
- नेपाली समाजमा छात्राहरू छात्रको तुलनामा घरायसी काममा बढी व्यस्त हुने भएकाले उनीहरूलाई गृहकार्यभन्दा कक्षाकार्यमा बढी जोड दिनुपर्छ ।
- डर, धाक, लाज मान्ने दृष्टिमा पनि विशेष गरी छात्राहरूको मूल्याङ्कन गर्दा पर्यवेक्षणमा बढी जोड दिनुपर्छ ।

४. **धार्मिक, सांस्कृतिक, भाषिक विविधता भएका विद्यार्थीका लागि**

- मूल्याङ्कन गर्दा धार्मिक दृष्टिले असर पर्ने क्रियाकलाप र धार्मिक समस्या पर्ने खालका प्रश्नहरू (जस्तै : धर्मका विशेषता लेख्नुहोस्) समावेश गर्नुहुँदैन । धर्म संस्कृतिसँग सम्बन्धित प्रश्न सोध्नैपरे समानुपातिक ढङ्गले प्रश्न निमार्ण गर्नुपर्छ । (जस्तै : तपाईंले मान्ने धर्मका विशेषता लेख्नुहोस् ।)
- मातृभाषा नेपाली भएका विद्यार्थी र दोस्रो भाषाको रूपमा नेपाली सिक्ने विद्यार्थीको सिकाइ क्षमता भिन्नभिन्न हुने भएकाले पहिलो भाषाका सिकाइ क्षमता सम्बद्ध प्रश्नहरूमा दोस्रो भाषिको लागि विकल्प दिनुपर्छ । यस्तो अवस्थमा निर्माणात्मक मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्छ ।

५. **जातिगत विविधता भएका विद्यार्थीका लागि**

- कक्षामा दलित र गैरदलित विद्यार्थी भएमा दलितलाई असर पर्ने क्रियाकलाप, शव्द तथा उखानटुक्काको प्रयोग र मूल्याङ्कन साधनको उपयोग गरिनु हुन्न ।
- एउटा जातिलाई उक्साउने र अर्को जातिलाई होच्याउने प्रकृतिका (अभिव्यक्तिको प्रयोग, भाषिक अभ्यास तथा क्रियाकलाप) प्रश्ननिर्माणमा गरिनुहुन्छन् ।
- विद्यार्थीको भाषिक मूल्याङ्कनका क्रममा विद्यार्थीले देखेजानेका विषयवस्तुको वर्णनसँग सम्बद्ध लिखित तथा मौखिक क्रियाकलाप गराउँदा स्थानीय क्षेत्रका सम्पदाको वर्णनमा जोड दिनुपर्छ । (उदाहरणार्थ सुदूर पश्चिमका विद्यार्थीलाई चियाखेतीको वर्णन अनुपयुक्त हुन सक्छ ।)
- चाडपर्व, रीतिरिवाज, खानपान, धर्म, संस्कृति आदिको वर्णन सम्वद्ध मूल्याङ्कन साधन बनाउनुपरे स्थानीय क्षेत्रलाई प्राथमिकता दिनुपर्छ ।

### (ङ) नेपाली भाषा विषयमा जीवनोपयोगी सीपका आधारमा गरिने मूल्याङ्कन

नेपाली विषयका सन्दर्भमा जीवनोपयोगी सीप भनेको भाषिक सामर्थ्य विकास, भाषिक सम्पादन र अभिव्यक्तिको सञ्चार भन्ने बुझिन्छ । भाषिक सामर्थ्य अन्तर्गत भषाका संरचना बोधबाट भाषिक सीप विकास गर्नु हो भने भाषिक सम्पादन सुनेर र पढेर बुझेका कुरा बोलेर लेखेर अभिव्यक्त गर्नु हो । भाषिक सञ्चार भन्नाले चाहिँ भाषाको सिकाइ र भाषिक क्षमताको प्रदान बुझिन्छ ।

नेपाली भाषामा जीवनपयोगी सीपका आधारमा गरिने मूल्याङ्कनमा विद्यार्थीका बौद्धिकता (ज्ञान) का निम्नलिखित पक्षको मूल्याङ्कन गरिन्छ :

**तार्किक र गणितीय पक्ष** : यसमा अमूर्त पक्षको बोध गरे नगरेको तार्किक शिल्प प्रयोग गरे नगरेको, घटना वर्णन, धारणाको वर्गीकरण तथा सूचीकरण गरे नगरेको मूल्याङ्कन गरिन्छ । यसको मुख्य साधन पर्यवेक्षण हो ।

**दृश्यात्मक पक्ष** : यसमा विद्यार्थीले देखेजानेका विषयवस्तुको बोध गरी मानसिक बिम्ब तयार गरेनगरेको परीक्षण गरिन्छ ।

**शारीरिक पक्ष** : यसमा विद्यार्थीले गरेर, कहीँ गएर, हेरेर वा छोएर भाषिक सीप विकास गर्नुपर्ने पक्षको मूल्याङ्कन गरिन्छ ।

**साङ्गीतिक लयात्मक पक्ष** : यसमा विद्यार्थीले बोलाइमा सिकेका लय, आघात, गति, थेगो आदिको प्रयोगसहितको कथ्य र लेख्यभाषाको प्रयोग गरेनगरेको मूल्याङ्कन गरिन्छ ।

**अन्तवैयत्तिक पक्ष** यसमा युगलकार्य, परियोजनाकार्य, समस्या समाधान जुन क्रियाकलापमा विद्यार्थीले अर्को विद्यार्थीको मनस्थिति, अभिप्रेरणा र आकाङ्क्षा बुझ्ने नबुझ्केको र त्यससम्बन्धी क्षमता विकास भएनभएको मूल्याङ्कन गरिन्छ ।

**वैयक्तिक पक्ष** : यसमा विद्यार्थीले गृहकार्य, कक्षाकार्य, आदि गर्दा आत्मक्षमताको बोध गरे नगरेको, आत्मअनुशासनको अभ्यास गरेनगरेको र आत्ममूल्याङ्कन गरेनगरेको परीक्षण गरिन्छ ।

**मौखिक/भाषिक पक्ष** : यसमा विद्यार्थीले कथावाचन, वादविवाद, कविता वाचन आदिमा भाषाको प्रभावकारी र सिर्जनात्मक प्रयोग गरे नगरेको पक्षको मूल्याङ्कन गरिन्छ ।

## ६. आत्मप्रतिबिम्बन

सहयोगी मित्र ! यस सत्रको अध्ययनपश्चात् तपाईंले सिकेका मुख्य नयाँ कुराहरू लेख्नुहोस् ।

# एकाइ - एघार

१. **शीर्षक** : सहभागितामूलक मूल्याङ्कन

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) सहभागितामूलक मूल्याङ्कनको परिचय दिन

(ख) सहभागितामूलक मूल्याङ्कनमा पृष्ठपोषण प्रणाली प्रक्रिया बताउन

(ग) भाषाशिक्षणमा परियोजना कार्य गर्न

(घ) नेपाली भाषाशिक्षणमा सहभागितामूलक मूल्याङ्कनको प्रयोग गर्न

३. **विषयवस्तु**

(क) सहभागितामूलक मूल्याङ्कनको परिचय

(ख) सहभागितामूलक मूल्याङ्कनमा पृष्ठपोषण

(ग) परियोजना कार्य

(घ) नेपाली भाषाशिक्षणमा सहभागितामूलक मूल्याङ्कनको प्रयोग

४. **पूर्वसिकाइ अवधारणा**

तपाईंले आफ्नो विद्यालयमा नेपाली भाषाशिक्षणको क्रममा कुनै सहभागितामूलक मूल्याङ्कनको कार्य गराउनुभएको छ ? आफ्नो डायरीमा टिपोट गरी राख्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण**

**(क) सहभागितामूलक मूल्याङ्कन परिचय**

विद्यालयमा भर्ना भएका विद्यार्थीको शिक्षणसिकाइसँग सरोकार राख्ने सम्पूर्ण निकायको आपसी सम्पर्क, समझदारी र समन्वय गरी विद्यार्थीको शिक्षणसिकाइ कार्यमा सुधार गर्न सघाउ पुऱ्याउने मूल्याङ्कन पद्धतिलाई सहभागितामूलक मूल्याङ्कन भनिन्छ । सहभागितामूलक मूल्याङ्कनबाट विद्यार्थीको प्रगतिको सही लेखाजोखा राख्न सकिन्छ र विद्यार्थीको सिकाइमा आएका बाधकतत्त्वलाई समयमै निराकरण गरी उसको सिकाइ वातावरणमा सुधार गरी सिक्ने कार्यमा सहजता प्रदान गर्न सकिन्छ । सहभागितामूलक मूल्याङ्कन पद्धतिबाट निर्माणात्मक कार्यमा मात्र सघाउ पुऱ्याउँदैन कि यस प्रक्रियाबाट निरन्तर मूल्याङ्कन गर्दा निर्णयात्मक मूल्याङ्कनलाई पनि ठूलो सहयोग पुऱ्याउँदछ । नेपालको शैक्षिक मूल्याङ्कनको इतिहास केलाउने हो भने परम्परागत शिक्षा प्रणालीमा विद्यालयका शिक्षक वा प्रधानाध्यापकमात्र विद्यार्थीको मूल्याङ्कनकर्ता हो भन्ने अवधारणा रहेको पाइन्छ । तर एकल मूल्याङ्कन पद्धतिको नतिजा न्यायपूर्ण, औचित्यपूर्ण र विश्वसनीय हुन नसक्ने सम्भावना भएकाले सही, तथ्यगत, न्यायोचित र प्रभावकारी मूल्याङ्कनका लागि हिजोआज सहभागितामूलक मूल्याङ्कन अवधारणाको विकास भएको हो ।

सहभागितामूलक मूल्याङ्कनमा विद्यार्थी अभिभावक, शिक्षक, प्रधानाध्यापक, विद्यालयसँग सरोकार राख्ने सङ्घसंस्था र समुदायसमेत पर्दछन् । यिनीहरूमध्ये प्रत्यक्ष भूमिकामा भने विद्यार्थी, विषयशिक्षकहरू, अभिभावक तथा प्रधानाध्यापक पर्दछन् । विद्यार्थीको सिकायसँग सरोकार राख्ने यी सबै पक्ष तथा निकायले विद्यार्थी मूल्याङ्कनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विविध भूमिकाहरू

निर्वाह गरेको पाइन्छ । कुनै पनि विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सहभागितामूलक मूल्याङ्कन कार्यमा विभिन्न भूमिकाहरू दिएर निम्नलिखित सहभागीहरूको उपयोग गर्न सकिन्छ ।

**(ख) सहभागितामूलक मूल्याङ्कनमा सहभागी हुने निकायहरू**

**१. शिक्षक**

शिक्षक सहभागितामूलक मूल्याङ्कनका मुख्य कडी हुन् । विद्यार्थीले विद्यालयमा पठनपानका सिलसिलामा प्राप्त गरेका उपलब्धिदेखि लिएर विद्यार्थीले विद्यालयमा प्रदर्शन गर्ने विधिव्यवहारका सूचना, तथ्याङ्क आदिको अभिलेख राख्ने, तत्काल पृष्ठपोषण दिने कार्य शिक्षकबाट हुने गर्दछ । यसका साथै विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनका अभिलेख तयार गर्नेदेखि लिएर निर्णयात्मक मूल्याङ्कनको आधार तयार पार्ने काम शिक्षक वा विषयशिक्षकले गरेका हुन्छन् । यस अर्थमा शिक्षकलाई सहभागितामूलक मूल्याङ्कनका एक महत्वपूर्ण अङ्गका रूपमा लिइन्छ । सहभागितामूलक विद्यार्थी मूल्याङ्कनका सिलसिलामा शिक्षकले मुख्यतया निम्नलिखित कार्यहरू सम्पादन गरेका हुन्छन् ।

(क) निर्माणात्मक मूल्याङ्कनका साधन प्रयोग गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउने,

(ख) विद्यार्थीको स्वमूल्याङ्कन कार्यमा सहजीकरण गर्ने,

(ग) अभिभावकसँग सम्पर्क, छलफल, भेला आयोजना गर्ने र संयुक्त सहभागितामा सुधारात्मक कार्य गर्ने,

(घ) मूल्याङ्कनसम्बन्धी निरन्तर मूल्याङ्कनको प्रगतिविवरण दिने र अभिलेख अद्यावधिक राख्ने,

(ङ) निर्णयात्मक मूल्याङ्कनका लागि आवश्यक मूल्याङ्कन सम्बन्धी प्रतिवेदन दिने ।

**२. अभिभावक**

सहभागितामूलक मूल्याङ्कन कार्यका लागि अर्को महत्वपूर्ण अङ्गमा अभिभावक पर्दछन् । विद्यालयमा मात्र शिक्षकले गरेका प्रयास र अभ्यासबाट विद्यार्थीको ऐच्छिक प्रगति हुन सक्छ भन्न सकिदैन । यदि शिक्षक तथा अभिभावक र विद्यार्थीको सहभागिता भएमा विद्यार्थीको ऐच्छिक प्रगति र सुधारमा ठूलो फड्को मार्न सकिन्छ । त्यसैले विद्यार्थीले घरमा गृहकार्य गरेनगरेको जानकारी दिने, विद्यार्थीको रुचि, आवश्यकता र चाहनाका बारेमा सूचना दिने, उसका सिकाइ र व्यवहारमा आएका परिवर्तनबारे जानकारी दिने, विद्यालयमा विद्यार्थीले गरेका प्रगतिबारे जानकारी राखेर शिक्षणसिकाइका लागि घरमा उपयुक्त वातावरणको निर्माण गरी विद्यार्थी मूल्याङ्कनमा अभिभावकले ठूलो सहभागिता तथा भूमिका निर्वाह गर्न सक्दछन् । विद्यार्थीको सहभागितामूलक मूल्याङ्कन कार्यमा अभिभावकबाट निम्नलिखित कार्य गरेर सहयोग पुऱ्याउन सक्दछन् :

(क) नियमितरूपमा विद्यालय गई शिक्षक, प्रधानाध्यापक तथा विद्यार्थीसँग सम्पर्क राखी प्रगतिबारे जानकारी लिएर,

(ख) विद्यार्थीका घरायसी गतिविधि, गृहकार्यमा संलग्नता, सिकाइ व्यवहारमा आएको परिवर्तनबारे जानकारी दिएर,

(ग) विद्यालयले बोलाएको समयमा विद्यालयमा गई विद्यार्थीको प्रगति र विद्यालयका विविध कार्यक्रममा सक्रिय भूमिका निर्वाह गरेर,

(घ) विद्यालयले अपेक्षा गरेअनुसार घरमा उपयुक्त वातावरणको निर्माण गरी शिक्षणसिकाइमा सहयोग पुऱ्याएर,

(ङ) विद्यार्थीका समस्याग्रस्त क्षेत्रउपर संवेदनशील भई सहयोगीको भूमिका निर्वाह गरेर ।

**३. विद्यार्थी सहभागिता**

विद्यार्थीहरूको आफ्नो मूल्याङ्कनका लागि स्वयम् उनीहरूलाई सहभागी गराई स्वमूल्याङ्कन प्रक्रियाद्वारा शिक्षणसिकाइमा सुधार ल्याउन सकिन्छ । विद्यार्थीलाई स्वमूल्याङ्कन गर्ने कार्यमा शिक्षकले जाँचसूचीका प्रश्नहरू निर्माण गरी मूल्याङ्कन प्रक्रियाबारे सहजीकरण भने गर्नुपर्ने हुन्छ । यसबाहेक विद्यालयबाट उनीहरूको प्रगतिबारे दिइने प्रगतिविवरणले पनि कमजोर विद्यार्थीलाई आफ्नो मिहिनत गर्नुपर्ने विषयवस्तु तथा क्षेत्रबारे पहिचान गर्न सजिलो पर्छ र आफ्ना कमजोरीहरू हटाई सुधारका लागि प्रयत्न गर्दछ । त्यसैगरी राम्रो नतिजा ल्याएका विद्यार्थीमा अझ थप अध्ययन गर्ने उत्प्रेरणा प्राप्त हुन्छ । विद्यार्थीको मूल्याङ्कनमा उनीहरूको आफ्नै भूमिका यसप्रकार हुन सक्छ :

१. स्वमूल्याङ्कन कार्यमा सक्रिय भई आफ्ना कमजोरी पहिल्याई आफैँमा सुधार ल्याउन,
२. शिक्षणसिकाइका क्रममा आएका समस्याबारे शिक्षक तथा अभिभावकसँग छलफल गर्न,
३. विद्यालयका मूल्याङ्कनसम्बन्धी गतिविधि तथा क्रियाकलापमा सहभागी हुन,
४. विद्यालयबाट प्राप्त गर्ने प्रगतिविवरणको विश्लेषण गर्न,
५. मूल्याङ्कनबाट पृष्ठपोषणलाई आत्मसात गरी सिकाइ व्यवहारमा परिवर्तन ल्याउन आदि ।

**४. प्रधानाध्यापक र सहभागितामूलक मूल्याङ्कन**

विद्यार्थी मूल्याङ्कनमा प्रधानाध्यापकको अहम् भूमिका हुन्छ । विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन तथा निर्णयात्मक मूल्याङ्कनका लागि उपयुक्त वातावरण निर्माण गरी मूल्याङ्कनसम्बन्धी सम्पूर्ण कार्यको प्रशासनिक कार्यसम्पादन गर्ने काम प्रधानाध्यापकको हुन्छ । विद्यार्थीका प्रगतिबारे विद्यार्थी, शिक्षक, अभिभावक आदिबाट विविध किसिमका जानकारी, सूचना, प्रतिवेदन, तथ्यतथ्याङ्क आदिलाई उपयुक्त विश्लेषण गरेर निर्णयात्मक मूल्याङ्कनका लागि निर्णय लिने काम प्रधानाध्यापकले गर्दछन् । यसबाहेक विद्यार्थी तथा शिक्षकहरूलाई पृष्ठपोषण, सल्लाह, सुझाव, निर्देशन दिने कामदेखि लिएर अभिभावक तथा सम्बन्धित निकायहरूमा विद्यार्थी प्रगतिविवरण दिने, मूल्याङ्कन कार्यमा सुधार गर्नका लागि विभिन्न निकायबाट राय, सल्लाह, सुझाव माग्ने, प्राविधिक सहयोग उपलब्ध गराउने कार्यसमेत प्रधानाध्यापकबाट हुने गर्दछ । सहभागितामूलक मूल्याङ्कनमा प्रधानाध्यापकले यसप्रकारको भूमिका निर्वाह गरेको हुन्छ :

१. निरन्तर मूल्याङ्कनको अभिलेखीकरण गर्ने तथा शिक्षक, विद्यार्थीमा मूल्याङ्कनसम्बन्धी सुझाव, सल्लाह र निर्देशन दिने,
२. अभिभावकसँग सम्पर्क गरी विद्यार्थीको मूल्याङ्कन प्रक्रिया, प्रगतिबारे जानकारी आदानप्रदान गर्ने,
३. विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क राखी मूल्याङ्कन प्रक्रियाका बारेमा अन्तर्क्रिया गर्ने,
४. शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य निकायबाट आएका मूल्याङ्कनका विभिन्न सूचना तथ्य तथ्याङ्कको आधारमा निर्णयात्मक मूल्याङ्कनको नतिजा दिने,

५. विद्यालयको मूल्याङ्कन प्रणालीका बारेमा समुदायलाई जानकारी दिने र मूल्याङ्कन नतिजाहरूको प्रदर्शन गर्ने आदि ।

**(ङ) समुदाय**

सहभागितामूलक मूल्याङ्कनमा समुदायको भूमिकालाई पनि साथसाथै लिन सकिन्छ । समुदाय भन्नाले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, समाजका बुद्धिजीवी, शिक्षाप्रेमी, आदिलाई यहां उल्लेख गर्न खोजिएको छ । विद्यालयको मूल्याङ्कन प्रक्रियामा यिनीहरूलाई समेत सहभागी गराएर विद्यालयको पद्धतिमा सुधार ल्याई विद्यालयको गुणात्मक विकासमा सहयोग लिन सकिन्छ । विद्यालयको मूल्याङ्कन प्रणालीमा समुदायले यसप्रकार सहभागिता जनाउन सक्छन् :

१. विद्यालयले आमन्त्रण गरेका कार्यक्रममा भाग लिई सक्रिय भूमिका निर्वाह गरेर,
२. विद्यालय व्यवस्थापन समिति, अभिभावक सङ्घका बैठकमा मूल्याङ्कन प्रणालीमा सुधारका लागि सुझाव दिएर,
३. समाजका शिक्षाविद्हरूवाट मूल्याङ्कनसम्बन्धी प्राविधिक सहायता लिएर,
४. विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अन्य पदाधिकारीहरूका बारेमा चर्चा, परिचर्चा तथा मूल्याङ्कन गरी सुधारका लागि सुझावहरू दिएर,
५. विद्यालयले अवलम्बन गरेका मूल्याङ्कनसम्बन्धी नीतिगत पक्षमा समीक्षात्मक टिप्पणी गरेर आदि ।

यसरी विद्यालय तथा विद्यार्थीको शिक्षणसिकाइमा सुधार ल्याउने पक्षमा भाग लिने सबै पक्षवाट आएका क्रियाप्रतिक्रिया आदि सबैलाई समेटेर सहभागितामूलक मूल्याङ्कन गर्न सकेमा विद्यालयको मूल्याङ्कन प्रणाली चुस्त र प्रभावकारी हुनुका साथै विद्यालयको गुणात्मक विकास हुने कुरामा कुनै दुईमत नहोला ।

**(ख) सहभागितामूलक मूल्याङ्कनमा पृष्ठपोषण प्रणाली**

सहभागितामूलक मूल्याङ्कन प्रणालीमा पृष्ठपोषणको महत्वपूर्ण भूमिका रहन्छ । मूल्याङ्कन प्रणालीका गुणलाई आत्मसात गर्दै मूल्याङ्कन गर्दा आएका समस्या, अप्ठ्यारा तथा त्रुटिहरूलाई एकपल्ट राम्ररी मनन तथा महसुस गरी अर्कोपल्ट त्यस्ता समस्या आउन नदिने प्रयास गर्नु तथा त्रुटिहरूलाई दोहरिन नदिने प्रयास गर्नु मूल्याङ्कन कार्यको पृष्ठपोषण प्राप्त गर्नु हो । विद्यालयले मूल्याङ्कन कार्यका लागि विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय, आदिको सहभागिता लिएको हुन्छ । ती विभिन्न निकायबाट सल्लाह, सुझाव, निर्देशन, प्राप्त गर्नुका अतिरिक्त मूल्याङ्कनसम्बन्धी विभिन्न सूचना, तथ्याङ्क तथा जानकारीहरू प्राप्त भएका हुन्छन् । अतः ती प्राप्त सम्पूर्ण जानकारी, सूचना तथा तथ्याङ्कहरूवाट आएका नतिजाहरूको विश्लेषण गरेर विभिन्न निकायबाट प्राप्त सुझाव, सल्लाह, निर्देशन तथा प्राविधिक सहयोगवाट पृष्ठपोषण प्राप्त गरी आगामी वर्षका लागि मूल्याङ्कनसम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्ने कार्य गर्नुपर्दछ । सहभागितामूलक मूल्याङ्कनवाट पृष्ठपोषण यसप्रकार लिन्छ सकिन्छ :

**(क) विद्यार्थीबाट पृष्ठपोषण**

सहभागितामूलक मूल्याङ्कन कार्यमा विद्यार्थीहरूबाट यसप्रकार पृष्ठपोषण प्राप्त गर्न सकिन्छ :

१. विद्यालयको समग्र मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने सुझाव माग गरेर,
२. परीक्षाका प्रश्नहरूका बारेमा कमीकमजोरीका बारेमा छलफल र अन्तर्क्रिया गरेर,
३. प्रश्नहरूको कठिनाइस्तर, परीक्षाव्यवस्थापन आदिका सम्बन्धमा जानकारी माग गरेर,
४. विद्यार्थी सुझाव पेटिकाको व्यवस्था गरेर,
५. विद्यालयका विभिन्न कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराएर आदि ।

**(ख) अभिभावकबाट पृष्ठपोषण**

सहभागीमूलक मूल्याङ्कनमा सुधार ल्याउन अभिभावकहरूबाट पनि पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । यसका लागि निम्नलिखित कार्यहरू सम्पन्न गर्न सकिन्छ :

१. अभिभावकहरूले दिएका सुझाव, सल्लाह र उपयुक्त निर्देशनलाई उपयोग गरेर,
२. अभिभावकलाई मूल्याङ्कन प्रक्रियामा सँगसँगै सहभागी गराई मूल्याङ्कनमा सुधार गरेर,
३. विद्यार्थीका डायरीमा मूल्याङ्कनसम्बन्धी अभिभावकहरूको टिप्पणीहरूको अध्ययन गरी मूल्याङ्कनमा सुधार गरेर आदि ।

**(ग) शिक्षकबाट पृष्ठपोषण**

शिक्षकबाट पनि सहभागितामूलक मूल्याङ्कनमा निम्नानुसार पृष्ठपोषण प्राप्त गर्न सकिन्छ:

१. प्रश्नपत्र लेखन, परीक्षा सञ्चालन, परीक्षा व्यवथापनमा भएका एकपल्टका कमी कमजोरीमा सुधार ल्याएर,
२. शिक्षकहरूले विद्यालयको मूल्याङ्कन प्रणालीमा देखा परेका समस्याहरूका बारेमा सचेत भइ समाधान गर्दै रहेर,
३. विद्यार्थीहरूको परीक्षामा नक्कल गर्ने बानी, चिट चोर्ने, अनावश्यक हल्ला गर्ने, परीक्षामा एकरूपता नहुने आदि परीक्षासम्बन्धी नकारात्मक विषयमा उठाएका विषयवस्तुलाई आगामी परीक्षाहरूमा सुधार गरेर
४. विद्यार्थीको निर्माणात्मक निरन्तर र निर्णयात्मक मूल्याङ्कनमा सुधार गर्नुपर्ने विषयमा आएका निष्कर्षलाई आगामी मूल्याङ्कन प्रणालीमा सुधार गर्दै लगेर आदि ।

**(घ) प्रधानाध्यापकबाट पृष्ठपोषण**

विद्यालयका प्रधानाध्यापकको सहभागितात्मक मूल्याङ्कन कार्यलाई पृष्ठपोषणका रूपमा लिई मूल्याङ्कनका साथै शिक्षणसिकाइमा सुधार ल्याउन सकिन्छ । त्यस्ता पृष्ठपोषण प्राप्त गर्न सकिने मूल्याङ्कनसम्बन्धी विषयवस्तुमा निम्नलिखित पर्दछन् :

१. प्रधानाध्यापकले दिएका मूल्याङ्कनसम्बन्धी नीति, नियम, निर्देशनलाई शिक्षकहरूले अवलम्बन गरी त्यसमा सुधार ल्याएर,
२. प्रधानाध्यापकको मूल्याङ्कन व्यवस्थापन र प्रशासनमा विद्यार्थी तथा शिक्षकले सहयोगीको भूमिका निर्वाह गरेर,
३. प्रधानाध्यापकका सल्लाह, सुझावलाई अभिभावकहरूले अवलम्बन गरी विद्यार्थी मूल्याङ्कनमा सहयोग पुऱ्याउँदै गएर,

४. शिक्षक, विद्यार्थी, समुदाय आदिबाट प्राप्त सुझाव तथा निर्देशनअनुरूप मूल्याङ्कन अभिलेख प्रधानाध्याकले राखेर र प्रदर्शित गरेर ।

**(ग) परियोजना कार्य**

**(अ) परिचय**

कुनै पनि निकायको उद्देश्य पूरा गर्नका लागि निश्चित समय, लागत र उपलब्धि तोकेर सञ्चालन गरिएको कार्यलाई परियोजना कार्य भनिन्छ । परियोजना अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका हुन्छन् । खासगरी शिक्षणसिकाइका क्षेत्रमा विषय शिक्षकले गर्नुपर्ने परियोजना कार्यहरू भने प्राय: अल्पकालीन स्वभावका हुन्छन् र मितिहरू अस्थायी प्रकृतिका हुन्छन् । शिक्षणसिकाइका क्षेत्रमा आएका समस्याहरूको समाधान गर्न निश्चित समय निर्धारण गरी त्यो अध्ययन, अनुसन्धान तथा खोज कार्यका लागि आवश्यक सामग्री जुटाइ कार्यक्रमबद्ध रूपमा समाधानका उपायहरू पत्ता लगाउनु परियोजना कार्यअन्तर्गत पर्दछ । विद्यालयमा शिक्षणसिकाइमा सुधार ल्याउने प्रकृतिको परियोजनामा निम्नलिखित विशेषताहरू हुन्छन् :

**(आ) विशेषता**

(क) परियोजना कार्यमा स्पष्ट उद्देश्य तोकिएको हुन्छ,

(ख) परियोजना कार्यमा निश्चित समयसीमा हुन्छ,

(ग) परियोजना कार्यमा प्राप्त हुने उपलब्धी तय गरिएको हुन्छ,

(घ) परियोजना कार्यमा सामूहिक जिम्मेवारी रहन्छ,

(ङ) परियोजना कार्यमा पूर्वनिर्धारित बजेट हुन्छ,

(च) परियोजना कार्यमा प्रयोग गरिने स्रोतसाधन स्पष्ट हुन्छ,

(छ) परियोजना कार्यमा सञ्चालनको निश्चित प्रक्रिया हुन्छ । परियोजना कार्य एकपछि अर्को क्रमश: गरिने कार्यका तहहरू हुन्छन् ।

(ज) परियोजना कार्यबाट नयाँ कुराको प्राप्ति हुन्छ ।

(झ) यसले मुख्यत: समस्याको पहिचान गरी समाधान गर्छ ।

**(इ) परियोजना कार्यचक्र**

कुनै पनि विद्यालयका विद्यार्थीहरू तथा प्रधानाध्यापकले परियोजना कार्यको तर्जुमा गर्दा सबभन्दा पहिला परियोजना कार्य गर्नुका आवश्यकताहरूको पहिचान गर्नुपर्छ । आवश्यकता पहिचानपछि समयसीमा निर्धारण, उद्देश्य निर्धारण र सो उद्देश्य परिपूर्तिका प्रक्रियाहरूको तर्जुमा गर्नुपर्दछ । त्यसपछि खोज, अनुसन्धान, अभ्यास तथा प्रयोगका लागि प्रयोगात्मक कार्य सञ्चालन गर्नुपर्छ । अन्तत: निष्कर्ष र सुझावसहित समग्र कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण दिने कार्यको सम्पादन गर्नुपर्ने हुन्छ ।

*(परियोजना कार्यसँग सम्बन्धित थप सामग्रीका लागि सक्षमतामा आधारित पहिलो मोडेल विद्यालयमा आधारित र दोस्रो मोडुल दूर शिक्षामा आधारित सामग्री अध्ययन गर्नुहोस् ।)*

भाषिक मूल्याङ्कन प्रक्रियाको सन्दर्भमा परियोजना कार्यको अहम् भूमिका रहेको तथ्य माथिका क्रियाकलापहरूले पुष्टि गरेको छ । भाषिक मूल्याङ्कन कार्यमा मूलतः निर्माणात्मक मूल्याङ्कन कार्यमा यसको अत्यधिक प्रयोग गर्न सकिन्छ । कक्षामा निर्माणात्मक मूल्याङ्कन कार्य सम्पन्न गरेपछि ती मूल्याङ्कनका नतिजाहरूले विद्यार्थीहरूको भाषिक सीप सिक्ने कार्यमा कुनकुन क्षेत्रमा समस्याहरू छन् भन्ने कुरा स्पष्ट पार्दछन् । अतः तिनै समस्यागत क्षेत्रको निर्माणात्मक मूल्याङ्कनबाट पहिचान गरिसकेपछि त्यही समस्यागत क्षेत्र वा विषयमा आधारित रहेर समस्या समाधानका लागि परियोजना कार्यको सञ्चालन गर्नुपर्दछ । अन्ततः उक्त परियोजना कार्यबाट आएको परिणाम वा निष्कर्षले निर्माणात्मक मूल्याङ्कनका अतिरिक्त निर्णयात्मक मूल्याङ्कन कार्यका लागि सरल, सहज र प्रभावकारी बनाउँदछ ।

**(घ) नेपाली भाषाशिक्षणमा सहभागितामूलक मूल्याङ्कन कार्यको उपयोग**

सहभागितामूलक मूल्याङ्कनले समग्र मूल्याङ्कन प्रक्रियालगायत शिक्षणसिकाइ कार्यमा केकसरी सहयोग पुऱ्याएको हुन्छ भन्ने सन्दर्भमा माथिल्ला अध्यायमा चर्चा भइसकेको छ । भाषाशिक्षण कार्यमा सहभागितामूलक मूल्याङ्कनका लागि निम्नलिखित कार्यहरू गरी सम्पादन गर्न सकिन्छ :

१. भाषिक मूल्याङ्कन कार्यको प्रगति विवरणबारे शिक्षकहरूमा छलफल गराई सल्लाह, सुझावहरू माग गरेर,
२. विद्यार्थीहरूको प्रगति विवरणहरू अभिभावकहरूलाई उपलब्ध गराई उनीहरूलाई बैठक, भेला, छलफल आदि कार्यक्रममा सहभागी गराएर र सहयोग माग गरेर,
३. अभिभावकसँग नियमित सम्पर्क राखेर,
४. मूल्याङ्कन प्रतिवेदन प्रधानाध्यापकलाई पेस गरी मूल्याङ्कनका सिलसिलामा आइपरेका समस्या उपर छलफल गरेर,
५. विद्यार्थी मूल्याङ्कनको प्रतिवेदन शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समितिमा पेस गरी उनीहरूबाट पृष्ठपोषण र सहयोगको माग गरेर
६. विद्यार्थीहरूलाई स्वमूल्याङ्कन गर्न लगाएर र मूल्याङ्कन प्रक्रियासम्बन्धी विद्यार्थीहरूसँग अन्तर्क्रिया गरेर र सुझाव माग गरेर,
७. विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा समुदायका प्रतिनिधिहरूका बीचमा संयुक्त छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी समग्र विद्यालयको मूल्याङ्कनमा सुधार ल्याउने प्रयास गरेर ।

**६. आत्मप्रतिबिम्बन**

यस सत्रमा अझै केही विषयवस्तु थप गर्नुपर्ने देख्नुहुन्छ ? त्यस्तो केही लागेको भए सुझाव बुँदागतरूपमा उल्लेख गरी सहयोग गर्नुहोस् ।

## एकाइ - एघार

**शीर्षक** : प्रश्ननिर्माण र उत्तरपुस्तिका परीक्षण

**उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) विषयवस्तुनिष्ठ मूल्याङ्कनका लागि प्रश्न निर्माण गर्न

(ख) वस्तुनिष्ठ मूल्याङ्कनका लागि प्रश्न निर्माण गर्न

(ग) आत्मबोधीकरण, समझदारी र सिर्जनात्मक उत्पादनका लागि प्रश्न निर्माण गर्न

(घ) नेपाली भाषाशिक्षणमा प्रश्ननिर्माणको उपयोग गर्न

(ङ) उत्तरपुस्तिका परीक्षणको विषयवस्तुनिष्ठ पद्धति अपनाई उत्तरपुस्तिका परीक्षण गर्न

(च) उत्तरपुस्तिका परीक्षणको वस्तुनिष्ठ पद्धति अपनाई उत्तरपुस्तिका परीक्षण गर्न

(छ) सामूहिक पद्धतिबाट उत्तरपुस्तिका परीक्षण गर्न

(ज) नेपाली भाषाको उत्तरपुस्तिका परीक्षणमा उपर्युक्त विधिहरूको प्रयोग गर्न

### ३. विषयवस्तु

(क) वस्तुनिष्ठताको परिचय

(ख) विषयवस्तुनिष्ठ प्रश्न निर्माण

(ग) वस्तुनिष्ठ प्रश्न निर्माण

(घ) आत्मबोधीकरण र सिर्जनात्मक प्रश्न निर्माण

(ङ) नेपाली भाषाशिक्षणमा प्रश्न निर्माण

(च) उत्तरपुस्तिका परीक्षणको विषयवस्तुनिष्ठ पद्धति अपनाई उत्तरपुस्तिका परीक्षण

(छ) उत्तरपुस्तिका परीक्षणको वस्तुनिष्ठ पद्धति अपनाई उत्तरपुस्तिका परीक्षण

(ज) सामूहिक पद्धतिबाट उत्तरपुस्तिका परीक्षण

(झ) नेपाली भाषाको उत्तरपुस्तिका परीक्षणमा उपर्युक्त विधिहरूको प्रयोग

### ४. पूर्वसिकाइ अवधारणा

सहभागी मित्र ! प्रश्ननिर्माण र उत्तरपुस्तिका परीक्षणसँग सम्बन्धित भई आफ्ना अनुभवहरू डायरीमा टिपोट गर्नुहोस् :

### ५. विषयवस्तुको प्रस्तुतीकरण

**(क) वस्तुनिष्ठताको परिचय**

वस्तुनिष्ठताको अर्थ पारस्परिक सहमति (Objectivity means interpersonal agreement) हो । विद्यार्थी उपलब्धिको मापन गर्न प्रयोग गरिने परीक्षाहरूमा जुनसुकै परीक्षकले उत्तरपुस्तिका परीक्षण गरे पनि एउटै अङ्क आउनु वस्तुनिष्ठतासँग सम्बन्धित छ ।

कुनै पनि विषयवस्तुको सही रूपमा मूल्याङ्कन गर्न वस्तुनिष्ठताको गुण हुनु अति आवश्यक छ । वस्तुनिष्ठताको अभावमा मूल्याङ्कनको विश्वसनीयता र वैधता प्राप्त गर्न असम्भव हुन्छ ।

विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरिने प्रश्नहरू मूलतः वस्तुनिष्ठ र विषयगत प्रकृतिका हुने गर्दछन् । यसमा विषयगत परीक्षामा विद्यार्थीलाई आफ्ना विचार व्यक्त गर्ने स्वतन्त्रता हुन्छ भने यता

परीक्षकलाई पनि आफ्नो विचारअनुसार अङ्कन गर्ने स्वतन्त्रता हुन्छ तर वस्तुगत परीक्षाका उत्तरहरू पूर्वनिर्धारित हुन्छन्, उत्तरपुस्तिका परीक्षणका निश्चित आधारहरू पहिले नै निर्धारण गरिएका हुन्छन् । यसका लागि जसले परीक्षण गरे पनि एउटै उत्तर आउने उत्तरकुञ्जिका हुने हुँदा यस्तो परीक्षालाई वस्तुनिष्ठ भनिएको छ । तर विषयगत परीक्षालाई पनि बढी से बढी वस्तुनिष्ठ बनाई मूल्याङ्कन कार्यमा एकरूपता ल्याउने प्रयास भने हुनु जरुरी छ ।

**(ख) विषयवस्तुनिष्ठ प्रश्न निर्माण**

विषयवस्तुनिष्ठ प्रश्नहरूमा पनि मूलत दुई किसिमका प्रश्नहरू निर्माण गरिन्छ ।

(क) निबन्धात्मक वा लामो उत्तर दिनुपर्ने प्रश्न

(ख) सङ्क्षिप्त उत्तरात्मक वा छोटो उत्तर दिनुपर्ने प्रश्न

(ग) वस्तुगत प्रश्न

*(प्रश्न निर्माणको विस्तृत जानकारीका लागि सक्षमतामा आधारित निम्नमाध्यमकि तथा माध्यमकि तहको विद्यालयमा आधारित प्रथम मोडल र दूरशिक्षामा आधारित दोस्रो मोडलका सामग्री अध्ययन गर्नुहोस् ।)*

**(ग) आत्मबोधीकरण समझदारी र सिर्जनात्मक उत्पादनका लागि प्रश्ननिर्माण**

हाम्रा विद्यालयहरूमा विशेष गरी किताबमुखी वा घोकाइमा आधारित प्रश्नहरू मात्र सोधिने गर्दछ । यस्ता प्रश्नहरूले विद्यार्थीहरूको आत्मबोधीकरण तथा सिर्जनात्मक क्षमताको विकास गर्न सकियो वा सकिएन भन्ने कुरालाई प्रस्ट पार्न सक्दैन । शिक्षणसिकाइको अर्थ किताबी ज्ञानमा मात्र सीमित राख्नु होइन यसले त विद्यार्थीको चौतर्फी वा सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनुपर्दछ । विद्यार्थीलाई आफूले सिकेको कुरामा आत्मबोध गराउनु र सिकेका ज्ञान, सीप, अवधारणाका माध्यमद्वारा नयां कुराको सिर्जनामा उत्प्रेरित गराउनु पनि शैक्षिक उद्देश्य हो । यस अर्थमा विद्यार्थीको आत्मबोधीकरण क्षमताको विकास र सिर्जनशील प्रतिभाको प्रस्फुटन गराउने खालका प्रश्नलाई पनि मूल्याङ्कनमा समावेश गरिनु अति आवश्यक हुन आउँछ ।

विद्यार्थीहरूलाई आत्मबोधीकरण, विश्लेषणात्मक तथा सिर्जनात्मक उत्पादन हुने खालका प्रश्न सोध्दा निम्नलिखित फाइदाहरू हुने गर्दछ :

१. विद्यार्थीमा कुनै पनि विषयवस्तुमा नयाँ ढङ्गले सोच्ने बानीको विकास हुन्छ,
२. प्रश्नको गहनतालाई अध्ययन गर्ने र सूक्ष्म विश्लेषण गर्ने क्षमताको विकास हुन्छ,
३. विद्यार्थीको सोचाइ र तार्किक क्षमताको विकास हुन्छ,
४. विद्यार्थीको स्वतन्त्र विचार र मौलिकता झल्काउन सकिन्छ,
५. घोक्ने, कण्ठ गर्ने बानीलाई निरूत्साहित गर्न सकिन्छ,
६. समस्या समाधान गर्ने मौलिक क्षमताको विकास हुन्छ,
७. सिकेका ज्ञान, सीप, अवधारणालाई आफ्नो जीवनपद्धतिमा उपयोग गर्न सहज बनाउँदछ ।

आत्मबोधीकरण तथा सिर्जनशील क्षमताको विकास गर्ने प्रश्ननिर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू :

१. विद्यार्थीले सिकेको ज्ञान, सीप र अवधारणालाई प्रयोग गरी नवीन कारण दिने खालका प्रश्ननिर्माण गर्नुपर्दछ ।

२. प्रश्नहरू समस्यामूलक दिनुपर्दछ र समाधानको आग्रह गर्नुपर्दछ ।

३. विद्यार्थीको अन्तरनिहित प्रतिभा वा सिर्जनात्मक क्षमता खोतल्ने खालका प्रश्नरू दिनुपर्दछ ।

४. विवेचना गर्ने, व्याख्या गर्ने, निबन्ध लेख्ने, स्वतन्त्र र मौलिक विचार प्रकट गर्ने खालका प्रश्नहरू दिइनु पर्दछ ।

५. प्रश्नहरू विद्यार्थीको सोच्न सक्ने क्षमता र स्तरअनुकूलको भने हुनुपर्दछ ।

**(घ) नेपाली भाषाशिक्षणमा प्रश्न निर्माणको उपयोग**

नेपाली भाषाशिक्षण मूलतः विद्यार्थीको भाषिक सीपहरूको विकाससंग सम्बन्धित हुन्छ । तर भाषिक सीप विकासका माध्यमका रूपमा विभिन्न विधाहरूलाई लिइएको पाइन्छ । विद्यार्थीको भाषिक विकासका गतिविधिलाई वारम्वार परीक्षण गर्दै उनीहरूमा भएका भाषिक समस्याहरूलाई निराकरण गर्दै सिकाइकार्यलाई सरल र सहज बनाउँदै जानु शिक्षकको मुख्य कर्तव्य हो । शिक्षणसिकाइलाई उद्देश्यमूलक बनाई उनीहरूमा विद्यमान भाषिक समस्याको पहिचान तथा चिरफार गर्न निर्माणात्मक मूल्याङ्कनको अहम् भूमिका रहन्छ । नेपाली भाषाशिक्षणमा परम्परागत संस्कारलाई हेर्ने हो भने निर्माणात्मक मूल्याङ्कनमा कम चासो दिएको पाइन्छ । जतिजति निर्माणात्मक मूल्याङ्कनमा हामी जोड दिन्छौं त्यति नै मात्रामा निर्णयात्मक मूल्याङ्कनमा निर्णय लिन सजिलो पर्दछ भन्ने तथ्य प्रमाणित भइसकेको छ । चाहे निर्माणात्मक होस् वा निर्णयात्मक मूल्याङ्कन दुवैमा मूल्याङ्कनका लागि उपयोग हुने सबै खाले प्रश्नहरूलाई उपयोग गरी नेपाली भाषाशिक्षणलाई थप सशक्त प्रभावकारी बनाउन सकिन्छ । नेपाली भाषाशिक्षणमा प्रश्नमिर्माण कार्यको प्रयोग गर्दा यसप्रकार उपयोग गर्न सकेमा वढी प्रभावकारी हुन्छ । यहाँ विभिन्न खाले प्रश्न र उपयोगबारे सङ्क्षिप्त चर्चा गरिन्छ ।

१. **विषयगत प्रश्नको उपयोग** : नेपाली भाषाशिक्षणमा विषयगत प्रश्नको उपयोग यसप्रकार गर्न सकिन्छ ।

(क) **विवेचनात्मक उत्तर दिने प्रश्न** : विवेचनात्मक उत्तर दिने प्रश्नहरू कविता, निवन्ध, जीवनी ? संवाद, एकाङ्की विधाबाट लिई उपयोग गर्न सकिंन्छ ।

(ख) **सङ्क्षिप्त उत्तरात्मक प्रश्न** : विद्यार्थीको छोटो, मीठो र स्पष्ट रूपमा उत्तर दिने क्षमताको परीक्षण गर्न, सङ्गठित, सिलसिलावद्ध एवम् व्यवस्थितरूपमा आवश्यकमात्र विषयवस्तुलाई प्रस्तुत गर्ने कलाको परीक्षण गर्न कथा, निबन्ध, संवाद, एकाङ्की, कविता आदि जुनसुकै विधाबाट यस्ता प्रश्नहरूको उपयोग गर्न सकिन्छ ।

(ग) वस्तुगत प्रश्नहरूमा काल, भाव, वाच्य, पक्ष, रूप परिवर्तन आदिको परीक्षण गर्न खाली ठाउँ भर्ने प्रश्नहरूको उपयोग गर्न सकिन्छ ।

(घ) शब्दभण्डार शिक्षणको परीक्षण गर्न बहुवैकल्पिक प्रश्नको उपयोग गरिंदै आएको छ भने यस्ता प्रश्नलाई व्याकरण शिक्षण र बोधशिक्षणमा पनि निर्माणात्मक मूल्याङ्कनअन्तर्गत उपयोग गर्न सकिन्छ ।

(ङ) व्याख्या सप्रसङ्ग व्याख्या गर्ने विस्तृत उत्तरात्मक प्रश्नलाई कथा, कविता, जीवनी, आदिवाट सोध्न सकिन्छ र उनीहरूको स्वतन्त्र अभिव्यक्ति, सिलसिलाबद्ध प्रस्तुति, वर्णविन्यासगत क्षमता आदिको परीक्षण गर्न सकिन्छ ।

(च) स्वतन्त्र लेखन, मौलिक लेखन, विचारको सङ्गठन, सिर्जनात्मक क्षमता, आत्मबोधीकरण क्षमताको परीक्षण गर्न निबन्ध लेखन, चिठी लेखन, दैनिकी लेखन, मनोवाद लेखन, संवाद लेखन, वादविवाद तथा बक्तृता लेखन कार्यकलापलाई उपयोग गर्न सकिन्छ ।

(छ) वोधक्षमताको परीक्षण र आत्मबोधीकरण क्षमताको जाँच गर्न बोधप्रश्नहरू उपयोगी हुन्छन् ।

माथिका प्रश्नहरू सामान्यत एस्. एल्. सी. प्रश्नयोजनामा उपयोग गरिएका प्रश्नहरूसँग सम्बन्धित छन् । यसबाहेक विद्यार्थीलाई कक्षाकार्य दिँदा, गृहकार्य दिँदा तथा विभिन्न मासिक, त्रैमासिक तथा अर्धवार्षिक परीक्षामा बहुवैकल्पिक, ठीकबेठीक, खाली ठाउँ भर्ने, जोडा मिलाउने सबै खाले प्रश्नहरूको उपयोग गर्न सकिन्छ । त्यसैगरी कविता, कथा, जीवनी, चिठी, वादविवाद, संवाद, एकाङ्की, वक्तृता आदि पाठमा दिइएका सिर्जनात्मक अभ्याससम्बन्धी प्रश्नहरूलाई अधिकतम उपयोग गरी शिक्षणसिकाइलाई अगाडि बढाउन सकेमा ती प्रश्नहरूले शिक्षणसिकाइ कार्यलाई अझ सशक्त र प्रभावकारी वनाउन मद्दत गर्छन् ।

## (ङ) उत्तरपुस्तिका परीक्षण

मूल्याङ्कन प्रक्रियामा विशिष्टीकरण तालिकाअनुरूपका प्रश्ननिर्माण, प्रश्ननिर्माणमा वस्तुनिष्ठता र परीक्षा प्रशासनमा प्रभावकारिता मात्र हुँदैमा सही मूल्याङ्कन हुन्छ भन्न सकिन्न । माथिका सम्पूर्ण प्रक्रियाहरूसँगसँगै उत्तरपुस्तिकाको परीक्षणमा समेत एकरूपता हुनु उत्तिकै आवश्यक हुन्छ । प्रश्नको प्रकृति हेरी उत्तरपुस्तिका परीक्षणमा पनि अलग-अलग प्रक्रिया छन् ।

**(१)अङ्कन साँचो तयार पार्ने** (Preparing the Scorng Key)

उत्तरपुस्तिकाको जाँच गरी अङ्कन गर्ने कार्य महत्वपूर्ण कार्य हो किनभने विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा नै उपलब्धि वा व्यवहारको व्याख्या गरिन्छ । अङ्कन कार्य जति वस्तुगत एवम् विश्वसनीय हुन्छ त्यति नै त्यसको आधारमा गरिने व्याख्या (Interpretation) पनि विश्वसनीय हुन्छ । अर्को अर्थमा भन्ने हो भने अङ्कनकार्य तथ्यगत आधारमा हुनुपर्छ र उत्तरको सही प्रतिनिधित्व अङ्कनले गर्नुपर्छ । यस किसिमको अङ्कन गर्नका लागि केही आधार पहिला तयार पार्नुपर्छ । आधार भन्नाले कुन उत्तर सही छ सोको एउटा ढाँचा तयार पारिन्छ, जसलाई अङ्कन साँचो (Scoring Key) भनिन्छ । अङ्कन साँचोले उही उत्तरहरूको जानकारी दिन्छ, त्यस्तै तयारीको आधारमा विद्यार्थीहरूका उत्तरहरूलाई अङ्क प्रदान गरिन्छ ।

**(क) विषयगत परीक्षणका लागि अङ्कन साँचो** (Scoring key for Objective tests) : विषयगत परीक्षाका लागि उत्तरकुञ्जिकाको निर्माण गर्ने कार्य वस्तुगत परीक्षाको लागि भन्दा फरक र कठिन छ किनभने विषयगत परीक्षणको प्रश्नको उत्तर एउटा शब्दले दिन सकिदैन । त्यस्तै विस्तृतउत्तरात्मक प्रश्न भएमा विद्यार्थीहरूले आफ्ना शब्दमा उत्तर दिने हुँदा झन् कठिन पर्छ ।

विषयगत परीक्षणमा पनि दुई किसिमका प्रश्नहरू बनाउन सकिन्छ । निश्चित उत्तरात्मक प्रश्न (Restricted response item) र विस्तृत उत्तरात्मक प्रश्न (Extended response item)।

निश्चित उत्तरात्मक प्रश्नका उत्तरहरू सीमित र निश्चित हुने भएकाले यसका लागि उत्तरकुञ्जिका निर्माण गर्न केही सरल हुन्छ । यस्तो प्रश्नको उत्तरकुञ्जिका निर्माण गर्दा प्रश्नका निश्चित उत्तरहरूको तालिका र उत्तरको ढाँचा पहिला नै निर्धारण गरिन्छ र विद्यार्थीको उत्तरसँग त्यो तालिका दाँजी अङ्क प्रदान गरिन्छ । उपर्युक्त बुँदाहरूलाई उपर्युक्त अङ्कभार पनि उल्लेख गरेर परीक्षण गर्नुपर्छ ।

**(ख) वस्तुगत परीक्षणका लागि उत्तरकुञ्जिका** : वस्तुगत परीक्षणका लागि उत्तरकुञ्जिका निर्माण विषयगत प्रश्नको भन्दा केही सरल हुन्छ किनकि यस्तोमा उत्तरहरू निश्चित हुनुका साथै उत्तर एउटा वा दुईओटा शव्दमा मात्र दिइन्छ । प्रश्नपत्रमा नै उत्तर लेख्ने किसिमको परीक्षाको भएमा एउटा खाली प्रश्नपत्रमा नै सही उत्तरहरूमा चिह्न लगाई त्यसैलाई उत्तरकुञ्जिकाको रूपमा प्रयोग गर्न सकिन्छ ।

छुट्टै पुस्तिकामा उत्तर दिने किसिमको भएमा Scoring stencil को प्रयोग गर्दा बढी सरल हुन्छ । Scorng stencil उत्तरपुस्तिकाको नै आकारको एउटा खाली उत्तरपुस्तिका (Blank answer sheet) हो, जसमा प्रत्येक प्रश्नको सही उत्तर देखिने गरी प्वाल पारिएको हुन्छ र त्यो उत्तर प्वालबाट देखिन्छ । त्यसलाई विद्यार्थीहरूले दिएको उत्तरपुस्तिकामाथि राखिन्छ र प्वालबाट देखिने उत्तरलाई सही उत्तरको रूपमा लिइन्छ ।

**(२) विषयगत प्रश्नको उत्तरपुस्तिका परीक्षणको वस्तुनिष्ठ पद्धति**

वास्तवमा विषयगत प्रश्नलाई वस्तुनिष्ठ तवरले परीक्षण गर्ने कार्य जति जटिल छ त्यतिकै कठिन पनि । विषयगत परीक्षालाई वस्तुनिष्ठ ढङ्गले परीक्षण गर्न सकिने केही पद्धति वा तरिकाहरू पनि छन् । ती मुख्य तरिकालाई तल उल्लेख गरिन्छ ।

**(क) अपेक्षित उत्तरहरूका बुँदाहरूको रूपरेखा पहिला नै तयार गर्ने** : अपेक्षित उत्तरका रूपरेखा पहिला नै तयार पारी राखेमा उत्तर पुस्तिका अङ्कन गर्न सजिलो पर्छ । उत्तरको रूपरेखा (Outline) मा विषयवस्तुका मुख्य बुँदाहरू उत्तरको प्रकृति (जस्तै : सङ्गठन) र प्रत्येक बुँदाका लागि दिइने अङ्कभार आदि समावेश हुनुपर्छ । जस्तै: पानीका पाँचओटा उपयोगिता सोधिएमा सीमित उत्तरात्मक प्रश्न (Restricted response item) छ भने प्रश्न निर्माण गर्ने अवस्थामा नै पानीको सम्भाव्य उपयोगिताहरूको रूपरेखा निर्धारण गरिराख्नु पर्छ र प्रत्येक उपयोगिता र उत्तर प्रस्तुतीकरणका लागि कतिकति अङ्कभार दिने हो सोको समेत पूर्वनिर्णय गरिराख्नुपर्छ । त्यस्तै विस्तृत उत्तरात्मक प्रश्नको प्रमुख बुँदाहरू तयार पारिन्छ । त्यस्तै तथ्यगत सूचनाको शुद्धता, उदाहरणहरूको सान्दर्भिकता एवम् सङ्गठनको क्षमता आदिका लागि पाठ्यभार (Credit) छुट्याइन्छ ।

**(ख) उपयुक्त अङ्कन विधि प्रयोग गर्ने** : विषयगत प्रश्नहरूको अङ्कन गर्ने सामान्यतया दुई विधिहरू छन् : बुँदा विधि वा विश्लेषणात्मक विधि (Point of analytical method) र श्रेणी अङ्कन वा समूह अथवा पूर्ण विधि (Rating or grouping or wholistic method).

**(अ) बुँदा वा विश्लेषणात्मक विधि** : यस विधिअन्तर्गत प्रत्येक प्रश्नका उत्तरहरू पहिला नै तयार पारिराखेको उत्तरसँग दाँजिन्छ र उत्तरको पर्याप्तताको आधारमा अङ्कहरू प्रदान गरिन्छ । जस्तै : तिमीले घरमा आमाबाबुलाई कुनकुन काममा मद्दत गर्छौ ? कुनै पाँच काम लेख भन्ने प्रश्न भएमा अङ्कनपूर्व नै घरमा सहयोग गरिने क्षेत्रका सम्भावित धेरै बुँदाहरू तयार पार्न सकिन्छ र सोही बुँदाहरूसँग विद्यार्थीको उत्तर दाँज्न सकिन्छ । यदि बुँदामा नपरेका तर सही उत्तर कुनै आएमा त्यसलाई सही उत्तरको रूपमा अङ्कनगर्नुपर्छ । यो विधि खासगरी सीमित उत्तरात्मक प्रश्न (Restricted response item) को लागि उपयोगी हुन्छ ।

**(आ) श्रेणी विधि वा समूह विधि** : यस विधि अन्तर्गत पहिला नै कस्ता उत्तरलाई कुनकुन समूहमा राख्ने र कुन समूहलाई कति अङ्क दिने भन्ने कुराको निर्धारण गरिएको हुन्छ । विद्यार्थीहरूका प्रश्नको उत्तर सम्पूर्ण रूपमा पढिसकेपछि उत्तरको स्तरअनुसार निर्धारित समूहमा राखिन्छ र सोही समूहको अङ्कभारको आधारमा अङ्क प्रदान गरिन्छ । उदाहरणका लागि १० अङ्कभारको प्रश्नका लागि पाँचसमूह जस्तै : अति राम्रो, राम्रो, ठीकै, न्यून, अतिन्यून छुट्याई क्रमश: १०, ८, ६, ४, २ को अङ्कभार छुट्याइएको छ भने कुनै प्रश्न पढी अति राम्रो समूहमा परेमा त्यसको अङ्क १० हुन आउँछ । यस विधि अन्तर्गत प्रश्नअनुसार प्रत्येक समूह र अङ्क विभाजन छुट्टाछुट्टै गर्नुपर्छ ।

**(इ) सिकाइ मापनसँग असम्बन्धित तत्वको बारेमा व्यवस्था गर्नु** : मापनसँग असम्बन्धित विविध तत्वले पनि विषयगत प्रश्नको अङ्कन कार्यमा प्रभाव पारिराखेको हुन्छ । त्यस्ता तत्वहरूमध्ये प्रमुख तत्वहरू अस्पष्ट लेखाइ, वाक्य वनोट, हिज्जे (Spelling) विराम चिह्नहरू (Punctuation) हुन् । उत्तरपुस्तिका जाँच्दा सकेसम्म यस्ता तत्वहरूलाई पनि ध्यान दिने भए कुनकुन तत्वलाई किन मूल्याङ्कन गर्ने र कसरी कति अङ्क छुट्याउने भन्ने कुराको निर्धारण गर्नुपर्छ ।

त्यस्तै उत्तरमा असम्बन्धित विवरणहरू भएमा वा अनावश्यक गफ लेखेकोमा के गर्ने भन्ने कुराको पनि निर्धारण गर्नुपर्छ । यदि यसलाई वेवास्ता गरिएमा जथाभावी उत्तर लेख्ने बानीको विकास हुनुका साथै चिन्तन गरी लेख्ने बानीलाई हतोत्साही पार्छ । त्यस्तै यस्ता तत्व भएमा अङ्क घटाउने भए कतिसम्म घटाउने भन्ने समस्या आउन सक्छ । त्यसकारण पहिला नै यस्ता असम्बन्धित सामग्रीलाई कतिसम्म अङ्क घटाउने भन्ने कुराको निर्धारण पहिले नै गरे बेस हुन्छ ।

**(ई) प्रश्नअनुसार अङ्कन गर्ने, विद्यार्थीअनुसार होइन** : हाम्रो सामान्य चलनअनुसार एउटा उत्तरपुस्तिकाका सवै उत्तरहरू अङ्कन गरिसकेपछि अर्को उत्तरपुस्तिकाको अङ्कन गर्ने गरिन्छ । यसले गर्दा निवन्धात्मक प्रश्नको अङ्कन प्रत्येक उत्तरपुस्तिकापिच्छे फरक हुन सक्छ र अङ्कनमा अविश्वसनीयता आउन सक्छ किनभने एउटा उत्तरपुस्तिकाका सवै प्रश्नहरूको अध्ययन गरिसकेपछि अर्को पुस्तिका जाँच गर्दा कुनै प्रश्नको उत्तर कुन आधारमा अङ्कन गरियो भन्ने कुराको स्मरण नरहन सक्छ र अर्को उत्तरपुस्तिकाको प्रश्नको उत्तरबीच तुलना गरी अङ्क दिने कार्यमा वाधा पर्न सक्छ र अङ्कन कार्यमा एकरूपताको कमी हुन जान्छ । यस कमजोरीलाई कम पार्न विद्यार्थीअनुसारको उत्तर अङ्कन गर्नुभन्दा प्रश्नअनुसार उत्तर जाँच गर्नुपर्छ । जस्तै सवै विद्यार्थीका प्रश्न नं. १ को उत्तर जाँच गरिसकेपछि मात्र प्रश्न नं. २ को उत्तर जाँच गर्ने । यसो गर्दा प्रत्येक

विद्यार्थीले प्रश्न नं. १ मा कसरी उत्तर दिए भन्ने कुराको तुलनात्मक रूपमा जाँच गरी एकरूपताका साथ अङ्कन गर्न सकिन्छ ।

**(उ) विद्यार्थीहरूको नाम नहेरी परीक्षण गर्ने** : उत्तरपुस्तिका परीक्षणको एउटा समस्या हो, भेदभावपूर्ण अङ्कन कार्य । यसले गर्दा विश्वसनीयतामा कमी हुन सक्दछ । यस समस्याको कारण हो विद्यार्थीहरूको परिचय/उत्तरपुस्तिकामा उल्लेख भएको विद्यार्थीहरूको नामको कारणले अङ्कन कार्य पक्षपातपूर्ण हुने सम्भावना बढ्छ । यसैले उत्तरपुस्तिकामा कोड नं. राखेर वा नाम छोपेर परीक्षण गर्दा Halo effect लाई न्यूनीकरण गर्न सकिन्छ ।

**(३) वस्तुगत परीक्षणको अङ्कन कार्य**

उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका निर्माण गर्नेबारे पहिले नै उल्लेख भइसकेको छ । वस्तुगत प्रश्नको उत्तरको मूल्याङ्कन विषयगत प्रश्नको भन्दा सजिलो छ । निर्माण गरिएको उत्तरकुञ्जिकासँग विद्यार्थीहरूले दिएका उत्तरहरू तुलना गरी प्रश्नहरूको अङ्कन प्रदान गरिन्छ । सामान्यतया वस्तुगत परीक्षणको अङ्कन कार्य निम्नानुसार गरिन्छ :

(क) प्रत्येक सही उत्तरका लागि प्राप्ताङ्क १ (एक) दिने

(ख) सही उत्तर भएमा रेजा चिह्न (√) लगाउने

(ग) गलत उत्तर दिएकोमा (×) लगाउने

(घ) जम्मा प्राप्ताङ्क प्राप्त गर्न सही उत्तरहरूको योग निकाल्ने ।

(ङ) अन्दाज गर्ने बानीका लागि सजायको व्यवस्था भएमा जम्मा प्राप्ताङ्कबाट केही अङ्क घटाउने व्यवस्था गर्न सकिन्छ ।

**अनुमानका लागि सजाय** (Penalty for guessing) : कहिलेकाहीँ विद्यार्थीहरूले जथाभावी अन्दाज गरेर पनि सही उत्तर दिन सक्छन् । यस्तो अन्दाज गर्ने बानीलाई हतोत्साही पार्ने उद्देश्यले केही अङ्क घटाउने प्रचलन पनि छ । अङ्क घटाउँदा दिएको गलत अङ्कहरूको आधारमा निम्नलिखित सूत्र प्रयोग गरिन्छ । यसका लागि सही उत्तर र गलत उत्तर दुवैको सङ्ख्या आवश्यक पर्छ ।

$$S = R - \frac{W}{n-1}$$

S = सुधारिएको प्रप्ताङ्क

R = सही उत्तरको सङ्ख्या अथवा सही उत्तरहरूको प्राप्ताङ्कको योग

W = गलत उत्तरहरूको सङ्ख्या अथवा गलत उत्तरहरूको प्राप्ताङ्कको योग

n = प्रत्येक प्रश्नमा वैकल्पिक उत्तरहरूको सङ्ख्या ।

मानौं २० ओटा ४ वैकल्पिक उत्तरहरू भएको बहुवैकल्पिक प्रश्नमा एकजना विद्यार्थीले ११ ओटा प्रश्नको सही, ५ प्रश्नको गलत र ४ ओटा प्रश्नको जवाफ नै दिइएन भने माथिल्लो व्यवस्थाअनुसार उसको प्राप्ताङ्क निम्नअनुसार हुन आउँछ ।

यहाँ,

R = 11, W = 5, O (omit) = 4, n = 4

$$S = 11 - \frac{5}{4-1} = 11 - \frac{6}{3} = 11 - 2 = 9 \text{ प्राप्ताङ्क}$$

यो व्यवस्था विद्यार्थीहरूले जथाभावी अन्दाजको भरमा उत्तर लेख्छ भन्ने अनुमानको आधारमा प्रयोग गरेको पाइन्छ ।

**(४) सामूहिक पद्धति वा एकभन्दा बढी जाँचकीलाई पुस्तिका जाँच्न लगाउने**

सामान्यतया एकभन्दा बढी व्यक्तिलाई उत्तरपुस्तिका जाँच्न दिने चलन छैन र यो कार्य एउटै विद्यालयमा धेरै विषयशिक्षकहरू कमी भएको अवस्थामा कठिन पनि छ तापनि सम्भव भएसम्म दुई वा दुईभन्दा बढी जाँचकीलाई स्वतन्त्ररूपमा उत्तरपुस्तिका जाँच गर्न लगाई तिनीहरूको मूल्याङ्कन तुलना गर्ने गरेमा अङ्कन कार्य बढी विश्वसनीय हुन सक्छ । एक्लो व्यक्तिको अङ्कन कार्यमा वैयक्तिक प्रभाव बढी पर्न सक्छ र प्राप्ताङ्कहरू घटबढ हुन सक्छन् । त्यसकारण एकअर्काले दिएको अङ्क थाहा नदिई दुई वा दुईभन्दा बढी जाँचकीहरूलाई उत्तरपुस्तिका अध्ययन गर्न लगाई प्राप्ताङ्क दिन लगाउनुपर्छ । यदि अङ्कनमा धेरै फरक नभएमा केही समस्या पर्दैन । तर धेरै फरक पर्न आएमा जाँचकीहरूले फरक भएका कारणहरूबारे छलफल गर्नुपर्छ । यसरी छलफलबाट सन्तोषप्रद निर्णय प्राप्त भएमा तिनीहरूले दिएको अङ्कहरूको औसत प्राप्त गरी प्राप्ताङ्क प्रदान गर्न सकिन्छ । यस विधिद्वारा उत्तरपुस्तिका परीक्षण गरेमा परीक्षण बढी विश्वसनीय र वैध हुन्छ । यस विधिद्वारा उत्तर पुस्तिका परीक्षण गर्दा पनि उत्तरकुञ्जिका भने पहिले नै तयार गर्नुपर्छ र त्यसैको आधारमा परीक्षण गर्न निर्देशन दिइनुपर्दछ । यस विधिअनुसार अङ्कन भएको औसत अङ्कलाई प्राप्ताङ्क मानिन्छ । जस्तो कि कुनै उत्तरपुस्तिका एकजना शिक्षकले परीक्षण गर्दा प्राप्ताङ्क ४० आयो ? अर्कोले परीक्षण गर्दा ४५ आयो र अर्कोले परीक्षण गर्दा ३५ आयो भने त्यो विद्यार्थीको प्राप्ताङ्क =

$\frac{४५ + ४० + ३५}{३}$ हुन्छ अर्थात्,

$$\text{प्राप्ताङ्क} = \frac{१२०}{३} \quad ४०$$

प्राप्ताङ्क = ४०

हाम्रा विद्यालयहरूको हकमा यो विधि अपनाउन एक अर्को विद्यालयका विषय शिक्षकसँग सम्पर्क र समन्वय राखी उत्तरपुस्तिका साटासाट गरी परीक्षण गर्ने कार्य मिलाउन सकिन्छ ।

**(५) नेपाली भाषाशिक्षणमा उत्तरपुस्तिका परीक्षणको उपयोग**

नेपाली भाषाशिक्षणका क्रममा उत्तरपुस्तिकाको परीक्षण गर्दा विषयगत परीक्षणका निम्नलिखित प्रश्नहरूको हकमा निम्नलिखित प्रकारको उत्तरकुञ्जिका तयार गरी उत्तरपुस्तिका परीक्षण गर्न सकिन्छ । यहाँ सामान्य केही उदाहरण छन् ।

**उत्तरपुस्तिका परीक्षणको उपयोग**

नेपाली भाषाशिक्षणमा वस्तुगत तथा विषयगत दुवै खाले प्रश्नहरूलाई मूल्याङ्कन कार्यका लागि उपयोग गरिन्छ । वस्तुगत प्रश्नहरू व्याकरणात्मक अवधारणा, व्याकरणको प्रयोगअन्तर्गत काल, पक्ष, भाव, वाच्य, पदवर्ग, कारक, शब्दनिर्माण प्रक्रिया, पदसङ्गति आदि पक्षहरूको परीक्षण गर्न प्रयोग गरिन्छ । त्यसैगरी वर्णविन्यास, भाषिक शुद्धता, शब्दार्थ क्षमता आदिको परीक्षणका लागि पनि वस्तुगत प्रश्नहरू उपयुक्त हुन्छन् । निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका सन्दर्भमा वस्तुगत प्रश्नलाई विशेष महत्व दिई मूल्याङ्कनमा वस्तुनिष्ठता ल्याउने प्रयास गरिरहनुपर्दछ । त्यसैगरी

वस्तुगत प्रश्न परीक्षणमा एकरूपता ल्याउन उत्तरकुञ्जिका निर्माण गरेर मात्र परीक्षण गर्नुपर्दछ । यसरी उत्तरपुस्तिका परीक्षण गरिसकेपछि विद्यार्थीले धेरै गलत गरेका विषयवस्तु र धेरै मिलाएका विषयवस्तुहरू अलगअलग टिपोट गरी विश्लेषण गरेर शिक्षणसिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ । उदारहणका लागि विद्यार्थीहरूलाई दिइएका १० ओटा वस्तुगत प्रश्नमा प्र. नं. ५, ६, ८, ९ कमै मात्र विद्यार्थीले मिलाए भने हामीले त्यसलाई पृष्ठपोषणमा लिई विद्यार्थीलाई कुनचाहिं विषयवस्तुमा कमजोरी छ भन्ने पत्ता लाग्छ र सो विषयवस्तुलाई पुन: शिक्षणसिकाइमा प्रयोग गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त प्रश्न नबुझेको कारणले यो समस्या समाधान गर्न नसकेका हुन् कि भन्नेतर्फ पनि सचेत भएर त्यसको परीक्षण गरी आगामी दिनमा प्रश्ननिर्माण कार्यमा सुधार ल्याउने काम सम्पन्न गर्नुपर्ने हुन्छ ।

विषयगत प्रश्नहरूको उत्तरपुस्तिका परीक्षण गर्नका लागि माथि उल्लिखित सबै किसिमका विधिहरूको उपयोग गर्न सकिए तापनि नाम नहेरी मूल्याङ्कन गर्ने र बुँदागत अङ्कमापन विधिलाई उपयोग गरी उत्तरपुस्तिका परीक्षण गर्दा उत्तम हुन्छ । एकभन्दा बढी जाँचकीद्वारा उत्तरपुस्तिका परीक्षण विधिबाट उत्तरपुस्तिका परीक्षणमा बढी वस्तुनिष्ठता हुने कुरामा निर्विवाद छ । यस सन्दर्भमा एकै माविका मावि, निमावि शिक्षकबीचमा उत्तरपुस्तिका साटासाट गरी परीक्षण गर्न सकिन्छ भने नजिकको अर्को विद्यालयका विषय शिक्षकसँग सम्बन्ध र समन्वय स्थापित गरी उत्तरपुस्तिका परीक्षण कार्यलाई बढी वस्तुनिष्ठता प्रदान गर्न सकिन्छ ।

विषयगत प्रश्नका उत्तरपुस्तिका परीक्षण गरिसकेपछि ती सोधिएका प्रश्नहरूमध्ये केकति प्रश्नका उत्तर सबै विद्यार्थीले सहजरूपमा दिए ? कति प्रश्नका जवाफ अधुरा प्राप्त भए ? कतिओटा प्रश्नको जवाफ दिने विधि र शैली उपयुक्त थिए, थिएनन् ? र कति प्रश्नहरूको उत्तर कुनै पनि विद्यार्थीले पटक्कै दिएनन् ? यिनै प्रश्नहरूमा आधारित भएर प्रश्नहरूको विश्लेषण गर्नुपर्दछ । यसरी विश्लेषण गरी आएको परिणामको आधारमा मुख्यत: दुई कुराको पहिचान गरी आगामी मूल्याङ्कन वा शिक्षणसिकाइ कार्यका लागि पृष्ठपोषण लिइनुपर्दछ । ती दुई कुरामा-

१. के प्रश्नको अस्पष्टता र कठिनाइस्तरको कारणले विद्यार्थीहरूले प्रश्नको जवाफ लेख्न सकेनन् ?
२. के शिक्षणसिकाइमा भएका कुनै कमजोरीका कारणले वा विषयवस्तुको ज्ञानको अभावमा प्रश्नको उत्तर दिएनन् ?

उक्त दुई कारणमध्ये कुन कारणले विद्यार्थीले सबै प्रश्नको उत्तर दिन नसकेका हुन् तिनीहरूको कारण पहिचान गर्नुपर्दछ र यदि पहिलो कारणले प्रश्नको उत्तर दिन नसकेको पहिचान भएमा आगामी दिनमा उक्त प्रश्नमा सुधार ल्याउनुपर्छ । यस्तो प्रश्न सुधार गर्दा कक्षामा परीक्षण गरेर सुधार गर्नु उपयुक्त हुन्छ । त्यसैगरी यदि दोस्रो कारणले प्रश्नको सही उत्तर दिन नसकेको हो भने शिक्षणमा उक्त विषयवस्तुलाई पुन: समावेश गरी शैक्षिक सामग्रीसहित नयाँ शिक्षणसिकाइ प्रक्रियाद्वारा शिक्षणकार्यलाई प्रभावकारी बनाउनुपर्दछ । यसरी विद्यार्थीका उत्तरपुस्तिका परीक्षण पद्धतिबाट पनि सकारात्मक पृष्ठपोषण लिई शिक्षकले शिक्षणसिकाइ प्रक्रियामा सुधार ल्याई विद्यार्थी मूल्याङ्कनमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्दछन् ।

६. **आत्मप्रतिबिम्बन**

तपाइँले अघि डायरीमा टिपोट गर्नुभएका कुराहरू र यस सत्रको अध्ययनपश्चात् देखिएका फरक अनुभव केके छन् ? कृपया टिपोट गर्नुहोस् ।

# एकाइ - एघार

१. **शीर्षक** : निवेशसूची तथा मानकीय अङ्कन अभिलेख

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) निवेशसूचीको अभिलेख गर्न

(ख) मानकीय अभिलेख गर्न

(ग) नेपाली भाषाशिक्षण र सिकाइमा अङ्कन अभिलेखको प्रयोग गर्न

३. **विषयवस्तु**

(क) निवेशसूचीको अभिलेख

(ख) मानकीय अभिलेख

(ग) नेपाली भाषाशिक्षणमा अङ्कन अभिलेखको प्रयोग

४. **पूर्वसिकाइ अवधारणा**

सहभागी मित्र ! निम्नलिखित प्रश्नहरूलाई केहीबेर मनन गरी उत्तर आफ्नो डायरीमा टिपोट गर्नुहोस्:

(क) निवेशसूची भनेको के हो ?

(ख) मानकीय अभिलेख कसरी राख्ने गर्नु भएको छ ?

५. **विषयवस्तुको प्रस्तुतीकरण**

विद्यालयमा कुनै एउटा विद्यार्थीले गरेको विभिन्न किसिमका प्रगतिहरूलाई एउटै फायलभित्र समावेश गरी राखिन्छ भने त्यसलाई विद्यार्थी निवेशसूची (Student Portfolio) भनिन्छ । यसमा विद्यार्थीको प्रगतिविवरण कार्ड तथा उसले सम्पन्न गरेका विभिन्न नमुना कार्यहरूलाई पनि समावेश गरिएको हुन्छ । विद्यार्थी निवेशसूचीमा सञ्चित अभिलेख, घटनावृत्त अभिलेख, गृहकार्य तथा कक्षाकार्य अभिलेख, सिकाइउपलब्धिको सूचकको रेकर्ड, विद्यार्थी स्वमूल्याङ्कन अभिलेख, आन्तरिक मूल्याङ्कन प्रगतिविवरण तथा उसले विद्यालयमा शिक्षणसिकाइका क्रममा गरेका नमुना कार्यहरूलाई समेत एकै ठाउँमा मिलाएर राखिएको हुन्छ । यही विद्यार्थीको सर्वाङ्गीण पक्षको प्रगतिको लेखाजोखा राखिएको फायलबाट नै विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन गर्न सकिन्छ । यसका साथै यसै अभिलेखले विद्यार्थीहरूका शिक्षणसिकाइमा आएका समस्याहरूको पहिचान गर्न र शिक्षणसिकाइमा सुधार ल्याउन गर्नुपर्ने सुधारात्मक कार्यक्रम तथा उपायबारे पनि निर्देशित गरिरहेको हुन्छ । एउटै फायलबाट विद्यार्थीको समग्र गुणात्मक पक्षको लेखाजोखा गर्न सक्नुले पनि विद्यार्थी निवेशसूची अभिलेखको शैक्षणिक मूल्याङ्कनका क्षेत्रमा ठूलो महत्त्व छ

**निवेशसूची र यसको अभिलेख**

विद्यालयमा भर्ना भई अध्ययनरत प्रत्येक विद्यार्थीको एउटा एउटा पोर्टफोलियो रेकर्ड राख्नुपर्छ । यस रेकर्डमा विशेषतः मूल्याङ्कन कार्यमा प्रयोग हुने Non testing and Testing दुवै खालका औजारहरू रहन्छन् । Non-testing divices हरूमा निम्नलिखित रेकर्डहरू रहन्छन् :

१. सञ्चित अभिलेख,

२. घटनावृत्त अभिलेख,

३. विद्यार्थीको सिकाइ उपलब्धीसँग सम्बन्धित प्रयोग भएका जाँचसूची तथा श्रेणीमापनका रेकर्डहरू,
४. विद्यार्थीहरू स्वमूल्याङ्कनका अभिलेखहरू,
५. गृहकार्य/कक्षाकार्यसम्बन्धी अभिलेखहरू,
६. सिर्जनात्मक तथा परियोजना कार्यका प्रगति अभिलेख,
७. जीवनोपयोगी सीप विकासका अभिलेखहरू,
८. अतिरिक्त क्रियाकलाप अभिलेखहरू,
९. नैतिक चरित्र आचरण तथा अनुशासनको अभिलेख,
१०. हाजिरी तथा नियमिततासम्बन्धी अभिलेख ।

विद्यालयबाट लिइने मौखिक, लिखित तथा प्रयोगात्मक परीक्षाका अभिलेखहरूलाई पनि यसै अभिलेखमा समावेश गरी राखिन्छ । मूल्याङ्कनका Testing उपकरणमा निम्नलिखित उपकरणबाट आएका नतिजालाई अभिलेखीकरण गर्ने परम्परा छ ।

१. मौखिक परीक्षा,
२. लिखित परीक्षा,
३. प्रयोगात्मक परीक्षा ।

**निवेश सूची र निरन्तर मूल्याङ्कन**

निवेशसूची (Student Portfolio) निरन्तर मूल्याङ्कनको अभिलेख गर्ने एक प्रक्रिया हो । यसमा कक्षापिच्छे नै बेग्लाबेग्लै विद्यार्थीको फायल खडा गर्ने काम हुँदैन । एउटा कक्षामा तयार गरेको विद्यार्थी Portfolio का रेकर्ड (अभिलेख) हरू अर्को कक्षामा पनि सोही फायलमा थपिँदै जान्छन् । यस अर्थमा कक्षा १ देखि उसले विद्यालयमा अध्ययन गरुन्जेलका यावत् रेकर्डहरू त्यसमा रहन्छन् र अर्को विद्यालयमा गएमा पनि उसँगै उक्त Portfolio सँगै पठाइन्छ । अर्को भर्ना गर्ने विद्यालयले सोही रेकर्डहरूको आधारमा विद्यार्थीको पूर्वमूल्याङ्कन गर्न सक्दछ । यसरी हेर्दा विद्यार्थीहरूको वर्षैपिच्छेको निरन्तर मूल्याङ्कनको एक महत्वपूर्ण अङ्गको रूपमा यसलाई लिन सकिन्छ ।

**निवेशसूची अभिलेखीकरण**

विद्यार्थी निवेशसूचीको अभिलेख गर्दा निम्नलिखित क्रममा अभिलेख गर्दा राम्रो हुन्छ :

१. विद्यार्थी सञ्चित अभिलेख विवरण,
२. घटनावृत्त अभिलेख विवरण,
३. निरन्तर मूल्याङ्कन अभिलेख,
   (क) विद्यार्थी नियमितता र हाजिरी अभिलेख,
   (ख) गृहकार्य तथा कक्षाकार्य अभिलेख,
   (ग) विद्यार्थी स्वमूल्याङ्कन अभिलेख,
   (घ) सिकाइउपलब्धि तथा व्यावहारिक परिवर्तन अभिलेख,
   (ङ) जीवनपयोगी सीप विकाससम्बन्धी अभिलेख,
   (च) विद्यार्थीको नैतिक चरित्र/आचरणसम्बन्धी अभिलेख,

(छ) मासिक तथा एकाइ परीक्षा प्रगतिविवरण,

(छ) त्रैमासिक परीक्षा प्रगतिविवरण,

(ज) अर्धवार्षिक परीक्षा प्रगतिविवरण,

४. निर्णयात्मक मूल्याङ्कनको नतिजा,

५. कक्षा शिक्षकको राय तथा टिप्पणी,

६. प्रधानाध्यापकको राय तथा टिप्पणी ।

यसरी राखिएको अभिलेखलाई एउटा कक्षामा राखिसकेपछि अर्को कक्षामा विद्यार्थी प्रवेश गर्दा आवश्यक तथा थप गर्नुपर्ने मात्र फाराम थप गरी अभिलेखीकरण गर्दै जानुपर्दछ ।

**मूल्याङ्कनका साधनहरूको प्रयोगसम्बन्धी अभिलेख**

सिकाइउपलब्धिअनुसार मूल्याङ्कनका लागि प्रयोग गरिने साधनहरू फरकफरक हुन सक्छन् । उदाहरणका लागि ज्ञानसँग सम्बन्धित उद्देश्यको मूल्याङ्कन लिखित वा मौखिक परीक्षाद्वारा गर्न सकिन्छ भने विद्यार्थीको व्यवहारमा आएको परिवर्तनको मूल्याङ्कन अवलोकनका साधनहरू जाँचसूची वा श्रेणीमापनको प्रयोग गरेर मात्र गर्न सकिन्छ । अत: सिकाइउपलब्धि र सोअनुसारका विद्यार्थीको मूल्याङ्कनका साधनहरूको प्रयोगसम्बन्धी विवरण तयार पार्नका लागि यसप्रकारको फारामको प्रयोग गर्न सकिन्छ :

**विद्यार्थी मूल्याङ्कनका साधनहरूको प्रयोगसम्बन्धी फाराम**

**(क) आन्तरिक मूल्याङ्कन**

| क.सं. | पाठ्यक्रमको एकाइ क्षेत्र | आन्तरिक मूल्याङ्कनको साधन | साधन प्रयोग गर्नुको उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**(ख) बाह्य मूल्याङ्कन**

| क.सं. | पाठ्यक्रमको एकाइ क्षेत्र | बाह्य मूल्याङ्कनको साधन | साधन प्रयोग गर्नुको उद्देश्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |

यसरी प्राप्त सूचनाहरूलाई केलाउँदै जानुपर्दछ र मूल्याङ्कनका साधनहरूको प्रोग र त्यसबाट प्राप्त उपलब्धिहरूलाई विश्लेषण गरी निम्नलिखित विवरण तयार पार्नुपर्दछ ।

(क) मूल्याङ्कनका साधनहरूको प्रयोगको पर्याप्तता,

(ख) मूल्याङ्कनका साधनहरूको प्रयोगको सान्दर्भिकता,

(ग) मूल्याङ्कनका साधनहरूको प्रयोगको कठिनाइ,

(घ) मूल्याङ्कनका साधनहरूको प्रयोगको विविधता,

(ङ) मूल्याङ्कनका साधनहरूको प्रयोगको थप आवश्यकता ।

विद्यार्थी निवेशसूची अभिलेख प्रकरणमा यस विषयवस्तुलाई समेट्नुको मुख्य उद्देश्य के हो भने हामीले निवेशसूचीमा अभिलेख गर्ने फारामको नमुना यस्तै नै हुनुपर्छ भनेर राख्ने नभएर यसलाई सन्दर्भ, परिवेश तथा पारदर्शीतवरले सही मूल्याङ्कन हुने गरी आफ्नै ढङ्गले विकास गरेर पनि राख्न सक्दछौं ।

**(ख) मानकीय अभिलेख**

**(अ) मनाङ्क परिचय**

मानाङ्क (Norm) भनेको कुनै परीक्षणमा निश्चित समूहको प्रतिनिधिमूलक नमूना (Representative sample) ले प्राप्त गरेको उपलब्धिको औसतस्तर हो । मानाङ्क कुनै विशेष समूहको विशिष्ट परीक्षणमा उपलब्धीको औसतस्तरसँग सम्वन्धित हुन्छ । कुनै पनि परीक्षणमा विविध किसिमका मानाङ्कहरूको कायम गर्न सकिन्छ । जस्तै- कक्षागत मानाङ्क, उमेर मानाङ्क, प्रतिशत मानाङ्क आदि । कुनै परीक्षणमा स्थापना गरिएका यी मानाङ्कहरूसँग त्यसै परीक्षणमा कुनै व्यक्ति विशेषको उपलब्धिको तुलना गरेर त्यसको व्याख्या गर्ने विधि भने मानाङ्कसम्वन्धी मापन अर्थात् Norm referenced measurement हो ।

मानाङ्कको स्थापना गर्नका लागि सबभन्दा पहिले कुनै समूहको प्रतिनिधिक नमुनाको प्रयोग गरिन्छ । प्रतिनिधिक नमुना भनेको त्यो आंशिक समूह हो, जसले यसको पूर्ण समूह (Population) को गुणहरूको पूर्ण प्रतिनिधित्व गर्दछ । कुनै समूहवाट निकालिएको नमुना समूह त्यसबेला मात्र त्यस समूहको प्रतिनिधि समूह हुन्छ जब यसका समस्त गुणहरू आफ्नो मातृसमूह समान हुन्छ । यसका लागि प्रतिनिधि नमुनाको औसत तथा प्रमाणिक विचलन (Standard Devitation) मातृसमूहअनुसार नै हुनुपर्दछ । प्रतिनिधिक नमुनाको छनोट तथ्याङ्कशास्त्रीय विधिद्वारा गरिन्छ । परीक्षणलाई प्रतिनिधि नमुनामा प्रयोग गरेर मानाङ्कको स्थापना गरिन्छ । मानाङ्कलाई त्यस परीक्षणमा व्यक्तिविशेषको उपलब्धिलाई व्याख्या गर्न प्रयोग गरिन्छ । मानाङ्कसम्वन्धी मापन (Norm Referenced measurement) मा व्यक्तिको उपलब्धिलाई उसको समूहको औसत उपलब्धिसंग तुलना गरेर व्याख्या गर्ने काम गरिन्छ । यसले व्यक्तिविशेषको उपलब्धिको वास्तविक स्वरूपको सट्टा आफ्नो समूहसंग तुलनात्मकस्वरूप प्रस्तुत गर्दछ । शिक्षाक्षेत्रमा वर्तमानमा प्रयोग गरिने धेरै मापनका साधनहरू मानाङ्कमा आधारित छन् ।

**(आ) मानाङ्कको स्थापना र प्रयोग**

खासगरी स्तरीकृत जाँच (Standardised Test) का लागि विभिन्न मापदण्ड (Norm) हरू तयार गरी प्रयोग गर्ने काम हुन्छ । शिक्षकनिर्मित परीक्षा (Teacher made test) लाई पनि स्तरीकृत गर्ने सन्दर्भमा यसको प्रयोग गरिन्छ, किनकि यो नै स्तरीकरण निर्धारण गर्ने एक महत्वपूर्ण तत्व हो । स्तरीकृत परीक्षा भौगोलिक रूपमा ठूलो क्षेत्र समेट्न बनाइने भएकाले ठूलो क्षेत्रमा सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी लिइएको सालाखाला उपलब्धिलाई त्यस क्षेत्रको उपलब्धिस्तरको मानाङ्क हो । यो औसत अङ्कलाई स्थायी एवम् आधार अङ्क मानी प्राप्ताङ्क सो मापदण्ड (Norm) भन्दा कम भएमा नराम्रो, बढी भएमा राम्रो र हाराहारीमा भएमा मध्यमस्तर रहेको कुरा तुलनात्मक

अध्ययनबाट निश्चित गरिन्छ । यस अर्थमा मानाङ्क विद्यार्थीको वैयक्तिक भिन्नता पहिचान गर्न अनिवार्य हुन्छ । अतः मानाङ्कको आधारमा कुनै पनि तथ्यको प्रत्यक्ष तुलना गर्न सकिन्छ ।

**(इ) मानाङ्कको किसिम**

शैक्षणिक क्षेत्रमा मूल्याङ्कन प्रयोजनका लागि उपयोग गरिने मानाङ्कहरू मुख्यतः चार किसिमका छन् :

(क) उमेर मानाङ्क (Age norms)

(ख) कक्षा मानाङ्क (Grade norms)

(ग) लैङ्गिक मानाङ्क (Sex norms)

(घ) प्रतिशत मानाङ्क (Percentile norms)

**(क) उमेर मानाङ्क** : विशेष उमेरको व्यक्तिका गुणहरूको औसत मूल्य नै उमेर मानाङ्क हो । फरकफरक उमेरका व्यक्तिले पाउने फरकफरक अङ्कको औसत प्राप्ताङ्कलाई उमेर मानाङ्क भनिन्छ । एउटै उमेर समूहको नमुना लिएर परीक्षण तथा पुनःपरीक्षण गर्ने कार्य भने त्यति सजिलो हुँदैन । मानौं ५-१५ उमेर समूहका विद्यार्थीले १०० मा ५० ओटा प्रश्नको सही उत्तर दिन्छन्, त्यस्तै १६-२५ उमेर समूहका विद्यार्थीले १०० मा ७५ ओटा प्रश्नको सही उत्तर दिन्छन् भने पहिलोमा १० र दोस्रोमा २० लाई उमेर मानाङ्क मान्न सकिन्छ ।

**(ख) कक्षा मानाङ्क** : कक्षा मानाङ्क औसत कक्षा उपलब्धिका आधारमा व्याख्या र विश्लेषण गरिन्छ । यसका लागि प्रत्येक कक्षामा कक्षागत रूपमा विभिन्न विषयगत परीक्षा सञ्चालन गर्गी प्रत्येक कक्षाको प्राप्ताङ्कको औसत निकाल्ने काम गरिन्छ । यसरी कक्षागत रूपमा लिइने औसत आधार नै कक्षा मानाङ्क हो । यसमा नमुना (sample) को आधारमा मानाङ्क निर्धारण गर्नु उपयुक्त हुन्छ र आदर्श समूहमा त्यस प्रकारको व्यक्ति हुनुपर्छ जसको व्यवहारको तुलना गर्न सकियोस् । कक्षा मानाङ्कलाई विद्यार्थीको उमेरसँग तुलना गरी वास्तविक योग्यताको जाँच गर्ने प्रक्रिया यसमा हुन्छ, जस्तो कि कक्षा ८ को विद्यार्थीको कक्षामनाङ्क १० छ र कक्षा ६ को विद्यार्थीको कक्षा मानाङ्क १० नै भयो भने त्यहाँ उमेर परक भए पनि दुवैको योग्यतास्तर समान देखियो । कक्षा मानाङ्कको खासगरी कक्षा उपलब्धिको आधारमा विश्लेषण गरिन्छ ।

**(ग) लैङ्गिक मानाङ्क** : लैङ्गिक मानाङ्कमा केटा र केटीको एउटा निशिचत उमेरमा हुने उचाइ, वजन, शारीरिक एवम् मानसिक परिवर्तन केकस्तो छ ? त्यसको तुलना गरिन्छ । केटा र केटीको निश्चित उमेर, तौल, उचाइ तथा शारीरिक परिवर्तनको आधारमा विद्यार्थीको मूल्याङ्कनको नतिजाको विश्लेषण गर्नु नै लैङ्गिक मानाङ्क हो ।

**(घ) प्रतिशत मानाङ्क** : यदि मानाङ्कलाई अध्ययन एवम् बुझ्न सजिलोका लागि त्यसलाई प्रतिशतको आधारमा प्राप्त गरिन्छ वा प्रशितमा परिवर्तन गरी प्रस्तुत गरिन्छ भने त्यसलाई प्रतिशत मानाङ्क भनिन्छ । कुनै पनि परीक्षालाई १०० प्रतिशत लाई आधार मानी प्रश्न तयार गर्गी आवश्यकताअनुसारको पूर्णाङ्कमा परिवर्तन गर्न सकिन्छ । कति व्यक्ति निर्धारित औसत अङ्कभन्दा कम वा बढी रहेछन् भन्ने तथ्य यसबाट पत्ता लगाउन सकिन्छ

अत: नेपाली भाषाशिक्षणको सन्दर्भमा पनि मूल्याङ्कन कार्यलाई स्तरीकरण गर्नका लागि विभिन्न मानाङ्कहरूको उपयोग गर्नुपर्ने हुन्छ ।

**अभिलेख**

विद्यालयमा मूल्याङ्कन कार्यबाट विभिन्न किसिमका नतिजाहरू प्राप्त भएका हुन्छन् । ती नतिजाहरूलाई विद्यार्थी निवेशसूची तथा प्रगति विवरणमा मात्र सीमित नराखी विद्यार्थीको विभिन्न तह, क्षेत्र, वर्ग, लैङ्गिक, कक्षा आदिका आधारमा पनि मूल्याङ्कन नतिजाहरू राख्नुपर्ने हुन्छ । यसमा खासगरी मानकीय अभिलेखअन्तर्गत निम्नलिखित आचरणमा मूल्याङ्कन नतिजालाई विश्लेषण गरी राख्नु उपयुक्त हुन्छ :

(१) कक्षागत आधार (२) लैङ्गिकगत आधार (३) जातिगत आधार
(४) सेवाक्षेत्रगत आधार (५) अपाङ्गगत आधार (६) विषयगत आधार
(७) क्षेत्रगत आधार आदि

**(ग) नेपाली भाषाशिक्षणमा अङ्कन अभिलेखको प्रयोग**

नेपाली भाषाशिक्षणमा पनि अङ्कन अभिलेखको महत्वपूर्ण स्थान रहेको पाइन्छ । यस सन्दर्भमा भाषाशिक्षणमा मूल्याङ्कन अभिलेख निर्माण गर्दा विशेषत: भाषिक सीप परीक्षणसंग सम्बन्धित निर्माणात्मक मूल्याङ्कनका साधनहरूको निर्माण गर्दा होस् वा निरन्तर मूल्याङ्कनका लागि होस् विद्यार्थीको भाषिक सीप तथा भाषिक व्यवहारको परिवर्तनसम्बन्धी अभिलेखलाई महत्व दिनुपर्दछ । निरन्तर मूल्याङ्कनमा तथा निर्माणात्मक मूल्याङ्कनमा उपयोग हुने अभिलेखहरूको नमुना यस अध्यायको पहिलो सत्रमा दिइएकाले यस सत्रमा चर्चा गरिन्न तर निरन्तर मूल्याङ्कनमा विद्यार्थीको सिकाइउपलब्धिको अभिलेख राख्ने क्रममा पाठ्यक्रमले तोकेका सिकाइउपलब्धिलाई आधार मानेर त्यसबाट नै परीक्षण गर्ने सूचकको रूपमा स्थापित गरी मूल्याङ्कन गर्दा सजिलो पर्न जाने हुन्छ । साथै मूल्याङ्कन अभिलेख मासिक, त्रैमासिक तथा अर्धवार्षिक रूपमा अद्यावधिक राख्दै जानुपर्छ र अन्तिम परीक्षाको अन्त्यमा वार्षिकरूपमा समग्र मूल्याङ्कन प्रणालीको सुझावसहितको प्रगति विवरण प्रधानाध्यापकलाई दिनु पनि भाषाशिक्षकको कर्तव्यअन्तर्गत पर्दछ ।

६. **आत्मप्रतिबिम्बन**

सहभागी मित्र ! यस सत्रमा तपाईंले निवेशसूची अभिलेख तथा मानकीय अभिलेख राख्नुपर्ने जानकारीहरू प्राप्त गर्नुभएको हुनुपर्छ । तपाईंलाई केही थप गर्नुपर्ने लागेको भए कृपया ! तल उल्लेख गर्नुहोस् ।

७. **सन्दर्भसामग्री**


१. शिक्षामा मापन तथा मूल्याङ्कन- स्वयप्रकाश ज.ब.रा., चन्द्रबहादुर श्रेष्ठ, किरणराम रञ्जितकार ।
२. शैक्षणिक मूल्याङ्कनको परिचय - निर्मला शर्मा ।
३. पाठ्यक्रम तथा पाठ्यक्रम प्रबोधीकरण सामग्री - पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
४. विद्यालयस्तरीय मूल्याङ्कन सहयोगी पुस्तिका - पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

# एकाइ - बाह
# शिक्षामा जीवनोपयोगी सीपहरूको समाहित

१. **शीर्षक** : जीवनोपयोगी सीपको धारणा

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :
जीवनोपयोगी सीपको परिचय र धारणा दिन

३. **विषयवस्तु**
(क) जीवनोपयोगी सीप परिचय
(ख) जीवनोपयोगी सीपका प्रकार
(ग) जीवनोपयोगी सीप शिक्षण
(घ) जीवनोपयोगी सीपको मूल्याङ्कन ।

४. **पूर्वसिकाइ अवधारणा**

सहभागी मित्र ! "जीवनोपयोगी सीप भन्नाले तपाईं के कुरा बुझ्नुहुन्छ ?" एकछिन उपरोक्त प्रश्नमाथि मनन् गरी आफूले बुझेका कुरा आफ्नो डायरीमा अलग्गै टिपी राख्नुहोस् ।

५. **विषयवस्तुको प्रस्तुतीकरण**

**(क) परिचय**

मानिसलाई सही ज्ञान, सीप र अभिवृत्तिका माध्यमद्वारा सभ्य, स्वस्थ, समुन्नत र सफल जीवनशैली अपनाउन सहयोग पुऱ्याउने व्यवहारलाई जीवनोपयोगी सीपको रूपमा लिइन्छ । जीवनोपयोगी सीपले मानिसलाई जीवनमा आइपर्ने विविध व्यवहारसम्बन्धी समस्या तथा चुनौतीहरूलाई सफलतापूर्वक समाधान गर्न सहयोग पुऱ्याउँदछ । जीवनोपयोगी सीप शिक्षणले हाम्रा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई मनोसामाजिक र अन्तर्वैयक्तिक क्षमताको विकास गरी जीवनप्रवाहका सिलसिलामा प्रभावकारी निर्णय गर्नमात्र सघाउ पुऱ्याउँदैन कि सिर्जनात्मक तथा समालोचनात्मक सोचाइ, आत्मव्यवस्थापन, संवेग र तनाव नियन्त्रण गर्नसमेत सहयोग पुऱ्याउँदछ । जीवनोपयोगी सीपमा आधारित शिक्षाले शान्ति, सहिष्णुता, मानवअधिकार, नागरिक शिक्षा, सामाजिक शिक्षाका साथै स्वास्थ्य शिक्षामा समेत जोड दिएको हुन्छ । यस अर्थमा हाम्रा विद्यालयहरूमा विभिन्न विषयशिक्षणका क्रममा जीवनोपयोगी सीप शिक्षणलाई समेत समाहित गर्दै लगेमा विद्यार्थीलाई एउटा सुनिश्चित भविष्यको खोजी गर्न र भावी जीवनप्रति सकारात्मक निर्णय लिन लगाउन सकिन्छ ।

शिक्षालाई केवल किताबी ज्ञानमा मात्र सीमित नराखी व्यवहारमा उपयोगी बनाउन र दैनिक जीवनमा आइपर्ने समस्या र चुनौतीहरूको सामना गर्नसक्ने सीप बालबालिका तथा युवावर्गलाई दिने कार्य विद्यालयस्तरीय शिक्षाका प्रमुख चुनौतीहरू हुन् । कुनैपनि स्तरको शिक्षा हासिल गरेका बालबालिका तथा युवावर्गले विषयवस्तुको ज्ञानका अतिरिक्त दैनिक जीवनमा आइपर्ने व्यवहार

कुशलतापूर्वक गर्न सक्ने क्षमताको विकास गर्न विद्यालयस्तरमा जीवनपयोगी सीप प्रदान गर्नु अपरिहार्य भएको छ । समाजमा विकसित भइरहेका चुनौती, समस्या तथा विकृति सामना गर्न, सिर्जनशील तथा उत्पादनशील बन्न, परिवार, समूह एवम् समाजमा मिलेर बस्न, जीवनमा आइपर्ने समस्याहरूको आत्मविश्वासका साथ सही समाधान निकाल्न, उद्यमशीलता अभिवृद्धि गर्न, बालबालिका तथा युवावर्गलाई विद्यालयस्तरीय शिक्षाको माध्यमबाट जीवनपयोगी सीपहरू प्रदान गर्नुपर्ने हुन्छ ।

जीवनपयोगी सीप विभिन्न ठाउँमा विभिन्न तरिकाले परिभाषित गर्ने गरिएको छ । देशको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक परिवेशमा यसलाई परिभाषित गरिन्छ । उदाहरणका लागि कुनै मुलुकमा जीवनोपयोगी सीपलाई जीवनमा आइपर्ने समस्याहरू समाधान गरी गुणस्तरीय जीवनयापन गर्ने माध्यमको रूपमा लिन सकिन्छ तर कसैका लागि जीवनोपयोगी सीप निर्णय गर्ने क्षमता, सिर्जनात्मक सोच गर्ने क्षमता, समस्या समाधान गर्ने क्षमता, जानकारी सङ्कलन गर्ने, जानकारीलाई व्यवस्थित गर्ने र व्याख्या गर्ने क्षमता, समूहमा मिलेर काम गर्ने क्षमता, स्वस्थ्य बानी बसाल्ने, परिवार र समुदायलाई प्रभावित पार्न सक्ने क्षमता, समुदाय र वातावरणमा सुधार ल्याउन सक्ने क्षमता र आयआर्जनका लागि उद्यमशीलता आदिलाई जीवनोपयोगी सीप मानिन्छ । कुनै मुलुकमा यसलाई आत्मव्यवस्थापन, सामाजिक सीप तथा पारिवारिक व्यवस्थापन तथा आयआर्जन गर्नका लागि सहयोगी सीपको समष्टिगत स्वरूपलाई जीवनोपयोगी सीप मान्ने गरेको पाइन्छ ।

अशिक्षा, गरिबी र सामाजिक समस्याहरू प्रमुख रूपमा खडा भएको नेपाल जस्तो देशका लागि विद्यालयस्तरको जीवनोपयोगी सीप शैक्षिक सफलता, सामाजिक सीप, आत्मव्यवस्थापन, उद्यमशीलता तथा असल बानीतर्फ केन्द्रित हुनुपर्दछ ।

हाम्रो परिप्रेक्ष्यमा जीवनोपयोगी सीप भन्नाले विद्यार्थीहरूको सिकाइलाई अभिवृद्धि गर्दै नेतृत्व लिने, निर्णय गर्ने, स्रोतव्यवस्थापन गर्ने, घरपरिवार तथा समुदायमा घुलमिल हुन सक्ने र उद्यमशील तथा नयाँनयाँ कुराको खोजी गर्ने र कुशल सञ्चारसीपको माध्यमबाट जीवनमा आइपर्ने समस्याहरू समाधान गर्ने र जीवन सुखमय बनाउन सक्ने क्षमताको विकास गर्नु हो ।

परिभाषाअनुसार विद्यालयस्तरमा जीवनोपयोगी सीपअन्तर्गत निम्नानुसारका सीप प्रदान गर्ने प्रयास गर्नु आवश्यक छ :-

१. शैक्षिक सफलता/आधारभूत सीप,
२. व्यक्तिगत व्यवस्थापन,
३. समस्याको समधान गर्ने तथा निर्णय लिने,
४. सिर्जनात्मक, नवपरिवर्तन ल्याउने तथा ज्ञानको खोजी गर्ने,
५. असल मानिस तथा शारीरिक बानीव्यहोरा,
६. सहयोगात्मक व्यवहार,
७. आत्मज्ञान तथा सुझबुझ/संवेगात्मक सन्तुलन,
८. परिवर्तनको पक्षपाती/परिवर्तनप्रति सकारात्मक भावना,
९. प्रभावकारी सम्प्रेषण,

१०. सत्य, निष्ठावान् तथा इमान्दारीको प्रदर्शन,
११. पारिवारिक निर्णयमा सहयोग,
१२. भविष्यप्रति सचेत तथा उद्देश्यपरक,
१३. पेसागत जानकारीको उपयोग गर्ने,
१४. उद्यमशीलता तथा आयआर्जन गर्न सक्ने,
१५. समुदाय तथा वातावरणप्रति उत्तरदायी ।

उल्लिखित सीपहरू व्यक्तिको सर्वाङ्गीण विकासका लागि आवश्यक छन् । यी सीपहरू विकास भएमा बालबालिका तथा युवावर्गले भविष्यमा परिवार, समुदाय तथा आफ्नो पेसामा सफलता हासिल गर्न सक्छन् । यी सीपहरू जीवनका लागि ज्यादै आवश्यक भएकाले जीवनोपयोगी सीप भनिएको हो ।

**(ख) जीवनोपयोगी सीपका प्रकार** : जीवनोपायेगी सीपहरूलाई मुख्यत: तीनप्रकारमा विभाजन गरी अध्ययन गरिन्छ :-

१. प्रभावकारी सञ्चार तथा अन्तर्वैयक्तिक सम्बन्ध सीप ।
२. निर्णय तथा समालोचनात्मक सोचाइसम्बन्धी सीप ।
३. आत्मव्यवस्थापनसम्बन्धी सीप ।

यी मुख्य तीनओटा सीपहरूको वर्गीकरण र तिनीहरूलाई सघाउ पुऱ्याउने सहायक सीप तत्वहरू (component) लाई यसप्रकार लिन सकिन्छ ।

| प्रभावकारी सञ्चार तथा अन्तर्वैयक्तिक सम्बन्धसम्बन्धी सीपहरू | निर्णय तथा समालोचनात्मक सोचाइसम्बन्धी सीपहरू | आत्मव्यवस्थापनसम्बन्धी सीपहरू |
|---|---|---|
| **अन्तर्वैयक्तिक प्रभावकारी सञ्चार नीति**<br>• बोली र सङ्केत (इसारा),<br>• सक्रिय सुनाइ,<br>• लागेका कुरा (अनुभव) को अभिव्यक्ति,<br>• पृष्टपोषण दियाइ (दोष नलगाइकन दिने),<br>• पृष्टपोषण लियाइ लिने ।<br>**सम्झौता तथा इन्कारसम्बन्धी सीपहरू** | **निर्णय/समस्या समाधानसम्बन्धी सीपहरू**<br>• सूचना सङ्कलन गर्ने क्षमता,<br>• समस्या समाधानमा छनोट गरिने विकल्पहरू कार्यान्वयनमा ल्याइँदा भविष्यमा आफू र अरू माथि पर्ने असरहरू मूल्याङ्कन गर्ने क्षमता,<br>• अभिप्रेरणाहरूमा आफ्ना र अरूका मूल्य, मान्यता र | **आत्मविश्वास अभिवृद्धि, अप्रमाणित कुराहरूको स्वीकारणमा नियन्त्रण, जिम्मेवारी बहन, परिवर्तनशीतता सम्बन्धी सीपहरू**<br>• आत्मगौरव र आत्मविश्वास,<br>• आफ्ना अधिकार, झुकाव, मूल्य, मान्यता र सबल तथा दुर्बल पक्षहरूसम्बन्धी आत्मजागरण<br>• उद्देश्य निर्धारण गर्ने क्षमता,<br>• आत्ममूल्याङ्कन आत्मपरीक्षण |

| | | |
|---|---|---|
| • द्वन्द्व र सम्झौता व्यवस्थापन,<br>• आफ्ना विचार र चाहनालाई दृढताका साथ विश्वस्त भएर अभिव्यक्त गर्ने क्षमता,<br>• इन्कार (अस्वीकार)।<br>**परानुभूति**<br>• अरूको परिस्थिति र आवश्यकताप्रति ध्यान दिने र बुझ्ने तथा त्यसप्रति अभिव्यक्त गर्ने क्षमता।<br>**सहकारिता र समूहकार्य**<br>• अरूको योगदान र भिन्न तरिकाप्रति सम्मानजनक अभिव्यक्ति,<br>• आफ्ना खुबीहरूको विश्लेषण र समूहप्रतिको योगदान।<br>**तार्किक क्षमता**<br>• प्रभाव पार्ने तथा विश्वास दिलाउने क्षमता,<br>• भेट्ने, कुरा गर्ने र अभिप्रेरित गर्ने क्षमता। | झुकावहरूले पार्ने प्रभाव विश्लेषण गर्ने क्षमता।<br><br>**समालोचनात्मक सोचाइसम्बन्धी सीप**<br>• दौँतरी र प्रभावकारी सञ्चारमाध्यमहरूको प्रभाव विश्लेषण गर्ने क्षमता,<br>• सामाजिक मूल्य, मान्यता, विश्वास र यिनीहरूमाथि प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्ने क्षमता,<br>• सूचना तथा जानकारीहरूका विश्वासनीय (प्रासङ्गीक) स्रोत पहिचान गर्ने क्षमता | र आत्मानुगमनसम्बन्धी सीपहरू।<br><br>**संवेग व्यवस्थापन**<br>• रिस नियन्त्रण,<br>• उदासिनता र पिर व्यवस्थापन,<br>• क्षति, कुलत, चिन्ता (दुःख) व्यवस्थापन।<br>**तनाव व्यवस्थापन**<br>• समय व्यवस्थापन,<br>• सकारात्मक सोचाइ,<br>• मनोरञ्जन लिने तरिकाहरू। |

माथिका जीवनोपयोगी सीपमध्ये किशोरकिशोरीहरूको हकमा मात्र निम्न दसओटा जीवनोपयोगी सीपहरूलाई मध्यनजर राखी शिक्षा दिनुपर्दछ।

**जीवनोपयोगी सीपहरू**

१. **प्रभावकारी सञ्चार** : आफ्नो भावना र विचारहरू अरू समक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्नु।

२. **अन्तरव्यक्ति सम्बन्ध** : आमाबाबु, दाजुभाइ, दिदीबहिनी, काकाकाकी, सहपाठी, छिमेकीसँगको समधुर सम्बन्धको विकास गर्नु।

३. **आत्मजागरण** : आफूले आफैँले चिन्न सक्ने क्षमताको विकास गर्नु।

४. **अनुभूति** : अरूका लागि जीवन कस्तो रहेछ भन्ने कुरामा कल्पना गर्ने क्षमताको विकास गर्नु

५. **आवेगनियन्त्रण** : मनमा उठ्ने सकारात्मक तथा नकारात्मक मनोभावनालाई नियनत्रण गर्ने क्षमताको विकास ।

६. **तनावपूर्ण स्थितिको सामना गर्ने क्षमता** : दवाव र चुनौतीलाई स्वीकार गर्न सक्ने क्षमताको विकास ।

७. **सिर्जनात्मक सोचाइ** : दैनिक जीवनमा आइपर्ने समस्या वा अवस्थालाई समाधान गर्ने सम्भाव्य विकल्पहरूको खोजी गर्ने क्षमताको विकास ।

८. **समालोचनात्मक सोचाइ** : कुनै पनि जानकारी र अनुभवलाई वस्तुगतरूपमा विश्लेषण गर्ने क्षमताको बिकास ।

९. **निर्णय गर्ने क्षमता** : कसैको दबावमा नपरी आफ्नो अनुभव र आत्मजागरणको सहायताले गरिने सही निर्णय ।

१०. **समस्या समाधान** : समस्यालाई स्वीकारी समालोचनात्मक सोचाइ, आत्मजागरण र अनुभूतिद्वारा समाधान गर्ने क्षमता ।

**(ग) जीवनोपयोगी सीप शिक्षण विधि**

जीवनोपयोगी सीप सिकाउने छुट्टै विषय वा समयको व्यवस्था आवश्यक पर्दैन । विद्यार्थीहरूलाई सिकाइने विभिन्न विषयमार्फत नै जीवनोपयोगी सीप सिकाउन सकिन्छ । भाषाशिक्षणमार्फत् सञ्चारसीप तथा अन्तर्वैयक्तिक सम्बन्धको सीप (Interpersonal skill) सिकाउन सकिन्छ । त्यस्तै गणित शिक्षणमा उद्यमशीलतासम्बन्धी सीप, स्वास्थ्य शिक्षणमा असल स्वास्थ्य वानी, वातावरण विज्ञानमा समुदाय र वातावरणप्रतिको दायित्व, सामाजिक शिक्षामा सामाजिक दायित्व, सहयोगी भावना, नागरिक दायित्व, व्यक्ति, परिवार र समुदायको अन्तसम्बन्ध तथा आत्मव्यवस्थापन, विज्ञान शिक्षणमार्फत् नयाँ प्रविधिको खोज तथा सिर्जनात्मक प्रतिभाको विकास र अन्य जीवनोपयोगी सीपलाई शिक्षण तथा सिकाइका क्रममा विकास गर्न सकिन्छ ।

जीवनोपयोगी सीप प्रशिक्षण, विधिहरू सहभागीमूलक हुनुपर्छ । जीवनोपयोगी सीप सिकाउनको मुख्य उद्देश्य नै व्यक्तिको क्षमता विकास, व्यक्तित्व विकास गरी व्यक्तिलाई सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउन उनीहरूको व्यवहारमा परिवर्तन ल्याउनु हो । त्यसैले शिक्षण विधि विद्यार्थीमा केन्द्रित, अन्तर्क्रियाशील तथा लैङ्गिकताप्रति संवेदनशील (Gender sensitive) हुनुपर्दछ । सहभागीमूलक प्रशिक्षण विधिहरूमा छलफल, समूहकार्य, मस्तिष्कमन्थन (Brain storming), भूमिका खेल (Role play), कथा, घटना अध्ययन (Case studies), वादविवाद, पुस्तकालय कार्य (library assignment), गृहकार्य, सूचना सङ्कलन, परियोजना कार्य (Project work), भिडिओ प्रदर्शन, समस्या समाधान, अभ्यास, सामुदायिक सेवा, स्रोतव्यक्ति, शिक्षक तथा साथीहरूसितको अन्तर्क्रिया कार्यक्रमहरू, अन्तर्वार्ता, पृष्ठपोषण तथा कार्यशाला आदि मुख्य हुन् । त्यसबाहेक परामर्श तथा सल्लाह सेवा (Career guidance and counseling) बाट पनि केही जीवनोपयोगी सीप प्रदान गर्न सकिन्छ ।

**(घ) जीवनोपयोगी सीपको मूल्याङ्कन विधि**

विद्यार्थीहरूले जीवनोपयोगी सीप सिकी आफ्नो व्यवहारमा परिवर्तन ल्याएनल्याएको मूल्याङ्कन गर्न तलको तालिकामा उल्लेख भएका मूल्याङ्कनका अधारहरू तथा उपलब्धिका सूचाङ्कहरू प्रयोग गर्न सकिन्छ । मूल्याङ्कनका आधारहरूलाई रूजुसूची वा श्रेणीमापन (Rating Scale) मा राखी शाब्दिक रूपले मूल्याङ्कन गर्ने र वर्षभरिको मूल्याङ्कनलाई औसतमा राखी प्रत्येक कक्षाका प्रत्येक विद्यार्थीको जीवनोपयोगी सीपमा उपलब्धि तथा स्तरको अभिलेख राख्न सकिन्छ । तर नी जीवनोपयोगी सीपहरू सबै कक्षाका विद्यार्थीहरूका लागि सान्दर्भिक नहुन सक्छन् । त्यसैले विषयशिक्षक र प्रधानाध्यापकले छलफल गरी विभिन्न कक्षाका लागि उपयुक्त सीप छनोट गर्न सक्नेछन् । वढीभन्दा बढी जीवनोपयोगी सीपहरू शिक्षण विधिमा समावेश गर्नु विद्यार्थीहरूका लागि उपयोगी हुनेछ ।

**६. आत्मप्रतिबिम्बन**

सहभागी मित्रहरू ! यस सत्रबाट तपाईंले निम्नलिखित जानकारी पाएको हुनुपर्छ ।

(क) जीवनोपयोगी सीपको धारणा,

(ख) जीवनोपयोगी सीपका प्रकार,

(ग) जीवनोपयोगी सीपको शिक्षणमा प्रयोग,

(घ) जीवनोपयोगी सीपको मूल्याङ्कन धारणा,

१. **शीर्षक** : नेपाली भाषा शिक्षणमा जीवनोपयोगी सीपहरूको उपयोग

२. **उद्देश्य** : यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपहरूलाई समाहित गरी शिक्षण गर्न

३. **विषयवस्तु**

(क) जीवनोपयोगी सीप र अन्य विषय शिक्षण

(ख) नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपको उपयोग

(ग) जीवनोपयोगी सीप शिक्षण विधि

(घ) नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपको मूल्याङ्कन

४. **पूर्वसिकाइ अवधारणा**

सहयोगी मित्र ! जीवनोपयोगी सीपलाई नेपाली शिक्षणमा कसरी उपयोग गर्दै आउनु भएको छ ? आफ्नो डायरीमा टिपोट गर्नुहोस् र सुरक्षित राख्नुहोस्

५. **विषयवस्तुको प्रस्तुतीकरण**

**(क) जीवनोपयोगी सीप र अन्य विषय शिक्षण :**

विद्यार्थीलाई किताबी ज्ञानमा मात्र सीमित नराखी उनीहरूको जीवनलाई स्वस्थ, उपयोगी, प्रभावकारी तथा व्यावहारिक बनाउन उनीहरूको दैनिक जीवनमा आइपर्ने विभिन्न किसिमका समस्या तथा चुनौतीहरूको सामना गर्ने सीपहरूको विकास गराउनु जीवनोपयोगी सीप शिक्षणअन्तर्गत पर्दछ । जीवनोपयोगी सीपहरूमा मूलत: निर्णय गर्ने क्षमता, सिर्जनात्मक सोच गर्ने क्षमता, जानकारी सङ्कलन गर्ने, तिनीहरूलाई व्यवस्थित गर्ने र व्याख्या गर्ने क्षमता, समस्याहरूको उपयुक्त समाधान गर्ने क्षमता, समूहमा मिलेर काम गर्ने, स्वस्थ बानी बसाल्ने, समुदाय तथा परिवारलाई प्रभावित पार्न सक्ने क्षमता, आयआर्जनका लागि उधमशील बन्ने क्षमता आदि पर्दछन् । निष्कर्षमा भन्नुपर्दा कुशल सञ्चार सीपको माध्यमद्वारा जीवनमा आइपर्ने हरेक समस्याहरूको समाधान गर्ने र जीवनलाई सुखमय बनाउन सक्ने सीपहरूको विकास गर्नु नै जीवनपयोगी सीपहरू हुन् ।

वास्तवमा जीवनोपयोगी सीप सिकाउन अलग्गै विषय वा समयको आवश्यकता पर्दैन, विद्यार्थीहरूलाई सिकाइने विभिन्न विषयहरू मार्फत नै ती विषयका विषयवस्तुसग मेल खाने वा मिल्दा जीवनोपयोगी सीपलाई त्यसैमा समाहित गरेर सिकाउन सकिन्छ । जस्तो कि गणित विषयको शिक्षण गर्दा जीवनोपयोगी सीपहरू अन्तर्गत उद्यमीशीलतासम्बन्धी सीप, सम्बन्धका सीपहरू दिन उपयुक्त हुन्छ भने सामाजिक विषयको शिक्षणमा सामाजिक दायित्व, सहयोगी भावना, नागरिक दायित्व, आत्मव्यवस्थापन गर्ने जस्ता जीवनोपयोगी सीपहरू दिनु बढी प्रभावकारी हुन्छ । त्यसैगरी विज्ञानशिक्षण गर्दा नयाँप्रविधिको खोज तथा सिर्जनात्मक प्रतिभाको विकाससम्बन्धी सीपहरूलाई सँगसँगै लान सकिन्छ भने नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपहरूअन्तर्गत प्रभावकारी सञ्चार सीप तथा अन्तर्वैयक्तिक सम्बन्धका सीपहरूमा जोड दिनु बढी सान्दर्भिक हुन जान्छ । जीवनोपयोगी सीपहरू सिकाउनुको मुख्य उद्देश्य व्यक्तिको क्षमता विकास, व्यक्तित्व विकास, सिर्जनशीलताको

विकास, आत्मनिर्भरता र जिम्मेवारी बोध गराई उनीहरूको व्यवहारमा परिवर्तन ल्याउनु हो । त्यसैले यहाँनेर ध्यान दिनुपर्ने मुख्य कुरा के हो भने जीवनोपयोगी सीप प्रशिक्षणका विधिहरू भने सहभागीमूलक हुनु अति आवश्यक छ । त्यसैले जीवनोपयोगी सीप शिक्षणका विधिहरूमा छलफल, समूहकार्य, भूमिका, खेल, कथाकथन, घटना अध्ययन, परियोजना कार्य, मस्तिष्कमन्थन, वादविवाद, गृहकार्य, कक्षाकार्य, पुस्तकालय कार्य, समस्या समाधान, सामुदायिक सेवा, सूचना सङ्कलन, अन्तर्क्रिया र कार्यशाला विधिहरू बढी उपयोगी र महत्वपूर्ण हुन्छन् । यसबाहेक परामर्श तथा सल्लाह आदिबाट पनि जीवनोपयोगी सीपशिक्षण गर्नु प्रभावकारी हुन्छ ।

**(ख) नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपहरूको उपयोग**

भाषा मानवीय सञ्चारको महत्वपूर्ण साधन हो । भाषा विनाको मान्छेको परिकल्पना गर्न सकिन्न । त्यसैगरी प्रभावकारी सञ्चार गर्ने मुख्य माध्यम भाषा नै भएन भने मान्छेको जीन्दगी अधुरो र अपुरो बन्न जान्छ । यहाँनेर ध्यान दिनुपर्ने कुरा के छ भने भाषिकसीप विकास सञ्चारसँग बढी सम्बन्धित छ भने जीवनोपयोगी सीप प्रभावकारी सञ्चारसँग सम्बन्धित छ । भाषाशिक्षणमा सुन्न, बोल्न, पढ्न र लेख्न जोड दिइन्छ तर जीवनोपयोगी सीपहरू प्रभावकारी ढङ्गले सुन्न, बोल्न, पढ्न, लेख्न र त्यसको माध्यमद्वारा कुशल र प्रभावकारी जीवन बिताउनसँग बढी सम्बन्धित हुन्छन् । यसैले नेपालीभाषा शिक्षकले पहिले आफैँले जीवनोपयोगी सीपहरू केके हुन् र यसका प्रकार र ती सीपहरूलाई आफ्नो पाठको विषयमा कसरी समाहित गर्न सकिन्छ भन्ने कुराको पूर्वजानकारी हुनु अति आवश्यक छ ।

जीवनोपयोगी सीपलाई विद्यालयमा पठनपाठन गरिने पाठसँग सम्बन्धित गरी पूर्वयोजना तयार गरी ती सीपहरूलाई पाठको विषयवस्तु तथा क्रियाकलापहरूसँग समाहित गर्दै लान सकेमा विद्यार्थीले एकातिर विषयवस्तुको ज्ञान प्राप्त गर्दछ भने अर्कातिर जीवनोपयोगी सीपहरूको पनि विषयवस्तुसँगै विकास हुन पुग्दछ । यस अर्थमा शिक्षकले सबभन्दा पहिले पाठको निर्धारण गर्नुपर्छ र सो पाठमा केकस्ता प्रकारका जीवनोपयोगी सीपहरू दिन सकिन्छ त्यसको लेखाजोखा गर्नुपर्दछ । यस कार्यका लागि यस किसिमको फाराम बनाई जीवनोपयोगी सीप शिक्षणको तयार पार्नु उपयुक्त हुन्छ ।

| क्र. सं. | पाठको नाम | जीवनोपयोगी सीपहरूको उपयोग | | |
|---|---|---|---|---|
| | | प्रभावकारी सञ्चारसन्बन्धी सीप | निर्णय तथा समालोचनात्मक सोचाइ सीप | आत्मव्यवस्थापन सीप |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

यसै किसिमले जुनजुन पाठमा जेजे किसिमका जीवनोपयोगी सीपहरूको विकास गर्न सकिन्छ त्यसलाई छुट्याई योजना वनाउँदा उपरोक्त सीपहरूको शिक्षण गर्न ज्यादै सजिलो पर्दछ । जस्तो कि

"वादविवाद" पाठको शिक्षणमा जीवनोपयोगी सीपलाई समाहित गर्ने योजना यस किसिमको बनाउन सकिन्छ ।

| क्र.सं. | पाठको नाम | जीवनोपयोगी सीपहरू | | |
|---|---|---|---|---|
| | | प्रभावकारी सीप | निर्णय तथा समालोचनात्मक सोचाइ सीप | आत्मव्यवस्थापन सीप |
| १. | धनभन्दा विद्या ठूलो (वादविवाद) | १. वोली र सङ्केत<br>२. सक्रिय सुनाइ<br>३. अनुभवको अभिव्यक्ति<br>४. तार्किक क्षमता | १. आत्मविश्वास<br>२. समालोचनात्मक सोचाइ | १.संवेग व्यवस्थापन |


नेपाली विषय शिक्षणसँग जीवनोपयोगी सीप शिक्षणलाई सँगसँगै लाँदा माथिको तालिकामा दिएजस्तै गरी पाठगत योजना निर्माण गरेपछि ती सीपहरूको परीक्षण गर्ने सूचकहरू तयार गर्नुपर्दछ । परीक्षण गर्ने सूचकहरूलाई जाँचसूचि वा श्रेणिमापनमा राखेर परीक्षण गर्ने काम सम्पन्न गर्नुपर्दछ । उदाहरणको लागि कुनै पाठमा जीवनोपयोगी सीप अन्तर्गत प्रभावकारी सञ्चार सीप दिने योजना वा उद्देश्य छ भने उक्त सीपको प्रसारण गर्न वोली वा इसाराबाट गरिने सञ्चारसीप विकासका लागि निम्नलिखित सीपहरूको विकासका लागि सूचकहरू निर्माण गर्न सकिन्छ ।

**बोली र इसाराबाट गरिने सञ्चार**

- आवाज वा ध्वनि,
- सामिप्यता,
- आँखाको सम्बन्ध,
- वोलीको रफ्तार,
- शारीरिक हाउभाउ,
- मुखाकृति,
- बोलीको मिठास,
- शव्दहरुको प्रयोग ।

माथिका सीपहरुलाई जाँचसूचीमा राखेर परीक्षण गर्दै त्यसमा सुधारका लागि छलफल, अर्न्तक्रिया गराउनु प्रभावकारी हुन्छ ।

यहाँनेर स्मरणीय कुरा के छ भने एउटा पाठ वा क्रियाकलापबाट एक वा एकभन्दा बढी जीवनोपयोगी सीपशिक्षण गर्न सकिन्छ र यस्ता सीपशिक्षणमा एउटा सीप अर्को सीप विकाससँग अन्तर्सर्वन्धित पनि हुन्छन् । जस्तो कि उदारहणका लागि विद्यार्थीको समूहकार्य र सञ्चारका आयाम सीपशिक्षणमा सञ्चार आयामभित्र निम्न सीपहरूलाई समावेश गर्न सकिन्छ ।




सञ्चार सीपसम्वन्धी सवै क्रियाकलापको मापन गर्नका लागि विद्यार्थीलाई आत्ममूल्याङ्कनसम्बन्धी निम्न सूचकहरू राख्न दिएर पनि परीक्षण गर्न सकिन्छ ।

| क्र.सं. | सीपसम्बन्धी अभिव्यक्ति | १ | २ | ३ | ४ |
|---|---|---|---|---|---|
| १. | अरुले बोल्दाबोल्दै मैले बीचैमा रोक्ने गरेको | | | | |
| २. | वोल्दा न सानो न ठूलो अर्थात् ठीक आवाजमा वोल्ने बानी | | | | |
| ३. | अर्काको वोल्ने अवसरमा दवाव वा आफ्नो प्रभाव जमाउने काम | | | | |
| ४. | अरुको आलोचना गर्ने काम | | | | |
| ५. | वक्ताको कुरा सुन्दा सकारात्मक प्रतिक्रिया (हाउभाउद्वारा) दिने काम | | | | |
| ६. | मौखिक अभिव्यक्तिमा अनुभवको समेत प्रयोग | | | | |
| ७. | अरुले वोल्दा ध्यान दिएर बोल्नु | | | | |
| ८. | वक्ताले बोलेको कुरामा म उत्तिकै ध्यान दिन्छु | | | | |
| ९. | म अरूलाई बोल्न प्रोत्साहन दिन्छु | | | | |
| १०. | सबैसँग वोल्दा नम्र वोली प्रयोग गर्छु | | | | |

माथि फाराममा उल्लेखित १,२,३ र ४ को सङ्केतलाई यसप्रकार चिनो लगाउन अभिप्रेरित गर्नुपर्दछ :

१. कहिल्यै गर्दिन २. कहिलेकाँही गर्दछु ३. वारम्वार गर्दछु ४. सँधै गर्दछु

नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपहरूमा धेरै सीपहरूलाई समावेश गर्न सकिन्छ र यस्ता सीपहरू विकास गर्न सकिन्छ र यस्ता सीपहरू विकास गराउन विविध क्रियाकलापहरू गराउन सकिने कुराहरू माथि स्पष्ट पारिसकिएको छ । अत: यहां केही सीप विकासका विधिका

बारेमा मात्र चर्चा गरिन्छ र यस्तै आधारहरू तयार पारी अन्य सीपहरुको विकास गराउने प्रयत्न कक्षामा गर्नु उपयुक्त हुन्छ । भाषाशिक्षणका सन्दर्भमा केही जीवनोपयोगी सीप विकाससम्बन्धी गराउन सकिने क्रियाकलापहरू :

**विश्वस्त तथा निर्धक्क भएर बोल्ने सीप विकास** (Assertive Skiys)

सञ्चार सीपहरूमध्ये विश्वस्त तथा निर्धक्क भएर बोल्ने सीप विकास महत्वपूर्ण पक्ष हो । यसले मान्छेलाई आफ्नो विचार, अनुभूति र मूल्यमान्यतालाई अरू मान्छेका अनुभूति र मूल्यमान्यताको सम्मान गर्दै निर्धक्क भएर व्यक्त गर्न उत्प्रेरित गर्दछ । साथै यसले मान्छेलाई आफ्ना अधिकारमा अडिग रहन र अरूको अधिकारको सम्मान गर्न सिकाउँछ ।

उक्त सीपको विकासका लागि मान्छेका निम्न तीन किसिमका व्यवहारसम्बन्धी जानकारी दिएर मात्र कार्यकलाप गराउनु पर्दछ ।

१. चुपचाप वा निष्क्रिय भएर (Passive), २. आक्रामक भएर (Aggressive),
३. निर्धक्क भएर (Assetive)।

अतः उक्त सीप विकासका लागि निम्न तीन प्रश्नहरू विद्यार्थीहरूलाई दिई कारण र परिणामबारे छलफल गराउने हो भने विद्यार्थीहरूलाई ठोस निष्कर्षमा पुऱ्याउन सकिन्छ :

| छलफलका विषय | कारणहरू | परिणामहरू |
|---|---|---|
| १. मानिसहरू किन चुपचाप रहन्छन् ? | | |
| २. मानिसहरू किन आक्रामक हुन्छन् ? | | |
| ३. मानिसहरू किन निर्धक्क भएर बोल्छन् ? | | |

**परानुभूति सीप विकास**

आफू नै अरूको ठाउँमा रहेर वा अरूको आवस्थालाई स्वयम्ले अनुभूति गरेर दिने प्रतिक्रिया नै परानुभूति हो । यसका अतिरिक्त आफ्ना भनाइ राख्दासमेत अरूलाई कस्तो असर पर्न सक्छ, अरूले कस्तो अनुभूति गर्छन् वा सोच्दछन् त्यसप्रति सजग रहनु पनि यस अन्तर्गत पर्दछ ।

नेपालीभाषा कक्षामा परानुभूति सीप विकासका लागि कक्षामा भएका अपाङ्ग विद्यार्थी, बोली स्पष्ट नभएका विद्यार्थी, दोस्रो भाषाभाषीको बोलाइ व्यवहारसम्बन्धी जस्ता विषयलाई परानुभूति कसरी प्रकट गर्न सकिन्छ भन्ने विषयवस्तु दिई छलफल गराई निष्कर्षमा पुऱ्याउन सकिन्छ ।

भाषा कक्षाम बोली स्पष्ट नभएका विद्यार्थीलाई परानुभूति प्रतिक्रिया कसरी दिन सकिन्छ ?

- सँगसँगै बसी कुराकानी गरेर,
- कक्षा क्रियाकलापमा सहभागी गराएर,
- उसले भन्न खोजेको कुरा ध्यानपूर्वक सुनीदिएर र हाउभाउपूर्ण प्रतिक्रिया दिएर आदि ।

(ग) कक्षाकोठामा जीवनोपयोगी सीप विकास गराउन प्रयोग सकिने केही शिक्षण विधिहरू :

१. **छलफल विधि** :

छलफल विधिबाट जीवनोपयोगी सीप विकास गराउन निम्न कुरामा ध्यान दिई छलफल गराउनु उपयुक्त हुन्छ ।

- समूह विभाजन
- समूहका सदस्यहरूको सक्रियता
- निर्णयमा सहमती, विचार तथा अनुभूतिको साटासाट,
- निष्कर्षमा पुग्ने
- प्रस्तुतीकरण
- सुझाव र परिमार्जन

२. **प्रश्नोत्तर विधि** :

प्रश्नोत्तर विधिद्वारा सीप शिक्षण गर्दा APPLE Technique उपयुक्त हुन्छ । जसमा,

A = Ask question in group
P = Pause for a while
P = Pick up one person for answer
L = Listen the answer carefully
E = Evaluate the answer

३. **अभिनय विधि तथा भूमिका प्रदर्शन**

अभिनय विधिद्वारा पनि जीवनोपयोगी सीपशिक्षण गर्न सकिन्छ । नेपाली भाषापाठ्यपुस्तकमा भएका संवाद तथा एकाङ्कीका विषयवस्तुलाई लिएर अभिनय विधि प्रयोग गर्नु बढी प्रभावकारी हुन्छ । अभिनय विधि सञ्चालन गर्दा निम्न कुरामा ध्यान दिनु जरूरी हुन्छ ।

- जान्ने र रुचि भएका विद्यार्थीलाई मात्र अभिनयका लागि छनोट गर्ने,
- उनीहरूलाई आफ्नो भूमिकाबारे स्पष्ट पार्ने वा लेखेर दिने,
- सकेसम्म पोसाक मिलाउने नभए पात्रको नाम छातीमा टाँस्न लगाएर भूमिका गर्न लगाउने,
- अभिनयको वातावरण सहज र मनोरञ्जनात्मक बनाउने ।

४. **मस्तिष्कमन्थन विधि**

विद्यार्थी सहभागिता बढाउन, खुबी पहिचान गर्न, नेतृत्व विकास गर्न, आपसी समझदारी बढाउन, छोटो समयमा निष्कर्षमा पुग्न, हिचकिचाहट हटाउन, विवादग्रस्त विषयलाई टुङ्गो लगाउने आदि क्षमताको विकास गराउन यो विधि प्रभावकारी हुन्छ । यस विधिको प्रयोग गर्दा निम्न कुरामा ध्यान दिनु जरूरी हुन्छ ।

- दिइने प्रश्न (मन्थन) स्पष्ट हुनुपर्छ ।
- समूहगत छलफल र प्रतिक्रिया दिन लगाउनुपर्दछ ।

- उनीहरूका विचारहरूलाई टिप्दै जानु पर्दछ ।
- विचार राख्ने वातावरण सहज, स्वतन्त्र र उत्प्रेरणात्मक हुनुपर्दछ ।
- विषयान्तर हुन दिनुहुँदैन ।
- निष्कर्षमा पुगेका बुँदाहरूलाई पुनस्मरण गराउनु पर्दछ ।

**५. घटना अध्ययन विधि :**

घटना अध्ययन विधिबाट जीवनोपयोगी सीपशिक्षण गर्दा विद्यार्थीको अन्तर्वैयक्तिक सम्बन्धको विकास, सिर्जनात्मक सोचाइ र समालोचनात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउन सकिन्छ । कुनै काल्पनिक कथानक घटना विद्यार्थीलाई दिएर एउटा ठोस निष्कर्षमा पुऱ्याउने काम यसमा हुन्छ । यस विधिको प्रयोग गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ :

- घटना अध्ययन गर्न प्रोत्साहित गर्ने,
- घटनाको मुख्य बुँदा पहिचान गर्न लगाउने,
- समर्थन वा विरोधमा अभिमत दिन लगाउने,
- घटनाको विश्लेषण गर्न लागाउने,
- विश्लेषण गर्दा सिर्जनात्मक र समालोचनात्मक सोचाइको विकास गराउने,
- अध्ययन र विश्लेषण मार्फत आपसी समझदारी र अन्तर्वैयक्तिक सम्बन्ध बढाउन प्रोत्साहित गर्ने ।

**६. वादविवाद**

आफ्नो रायलाई तथ्यपरक बनाउन, तथ्याङ्क तथा उदाहरणहरू प्रस्तुत गर्न, सकारात्मक खण्डन गर्ने क्षमताको विकास गर्न, तार्किक क्षमताको विकास गर्न यो विधि उपयुक्त हुन्छ । यस विधिको प्रयोग गर्दा निम्न कुरामा ध्यान दिनु आवश्यक छ:

- वादविवाद भनाइ वा विचार तयार गर्न लगाउने,
- त्यसलाई सहभागी समक्ष सुनाउने,
- पक्ष वा विपक्षमा उभिन स्थान तोकिदिने,
- आआफ्नो समूहमा रहेका साथीहरूको भनाइसँग सहमत हुनाका कारणबारे छलफल गर्न लगाउने,
- पक्षविपक्षमा आआफ्ना विचारहरू पालैपालो राख्न लागाउने,
- विचार परिवर्तन भए ठाउँ साट्ने स्वतन्त्रता दिने र निष्कर्ष निकाल्ने ।

**(घ) नेपाली भाषा विषयमा जीवनोपयोगी सीपका आधारमा गरिने मूल्याङ्कन :**

नेपाली विषयका सन्दर्भमा जीवनोपयोगी सीप भनेको भाषिक सामर्थ्य विकास, भाषिक सम्पादन र अभिव्यक्तिको सञ्चार भन्ने बुझिन्छ । भाषिक सामर्थ्यअन्तर्गत भाषाका संरचना बोधबाट भाषिक सीप

विकास गर्नु हो भने भाषिक सम्पादन सुनेर र पढेर बुझेका कुरा बोलेर र लेखेर अभिव्यक्त गर्नु हो । भाषिक सञ्चार भन्नाले चाहिँ भाषाको सिकाइ र भाषिक क्षमताको प्रदान बुझिन्छ ।

नेपाली भाषामा जीवनोपयोगी सीपका आधारमा गरिने मूल्याङ्कनमा विद्यार्थीका बौद्धिकता (ज्ञान) का निम्नलिखित पक्षको मूल्याङ्कन गरिन्छ :

(१) **तार्किक र गणितीय पक्ष** : यसमा अमूर्त पक्षको बोध गरेनगरेको तार्किक शिल्प प्रयोग गरेनगरेको, घटना वर्णन, धारणाका वर्गीकरण तथा सूचीकरण गरेनगरेको मूल्याङ्कन गरिन्छ । यसको मुख्य साधन पर्यवेक्षण हो ।

(२) **दृश्यात्मक पक्ष**: यसमा विद्यार्थीले देखेजानेका विषयवस्तुको बोध गरी मानसिक बिम्ब तयार गरेगरेको परीक्षण गरिन्छ ।

(३) **साङ्गीतिक/लयात्मक पक्ष**: यसमा विद्यार्थीले बोलाइमा सिकेका लय, आघात, गति, थेगो आदिको प्रयोगसहितको कथ्य र लेख्यभाषाको प्रयोग गरेनगरेको मूल्याङ्कन गरिन्छ ।

(४) **अन्तर्वैयक्तिक पक्ष**: यसमा युगलकार्य, परियोजना कार्य, समस्या समाधान जस्ता क्रियाकलापमा विद्यार्थीले अर्को विद्यार्थीको मनस्थिति, अभिप्रेरणा र आकाङ्क्षा बुझेनबुझेको र त्यससम्बन्धी क्षमता विकास भएनभएको मूल्याङ्कन गरिन्छ ।

(५) **वैयक्तिक पक्ष**: यसमा विद्यार्थीले गृहकार्य, कक्षाकार्य आदि गर्दा आत्मक्षमताको बोध गरेनगरेको, आत्मअनुशासनको अभ्यास गरेनगरेको र आत्ममूल्याङ्कन गरेनगरेको परीक्षण गरिन्छ ।

(६) **मौखिक/भाषिक पक्ष**: यसमा विद्यार्थीले कथावाचन, वादविवाद, कविता वाचन आदिमा भाषाको प्रभावकारी र सिर्जनात्मक प्रयोग गरेनगरेको पक्षको मूल्याङ्कन गरिन्छ ।

यी विविधपक्ष भाषिक मूल्याङ्कनका सन्दर्भमा जीवनपयोगी पक्ष हुन् । यी पक्षको मूल्याङ्कन गर्दा निम्नानुसारको उपागमको उपयोग गर्न सकिन्छ :

**(क) कुनै विषय अध्ययन गर्न दिई प्रभावकारी अध्ययन गरेनगरेको पर्यवेक्षण गर्ने (आवश्यक परे मौखिक र लिखित प्रश्नोत्तर गर्ने) र निम्नलिखित पक्षको ख्याल गर्ने** :

- सिकाइ प्रक्रियाबारे जानकारी भएको,
- आधारभूत सिकाइ नियमबारेको जानकारी भएनभएको,
- पूर्वज्ञान र अनुभवको प्रयोग गरेनगरेको,
- सिकाइको निजी शैलीमा परिचित भएनभएको,
- सिकाइको नयाँ तरिका पत्ता लगाई उपयोग गरेनगरेको,
- सिकाइको विविध विधिको प्रयोग गरेनगरेको ।

**(ख) समाधानका एक वा अनेक उपाय हुने भाषिक समस्या दिई तिनको समाधान गर्न लगाउने । यस क्रममा निम्नलिखित पक्षमा ध्यान दिई पर्यवेक्षणद्वारा मूल्याङ्कन गर्ने ।**

- समस्या समाधानको प्रक्रियामा जानकारी भएनभएको,
- निर्णयसम्बन्धी जानकारी सङ्कलन गरेनगरेको,

- समाधानको उद्देश्य र प्रक्रियाको जानकारी भएनभएको,
- समस्या समाधानका विकल्पको खोज गरेनगरेको,
- धारणाको विश्लेषण, संश्लेषण र मूल्याङ्कनको सीपको उपयोग गरेनगरेको

**(ग) नयाँ ज्ञानको खोजी गर्नुपर्ने क्रियाकलाप दिई विद्यार्थीलाई सहभागी गराउने । यस क्रममा निम्नलिखित पक्षमा ध्यान दिई मूल्याङ्कन गर्ने :**

- नयाँ कुरा सिक्न इच्छुक भएनभएको,
- अन्य पाठ्यसामाग्री पढी ज्ञान हासिल गरेनगरेको,
- अग्रज र साथीहरूबाट जानकारी लिए नलिएको,
- छलफल तथा अन्तरक्रिया गरेनगरेको ।

**(घ) मौखिक सूचनाको सम्प्रेषण गर्नुपर्ने क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउने । यस क्रममा जाँचसूचीको प्रयोग गरी निम्नलिखित पक्षको मूल्याङ्कन गर्ने**

- हाउभाउसहित सूचना सम्प्रेषण गरेनगरेको,
- ग्रहण गर्नुपर्ने सूचना छनोट गरेनगरेको,
- आफ्ना विचार प्रभावकारी ढङ्गले प्रवाह गरेनगरेको,
- अवधारणाको वर्णन गरेनगरेको,
- छलफलमा भाग लिई व्यवस्थित प्रस्तुतीकरण गरेनगरेको,
- सूचनाको तथ्यपनको मूल्याङ्कन गरेनगरेको ।

यस सत्रमा दिइएका समस्त उदाहरणहरू भाषिक सञ्चारका क्रममा विद्यार्थीमा देखापर्ने जीवनोपयोगी सीप र तिनीहरूको मूल्याङ्कनका केही आधार मात्र हुन् । कक्षाको परिवेश र भाषिक वातावणअनुसार विषयशिक्षकले भाषिक जीवनोपयोगी सीपका अन्य पक्षको मूल्याङ्कनका आधारहरू तयार गर्न सक्नुहुन्छ ।

## ६. आत्मप्रतिबिम्बन

तपाईंले जीवनोपयोगी सीपलाई भाषा शिक्षणमा प्रयोगसम्बन्धी अवधारणा र यस सत्रको अन्तमा प्राप्त भएको अवधारणाका वीचमा केकस्तो अन्तर पाउनुभयो ? तपाईंले अनुभूती गरेका नयाँ अवधारणाहरू तल टिपोट गर्नुहोस् ।